जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग

(एक प्रारम्भिक विवेचना)



सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।
सचित्त परियोदपनं एतं बुद्धानु शासनं ।

जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग

(एक प्रारम्भिक विवेचना)

लेखक

एन. भी. गोरकम

अनुवादक

आर. बि. बन्ध्य

प्रकाशक

नन्द सिद्धि गुभाजु

कयो मयजु

प्रकाशक:

नन्द सिद्धि गुभाजु
क्यो मयजु
मखं बही, मखन टोल,
काठमाडौं ।

प्रथम संस्करण १,२०० प्रति

बुद्ध सम्वत्: २५२८
नेपाल सम्वत्: ११०४
विक्रम सम्वत्: २०४१
ईश्वी सम्वत्: १९८४

मुद्रक:

शारदा प्रिन्टिङ्ग प्रेस
२१३, न्ह्‌साल (धर्मपथ)
काठमाडौं
पो. बक्स नं. ३४९६ फोन नं. २-१५८७४

" जसले धर्मलाई देख्दछ, उसले मलाई देख्दछ । "

– भगवान बुद्ध

" तत्थ वुत्ताभिधम्मत्था चतुधा परमत्थतो ।
चित्तं चेतसिकं रूपं, निब्बानमिति सब्बथा ।।

तत्थ चित्तं ताव चतुविधं होति ।
कामावचर रूपावचर अरूपावचर लोकुत्तर च इति ।। "

– अभिधम्मत्थ सङ्गहो

समर्पण

नेपालमा सद्धर्मको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनको कार्यमा

आफ्नै किसिमबाट

सततः प्रयत्नशील रहनु भएका

प्रातः स्मरणीय

महोपकारी पूज्य दिवंगत पिता

श्री चिढो रत्न शाक्यको

पुण्य स्मृतिमा

सादर साञ्जली सर्मापित

आर. बि. बन्द्य

दुइ शब्द

जीवन एउटा संघर्ष हो । यथार्थ रूपमा केलाएर हेर्ने हो भने जीवन दु:खै दु:खले भरिपूर्ण छ, व्याप्त छ, केवल शोक–परिदेव–दु:ख दौर्मनस्य–उपायासा–उन्मुख छ । तसर्थ यथार्थमा जीवन स्वयम् दु:ख हो । जन्मिनु दु:ख हो । बृद्ध हुनु दु:ख हो । व्याधि धर्मद्वारा आक्रान्त हुनु दु:ख हो । मृत्यु हुनु दु:ख हो । तथापि संसारको स्वभाव धर्मलाई यथार्थत: नबुझेको कारणले र अविद्याको जाल र तृष्णाको दोषलाई देख्न नसक्नाको कारणले इन्द्रिय सुखको प्रभाव मानव मात्रमा यति प्रवल यति आशक्त रूपमा रहिआएको छ कि सुख वेदनामा लालायित, काम रागमा अनुरक्त, भव तृष्णामा अभिरत मानव जाति सामान्यत: स्वयम् आफैलाई बिर्सिदिन पनि तयार तत्पर भइरहन्छन् । किनभने दु:खको भूमरीरूपी यस संसारमा सुख वेदनाका क्षणिक घडीहरू पनि वेला वखतमा उत्पन्न हुन्छन् । तिनै क्षणिक सुख वेदना प्रतिको प्रवल आशक्तिले गर्दा दु:खको अविरल धारामा निरन्तर प्रवाहित भइरहँदा पनि मान्सिस त्यही सुख वेदनाको आशामुखी भई दु:ख झेलिरहन्छन् । औंसीको घना अन्धकारमय रातमा कालो बादल लागेको अवस्थामा पनि बेला बेलामा आकाशमा बिजुली चम्किदा क्षणभरलाई धरतीमा प्रकाश छाए झैं दु:खमय जीवन पनि वेला बेलामा क्षणिक रूपमा उत्पन्न हुने दु:ख वेदनावाट आच्छादित हुनाको कारणले मान्सिसले आफूले भोग्नु परिरहेका दु:ख, झेल्नु परिरहेका कष्ट र सहनु परिरहेका यातना चिन्ता आदिलाई यथार्थत: देख्न, बुझ्न, जान्न नसक्ने हुन्छन् ।

वास्तवमा मानिस आफूप्रति जति बढी आशक्त रहन्छ उति नै बढी उसले भोग्नु परेको दुःख पनि महान हुन्छ । गर्भावस्थाको जीवन कस्तो छ, जन्मेदेखि शिशुले जिउनको लागि कसरी संघर्ष गर्नु पर्दछ, मानिसले जन्मेदेखि मृत्यु नहुञ्जेलसम्म नै के कस्ता संघर्षहरू गर्दैरहनु पर्दछ भन्ने विषयमा एकछिन विश्राम गरी सोच्ने हो भने जीवन के हो, यसको स्वभाव कस्तो छ भन्ने कुरालाई सहजै कल्पना गर्न सकिन्छ । जीवन वास्तवमा दुःखमय छ भन्ने कुरालाई सजिलैसंग जान्न बुझ्न सकिन्छ । सत्यलाई छोपिराख्ने मोह (भ्रम) नभएको भए सत्यबाट टाढा लैजाने मोह–सम्मोह नभएको भए मानिसले निश्चय नै जीवन दुःख र मृत्युको चक्रबाट मुक्त हुने काम गर्ने थिए होला ।

सम्मोहको कारणले, अविद्याको कारणले गर्दा नै प्राणीहरू अतृप्त वासनामा लुब्ध भएर क्षणिक सुखमै अभिरमण गरी विस्मृतिको सागरमा चुर्लुम्म डुबिकन हिंसादि द्वेष दुराचरणमा लागी अपार दुःखाग्निबाट पीडित भइरहेका छन् । सद्धर्म ज्ञानलाई जान्न नसकी विश्वासहीन भइकन काम सुखको पछि पछि किं कर्तव्य विमूढ भई इहलोक र परलोकको प्रणिततर शान्तिमय सुखबाट वञ्चित भइकन हिंडेका छन् । भगवान बुद्धले पुण्डगल सूत्रमा आज्ञा भए झैं आदि अन्त्य रहित संसारमा अविद्यामा परी तृष्णाको बन्धनमा आवद्ध रही जन्मने प्राणीहरूको पूर्व कोटी जान्न सकिंदैन। धम्मपद (२४–४) मा भगवान बुद्धले तृष्णाको यसै बन्धनलाई संकेत गर्दै भन्नु भएको छः–

"न तं दल्हं बन्धनमाहु धीरा यदायसं दारुजं बब्बजञ्च ।
सारत्तरत्ता मणि कुण्डलेसु पुत्तेसु दारेसु च या अपेक्खा ।।"

अर्थात्

यी जो फलाम, लठ्ठी वा डोरीका बन्धन हुन् यिनीहरूलाई बुद्धिमानजन दृढ बन्धन भन्दैनन् । मणि, कुण्डल, पुत्र, स्त्रीको

इच्छा हुनु जो छ तिनै वास्तबमा दृढ वन्धन हुन्।

रागमा अनुरक्त, द्वेषबाट दूषित र मोहबाट मूढित भएर प्राणीहरू तृष्णा–स्रोतलाई नाघ्न सक्दैनन् भन्ने कुराको सदुपदेश दिंदै शाक्यमुनि तथागतले पुन: भन्नु भएको छ:–

ये रागरत्तानुपतन्ति सोतं
सयं कतं मक्कटकोव जालं
एतम्पि छेत्वान वजन्ति धीरा
अनपेक्खिनो सब्ब दुक्खं पहाय ।।

धम्मपद २४–५(१४)

अर्थात्

रागमा अनुरक्त व्यक्तिहरू माकुराले आफूले वनाएको जाललाई समाते झैं आफूले बनाएका स्रोतमै परिरहन्छन्। धीर व्यक्तिहरू यो स्रोतलाई पनि छेदन गरी सम्पूर्ण दु:खलाई त्यागिकन आकांक्षारहित भई हिंडिरहन्छन्।

यस्ता दु:ख शोक तथा अज्ञानलाई नष्ट गर्न हामीले अतीत एवम् वर्तमान कार्यलाई विशेष रूपबाट बिश्लेषण गरी कहाँ कुन ठाउँमा त्रुटी भएका छन् भन्ने कुरालाई खोजिनीति गरी चाहिंदो उपचार गरिकन यस लोक र परलोकको दु:ख निवृत्तिको उपाय के छ अर्थात् कुन किसिमले काम गर्दा कसरी गमन गर्दा इहलोक र परलोकको दु:ख पीडादि शान्त भइकन परम शान्ति सुखमय पदका अधिकारी हुन सकिने हो भन्ने दिशातिर हामीले सतत: प्रयास गर्नु पर्दछ। यसको लागि संसारप्रति अप्रमादी भई संवृत्ति सत्य र परमार्थ सत्यको विभेदलाई राम्ररी बुझिकन हामीले नाम-रूपको अनित्यता, अनात्मता र दु:खमय स्वभावलाई जान्ने बुझ्ने र शील समाधि प्रज्ञाको आर्यमार्गको आचरण, अनुशरण र अभ्यास गर्ने प्रयास गर्नु पर्दछ। सूक्ष्मातिसूक्ष्म गम्भीरातिगम्भीर यसमा अभिधर्म बिषयका कुरालाई सरल भाषामा उदाहरण सहित विस्तृत रूपमा प्रस्तुत पुस्तकमा प्रकाश पारिएको पाइन्छ।

प्रस्तुत पुस्तक श्री आर. बी. वन्द्यज्यूले मूल लेखिकाको पुस्तक मात्रमा सीमित नरही अनेकौं अन्य पुस्तकहरू समेतको अध्ययन गरी तुलना गरी तयार गर्नु भएको छ। त्यसैंले यस पुस्तकको प्रमाणिक उपयोगिता पाठकवर्गका निम्ति कम हुने छैन भन्ने विश्वास मैले लिएको छु।

श्री आर. बी. वन्द्यज्यूले प्रस्तुत पुस्तकको अनुवाद कार्यलाई अथक परिश्रम गरी सम्पन्न गर्नु भएको हो। यो पुस्तकको अध्ययनको लागि अभिधर्मको सामान्य ज्ञान र सामान्यतः बुद्धधर्म सम्बन्धी आधारभूत सामान्य ज्ञानको आवश्यकता हुन्छ।

प्रस्तुत पुस्तक कसरी प्रकाशनावस्थामा आइपुगेको हो भन्ने विषयमा संक्षिप्त रूपमा चर्चा गर्ने विचार मैले गरेको छु।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष नेपालका संघनायक महास्थविर भदन्त प्रज्ञानन्दज्यू २०३५ माघ ५ गते शुक्रवारका दिन थाइल्याण्डको धार्मिक यात्रा सकी काठमाडौं फर्कनु हुने खबर पाएको हुँदा उहाँको स्वागतार्थ म त्रिभुवन विमानस्थलमा गइराखेको थिएँ। प्रस्तुत पुस्तकका अनुवादक पनि उहाँको स्वागतार्थ बिमान स्थलमै आइरहनु भएको हुँदा संयोगवश भेटघाट भयो। बैंककबाट हवाइजहाज आइनपुगेको हुँदा हामीहरूका बीच धार्मिक छलफल हुन थाल्यो। यसैको क्रममा अनुवादकज्यूले आफूले अनुवाद गर्न लाग्नु भएको पुस्तकको विषयमा चर्चा गर्नु भयो। पुस्तकको महानतालाई बुझेपछि सो पुस्तकको अनुवाद कार्य सम्पन्न गर्ने आग्रह मैले गरें। साथै दाताहरूलाई भनिकन सो पुस्तक प्रकाशित गर्ने प्रयास गर्ने आश्वासन पनि मैले दिएँ।

केही महीनापछि प्रस्तुत पुस्तकको हस्तलिखितप्रति लिई उहाँ सुमङ्गल विहारमा आउनु भयो।

पुस्तकको कलेवर निकै मोटो रहेछ। सो पाण्डुलिपी हेरिदिनोस् भनी उहाँले म कहाँ छाडेर जानु भयो। वर्षदिन जति पछि

प्रेसमा गई सो पुस्तक प्रकाशन गर्ने विषयमा प्रारम्भिक कुरो बुझ्न गएँ । प्रस्तुत पुस्तकको मुद्रणको निमित्त २० हजार रूपियाँभन्दा कम नलाग्ने कुरो थाहा पाएपछि दाताहरूसंग यो पुस्तक छपाउने कुरो गर्ने आँट पनि मैले गर्न सकिन । यसै कुरा अनुवादकज्यू कहाँ गई असमर्थता प्रकट गर्दा उहाँले सजिलैसंग "यसमा केही छैन" भन्नु भयो । म आश्वस्त भएँ ।

एक डेढ वर्षपछिको कुरा हो । साहु श्री नन्द सिद्धि गुभाजुले धार्मिक छलफलको निमित बराबर घरमा पाल्नु होस् भनी मलाई आमन्त्रण गरी राख्नु भएकोले एक दिन उक्त उपासकको घरमा जाँदा धार्मिक छलफलको क्रममा अभिधर्म विषयको एउटा पुस्तकको अनुवाद छ भनी मैले चर्चा गरें । उहाँले सो पुस्तकको पाण्डुलिपी हेर्ने इच्छा व्यक्त गर्नु भयो । यसैले मैले अनुवादकको घरबाट सो अनुवादको हस्तलिपी प्रति नै लगिकन साहुजीलाई दिएँ । तीनचार महिना लगाई सो पुस्तकको अध्ययन गरेपछि उहाँले प्रस्तुत पुस्तकलाई निकै नै रुचाउनु भएछ । यसै पढ्दै जानु भन्दा प्रस्तुत पुस्तकलाई सार्दै जाँदा वढी राम्ररी बुझ्न सकिन्छ भन्ने आशयले होला उहाँले सो पुस्तक सार्ने काम पनि गर्नु भएछ ।

पछि सो पुस्तक प्रकाशनै गर्नु पर्दछ भन्ने उहाँलाई लागेको हुनाले प्रेसमा मुद्रणकै निमित्त दिइसक्नु भएको रहेछ । कामको बेफुर्सदीले गर्दा साहुजीको घरमा मेरो आवागमन कम हुन गएकोले मैले यो कुरा थाहा नै पाइन । निकै समय पछि पुनः एकवार उहाँको घरमा जाँदा त उहाँले एक फर्मा जति मुद्रण भइसकेको किताव मलाई ल्याएर दिनु भयो । मेरो त हर्षको सीमा नै रहेन ।

पछि प्रस्तुल पुस्तकको मुद्रण कार्य निकै अगाडि बढेपछि अनुवादकज्यूले प्रस्तुल पुस्तकको प्राक्कथन लेखिदिन मलाई नै आग्रह गर्नु भयो । अभिधर्म जस्तो गम्भीर विषयको प्रस्तुत पुस्तकको प्राक्कथन लेख्दा कसरी लेख्ने र के लेख्ने भन्ने विषयमा पनि निकै

चिन्तन मनन गर्नु पर्ने भएकोले निकै कठीन र समय लाग्ने हुन जान्छ । तथापि अनुवादकज्यूको आग्रहलाई अन्यथा गर्न असमर्थ रहेको हुँदा दुई शब्दको रूपबाट पाठकवर्गका सामु आफ्नो सानो मन्तव्य व्यक्त गर्न अग्रसर भएको हुँ ।

समयलाई सुहाउने गरी राष्ट्रभाषा नेपालीमा श्री आर. बी. वन्द्यज्यूले अनुवाद गर्नु भएको "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग" नाउँको प्रस्तुत पुस्तकलाई राष्ट्रभाषा सेवीहरूको समक्ष–प्रस्तुत गर्नु भई अनुवादकज्यूले साँच्चिकै जनसेवा गर्नु भएको छ । विगत ८।१० वर्षदेखि बर्मा तथा भारतबाट ध्यान भावनाको शिक्षा दिने ध्यान गुरुहरू नेपालमा आउनु भई ठाउँ ठाउँमा ध्यान शिविरहरू खोल्नु भई विपश्यना ध्यान दिने अमूल्य क्रम शुरू भइरहेको छ । यसले गर्दा नेपालीहरूमा पनि ध्यान भावनाको साधना अभ्यास गर्नु पर्छ भन्ने कुरा बढ्दो मात्रामा महशूस हुन थालेको छ । परिणामस्वरूप कहीं दिन दिनै कहीं साप्ताहिक रूपमा सामूहिक ध्यान भावना गर्ने व्यवस्थाहरू संचालन भइरहेका छन् । प्रस्तुत पुस्तक साधकहरूको लागि अत्यन्त उपयोगी भएकोले प्रस्तुत पुस्तकको अनुवाद कार्य समय सुहाउँदो भएको छ भन्ने मेरो धारणा रहेको छ ।

पुस्तकका लेखक तथा अनुवादकले आफूले अनुभव गरेका कुरा अभिव्यक्त गर्ने वा आफूले हासिल गरेको ज्ञान र विद्या अरूलाई पनि सजिलैसंग उपलब्ध होस् भन्ने उद्देश्य लिइकन वा देशको सम्पत्ति भाषाको वाङमयलाई अभिवृद्धि गरी सुसमृद्ध बनाउने वा देश र जनताको मानसिक स्तर ज्ञानको स्तरलाई उकास्ने आदि उद्देश्यले प्रेरित भएर पुस्तकहरू लेख्ने र अनुवाद गर्ने कार्य गरेका हुन्छन् । विशेष गरी धर्म सम्बन्धी पुस्तक लेख्ने लेखकहरूले इहलोकभन्दा परलोकलाई सुधार्ने सद्प्रयास गरिकनै प्रमाण उदाहरण समेत प्रस्तुत गरी किताबहरू लेख्ने गर्दछन् ।

प्रस्तुत पुस्तस्तकका अनुवादक श्री आर. वी. वन्द्य एम.ए.बाट पनि विश्व शान्तिका अग्रदूत नेपालका सुपुत्र विश्ववन्द्य शाक्यमुनि तथागतको शान्ति सन्देश मूलको रूपमा रहेको अभिधर्म जस्तो गहन दार्शनिक विषयको ज्ञान नेपालीहरूले प्राप्त गर्न सकून् भन्ने सदाशय राखी शान्ति क्षेत्र नेपालका शान्ति प्रेमी नेपालीहरूले संसारको स्वभाव धर्मलाई राम्ररी पहिचान गरी सद्धर्मको ज्ञान, आचरण र अभ्यासद्वारा व्यक्तिगत रूपमा शान्ति परमशान्ति लाभ गर्नाको साथै विश्वकै शान्तिको निमित्त पनि योगदान गर्न सकून् भन्ने उच्च उद्देश्य लिइकनै अभिधर्म जस्तो गहन विषयको प्रस्तुत पुस्तकको अनुवाद गरी विज्ञ पाठकवर्गका समक्ष प्रस्तुत गर्नु भएको हो ।

प्रस्तुत पुस्तकको अध्ययनबाट संसारको स्वभाव धर्म नाम रूप र चित्त चेतसिक-रूप र निर्वाण जस्ता परमार्थ धर्महरू विषयमा आधारभूत ज्ञान प्राप्त हुनाको साथै अनित्य, दुःख र अनात्मा जस्ता गहन बौद्ध दार्शनिक दृष्टिकोणलाई यथार्थ रूपमा जान्न बुझ्न सकिने अपेक्षा गरिएको छ। प्रस्तुत पुस्तकमा विभिन्न प्रकारका चित्त तथा चैतसिकको उत्पत्ति तथा विनाश कसरी हुन्छन् भन्ने जस्ता सूक्ष्मातिसूक्ष्म गम्भीराति गम्भीर विषयलाई पनि सुबोधगम्य उदाहरण दिई व्याख्यान र विवेचना गरिएको हुनाले नव पाठकवर्गलाई पनि सजिलैसंग विषयवस्तुको ज्ञान हुन सक्तछ भनी पुस्तकको प्रत्येक परिच्छेदको अन्त्यमा दिइएका प्रश्नहरूको उक्त परिच्छेद विषयमा राम्रो ज्ञान र जानकारी भयो कि भएन भनी सोचविचार गर्न निकै सजिलो पारिएको अनुभव हुन्छ। सज्जनवर्गले स्वयम् अध्ययन गरी हेरेमा प्रस्तुत पुस्तकको महत्व स्वतः स्पष्ट हुने छ भन्ने कुरामा म विश्वस्त छु। मलाई प्रस्तुत पुस्तकको अनुवाद निकै राम्रो लाग्यो। अभिधर्म जस्तो गहन दार्शनिक विषयलाई पनि सरल भाषामा सरल तरीकाबाट ठाउँ ठाउँमा बुद्ध वचनको उद्धरण समेत गरी अनुवाद गरिएको प्रस्तुत

पुस्तक निकै उपयोगी छ । अनुवाद गर्ने काम सजिलो छैन । त्यसमाथि गम्भीर धर्म विषयको अनुवाद गर्ने काम झन कठीन हुन्छ ।

अन्तमा प्रस्तुत अमूल्य पुस्तकको अनुवाद गर्नु भएकोमा श्री आर. बी. वन्द्यज्यूलाई हार्दिक मङ्गल कामना व्यक्त गर्दछु । साथै भविष्यमा अन्य अमूल्य पुस्तकहरूको अनुवाद कार्य पनि सम्पन्न गर्दै जान सकोस् भन्ने हार्दिक शुभेच्छा अनुवादकलाई दिन चाहन्छु ।

यस्तो अमूल्य पुस्तक प्रकाशित गर्नु भएकोमा प्रकाशक श्री साहु नन्दसिद्धि गुभाजुलाई हृदयदेखि साधुवाद दिन्छु । यस्तै भविष्यमा पनि अन्यान्य अमूल्य पुस्तकहरू पनि प्रकाशित गर्दै जान सकोस् भन्ने शुभ–मङ्गल कामना व्यक्त गर्दछु ।

प्रस्तुत पुस्तकका अनुवाददेखि मुद्रण प्रकाशन कार्यसम्म प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग गर्ने सद्धर्म प्रेमी महानुभावहरू सबैमा मेरो हार्दिक शुभकामना छ ।

भगवान बुद्धले भन्नु भएको छः–

"योच वस्ससतं जीवे अपस्सं धम्ममुत्तमं ।
एकाहं जीवितं सेय्यो पस्सतो धम्ममुत्तमं ।।

धम्मपद ८–४ (१९)

अर्थात्

उत्तमधर्म नदेख्ने व्यक्तिको सय वर्षीय आयुको जीवनभन्दा उत्तम धर्म देख्ने व्यक्तिको एकै दिनको जीवन श्रेष्ठोत्तम छ ।

प्रस्तुत पुस्तकको अध्ययमबाट बुद्धोपदेशित उत्तम धर्मलाई केही मात्रामा पनि जान्न बुझ्न सकेका सद्धर्मप्रेमी सज्जनवर्गलाई ठूलो हितोपकार हुने विश्वास लिएको छु ।

निब्बानस्स पच्चयो होतु ।

सुमङ्गल बिहार — भिक्षु बुद्धघोष महास्थबिर
ललितपुर — केन्द्रीय परीक्षा नियन्त्रक
०४१।४।।६।३ — नेपाल बौद्ध परियत्ति शिक्षा

आमुख

पूर्व जन्म अथवा यस जन्मको कर्मको फल जसलाई बुद्ध वचनमा कर्म विपाक भनिन्छ, त्यस माथि मेरो दिन प्रति दिन बढ्दै गएको विश्वासको उदाहरण प्रस्तुत आमुख समेतलाई म लिन चाहन्छु। यो अनूदित पुस्तक "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग" (एक प्रारम्भिक विवेचना) की मूल लेखिका श्रीमती एन. भी. गोरकमका पति श्री भैन गोरकम र म दुवै, आफ्-आफ्नो देश हालेण्ड र नेपालको संयुक्त राष्ट्रसंघमा प्रतिनिधित्व गर्दा, संगै न्यूयोर्कमा थियौं। त्यसपछि संयोगवश संगै बैंककमा आफ्-आफ्ना राजदूतावासहरूमा पऱ्यौं। अनि एक दशक वित्दा, म हिन्दू भएर जन्मे पनि, भगवान बुद्धको असीम प्रज्ञा तथा अतुलनीय करूणाले एवं मेरो कर्म विपाकले "भगवान बुद्धका उपदेश" नेपालीमा भाषान्तर गर्ने प्रेरणा प्रदान गरेर कर्म विपाककै फलस्वरूप आफूसित भौतिक रूपले अपरिचित जापानको बुक्यो देन्दो क्योकाई (बुद्ध धर्म प्रवर्धन प्रतिष्ठापन) ले जापानमै नेपालीमा प्रकाशित गऱ्यो। यसरी जापानमा प्रकाशित हुने यो पहिलो नेपाली पुस्तक हुन पुग्यो।

यसै वीच श्रीमती भैन गोरकमले भगवान बुद्धकै करूणाका फलस्वरूप बुद्ध वचनको उत्कृष्ट दर्शन भएको 'अभिधर्म' को व्याख्या अंग्रेजीमा प्रकाशित गर्नु भएछ र जसको सारै स्तरीय अनुवाद श्री आर. बी. वन्द्यवाट भएको रहेछ।

कर्म विपाककै कुरा मान्नु पर्दछ, एक दिन नेपालका एक सभ्रान्त व्यक्ति यस पुस्तकका प्रकाशक एवं भगवान बुद्धद्वारा अनु-

देशित विनयका ठूला उपासक, शिष्टता र सौजन्यका प्रतिमूर्ति श्री नन्द सिद्धि गुभाजु म कहाँ आउनु भयो र प्रस्तुत पुस्तकको आमुख लेख्न मलाई आग्रह गर्नु भयो। उहाँको यो अनुरोध सुन्दा म अत्यन्त कठिन स्थितिमा परें; कारण अभिधर्म जस्तो बुद्ध बचनमै दिइएको उत्कृष्ट बौद्ध दर्शनको भूमिका लेख्न म आफूलाई सक्षम ठान्दिन। तर यो आमुख लेख्न प्रेरणा दिने एक घटना तत्काल संझना भएर आयो।

आजभन्दा लगभग सत्र वर्ष अधिको कुरा हो। तिनताक मैले भगवान बुद्धलाई ऐतिहासिक पुरुषका रूपमा मात्र जान्दथे; मैले अज्ञानवश कुनै बुद्ध वचन त्यस बेलासम्म नपढेको हुनाले भगवान महाकारूणिक हुनु हुन्छ भन्ने मलाई थाहा थिएन। म न्यूयोर्कमा आफ्नो अफिसमा थिएँ। अकस्मात संयुक्त राष्ट्र संघका तत्कालीन महासचिव ऊ थाण्टको आफिसबाट मलाई फोन आयो– "यदि तपाईलाई अनुकूल मिल्छ भने भोली ऊ थाण्टले उहाँको अफिसमा तपाईसित भेट्न चाहनु हुन्छ।" भोली पल्ट म निर्धारित समयमा पुगें। कुराको क्रममा ऊ थाण्टले भन्नु भयो–"मलाई नेपाल आउन श्री ५ को सरकारको निमन्त्रणा प्राप्त भएको कुरा त तपाईलाई थाहा नै छ। यसै यात्राको क्रममा संभव भए म भगवान बुद्धको जन्मस्थल लुम्बिनी गई भगवानका प्रतिश्रद्धा र अर्चना गर्न चाहन्छु तथा साथै लुम्बिनी गई भगवानको जन्म स्थलका अनुकूल निर्माण गर्नमा केही योगदान दिन चाहन्छु। संयुक्त राष्ट्र संघको महासचिव हुन पाएर मलाई जति सन्तोष छ त्यो भन्दा धेरै बढी सन्तोष भगवान बुद्धको जन्मस्थलका प्रति मैले केही गर्न सके भने हुनेछ।" मैले तत्कालै उत्तर दिएँ, "श्रीमानलाई काठमाडौंबाट श्री ५ महाराजाधिराज सरकारको विशेष हवाईजहाज अथवा हेलिकोप्टरद्वारा लुम्बिनीको भ्रमण गराइने छ।" मलाई बिश्वास थियो, मैले आफले ऊ थाण्टलाई

दिएको बचन जाहेर गर्नासाथ श्री ५ महेन्द्रवाट स्वीकृति बक्सने छ भनेर। हुन पनि त्यस्तै भयो। ऊ थाण्ट काठमाण्डू आउनु भएको अवसरमा लुम्बिनी जानु भयो। न्यूयोर्क फर्केपछि उहाँले लुम्बिनी विकासका निमित्त अन्तरराष्ट्रिय समिति वनाउनु भयो एवं संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमलाई लुम्बिनी विकासमा संलग्न गराउनु भयो। त्यस पछिको प्रगति सबैलाई थाहै छ।

उपरोक्त उल्लेखको तात्पर्य के भने, ऊ थाण्टको कर्म संग्रहका फलस्वरूप भगवान बुद्धको महापरिनिर्वाणको पच्चीस सय वर्षपछि वर्माको एक व्यक्ति (ऊ थाण्ट)ले भगवानको जन्मस्थलको निर्माणको कार्य अन्तरराष्ट्रिय स्तरमा प्रारंभ गर्न पर्ने। बुद्ध वचनको कस्तो व्यापक प्रभाव त। यही प्रभावको प्रेरणाले नै मैले श्री नन्द सिद्धि गुभाजुको आग्रह स्वीकार गर्ने निर्णय गरें, जसका फलस्वरूप भगवान बुद्धको प्रज्ञा प्रतिको अर्चनाका रूपमा यो आमुख प्रस्तुत छ।

बुद्ध बचनको क्रममा भगवान बुद्ध स्वयम्ले अभिधर्मको उपदेश दिनु भएको हो भन्ने मानिन्छ। अभिधर्म बुद्ध वचनको सर्वोत्कृष्ट दर्शन हो। बौद्ध दर्शनको मूल आधार प्रतीत्य समुत्पाद भएको हुनाले अभिधर्मको केही उल्लेख गर्नु भन्दा अघि प्रतीत्य समुत्पादको चर्चा गर्नु उपयुक्त देख्दछु।

आजभन्दा छब्बिस सय वर्ष अघि कपिलबस्तुका राजा शुद्धोदनको उत्तराधिकारी पुत्रका रूपमा जन्मनु भएका भगवान बुद्धले एक वृद्ध, एक रोगी एवं एक मृत शव देखेर मनुष्यको दुःख र अनित्यताको कारण थाहा पाउने उहाँमा अरुहरुका प्रति गहिरो करूणा जाग्रत भयो एवं यसैको अन्वेषणमा राजकुमार सिद्धार्थ गौतमले राजपाट, विशाल महल, युवा पत्नी एवं नवजात शिशु समेतको परित्याग गरी परिव्राजकको जीवन व्यतीत गर्ने निणय गर्नु भयो।

उहाँले ज्ञान प्राप्त गर्ने प्रयत्नको क्रममा त्यस बेलाका प्रसिद्ध योगीहरू, भार्गव, आलारकालम तथा उद्रक राजपुत्रका आश्रम-हरूमा समेत गई केही समय व्यतीत गर्दा उहाँको मनमा जागेका मानव दुःखका प्रतिको समस्याको कुनै समाधान पाउन नसकेर उहाँले आफ्नो शरीरलाई अत्यन्त कष्ट प्रदान गर्दै घोर तपस्याहरू गर्नु भयो । तर यसबाट पनि उहाँले आफ्ना प्रश्नहरूको उत्तर पाउन सक्नु भएन । ६ वर्षको परिव्रजन र तपस्या पछि एक बिहान सूर्योदयको लालिमा साथ वैशाख पूर्णिमाका दिन प्रतीत्य समुत्पाद अनुलोभ र प्रतिलोभको माध्यमद्वारा निरंजना नदीको किनारमा गयामा एक पीपल वृक्ष मुनि सिद्धार्थ गौतमले सम्यक् सम्बोधि प्राप्त गरी बुद्ध हुनु भयो ।

"संसार दुःख हो; दुःखको कारण हुन्छ; दुःख निरोध गर्न सकिन्छ तथा दुःख निरोध गर्ने मार्ग छ", यो चतुरार्य सत्यको ज्ञान भगवान बुद्धलाई भयो र दुःख निरोध गर्ने मार्गका रूपमा बुद्धले आर्य अष्टाङ्गिक मार्गको उपदेश दिनु भयो जसमा सबभन्दा पहिलो सम्यक् दृष्टि थियो । अरूका प्रति कायिक, वाचिक, र मानसिक कुशल र अकुशल कार्यको ठीक ठीक ज्ञान राखेर कार्य गर्ने दृष्टि राख्नु सम्यक् दृष्टि हो । हिंसा, चोरी, व्यभिचार, मिथ्याभाषण, चुक्ली, कटुभाषण, व्यर्थको वकवाद, लोभ, प्रतिहिंसा र असत्य-धारणा यी अकुशल कर्म हुन् ।

बुद्ध धर्मको अनित्यताको ब्याख्याको मुख्य सिद्धान्त प्रतीत्य समुत्पाद नै हो । संयुक्त निकायमा भनिएको छ, भगवान बुद्ध स्वयम्का अनुसार उहाँले सम्यक् सम्वोधि प्राप्त गर्नु भन्दा ठीक अघि प्रतीत्य समुत्पादको ज्ञान प्राप्त गर्नु भएको हो। तर प्रतीत्य समुत्पादको सिद्धान्तको ज्ञान उहाँलाई भए पनि उहाँलाई सम्यक् सम्वोधि नहुञ्जेल उहाँ बोधिसत्व मात्र हुनुहुन्थ्यो, बुद्ध भइसक्नु भएको थिएन ।

"अस्मिन् सति इदम् भवति" ले प्रतीत्य समुत्पादको मूल व्याख्या गर्दछ। अर्थात्, यो भए मात्र त्यो हुन्छ। जस्तो, विउ भए पछि मात्र विरूवा हुन्छ। बिरूवा भए मात्र फल वा फूल हुन्छ। फल वा फूल भए पछि मात्र विउ हुन्छ। अनि उचित पर्यावरण भए मात्र यी सबै हुन्छ। यसलाई हेतु–प्रत्ययको सिद्धान्त पनि भनिन्छ।

प्रतीत्य समुत्पादको सिद्धान्तको महत्व भगवान बुद्धको मज्झिम निकायमा भएको वचनबाट बुझ्न सकिन्छ। भगवान बुद्धले भन्नु भएको छ "जसले प्रतीत्य समुत्पादलाई देख्दछ उसले धर्मलाई देख्दछ; जो धर्मलाई देख्दछ त्यसले प्रतीत्य समुत्पादलाई देख्दछ। पाँच उपादान स्कन्ध (रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान) प्रतीत्य समुत्पन्न हुन्।" प्रतीत्य समुत्पन्न भनेको अविच्छिन्न प्रवाहबाट उत्पन्न भनी बुझ्नु पर्दछ।

प्रतीत्य समुत्पादकै सिद्धान्तको आधारमा भगवान बुद्धद्वारा प्रतिपादित भवचक्रको सिद्धान्त प्रतिष्ठापित छ। भवचक्र अनुसार मनुष्यको दुःखको मूल कारण अविद्या अर्थात् अज्ञान हो। अविद्याको कारण संस्कार, संस्कारको विज्ञान, विज्ञानको नाम रूप, नाम रूपको षडायतन अर्थात् ६ इन्द्रीयहरू, षडायतनको स्पर्श, स्पर्शको वेदना, वेदनाको तृष्णा, तृष्णाको उपादान अर्थात् ग्रहण वा ग्रहण गर्ने इच्छा, उपादानको भव अर्थात् आवागमन, भवको जाति अथवा जन्म र जातिको जरामरण। र यसरी यो भवचक्र निरन्तर कायम रहन्छ जबसम्म तृष्णाको क्षय हुँदैन। तृष्णाको क्षय भए पछि निर्वाण प्राप्ति हुन्छ र यसरी अविद्याको स्वतः अन्त हुन्छ।

भगवान बुद्धको प्रतीत्य समुत्पादको सिद्धान्तमा एउटा वस्तुको लय भएपछि मात्र अर्को वस्तुको उत्पति हुनेमा आधारित छ। वस्तु अथवा वस्तुको परिवर्तनको व्याख्यामा सांख्य दार्शनिक एवं बेदान्तीहरूले आफ्नै किसिमको दृष्टिकोण प्रस्तुत गरेका छन्। सांख्यहरूका अनुसार वस्तुको परिवर्तन भनेको सोही वस्तुको

नवीन प्रकटीकरण मात्र हो । अर्कोतर्फ वेदान्तीहरू "ब्रह्म सत्यम् जगन मिथ्या" अर्थात् एक मात्र सत्य ब्रह्म हो, एवं यो जगत मिथ्या हो भन्ने गरेबाट जगतको सम्पूर्ण वस्तु र वस्तुको परिवर्तन मिथ्या हुन आउँछ। तर वेदान्तीहरूले मिथ्या भनेको अनित्यताको पर्याय हुनु पर्दछ । अर्थात्, ब्रह्म मात्र नित्य वा अनादि हो भन्ने तात्पर्य हुनु पर्दछ । (भगवान बुद्धले) बुद्धधर्ममा पनि प्रतीत्य समुत्पादको यो अनित्यताको सिद्धान्तलाई अनादि हो भनी (भन्नु भएको छ) मानिएको छ ।

प्रतीत्य समुत्पाद सिद्धान्तको परावर्ती बौद्ध दार्शनिकहरूले विस्तृत व्याख्या गर्नु भएको छ । यसमा सर्वप्रसिद्ध नागार्जुनलाई मानिन्छ जसलाई तिब्बतमा दोस्रो बुद्ध भनी सम्बोधन गरिन्छ । नागार्जुन शून्यवादका प्रसिद्ध व्याख्याता हुन् । शून्यवाद प्रतीत्य समुत्पादको सिद्धान्तमा पूर्णरूपले आधारित छ । शून्यवादीहरूका अनुसार कुनै वस्तुको पनि वास्तविक अवस्थिति हुन्न । शून्यता भनेको अवस्थिति र अनवस्थितिको मध्य हो ।

चीनका प्रसिद्ध विद्वान कुमारजीवले पाँचौ शताब्दिको ठीक प्रारम्भमा नागार्जुनको "महा प्रज्ञापारमिता" ग्रन्थको चिनिया भाषामा उत्कृष्ट अनुवाद गरेर, नागार्जुनको ख्यातिलाई चीन, कोरिया, जापान आदि देशमा विस्तारित गरी दिए ।

नागार्जुनको सिद्धान्त अनुसार हामीले जुन भित्ता देख्दछौं त्यो भित्ता नभएको कारणले नै देख्दछौं । अर्थात्, भित्तालाई दृष्यरूप पार्ने अणु परमाणुको संग्रहमा निरन्तर परिवर्तन भइराख्ने हुँदा, एक क्षण अघि अणु परमाणुको जुन रूप थियो त्यो रूप तत्कालपछि हुँदैन। तसर्थ, नागार्जुनको व्याख्या अनुसार भित्ता नभएको कारणले नै भित्ता देखिन्छ भन्ने स्पष्ट हुन आउँछ । यस दार्शनिक विचारलाई वर्तमान कालको उदाहरण लिएर स्पष्ट गर्ने हो भने हामीले कुनै सिनेमा हेर्दा कुनै क्षणमा देखिने दृष्य त्यो क्षणभन्दा अघिको दृष्य पनि होइन, त्यस क्षणभन्दा पछि आउने दृष्य पनि होइन, एवं देख्नासाथ त्यो

त्यहीं अड्ने दृष्य पनि होइन । यसरी प्रत्येक दृश्य जगत अनित्य रही आएको छ र एक वस्तुको लय पछि अर्को वस्तुको उदय हुँदै आएको छ । शून्यता सत र असतका बीच अवस्थित हुन्छ । परमार्थ स्वलक्षण हुन्छ ।

अभिधर्ममा चार परमार्थ धर्म, चित्त, चैतसिक, रूप र निर्वाणको विषद् व्याख्या छ । सुत्त निपातको वृषल सूत्रमा भएको तात्पर्यद्वारा, यो व्याख्या बुझन अलिक सजिलो देखिन्छ । वृषल सूत्रमा भगवान भन्नु हुन्छ: "जन्मले नै कोही शूद्र हुँदैन: जन्मले नै कोही ब्राह्मण हुँदैन, कर्मलेनै शूद्र हुन्छ, कर्मलेनै ब्राह्मण हुन्छ ।" त्यस्तै "सून्दरिक भारद्वाज-सूत्रमा" भगवान बुद्ध भन्नु हुन्छ: "मा जाति पुच्छ चरणं च पुच्छ," अर्थात् जाति नसोध, आचरण सोध । त्यसैले भगवान बुद्धले आनन्द-लाई उपदेश दिंदै भन्नु भयो: "हे आनन्द ! तिमी आफ्नै दीपक बन ।" अर्थात्, आफू भित्र रहेको अन्धकार आफैले हटाउन पर्दछ ।

अभिधर्मको अध्ययनले यो अन्धकार हटाउन सहयोग गर्दछ । अनि मनुष्यमा चित्तका चार सर्बोत्कृष्ट अवस्थाहरू मैत्री, करूणा, मुदिता र उपेक्षा जाग्रत हुन्छन् ।

अभिधर्ममा चित्त, चैतसिक, रूप र निर्वाणलाई चार परमार्थ धर्म किन भनिएको त ? यहाँ धर्मको अर्थ सत् हुन्छ । प्रसिद्ध बौद्ध दार्शनिक धर्मकीर्तिले परमार्थ सत्को व्याख्या यस प्रकार गरेका छन् : "अर्थ क्रियामा जो समर्थ छ, त्यो नै परमार्थ सत् हो, यसका विपरीत जो अर्थ क्रियामा असमर्थ छ, त्यो संवृति सत् हो ।" संवृति भनेको कल्पना हो । कल्पना-प्रसूत सत्, सत् हुन सक्दैन ।

चित्त चार प्रकारका हुन्छन् । कामावचर, रूपावचर, अरूपा-वचर र लोकोत्तर । यदि चित्तको आलम्बन काम तृष्णामा छ भने त्यो कामावचर चित्त भयो, यदि रूप तृष्णामा आलम्बन छ भने त्यो रूपावचर भयो; यदि अरूप तृष्णामा आलम्बन छ भने अरूपावचर भयो एवं यी तीनैबाट मुक्त अथवा यी भन्दा माथि छ

भने त्यो चित्त लोकोत्तर भयो। चित्तको व्याख्या, अभिधर्ममा, कुशल, अकुशल र अव्याकृत रूपमा गरिएको छ। कुशल वा अकुशल कर्मले फल अथवा बिपाकलाई जन्म दिन्छ। अभिधर्ममा चित्तका स्थितिको संख्या पनि तोकिएका छन्। जस्तो कामावचर-का ५४ चित्त स्थितिहरू मध्ये ८ कुशल, १२ अकुशल, २३ विपाक तथा ११ क्रिया चित्त छन्।

चैतसिक चित्तका वृत्तिहरू हुन्। चित्त र चैतसिक दुबैको उत्पाद र निरोध, प्रतीत्य समुत्पादको सिद्धान्त अनुसार, निरन्तर भइराखेको हुन्छ। चित्त र चैतसिकको निरोध नभई निर्वाण प्राप्त हुन सक्दैन, कारण, चित्त र चैतसिकहरू क्लेशका कारक हुन्। हिन्दू दार्शनिक महर्षि पतंजलिले पनि क्लेशलाई अविद्या, अस्मिता, राग, द्वेष तथा अभिनिवेशले उत्पन्न हुने भनी भन्नु भएको छ। तसर्थ चित्त वृत्तिहरूको निरोध, अथवा चित्त र चैत-सिकको निरोध नभई क्लेशको समाप्ति हुन सक्दैन।

प्रस्तुत पुस्तकमा यी सबै विषयको विस्तृत व्याख्या भएकोले आमुखमा विषद् चर्चा पट्टि नभई अब निर्वाण सन्दर्भमा हेरौं। निर्वाणको शाब्दिक अर्थ हुन्छ तृष्णा क्षय। अर्थात्, तृष्णाको क्षय नभई निर्वाण प्राप्त हुन सक्दैन। त्यसै निमित्त बुद्धले आफ्नो करूणा र प्रज्ञाको माध्यमद्वारा अविद्याले गर्दा भवचक्रमा घेरिएका-हरूलाई निर्वाणको मार्ग बताउनु भयो। अभिधर्म त्यसैले भगवान बुद्धको उत्कृष्ट दर्शनका रूपमा मानिन्छ।

मलाई विश्वास छ प्रस्तुत पुस्तकले नेपाली पाठकहरूलाई बौद्ध दर्शनको अरू गहन अध्ययन गर्नेतर्फ आकर्षित गर्नाको साथै बुद्ध वचनको महत्व बुझाउन सफल हुनेछ।

२१/४५२ रामशाह पथ
काठमाडौं

देवेन्द्रराज उपाध्याय

अभिधर्म–एक विचार

संसारमा मानवजातिको अभ्यूदय कालदेखि नै, अझ खास गरीकन मानवजातिले आफू र आफू वरिपरीका संसार र धर्मका विषयमा चिन्तन गर्न शुरू गरेदेखि नै यस संसारमा उत्पत्ति र विनाश भइरहेका जड र जीव र तत् विषयका अनेकौं धर्महरूका रहस्य बुझ्न र जटील प्रश्न चिह्नको रूपमा रहेको यस संसारका अनन्त धर्मका उत्पत्ति र विनाशका प्रश्नहरूको यथोचित समाधान खोज्न मानव समुदायले भरमग्दूर प्रयास गर्दै आएको छ, गरिरहेकै पनि छ र भविष्यमा पनि यस सम्वन्धी खोज, अध्ययन र अनुसन्धान गर्ने क्रम जारी नै रहने छ भन्न सकिन्छ । यसै खोजको क्रममा यहाँ अनेक धर्म, दर्शन र तिनका अनेक सम्प्रदायहरू र मतमतान्तरहरू प्रतिपादित एका छन्, विकसित भएका छन् । वौद्ध धर्म र दर्शन पनि यसै खोज मध्येकै उपज हो । यस धर्म र दर्शनमा नाम–रूपको उत्पत्ति र विनाशका विषयमा आफ्नै प्रकारको मौलिक धारणा र सिद्धान्त प्रतिपादित भएको छ । मानव जातिको लागि संसारको उत्पत्ति र विनाशको कुरो जति रहस्यपूर्ण छ, त्यतिकै रहस्यमय कुनै पनि जीवको उत्पत्ति र विनाशको कुरो रहेको छ ।

प्रकृतिमा अनगिन्ति रहस्यहरू लवालव भरिएका छन् । आधुनिक विज्ञान पनि आज त्यसैको खोजमा लागेको छ । विज्ञानले कैयौं रहस्यहरूलाई पत्ता लगाउँदै अनेकौं चमत्कारपूर्ण कार्य गरेर देखाएको छ । तर खोजको क्षेत्र भने झन् झन् बढ्दो छ । एउटा कुरो पत्ता लाग्नाले तीनवटा रहस्य पत्ता लगाउनु पर्ने क्षेत्र

भेट्टाइन्छ । त्यसैले आज वैज्ञानिकको खोज, अध्ययन र अनुसन्धान वढ्दो छ, वढाउँदै लानु पर्ने स्थिति छ ।

मन्त्र सिद्धि र तन्त्र सिद्धिको विगत युगमा मान्छेले मन्त्र र तन्त्रको भरमा अनेक चमत्कारहरू गरेको थियो भन्ने कुरा आजको भौतिक युगका वैज्ञानिकलाई दन्त्यकथा प्रतीत भए जस्तै अन्तरीक्ष स्थित भू-उपग्रहको उपयोग गरी अन्तर-महाद्वीपीय संचार सम्बन्धको विकास गरी बीसौं शताब्दीको मान्छेले टेलिफोन, रेडियो र टेलिभिजनको सेवाको उपभोग गर्ने छ र बीसौं शताब्दीका मान्छेको हर दैनिक व्यवहारको कुरामा कम्प्यूटरको प्रयोग गरिने छ भन्ने कुराको भविष्यवाणी दुई तीन सय वर्ष अघिका मान्छेलाई सुनाइएको भए तत्कालीन विद्वत्जनले यस तथ्यलाई पनि व्यर्थको चिन्तन र दिवा स्वप्न भनी अवश्य खिसी र उपहास गर्दथे होला । तर आज वास्तविकता यस्तै छ । समयले यहाँ कस्ता कस्ता परिवर्तन ल्याउँदो रहेछ । आजभन्दा पच्चीस शताब्दी अघिको बुद्ध र उहाँका अनुयायी श्रावकहरूको अनेकौं ऋद्धि शक्ति र लौकिक लोकोत्तर ज्ञानको चर्चा आजको सामान्यजनको लागि एउटा कौटुहलको विषय वनिसकेको छ । श्रद्धा, चिन्तन र अनुमान शक्ति रहित आजका कतिपय शिक्षितजनको निमित्त यी सबै चर्चा दन्त्यकथा सदृश भइसकेको छैन भन्न सकिन्न । पृथ्वीले आफैं अघि सरी देखाई दिनु अघि एउटा यस्तो समय पनि यहीं आइसकेको थियो जब पश्चिमी जगतका विद्यार्थीहरूलाई पढाउँदा स्वयं बुद्धलाई पनि एउटा काल्पनिक ब्यक्तित्व हो भनी स्कूल कलेजमा पढाउने गर्दथ्यो ।

मानव जातिको विकासको क्रमबद्ध इतिहासमा आजको विज्ञानको अभूतपूर्व विकासले यस संसारमा ठूल ठूला चमत्कार देखाउन सफल भएको छ । भौतिक एवम् रसायन शास्त्रको क्षेत्रमा भएको महान् प्रगतिले आजको मानव समुदायलाई संसार,

प्रकृति र यिनका उपलब्धिहरू बारेको ज्ञानमा ठूलो वृद्धि भएको छ । समय र दूरी माथि मान्छेको अधिकार र नियन्त्रण बढ्दो छ। आजको विज्ञानले आफ्नो अध्ययन र अनुसन्धानको परिणामबाट कतिपय मान्छेका पुराना धारणाहरू, अन्धविश्वासहरू र कोरा कल्पनाहरूलाई गलत र निःसार प्रमाणित गरिदिएको छ भने कतिपय धार्मिक र अन्य विश्वासहरूलाई सत्य साबित पनि गरिदिएको छ । किनभने विज्ञानले कुनै पनि कुरालाई यसको बाह्य स्वरूपको भरमा मोहित भई वा पूर्वाग्रहद्वारा पीडित भई स्वीकार वा अस्वीकार गर्दैन । बरू त्यस कुरालाई केलाई, फारी र अनेक प्रकारबाट परीक्षण गरी निस्केको तथ्यलाई विश्लेषण गरेर मात्र वैज्ञानिक कुनै पनि कुराको निस्कर्षमा पुग्दछ र ग्रहण गर्दछ। भौतिक क्षेत्रमा आज विज्ञानले ठूलो प्रगति हासिल गरिसकेको छ। सामान्य व्यक्तिको नग्न चर्म चक्षुको अगाडि हाड, छाला, मासु, सुन, चाँदी, माटो, ढुंगा, हावा, पानी, किरण आदिको रूपमा देखिने भौतिक पदार्थलाई सूक्ष्मातिसूक्ष्म रूपमा विभाजित गर्दै केलाउँदै लगी सूक्ष्मातिसूक्ष्म दर्शक यन्त्रको सहायताले विज्ञानले प्रत्येक पदार्थलाई कण कणमा, अणु अणुमा र परमाणु परमाणुमा मात्र विभाजन गर्न सफल भएको होइन, सामान्य सूक्ष्म दर्शक यन्त्रको सहायता सम्मले पत्ता लगाउन नसकिने अति सूक्ष्म रूप परमाणुलाई पनि आजको विज्ञानले गणित, अतिशय सूक्ष्म दर्शक विशिष्ट यन्त्र र रासायनिक प्रक्रियाको आधार लिई इलेक्ट्रन, प्रोटन, न्यूट्रन जस्ता विद्युत गति वा तरंगसम्ममा विश्लेषण गर्न सफल भएको छ । यसै विश्लेषणको क्रममा विज्ञानले यो पनि सिद्ध गरेको छ कि व्यवहारमा हामीलाई स्थूल रूपमा देखिने बहुत साह्रो र कडा वस्तु पृथ्वीदेखि लिएर संसारमा पाइने यावत् रूप धातु पदार्थ जे जति छन् ती सबै वस्तुहरू वस्तुतः क्षण क्षणमा परिवर्तन हुने, स्वयंमा एक घडी पला पनि स्थिर नरहने, अनित्य

तरंग वा तरंग स्वभाव मात्र हुन्। यी तरंगहरू उत्पत्ति हुँदै विनाशमा प्राप्त भइरहेका छन्। आजको विज्ञानले रूप धातु विशेषको अनित्यता र परिवर्तनशीलतालाई प्रमाणित गरेको छ। यथार्थमा संसार परिवर्तनशील छ, अनित्य छ। यस संसारको यावत् पदार्थ वस्तुतः जरैदेखि परिवर्तनशील छन्, अनित्य छन्। विज्ञानको विकासले बीसौं शताब्दीमा आएर बौद्ध अनित्यवादलाई निरापवाद रूपमा स्वीकार गरेको छ। अनित्य कुरा सुख हुन सक्तैन। बौद्ध दर्शनका दुई प्रमुख आधारशीला–अनित्य र दुःखलाई यसरी आज विज्ञानले भौतिक विश्लेषण गरेर प्रमाणित गरेको तथ्य सबैको सामु उपस्थित छ।

वैज्ञानिकको अगाडि अझै यस संसारमा थुप्रा र महत्वपूर्ण रहस्यहरू बाँकी छन्, जुन कुराको यथार्थतः विश्लेषण हुन सकेको छैन। जन्म र मृत्युकै सर्वसामान्य घटना चक्रलाई लिउँ। यो सामान्य भइकन पनि आदिकालदेखि समाधान खोज्दै आएको कठीनतम प्रश्न मध्येको समस्या हो। मानिस वा प्राणी किन कहिले कसरी जन्मिन्छन्, किन कहिले कसरी मर्दछन् र मृत्युबाट बच्ने उपाय के हुन् भन्ने कुरालाई अझसम्म विज्ञानले यथार्थरूपमा जान्न सकेको छैन। मृत्युपछि जन्म हुन्छ वा हुन्न, हुने भए किन कहाँ कसरी जन्म हुन्छ भन्ने प्रश्नको समाधान त विज्ञानले निकट भविष्यमा गर्न सक्ला भन्ने चिताउन सकिने आधारसम्म पनि फेला पारेको छैन। त्यसैले स्वयं मानिसै विज्ञानको लागि अझै रहस्यको विषय छ। यो संसार रहस्यको विषय रहनुमा केको आश्चर्य छ र?

बौद्ध दर्शन बास्तवमा हेतुवाद र कर्मवादमा आधारित छ र आधुनिक विज्ञानकै सदृश विभज्जवाद यसको मूल विश्लेषणको तरीका हो। उपर्युक्त तथ्य बौद्ध धर्मका अनेक मतमतान्तरमा समान रूपमा लागू नहुने होइन तापनि मूल रूपमा थेरवादी

सिद्धान्तमा उपर्युक्त सिद्धान्त अक्षरशः प्रयोग र परिपालित हुन आउँछ । सम्राट धर्माशोकको समयमा पनि छ्यासमिसे बौद्ध श्रावक संघबाट शुद्ध बौद्ध परम्परावादी मतका श्रावक अनुयायी-हरूलाई छुटचाउनको लागि कर्मवाद र विभज्जवादकै आधार लिई थेरवादी बौद्ध श्रावक संघलाई परिशुद्ध गरिएको थियो भन्ने कुरो बौद्ध इतिहासमा अंकित रहेको छ ।

विज्ञानको विकास, शिक्षाको क्षेत्रमा भएको व्यापक प्रगति र वैचारिक स्वतन्त्रताले उत्कृष्ट भूमिका खेल्न पाएको आजको युगमा कुनै पनि धर्म, मत, सम्प्रदाय वा सिद्धान्त स्वतः अकाटच छ र त्यसलाई निर्विकल्पको रूपमा ग्रहण गर्नु पर्छ भन्ने धारणा स्वयंमा एउटा अन्धविश्वास हुन आउँछ । यस प्रकारको कुण्ठित बिचारले परमार्थको ज्ञान जस्तो सूक्ष्मातिसूक्ष्म विषयलाई यथार्थ रूपमा अवबोध गर्न मद्दत गर्न सक्छ भन्ने कुरा सोच्न पनि सकिदैन । सूक्ष्म दर्शन र परमार्थको खोजीमा अभिरूचि लिने पण्डितवर्गले त झन् कुनै पनि धर्म, सम्प्रदाय, मत वा सिद्धान्त प्रति पूर्वाग्रह नराखी जौहरीले रत्नको परीक्षा गरेझैं अथवा आधुनिक वैज्ञानि-कले कुनै आविष्कारको पारख गरे जस्तै कुनै पनि धर्म, दर्शन वा सिद्धान्तलाई अनेक प्रकारले जाँची बुझी पारख गरी अनुभव अभ्यास गरी ग्रहण वा परित्याग गर्नु पर्दछ । कुनै दर्शन वा मार्ग आफ्नो इच्छा अनुरूप छैन वा आफ्नो संस्कार अनुकूल छैन वा आफ्नो मान्य परम्परादेखि सर्वथा भिन्न छ भन्दैमा विवेकलाई पन्छाई बुद्धिलाई कुण्ठित पारी सम्भ्रान्त तर्क वा अन्धविश्वासको आधारमा त्यस दर्शन वा मार्गलाई अनादर उपेक्षा वा तिरस्कार गर्नु दार्शनिकको कार्य होइन, न त्यसरी कुनै पुद्गल पण्डित ज्ञानी वा दार्शनिक बन्न नै सक्छ । संसार र परमार्थको सूक्ष्माति-सूक्ष्म स्वभावलाई बुझ्न साह्रै कठीन हुने भएकोले यस क्षेत्रमा चिन्तन गर्ने व्यक्तिमा कुनै पनि प्रकारको पूर्वाग्रह र अन्धविश्वास-

बाट माथि उठी विशुद्ध रूपमा ज्ञान, आचरण, अनुभव र अभ्यासको सहाराले स्वतन्त्र रूपमा परीक्षा गरी जाँची बुझी हेर्ने क्षमताको खाँचो महशूस गरेर नै बौद्ध धर्ममा मानवीय पक्ष र वैचारिक स्वतन्त्रतालाई बढी महत्व र प्रोत्साहन दिइएको पाइन्छ। सबै धर्मगुरूहरूले आ-आफ्नै धर्मको प्रशंसा र अन्य धर्मको निन्दा गरेको सुनी खिन्न भएका र कुन धर्म ठीक हो कुन ठीक होइन भन्ने संशयमा परेका केस पुत्त निगमका कालामहरूलाई उपदेश दिंदा भगवान बुद्धले सम्झाउनु भएको थियो–"कुनै पनि धर्मलाई ग्रहण गर्दा हाम्रा पूर्व मान्य ग्रन्थ, शास्त्र, श्रुति, परम्परा तर्क र न्यायसंग मिल्छ भनी वा सो धर्म प्रतिपादन वा ब्याख्यान गर्ने धर्मगुरु भव्य व्यक्तित्ववाला छ वा ठूलो मान्छे हो भन्ने आधारमा ग्रहण गर्ने होइन। स्वयं बुद्धले नै भन्नु भएको हो भने तापनि श्रुतिको आधारमा कुनै पनि कुरालाई स्वीकार गर्ने होइन। वरू त्यस धर्मलाई आफ्नै प्रज्ञा जनित अनुभवको कसीमा घोटी परीक्षा गरी हेर्नु पर्छ र यसरी हेर्दा त्यस धर्मले लोभ दोष मोह बढाउने होइन भन्ने देखिएमा र त्यस धर्मले आफूलाई र अरूलाई पनि हित सुख हुने, आदि, मध्य र अनागतमा पनि हित सुख दिने खालको छ भने मात्र त्यस्तो धर्मलाई सद्धर्म मानी ग्रहण गर्ने गर्नुपर्छ।" उपर्युक्त प्रसंगबाट बौद्ध दृष्टिकोणमा धर्मको कुरामा रहेको उदारताको आभास स्पष्ट हुन आउँछ।

स्थविरवादी परम्परा अनुसारको अभिधर्म (अर्थात् बौद्ध दर्शन) को केही प्रारम्भिक चर्चा यस पुस्तकमा गरिएको छ। अभिधर्मको बिषय स्वभावत: कठीन, सूक्ष्म र जटील हुन्छ र यसको अध्ययनले पाठकको धैर्य धारण शक्तिको परीक्षा पनि लिने सम्भावना नभएको होइन। अझ आफ्नो पूर्व मान्यता आग्रह र संस्कारको अनुकूल नहुने विज्ञ पाठकको निम्ति त अभिधर्मको विषय झन् महाकठीन हुनु अस्वाभाविक होइन। त्यसैले यस प्रकारको

गम्भीर विषयको अध्ययनको निम्ति स्वतन्त्र, व्यापक र पूर्वाग्रह रहित विवेक, चिन्तन र प्रज्ञाको निकै खाँचो हुन्छ। जे होस्, स्थविरवादी परम्परा अनुकूल बौद्ध धर्मको दार्शनिक पक्षको विषयमा जान्न चाहने जिज्ञासुलाई यस पुस्तकले अभिधर्मको प्रारम्भिक र संक्षिप्त परिचय दिन सक्ने अपेक्षा गरिएको छ।

बौद्ध दर्शन अनुसार चतुर्महाभूत वा अष्ट कलापद्वारा बनेको यस संसारमा जति पनि भौतिक वस्तुहरू छन्, मानसिक धर्महरू छन् अर्थात जति पनि उत्पत्ति र विनाश भैरहेका धर्महरू छन्, तिनलाई यथार्थ रूपमा विश्लेषण गरेर हेर्ने हो भने तिनीहरूलाई जम्मा दुई धातु स्वभावमा वर्गीकरण गर्न सकिन्छ: (१) नाम धातु स्वभाव वा नाम र (२) रूप धातु स्वभाव वा रूप। संसारमा जति पनि धर्महरू छन् ती सबै नैं वास्तवमा उत्पत्ति हुँदै विनाश हुने नाम र रूप मात्र हुन्। नाम-रूपलाई बौद्ध दर्शनमा परमार्थ धर्म पनि भनिन्छ। परमार्थ धर्म जम्मा चार प्रकारका छन्: चित्त, चैतसिक, रूप र निर्वाण। टेबुल, घर, मान्छे, पशु, तेरो मेरो भन्ने भावना इत्यादि बोलचालको भाषामा प्रयोग भइरहने कुराहरू प्रज्ञप्ति मात्र हुन्। परमार्थमा ती सबैंनै नाम-रूप मात्र बाँकी रहन्छन्। त्यहाँ तँ र म, तेरो, र मेरो, जड र अजड भन्ने कुराको छुट्टै अस्तित्व बाँकी रहन्न। ती परमार्थ धर्महरूलाई पनि दुई प्रकारमा वर्गीकरण गरिन्छ: (१) ससंस्कृत र (२) असंस्कृत। चित्त, चैतसिक र रूप धर्महरू संस्कृत धर्म हुन्। निर्वाण मात्र असंस्कृत धर्म हो। यही संस्कृत धर्मलाई स्कन्धको रूपबाट विभाजन गर्दा (१) रूप, (२) वेदना, (३) संज्ञा, (४) संस्कार र (५) विज्ञानको रूपमा पंचस्कन्धमा विभाजन गरिन्छ। यसरी पंचस्कन्ध भन्नु अर्को शब्दमा नाम-रूप हो। पाँच स्कन्धहरू मध्ये एउटा स्कन्ध रूप स्कन्ध हो भने वेदना, संज्ञा, संस्कार र विज्ञान स्कन्धहरू नाम स्कन्धहरू हुन्। पंचस्कन्धहरूलाई चित्त, चैतसिक, रूप र निर्वाण–चार परमार्थ धर्महरूको

रूपमा विभाजन गर्ने हो भने ती पाँच स्कन्धहरू मध्ये एउटा रूप स्कन्ध रूप हो र एउटा नाम स्कन्ध–विज्ञान चित्त हो, बाँकी तीन नाम स्कन्धहरू जस्तै वेदना, संज्ञा र संस्कार चाहिं चैतसिक हुन्। निर्वाण भनेको कुनै स्कन्ध होइन । यो स्कन्ध रहित छ । त्यसैले पालिमा यसलाई खन्धविमुत्ति पनि भनिन्छ ।

चित्त, चैतसिक र रूप धर्म मिलेर यो संसार गतिशील भइरहेको छ; प्राणीहरूको जन्म मरणको चक्र घुमिरहेको छ; कुशलाकुशलको उत्पत्ति र क्षय सुख दु:खको उत्पत्ति र विनाश भइरहेकोछ। संक्षिप्त रूपमा नाम-रूपको संयोग र प्रवाह नै जीवन हो, संसार हो, भव चक्र हो । संस्कृत धर्म-नाम-रूपको निशेष रूपमा निरोध हुनु नै निर्वाण हो । अक्षय, अविनाशी महान् सुखकर शान्ति-निर्वाण प्राप्त गर्नु नै प्राणी मात्रको सबैभन्दा ठुलो र जीवनको अन्तिम उद्देश्य हो । संक्षेपमा बौद्ध धर्म र दर्शनको सार यही हो ।

आजको विज्ञानले रूप धातुलाई धेरै हदसम्म विश्लेषण र विभाजन गरेर हेर्न सकेको भए पनि नाम-धातु चित्त र चैतसिकलाई यथार्थ रूपमा जान्न, विश्लेषण र विभाजन गर्न सकेको देखिन्न । त्यसैले वैज्ञानिकहरूका सामु अझै प्रशस्तै रहस्यहरूको समुद्घाटन गर्ने काम बाँकीनै छ । जीवन र संसार अझै रहस्यमय छन्, अनन्त खोजका विषय छन् ।

शाक्यमुनिले आज भन्दा २५७३ वर्ष अघि बोधि गयामा बोधिवृक्ष मुनि ध्यानावस्थित रही सर्वोच्च स्तरको बोधिज्ञान लाभ गर्नु भएपछि प्रज्ञा चक्षुले आधुनिक वैज्ञानिकले रूप धातुलाई फारी फारी विभाजन र विश्लेषण गरेर हेरे जस्तै रूपधर्मलाई मात्र यथार्थ रूपमा अन्तिम हदसम्म फारी फारी विभाजन विश्लेषण गरेर देखाउनु भएको होइन, आजको विज्ञानले अझै अनुमान सम्ममा सीमित राखेको अदृश्य मानसिक तत्व–नाम धातु स्वभाव चित्त र चैतसिक जस्ता सूक्ष्मातिसूक्ष्म परमार्थ धर्महरूलाई पनि उत्तिकै फारी फारीकन

विभाजन र विश्लेषण गरेर देखाउनु भएको छ। अभिधर्म (बौद्ध दर्शन) अनुसार नाम-रूपको संयोग र चित्तको अटूट शृङ्खला नै जीवन हो, जीवन चक्र हो। नाम र रूप आपसमा अलग अलग गुण, लक्षण र स्वभाव भएका परमार्थ धर्महरू हुन् तापनि तिनीहरू आपसमा अन्योन्याश्रित छन्। काम लोक र रूप लोकमा नामको सहाराले रूप प्रवर्तित हुन्छ भने रूपको सहाराले नाम पनि प्रवर्तित हुन्छ।

रूप जम्मा २८ प्रकारका छन् भनी अभिधर्ममा उल्लेख गरिएको छ। प्रत्येक रूप उत्पति भएपछि विनाशमा प्राप्त भइहाल्छ। यो रूपको स्वभाव धर्म हो। चित्त तथा चैतसिक पनि क्रमशः १२१ किसिम र ५२ प्रकारका छन् भनी वर्गीकरण गरिएको छ। कर्म चित्तद्वारा सम्पादन गरिने धर्म हो जुन संचित रहन्छ। चित्त अनेक किसिमका रहे कैं कर्म पनि अनेक किसिम र मात्राका हुन्छन्। कुशल वा अकुशल चित्तको कारणले संचित भएको कुशल वा अकुशल कर्म नै जीवनमा हुने अनेक परिणामहरूका हेतु हुन्। संक्षेपमा यही नै कर्म र विपाकको बौद्ध नियम हो, हेतु र प्रत्ययको सिद्धान्त हो। चित्तका अनेकताले गर्दा प्राणीहरूका क्रियाकलाप अर्थात सोचाइ, चिन्तन र कार्यमा विविधता देखिन्छन् भने कर्मको विविधताले गर्दा प्राणीहरूका स्वरूप र चरित्रमा अनेकता रहेका हुन्छन्।

चित्तको शृङ्खला वर्तमान जीवनमा मात्र सीमित छैन। भूत, वर्तमान र भविष्यका जीवनहरू पनि चित्तहरुको एउटै अटूट शृङ्खलाद्वारा गाँसिएका हुन्छन्। प्रत्येक चित्त उत्पति भएपछि शिघ्र नै निरोध हुन्छ तर यो निरूद्ध भएको चित्तको लगत्तैपछि अर्को चित्त उत्पति भइहाल्छ। किनभने एउटा निरूद्ध हुने चित्त नै त्यसपछि उत्पत्ति हुने चित्तको उत्पत्ति हुने हेतु हुन्छ। यही क्रममा वर्तमान जीवनको अन्तिम चित्तले अर्को जन्मको प्रथम

चित्त-प्रतिसन्धि चित्तलाई उत्पति गर्दछ । संक्षेपमा पुनर्जन्म सम्वन्धी बौद्ध सिद्धान्त यही हो। सम्पूर्ण रूपमासंस्कार निरूद्ध नभएसम्म जन्म भवको निरोध सम्भव छैन । अविद्या र तृष्णाको निरोध नभएसम्म संस्कारको निरोध हुँदैन । निर्वाणको लाभ नभएसम्म प्राणीहरू यसरी जन्म र मृत्युको चक्रमा घुमी नै रहन्छन् यस चक्र घुमिरहेसम्म चित्तको उत्पत्ति स्थिति र भङ्गको लहर अखण्ड रूपमा चलिरहन्छन् । यसरी उत्पत्ति हुने कुनै एउटा चित्त पनि स्थीर र स्थायी रहन्न । त्यसैले बौद्ध धर्ममा आत्मा नाउँको कुनै नित्य, शाश्वत र स्थीर वस्तुको अस्तित्वलाई स्वीकार गरिएको छैन। अनात्मावादको जन्म यसरी बौद्ध दर्शनमा गरिएको छ । नाम र रूपको यस संसारमा जति पनि हेतुद्वारा उत्पन्न भएका संस्कृत धर्म छन् ती सबै जरैदेखि अनित्य छन्, अनात्मा हुन् र अन्तिम विवेचनामा दुःखका कारण हुन् । संसार र आत्माप्रतिको बौद्ध धारणाको सारांश यही हो । बौद्ध दर्शनमा रूपलाई नामबाट अलग गरिएको मात्र होइन, नाम धर्म अन्तर्गत पनि चित्तबाट चैतसिकलाई छुट्याइएको छ । त्यति मात्र होइन, अनेक थरीका चित्त र चैतसिकका स्वभावहरू, लक्षणहरू र तिनका अलग अलग कृत्यहरूका साथै तिनका उत्पति, स्थिति र भङ्गका प्रक्रियालाई समेत विश्लेषण र विभाजन गरी सूक्ष्मातिसूक्ष्म मानसिक तत्व-चित्त र चैतसिकका स्वभाव, लक्षण र कृत्यहरूलाई समेत वैज्ञानिकले पदार्थलाई विवेचना र विश्लेषण गरेर देखाए झैं यथार्थ रूपमा व्याख्या सहित दर्शाइएको छ । यसै विवेचनाबाट के पनि सिद्ध गरिएको छ भने यस हेतु जनित संसारमा अनित्य, दुःख र अनात्मा धर्मको कुनै अपवाद छैन, छ केही भने एउटै असंस्कृत धातु स्वभाव निर्वाण मात्र छ । थेरवादी बौद्ध मतमा बौद्ध धर्म र दर्शनको मूल सिद्धान्त नै यही तथ्य हो । यस सत्यलाई नबुझिकन सम्बोधि लाभ हुन सक्तैन । तिनै चित्त, चैतसिक, रूप तथा निर्वाण जस्ता परमार्थ धर्महरूको विषयमा विस्तृत रूपमा विवेचना गरिएको बौद्ध ज्ञान शास्त्र नै

अभिधर्म हो । सामान्य चक्षु, सहज ज्ञान र केवल कोरा तर्कको आधारबाट मात्र दुर्ज्ञेय दुर्बोध हुने नाम-रूप धर्मको यस्तो स्वभाव-लाई विषयवस्तु बनाइएको ज्ञान हुँदा प्रज्ञा चक्षुरहित व्यक्तिहरूको निम्ति बौद्ध धर्मको यो भाग-अभिधर्म अत्यन्त कठीन र सूक्ष्म पनि महशूस गरिएको छ ।

कुशल वा अकुशल संस्कार रहुन्जेल यस संसारमा कुनै पनि प्राणीको निम्ति जन्म-मरणको अनन्त चक्र घुमि नै रहन्छ । नदी स्रोतको समान जोडिंदै टाँस्सिदै एकपछि अर्को गरी विद्युत गति भन्दा पनि लाखौं गुणा बढी वेगले उत्पत्ति हुँदै विनाशमा प्राप्त भइरहेका नाम-रूपको प्रवाह नै वास्तवमा संसारको स्वभाव हो, जीवन मरणको चक्र हो । उच्चस्तरको लोकोत्तर प्रज्ञाले मात्र स्पष्ट रूपमा जान्न बुझन सकिने यो नाम-रूपको अटूट प्रवाह नै वास्तविक संसार हो । अरहन्त ज्ञान र मार्गले मात्र यो प्रवाहलाई सदाको लागि उपशमन शान्त गर्न सक्दछ । सामान्य भाषामा भन्ने हो भने संक्षेपमा अभिधर्मको परिभाषा, परिचय वा क्षेत्र यही हो । अभिधर्मले चित्त, चैतसिक, रूप र निर्वाण जस्ता परमार्थ धर्महरूको विषयमा विस्तृत विवेचना सहितको ज्ञान गराउँछ। यो अभिधर्म यति गहन छ, सूक्ष्म छ, प्रगाढ छ र यति महत्वको छ कि स्वयं शाक्यमुनिले भन्नु भएको छः–

यो धम्मं पस्सति सो मं पस्सति ।

अर्थात्

जैसले धर्म (अभिधर्म) लाई देख्दछ, उसले मलाई देख्तछ ।

बोधिज्ञान भन्नु नै एक अर्थमा अभिधर्मको ज्ञान हुनु हो ।

बौद्ध ग्रन्थको अध्ययन, मनन र विश्लेषणबाट के थाहा हुन्छ भने जहाँसम्म धर्म र सत्यको प्रश्न छ बुद्ध यथार्थवादी, कर्मवादी हेतुवादी र विभज्जवादी हुनुहुन्थ्यो । अन्धविश्वास, अचिन्त्य

कल्पना र दिशा विहीन मनोमय चिन्तनको प्रवृति उहाँलाई मन पर्दैनथ्यो । ईश्वर, संसार र सृष्टि सम्बन्धी यस्तै मनोमय चिन्तनमा जिज्ञासा राखेर आफू सामु उपस्थित हुन आएका दिशाविहीन भिक्षु मालुन्क्यपुत्रलाई बुद्धले दिनु भएको उपदेशबाट स्पष्ट हुन्छः ईश्वर छ कि छैन, संसारको आदि अन्त छ कि छैन भन्ने जस्ता निरर्थक चिन्तनमा भूलेर मानवजातिले वर्तमान अवसर र जीवनको अमूल्य समय खेर फाल्ने होइन, सम्पूर्ण संस्कार अनित्य छ, दुःखमय छ र अनात्म छ भन्ने सत्यलाई चांडो से चाँडो अबबोध गरी चतुरार्य सत्यको ज्ञानद्वारा दुःखमय संसारबाट यसै जन्ममा मुक्ति प्राप्त गर्ने प्रयत्न गर्नुपर्छ भन्ने नै बुद्धको सोचाइ रहेको छ, उपदेश रहेको छ, मार्ग रहेको छ । (सविस्तार वर्णनको लागि हेर्नोस्, चुल मालुंक्य सूत्र, मध्यम निकाय, भिक्षु वर्ग) ।

केवल भौतिक ज्ञान र अनुभवले होइन उच्चस्तरको प्रज्ञाले मात्र पत्ता लगाउन सकिने, बुद्धि र विद्याको ठेकेदारले होइन ध्यान भावनामा अभिरत प्रज्ञा-जनले मात्र यथार्थ रूपमा जान्न बुझ्न सकिने खालको दर्शन बौद्ध दर्शन रहेको छ। त्यसैले पनि अभिधर्म कठीन मानिन्छ । बौद्ध दर्शन एकातिर लोभ दोष मोह-द्वारा अभिप्रेरित सामान्य जनको निम्ति दुर्ज्ञेय अपरिभेद्य धर्म रहेको छ भने नाम-रूपको सामान्य स्वभाव र गतिविधि बारेमा यथार्थ रूपमा स्मृति राखेर बस्ने सामान्य व्यक्तिले ठूला ठूला आधुनिक किताबी ज्ञान नजानेर पनि यो धर्मलाई सजिलैसंग अबबोध र अनुशरण गर्न सक्ने खालको छ । यस अर्थमा अभिधर्मलाई दुर्ज्ञेय मान्न पनि सकिन्न । हो, यसको अध्ययन, मनन र चिन्तनको निम्ति केही धैर्य चाहिन्छ, अबिचलित स्मृति चाहिन्छ, अभ्यास र अनुभव गर्ने दृढता चाहिन्छ र पूर्व संस्कार हुनु ज्यादै लाभप्रद हुन्छ । यिनै गुणको अभावमा यस धर्म दर्शनलाई यथार्थ रूपमा जान्न चिन्न नसकेर नै लौकिक ज्ञान र तर्कको आधारमा मात्र बुद्ध र बौद्ध दर्शनलाई

पारख गर्न चाहने विद्वानहरूले वौद्ध धर्मलाई नास्तिकवादी, अक्रिया वादी, शून्यवादी र दु:खवादको रूपमा देख्ने गर्दछन् भने भौतिक दृष्टिकोण मात्र भएका एक थरी पश्चिमी मुलुकका विद्वानहरू यस धर्म र दर्शनमा धर्मको तत्व नै फेला पार्न सक्तैनन्। वौद्ध धर्म परम्परागत अर्थमा धर्म होइन, आचार संहिता मात्र हो भन्ने धारणा कतिपय आधुनिक पश्चिमा विद्वान्हरूमा रहनाको कारण यही हो। सूत्र, विनय र अभिधर्मलाई गहिरिएर अध्ययन गर्नेले थाहा पाउंछ: तथागत वास्तवमा क्रान्तिकारी रूपमा कर्मवादी हुन्, यथार्थवादी हुन् र विभज्जवादी हुन्। वेरंजक ब्राह्मण र तथागतका वीच भएको धर्मको संवादवाट पनि यो कुरा केही छर्लङ्ग हुन्छ (हेर्नोस् वेरंजक सूत्र, अंगुत्तर निकाय)।

अब प्रश्न उठ्छ, अभिधर्म कठीन छ र यस विषयमा ज्ञान नभइकन बुद्ध र बौद्ध धर्मलाई जान्न सकिंदैन भने सामान्यजनले धर्मलाई त बुझ्नै नसक्ने भयो त? सामान्य व्यक्तिहरूको निम्ति अभिधर्मको के उपयोग रहन्छ त?

हो, अभिधर्म बुझ्न त्यति सजिलो छैन। यसलाई बुझ्न, यसको रसास्वादन गर्न धैर्य, प्रज्ञा र अभ्यास चाहिन्छ। तर अप्रमादी भएर स्मृतिलाई अक्षुण्ण राखी हेर्ने हो भने यन्त्रको सहाराले पत्ता लगाउन नसकिने नाम-रूपलाई सामान्य व्यक्तिले पनि यथार्थ रूपमा देख्न, जान्न वा अनुभव गर्न सक्तछ। नाम-रूपलाई देख्न, जान्न र अनुभव गर्न तथा अनित्य, दु:ख अनात्म धर्म स्वभावलाई यथार्थ रूपमा पहिचान गर्न कुनै ठूल ठूला डिग्री र उपाधिवाला ज्ञानको जरूरत छैन, न त अन्तरीक्ष र जमीन मुनिको गहिरो अध्ययन अनुसन्धानकै जरूरत पर्दछ। केवल आफ्नै शरीरभित्र वाहिर र आफू वरिपरिका संसारलाई मात्र स्मृतिलाई अगाडि राखी गहिरिएर हेरे पुग्छ। यसको लागि खास समय खास तरीकाले खास ठाउँमा बसेर मात्रै यसलाई बोध गर्न सकिन्छ भन्ने

कुरा पनि होइन, दैनिक जीवनमा हरेक व्यवहारमा खाँदा, बस्दा, सुत्दा, उठ्दा वा काम गर्दाकै क्रममा नाम-रूप धर्मलाई अनुभव गर्न सकिन्छ । यसको निमित्त संसारमा उत्पत्ति भएका सम्पूर्ण धर्महरूलाई प्रज्ञप्तिको रूपबाट मात्र ग्रहण नगरी, प्रज्ञप्ति धर्ममा मात्रै नभूलिकन नाम धातु र रूप धातुको रूपमा यावत् धर्म पदार्थलाई हेर्ने स्मृतिको विकास गर्नु पर्छ, त्यसरी हेर्ने प्रज्ञा चक्षुको आवश्यकता रहन्छ। बरू, यसरी सामान्य अध्ययन, मनन र अभ्यासद्वारा नै इच्छुक व्यक्तिले त्यस प्रकारको स्मृतिलाई विकसित गर्न सक्दछ । स्मृतिको विकास गर्ने सम्बन्धमा गरिएको कुनै पनि प्रयास खेर जाँदैन । साधकलाई अर्को सन्तोषको विषय यो पनि छ । एक पटक यस प्रकारको स्मृतिको विकास भएपछि त्यसैमा चिन्तन, मनन र अभ्यास गर्दै जाँदा प्रज्ञाको उत्तरोत्तर विकास हुँदै जान्छ । त्यसमा कुनै सन्देह छैन । यसै तथ्यलाई प्रस्तुत पुस्तकमा सउदाहरण सप्रमाण उल्लेख गर्ने प्रयास भएको छ । कसले कति चाँडो लोकोत्तर मार्ग र फल लाभ गर्न सक्छ भन्ने कुरा व्यक्तिको आफ्नो प्रयास र पूर्व संस्कारमा पनि निर्भर रहने हुन्छ ।

दुःखमय संसारको आवागमन चक्रबाट मुक्ति पाउनको निमित्त अभिधर्मको ज्ञान र सोही अनुकूलको आचरण र अभ्यासको जरूरत पर्दछ । सामान्यजनलाई दैनिक व्यवहारकै उदाहरणद्वारा यस प्रकारको गहन ज्ञान दर्शनको विकास गराउन सकेमा मात्र अभिधर्मको महत्ता बुझ्न सरल हुने हुन्छ । अभिधर्म विषयका प्रशस्त ग्रन्थहरू नभएका होइनन् । तर ती ग्रन्थहरूमा सामान्यजनको निम्ति व्यवहारमा उपयोगी हुने सरल र बोधगम्य उदाहरणहरू सहित चार परमार्थ धर्महरूलाई यसका अनेकन् विभाजन र उप विभाजन सहित सविस्तार विवेचना गरिएको पुस्तक पाइनु सर्वथा दुर्लभ नै रहेको छ । प्रस्तुत पुस्तकमा लेखिकाले अभिधर्मका गहन विषयहरूलाई सरल भाषामा सामान्य व्यक्तिहरूले पनि बुझ्न

सक्ने गरी उदाहरण सहित व्याख्या गरी अभिधर्मको अध्ययन, मनन र अभ्यासमा सर्वसाधारणको इच्छा अभिरुचिलाई जाग्रत गर्न सतत: प्रयास गर्नु भएको छ। जीवनको प्रत्येक घडीमा अभिधर्मको ज्ञानको उपयोग कसरी हुन्छ भन्ने तथ्यलाई सप्रमाण सरल ढंगमा पाठक समक्ष प्रस्तुत गर्न सक्नुमै यस पुस्तकको विशेषता रहेको छ। अनित्य, दु:ख र अनातम धर्मलाई अबबोध नगरी निर्वाण साध्य छैन भने निर्वाण धर्म साक्षात्कार गर्न सक्ने बन्न प्रत्येक घडीमा पला पलामा मानिसले सम्यक् स्मृतिको विकास गर्नु पर्छ। विभिन्न परमार्थ धर्महरुको लक्षण आकृति र स्वभावलाई कसरी दैनिक जीवनमा अनुभव गरी यस दिशामा अगाडि वढ्न सकिन्छ भन्ने विषयमा प्रारम्भिक विबेचना यस पुस्तकमा सरल ढंगमा आकर्षक तरीकाले गरिएको छ। अभिधर्म विषयमा सउदाहरण यसरी सामान्य भाषामा सरल ढंगसंग लेखिएको पुस्तक अन्य भाषामा पनि दुर्लभ प्राय: नै रहेको छ भने नेपाली वाङ्मयमा यस प्रकारको पुस्तक त छँदै छैन भने हुन्छ। त्यसैले यस पुस्तकलाई नेपालीमा अनुवाद गरी बुद्ध र वौद्ध दर्शन बारेमा अभिरूचि राख्ने जिज्ञासुहरूको महत् अभिलाषालाई केही मात्रामा भए पनि सन्तुष्ट पारी भाषा सेवा समेत गर्न सकिन्छ कि भन्ने उद्देश्यले मैले यस पुस्तकको भाषानुवाद गर्ने अठोट गरेको हुँ। भगवान बुद्ध नेपालमा जन्मिनु भएको हो। विश्वबन्द्य तथागतको गम्भीर ज्ञान र दर्शनको विषयमा हर शिक्षित नेपालीलाई संक्षेपमा भए पनि यथार्थ रूपकै ज्ञान हुनु नितान्त जरूरी हुन्छ। यसको अर्थ सबै नेपालीले बौद्ध धर्मकै अनुशरण वा अबलम्बन गर्नु पर्छ भन्ने भनाइ होइन। धर्म र दर्शनको कुरा आ-आफना संस्कार, अभिरूचि र विश्वास अनुरूप अनुशरण अवलम्वन गरिने कुरा हो। यसमा कुनै पनि क्षेत्रवाट कसैबाट पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपवाट जोर जुलुम गरिनु पनि हुन्न। तथापि शिक्षित विश्व समुदायले नेपाली शिक्षितहरुवाट

नेपालमा जन्मिनु भएका बुद्धको धर्म विषयमा वढी र प्रामाणिक ज्ञानको अपेक्षा गरेको हुँदोरहेछ भन्ने कुरा जिम्मेवार व्यक्तिको रूपमा विदेशी मित्रराष्ट्रहरूको भ्रमणमा गइसकेका कुनै पनि राष्ट्रवादी नेपालीले थाहा, अनुभव पाएकै कुरा हो । आफ्नै राष्ट्रको विभूति-को योगदानलाई उपेक्षा गरेर राष्ट्रियता पल्लवित हुन सक्दैन । तसर्थ देशका जिम्मेवार व्यक्तिहरूवाट विश्व शान्तिका अग्रदूत नेपालका विभूति भगवान बुद्धको शान्ति-धर्मको अन्तर्राष्ट्रिय जगतमा पनि वढी से वढी मात्रामा प्रचार प्रसार गर्ने कार्य हुनु नेपाली राष्ट्रवादको निम्ति महत्वपूर्ण हुनेछ । प्रस्तुत अनुवादले देशको यस खाँचोको केही मात्रामा भए पनि पूर्ति गरी राष्ट्रवादी नेपाली-को आत्मसम्मान वृद्धि गर्ने कार्यमा केही सघाउ पुऱ्याउन सकेमा अनुवादकको प्रयास सफल हुने थियो । प्रस्तुत अनुवादमा आएको अभिधर्मको चर्चा थेरवादी बौद्ध परम्परा अनुकूलको ज्ञान दर्शन हो भन्ने कुरा विज्ञ पाठकहरू समक्ष माथि नै प्रस्तुत गरि-सकिएको छ । बौद्ध धर्मका अनेक सम्प्रदाय र मतमतान्तरहरू भए पनि बौद्ध धर्ममा कुनै न कुनै रूपमा जहाँसुकै पनि अनित्य, दुःख र अनात्म दर्शनलाई समावेश गर्ने गरेकै प्रायः भेटिन्छ । प्रस्तुत पुस्तकको अध्ययनबाट बौद्ध दर्शनको यस मौलिकतालाई बुझ्न पनि केही मात्रामा भए पनि अवश्यमेव मद्दत पुग्ने अपेक्षा यहाँ गरिएको छ । यस पुस्तकमा लेखककै भनाइमा पनि अभिधर्मको यस विषयको अध्ययनमा हतोत्साहित हुनु हुँदैन । सामान्यतः कठीन विषयको अनुवादमा पनि बौद्ध भाषा शैलीलाई र बुद्ध वचनलाई यथासम्भव पूर्ववत् रूपमा अक्षुण्ण राख्ने यथासम्भव प्रयास यहाँ गरिएको छ । बुद्ध वचनका उद्धरणहरूलाई प्रामाणिक रूपमा प्रस्तुत गर्न अंग्रेजी-को अनुवाद मात्रमा सीमित नरही मौलिक ग्रन्थहरूको प्रामाणिक हिन्दी अनुवादहरूबाट पनि यहाँ अनुवाद मिलाई प्रस्तुत गर्ने प्रयास पनि ठाउँ ठाउँमा गरिएको छ । यसले गर्दा यस अनुवादको ठाउँ

ठाउँमा भाषा शैलीमा केही जटीलता देखिन आएको हुन सक्छ। कठीन बिषयमा पनि यस प्रकारको भाषा शैलीबाट थपिन आउने दिक्कतको निम्ति अनुवादक क्षमाप्रार्थी छ। गहन बौद्ध दर्शनको सम्यक् ज्ञानको लागि पाठकहरूले धैर्य धारण गर्नु हुने आशा लिइएको छ। नाम-रूप सम्बन्धी दार्शनिक विवेचनालाई सामान्य रूपमा सरल तरीकाबाट अवबोध गर्न नसकिएमा यस विषयका विज्ञजनसंग छलफल गर्नु वढी उपयोगी हुन सक्नेछ। अभिधर्मको ज्ञाता बौद्ध भिक्षुहरूसंगको धर्म साकच्छाबाट यस प्रकारको निरस विषयमा पनि सक्रिय अभिरूची उत्पन्न गराउन सुगम हुनेछ। साँच्चिकै अर्थमा शान्त र उन्नतशील जीवन व्यतीत गर्न अभिधर्मको ज्ञान निकै सहयोगी छ, उपयोगी छ र आवश्यक छ, बौद्ध विश्वास यही छ।

प्रस्तुत पुस्तकको अंग्रेजी प्रति मलाई हेर्नको निम्ति पूज्यवर संघनायक भदन्त प्रज्ञानन्द महास्थविरज्यूले उपलब्ध गराउनु भएको थियो। पूज्यवर भदन्त बुद्धघोषज्यूको प्रोत्साहनले मोटा-मोटी रूपमा अनुवाद गरिराखेको यस पुस्तकलाई वर्तमान स्वरूप-मा प्रस्तुत गर्न सकिएको हो। यस पुस्तकमा उद्धरण गरिएका बुद्ध वचनहरूको सही अनुवाद गर्न दीर्घ निकाय, मध्यम निकाय, अंगुत्तर निकाय, संयुक्त निकाय र विशुद्धि मार्गका हिन्दी अनुवाद-हरू र भदन्त राहुल सांस्कृत्यायनको बुद्धचर्याले मलाई ठूलो मद्दत पुऱ्याएको छ। तसर्थ म ती पुस्तकका लेखकहरू प्रति आभारी छु।

यो पुस्तकको अनुवाद सकिएपछि यसलाई प्रकाशनमा ल्याउने अभिभारा पूज्यवर भदन्त बुद्धघोषज्यूले लिनु भएको थियो। यसरी प्रस्तुत पुस्तक अनुवाद गराउनमा ठूलो प्रेरणा र प्रोत्साहन उहाँकै रहेको छ। बढ्दो महंगीको आजको समयमा अभिधर्म जस्तो निरस विषयको त्यसमाथि मोटो किताबको रूपमा रहेको प्रस्तुत पुस्तकलाई प्रकाशनको सुनौलो दिन देखाउने काममा पूज्यवर

भदन्त बुद्धघोष महास्थविरज्यूको निकै परिश्रम र लगनशीलताको लगानी भएको होओइन होला भनी कदापि मान्न सकिन्न । तसर्थ म पूज्यवर बुद्धघोष महास्थविरज्यूमा हार्दिक कृतज्ञता र साधुवाद टक्र्याउन चाहन्छु । प्रस्तुत पुस्तकको गुरूप्रति स्वयं हेर्नु भई महंगी-को आजको वेलामा पनि खर्चको मितव्ययितालाई भन्दा पुस्तकको मतिलो प्रकाशन गर्ने विषयमा बढी अभिरूची राख्नु भई सम्पूर्ण प्रकाशनको अभिभारा वहन गर्नु हुने प्रकाशक श्री नन्दसिद्धि गुभाजु धन्यवादको पात्र हुनुहुन्छ । नेपालको बौद्ध धर्मको प्रचार प्रसारको क्षेत्रमा सद्धर्म प्रेमी प्रकाशक श्री नन्दसिद्धि गुभाजु र उहाँको परिवारको महत्वपूर्ण योगदान रहिआएको तथ्य सद्धर्म प्रेमी बौद्ध जगतबाट लुकेको छैन । धर्मरस रूपी तालमा जति डुबुल्की मार्‍यो त्यति धर्म प्रतिको आकर्षण बढ्दै जाने सत्य स्वयं स्पष्ट छ । भगवान बुद्धले पनि भन्नु भएको छ "सब्बं रसं धम्मरसं जीनाति" । अभिधर्म जस्तो गंभीर दार्शनिक पक्षमा रस र अभिरूची राख्नु हुने प्रकाशक श्री गुभाजुबाट प्रस्तुत पुस्तकको प्रकाशन भएबाट सद्धर्म प्रेमीहरूको प्रशंसाको पात्र उहाँ भएको छ भन्नु अतिशयोक्ति हुने छैन । प्रस्तुत पुस्तकको प्रकाशन शुद्ध रूपमा हुन सकोस् भन्ने सदिच्छाबाट अभिप्रेरित हुनु भई श्री नन्द सिद्धि गुभाजुले ७९ वर्षको परिपक्व उमेरमा पनि प्रूफ हेर्ने जस्तो दिक्कतपूर्ण काम स्वयं आफ्नो जिम्मामा लिनु निश्चय पनि थप प्रशंसाको कुरो हो । साथै आफ्नो कार्य व्यस्तताको बीचमा पनि समय निकाल्नु भई प्रस्तुत पुस्तकको प्रथम र दोश्रो प्रुफ हेर्ने काममा सहयोग पुर्‍याउनु हुने अर्को सद्धर्म प्रेमी श्री अमृत मान शाक्यज्यूमा पनि हार्दिक साधुवाद ज्ञापन गर्न चाहन्छु ।

प्रस्तुत पुस्तकको प्रकाशन गराउने समुचित व्यवस्था मिलाउनु हुनाको अतिरिक्त पुस्तकको लागि दुईशब्द समेत लेखी प्रोत्साहित गर्नु भएकोमा पूज्य भदन्त बुद्धघोष महास्थविरज्यूमा र अत्यन्त

कार्य व्यस्तताको बीचमा पनि अमूल्य समय निकाल्नु भई प्रस्तुत पुस्तकको लागि गरिमापूर्ण मन्तव्य लेखी सहयोग गर्नु भएकोमा श्री देवेन्द्र राज उपाध्यायज्यूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत पुस्तकलाई छोटो समयमै यति राम्रोसंग मुद्रण गर्ने व्यवस्था मिलाउनु भई पुस्तकको मुद्रणमा व्यक्तिगत अभिरूची र तनमन लगाउनु भएकोमा शारदा प्रिण्टिङ्ग प्रेसका प्रोप्राइटर श्री खास्तीमान शाक्यज्यू पनि धन्यवादका पात्र हुनुहुन्छ । पुस्तकको मुद्रण कार्यमा तनमन परिश्रम लगाई मेहनत गर्ने शारदा प्रिंटिङ्ग प्रेसका कम्पोजिटरहरू र प्रिण्टरहरू समेत सम्बन्धित सबैलाई धन्यवाद नदिई रहन सक्तिन ।

अन्तमा प्रस्तुत पुस्तकको प्रारम्भमा अनुवाद कार्यदेखि लिएर मुद्रणको अन्तिम अवस्था सम्ममा प्रत्यक्ष एवम् परोक्ष रूपमा प्रस्तुत पुस्तकको प्रकाशनार्थ सहयोग, शुभकामना र शुभेच्छा दिई अनुवादक, प्रकाशक र मुद्रक समेतलाई प्रेरणा र प्रोत्साहन प्रदान गर्नु हुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नु म आफ्नो कर्तव्य ठान्दछु ।

मुद्रणको क्रममा यस पुस्तकमा ठाउ ठाउँमा ह्रस्व दीर्घादीका केही त्रुटीहरू रहन गएका छन् । यस्ता त्रुटीहरूको अतिरिक्त प्रस्तुत अनुवादमा अज्ञानता वा प्रमादवस केही त्रुटीहरू रहन गएको देखिएमा विज्ञ पाठकहरूवाट त्रुटीको संशोधनार्थ सूचना दिनु भएमा अनुगृहित हुनेछु । यो पुस्तकले पाठकहरूमा अभिधर्मको अध्ययनमा उत्साह र अभिरूची बढाउन सकेमा पनि अनुवादकलाई आफ्नो प्रयासको सफलतामा सन्तोष हुनेछ ।

विनीत

२०४१।३।१७।७ आर. बी. वन्द्य

प्रकाशकीय निवेदन

आजभन्दा २६०८ वर्ष अघि महान् इक्ष्वाकु वंशका अत्यूतम लिच्छवी कूलमा सूर्य वंशी शाक्य परिवारको आर्य सुपुत्रको रूपमा नेपालको लुम्बिनीमा जन्मनु भई सम्यक् सम्वोधि ज्ञान लाभ गर्नु भई बिश्वबन्द्य तथागत हुनु भएका शाक्यमुनी बुद्धले उपदेश गर्नु भएको सद्धर्म "आदि कल्याणं, मध्ये कल्याणं, पर्यवसान कल्याणं, स्वर्थं सुव्यञ्जनं केवलं परिपूर्णं परिशुद्ध पर्यवदात ब्रह्मचर्यं" आदि सद्गुण धर्मबाट सम्प्रयुक्त सुभाषित धर्म हो भन्ने कुरा वंश परम्पराको कारणले केटाकेटीकै उमेर देखि सुन्ने, भन्ने र पाठ पूजा गर्ने गरि आएको थिएँ। त्यस माथि बुद्धोपदेशित धर्म सु-आख्यात छ र यहींको यहीं फल दिने, समय नबित्दैमा फल दिने, यहाँ आऊ र हेर भनी देखाउन सकिने, निश्चित रूपमा निर्वाण मार्गमा डोऱ्याउने धर्म हो भन्ने कुरा सुने बुझेको पनि धेरै वर्ष ब्यतीत भइसकेको थियो। तथापि भगवान बुद्धको धर्ममा के कस्ता सद्गुणहरू छन्, के कस्ता सत्य एवम् तथ्यहरू छन्, के कस्तो अमूल्य रत्नादि गूढ धर्महरू विद्यमान छन् भन्ने कुरा यथार्थ रूपमा स्पष्ट रूपमा जान्ने बुझ्ने मौका पाएको थिइँन। त्यसैले धर्म गर्नु राम्रो छ, पूजा पाठ गर्नु हितकारक छ, धार्मिक कर्मकाण्ड रीतिथिति परम्परा अनुरूप आचरण, अनुशरण, अभ्यास गर्नुमै सत्व प्राणीको हित सुख शुभमंगल छ भन्ने व्यापक जन विश्वास र कूलगत मान्यता र परम्पराकै आधारमा मैले पनि धर्माचरण, बुद्ध, धर्म, संघको पाठ पूजा दानशीलादि कुशल कार्य गर्दै आएको थिएँ। त्यतिञ्जेल धर्मको आन्तरिक मर्म, दर्शनको व्यवहारिक उपयोग, प्रज्ञाको

अपरिहार्य महत्व, र यथार्थतः निर्वाण मार्गको सही व्याख्यान र विवेचना वास्तवमा जान्न बुझ्न महशूस गर्न सकेको थिइँन भन्नुमा अतिशयोक्ति हुन्न । यस्तो भन्नुमा लाज मान्नु पर्ने र संकोच हुनु पर्ने कुरा पनि केही छैन ।

व्यस्त गृहस्थ जीवनमा लौकिक कामकै व्यस्ततामा अल्म-लिदा अल्मलिदै समय आफ्नै वेगवान गतिमा थियो । समयको साथ साथै आफ्नो पनि जीवनको शैशवावस्थामा, यौवनावस्था र प्रौढावस्था पार हुँदै ब्यतीत हुँदै थियो । यसरी व्यस्त जीवनको ६०।६५ वर्ष व्यतीत भए पछि ममा बुद्ध धर्मका सारतत्व विषयमा राम्रै संग जान्ने बुझ्ने सिक्ने अभिलाषा तिब्रतर रूपमा वृद्धि हुँदै गएको अनुभव भयो । गृहस्थ जीवनको व्यस्ततावाट समय निकाली बुद्ध धर्मको गूढतत्वको अध्ययन अनुसन्धान गर्ने काममा समय छँदैमा लाग्नु पऱ्यो भन्ने सद्प्रेरणा प्रवल रूपमा उत्पन्न हुन थालेको अनुभव मैले गर्न थालें ।

तर संस्कृत र पालिको कुनै कामयावी ज्ञान मसंग नभएको र अंग्रेजीमा पनि कुनै डिग्रीसम्म प्राप्त हुने गरी अध्ययन समेत नभएवाट बुद्ध धर्म सम्वन्धी ठूल ठूला ग्रन्थरत्नहरूको अध्ययन अनुसन्धान गर्न मैले सकेको थिइन । यस्तो अध्ययन गर्ने संयोग सुअवसर पनि मैले पाएको थिइन । त्यसैले ६५।६६ वर्षको उमेरमा मैले भदन्त बुद्धघोष महास्थविरज्यूलाई बुद्ध धर्म सम्बन्धी यथार्थ ज्ञानको अध्ययन गराई दिन प्रार्थना गरें । उहाँले पनि ज्ञान पिपासु उपासकको प्रार्थनालाई वहुतै सहृदयताका साथ करूणापूर्वक स्वीकृति प्रदान गर्नु भई बेला बेलामा मेरो घर सम्म पाल्नु भई मलाई बुद्ध धर्म सम्बन्धी उपदेश शिक्षा दिन थाल्नु भयो । यसै अवस्थामा मैले बुद्ध धर्म सम्वन्धी २।३ वटा पुस्तक पनि प्रकाशित गरें । यति हुँदा पनि बुद्ध धर्मको सारतत्व-अभिधर्म जस्तो गहन विषयमा मलाई कुनै पनि खास जानकारी

थिएन । एक दिन भदन्त गुरुवर बुद्धघोष महास्थविरज्यूसंग प्रसंग-वस प्रज्ञप्ति र परमार्थ धर्मको विषयमा छलफल हुँदा हुँदै उहाँबाट अभिधर्मको विषयमा श्री आर. वि. वन्द्यले अंग्रेजीमा लेखिएको एउटा राम्रो पुस्तकको नेपाली भाषामा अनुवाद गरिराख्नु भएको छ भन्ने कुरा सुन्न पाएँ। त्यस्ता पुस्तक एक पटक हेर्न पाए हुन्थ्यो भनी मैले गुरुवरमा अनुरोध गर्दा उहाँले कृपापूर्वक सो किताबको पाण्डुलिपि प्रति नै ल्याई मलाई अध्ययनार्थ दिनु भयो ।

प्रस्तुत पुस्तकका केही परिच्छेदहरू हेरे पछि नै मलाई यो पुस्तक साह्रै राम्रो र उपयोगी लाग्यो । राष्ट्र भाषा नेपालीमा बहुतै सरल भाषामा अत्यन्त सरल ढंगले लेखिएको प्रस्तुत पुस्तक अभिधर्म जस्तो प्रगाढ विषयको ज्ञान हासिल गर्न निकै सहायक भएको कुराको महशूस मैले गरें । जति जति पुस्तकको अध्ययन गर्दै गएँ उति उति नै मलाई अभिधर्मको विषयमा अध्ययन गर्ने अभिरूची, उत्कण्ठा र इच्छा बढ्दै गयो । नाम-रूप, पञ्च स्कन्ध, हेतु-प्रत्यय, प्रतीत्य समुत्पाद, चतुरार्य सत्य, आर्य अष्टांगिक मार्ग, शील समाधि प्रज्ञा जस्ता गम्भीर धर्म दर्शनहरू, चित्त, चैतसिक, रूप तथा निर्वाण जस्ता परमार्थ धर्महरू र प्रतिसन्धि र च्यूति चित्त जस्ता सूक्ष्मातिसूक्ष्म, गम्भीरातिगम्भीर धर्म विषयहरूको विवेचना गरिकन पनि बुद्ध बचन र प्रामाणिक ग्रन्थहरूबाट आवश्यक उदाहरणहरू समेत समावेश गरी ठाउँ ठाउँमा चित्त र चैतसिक विषयका जटील प्रश्नहरूमा पनि सरल उदाहरण समेत दिई सुन्दर भाषा शैलीमा लेखिएको प्रस्तुत पुस्तकबाट मलाई बुद्ध धर्म र यसको गम्भीर दर्शन विषयमा जानकारी हासिल गर्न निकै सघाउ पुऱ्याएको हुँदा यस्तो पुस्तकलाई प्रकाशितै गर्न पाएमा सम्मोहमा डुबिरहेका स्वदेशवासी सद्धर्मप्रेमी सबैलाई बुद्धधर्म अर्थात् सत्य धर्मको अवबोध अवश्य हुने छ भन्ने तर्कना मेरो चित्तमा उत्पत्ति भयो । भगवान बुद्धले भन्नु भएको पनि छः—

"यो च वस्ससतं जीवे अपस्सं उदयब्बयं ।
एकाहं जीवितं सेय्यो पस्सतो उदयब्बयं ।।"

अर्थात्

पञ्चस्कन्धहरूको उत्पति र विनाशलाई मनन नगर्ने व्यक्तिको सय वर्षको जीवन भन्दा उत्पति र विनाशलाई मनन गर्ने व्यक्तिको एक दिनको जीवन नै श्रेष्ठोत्तम छ ।

भगवान बुद्धका उक्त महावाणी अनुरूप पञ्चस्कन्धको उत्पत्ति र विनाशका विषयमा चिन्तन मनन गर्नको लागि आवश्यक हुने ज्ञानको विषयलाई प्रस्तुत पुस्तकमा बहुतै सरल ढंगबाट सम्झाइ-रहेको हुँदा बहुजन हित र सुखका लागि प्रस्तुत पुस्तकलाई छपाउने अठोट मैले गरें र यसलाई प्रकाशन गर्ने अनुमति माग्दा अनुवादक-ज्यूबाट कृपापूर्वक अनुमति दिनु भएकोले सद्धर्मप्रेमी सज्जन पाठक-वर्ग समक्ष मैले यो अमूल्य पुस्तक प्रस्तुत गर्न सकेको छु ।

"अभित्थरेथ कल्याणे पापा चित्तं निवारये ।
दन्धं हि करोतो पुञ्ञं पापास्मि रमतेमनो ।।"

अर्थात् पुण्य गर्नलाई शिघ्रता गरोस् । पापबाट चित्तलाई हतावोस् । पुण्यकार्यलाई विस्तारै गर्ने व्यक्तिको मन पापमा आइ लाग्ने छ" भनी धम्मपदमा भगवान बुद्धले भन्नु भएझैं प्रस्तुत पुस्तकको अध्ययनबाट प्राप्त हुने ज्ञानको आधारमा सम्पूर्ण सद्धर्म प्रेमी सज्जन पाठकवर्गले पनि अनित्य, दुःख, अनात्मा सम्बन्धी गहन बुद्ध धर्ममा शील, समाधि प्रज्ञाको अभ्यासबाट शिघ्रातिशिघ्र प्रज्ञा चक्षु लाभ गर्न सकून् भन्ने हार्दिक सदिच्छाबाट प्रेरित भई मैले यस पुस्तकको प्रूफ हेर्ने काम समेत आफैंले गरी पुस्तक प्रका-शन गर्ने कार्यमा शिघ्रता ल्याउन खोजेको छु । प्रस्तुत पुस्तकमा प्रूफ हेर्दाको गल्तीबाट केही त्रुटीहरू र ब्याकरण सम्बन्धी त्रुटीहरू रहन गएको भएमा विज्ञ पाठकजनले त्रुटीतर्फ ध्यान नदिई त्रुटी स्वयम् सच्याई पुस्तकको गम्भीर सूक्ष्म ज्ञानको रस पान गर्नु हुनेछ

भन्ने आशा एवम् विश्वास मैले लिएको छु । अन्त्यमा प्रस्तुत पुस्तकको महत्व र उपादेयताको बारेमा आवश्यक ज्ञान र शिक्षा दिनु भई बुद्ध धर्मको गम्भीर धर्म दर्शन–अभिधर्ममा अभिरूची वृद्धि गराइदिनु भएकोमा गुरुवर भदन्त बुद्धघोष महास्थविरज्यूमा पुन: एकवार कृतज्ञता ब्यक्त गर्दछु ।

प्रस्तुत पुस्तक प्रकाशन गर्ने सहर्ष अनुमति दिनु भएकोमा अनुवादक श्री आर. वि. बन्ध्यज्यू हार्दिक धन्यवादका पात्र हुनुहुन्छ ।

एकतिस जनाको परिवारको उत्तरदायित्व वहन गर्नु पर्ने भएर मेरा छोरा-बुहारी सबैमा विदित धर्म चित्तको कारणले गर्दा मैले प्रत्येक दिनको धेरै जसो समय सद्धर्मको गम्भीरता माथि चिन्तन, मनन गर्न पाएको छु । शुद्ध धर्मचित्त उत्पन्न हुन शान्ति वातावरण अनिवार्य छ, यस्तो वातावरण हुन बनाइदिन मेरो परिवारले मलाई निक्कै सहयोग पुऱ्याएको छ । पारिवारिक झन्झट र कारोवारको बोझलाई मेरा छोरा, बुहारी, नाति, नातिनीहरूले उठाई दिएको हुनाले मलाई पारिवारिक सन्तोष महशूस हुन्छ । म "व्यवहारिक संयोग परिपंचमा दु:ख" बाट कम नै पीडित छु भन्नमा अत्योक्ति हुँदैन ।

यो पुस्तकको मुद्रण कार्यमा तनमन दिई अत्यन्त शिघ्रताका साथ मुद्रण कार्य सुसम्पन्न गर्नु भएकोमा शारदा प्रिन्टिङ्ग प्रेसका प्रोप्राइटर लगायत सम्पूर्ण कम्पोजिटरहरू र प्रेसम्यानलाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत पुस्तकको प्रकाशमबाट प्राप्त पुण्य सद्धर्मको उन्नति वृद्धि र विश्व शान्तिको लागि हेतु होस् यही प्रार्थना गरी प्रकाशकीय निवेदन म यही टुंग्याउँछु ।

इदम्मे पुञ्ञं आसवक्खया वहं होतु !

इदम्मे पुञ्ञं निब्बानस्स पच्चयो होतु !

इदम्मे पुञ्ञं सब्बे सत्ता सुखिता भवन्तु !

ताहाचल, काठमाडौं — विनीत

२०४१ श्रावण ९ गते — नन्दसिद्धि गुभाजु तथा कयो मय्जु

यमकं नामरूपञ्च उभो अञ्ञोञ्ञनिस्सिता ।
एकस्मिं भिज्जमानस्मिं उभो भिज्जन्ति पच्चया ।।

नामञ्च रूपञ्च इधत्थि सच्चतो न हेत्थ सत्तो मनुजो च विज्जति ।
सुञ्ञं इदं यन्तमिवाभिसङ्खतं दुक्खस्स पुञ्जो तिणकट्ठसादिसो ।।

न चक्खुतो जायरे फस्सपञ्चमा, न रूपतो नो च उभिन्नमन्तरा ।
हेतुं पटिच्च पभवन्ति संखता यथापि सद्दो पहटाय भेरिया ।।

दुक्खमेव हि सम्भोति दुक्खं तिट्ठति वेति च ।
नाञ्ञत्र दुक्खा सम्भोति नाञ्ञं दुक्खा निरुज्झति ।।



प्र का श क



नन्द सिद्धि गुभाजु

कयो मय्जु

न सकेन बलेन जायरे, नोपि सकेन बलेन तिट्ठरे ।
परधम्मवसानुवत्तिनो जायरे संखता अत्तदुब्बला ।।

परपच्चयतो च जायरे, परआरम्मणतो समुट्ठिता ।
आरम्मणपच्चयेहि च परधम्मेहि चिमे पभाविता ।।

यथापि नावं निस्साय मनुस्सा यन्ति अण्णवे ।
एवमेव रूपं निस्साय नामकायो पवत्तति ।।

यथा मनुस्से निस्साय नावा गच्छति अण्णवे ।
एवमेव नामं निस्साय रूपकायो पवत्तति ।।

उभो निस्साय गच्छन्ति मनुस्सा नावा च अण्णवे ।
एवं नामञ्च रूपञ्च उभो अञ्ञोञ्ञनिस्सिता ।।

विषय-सूची

परिच्छेद–१

चार परमार्थ धर्महरू

देव ब्रह्मा मर्त्यलोक सहितको यस जगतमा जति पनि धर्महरू देखिन्छन् तिनको यथार्थ विश्लेषणवाट यस जगतमा जम्मा दुई प्रकारकै धर्म रहेका देखिन्छन्– एक मानसिक धर्म जसलाई वौद्ध दर्शनमा नाम वा नाम धातुको संज्ञा दिइन्छ र दोस्रो भौतिक धर्म जसलाई रूप अथवा रूप धातु भनिन्छ। नाम केही कुराको अनुभव गर्दछ तर रूप कुनै कुराको पनि अनुभव गर्दैन। उदाहरणार्थ दर्शन (हेर्ने कार्य) एक प्रकारको नाम हो। यसले रंगलाई अनुभव गर्दछ। रंग आफैं भने रूप हो। यो केही पनि अनुभव गर्दैन। यिनै दुई धर्म नाम र रूपको सम्मिश्रण नै जीव हो, सत्व हो पुद्गल हो। नाम र रूप धातुलाई यथार्थ रूपमा जान्न बुझन चिन्न नसकेर नै हामी कुनै पनि जीवनमा आत्मा रहेको धारणा वनाउंछौं। वस्तुतः हामी जसलाई आत्मा भनी ग्रहण गर्छौं त्यो यही नाम–रूप मात्र हो, जुन उत्पति हुन्छ र विनाश हुन्छ। त्यो कुनै सत्व होइन न त कुनै पुद्गल नै हो। विशुद्धि मार्गमा (१८,२५) यस विषयमा यसरी ब्याख्या गरिएको छः–

यथापि अङ्ग सम्भारो होति सद्दो रथो इति।
एवं खन्धेसु सन्तेसु होति सत्तो'ति सम्मुति॥ (सं. नि. ६, २,१०)

अर्थात्

जस्तो विभिन्न अंगहरूको सम्भारले
"रथ" – यस्तो शब्द हुन्छ ।
त्यसरी नै स्कन्धहरू *(पंच स्कन्धहरू) भएपछि
"सत्व छ"– यस्तो व्यवहार हुन्छ ।

"भगवान बुद्धद्वारा उपदिष्ट सयौं सूत्रहरूमा केवल यही नाम-रूपको मात्र उदाहरण प्रस्तुत गरिएका छन्, सत्व वा पुद्गलको होइन । तसर्थ जसरी रथको विभिन्न अंगहरू जस्तै धुरी, चक्का, फ्रेम, ईषा इत्यादि अंग-सम्भारहरूलाई एउटा खास तरीकासंग मिलाएर पछि "रथ" भन्ने केवल व्यवहारको निमित्तको शब्द खडा हुन आउँछ, तथापि परमार्थको दृष्टिले रथको एउटा एउटा अंगलाई छुट्याई राम्ररी बिचार गरेर हेर्ने हो भने रथ भन्ने कुनै वस्तु रहँदैन त्यसरी नै पाँच उपादान स्कन्धहरू भएपछि केवल व्यवहारमा मात्र 'सत्व" "पुद्गल" भनी भन्ने गरिन्छ। तर परमार्थको दृष्टिले शरीरको प्रत्येक अंगलाई परीक्षण गरेर हेर्दा "म" वा "म हुँ" भनी ग्रहण गर्नको निमित्त आधार हुने कुनै सत्व बाँकी रहन्न । परमार्थमा केही छ भने केवल नाम र रूप मात्र रहन्छ । यस प्रकार हेर्नेको दर्शनलाई नै यथार्थ दर्शन भनिन्छ ।

हामीभित्र र हाम्रा चारैतिर जति पनि धर्महरू छन् ती केवल नाम र रूप हुन्, जुन उत्पति हुन्छन् र विनाश हुन्छन् । ती सबै अनित्य छन् । नाम र रूपलाई परमार्थ धर्म भनिन्छ । यी धर्महरूलाई हामीले जेसुकै नामकरण गरे पनि नाम-रूपको उत्पति हुना साथ हामी तिनका लक्षणहरूलाई अनुभव गर्न सक्तछौं। हामीले ती धर्महरूलाई नाम र रूप नै भन्नु पर्दछ भन्ने पनि केही छैन । प्रज्ञाको विकास गरिसकेका व्यक्तिहरूले नाम र रूपलाई यथार्थ रूपमा–यी अनित्य हुन्, आत्मा होइनन्, भनी अनुभव गर्न सक्तछन्। दर्शन (हेर्नु), श्रवण (सुन्नु), घ्राण (सुंघ्नु), रसास्वादन (चाख्नु), काय

* पंच स्कन्धहरू भन्नु अरू होइन नामरूप नै मात्र हो ।

द्वारा स्पर्श (छुनु) रचिन्तन (विचार गर्नु)–यी सबै नामहरू अनित्य हुन् । अज्ञानताको कारणले गर्दा हामी के भन्न थान्दछौं भने हेर्ने, सुन्ने, चिन्तन गर्ने आदि विभिन्न कार्यहरू गर्ने कार्य आत्माले गर्दछ । माथि लेखिएका सबै कुरा यदि नाम धातुको कार्य हुन्, नाम धातु हुन् भने हामी जो आत्मा छ जसले ती कुराहरू गर्दछ भनी सोच्दछौं, त्यो आत्मा भन्ने चीज कहाँ छ त ? के त्यो आत्मा भनेको माथि लेखिएका विभिन्न नाम धातु मध्येकै एउटा कुनै नाम धातु स्वभाव हो कि ? नाम र रूपका लक्षणहरूलाई राम्ररी अनुभव गर्दै विभिन्न नाम तथा रूप धातुको स्वभावको विषयमा हामी जति वढी जानकारी प्राप्त गर्न थाल्दछौं त्यति त्यति नै हामी बुझ्दछौं कि "म" "आत्मा" भन्नु एउटा प्रज्ञप्ति मात्र हो । त्यो कुनै परमार्थ धर्म होइन ।

साँच्चै भन्ने हो भने सबै मानसिक धर्महरू (क्रियाकलापहरू) नाम हुन्, भौतिक धर्महरू (क्रियाकलापहरू) जति रूप हुन् । नाम र रूप भन्नु अलग अलग प्रकारका धर्म हुन् । नाम र रूपलाई अलग अलग नै छुट्याएर हामीले प्रत्येकको भिन्न भिन्न लक्षणलाई थाहा पाउन सकेनौं भने हामीले तिनैलाई आत्मा भनी ग्रहण गर्ने हुन्छौं । उदाहरणार्थ श्रोत नाम धर्म हो । यसको कुनै रूप वा आकार छैन । यसको कान छैन । यो श्रोत भन्नु र श्रोतेन्द्रीय भन्नु तसर्थ अलग अलग कुरा हो । तर यो श्रोतको निमित्त श्रोतेन्द्रीय आवश्यक आधार हो कुनै पनि आवाज वा शब्द सुन्नको निमित्त तीनवटा कुराको आवश्यकता रहन्छ–शब्द शब्दलाई अनुभव गर्ने माध्यम श्रोतेन्द्रीय र शब्दलाई अनुभव गर्ने श्रोत । ती मध्ये शब्द र श्रोतेन्द्रीय दुवै रूप धातु हुन् । तिनीहरू केही पनि अनुभव गर्दैनन् । खास शब्दलाई अनुभव गर्ने, सुन्ने त नाम धातु हो । खास शब्दलाई सुन्ने नामभन्दा माथि लेखिएका रूपहरू एकदमै भिन्न कुरा हुन् । हामीले श्रोत श्रोतेन्द्रीय र शब्द वास्तवमा आपसमा एकदमै भिन्न

भिन्न कुरा हुन् भन्ने कुरा महशूस गरेनौं भने हामी के विचार गर्नें छौं भने आत्माले सुन्दछ ।

नाम र रूप धातुको आपसी भेद र अन्योन्याश्रित सम्बन्धलाई प्रष्ट पार्दै विशुद्धि मार्ग (परिच्छेद १८, ३४) मा व्याख्या गरिएको छ :–

नाम निस्तेज छ । यो आफ्नै तेज वा शक्तिबाट प्रवर्तित हुन सक्तैन । नाम न खान्छ, न पिउँछ, न बोल्छ, न ईर्य्यापथ नै गर्दछ । त्यस्तै रूप पनि निस्तेज छ । यो आफ्नै शक्तिबाट प्रवर्तित हुन सक्तैन । किनभने रूपलाई खाने इच्छा हुन्न, पिउने इच्छा हुन्न, बोल्ने इच्छा हुन्न, ईर्य्यापथ गर्ने इच्छा पनि हुँदैन । तर नामको सहाराबाट रूप प्रवर्तित हुन्छ, रूपको सहाराले नाम प्रवर्तित हुन्छ । जब जब नामलाई खाने इच्छा हुन्छ, पिउने इच्छा हुन्छ, बोल्ने इच्छा हुन्छ, ईर्य्यापथ गर्ने इच्छा हुन्छ तब तब रूपले खान्छ, पिउँछ, बोल्छ र ईर्य्यापथ गर्दछ ।. . . . .

अरु अगाडि लेखिएको छः–

अर्थात्

१
जसरी डुंगाको सहाराले
मानिसहरू समुद्रमा जान्छन्,
त्यसरी नै रूपको सहाराले
नाम प्रवर्तित भै रहन्छ ।

२
जसरी मानिसहरूको सहाराले
डुंगा समुद्रमा जान्छ,
त्यसरी नै नामको सहाराले
रूप-काय प्रवर्तित भइरहन्छ ।

३
मानिसहरू र डुंगा दुबै
एक अर्काको सहाराले समुद्रमा जान्छन्,
त्यसरी नाम र रूप दुबै
अन्योन्याश्रित छन् ।।

स-सांस्कारिक वा स-संस्कृत नाम दुई प्रकारका छन्: (१) चित्त (चेतना) र (२) चैतसिक (चित्तको साथसाथै उत्पति हुने मानसिक धर्महरू वा यस्ता धर्मका अंगहरू)। यी चित्त र चैतसिक हेतुको कारण उत्पति हुन्छन् र पुन: निरोधको अवस्थामा पुग्दछन्। उत्पति भएर विनाश हुने स्वभाव भएको कारणले गर्दा नै यी नाम धातुहरूलाई स-संस्कृत भनिन्छ। निर्वाण मात्रै एक अ-संस्कृत नाम हो।

चित्त धेरै प्रकारका छन्। यसको मुख्य काम कुनै आलम्वनलाई जान्नु वा अनुभव गर्नु हो। प्रत्येक चित्तको थाहा पाउने वा अनुभव गर्ने एउटा आलम्वन रहन्छ जसलाई पालीमा "आरम्मण" भनिन्छ। कुनै आलम्वनलाई अनुभव गर्नु वा जान्नुको अर्थ स्वत: त्यस आलम्वनको विषयमा विचार गर्नु भन्ने कुरा चाहिं होइन। जुन चित्तले रूपलाई देख्छ, त्यस चित्तको रंग नै मात्र आलम्वन हुन्छ। यो चित्तले मात्र रंगलाई अनुभव गर्दछ। तर त्यसपछि अरू चित्तहरू उत्पति हुन्छन् जुन चित्तहरूले त्यो आलम्वन के हो भन्ने थाहा पाउंछन् र त्यस आलम्वन विषयमा विचार गर्दछन्। रंगलाई मात्र अनुभव गर्ने चित्त, त्यो आलम्वनलाई के हो भनो थाहा पाउने चित्त र त्यस आलम्वन विषयमा विचार गर्ने चित्त एक अर्कामा सर्वथा भिन्न भिन्न कुरा हुन् ती एउटै चित्त होइनन्। त्यो चित्त जसले सुन्दछ त्यो चित्तको शब्द नै मात्र आलम्वन हुन्छ। हामी मस्त निद्रामा सुतिरहंदाको अवस्थामा स्वप्न नदेखिएको बेलामा पनि चित्तले कुनै आलम्बनको अनुभव गरेकै हुन्छ। आलम्वन विनाको कुनै पनि चित्त भनेको हुँदैन। न त चित्त विनाको कुनै घडी हुनु सम्भव हुन्छ।

चित्त धेरै प्रकारका छन् र यसलाई विभिन्न प्रकारबाट वर्गीकृत गर्न सकिन्छ।

केही चित्तहरू अकुशल हुन्छन् । केही चित्तहरू कुशल हुन्छन् । कुशल चित्तहरू र अकुशल चित्तहरू हेतु हुन्, जुन काय, वाक्य र मनद्वारा गरिने अकुशल वा कुशल कर्महरू गर्ने कारण हुन सक्छन् । त्यस्तै केही चित्तहरू अकुशल वा कुशल कर्मका परिणाम हुन्छन्, जुन चित्तलाई विपाक चित्त भनिन्छ। केही चित्त न कारण हुन्छन्, न परिणाम हुन्छन् । यस्ता चित्तलाई क्रियाचित्त भनिन्छ। यसरी चित्तलाई जाति (वा स्वभाव) को आधारमा (१) अकुशल, (२) कुशल, (३) विपाक र (४) क्रियाको रूपमा वर्गीकरण गर्न सकिन्छ। अर्थात् जातिको हिसावले चित्त चार किसिमका छन्–अकुशल, कुशल, विपाक तथा क्रिया । कुशल विपाक तथा अकुशल विपाक दुवै एकै जाति हो–विपाक जाति ।

कुन चित्त कुन जातिको हो भनी जान्नु पनि महत्वपूर्ण हुन्छ। किनभने हामीले थाहा नपाएर अकुशल चित्तलाई कुशल वा अकुशललाई विपाक चित्त भनी सम्झयौं भने हामीले आफ्नो जीवनमा कुशलताको विकास गर्न सक्ने छैनौं । उदाहरणार्थ–हामीले कुनै अप्रिय शब्द सुन्दा त्यो शब्द वा आवाजलाई अनुभव गर्दाको क्षण उत्पत्ति हुने चित्त, श्रोत–विज्ञान जो हो त्यो अकुशल विपाक हो र हामीले आफैंले गरेका अकुशल कार्यको त्यो परिणाम हो । तर त्यसपछि तत्कालै उत्पत्ति हुन सक्ने द्वेष जो हुन्छ त्यो विपाक होइन, त्यो द्वेष चित्त अकुशल चित्त हो । विभिन्न चित्तहरू उत्पत्ति हुने जीवनका यस्ता विभिन्न घडीहरू वा क्षणहरूलाई हामीले ती घडीहरूको भिन्न भिन्न लक्षणहरूलाई बुझेर एक अर्कादेखि अलग अलग छुटयाउनु पर्दछ।

चित्तलाई अर्को तरीकावाट पनि वर्गीकरण गर्न सकिन्छ–त्यो हो चित्तको भूमिद्वारा । भूमि विभिन्न प्रकारका छन् । कामावचर चित्तहरू काम-गोचरहरू वा इन्द्रीय संस्पर्शहरू जस्तै दर्शन, श्रवण,

घ्राण, रसास्वादन र स्प्रष्टव्यको भूमि हो । काम गोचरहरूलाई नभोग्ने खालका चित्तको भूमिहरू पनि अरू छन् । जस्तो समय भावनाको अभ्यास गरेर ध्यान प्राप्त गर्नेहरूको त ध्यान चित्तहरू नै हुन्छन् । ध्यान चित्त अर्को चित्तको भूमि हो । यसले इन्द्रीय गोचरहरूलाई भोग्दैन । लोकोत्तर चित्त सवैभन्दा उच्च स्तरको भूमि हो । निर्वाणलाई प्रत्यक्ष रूपमा अनुभव गर्ने चित्त नै लोकोत्तर चित्त हो । चित्तलाई भूमिको हिसावले (१) कामावचर, (२) रूपावचर, (३) अरूपावचर र (४) लोकोत्तर गरी चार किसिममा यसरी विभक्त गर्न सकिन्छ ।

चित्तलाई वर्गीकरण गर्ने अरू पनि तरीकाहरू नभएका होइनन् । हामीले चित्तका भिन्न भिन्न मात्राहरुलाई ख्याल गर्ने हो भने चित्तहरुका वीच वहुतै भिन्नताहरू पाइन्छन् । उदाहरणको लागि भन्ने हो भने लोभ, द्वेष र मोहमा आधारित अकुशल चित्तहरू अनेकन प्रकारका अलग अलग मात्रा वा गहिराइका हुन सक्छन् । कहिले काहीं यस्ता चित्तहरुले कर्मलाई प्रवृत गर्दछन्, कहिले काहीं गर्दैनन् । कर्मलाई प्रवृत गर्ने वा नगर्ने कुरा चाहिं अकुशलको मात्रा वा परिमाणमा निर्भर रहने कुरा हो । त्यसरी नै कुशल चित्तहरू पनि अनेक गहिराइका छन् । चित्तका विभिन्न आकार प्रकारका बारेमा जान्नको निमित्त पनि चित्तलाई वर्गीकरण गर्ने विभिन्न तरीकाहरूको बारेमा हामीले जानिराख्नु उपयोगी हुन्छ । हामीले चित्त बिषयको आफ्नो ज्ञानलाई बढाउन सक्यौं र चित्त उत्पति हुँदा हामी सजग रह्यौं भने चित्तलाई "म" वा "मेरो आत्मा" भन्ने धारणा लिने सम्भावना हाँमीमा कम हुनेछ ।

चित्त जम्मा ८९ वा १२१ प्रकारका छन् चित्तलाई १२१ प्रकारमा वर्गीकरण गर्दा यसभित्र ती आर्य मुनिहरूका चित्तहरू पनि समावेश हुन्छन् जुन महापुरुषहरूले ध्यान र विपश्यना दुवैको

अभ्यास गरेका छन् र जसले ध्यानद्वारा निर्वाणलाई पनि अनुभव गर्न सक्छन् ।

चैतसिक अर्को परमार्थ धर्म हो । यो पनि नाम धातु स्वभाव नै हो । जस्तो हामीले देख्यौं, चित्तले आलम्वनलाई अनुभव गर्दछ। रूप वा रंग नै दर्शनको आलम्वन हो । स्वर वा शब्द नै श्रोतको आलम्वन हो । जुन विषयमा चित्तले चिन्तन गरिरहेको हुन्छ त्यो चिन्तन गर्ने चित्तको त्यो चिन्तन-बिषय नै आलम्वन हुन्छ । यसरी कुनै पनि चित्तले आ-आफ्नो आलम्वनलाई अनुभव गर्दा त्यहाँ चित्त मात्रै हुँदैनन्, त्यो चित्तको साथ साथै उत्पति हुने अनेक चैतसिकहरू पनि संगसंगै नै हुन्छन् । कसैले कुनै चिजको बिषयलाई लिएर द्वेष भावनाले, वा सोभनस्य भावले वा प्रज्ञाको साथै विचार गर्न सक्छ। ती जो द्वेष, वेदना वा प्रज्ञा जस्ता मानसिक धर्महरू छन्, ती चित्त होइनन्, विभिन्न चित्त साथै उत्पति हुने चैतसिकहरू हुन् । एक समयमा चित्त एउटै मात्र हुन्छ तर चैतसिकहरू भने धेरै हुन्छन् । प्रत्येक चित्तको साथै कमसे कम सात वटा चैतसिकहरू त अवश्य रहन्छन् । ती चैतसिकहरू कुनै पनि चित्तको साथ साथै उत्पति भएर चित्तको संगसंगै नैं निरूद्ध भएर जान्छन् । चित्त एकलै त कहिल्यै पनि उत्पति हुँदैन । यो चित्तको स्वभाव धर्म हो । उदाहरणको निमित्त वेदनालाई लिउँ । वेदना चैतसिक हो जुन प्रत्येक चित्तको साथै उत्पति हुन्छ । चित्तले आलम्वनलाई मात्र अनुभव गर्दछ । त्यसले त्यस आलम्वन सम्वन्धमा सुख दु:खको केही अनुभव गर्दैन । त्यसरी महशूस गर्ने काम त वेदनाको हो । वेदना कहिले सौमनस्य हुन्छ त कहिले दौर्मनस्य। हामीमा सौमनस्य (सुखकर) वा दौर्मनस्य (दु:खकर) वेदना नहुदा पनि त्यहाँ वेदना त अवै रहन्छ। त्यस्तो घडीमा वेदना उपेक्षा युक्त अर्थात् न सुख न दु:ख वेदना हुन्छ । वेदना रहित भएर प्राणी जीवित रहन सक्तैन । तसर्थ जीवित प्राणीमा सधैं नै वेदना रहन्छ । किनभने बिना वेदनाको

चित्तको कुनै क्षण पनि हुँदैन । उदाहरणको लागि भनौं जव चक्षु-विज्ञानको उत्पति हुन्छ, वेदना पनि त्यस चित्तको साथ साथै उत्पति हुन्छ । चक्षु-विज्ञानले केवल रूप वा रंगलाई देख्दछ । किन्तु अझै त्यो देखिएको वस्तुप्रति चाहना वा बेचाहना केही रहेको छैन भने त्यो रूपलाई हेर्ने चित्त-चक्षु-विज्ञान जो छ त्यो चित्तको साथ साथै उत्पति भएको चैतसिक-वेदना जो हो त्यो उपेक्षा वेदना हो। त्यो चक्षु-विज्ञानको निरोध भएपछि अरू अरू नै चित्तहरू उत्पति हुन्छन्। ती चित्तहरूमा सर्वप्रथम चक्षु-विज्ञानले हेरेको आलम्वन रूपलाई मन नपराउने चित्तहरू पनि हुन सक्तछन् । यदि त्यस्तो भएमा त्यस प्रकारका चित्तको सहचरण गर्ने वेदना दौर्मनस्य वेदना हो। चित्तको काम आलम्वनलाई चिन्नु वा पहिचान गर्नु हो । चित्त नै थाहा पाउनेमा प्रमुख हो । चित्तको साथै उत्पति हुने चैतसिकहरूले चित्त-ले अनुभव गरेको आलम्वनलाई नै भोग गर्दछ। किन्तु ती चैतसिक-हरू प्रत्येकको आ-आफ्नै विशेष गुण तथा कृत्य हुन्छ। चैतसिक जम्मा ५२ प्रकारका हुन्छन् । सात प्रकारका चैतसिकहरू चाहिं प्रत्येक चित्तसंग नै उत्पति हुन्छन् । अन्य प्रकारका चैतसिकहरू भने प्रत्येक चित्तसंगै उत्पति हुने गर्दैनन् । जस्तो संज्ञा पनि चैतसिक हो । यो प्रत्येक चित्तको साथै उत्पति हुन्छ । विशुद्धि मार्ग (परिच्छेद १४, १३०) मा संज्ञा बारेमा यसरी ब्याख्या गरिएको पाइन्छ:-

मन वा इन्द्रीयद्वारा ग्रहण गर्नु वा सम्झनु संज्ञाको लक्षण हो। ······यसको काम "यो त्यही हो" भनी पुनः पहिचान गर्न एउटा चिह्नलाई आधारको रूपमा बनाउनु हो जसरी सिकर्मीहरू काठको सम्वन्धमा गर्दछन् ।....

चित्तले कुनै पनि आलम्बनलाई मात्र जान्दछ। यसले आफ्नो आलम्बनलाई अंकित गर्दैन वा सम्झँदैन। चित्तद्वारा अनुभव गरिएको आलम्बनलाई पछि पनि चिन्न सकियोस् भन्ना खातिर अंकित गर्ने चाहिं संज्ञा हो । "यो त्यही हो" भनेर सम्झेर राख्ने यसरी संज्ञा

नै हो । हामी जुनसुकै वखत कुनै पनि कुरा सम्झन्छौं भने त्यो संज्ञा हो जसले सम्झना गर्दछ, आत्माले संझिराखेको हौइन । जस्तो उदाहरणको लागि भन्ने हो भने यो रंग रातो छ, यो घर हो वा यो चाहिं चराको स्वर हो भनेर संझेर राख्ने संज्ञा हो ।

चेतना (आशय) फेरि अर्को किसिमको चैतसिक हो जुन प्रत्येक चित्त साथै उत्पति हुन्छ। प्रत्येक चित्तको साथै उत्पति नहुने चैतसिकहरू पनि नभएका होइनन् । अकुशल चैतसिकहरू केवल अकुशल चित्तहरूसंगै मात्र उत्पति हुन्छन् । शोभन (सुन्दर) चैतसिकहरू कुशल चित्तहरूसंगै मात्र उत्पति हुन्छन् ।

लोभ, द्वेष र मोह अकुशल चैतसिकहरू हुन् । यिनीहरू केवल अकुशल चित्तहरूसंगै मात्र उत्पति हुन्छन् । उदाहरणको लागि भनौं जब हामी कुनै सुन्दर बस्तु देख्छौं हामीले देखेको बस्तुप्रति लोभ सहितको चित्त उत्पति हुन सक्छ। त्यतिखेर त्यो चित्त साथै उत्पति हुने चैतसिक लोभ हो । लोभको अनुराग वा अनुशरण गर्ने कृत्य हो । त्यस्तै मान, दृष्टि र ईर्ष्या जस्ता अरू पनि धेरै अकुशल चैतसिकहरू छन् जुन् अकुशल चित्त साथै उत्पति हुने गर्दछन् ।

कुशल चित्तहरू साथै उत्पति हुने शोभन चैतसिकहरू हुन् अलोभ, अद्वेष, अमोह इत्यादि । हामी उदार वा त्यागी भएको बेलामा कुशल चित्त साथै अलोभ र अद्वेष उत्पति भएको हुन्छ। प्रज्ञा पनि कुशल चित्त साथै उत्पति हुन सक्छ। त्यस्तै कुशल चित्तसंगै उत्पति हुने अरू पनि धेरै प्रकारका शोभन चैतसिकहरू छन् ।

यद्यपि चित्त तथा चैतसिक दुवै नाम धातु हुन् तथापि ती दुइटाको प्रत्येकको भिन्ना भिन्नै गुणहरू छन् । चैतसिकहरूलाई कसरी थाहा पाउने त भन्ने कुरामा हामीलाई आश्चर्य लाग्न सक्छ। तर वास्तवमा जब चित्तमा कुनै परिवर्तन हामी देख्छौं, हामी चैतसिकको लक्षणलाई पनि अनुभव गर्न सक्तछौं । जस्तो उदाहरणको लागि भनौं, अलोभ वा त्याग सहितको कुशल चित्तहरूको लोभ भएर कृपणता सहितको

अकुशल चित्तहरू जव हामीमा उत्पति हुन्छन्, त्यस बेला हामी त्यो परिवर्तन भएको कुरा देख्न वा जान्न सक्छौं । मात्सर्य (कृपणता) र अलोभ (उदारता) चैतसिकहरू हुन् । तिनीहरूलाई अनुभव गर्न सकिन्छ। किनभने तिनीहरूको भिन्न भिन्न लक्षणहरू हुन्छन् ।त्यसरी नै हामी लोभवाट द्वेषमा, चाहनावाट बेचाहनामा, सौमनस्यवाट दौर्मनस्यमा हुने परिवर्तन पनि देख्न जान्न सक्छौं ।वेदना पनि चैतसिक हो । यसलाई पनि हामी अनुभव गेर्न सक्छौं । किनभने वेदना कहिलेकाहीं प्रवल वा प्रधान हुन्छ। वेदना विभिन्न प्रकारका छन् । हामी अनुभव गर्न सक्छौं कि दौर्मनस्य वेदना सौमनस्य वा उपेक्षा वेदनाभन्दा एकदमै भिन्न कुरा हो । यसरी यी विभिन्न चैतसिकहरू विभिन्न चित्तहरूका साथै उत्पति हुन्छन् र तत्कालै विरुद्ध हुन्छन् । चित्तका साथै ती पनि पछि लाग्छन् । चित्त र चैतसिकको विचित्रता विषयमा यदि हामीले वढी कुरा थाहा पायौं भने यसले सत्यलाई देख्न वा साक्षात्कार गर्नमा हामीलाई सघाउ पुऱ्याउने छ।

चित्त र चैतसिक दुबै साथसाथै उत्पति हुने धर्महरू भएकाले तिनीहरूको लक्षणको भिन्नतालाई अनुभव गर्नु निश्चय नै कठीन कुरा हो । बुद्धको प्रज्ञा सर्वोच्चि स्तरको भएकै कारणले गर्दा भगवान् बुद्ध सबै चित्त तथा चैतसिकहरूको भिन्न भिन्न लक्षणहरूलाई प्रत्यक्ष रूपमा अनुभव गर्न उहाँ समर्थ हुनुहुन्थ्यो । राजा मिलिन्द संगको प्रश्नोत्तरको क्रममा भदन्त अरहन्त नागसेनले राजा मिलिन्दलाई यसरी सम्झाउनु भयो:—

"महाराज ! भगवानले अत्यन्त कठान काम गर्नु भयो ।"

"भन्ते नागसेन ! भगवानले अत्यन्त कठीन कार्य के गर्नु भयो ?"

"महाराज ! भगवानले वहुत कठीन काम गर्नु भयो जुन कि अरूपी एक आलम्वनमा हुने चित्त-चैतसिक धर्महरूलाई अलग अलग

गरेर भन्नुभयो कि यो स्पर्श हो, यो वेदना हो, यो संज्ञा हो, यो चेतना हो, यो चित्त हो"।

"कृपया मलाई उपमाद्वारा सम्झाउनु होस्।"

मानौं हे राजन्, एउटा कोही मानिस डुंगामा वसेर कुनै एउटा समुद्रमा जाँदोरहेछ र त्यसले आफ्नो हातमा अलिकति पानी लिएर आफ्नो जिब्रोले पानी चाख्दोरहेछ। के त्यसले यो पानी गंगाजीको हो, यो जमुनाको वा यो अचिरावतीबाट आएको हो भन्ने कुरा छुटचाउन सक्ला ?"

"असम्भव छ, भन्ते।"

"हे राजन्, एउटा आलम्बनको कारणले उत्पत्ति भएका मानसिक धर्महरूका बीच छुटचाउनु त त्योभन्दा पनि झन् कठीन कुरा छ।"

चित्त र चैतसिक दुबै प्रमार्थ धर्म हुन्। ती दुवैको प्रत्येकको आ-आफ्नै लक्षण पनि हुन्छन्। ती लक्षणहरूलाई जेसुकै नामकरण गरे तापनि तिनीहरूलाई अनुभव गर्न सकिन्छ। दर्शन (हेर्नु) भनेको आँखाद्वारा रंगलाई जान्नु हो। त्यसको लक्षणलाई अनुभव गर्नको निमित्त हामीले त्यसलाई दर्शन भनेरै भन्नु पर्ने केही छैन। परमार्थ धर्महरू केवल शब्दहरू होइनन्। तिनीहरू त वास्तविकताहरू हुन्। सत्यताहरू हुन्। यथा सौमनस्य वा दौर्मनस्य वेदना स्वभाव धर्म हुन्। तिनीहरूलाई "सौमनस्य" वा "दौर्मनस्य" भनी नभनिकनै पनि तिनीहरूको लक्षणलाई अनुभव गर्न सकिन्छ। द्वेष स्वभाव धर्म हो। जब यो उपस्थित हुन्छ यसलाई अनुभव गर्न सकिन्छ।

मानसिक धर्महरू मात्र होइन भौतिक धर्महरू पनि छन्। भौतिक धर्महरू वा रूप तेस्रो परमार्थ धर्म हो। रूप जम्मा २८ प्रकारका छन्। त्यसमध्ये चारवटा चाहिं मुख्य रूपहरू हुन् जसलाई पालीमा महाभूत रूप (चतुर्महाभूत) भनिन्छ। तिनीहरू के के हुन् त ?

(१) पृथ्वी धातु अथवा घनत्व । यसलाई कडापन वा नरमपनको रूपमा अनुभव गरिन्छ ।

(२) आप धातु अथवा संयोग । यसले संयोगको कार्य गर्दछ ।

(३) तेज धातु अथवा तापक्रम । यसलाई गर्मी वा ठण्डीको रूपमा अनुभव गरिन्छ ।

(४) वायु धातु अथवा गति । यसलाई गति वा दवावको रूपमा अनुभव गरिन्छ ।

तो महाभूतका तत्वहरू अरू जुनसुकै प्रकारको रूप संगसंगै उत्पति हुन्छन् त्यस्ता रूपलाई उपादान रूप भनिन्छ । रूपहरू एक्लै कहिल्यै पनि उत्पति हुँदैनन् । तिनीहरू समूहहरू वा एकाइहरू भएर उत्पति हुन्छन् । रूप उत्पति हुँदा कमसे कम ८ प्रकारका रूप साथसाथै उत्पति हुनु पर्दछ । उदाहरणको लागि जब गति (वायुधातु) को रूपमा रूपको उत्पति हुन्छ, घनत्व, संयोग, तापक्रम अर्थात् पृथ्वी धातु, आपधातु, तेजधातु र अन्य रूपहरू पनि संगसंगै उत्पति हुनु पर्दछ । उपादान रूप भन्नाले जसको चक्षुन्द्रीय, श्रोतेन्द्रीय, घ्राणेन्द्रीय, जिह्वेन्द्रीय र कायेन्द्रीय जस्ता भौतिक रूप अंगहरू तथा रंग, शब्द, गन्ध तथा रस जस्ता रूपादि गोचरहरू हुन्।

रूपका भिन्न भिन्न लक्षणहरूलाई आँखा, कान, नाक, जिब्रो, शरीर तथा मनद्वारा अनुभव गर्न सकिन्छ । यसरी अनुभव गर्न सकिने भएकाले यी लक्षणहरू यथार्थ धर्म हुन् । बोलचालमा हामी रूप धातुहरूलाई देह र टेबुल भनी परम्परागत व्यावहारिक शब्द-हरू प्रयोग गर्दछौं । ती दुबै रूपमा, जस्तो उदाहरणको लागि भनौं, कडापन (पृथ्बी धातु) को लक्षण विद्यमान छ, जुन लक्षणलाई स्पर्श द्वारा अनुभव गर्न सकिन्छ । यसरी हामी के प्रमाणित गर्न सक्छौं भने चाहे त्यो शरीरमा होस् वा टेबुलमा, घनत्व (पृथ्वी धातु) को लक्षण दुवैमा उही हो । घनत्व (पृथ्वी धातु) परमार्थ धर्म हो तर

शरीर र टेबुल परमार्थ धर्म होइनन्, ती त केवल प्रज्ञप्ति (व्यावहारिक नाउँ) मात्र हुन् । परमार्थ धर्मको विषयमा यथार्थतः ज्ञान नभएमा हामी के बिचार गर्नेतिर लाग्छौं भने यो शरीर रहिरहन्छ र अनि हामी यसैलाई आत्मा भनी ग्रहण गर्छौं । किन्तु यथार्थ रूपमा हेर्ने हो भने जुन कुरालाई हामी 'शरीर' भनी भन्दछौं त्यो त केवल उत्पति हुँदै विनाश भइरहेका विभिन्न रूपहरू मात्र हुन् । "शरीर" भन्ने प्रज्ञप्तिको शब्द व्यवहारले हामीलाई सच्चा स्वभाव धर्मको विषयमा भ्रम पार्ने सम्भावना हुन्छ । रूप देखा पर्नासाथ यसको अनेक लक्षणहरूलाई अनुभव गर्ने कुरा हामीले सिक्यौं भने हामीले वास्तविक सत्य धर्मलाई जान्ने छौं ।

उपयुक्त हेतु भएमा मात्र उत्पति हुने भएकोले चित्त, चैतसिक तथा रूप परमार्थ धर्महरूलाई संस्कृत धर्महरू अर्थात् पालीमा संखारधम्म भनिन्छ । जस्तो उदाहरणको लागि भन्ने हो भने चक्षुन्द्रीय नभएको खण्डमा वा रंग नभएको खण्डमा दर्शन उत्पति हुन सक्तैन । जब हामी आँखा बन्द गर्दछौं तब हामी केही देख्दैनौं । त्यस्तै जब पृथ्वी धातुका दुई रूपहरू एक अर्काको सम्पर्कमा आउँछन् तब मात्र शब्दको उत्पति हुन सक्छ । यसरी जब हेतुहरू हुन्छन् यसको उत्पति हुन्छ र पुनः यसको विनाश भएर जान्छ वा निरोध हुन्छ । हेतुहरूको कारण जे जति पनि यहाँ उत्पति हुन्छन् ती सबै वस्तुहरूलाई हेतुको निरोध हुनासाथ पुनः निरूद्ध हुनै पर्दछ । कसै कसैको विचार यस्तो पनि हुन सक्छ कि शब्द त रही नै रहन्छ । तर जुन कुरालाई धेरै समयसम्म रहिरहेको शब्द भनी हामी भन्थान्दछौं त्यो वास्तवमा एक पछि अर्को जोडिंदै सन्ततिबद्ध हुँदै उत्पति हुने अनेकन् भिन्न भिन्न रूपहरू हुन् ।

चारौं परमार्थ धर्म चाहिं निर्वाण हो । यो वास्तविक स्वभाव धर्म हुनाले निर्वाण परमार्थ धर्म हो । निर्वाण क्लेशहरूको अन्त्य हो जहाँ क्लेशहरूलाई अन्त गर्ने उपाय छ, त्यहाँ क्लेशकै अन्त पनि अवश्य हुनु पर्दछ।

संसारमा विद्यमान रहेका धर्महरूलाई यथार्थ रूपमा हेर्न देख्न सक्ने प्रज्ञाको विकासको बाटोमा लैजाने आर्य मार्गको अनुसरण अनुगमन गर्ने हो भने मनोद्वार मार्फत् निर्वाणलाई साक्षात्कार गर्न सकिन्छ। निर्वाण भनेको रूप धातु होइन, यो नाम धातु स्वभाव हो। तर यो हेतुको कारणले उत्पति भएर निरोध हुने चित्त चैतसिक जस्तो परमार्थ धर्म होइन। जे जति पनि उत्पति र विनाश हुन्छ त्यसको अन्त नै निर्वाण हो। उत्पति र विनाशको स्वभावदेखि सर्वथा भिन्न रहेको नाम धातु नै निर्वाण हो। यो यस्तो नाम हो जुन असंस्कृत धर्म हो। पालीमा यसलाई विसंखार धम्म भनिन्छ। यो असंस्कृत हो। त्यसैले यसको उत्पति हुँदैन। तसर्थ यसको निरोध पनि हुंदैन। चित्त तथा चैतसिकहरू आलम्वनलाई अनुभव गर्ने वा भोग गर्ने नाम धातुहरू हुन्। निर्वाण यस्तो नाम धातु स्वभाव हो जसले कुनै आलम्बनलाई अनुभव गर्दैन। वरू यसलाई अनुभव गर्ने चित्त तथा चैतसिकको आलम्वन नै निर्वाण हुन सक्छ, रहन सक्छ।

सारांशमा भन्ने हो भने,
गोचरहरूको चिन्तन, मनन, जानन गवेषण गर्नेवाला चित्त,
एकोत्पत्यादि चार लक्षणबाट सम्पूर्णवाला चैतसिक,
परिवर्तन स्वभाववाला रूप र

रागाग्नि इत्यादि ११ अग्निहरूबाट शान्तवाला निर्वाण–यी ४ अविपरीत श्रेष्ठ स्वभाव हुनाको कारणले, परमत्थ धम्म अर्थात् परमार्थ धर्महरू हुन्। तीमध्ये चित्त, चैतसिक तथा रूप हेतुको कारण उत्पति र निरोध हुने संखार धम्म अर्थात् संस्कृत धर्महरू हुन्। उत्पति विनाशको स्वभाव धर्मदेखि अलग्ग रहेको निर्वाण एक मात्र विसंखार धम्म वा असंस्कृत धर्म हो।

हामीले धर्मको अध्ययन गर्दा कुन धातु स्वभाव कुन चाहिं परमार्थ धर्म हो भन्ने कुरा जान्नु आवश्यक छ। हामीले यसरी थाहा

पाएनौं भने प्रज्ञप्तिको व्यवहारहरूले हामीलाई भ्रम पार्ने सम्भावना रहने छ। जस्तो उदाहरणको लागि भनौं, हामी जुन कुरालाई "शरीर" भनी भन्दछौं, त्यो रूप परमार्थ धर्महो, चित्त वा चैतसिक होइन भन्ने कुरा हामीले थाहा पाउनु पर्दछ। त्यसरी नै निर्वाण चित्त वा चैतसिक होइन, चौथो परमार्थ धर्म हो भन्ने कुरा हामी-लाई थाहा हुनु पर्दछ। संक्षेपमा भन्दा सम्पूर्ण संस्कृत धर्महरूको उत्पति र विनाशको निरोध नै निर्वाण हो।

मनन गर्न योग्य केही प्रश्नहरू

१. नाम र रूप बीच के भिन्नता छ ?
२. चित्त र चैतसिकको बीचमा के फरक छ ?
३. के चैतसिकहरू आलम्बनलाई अनुभव गर्दछन् ?
४. के चित्तको साथै एकभन्दा बढी चैतसिकहरू उत्पति हुन्छन् ?

परिच्छेद–२

पंच स्कन्धहरू

भगवान बुद्धले सम्पूर्ण सत्य पत्ता लगाउनु भयो । उहाँले स्वयं आफ्नै अनुभवद्वारा प्रत्येक धर्मको लक्षण जान्नु भयो । सर्वसाधारण णीहरूप्रति उहाँको असीम करूणा भएकोले उहाँले वास्तविक स्वभाव धर्मलाई धेरै भिन्न भिन्न तरीकावाट हेर्ने कुरा अरू लोक-जनलाई उपदेश गर्नु भयो, ताकि आफूभित्र तथा आफ्ना वरिपरि चारैतिरका धर्महरू विषयमा गहिरो समझदारी वा ज्ञान उनीहरूमा रहोस् । संसारका वास्तविक स्वभाव धर्महरूलाई परमार्थ धर्महरूको वर्गीकरण गर्दा तिनीहरूलाई निम्न वमोजिम वर्गीकरण गरिन्छः–

चित्त, चैतसिक, रूप तथा निर्वाण ।

तीमध्ये चित्त, चैतसिक तथा रूप चाहिं हेतुहरूको कारण उत्पति र निरोध हुने संस्कृत धर्महरू हुन् । तसर्थ ती अनित्य छन्। उत्पति र निरोधको धर्मबाट सर्वथा विमुक्त रहेको एक मात्र पर-मार्थ धर्म हो निर्वाण । यस विषयमा अघि विस्तृत रूपमा चर्चा गरिसकेको छ ।

यहाँ हामी चित्त, चैतसिक तथा रूप जस्ता संस्कृत धर्महरूलाई पंचस्कन्धको रूपवाट वर्गीकरण गर्ने कुराको चर्चा गर्ने छौं । स्कन्ध-को अर्थ हो समूह वा समुदाय । स्कन्धको रूपमा जे जति कुरालाई विभाजित वा वर्गीकृत गरिन्छ ती हेतुहरूको कारणले उत्पति हुन्छन्

र पुनः निरूद्ध हुन्छन् । पंच स्कन्धहरू भन्नु संस्कृत धर्महरूको रूपमा रहेका चित्त, चैतसिक तथा रूप - यी तीन परमार्थ धर्महरूदेखि भिन्न कुरा होइन । अर्थात् धर्महरूलाई अनेक तरीकाबाट वर्गीकरण गर्न सकिन्छ र यसरी भिन्न भिन्न तरीकाले वर्गीकरण गर्दा ती धर्महरूलाई भिन्न भिन्न नाउँहरूसम्म दिइने कुरा हो । सम्पूर्ण ससंस्कृत नामहरू तथा रूपहरूलाई पाँच स्कन्धहरुको रूपमा वर्गीकरण गर्न सकिन्छ, यथा

१) रूप स्कन्ध—सम्पूर्ण रूपादि भौतिक धर्महरू नै रूप स्कन्ध हुन्।
२) वेदना स्कन्ध—वेदना जति वेदना स्कन्ध हो ।
३) संज्ञा स्कन्ध—यसले सम्पूर्ण संज्ञालाई जनाउँछ ।
४) संस्कार स्कन्ध—यसमा चित्तको साथै उत्पति हुने मानसिक धर्महरू जस्तै ५० चैतसिकहरू समाविष्ट हुन्छन् ।
५) विज्ञान स्कन्ध—यसमा ८९ वा १२१ प्रकारका सबै चित्तहरू समावेश हुन्छन् ।

चित्तको साथै उत्पति हुने ५२ चैतसिकहरूको जहाँसम्म कुरा छ, तिनीहरूलाई तीन स्कन्धहरूको रूपमा वर्गीकरण गरिन्छ। यथा, वेदना चैतसिकलाई वेदना स्कन्धमा, संज्ञा चैतसिकलाई संज्ञा स्कन्धमा र बाँकी रहेका ५० चैतसिकहरू सबैलाई संस्कार स्कन्धको रूपमा एउटै स्कन्धमा वर्गीकरण गरिन्छ । उदाहरणार्थ, संस्कार स्कन्ध अन्तर्गत निम्न चैतसिकहरू समावेश हुन्छन्:-चेतना (=आशय), लोभ (=अनुराग), द्वेष (=घृणा वा दोष), मोह (=अविद्या वा अज्ञानता), मैत्री (=प्रेम सहितको दयालुपना), अलोभ (=उदारता वा त्याग), र प्रज्ञा (=बुद्धि) । संस्कार स्कन्धलाई कहिलेकाहीं "गतिविधि" वा "मानसिक रचना वा आकृतिहरू" भनेर पनि अनुवाद गरिन्छ ।

जहाँसम्म चित्तको प्रश्न छ, सम्पूर्ण चित्तहरूको एउटै स्कन्ध छ,

त्यो हो विज्ञान स्कन्ध। विञ्ञाण, मन वा चित्त भन्ने पाली शब्द-हरूले एउटै स्वभाव धर्मलाई जनाउँछ– केही कुरालाई थाहा पाउने वा जान्ने नै त्यसको लक्षण हो। जब चित्तलाई स्कन्धको रूपमा वर्गीकरण गरिन्छ अनि यसको निमित्त विज्ञान भन्ने शब्द प्रयुक्त हुन्छ। यसरी पंच स्कन्धहरूमध्ये एउटा स्कन्ध रूप स्कन्ध हो र अन्य चार स्कन्धहरू नाम स्कन्धहरू हुन्। त्यसमा पनि तीन नाम स्कन्धहरू चैतसिक हुन् र एउटा नाम स्कन्ध चित्त हो।

कुनै पनि स्कन्ध भनिने कुरा नित्य होइन। यो उत्पति हुनासाथ पुनः लोप वा निरोध हुन्छ। स्कन्धहरू यसरी उत्पति र निरोध हुने भए तापनि ती वास्तविक धर्महरू हुन्। तिनीहरू उपस्थित हुनासाथ हामी ती धर्महरूलाई अनुभव गर्न सक्छौं। किन्तु निर्वाण भने कुनै स्कन्ध होइन, यो स्कन्धविहीन छ। तसर्थ पालीमा यसलाई खन्धविमुत्ति भनिन्छ।

विशुद्धि मार्गको परिच्छेद २० को प्रकरण ९६ मा नाम तथा रूपको उत्पति र निरोध बारेमा यसरी व्याख्या गरिएको पाइन्छः–

"नाम-रूपको उत्पति हुनुभन्दा अगाडि यस्ता अनुत्पन्न नाम रूपको कुनै संचय वा राशि भन्ने कुरा छैन। उत्पन्न हुने नाम रूप पनि राशि वा संचयबाट आउने होइनन्। त्यस्तै निरूद्ध हुने नाम-रूप पनि कुनै पनि दिशा विदिशामा जाने होइनन्। न त निरूद्ध भएपछि एउटा कुनै ठाउंमा राशि, संचय वा भण्डार वा निधानको रूपमा स्थिर नै हुन्छन्। परन्तु जस्तो वीणा बजाउँदा उत्पन्न हुने शब्दको उत्पति हुनुभन्दा पहिले कुनै संचय भन्ने हुँदैन, नं त त्यो शब्द उपन्न हुँदा कुनै संचयबाट नै आउँछ, न त्यो शब्द निरूद्ध हुँदा कुनै दिशा विदिशामा जान्छ र न निरूद्ध भइ-सकेपछि नै कतै त्यो शब्द संचित भएर रहिरहन्छ। प्रत्युत वीणा, उपवीणा (अर्थात् वीणाको घांटी र पुरुषको उपयुक्त प्रयासद्वारा केही नभएर पनि त्यो शब्द उत्पन्न हुन्छ र उत्पन्न भइसकेपछि

त्यसै नाश भएर जान्छ, ठीक त्यसरी नै सम्पूर्ण रूप तथा अरूप धर्म-हरू अर्थात् रूप तथा नाम धातुहरू पनि केही नभएर उत्पन्न हुन्छन् र उत्पति भइसकेपछि निरूद्ध भएर जान्छन् ।"

ती स्कन्धहरू वास्तविक हुन् । तिनीहरूलाई हामी अनुभव गर्न सक्छौं । जस्तो उदाहरणको लागि भनौं, हामीले कडापन (पृथ्वी धातु) महशूस गर्दा हामी रूप स्कन्धको अनुभव गर्दछौं । यो धर्म रहिरहन्न । यो उत्पति भएर विनास हुन्छ । तसर्थ रूप स्कन्ध अनित्य हो । शरीरका रूपहरू मात्र होइनन्, अरू पनि रूपादि भौतिक धर्महरू जति छन् ती सबै रूप स्कन्ध हुन् । जस्तो शब्द रूप स्कन्ध हो । यो उत्पति र विनाश हुन्छ । यो अनित्य छ ।

वेदना स्कन्ध पनि सत्य छन् । वेदनाहरूलाई पनि हामी अनुभव गर्न सक्छौं । वेदना स्कन्ध अन्तर्गत सबै प्रकारका वेदनाहरू समा-वेश हुन्छन् । वेदनालाई अनेक प्रकारले वर्गीकरण गर्न सकिन्छ । कहिलेकाहीं वेदनालाई तीन प्रकारले वर्गीकरण गरिन्छः—

सौमनस्य (वेदना)
दौर्मनस्य (वेदना)
उपेक्षा (नसुख नदुःख वेदना) ।

कहिलेकाहीं वेदनाहरूको ५ भेद गरिन्छ । सौमनस्य, दौर्मनस्य र उपेक्षा वेदनामाथि यसरी निम्न दुई वेदना थप गरिन्छन्ः—

शारीरिक सुख वेदना र शारीरिक दुःख वेदना, जसलाई अलग्गै वर्गीकरण गरिन्छ ।

शारीरिक वेदना भनेको त्यस्तो वेदना हो जसको हेतुको रूपमा काया-इन्द्रीय रहेको हुन्छ । वेदना आफैं भने नाम हो तर यसको हेतुको रूपमा रूप (काया-इन्द्रीय) रहेको छ । जब कुनै एउटा आलम्बनले काया-इन्द्रीयलाई स्पर्श गर्दछ त्यसबेला शारीरिक वेदना

जो हुन्छ त्यो कि त सुख हुन्छ कि त दु:ख । उपेक्षा शारीरिक वेदना भन्ने हुँदैन । जब शारीरिक वेदना दु:खकर हुन्छ यो अकुशल विपाक (अकुशल कर्मको फल) हो र जब शारीरिक वेदना सुखकर हुन्छ यो कुशल विपाक (कुशल कर्मको फल) हो ।

उत्पति हुँदै निरूद्ध भइरहने वेदनाको अनेकन भिन्न भिन्न घडी-हरू (क्षणहरू) हुने भएकोले एक अर्काबाट ती घडीहरूलाई छुट्या-उनु वडो कठीन हुन्छ । जस्तो उदाहरणको लागि भनौं विपाकको रूपमा रहेको शारीरिक सुख वेदनासंग त्यो वेदना प्रतिको अनुराग जो पछि तुरून्त नै उत्पति हुन सक्छ ती दुईका वीचमा हामी अल-मलिन सक्छौं । अथवा हामी शारीरिक दु:ख (कष्ट) र त्यसपछि तत्कालै उत्पति हुने द्वेष भावमा अलमलिन सक्छौं । जब हामीलाई शारीरिक कष्ट हुन्छ त्यो कष्टपूर्ण वेदना विपाक हो । यो विपाक चित्तको साथ साथै उत्पति हुन्छ । यसको निमित्त हेतुको रूपमा शरीर माथिको प्रभाव हुनु जरूरी छ ।त्यसपछि तुरून्तै दौर्मनस्य भाव उत्पति हुन सक्छ। यो विपाक होइन तर यो मानसिक वेदना अकुशल चित्तको साथ साथै उत्पति हुन्छ। मानसिक दौर्मनस्य वेदना हाम्रो संचित द्वेषको कारणले गर्दा उत्पति हुन्छ । हुनत शारीरिक वेदना र मानसिक वेदना दुवै नाम धर्म हुन् । तथापि,तिनीहरू भिन्न भिन्न हेतुहरूको कारण उत्पति हुने एकदमै भिन्न प्रकारका वेदनाहरू हुन् । द्वेषको निमित्त आवश्यक हेतुहरू समाप्त भइसकेको अवस्थामा पनि शारीरिक दु:ख वेदना भने रहिरहन सक्छ तर त्यस अवस्थामा दौर्मनस्य वेदना भने हुन्न । अरहन्तमा पनि पंच स्कन्धको मानसिक देह बाँकी रहेसम्म अरू अकुशल विपाक रहिरहन सक्छ तर अर-हन्तमा द्वेष हुँदैन। संयुक्त निकाय, सगाथा वर्ग, मार संयुक्त, भाग २ संकलित सुत्तमा यसरी लेखिएको हामी पढ्छौं:–

"मैले यस्तो सुनेको छु । एक समय भगवान् राजगृहमा मद्रकुक्षि मृगदावमा बिहार गरिरहनु भएको थियो । त्यस वेलामा भगवान्को

गोडामा पत्थरद्वारा चोट लागेको थियो । भगवान्लाई बहुत तीव्र, दुःखद, कठोर-कटुक-अ-सात-अ-मनाप शारीरिक वेदना त हुन्थ्यो । तर त्यो वेदनालाई भगवान्ले विना शोक गरिकन, स्मृति-संप्रजन्य र संप्रज्ञ भएर सहनु भयो ।..."

छ वटा द्वारहरू मार्फत् अनुभव गरिने आलम्बनहरूको आधारमा वेदनालाई वर्गीकरण गर्ने भए वेदना ६ प्रकारका हुन्छन् । आँखा, कान, नाक, जिब्रो, देह र मनद्वारा जे जति पनि अनुभव गरिन्छन् त्यसको आधारमा वेदनाको उत्पति हुन्छ । भिन्न भिन्न हेतुहरूको कारणबाट उत्पति हुने ती सबै वेदनाहरू फरक फरक नै हुन्छन् । वेदना जुन चित्तसंगै उत्पति भएको हुन्छ त्यही चित्तसंगै निरोध पनि हुन्छ। यसरी प्रत्येक क्षण क्षणमा वेदना भिन्न भिन्न हुन्छ ।

संयुक्त निकाय, पलायतन वर्ग, परिच्छेद २, वेदना संयुक्त भाग १, द्वुतिय गेलञ्ज सुत्तमा हामी पढ्छौं जहाँ भगवान् बुद्ध भिक्षुहरूलाई सम्वोधन गर्नु हुन्छः–

"भिक्षुहरू ! भिक्षुले स्मृतिमान् र संप्रज्ञ भएर आफ्नो समयको प्रतीक्षा गर्नु पर्छ । यही मेरो शिक्षा हो ।

भिक्षुहरू ! यसरी विहार गर्ने भिक्षुलाई सुख वेदनाहरू उत्पन्न हुन्छन् । उसले थाहा पाउँछ,–मलाई यो सुख वेदना उत्पन्न भइरहेको छ। त्यो कुनै प्रत्यय (अर्थात् कारण) ले गर्दा हुन्छ, विना प्रत्ययले होइन । कुन चाहिं प्रत्ययले गर्दा त ? यही स्पर्शको प्रत्ययले गर्दा हो । यो स्पर्श अनित्य, संस्कृत (अर्थात् वनिएको), कुनै प्रत्ययले गर्दा नै उत्पन्न भएको छ । अनित्य र संस्कृत स्पर्शको प्रत्ययले उत्पन्न भएको सुखको वेदना कसरी नित्य हुन्छ र ? अतः त्यो भिक्षु स्पर्शमा र सुख वेदनामा अनित्य बुद्धि राख्दछ, यिनीहरू विनाश हुने खालका हुन्–यसरी सम्झन्छ । यिनीहरूको प्रति रागरहित हुन्छ । यिनीहरू निरूद्ध भएर जाने खालका हुन्-यसरी उसले

सम्झेको हुन्छ । यसरा विहार गर्नाले उसमा स्पर्श र सुख वेदनामा जुन राग हुन्छ त्यो प्रहीण भएर जान्छ ।

भिक्षुहरू! यसरी विहार गर्ने भिक्षुलाई दुःख वेदनाहरू उत्पन्न हुन्छन् । उसलाई थाहा हुन्छ–मलाई यो दुःखको वेदना उत्पन्न भइरहेको छ। त्यो केही प्रत्ययले गर्दा हुन्छ....। अतः त्यो भिक्षु स्पर्शमा र दुःख वेदनामा अनित्य-वुद्धि राख्दछ।.... यस प्रकारले विहार गर्नाले त्यस भिक्षुमा स्पर्श र दुःख वेदनामा जुन खिन्नता हुन्छ, त्यो प्रहीण भएर जान्छ ।

भिक्षुहरू ! यस किसिमले विहार गर्ने भिक्षुलाई अ-दुःखअ-सुख वेदनाहरू उत्पन्न हुन्छन् ।.... त्यसैले त्यस भिक्षुले स्पर्शमा र अ-दुःख अ-सुख वेदनाहरूमा अनित्य-बुद्धि राख्दछ।... यस किसिमले बिहार गर्नाले त्यस भिक्षुमा स्पर्श र अ-दुःख-अ-सुख वेदनामा जो अविद्या हुन्छ त्यो प्रहीण भएर जान्छ।..."

वेदनाहरूलाई वर्गीकरण गर्ने अरु अरू पनि धेरै तरीकाहरू छन् । हामीले वेदनाहरूलाई वर्गीकरण गर्ने विभिन्न तरीकाहरू बारेमा जान्यौं भने वेदना भनेको हेतुद्वारा उत्पत्ति हुने एउटा मानसिक धर्म मात्र हो भन्ने कुरा बुझ्न हामीलाई मद्दत मिल्नेछ । फेरि आँखा, कान, नाक, जिब्रो, देह र मनद्वारा देखा पर्ने वर्तमान घडीको धर्म स्वभावको विषयमा जाग्रत रहनुको वदलामा उत्पति भएर पनि निरूद्ध भइसकेको वेदनाप्रति नै आशक्त भएर रहने प्रवृत्ति हामीमा रहन्छ । यसो हुनाको कारण के हो भने सामान्य ज्ञानले हामी क्षण क्षण•उत्पति हुँदै उत्पति -स्थिति भङ्गको विद्युत गतिभन्दा बढी शीघ्रगतिको लयमा निरूद्ध हुँदै गरेका चित्त चैतसिकहरू र वेदनाहरूलाई बुझ्दैनौं, बुझ्न सक्तैनौं । यसअघि माथि उद्धरण गरिएको विशुद्धि मार्गको प्रकरणमा उल्लेख गरिए झैं नाम-रूपलाई वीणाको त्यस्तो शब्दसंग तुलना गरिएको छ जुन शब्द उत्पन्न हुँदा न कुनै

संचयबाट आउंछ, न निरोध हुँदा त्यो शब्द कुनै दिशा विदिशामा नै जान्छ, न त निरूद्ध भइसकेपछि नै कतै त्यो शब्द संचित भएर रहिरहन्छ । तथापि हामी वेदनाहरूप्रति यति आशक्त भएर टाँस्सिएर रहन्छौं कि हामी यो कुरा महशूस गर्दनौं कि उत्पति भएर निरूद्ध भइसकेको वेदनाको अब कुनै अस्तित्व नै बाँकी छैन, त्यो त पूर्ण रूपमा समाप्त भइसकेको छ । वेदना स्कन्ध अनित्य हो । स्मृति रहेको खण्डमा हामी थाहा पाउन सक्छौं कि वेदना निरूद्ध भइसकेपछिको घडीमा वर्तमान क्षणमा त अर्कै धर्मको उत्पति भइसकेको रहेछ ।

संज्ञा (मन वा इन्द्रीयले ग्रहण गर्ने कार्य) वा संज्ञा स्कन्ध पनि सत्य हो । जुनसुकै बेलामा हामीले केही कुराको संझना गर्दा खेरी हामी यसलाई अनुभव गर्न सक्छौं । चित्तको प्रत्येक क्षणमा संज्ञा पनि हुन्छ उत्पति हुने प्रत्येक चित्तले एउटा आलम्बनलाई अनुभव गर्दछ र त्यो चित्त साथै उत्पति हुने संज्ञाले पछि पनि सम्झन सकिने गरी त्यस आलम्बनलाई अंकित गर्दछ वा सम्झिराखेको हुन्छ । त्यस्तो घडीमा पनि जुन घडीमा हामी केही कुराको पनि पहिचान गरेका हुन्नौं चित्तले त्यस क्षणमा पनि कुनै आलम्वनलाई भोगेकै हुन्छ र त्यस चित्तको साथै उत्पति भएको संज्ञाले पनि त्यस आलम्बनलाई अंकित गर्दछ । चित्तको संगसंगै संज्ञा पनि उत्पति भएर निरूद्ध हुने भएकोले संज्ञा अनित्य छ । उत्पति हुनासाथै निरूद्ध हुने संज्ञा एक मानसिक स्वभाव धर्म हो भनी संज्ञालाई यथार्थ रूपमा नजाने नबुझेसम्म हामीले संज्ञालाई आत्म भनी ग्रहण गर्ने हुन्छौं ।

संज्ञा र वेदनादेखि वाहेकका सम्पूर्ण चैतसिकहरू भएको संस्कार स्कन्ध पनि सत्य छ । यसलाई पनि अनुभव गर्न सकिन्छ । हामीमा मैत्री र करूणा जस्ता शोभन चैतसिकहरू विद्यमान रहँदा वा द्वेष मात्सर्य जस्ता अकुशल चैतसिकहरू विद्यमान रहँदा हामी

संस्कार स्कन्धलाई जान्न बुझ्नअनुभव गर्न सक्छौं। सम्पूर्ण यी धर्महरू उत्पति भएर निरूद्ध हुने हुँदा संस्कार स्कन्ध पनि अनित्य छ।

त्यसै विज्ञान स्कन्ध पनि सत्य छ। हामी यस चित्तलाई दर्शन, श्रवण, घ्राण, रसास्वादन, संस्पर्श वा चिन्तन हुँदाका वखत अनुभव गर्न सक्तछौं। विज्ञान स्कन्ध (चित्त) पनि उत्पति भएर निरूद्ध हुने हुँदा यो पनि अनित्य छ। यसरी सम्पूर्ण संखत धम्म अर्थात् ससंस्कृत धर्महरू, मतलव पंचस्कन्धहरू अनित्य हुन्।

कहिलेकाहीं स्कन्धहरूलाई तृष्णाका समूहहरू अथवा उपादान स्कन्ध भनिन्छ। अझै पनि तृष्णाको आलम्वनको रूपमा रहेका स्कन्धहरू जति छन् तिनैलाई उपादान स्कन्धहरू भनिने हो। अरहन्त नभएका व्यक्तिहरूको निम्ति स्कन्धहरू अझै उपादान स्कन्धहरू हुन्छन्। हामी देहलाई आत्मा भनी थान्दछौं र यसरी हामी रूप स्कन्धमा आशक्त हुन्छौं। हामी चित्त प्रवृति वा मानसिक शक्तिलाई आत्माको रूपमा ग्रहण गर्दछौं र यसरी हामी वेदना स्कन्ध, संज्ञा स्कन्ध, संस्कार स्कन्ध र विज्ञान स्कन्धप्रति अनुरक्त हुन्छौं। स्कन्धहरूलाई यथार्थ रूपमा नजाने नबुझेसम्म र ती स्कन्धहरूमै टाँस्सिएर हामी रहेसम्म हामीलाई दुःख भइरहने छ। स्कन्धहरू हाम्रा लागि जबसम्म तृष्णाका आलम्वनहरू अर्थात् उपादान स्कन्धहरू हुन्छन्, हामी रोगबाट पीडित व्यक्तिहरू जस्तै मात्र हुन्छौं।

हामी संयुक्त निकाय (खन्ध वर्ग, खन्ध संयुक्त, भाग १, नकुलपितासुत्त) मा पढ्छौं:–

एक समय भगवान् भर्ग देशमा सुंसुमारगिरिको भेस-कला-वन मृगदावमा विहार गरिरहनु भएको थियो।

त्यस बखत एक जीर्ण र वृद्ध गृहपति नकुलपिता जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ आएर एक छेउमा वसे। भगवान बुद्धले उसलाई धर्मोपदेश गर्दै भन्नु भयो-"गृहपति! ...तिमीले यसरी सिक्नु पर्छ–

"मेरो शरीर बिमारी (आतुर) भए पनि मेरो चित्त विरामी (आतुर) हुने छैन।" त्यसपछि जिन भाषित वचनहरूको विशेष व्याख्यान गर्दै सारिपुत्रले गृहपतिलाई सम्झाउनु भयो:–

"गृहपति! शरीर विरामी (जीर्ण) भएपछि चित्त पनि बिरामी (जीर्ण) कसरी हुन्छ? गृहपति! कोही पृथक्जन, अविद्वान्, आर्य-हरूलाई नदेख्ने, आर्य धर्मलाई नजान्ने, आर्य धर्ममा विनीत नभएका, सत्पुरुषहरूलाई नदेख्ने, सत्पुरुषहरूको धर्म नजान्ने, सत्पुरुषकहरूको धर्ममा विनीत नभएका, व्यक्ति रूपलाई आत्मभाव (आफ्नोपना) को दृष्टिले हेर्दछ, अथवा रूपवान्‌लाई आफ्नो वा आफूमा रूपलाई वा रूपमा आफूलाई हेर्दछ। म रूप हुँ, मेरो रूप हो भन्ने मनमा ल्याउँछ। त्यस व्यक्ति जुन रूपलाई आफूमा र आफ्नो भन्ने सम्झन्छ त्यस रूप विपरिगत हुन्छ, वदलेर जान्छ। त्यस रूपको विपरिणत र अन्यथा भएर गएबाट त्यस व्यक्तिलाई शोक, रूनु-कराउनु, दु:ख, दौर्मनस्य र उपायास हुन्छ।

वेदनालाई आफ्नोपन (आत्मभाव) को दृष्टिले हेर्दछ...।

संज्ञाहरू..., संस्कारहरू..., विज्ञानलाई आफ्नोपनको दृष्टिले हेर्दछ... (संज्ञा, संस्कार जस्तै) त्यस विज्ञानको विपरिणत र अन्यथा भएर गएपछि उसलाई शोक परिदेव (रूनु-कराउनु) दु:ख, दौर्मनस्य र उपायास हुन्छ। गृहपति! यसरी शरीर विरामी भएपछि चित्त विरामी (आतुर) भएर जान्छ। गृहपति! शरीर जीर्ण भएपछि चित्त आतुर कसरी हुन्न त?

गृहपति! कोही विद्वान् अभिश्रावक, आर्यहरूलाई देख्ने, आर्यहरूको धर्मलाई जान्ने, आर्यहरूको धर्ममा सुविनीत... सत्पुरुष-हरूको धर्ममा सुविनीत हुन्छन्। त्यस्तो व्यक्तिले रूपलाई आफ्नोपन (आत्मभाव)को दृष्टिले हेर्दैन... वेदनालाई....संज्ञालाई...संस्कार-लाई ... विज्ञानलाई आत्मभावको दृष्टिले हेर्दैन। त्यसैले रूप, वेदना-संज्ञा, संस्कार, वेदना इत्यादिको विपरिणत र अन्यथा भएर गएमा

पनि त्यस व्यक्तिलाई शोक, परिदेव (रूने-कराउने) दुःख दौर्मनस्य र उपायासादि हुँदैन ।

गृहपति ! यसरी शरीर जीर्ण भए पनि चित्त जीर्ण हुंदैन ।..."

जवसम्म हामीहरू स्कन्धहरूप्रति अनुरक्त भई टाँस्सिएका हुन्छौं तवसम्म हामीहरू बिरामी मान्छेहरू जस्तै हुन्छौं । स्कन्धहरूलाई यथार्थ रूपमा जान्ने हो भने हामी हाम्रो बिमारीबाट निको हुन सक्छौं । स्कन्धहरू अनित्य हुँदा दुःख हुन् । तिनीहरू साँच्चिकै सुख होइनन् । संयुक्त निकाय (खन्ध वर्ग चूल पण्णासक, अन्त वर्ग, दुःखसुत्त) मा भिक्षुगणलाई भगवान बुद्धले चतुरार्य्य सत्यको बारेमा दिनु भएको उपदेश पढ्छौं । उहाँले भन्नुभयोः–

"भिक्षुहरू! म तिमीहरूलाई दुःख, दुःख समुदय, दुःख निरोध तथा दुःख निरोध गामिनी प्रतिपदा मार्ग सम्बन्धमा उपदेश दिन्छु । राम्ररी ध्यान दिएर सुन ।

"भिक्षुहरू ! दुःख के हो ? पंच उपदान स्कन्ध दुःख हो । के के पाँच ? रूप उपादान स्कन्ध, वेदना उपादान स्कन्ध, संज्ञा उपादान स्कन्ध, संस्कार उपादान स्कन्ध र विज्ञान उपादान स्कन्ध । भिक्षुहरू यही पंच उपादान स्कन्धलाई दुःख भनिन्छ ।

के हो, भिक्षुहरू ! दुःख समुदय ? यो त्यही तृष्णा हो जसले पुनर्जन्मतिर लैजान्छ... काम-तृष्णा,... भव-तृष्णा,... विभव तृष्णा तिर लिएर जान्छ...। यसैलाई भिक्षुहरू ! दुःख समुदय भनिन्छ ।

के हो, भिक्षुहरू! दुःख निरोध ? त्यही तृष्णाबाट सर्वथा वैराग्य, त्यस तृष्णाको सर्वथा निरोध, त्याग, प्रतिनिस्सर्ग, मुक्ति, अन-आलय नै दुःख निरोध हो । यसैलाई भिक्षुहरू, दुःख निरोध भनिन्छ। अनि भिक्षुहरू ! दुःख निरोध गामिनी प्रतिपद् के हो ? त्यो यही आर्याष्टाङ्गिक मार्ग हो । ...यही दुःख निरोधगामिनी प्रतिपद् (मार्ग) हो ।"

जबसम्म स्कन्धहरू प्रतिको उपादान रहिरहन्छ तवसम्म पुनर्जन्ममा स्कन्धहरूको उत्पति रहिरहने छ र यसको मतलव हो दु:ख । हामीले अष्टाङ्गिक मार्गलाई अभ्यास गऱ्यौं भने स्कन्धहरू यथार्थमा के हुन् भन्ने कुरा जान्न बुझ्न हामीले सिक्नेछौं । अनि मात्र हामी दु:ख निरोधगामिनी प्रतिपद्‌मा रहन्छौं र त्यसको अर्थ हो जाति, जरा, व्याधि र मृत्युको अन्त्य । सम्वोधिको अन्तिम चरण जुन अरहन्तको अवस्था हो, सो चरणसम्मलाई प्राप्त गरिसकेकाहरू आफ्नो वर्तमान जीवन अवधि सकिएपछि स्कन्धहरूवाट सर्वथा मुक्त हुन्छ।

मनन गर्न योग्य प्रश्नहरू

१) नाम धातु कुन कुन परमार्थ धर्महरूमा आउँछन् ?
२) ससंस्कृत धर्महरू कुन कुन परमार्थ धर्महरू हुन् ?
३) असंखत धम्म वा असंस्कृत धर्म कुन चाहिं परमार्थ धर्म हो ?
४) कुन कुन ससंस्कृत धर्महरू नाम धातु हुन् ?
५) के सबै चैतसिकहरू संस्कार स्कन्ध हुन् ?
६) के वेदना चैतसिक स्कन्ध हो ?
७) के संज्ञा चैतसिक स्कन्ध हो ?
८) के शारीरिक दु:ख वेदना विपाक हो ?
९) के मानसिक दु:ख वेदना (दौर्मनस्य) विपाक हो ।
१०) कुन कुन स्कन्ध नाम हुन् ?
११) के चक्षु विज्ञान स्कन्ध हो ?
१२) के "पुद्‌गल" भन्ने प्रज्ञप्ति पनि स्कन्ध हो ?
१३) के शब्द स्कन्ध हो ?
१४) स्कन्ध कुन कुन परमार्थ धर्महरू हुन् ?

परिच्छेद–३

चित्तका अनेक पक्षहरू

भगवान् बुद्धले यस जगतमा जति पनि सत्य धर्म छन् ती सबैको विषयमा उपदेश दिनु भयो । उहाँले उपदेश दिनु भएको धर्मलाई हामीले आ-आफ्नो अनुभवबाट सिद्ध गर्न सक्छौं । तथापि आँखा, कान, नाक, जिब्रो, देह र मन मार्फत देखापर्ने नाम र रूप जस्ता हाम्रा आ-आफ्ना दैनिक व्यवहारमा उपस्थित हुने सर्वसामान्य स्वभाव धर्महरूलाई पनि जान्ने बुझ्ने र अनुभव गर्ने कुराका अभ्यस्त भने हामी छैनौं । मुख्यतः हामीहरू केवल बितिसकेका कुरामै मात्र अभिरूचि लिने खालका देखिन्छौं । किन्तु जीवन के हो भन्ने कुरालाई यथार्थ रूपमा जान्नु छ भने हामीले तत्काल उत्पन्न हुने जीनवका स्वभाव धर्महरू बारेमै बढी जान्नु पर्छ र यस्ता धर्महरू उत्पन्न हुनासाथ हामी एकदम सजग सचेत बन्नु पर्दछ । अनि मात्र यथार्थ रूपमा जीवनको वास्तविकतालाई पत्ता लगाउन सक्नेछौं ।

भगवान् बुद्धले चित्तको बारेमा अनेक बार ब्याख्या गर्नु भयो । चित्तहरू सत्य हुन् कि होइनन् भन्ने कुरामा हामीलाई सन्देह रहन सक्छ। चित्तहरू छन् भन्ने कुरालाई हामी कसरी प्रमाणित गर्न सक्छौं त ? रूप मात्र भएर नाम धातु रहित हुने कुरा पनि कहीं सम्भव त छैन ? हाम्रो आफ्नो जीवनमा यस्ता घेरै कुराहरू हुन्छन् जसलाई हामी स्वतः अपनाइराखेका हुन्छौं, जस्तो हाम्रो घर,खाना कपडाहरू, हामीले दिनहुँ प्रयोग गर्ने गरेका ज्यावलहरू। यी वस्तुहरू आफैं स्वतः उत्पन्न हुँदैनन् । तिनीहरूलाई चिन्तनशील मन, चित्तद्वारा

अस्तित्वमा ल्याइएका छन् । चित एउटा मानसिक धर्म-नाम हो, कसले केही कुरालाई जान्दछ वा अनुभव गर्दछ । केही पनि चीजलाई अनुभव नगर्ने भौतिक धर्म-रूप जस्तो कुरा चित्त होइन । हामी एक जना गीतकारले रचना गरेको संगीत सुन्दछौं । त्यो संगीतलाई रचना गर्ने विचार चित्तको हो, त्यो गीतकारको हातलाई चलाउन लगाई संगीतको रचना गर्न लगाउने कार्य पनि चित्तकै हो । चित्त नभएको भए त्यो संगीतकारको हात चल्नै सक्तैनथ्यो ।

चित्त निकै शक्तिशाली हुन्छ । यसले अनेकन भिन्न भिन्न परिणामहरूलाई हासिल गर्न सक्दछ । अर्थ सारिणीमा चित्तको विचित्रताको बारेमा यसरी चर्चा गरिएको छ :–

चित्तले कार्यमा अनेकन प्रकारका परिणामहरू उत्पन्न गर्दछ। विश्वमा चित्रकलाभन्दा बढी विचित्र अथवा रंगीन कला अर्को कुनै पनि कला छैन । सबै चित्र मध्येमा चित्रकारको अत्युतम (उत्कृष्ट) रचना बढी कलात्मक हुन्छ । यस्ता उत्कृष्ट रचनाका चित्रकलाहरू-का मनमा यस यस प्रकारका चित्रहरू यस यस तरीकाले बनाउनु पर्छ भन्ने कलात्मक नमूना उत्पन्न हुन्छ । यही कलात्मक नमूनाको माध्यमद्वारा रूपरेखाको खाका कोर्ने, चित्रमा सो खाकालाई उतार्ने, त्यसमा संभाए गर्ने र त्यसलाई शृंगार गर्ने जस्ता मनका क्रियाहरू अथवा कलात्मक क्रियाहरू उत्पन्न हुन्छन् ।.... यसरी सामान्य होस् वा विशिष्ट, संसारमा जति पनि किसिमका कलाहरू छन्, ती सबै चित्त-द्वारा नै हासिल गरिन्छन् । यसरी कार्यमा अनेकन प्रकारको नतिजा पैदा गर्न सक्ने क्षमता भएकै कारणले गर्दा सम्पूर्ण कलाहरू जस्तै ती सबै प्रकारका कलाहरूलाई प्राप्त गर्ने मन वा चित्त स्वयं पनि कलात्मक हुन्छ । त्यति मात्र होइन, चित्त स्वयं कलाभन्दा पनि बढी कलात्मक हुन्छ । किनभने कला आफैं प्रत्येक किसिमका डिजाइनलाई पूर्ण रूपमा कार्यान्वयन गर्न सक्तैन। यही कारणले गर्दा नै भगवान-ले भन्नु भएको छः–

"भिक्षुहरू ! चित्रकलाको उत्कृष्ट चित्रलाई देखेका छौ ?"

"छ भन्ते !"

"भिक्षुहरू ! चित्रकारीको त्यो उत्कृष्ट चित्र पनि चित्रद्वारा नै चित्रित गरिन्छ । चित्रकारी आफ्नो चित्तबाटै विचार गरी गरिकन ती चित्रहरूलाई चित्रित गर्दछ । अर्थात् चित्रभन्दा चित्त नै बढी कलात्मक हुन्छन्।" त्यति मात्र कहाँ हो र। देवलोक, मनुष्य लोक, नरक, तिर्यक योनी जस्ता विचित्र चेतनशील जीवहरू सबैका अंगहरू जस्तै कर्म, रूप, विचार, भाषा इत्यादि सबै मनैबाट निर्मित भएका हुन्छन् । दान, पुण्य, क्रूरता, ठगी जस्ता विभिन्न कुशल अकुशल कर्महरू सबै पनि मनद्वारा नै पूर्ण गरिन्छ ।....

अनेकन रंगी विरंगी विचित्र विचित्र कुराहरू चित्तद्वारा पूर्ण गरिन्छन् । यसको कारण के हो भने चित्त पनि एउटै किसिमको मात्र होइन, अनेकन भिन्न भिन्न प्रकारका चित्तहरू हुन्छन् । भिन्न भिन्न व्यक्तिहरूको भिन्न भिन्न प्रकारकै चित्तहरू हुन्छन् । मानिसहरू कति भिन्न भिन्न छन् भन्ने कुरा हामी देख्न सक्छौं । दुईजना व्यक्तिले एउटै उही कुरा बनाउन खोजे पनि नतिजा बिल्कूल फरक फरक नै हुन आउँछ । उदाहरणार्थ दुईजना व्यक्तिले उही रूखको चित्र लेख्यो भने ती दुइटाले बनाएका चित्रहरू उही एउटै किसिमका हुँदैनन् । यसको कारण के हो भने चित्तहरू नै भिन्न भिन्न छन् । व्यक्तिहरूमा पनि भिन्न भिन्न गुणहरू तथा क्षमताहरू हुन्छन् । कुनै व्यक्तिलाई आफ्ना अध्ययन कार्यहरूमा कुनै किसिमको कठिनाई रहन्न भने अरू व्यक्तिहरू कतिले त अध्ययन गर्नै नसक्ने पनि हुन्छन् । त्यस्तै मानिसहरूमा अलग अलग रूचि भन्ने कुरा छन् । एउटा व्यक्तिलाई जे कुरा मन पर्छ अर्को व्यक्तिलाई त्यो कुरा मन नपर्ने पनि हुन्छ । यसरी चित्तहरू कतिसम्म भिन्न हुँदो रहेछन् भन्ने कुरा हामी थाहा पाउँछौं । चित्तहरू नियन्त्रणभन्दा परका कुरा हुन् । प्रत्येक चित्तको

आफ्नै हेतुहरू हुन्छन् जुन हेतुद्वारा मात्र तिनीहरू उत्पति हुन्छन् ।

मानिसहरू पनि आपसमा एक अर्कादेखि यतिका फरक किन हुन्छन् ? त्यसको कारण के हो भने तिनीहरूको भिन्न भिन्न संस्कारहरू हुन्छन् । मानिसहरूको जीवनमा विभिन्न अनुभवहरू प्राप्त भएका हुन्छन् र यसरी अनेक प्रवृतिहरू चित्तमा संचित हुन पुग्छन्। एउटा कुनै केटोलाई वाल्यावस्थादेखि नै त्यागी र उदार बन्न सिकाइएको छ भने त्यस केटोले त्याग र उदारता नै संचित गरेको हुन्छ। जो मानिसहरू छिटो छिटो रिसाउँछन्, तिनीहरू थुप्रै द्वेषलाई संचित गर्दछन् । हामी सबैले अनेकन प्रवृतिहरू र झुकाउहरू र अनेकन रूचीहरूलाई संचय गरेका छौं ।

हामी सबैले अकुशल क्लेशहरू संचित गरेका छौं । लोभ, द्वेष, मोह इत्यादिलाई क्लेश भनिन्छ। क्लेशका अनेकन मात्राहरू हुन्छन्, यथा सूक्ष्म क्लेश अथवा अनुशयहरू, मध्यम क्लेश र स्थूल क्लेश। क्लेश सूक्ष्म हुँदा यो चित्तसंगै उत्पति हुँदैन, बल्की चित्तमा अनुशय (अर्थात् लुप्त प्रवृति)को रूपमा यो संचित रहन्छ । हामी निदाइरहेको तर केही पनि स्वप्न नदेखिरहेको अवस्थामा अकुशल चित्तहरू भने हुँदैनन् तब अकुशल (अर्थात् लुप्त प्रवृत्ति) को रूपमा क्लेश भने त्यस वखतमा पनि विद्यमानै हुन्छ । जब हामी निद्राबाट विउझन्छौं, अनि फेरि अकुशल चित्तहरू उत्पति हुन्छन् । त्यसैले त्यहाँ प्रश्न स्वभावत: खडा हुन्छ, यदि प्रत्येक चित्तमा क्लेश संचित नभएको भए कसरी ती क्लेशहरू निस्के त ? त्यसैले हामीले के थाहा पाउँछौं भने चित्त अकुशल नरहेको अवस्थामा पनि क्लेशको अनुशय रहिनै रहेको हुन्छ। जबसम्म प्रज्ञाद्वारा क्लेश निर्मूल गरी सकिन्न तबसम्म चित्तमा क्लेशको अनुशय रहिरहन्छ । चित्त साथै उत्पति हुने भएकोले मध्यम क्लेश भनेको सूक्ष्म क्लेशभन्दा भिन्न कुरा हुन आउँछ। लोभ, द्वेष र मोह मूल चित्तहरूका साथै मध्यम क्लेशको उत्पति हुन्छ । उदाहरणको लागि भन्ने हो भने मध्यम

क्लेश भनेको आफूले देखेको, सुनेको वा काया इन्द्रीयद्वारा स्पर्श गरिएको कुरा प्रतिको अनुराग (लोभ) हो, अथवा आफूले अनुभव गरेका आलम्वनहरू प्रतिको द्वेष, भाव हो। मध्यम क्लेशले अकुशल कर्महरूलाई प्रवृत्त गर्दैन । तर प्राणी हत्या, पैशून्य बचन र अदत्ता दान जस्ता कृत्यहरू काय, वाक्य र चित्तद्वारा सम्पादन गरेर स्थूल क्लेशहरूले अकुशल कर्महरूको हेतु श्रृजना गर्दछन् वा अकुशल कर्महरू गराउँछन्। कर्म भनेको एउटा मानसिक धर्म हो र यसलाई संचित गर्न सकिन्छ। मानिसहरू अनेक क्लेश तथा अनेक कर्मको संचय गर्दछन् ।

कर्मका अनेक संचितिहरू नै जीवनमा हुने अनेक परिणामहरू-का लागि हेतु हुन् । यही नै कर्म र विपाकको नियम हो, हेतु र प्रत्ययको सिद्धान्त हो । मानिसहरू भिन्न भिन्न परिस्थितिहरूमा जन्मिने कुरा हामी देख्छौं । कोही मानिसहरू अनुकूल वातावरण-हरूमा जन्मन्छन् र तिनीहरू आफ्ना जीवनमा घेरै सुखकर अनुभव-हरू प्राप्त गर्दछन् । अरू मानिसहरूको अक्सर गरेर प्रतिकूल अनु-भवहरू नै हुने सम्भावना रहन्छन् । तिनीहरू दरिद्र हुन्छन् या तिनीहरू खराव स्वास्थ्य वा रोगवाट पीडित रहन्छन् । अपर्याप्त पोषणवाट पीडित भएका वालवालिकाहरूको वारेमा कुरा सुन्दा हामीलाई अचम्म लाग्छ कि अरू केटाकेटीहरूलाई चाहिए जति कुरा उपलब्ध हुन्छन् भने तिनीहरूले मात्र यसरी किन दुःख पाउनु परेको होला । भगवान् बुद्धको उपदेशानुसार यस संसारमा प्रत्येकले आफ्नै कर्मको फल मात्र भोग गर्दछ । । अतीतमा गरिएको कर्मले पछि पनि आफ्नो फल दिन सक्छ। किनभने अकुशल कर्म र कुशल कर्म दुवै संचित रहन्छन् । अनि उपयुक्त अवस्थाहरू खडा हुनासाथ ती कर्मको विपाकको रूपमा फल उत्पति हुन सकिन्छ। 'फल' वा "नतिजा" शब्दलाई प्रयोग गर्दा मानिसहरू अरू जनताको निमित्त आफ्नो कार्यहरूको नतिजा भन्ने कुरा विचार गर्न सक्लान् तर

"विपाक"को अर्थमा फलको भिन्नै अर्थ हुन्छ । विपाक चित्त भनेको यस्तो चित्त हो जुन चित्तले केही दुःखकर वा केही सुखकर कुरालाई अनुभव गर्दछ । यो चित्त हामीले आफैले गरेको कर्मको फल हो। किन्तु हामीहरू भने आत्माद्वारा दुःखकर वा सुखकर कुराको अनुभव गरिन्छ भन्ने सोच्ने कुराको अभ्यस्त छौं । वास्तवमा आत्म नामक कुनै वस्तु छैन, छन् केही भने विभिन्न कुराहरूलाई अनुभव गर्ने अनेक चित्तहरू मात्र छन्, आतमा होइन केही चित्तहरू हेतु हुन्छन्। तिनीहरूले कुशल वा अकुशल कर्महरूलाई प्रवृत गर्न सक्छन् । केही चित्तहरू फल वा विपाक हुन्छन् । हामीले कुनै दुःखदायक कुराको अनुभव गर्दा त्यो आत्माले अनुभव गर्ने होइन। त्यो त हामीले यसै जन्ममा वा पूर्वजन्ममा गरेको अकुशल कर्मको फल हो । यस प्रकारको चित्त अकुशल विपाक हो । हामीले कुनै सुखको अनुभव गर्दा त्यो कुशल विपाकवाला चित्त हो जुन हामीले गरेकै कुशल कर्मको फल हो । पाँच इन्द्रीयहरूमध्ये कुनै पनि इन्द्रीयबाट प्रत्येक बार कुनै प्रिय आलम्बनलाई अनुभव गर्दाको क्षण कुशल विपाक हो ।

कुनै एक जवान मान्छेले कसैलाई हिर्काएको छ भने त्यो हिर्काइ मा‍ग्ने व्यक्तिले महशूस गर्ने पीडा जो छ त्यो हिर्काउनेले गरेको कर्मको विपाक होइन । किनभने एउटाले गरेको कर्मको फल अर्कोले भोग गर्ने होइन । तसर्थ त्यो हिर्काइ माग्ने व्यक्तिले महशूस गरेको पीडा त्यस व्यक्ति स्वयंले पहिले गरेको कर्मको विपाक मात्र हो जुन अकुशल विपाक काया-इन्द्रीय मार्फत उसले भोग गर्दछ । त्यो हिर्काउने व्यक्तिको कार्य त केवल हिर्काइ माग्ने व्यक्तिको कष्टको समीप कारण मात्र हो अथवा भनौं तात्कालिक हेतु मात्र हो । त्यस घडीमा विपाक उत्पति हुनको निमित्त त्यो कार्य (हिर्काउने) एउटा हेतु मात्र हो, अवस्था सम्म हो । त्यो अर्को व्यक्तिलाई अकुशल कार्य गर्न लगाउने त्यहाँ एउटा अकुशल चित्त थियो । केही अघि वा पछि अथवा ढिलो वा चाँडो त्यो हिर्काउने

व्यक्तिले पनि उसको आफ्नै अकुशल कर्मको फल भोग्ने नै छ । यसरी हामीमा कर्म र विपाक वारेमा वढी समझदारी रहेमा हामीले हाम्रा जीवनका धेरै घटनाहरूलाई अझ वढी स्पष्ट रूपमा जान्ने बुझने छौं ।

अट्ठसालिनीमा व्याख्या गरिएको छ कि विभिन्न व्यक्तिहरूको कर्मले जन्मको अवस्थामा र जीवन पर्यन्त नै विभिन्न फलहरूलाई जन्माउँछ । त्यति मात्र होइन, व्यक्तिका शारीरिक वनौट नै पनि कर्मकै फल हुन्। त्यसमा भनिएको छः-...कर्मकै भेदको कारणले गर्दा सबै प्रकारका जीवहरूका भाग्यमा भेद रहन्छन्। कर्मकै भिन्नताको कारणले गर्दा उंचा र नीचा, निन्दित र प्रशंसित सुखी र दुःखी प्राणीहरूको जन्मको भेद रहेका हुन्छन् । कर्मकै विभेदले गर्दा राम्रा र नराम्रा, कूलीन वा चाण्डाल, रूपवान् वा कुरूप जस्ता प्राणीहरूका व्यक्तिगत रूपहरूमा भिन्नता देखापर्छन् । कर्मकै विभिन्नताको कारणले गर्दा नै प्राणीहरूको लौकिक अवस्थाहरू जस्तो लाभ र हानी, यश र अपयश, निन्दा र प्रशंसा, सुख र दुःखमा विभिन्नता रहेका छन् ....।"

अझ अगाडि यसरी पनि भनिएको छः—

कर्मद्वारानै संसार चल्छ, कर्मद्वारा मानिसहरू
बाँच्छन् र कर्मद्वारा सारा सत्वहरू बाँधिएका छन्,
जस्तो गुडिरहेको रथको चक्का यसको किलाद्वारा
बाँधिएको हुन्छ ।
(सुत्त निपात, ६५४)

भगवान बुद्धको उपदेशानुसार हेतुकै कारणले जुनसुकै कुरा उत्पति हुन्छ । मानिसहरू शारीरिक रूपरेखा वा स्वरूप र चरित्रमा त्यतिका भिन्न भिन्न छन् भने त्यस्तो कुरा संयोगवश भएको होइन, नत संयोगको कारणले गर्दा मानिसहरू त्यसरी भिन्न भिन्न

परिस्थितिमा जिउंछन् । मान्छेको त के कुरा, पशुहरूको शारीरिक स्वरूपको भिन्नता समेत भिन्न भिन्न कर्मकै कारणले भएका हुन्। पशुहरूमा पनि चित्त हुन्छन्, तिनीहरू राम्ररी पनि व्यवहार गर्न सक्छन्, नराम्ररी पनि व्यवहार गर्न सक्छन् ।यसरी तिनीहरू पनि विभिन्न फलहरूलाई पैदा गर्ने विभिन्न कर्म संचित गर्छन् । प्रत्येक कर्मले आफ्नै फललाई पैदा गर्छ भन्ने कुरालाई हामीले राम्ररी बुझेको खण्डमा हामीलाई सम्पन्न परिवार वा घरानामा जन्मेकोमा वा हामीलाई आदर, गौरव र अन्य प्रिय वस्तुहरू उपलब्ध भएकोमा गर्व गर्ने कारण छैन भन्ने कुरा हामीले बुझने छौं । हामीले दुःख भोग्नु पर्दा पनि हामी के बुझने छौं भने यो दुःख जो हो आफ्नै कर्मले गर्दा नै भएको हो । यसो भएमा हामी आफ्नो दुःखको निम्ति अरूलाई दोषारोपण गर्ने वा अरूले सुख भोग गर्दा ईर्ष्यालु बन्ने प्रवृतितिर कमै झुक्ने हुन्छौं । यसरी धर्मलाई यथार्थ रूपमा बुझदा हामीलाई के थाहा हुन्छ भने सुखको अनुभव गर्ने वा दुःख भोग गर्ने आत्मा होइन, बल्कि यो त हेतुको कारण उत्पति भई तुरून्तै निरूद्ध हुने विपाक मात्र रहेछ, चित्त मात्रै रहेछ ।

उस्तै उस्तै वातावरणहरू र परिस्थितिहरूमा जन्मेका व्यक्तिहरूले पनि भिन्न भिन्न रूपमा व्यवहार गर्ने गरेको हामी यस संसारमा देख्छौं । जस्तो उदाहरणको लागि सम्पन्न घरानाहरूमा जन्मेका व्यक्तिहरूमध्ये कोही कंजूस हुन्छन्, कोही हुँदैनन् । सम्पन्न कूलमा जन्मिनु चाहिं कुशल कर्मको फल हो तर कंजूसीपना वा कृपणता बन्ने उसको संचित क्लेशहरूको कारणले हुने हो । कर्मले गर्दा कोही खास परिस्थितिमा जन्मन्छन् तर संचित क्लेशहरूले उसको चरित्र निर्माण गरेको हुन्छ ।

हामीलाई वर्तमान जीवनकै मात्र अनुभव हुने भएकोले हामीमा पूर्व जन्महरू र पुनर्जन्मका विषयमा शंका उपशंकाहरू रहन

सक्छ । तथापि वर्तमान जीवनमा विभिन्न व्यक्तिहरूले विभिन्नै फलहरू भोग गरेको कुरा हामी देख्छौं । यी फलहरूको हेतु निश्चय पनि भूतकाल भइरहेको हुनुपर्छ । अतीतले वर्तमानको स्वरूप तयार गर्छ र हामीले अहिले गरेका कर्महरूले अनागतमा फल पैदा गर्नेछन्। वर्तमानलाई जानेर बुझेर हामी अतीत र अनागतको वारेम वढी जान्न बुझ्न सक्षम हुनेछौं ।

भूत, वर्तमान र भविष्यका जीवनहरू चित्तहरूको एउटा अटूट शृंखला हुन्। हरेक चित्त उत्पति हुनासाथै तुरून्तै भङ्ग (निरोध) हुन्छ र त्यो भङ्ग हुने चित्तको लगतैपछि अर्को चित्त उत्पति भइहाल्छ । चित्तहरू स्थिर रहिरहँदैनन् तर त्यसो भनेर चित्त नभएको क्षण कुनै क्षण पनि हुँदैन । चित्त नभएमा देह त मृतलाश भइहाल्छ। हामी मस्त निद्रामा सुतेको बेलामा पनि त्यहाँ चित्त त रहिनै रहन्छ । एउटा निरूद्ध हुने चित्तनै अर्को चित्त उत्पति हुने हेतु हुन्छ । यही क्रममा यस जीवनको अन्तिम चित्तले अर्को जन्मको प्रथम चित्त–प्रतिसन्धि चित्तलाई उत्पति गर्दछ । यसरी हामी के देख्छौं भने जीवन अगाडि वढिरहन्छ । हामीहरू एउटा चक्रमा घुमिरहेका छौं र त्यो चक्र हो जन्म र मृत्युको ।

अघिल्लो चित्त निरूद्ध नभएसम्म अर्को चित्त उत्पति हुनै सक्तैन । एक समयमा चित्त भनेको एउटै मात्र हुन सक्छ तर चित्तहरू यति छिटो छिटो उत्पति भएर विनाश भएर जान्छन् कि मान्छेलाई एक समयमा एउटाभन्दा वढी पनि चित्त हुन सक्छ भन्ने धारणा रहन जान्छ । जस्तो हामी सोचौंला कि हामी उही क्षण हेर्ने र सुन्ने काम दुबै गर्न सक्छौं तर वास्तविकता के हो त भने यी चित्तहरू भिन्न भिन्न घडीहरूमा उत्पति हुन्छन् । हामीले हाम्रो आफ्नै अनुभवबाट पनि पत्ता लगाउन सक्छौं कि दर्शन (हेर्ने चित्त) एउटा छुट्टै प्रकारको चित्त हो जुन श्रोत (सुन्ने चित्त) भन्दा

एकदमै भिन्न छ। यी चित्तहरू भिन्न भिन्न हेतुहरूको कारणले गर्दा उत्पति हुन्छन् र भिन्न भिन्न आलम्बनहरूलाई नै यिनीहरू अनुभव गर्दछन्।

केही कुराको अनुभव गर्ने चित्त हो र यसले आलम्वन वा गोचरलाई अनुभव गर्दछ। प्रत्येक चित्तले एउटा गोचरलाई अनुभव गर्नै पर्दछ। गोचर बिनाको कुनै चित्त रहन सक्तैन। चित्तहरूले आँखा, कान, नाक, जिब्रो, काय र मनका छ वटा द्वारहरू मार्फत भिन्न भिन्न आलम्बनहरू वा गोचरहरूलाई अनुभव गर्दछन्। चक्षुद्वारमा उत्पति हुने गोचरलाई अनुभव गर्ने चित्त नै दर्शन हो। यसरी देखिने गोचरको निमित्त हामीले "रंग" भन्ने शब्द प्रयोग गर्न सक्छौं तर यसलाई "रंग" नै भनी नामकरण गर्नुपर्ने कुनै जरूरत छैन।। जव "रंग" ले चक्षु इन्द्रीयमा स्पर्श गर्छ, अनि दर्शन (हेर्ने चित्त) को निमित्त हेतुहरू रहन्छन्। हामीले दुवै आँखा मुड्दा केही कुरा देखिदैन। किनभने त्यस अवस्थामा हेर्ने-चित्तको निमित्त आवश्यक आधारहरू हुन्नन्। हेर्नु भन्नु देखिएको बस्तु प्रति चिन्तन गर्ने कुराभन्दा भिन्नै कुरा हो। किनभने देखिएको गोचरप्रति चिन्तन गर्नु एक प्रकारको चित्त हो जुन चित्तले मनोद्वार मार्फत केही कुराको अनुभव गर्दछ। त्यस्तै श्रोत दर्शनदेखि सर्वथा भिन्न चित्त हो। यसको अलग्गै हेतुहरू हुन्छन् र यसले भिन्नै गोचरलाई अनुभव गर्दछ। जव शब्दले श्रोतेन्द्रीयमा स्पर्श गर्दछ तव शब्दलाई अनुभव गर्ने चित्तको निमित्त आवश्यक आधारहरू रहन्छन्। प्रत्येक चित्त उत्पति हुनको निमित्त उपयुक्त अवस्थाहरू वा हेतुहरू हुनु आवश्यक हुन्छ। हामी कानले सुंघ्न र आँखाले स्वाद लिन सक्तैनौं। सुंघ्ने चित्तले नाकद्वारा नै गन्धको अनुभव गर्दछ। स्वाद लिने चित्तले जिब्रोकै मार्फत रसानुभूति गर्छ। शारीरिक स्पर्शलाई अनुभव गर्ने चित्तले स्पर्शलाई काया-इन्द्रीय मार्फत नै मात्र थाहा पाउँछ। चिन्तन गर्ने चित्तले मनोद्वार मार्फत अनेक प्रकारका भिन्न भिन्न गोचरहरू-

लाई जान्दछ । कुनै एक समयमा एउटै मात्र चित्त हुन सक्ने भएकोले एक समयमा एउटै मात्र गोचरलाई अनुभव गर्न जान्न सकिन्छ । यो चित्तको स्वभाव धर्म हो ।

सिद्धान्तको तवरबाट पनि हामी के बुझन सक्छौं भने देख्ने चित्तको लक्षण सुन्ने चित्तको लक्षणभन्दा भिन्न हुन्छ र त्यो श्रवण चित्त फेरि आफै केही चीज पनि जान्न अनुभव गर्न नसक्ने रूप धातुभन्दा एकदम भिन्नै हुन्छ । यसरी जान्नु हाम्रो लागि बिल्कुलै साधारण कुरा जस्तो देखिन सक्छ किन्तु स्वयं आपनो अनुभवद्वारा सत्यलाई जान्ने कुरा भने सैद्धान्तिक ज्ञानभन्दा सर्वथा भिन्न कुरा हुन आउंछ । किनभने सैद्धान्तिक ज्ञान त्यति गहिरो हुन्न र त्यसैले यस्तो ज्ञानले आत्मा सम्वन्धी धारणालाई निर्मूल गरेर फ्याँक्न सक्तैन । छ द्वारहरू मार्फत देखा पर्ने धर्महरू सम्वन्धमा पूर्ण सजग भएरै मात्र हामीले स्वयं हाम्रो आफ्नो अनुभवद्वारा वास्तविक सत्यलाई जान्ने छौं ।

हामीले अनुभव गर्ने आलम्वनहरू जति छन् । ती सबै हामी बसेकै यही संसार हो । हामीले हेर्दाको क्षणमा त्यो संसार रंग हो । रंगको संसार दिगो रहन्न । यो तुरुन्तै विनाश भएर जान्छ । हामी जब सुन्छौं, त्यो संसारनै शब्द हुन्छ तर यो पुनः विनाश हुन्छ । हामी आँखा, कान, नाक, जिब्रो काया-इन्द्रीय र मनोद्वारद्वारा अनुभव गरिने गोचरहरूप्रति मोहित हुन्छौं र त्यसैमा संलग्न हुन्छौं तर ती गोचरहरूमध्ये कुनै एउटासम्म गोचर पनि दिगो रहने होइन । यसको अर्थ हो हामीले अनुभव गरेका प्रत्येक वस्तु अनित्य छ । जुन अनित्य छ त्यसलाई आत्मा भनी ग्रहण गर्नु हुँदैन ।

अंगुत्तर निकाय (चतुक्क निपात, रोहितस्स देवपुत्र सम्बन्धी) मा भगवान श्रावस्तीमा अनाथपिण्डिकको जेतवनाराममा विहार गरिरहनु हुँदाको बखत रोहितस्स देवपुत्रले लोकको अन्तसम्म पुग्न

कुराको सम्बन्धमा भगबान बुद्धसंग प्रश्न गर्दा भगवानले दिनु भएको उपदेशको चर्चा गरिएको छ ।

रोहितस्स देवपुत्रले भन्नुभयो–"भन्ते ! जहाँ जन्म हुन्न, न जीवन (जाति) हुन्छ, न मृत्यु हुन्छ, न च्यूति हुन्छ तथा न उत्पति हुन्छ, त भन्ते ! के गमन गरेर संसार (लोक) को त्यस अन्तसम्म पुग्न सकिन्छ, त्यस अन्तलाई देख्न सकिन्छ अथवा त्यस अन्तलाई प्राप्त गर्न सकिन्छ ?"

"आयुष्मान्! जहाँ न जन्म हुन्छ, न जाति हुन्छ, न मृत्यु हुन्छ, न च्यूति हुन्छ तथा न उत्पति नै हुन्छ, गमन गरेर लोक (संसार) को त्यस अन्तसम्म पुग्न सकिन्छ, त्यसलाई देख्न सकिन्छ वा त्यस अन्तलाई प्राप्त गर्न सकिन्छ भनी म भन्दिन ।"

"भन्ते ! आश्चर्य छ । भन्ते ! यो अद्भुत छ । भन्ते ! भगवान्को यो कथन सुभाषित छ कि आयुष्मान् ! जहाँ न जन्म हुन्छ ,... गमन गरेर संसारको त्यस अन्तसम्म पुग्न सकिन्छ.... देख्न सकिन्छ वा.... प्राप्त गर्न सकिन्छ भनी म भन्दिन ।"

भन्ते ! म पहिले रोहितस्स नाउँको ऋषि थिएँ, ग्रामणी-पुत्र ऋद्धिमान्, आकाशगामी ।.... भन्ते ! त्यस बेला मेरो कदम यति ठूलो थियो कि जस्तो पूर्व समुद्रदेखि पश्चिम समुद्रको बीचको फासल थियो। भन्ते ! यस्तो चाल र यत्रो ठूला कदमवाला भएकोले मेरो मनमा हिंडेर नै संसारको अन्तसम्म पुग्छु भन्ने इच्छा उत्पन्न भयो। भन्ते ! मैले खान पिनलाई छाडी, दिशा-पिशावलाई छाडी तथा निद्रा र आलस्यलाई छाडी, सय वर्षको मेरो जीवन भएको म, सय वर्षसम्म बाँचेर, सय वर्षतक घुम्दैरहेर पनि लोकको अन्त्यसम्ममा पुगे विना नै बाटोमा नै मेरो मृत्यु भयो । भन्ते ! आश्चर्य छ। भन्ते! यो अद्भुत छ। भन्ते ! भगवान्को यो उक्ति सुभाषित छ कि आयुष्मान् ! जहाँ न जन्म हुन्छ.... गमन गरेर संसारको त्यस

अन्तसम्म पुग्न सकिन्छ, ...देख्न सकिन्छ,...प्राप्त गर्न सकिन्छ भनी म भन्दिन ।" "किन्तु आयुष्मान् ! म यो पनि भन्दिन कि संसारको अन्तसम्म नपुगीकनै दुःखका नाश हुन सक्छ। आयुष्मान् ! यही साढे तीन हात भरको लम्बा संज्ञा युक्त शरीरमा नै म लोक (संसार) को प्रज्ञप्ति गर्दछु, लोक–समुदयको, लोक–निरोधको र लोक निरोधतिर लैजानेवाला मार्गको प्रज्ञप्ति गर्दछु ।"

पाली गाथामा भनिएको छः–

गमनेन न पत्तब्वो लोकस्सन्तो कुदाचनं,
न च अप्पत्त्वा लोकंतं दुक्खा अत्थि पमोचनं ।।
तस्मा हवे लोकविदु सुमेधो
लोकन्तगु बुसित ब्रह्मचरियो,
लोकस्स अन्तं समितावी ञत्वा
नासिंसति लोकमिमं परञ्च ।।

अर्थात्

हिंडेर संसारको अन्तसम्म कहिल्यै पुग्न सकिन्न,
किन्तु संसारको अन्तसम्म पुगे बिना, दुःखबाट मुक्ति पनि पाइन्न ।।
तसर्थ जो बुद्धिमान छ, लोकको जानकार हुनुपर्छ,
लोकको अन्तसम्म पुगेको हुनुपर्छ, श्रेष्ठजीवन व्यतीत गर्ने हुनुपर्छ ।।
यस्तो शान्त पुरुष लोकको अन्तलाई जानेर इहलोक र परलोकमा कतै पनि आशक्त रहन्न ।

भगवान बुद्धले लोकजनलाई संसारको बारेमा उपदेश दिनु

भयो र संसारको अन्त अर्थात् दु:खको अन्तमा पुग्ने मार्ग पनि बताउनु भयो । यसलाई प्राप्त गर्ने तरीका हो लोकको विषयमा जान्नु अर्थात् "यही साढे तीन हात भरको लम्बा संज्ञायुक्त शरीर" विषयमा जान्नु हामी आफैंको बिषयमा जान्नु ।

केही मनन गर्न योग्य प्रश्नहरू

१) मानिसहरू कोही धनी भएर जन्मिन्छन्, कोही गरीब भएर जन्मिन्छन्। यसरी विभिन्न वातावरणहरूमा जन्मिनाको कारण के हो ?

२) मानिसहरू अनेक प्रकारले व्यवहार गर्छन्, कोही कंजूसी हुन्छन्, त अरू दानी पनि हुन्छन् । केले गर्दा यस्तो हुन्छ ?

३) उत्पति हुने प्रत्येक चित्त पूर्णरूपमा विनाश पनि हुन्छ भने क्लेश संचित हुन्छ भन्ने कुरा कसरी सम्भव हुन्छ र ?

परिच्छेद–४

लोभको लक्षण

चित्त धेरै प्रकारका हुन्छन् जस्तो अकुशल चित्तहरू, कुशल चित्तहरू, विपाक चित्ताहरू (फल चित्ताहरू) र क्रिया चित्ताहरू (न-हेतु-न-फल चित्ताहरू)। यी विभिन्न प्रकारका चित्तहरू सबै हामीमा एकदिनमै उत्पति हुन्छन् तर पनि हामी थाहा पाउन्नौं। यसको अर्थ हामीलाई आफ्नै सम्बन्धमा कति थोरै मात्र जानकारी रहेछ भन्ने कुरा झल्किन्छ। धेरैजसो त हामीलाई कुन चित्त अकुशल कुन चित्त कुशल, कुन विपाक कुन क्रिया भन्ने कुरा नै थाहा हुन्न। यदि हामीले आ-आपनो मनलाई नै वर्गीकरण गर्न सिक्यौं भने हामीलाई आफ्नो र अरूको बारेमा बढी समझदारी जानकारी प्राप्त हुनेछ। अनि अरूहरूले हामीलाई चित्त नबुझदो किसिमले व्यवहार गर्दा खेरी पनि हामीमा उनीहरू प्रति करूणा र मैत्री नै वढी रहने हुन्छ। हामी अरूको अकुशल चित्ताहरूलाई मनपराउँदैनौं। उनीहरूले कंजूस बनेको वा रूखो वचन बोलेको देख्दा हामीलाई दुःख लाग्छ। तर के हामीहरूमा आफैसँग पनि कुन कुन क्षणमा अकुशल चित्ताहरू रहन्छन् भन्ने कुरा हामी थाहा पाउँछौं त ? यसरी थाहा पाउनु निकै उपयोगी हुन्छ। जुन बखत हामीले अरू मानिसहरूले बोलेको रूखो वचनलाई मन पराएका हुन्नौं त्यस क्षणमा हामी आफैमा पनि द्वेष सहितको अकुशल चित्त रहेको हुन्छ। अरूको अकुशल चित्त तर्फ ध्यान दिनुको बदलामा हामीले हाम्रा आफ्नै अकुशल चित्त बारेमा सजग हुनुपर्दछ। अभिधर्ममा यस्ता

स्वभाव धर्महरू सबैको सविस्तार ब्याख्या गरिएको छ। कसैले अभिधर्मको अध्ययन गरेको छैन भने त्यस्ता व्यक्तिलाई अकुशल भनेको के हो त्यो पनि थाहा नभएको हुन सक्छ। यसरी थाहा नपाउनेले अकुशललाई कुशलकै रूपमा ग्रहण गर्न सक्ने हुन्छ। परिणामस्वरूप त्यस्ता व्यक्तिहरूले अज्ञानतावश नै अकुशलताको संचय गर्दछ। हामीले विभिन्न प्रकारका चित्तहरू बारेमा बढी जानकारी राख्ने गर्‍यौं भने हामीमा के कस्ता प्रकारका चित्तहरू अक्सर उत्पति हुँदो रहेछन् भन्ने कुरालाई हामी आफैं पनि थाहा पाउन सक्छौं र यस प्रकार हामीले स्वयं आफैलाई बढी राम्रोसंग जान्ने छौं।

तसर्थ हामीले कुशल र अकुशल बीचको भेदलाई राम्ररी बुझ्नु पर्दछ। अट्ठसालिनीमा कुशल शब्दको अर्थ सम्वन्धमा यसरी ब्याख्या गरिएको छ:–

"कुशल" भन्ने शब्दको अनेक अर्थहरू छन्। यसको अर्थ "राम्रो स्वास्थ्यको", "दोष रहित", "दक्ष", "सुखी फल वा विपाक पैदा गर्ने" भन्ने हुन सक्छ।

अट्ठसालिनीमा लेखिएको छ:–

अब यहाँ "कुशल धर्महरू" भन्ने वाक्यांशमा कि त "कुशल" वा "दोष रहित" बा "सुखकर फलको उत्पादन गर्ने" भन्ने नै सुहाउँदो अर्थ हुन्छ।...

हामीले दान, शील र भावना गर्दा चित्त कुशल हुन्छ। भिन्न भिन्न प्रकारका सम्पूर्ण कुशल कार्यहरू जस्तै अरूको कुशल कार्यको प्रशंसा, अरूलाई मद्दत दिनु, विनम्रता, आदर सन्मान, उपदेशको पालना, धर्मको अध्ययन र अध्यापन, समय र विपश्यना आदि दान, शील वा भावनामध्ये कुनै न कुनै अन्तर्गत समावेश हुन

आउँछ। "कुशल" सुखकर फललाई पैदा गर्ने कुरो हो। तसर्थ प्रत्येक कुशल कर्मले सुखी विपाकलाई ल्याउने छ।

अट्ठसालिनी (भाग १, खण्ड १, परिच्छेद १, ३९) मा अकुशल बारेमा उल्लेख गरिएको छः–

अकुशलको अर्थ कुशल होइन भन्ने हो। जस्तो मित्रताको विपरीत दुश्मनी हो वा लोभको आदि विपरीत वेवास्तापन इत्यादि हो, त्यस्तै "अकुशल" को विपरीत "कुशल" हो ....।

अकुशल कर्महरूले दुःखकर विपाक ल्याउने छन्। मानिसहरू पनि दुःखकर विपाक भोग्न चाहिं चाहँदैनन् तर अधिकांश व्यक्ति-हरू दुःखी विपाक ल्याउने हेतु जो हो अकुशल कर्म, त्यस अकुशल विषयमै केही थाहा पाउँदैनन्। न कहिले चित्त अकुशल रहन्छ भन्ने कुरा तिनीहरू थाहा पाउँछन्, न तिनीहरू कहिले अकुशल कर्महरू गर्दछन् भन्ने कुरा नै कहिल्यै थाहा पाउँछन्।

अभिधर्मको अध्ययनबाट हामीलाई अकुशल चित्तहरूका तीन समूह बारेमा ज्ञान हुन्छ। ती समूहहरू हुन्:–

१) लोभ मूल चित्तहरू अर्थात् लोभको जराबाट उत्पन्न भएका चित्तहरू।

२) द्वेष मूल चित्तहरू अर्थात् द्वेषको जराबाट उत्पन्न भएका चित्तहरू।

३) मोहमूल चित्तहरू अर्थात् मोहको जराबाट उत्पन्न भएका चित्तहरू।

मोह प्रत्येक अकुशल चित्तको साथै उत्पत्ति हुन्छ। लोभ मूल चित्तहरूको वास्तवमा दुइटा मूल हुन्छन्:–(१) मोह र (२) लोभ। प्रत्येक अकुशल चित्त साथै मोह मात्र उत्पत्ति हुने होइन, लोभ पनि रहने भएकोले तिनीहरूलाई लोभ मूल चित्तहरू भनी नामकरण

गरिन्छ। यसरी लोभको मूल (जरा) को आधारमा लोभमूल चित्तहरू-को नामकरण गरिन्छ। द्वेष मूल चित्तहरूको पनि दुइटै मूल (जरा) हुन्छन्। (१) मोह र (२) द्वेष। द्वेषको मूलको कारण तिनीहरू-लाई द्वेष मूल चित्तहरू भनी नामकरण गरिन्छ। चित्तहरू यति धेरै प्रकारका हुन्छन् कि उपर्युक्त तीनै वर्गका अकुशल चित्तहरूमध्ये प्रत्येक वर्गमा एकभन्दा वढी प्रकारका चित्त रहन्छन्।

लोभ मूल चित्तहरू वास्तवमा ८ भिन्न भिन्न प्रकारका हुन्छन्। हामीमा विभिन्न प्रकारका लोभ मूल चित्तहरू हुन्छन् भन्ने कुरा हामीले लोभको लक्षणको बारेमा वढी जानकारी राख्ने गरेमा स्पष्टतः जान्न सक्नेछौं। लोभ परमार्थ धर्म हो र यो चैतसिक हो। यो एउटा स्वभाव धर्म भएकोले यसलाई अनुभव गर्न जान्न सकिन्छ

लोभ उपादान वा आशक्ति हो। विशुद्धि मार्ग (परिच्छेद १४, १६२) मा लोभ विषयमा यस प्रकार उल्लेख गरिएको पाइन्छ।

...लोभ बाँदरहरूलाई बाँध्नको लागि लगाइएको आलोपको समान आलम्वनलाई ग्रहण गर्ने लक्षणवाला हो। तातो कराहीमा फ्याँकिएको मासुको टुक्रा जस्तै टाँस्सिनु यसको कृत्य हो। बत्तीको कालो मोसोको रंग अथवा टेलाञ्जन लगाउने जस्तै नछोड्नु यसको प्रत्युपस्थान हो। संयोजनीय धर्महरू (जसले बन्धनतिर लैजान्छ) मा आस्वाद देख्ने पदस्थानवाला हो। तृष्णाको नदीको सरह वढ्दै गई तेजधारवाला (द्रुतगामी) नदीले जस्तै अपायरूपी महासागरमै यसले लिएर जान्छ। लोभलाई यसरी जान्नु पर्दछ।

लोभलाई कहिले काहीं लोभ वा तृष्णा भनी अनुवाद गरिन्छ। लोभको अनेक मात्रा हुने भएकोले यसलाई विभिन्न शब्दहरूबाट अनुवाद गर्न सकिन्छ। लोभ स्थूल, मध्यम वा सूक्ष्म हुन सक्छ। अधिकांश मानिसहरू लोभ ज्यादै नै प्रत्यक्ष हुँदा खेरि यसलाई पहिचान गर्न सक्छन् तर कम मात्राको लोभ हुँदा भने उनीहरू पहिचान गर्न सक्तैनन्। जस्तो उदाहरणको लागि भनौं, हामी

स्वादिष्ट खाना अति नै अधिक मात्रामा खानेतिर प्रवृत हुँदा वा मद्यपान वा धुम्रपानमा वढी संलग्न रहँदाको अवस्थामा हामी लोभलाई चिन्न सक्छौं। त्यस्तै हामी जनताप्रति अनुरक्त छौं। हामीलाई मनपर्ने व्यक्तिहरूको मृत्यु भई जब हामीले आफ्ना प्रिय व्यक्तिहरूलाई त्याग्नु पर्ने हुन्छ, हामीलाई दु:ख लाग्न थाल्छ। त्यति खेरा हामीमा रहेको अनुराग ज्यादै प्रत्यक्ष हुन्छ र हामी देख्न सक्छौं कि प्रिय व्यक्तिहरू प्रतिको हाम्रो अनुरागको कारणले गर्दा लोभले दु:खलाई पैदा गरिदिन्छ। किन्तु लोभका अनेकन मात्राहरू हुन्छन्। चित्तहरू अति छिटो छिटो उत्पति भएर निरुद्ध हुने हुँदा छ वटा द्वारहरू मार्फत् दैनिक व्यवहारमा हामीले अनेकौं कुराको अनुभव गरेका कारणले उत्पति हुने लोभलाई हामीले पहिचानसम्म पनि गर्न नसक्ने हुन सक्छौं। खासगरी हामीमा उत्पन्न भएको लोभको मात्रा कम छ र लोभीपना वा बासना (काम वासना) जस्तो यसको मात्रा गहिरो र तिव्र छैन भने लोभलाई पहिचानसम्म पनि गर्न नसक्ने हुन सक्छौं हामी। कुनै पनि घडीमा हामीले सुखकर दृष्य, प्रिय आवाज, मिठो सुवास वा स्वाद वा काया-इन्द्रीयद्वारा प्रिय स्पर्श हुँदा प्रत्येक समयमा लोभ उत्पति हुने सम्भावना छ। यसरी दैनिक व्यवहारमा हाम्रो जीवनमा लोभ एक दिनमै अनगिन्ती वार उत्पति हुने गर्दछ।

उपयुक्त हेतुहरू हुनासाथ लोभको उत्पति हुन्छ। यो नियन्त्रण भन्दा बाहिरको कुरा हो। कैयौं सूत्रहरूमा भगवान बुद्धले लोभको विषयमा वोल्नु भएको छ, लोभबाट हुने खतराहरुतर्फ संकेत गर्नु भएको छ र लोभलाई जित्ने उपाय बारेमा पनि उपदेश दिनु भएको छ। सूत्रहरूमा पाँच इन्द्रीयहरुद्वारा अनुभव गर्न सकिने सुखकर वा प्रिय गोचरहरूलाई पाँच काम गुणहरूका आस्वादहरू भनिएको छ। महादु:ख स्कन्ध सूत्रमा (मज्झिम निकाय, सिंहनाद वर्ग) भगवान बुद्ध जेतवन महाविहारमा श्रावस्ती नजिकै बिहार गरी

रहनु भएको बेलामा यसबारेमा भिक्षुहरूलाई सम्बोधन गर्नु भएको कुरा यसरी उल्लेख गरिएको छः–

"भिक्षुहरू ! कामहरूको आस्वाद (स्वाद) के हो ? यी पाँच, भिक्षुहरू! काम-गुण हुन् । कुन कुन पाँच ? (१) इष्ट, कान्त, रूचिकर, प्रिय-रूप, कामयुक्त चित्तलाई रञ्जन गर्ने चक्षुद्वारा विज्ञेय (जान्ने योग्य) रूप । (२) इष्ट, कान्त, रूचिकर, प्रिय-रूप, कामयुक्त चित्तलाई रञ्जन गर्ने श्रोत-विज्ञेय शब्द । (३) इष्ट, कान्त, रूचिकर, प्रिय-रूप, कामयुक्त चित्तलाई मोहित गर्ने घ्राण-विज्ञेय गन्ध । (४) इष्ट, कान्त, रूचिकर, प्रिय-रूप, कामयुक्त चित्तलाई मोहित गर्ने जिह्वा-विज्ञेय रस । (५) इष्ट, कान्त, रूचिकर, प्रिय-रूप, कामयुक्त चित्तलाई रञ्जन गर्ने काय-विज्ञेय स्पर्श । यिनीहरू नै, भिक्षुहरू! पाँच काम-गुणहरू हुन् । यी पाँच काम गुणहरूको कारण जो सुख जो सौमनस्य उत्पति हुन्छन्, तिनै कामहरूको आस्वाद हो।"

काम सुखहरूको आस्वाद वास्तविक सुख होइन । अभिधर्मको अध्ययन नगर्नेहरूले खासगरी सौमनस्य वेदना साथै उत्पति हुने लोभलाई कुशल भनी सोच्न सक्छन् । सोमनस्य साथै उत्पन्न हुन सक्ने लोभ र मैत्री धर्महरूको बीच रहेको भिन्नतालाई यस्ता व्यक्तिहरू थाहा नपाउने हुन सक्छन् । किनभने सौमनस्य साथै साथलागेको चित्त कुशल चित्त नै हुनुपर्छ भन्ने केही कुरा छैन । अकुशल चित्तहरू र कुशल चित्तहरू बारेमा बढी कुरा जानी तिनका लक्षणहरूमा जब हामी सचेत हुन्छौं, अनि हामी देख्नेछौं कि लोभमूल चित्त साथै उत्पति हुन सक्ने सौमनस्य वेदना कुशल चित्तसाथै उत्पति हुन सक्ने सौमनस्य वेदनाभन्दा भिन्नै हुँदोरहेछ। वेदना चैतसिक हो र यो प्रत्येक चित्त साथै उत्पति हुन्छ । तसर्थ चित्त अकुशल छ भनेवेदना पनि अकुशलै हुन्छ र चित्त कुशल हुँदा वेदना पनि कुशलै हुन्छ। प्रियमनाप दृष्य र शब्द प्रति हामी आकर्षित हुँदाको क्षण उत्पति हुने सौमनस्य वेदना र हामी त्यागी हुँदा

उत्पति हुने सौमनस्य वेदनाको लक्षणमा भिन्नता रहेको कुरा हामी आफैं अनुभव गर्न सक्षम हुनेछौं ।

भगवान बुद्धले लोभले दुःख प्रजनित हुन्छ भनी भन्नु भएको छ । जब हामीलाई आफ्ना प्रिय व्यक्तिहरूबाट वियोग हुनुपर्छ वा जब हामी आफूले आनन्द लिएका वस्तुहरूबाट बंचित हुनुपर्छ, हामीलाई दुःख लाग्छ । माथि उद्धृत गरिएको महादुःख स्कन्ध सूत्रमा भगवान बुद्धले इन्द्रीय सुखहरूको अर्थात् कामहरूको कारण दुःख हुने बारेमा बताउनु भएको कुरा हामीले पढ्यौं । भगवान बुद्धले भिक्षुहरूलाई भन्नु भयो:– भिक्षुहरू ! कामहरू (इन्द्रीय सुखहरू) को दुष्परिणाम (आदिनव) के हो त ? भिक्षुहरू । एउटा कुलपुत्रले कुनै एक शिल्पको आधारमा शीतउष्पा पीडित (ठण्डी र गरमीबाट दुःख पाएर) भएर, ठूलठूला झिंगाहरू, लाम-खुट्टेहरू, हावा, घाम र सर्प विच्छे आदि घिस्रेर हिंड्ने जनावरहरू-को स्पर्शबाट उत्पीडित भएर भोक तिर्खाले मरेर जीविकोपार्जन गर्दछ। यो भिक्षुहरू ! कामगुणहरूमा रहेको दुष्परिणाम हो । यही जन्ममा यो दुःखहरूका समूह (दुःख स्कन्ध) काम हेतु, काम-निदान र काम–अधिकरण (काम-विषय) कामहरूकै कारण हो ।

भिक्षुहरू ! त्यस कुल-पुत्रलाई यदि यस प्रकारले उद्योग गरेर, उत्थान गरेर, मेहनत गरेर पनि त्यो भोग उत्पति भएन भने उसले शोक गर्छ, दुःखी बन्छ, चिल्लाउँछ, छाती पिटी पिटी रून्छ, मूर्छित हुन्छ–हाय्! मेरो प्रयास व्यर्थ गयो, मेरो मेहनत निष्फल भयो भनी विलाप गर्छ । यो पनि भिक्षुहरू ! कामहरूकै दुष्परिणाम हो, यही जन्ममा दुःख-स्कन्ध... कामगुणहरूकै कारण हो ।

"र फेरि, भिक्षुहरू ! कामगुणहरूकै हेतु, कामहरूकै विषयमा कामहरूकै लागि राजा पनि राजाहरूसंग झगडा गर्दछन्, क्षत्रीहरू

क्षत्रीहरूसंग झगडा गर्दछन्, ब्राह्मणहरू ब्राह्मणहरूसंग झगडा गर्दछन्, गृहपतिहरू गृहपतिहरूसंग झगडा गर्दछन्, आमा छोरासंग झगडा गर्छे, छोरो आमासंग झगडा गर्छ, बाबु छोरासंग झगडा गर्दछ, छोरो बाबुसंग झगडा गर्दछ, भाइ भाइसंग झगडा गर्छ, दाजु बहिनीसंग झगडा गर्छ, बहिनी दाजुसंग झगडा गर्छे, मित्र मित्रसंग झगडा गर्दछ। तिनीहरू कलह, बिग्रह, विवाद गर्दै एक दोश्रो उपर हातले पनि आक्रमण गर्दछन्, ढुंगाले पनि आक्रमण गर्दछन्, लट्ठीले पनि .... शस्त्रहरूले पनि आक्रमण गर्दछन् । तिनीहरू यहाँ मृत्युकै अवस्थामा पुग्दछन् वा मृत्यु समान दुःख भोग्दछन् । भिक्षुहरू ! यो पनि कामहरूकै दुष्परिणाम हो । यही जन्ममा दुःख स्कन्ध....काम गुणहरूकै कारण हो ।"

हामी कामगुणहरूमा आउने अरू अनेकन दुष्परिणामहरू र भविष्यमा तिनले ल्याउने खराब परिणामहरूबारे पनि उल्लेख भएको पाउँछौं । भगवान बुद्धले रूपाकारहरूको आस्वाद र तिनका दुष्परिणामहरू पनि ब्याख्या गर्नु भयो । हामी पढ्छौं:—

"के हो, भिक्षुहरू ! रूपाकारको आस्वाद ?

भिक्षुहरू ! रूपाकारको आस्वाद भनेको कूलीन परिवार वा ब्राह्मण परिवार वा गृहपति परिवारको त्यस्तो केटी जस्तै हो जो १५ वा १६ वर्षकी बैंसमा न ज्यादै अग्ली, न ज्यादै पुड्की, न साह्रै दुबली, न साह्रै मोटी, न साह्रै काली, न साह्रै गोरी हुन्छे–के त्यस केटी, भिक्षुहरू ! त्यस बेलामा आफ्नो सौन्दर्य र आकर्षणको शीर्षस्थ स्तरमा हुन्छन् ?

"अवश्य हुन्छ" भन्ते !

भिक्षुहरू ! सौन्दर्य र आकर्षणबाट जे जस्तो पनि सुख र आनन्द उत्पति हुन्छ, त्यो रूपाकारहरूको आस्वाद हो ।

भिक्षुहरू ! रूपाकारहरूको आदिनव के हो त ?

भिक्षुहरू! त्यही केटीलाई केही समयपछि अस्सी वर्ष वा नब्बे वर्ष वा सय वर्षकी वृद्ध...कुप्री, निहुरेकी, लट्ठीको भरमा अडेकी, दु:खी भएर हिंडीरहेकी, विगत यौवना, दाँत नभएकी, केश झरेकी, चाउरी परेका छाला भएकी, ...अंग प्रत्यंग विरूप भएकी अवस्थामा देख्ने हुन्छ....

फेरि, भिक्षुहरू! त्यसै आइमाईलाई स्मशानमा शव फ्याँकिएको अवस्थामा, एक दिन दुई दिन वा तीन दिनकी मृतकको अवस्थामा फुलेकी, विरूप भएकी, सड्न लागेकी अवस्थामा देख्ने हुन्छ ।

भिक्षुहरू ! तिमीहरू अनि के विचार गर्छौ ? पहिलेको त्यो सौन्दर्य र आकर्षण जो थियो नष्ट भएर दुष्परिणाम देखिएको छ भनी सोच्दछौं ?

त्यसै हो भन्ते !

यो पनि भिक्षुहरू रूपाकारहरूको आदिनव हो ।....।"

भगवान बुद्धले भिक्षुहरूलाई जे भन्नु भयो त्यो कुरो हामीलाई रूखो लाग्न सक्छ तर यो वास्तविकता हो स्वभाव धर्म हो। जाति, जरा, ब्याधि र मृत्युको रूपबाट जीवनलाई यसको यथार्थ स्वरूपमा अङ्गिकार गर्न हामीलाई गाह्रो लाग्छ। हामी आफै देह वा हाम्रा इष्ट व्यक्ति कसैको देहलाई लाश हुने कुरो चिन्तनसम्म पनि गर्न सक्तैनौं हामी जन्मने कुरालाई भने स्वीकार गर्छौं तर जन्मको परिणामको स्वरूप रहेका जरा,व्याधि र मृत्यु धर्मलाई स्वीकार गर्न भने हामीलाई कठीन लाग्छ । हामी सम्पूर्ण संस्कारको अनित्यतालाई भुल्न खोज्छौं । जब हामी ऐनामा आफूलाई हेर्छौं, र जब हामी आफ्नो देहको सेवा सुश्रुषामा लाग्छौं, त्यति खेरा हामी हाम्रो यो देह दिगो रहन्छ र यो हाम्रो आफ्नो हो भनी ग्रहण गर्नेतिर लाग्छौं । किन्तु शरीर त मात्र रूप हो, यस्ता धातुहरू जुन उत्पति हुनासाथ निरोध भइहाल्छन् । सदा दिगो रहने त शरीरमा एउटा रेणुसम्म पनि छैन ।

देहलाई आत्मा भनी ग्रहण गर्नु एक प्रकारको मिथ्या दृष्टि हो । जसलाई पालीमा दिट्ठी भनिन्छ । दिट्ठी लोभ मूल चित्त साथै उत्पति हुने एउटा चैतसिक हो । लोभ मूल चित्त जम्मा ८ प्रकारका छन् र तीमध्ये ४ प्रकारका लोभ मूल चित्तसाथै दिट्ठीले सहगमन गरेको हुन्छ । अर्थात् अर्को शब्दमा भन्ने हो भने चार प्रकारका लोभ मूल चित्तहरू दृष्टि सहगत हुन्छन् । जब दृष्टिसाथै लोभ मूल चित्तहरू उत्पति हुन्छन् त्यस क्षणमा मिथ्या दृष्टि हुन्छ ।

भिन्न भिन्न प्रकारका दृष्टि छन् । आत्मामा विश्वास गर्नु एक प्रकारको दृष्टि हो । कुनै कुरामा आत्मा छ भनी ग्रहण गर्दा दृष्टि हुन्छ । कोही कोही मानिसहरू यस जीवनमा पनि रहने र यस जीवन अवधि सकिएपछि पनि कायमै रहने आत्मा भन्ने छ कुरामा विश्वास गर्दछन् । यो शाश्वत दृष्टि हो । अरूहरू यस जीवनमा मात्र रहने र यो जीवन सकिनासाथ निर्मूल हुने आत्मा छ भन्ने कुरामा विश्वास गर्दछन् । यो उच्छेद दृष्टि हो। कर्मको फल छैन र कर्म र बिपाक भन्ने कुरा छैनन् भनी विश्वास गर्ने अर्को किसिमको दृष्टि हो । यस संसारमा पानीमा नुहाएर वा देवताको स्तुति गरेर मात्र पनि क्लेशहरूलाई परिशुद्ध गर्न वा पखाल्न सकिन्छ भनी विचार गर्ने खालका व्यक्तिहरू अनेकौं देशहरूमा सदैव पाइनै रहेका छन् । आफूले गरेका पाप कर्मका फलहरूलाई यसरी हटाउन सकिन्छ भन्ने उनीहरूको विश्वास हो । प्रत्येक कर्मको आफ्नो फल आफै ल्याउँछ भन्ने कुरा तिनीहरूलाई थाहा छैन । क्लेशहरूलाई जरैदेखि निर्मूल गर्न सक्ने प्रज्ञाको विकास गरेर मात्रै हामी क्लेशहरूबाट परिशुद्ध हुन सक्छौं । कर्मले उपयुक्त फल दिंदैन भनी सोच्ने हो भने यस्ता व्यक्तिहरूले पुण्यको अभ्यास गर्नु बेकार हो भन्ने कुरामा सजिलैसंग विश्वास गर्ने हुन्छ । यस प्रकारको विश्वासले पाप कर्महरू तिर लगी समाजमा भ्रष्टतालाई बढावा दिनेछ ।

आठ प्रकारका लोभ मूल चित्तहरूमध्ये चार प्रकारका चित्तहरू

मिथ्या दृष्टिसंगै उत्पति हुन्छन् । पालीमा तिनीहरूलाई दिट्ठीगत सम्ययुत्त अर्थात् दृष्टिगत सम्प्रयुक्त भनिन्छ । चार प्रकारका लोभ मूल चित्तहरू मिथ्या दृष्टि रहित भएर उत्पति हुन्छन् । ती चित्तहरू दृष्टिगत विप्रयुक्त हुन् (पालीमा दिट्ठीगत विप्पयुत्त भनिन्छ)।

जहाँसम्म लोभ मूल चित्तका साथ सहगमन गर्ने वेदनाको कुरा छ, लोभ मूल चित्तहरू सौमनस्यसाथै वा उपेक्षा वेदनाको साथै उत्पति हुन सक्छन् । सौमनस्य वेदनासाथै उत्पति हुँदा लोभ अऋ तिव्र हुन्छ । दृष्टि सहगत चार प्रकारका लोभ मूल चित्तहरूमध्ये दुई प्रकारका चित्तहरू सौमनस्यसाथै उत्पति हुन्छन् । तिनीहरू सौमनस्य सहगत हुन् । दुई प्रकारका चित्तहरू चाहिं उपेक्षा वेदना साथै उत्पति हुन्छन् । तिनीहरू उपेक्षा सहगत हुन् । उदाहरणार्थ, आत्मा छ र दिगो रूपमा रहिनै रहन्छ भन्ने धारणामा टाँस्सिदा त्यो चित्त सौमनस्य सहगत वा उपेक्षा सहगत हुन सक्छ । मिथ्या दृष्टि रहित भएर उत्पति हुने चार प्रकारका लोभ मूल चित्तहरू मध्ये दुई प्रकारका चित्त सौमनस्य सहगत हुन्छ र बाँकी दुई प्रकारका चाहिं उपेक्षा सहगत हुन्छन् । यसरी आठ प्रकारका लोभ मूल चित्तहरूमध्ये चार प्रकारका चित्तहरू सौमनस्य वेदनासाथै उत्पन्न हुन्छ र चार प्रकारका चित्तहरू चाहिं उपेक्षा वेदनासाथै उत्पन्न हुन्छन् ।

लोभ-मूल चित्तहरूको वर्गीकरण गर्दा तिनीहरूको अर्को विभेद पनि गर्न सकिन्छ। लोभ मूल चित्तहरू असांस्कारिक (असंखारिक) वा ससांस्कारिक (पालीमा ससंखारिक) हुन सक्तछन् । "असांस्कारिक" लाई कहिले काहीं "अप्रोत्साहित" "नउक्साइएको" वा "स्वच्छन्द वा अनायास" भनेर पनि अर्थ गरिन्छ । "ससांस्कारिक" लाई "प्रोत्साहित" " प्रेरित" भनी अनुवाद गरिन्छ । विशुद्धि मार्ग (परिच्छेद १४, ९१) मा लोभ मूल चित्त विषयमा यस प्रकार

भनिएको छ कि यो ससांस्कारिक हो "जब मन्द उत्साहित चित्त साथै यो हुन्छ।" ससांस्कारिक लोभ मूल चित्तहरूलाई अरू कसैको सल्लाह वा अनुरोधद्वारा उत्साहित गर्न पनि सकिन्छ अथवा तिनीहरू स्वयं आफ्नै चिन्तनद्वारा उत्साहित भएर पनि उत्पन्न हुन सक्छन्। आफ्नै निजी चिन्तनबाट प्रेरित भएर उत्पति भएमा पनि ती ससांस्कारिक नै हुन्छन्। ती चित्तहरू "मन्द गति र आग्रह सहित" मै हुन्छन्। यसरी लोभ त ससांस्कारिक छँदाभन्दा असांस्कारिक छँदा फन् बढी तिव्र हुन्छ।

दृष्टिगत सम्प्रयुक्त चार लोभ मूल चित्तहरूमध्ये दुई प्रकारका असांस्कारिक र दुई प्रकारका ससांस्कारिक हुन्छन्। दृष्टिगत विप्रयुक्त लोभ मूल चित्तहरूमध्ये दुई प्रकारका असांस्कारिक र दुई प्रकारका ससांस्कारिक छन्। यसरी आठ प्रकारका लोभ मूल चित्तहरूमध्ये चार असांस्कारिक र बाँकी चार ससांस्कारिक छन्।

यसरी जम्मा आठ प्रकारका लोभ मूल चित्तहरू निम्न बमोजिम हुन्:–

१) सौमनस्य सहगत, दृष्टिगत–सम्प्रयुक्त, असांस्कारिक – एक।
२) सौमनस्य सहगत, दृष्टिगत–सम्प्रयुक्त, ससांस्कारिक – एक।
३) " " " विप्रयुक्त, असांस्कारिक – एक।
४) " " " " , ससांस्कारिक – एक।
५) उपेक्षा सहगत, दृष्टिगत–सम्प्रयुक्त, असांस्कारिक – एक।
६) " " " " , ससांस्कारिक – एक।
७) " " " विप्रयुक्त, असांस्कारिक – एक।
८) " " " " , ससांस्कारिक – एक।

अट्ठसालिनी (भाग २, खण्ड ६, परिच्छेद ३, २५५) मा दृष्टिगत–सम्प्रयुक्त ससांस्कारिक लोभ मूल चित्तहरूको उदाहरण यसरी प्रस्तुत गरिएको छ। एउटा कुलीन परिवारको कुल-पुत्रले मिथ्या

दृष्टि भएकी एउटी स्त्रीसंग विवाह गर्दछ। यसरी ऊ मिथ्या दृष्टि भएको मानिसको संगतमा पर्दछ। पहिले त उनीहरूका बीच विचार-मा मत भिन्नता मात्र रहने हुन्छ तर पछि गएर ऊ पनि ती मिथ्या दृष्टिहरू नै ग्रहण गर्न थाल्दछ र ती मिथ्या दृष्टिहरू उसलाई पनि प्रिय र मनाप हुन थाल्छन् ।

दृष्टिगत-विप्रयुक्त लोभ मूल चित्तहरू सौमनस्य सहगत वा उपेक्षा सहगत हुन्छन् । उदाहरण दिने हो भने, राम्रा राम्रा लुगाहरू लगाउँदा, सिनेमा हेर्न जाँदा, हँसि ठट्ठा गर्दा वा प्रिय-रूप वस्तुहरूका विषयमा अरूहरूसंग कुराकानी गर्दा दृष्टिगत-विप्रयुक्त सौमनस्य सहगत लोभ मूल चित्तहरू उत्पति हुन्छन् । दृष्टिगत विप्रयुक्त सौमनस्य सहगत लोभ मूल चित्तहरू ससांस्कारिक हुन्छन् जब, उदाहरणको लागि भनौं, कोही ब्यक्ति पहिले कहिल्यै मद्यपान नगर्ने मान्छे भएर पनि अरू कसैले पिउन लगाएर पिएपछि यसैमा आनन्द लिने हुन्छ ।

त्यस्तै दृष्टिगत विप्रयुक्त उपेक्षा सहगत लोभ मूल चित्तहरू उत्पति हुने सम्भावना त्यस वेला रहन्छ जव जस्तो उदाहरणार्थ भनौं हामी उभिन खोज्छौं वा बिभिन्न आलम्वनहरूलाई समाउन खोज्छौं । किनकि यस्ता कार्यहरूबाट हामीमा सुखी वेदना रहँदैन, यस्ता घडीहरूमा चित्त उपेक्षा सहगत लोभ हुने सम्भावना हुन्छ । यसरी हामी के देख्छौं भने लोभले प्रायः हाम्रा दैनिक जीवनका साधारण से साधारण कार्यहरूलाई पनि प्रवृत गर्दछ ।

केही मनन गर्न योग्य प्रश्नहरू

१) लोभ हुँदा के सँधै सौमनस्य वेदना पनि हुनुपर्छ ?
२) के लोभ मूल चित्तसाथै मात्र दृष्टि उत्पति हुन्छ ?
३) कति प्रकारका लोभ मूल चित्तहरू हुन्छन् ?

परिच्छेद–५

लोभका विभिन्न मात्राहरू

लोभद्वारा दु:ख हुन्छ भन्ने कुरा थाहा भएपछि हामी लोभलाई उन्मूलन गर्न चाहन्छौं । केही क्षण त लोभलाई दमन गर्न हामी समर्थ हुन पनि सक्नेछौं तर उपयुक्त अवस्था रहनासाथ लोभ बार बार देखा परिहाल्छ। लोभद्वारा दु:ख हुन्छ भन्ने कुरा थाहा पाउँदा पाउँदै पनि हामी लोभद्वारा विरत भएर रहन सक्तैनौं । तथापि यसलाई निर्मूल गर्ने एउटा उपाय भने अवश्य छ। त्यो के भने यसलाई सम्पूर्ण कुराहरूलाई तिनीहरूको यथार्थ स्वभावको रूपमा पहिचान गर्न सक्ने प्रज्ञाद्वारा निर्मूल गर्न सकिन्छ । यस प्रकारको प्रज्ञाको बिकास गर्नलाई अकुशल कार्यहरूलाई प्रेरित गर्ने स्थूल लोभलाई मात्र थाहा पाएर पुग्दैन, बल्कि अझ सूक्ष्म खालका लोभका विभिन्न अंशहरूलाई पनि थाहा पाउनु आवश्यक हुन्छ। हामी जति बढी मात्रामा सविस्तार चित्तहरूको विषयमा ज्ञान हासिल गर्छौं, त्यति नै हामीलाई आफैलाई पहिचान गर्न मद्दत हुने हो । निम्न सूत्रमा बढी सूक्ष्म लोभको उदाहरण पाइन्छ । संयुक्त निकाय (सगाथावर्ग ९, वन संयुक्त,–प्रकरण १४ पदुमपुप्फ सुत्त)मा यसरी उल्लेख गरिएको छ:–

एक समयमा कोही भिक्षु कोशलको कुनै एक वन खण्डमा बसिरहेको थियो । त्यहाँ रहंदा खेरि त्यो भिक्षुले भिक्षाटनबाट फर्केर भोजन गरी सकिएपछि कमल पोखरी (पुष्कारिणी)मा पसेर

एउटा रातो कमलको सुवास सुंघ्न थाल्यो । अनि त्यो वन खण्डको रक्षा गर्ने देवताले त्यस भिक्षु प्रति करूणा भाववाट प्रेरित भएर उसको कल्याणको इच्छा गरी त्यो भिक्षुलाई होसमा ल्याउने विचारले त्यो भिक्षुको समीपँ गएर गाथाद्वारा भने:-

"जो यस वारिज पुष्पलाई चोरी गरी सुंघिरहनु भएकोछ।
यो एक किसिमको चोरी नै हो, मारिष ! तपाई गन्ध
चोर हुनुहुन्छ।।

(भिक्षु-) न केही म लिएर जान्छु, न केही नष्ट गर्दछु, टाढैवाट
म पुष्प सुंघ्छु,
तव मलाई कोही गन्ध चोर भनी कसरी भन्न सक्दछ ?
जो पुष्पहरूलाई उखाडि दिन्छ, पद्महरूलाई नै रस चुस्छ,
यस्ता काम गर्नेलाई भने चोर भनी किन भनिन्न ?

(देवता-) अत्यन्त लोभमा दुबेको मान्छे धाईको कपडा झैं मैलो
हुन्छ,
त्यस्तालाई भन्नु बेकार छ, तथापि तपाईलाई त भन्न
सक्छु ।
निष्पाप, नित्य पवित्रताकै खोजीमा लाग्ने पुरुषको,
केशको टुप्पो बराबरको पाप पनि ठूलो बादल जस्तै
देखा पर्छ ।...
... भिक्षु होसमा आएर संभालिन्छ ।"

सूत्रहरूमा मात्र होइन, नियममा पनि बढी सूक्ष्म लोभका उदाहरणहरू प्रस्तुत गरिएका छन् । विनय, सूत्र, अभिधर्म सबैले हामीलाई आफैलाई राम्ररी चिन्न मद्दत गर्न सक्छन् । विनयको अध्ययनवाट हामीलाई के ज्ञान हुन्छ भने थोरैमा पनि सन्तुष्टीको जीवन व्यतीत गर्ने भिक्षुहरूमा पनि लोभ संचित भएर रहेको हुन्छ । जब जब भिक्षुहरू आफ्नो जीवनको परिशुद्धतावाट विमुखहुन गएका

उदाहरण पाइए तब तब नै ती भिक्षुहरूलाई अझ बढी सजग रहन सघाउ पुऱ्याउने हेतुले एउटा एउटा विनयको नियम बनाइएको थियो। तसर्थ भिक्षु जीवनमा आइपर्ने सानो से सानो विवरणलाई समेत ढाक्ने गरी बनाइएका विनय–नियमहरूको उपयोगितालाई हामी यसरी बुझन सक्छौं। खाने, पिउने, पोशाक पहिरने र हिंड्ने जस्ता दैनिक जीवनका मामुली से मामुली कृत्यहरू गर्दा पनि ती नियमहरूले भिक्षुहरूलाई सजग रहन स्मृतिवान् रहन मद्दत पुऱ्याउँछन्। यस्ता यस्ता नियमहरू पनि त्यहाँ छन् जसले यस्तो हेर्दा खेरि दोषरहित कृत्यहरू झैं देखिने कुराहरू जस्तो पानीमा खेल्ने, पानीले खेल्ने (पाचितीय ५३) वा अरू सहयोगी भिक्षुहरूलाई जिस्क्याउने जस्ता कुरालाई निषेध गर्दछन्। किनभने यस्ता कृत्यहरू कुशल चित्तहरूबाट होइन अपितु अकुशल चित्तहरूबाटै गरिन्छन्।

हामी विनय (सुत्त विभंग, पाचितीय ८५) मा पढ्छौं कि भिक्षुहरूले कुबेलामा गाउँमा पस्नु हुँदैन। किनभने यसो गर्नाले तिनीहरू सांसारिक कुराकानीमा झन् सजिलैसंग लाग्ने हुन्छन्। त्यहाँ उल्लेख गरिएकोछ :–

अब त्यस समयमा छ जवान भिक्षुहरूको त्यो समूह कुबेलामा गाउँमा पसेर एउटा भवनमा बसिकन राज-कथा, चोर-कथा, महात्म्य-कथा, सेना-कथा, भय-कथा, युद्ध-कथा, अन्न-कथा, पान-कथा, वस्त्र-कथा शयन-कथा, गंध-कथा, माला-कथा, ज्ञाति-कथा, युद्धयान-कथा, ग्राम-कथा, निगम-कथा, नगर-कथा, जनपद-कथा, स्त्री-कथा, शूर-कथा, (प्रबल पेय पदार्थका कुराकानी), विशिखा (चौबाटो)-कथा, कुम्भस्थान (पनेरा)-कथा, पूर्व-प्रेत-कथा, नानात्व-कथा, लोक-आख्यापिका, समुद्र आख्यायिका, इति-भवाभव (यसो भयो यसो भएन)-कथा आदि निरर्थक किसिम किसिमका सांसारिक कथा भन्न थाले....।

यो प्रकरण साधारण गृहस्थजनको लागि पनि उपयोगी छ।

हामी सांसारिक विषयमा कुरा नकाटिकन वस्न सक्तनौं। किन्तु हामीले थाहा पाउनु पर्दछ कि यसो हेर्दा दोषरहित देखिने हाम्रा कुराकानी पनि प्रायः लोभ मूल चित्तहरू वा द्वेष मूल चित्तहरू-द्वारा प्रवृत हुन्छन्। हामीले स्वयं आफूलाई जान्नको लागि पनि कुन प्रकारको चित्तद्वारा हाम्रा कुराकानी प्रेरित हुन्छ भन्ने कुरा पत्ता लगाउनु पर्दछ।

प्रत्येक पटक लोभ मूल चित्त उत्पति हुँदा लोभ संचित हुन्छ। हेतुहरू खडा हुनासाथ अनि काय, वाक्य वा मन मार्फत लोभले अकुशल कर्महरू गर्न प्रेरित गर्छ। लोभले गर्दा कस्ता प्रकारका कर्महरू गरिदो रहेछ भन्ने कुरा हामीलाई थाह पाउनासाथ हामी-मा लोभलाई उखेलेर फ्याँक्ने प्रवल उत्साह आउने हुन्छ।

खराव कर्महरूलाई पालीमा अकुशल कम्म अर्थात् अकुशल कर्म भनिन्छ। कर्म भनेको चित्त साथै उत्पति हुने चैतसिक हो, जुन चेतना हो अर्थात् कुनै कुरा गर्ने आशय वा इच्छा हो। तथापि कर्म शब्दलाई अरु वृहत् अर्थमा प्रयोग गरी चेतनाद्वारा उत्प्रेरित भई गरिएका कार्यहरूको लागि पनि प्रयोग गरिन्छ। कर्म पथ भन्ने शब्दलाई पूर्ण गरिएको वा सम्पन्न गरिएको कामको लागि प्रयोग गरिन्छ। कर्म पथ अकुशल कर्म वा कुशल कर्म हुन सक्छ। लोभ वा द्वेषद्वारा प्रवृत गरिने र काय, वाक्य वा चित्तद्वारा सम्पन्न गरिने जम्मा दश अकुशल कर्मपथ छन्। यी अकुशल कर्म पथ मध्येका केही कर्म पथलाई कहिले लोभ र कहिले द्वेषद्वारा प्रवृत गर्न सकिन्छ। त्यसैले कसैले अकुशल कर्म गर्न लागेको देख्दा हामीले त्यो कर्मलाई कुन प्रकारको चित्तले प्रेरित गरेको छ भन्ने कुरा सदैव निश्चित गरी भन्न सक्तैनौं। दश अकुशल कर्मपथहरू निम्न ब मोजिमका हुन्:-

१) प्राणातिपात (हिंसा), २) अदत्ता दान (चोरी), ३) काम

मिथ्याचार, (व्यभिचार), ४) मृषावाद, (झूठ), ५) पिशुन वचन (चुग्ली), ६) परूष वचन (रूखो बोली) र ७) सम्प्रलाप (व्यर्थको गफ)।

८) अभिध्या (लोभ), ९) व्यापाद (द्रोह) र १०) मिथ्या दृष्टि (उल्टोमत)।

प्राणातिपात, अदत्ता दान र काम मिथ्याचार जस्ता तीन अकुशल कर्मपथहरू कायद्वारा गरिन्छन्। मृषवाद, पिशुन बचन, पुरुष वचन र सम्प्रलाप जस्ता चार अकुशल कर्मपथहरू वचनद्वारा पूरा गरिन्छन्। अभिध्या, व्यापाद र मिथ्या दृष्टि जस्ता तीन अकुशल कर्मपथहरू चित्तद्वारा पूरा गरिन्छन्। शरीरद्वारा गरिने अकुशल कर्मपथहरू मध्ये लोभद्वारा चोरी र व्यभिचार गरिन्छ। चोरी कहिले काहीं लोभद्वारा र कहिले काहीं द्वेषद्वारा पनि गरिन्छ। जस्तो यदि कसैले अर्काको सम्पति आफैले भोग गर्नको लागि चोरी गर्दछ भने त्यो लोभद्वारा चोरी भएको हुन्छ। होइन, केवल अरूलाई नोक्सानी गर्ने हेतुले चोरी गरिएको छ भने त्यो चोरी द्वेषद्वारा प्रवृत भएको हुन्छ र त्यतिखेर द्वेष विद्यमान हुन्छ।

वचनद्वारा गरिने अकुकल कर्मपथ मध्ये मृषावाद, पिशुनवचन र सम्प्रलाभलाई लोभद्वारा प्रवृत गर्न सक्दछ। यदि कसैले आफैलाई केही प्राप्त गर्नको निमित्त बा आफूलाई अरूको सामु प्रिय बन्नको निमित्त यस प्रकारका वचनहरू बोलेका छन् भने ती बचनहरू लोभद्वारा प्रवृत हुन्छन्। तथाकथित सफेद झूठ वा ठट्टाको निमित्त मात्र गरिएको झूठो कुरोमा कुनै नोक्सान वा आपत्ती छैन भन्ने कुरा हामी सोच्न सक्छौं। किन्तु सबै किसिमका मिथ्यावचनहरू अकुशल चित्तहरूद्वारा नै प्रेरित हुन्छन्। अम्बलत्थिका, राहुलोबाद सूत्र, मध्यम निकाय, भिक्षु वर्गमा भगवान बुद्धले राहुललाई झूठ बोल्ने बारेमा उपदेश दिनु भएको छ। भगवान बुद्धले भन्नुभयोः–

"त्यसरी नै राहुल ! जसलाई जानी जानीकन झुठो बोल्नमा लाज हुँदैन, त्यस्ताको लागि कुनै पनि पाप अकरणीय हुन्न, यसरी म मान्दछु । त्यसैले, राहुल ! "म ठट्टामा पनि झुठो बोल्दिनं" यसरी तिमीले आफैलाई शिक्षित गर्नु पर्दछ ।"

पिशुन वचनको जहाँसम्म प्रश्न छ, धेरै जसो मानिसहरू अर्काको बारेमा कुरा गर्ने प्रवृतिका हुन्छन् । अर्काको नाउँ वा यशलाई कुनै हानी नोक्सानी पुऱ्याउने मनसाय भएन भने यस्ता कुरा अकुशल कर्मपथ हुँदैन । तर अर्काको बारेमा कुरा गर्ने बानी भएपछि अकुशल कर्म पथको निमित्त सजिलैसंग अवसर प्राप्त हुन सक्छ । यदि कसैले आफूलाई केही प्राप्त गर्ने नियत लिई वा अरूलाई खुशी तुल्याउने उद्देश्यले पिशुन वचन बोलेको छ भने यस प्रकारको अकुशल कर्म पथ लोभमूल चित्तद्वारा प्रवृत हुन्छ । हामीहरू आफै र अरूहरू पनि हेतुको कारणले उत्पत्ति भएका धर्महरू हुन् र अनित्यका शिकार छौं भन्ने कुरा हामीले देखे बुझेपछि अर्काको विषयमा कुरा काट्ने वा अर्काको सम्बन्धमा टिका टिप्पणी गर्ने बानी हामीमा घट्दै जाने हुन्छ। अर्काको कामहरूको विषयमा हामीले कुरा गर्दा गर्दैको अवस्थामा पनि अवस्थाहरू परिवर्तन भइसकेका हुन्छन्। तिनीहरूले जे भनेका थिए वा गरेका थिए ती लोप भइसकेका हुन्छन् र शेष कुनै बाँकी रहन्नन् ।

सम्प्रलाप भनेको आलसी अर्थरहित विषयमा कुरा गर्नु हो । कहिले काहीं यस प्रकारको कुरा अकुशल कर्मपथको तिव्रता नभएको लोभ मूल चित्तहरूद्वारा अभिप्रेरित हुने सम्भावना छ । कहिले काहीं लोभ पनि यतिको मात्राको भइदिन्छ कि त्यसले अकुशल कर्म पथको रूपमा रहेको सम्प्रलापलाई प्रवृत गरिदिन्छ।

मनद्वारा दुई प्रकारका अकुशल कर्मपथहरूलाई लोभ मूल चित्तहरूले प्रवृत गर्न सक्छन्: यथा, अभिध्या (लोभिपना) र मिथ्या

दृष्टि। बेइमानीपूर्वकअर्काको सम्पत्तिलाई आफूलेप्राप्त खोज्नु अभिध्या हुन आउँछ । मिथ्या दृष्टि धेरै प्रकारका हुन्छन् । किन्तु तीन किसिमका मिथ्या दृष्टिहरू मनद्वारा गरिने अकुशल कर्म हुन्छन् । तीमध्ये एउटा दृष्टि हो अहेतुक दृष्टि अर्थात् सत्वहरूको अस्तित्वको निमित्त कुनै हेतु छैन न त तिनीहरूको शुद्धि वा अशुद्धिको निम्ति कुनै हेतु छ भन्ने बिश्वास । अर्को मनद्वारा गरिने अकुशल कर्मपथ वाला मिथ्या दृष्टि हो अक्रय-दृष्टि, अर्थात् कुशल तथा अकुशल कर्महरू-का फल हुँदैनन् भन्ने विश्वास । तेश्रो मनद्वारा गरिने अकुशल कर्म पथ वाला मिथ्या दृष्टि हो नास्तिक दृष्टि (पालीमा नत्थिक-दिट्ठी) अर्थात् नकारात्मक सिद्धान्त । मृत्यु पछि पुनर्जन्म हुन्न भन्ने नै यस दृष्टिको विश्वास हो ।

स्थूल वा बढी सूक्ष्म, जति सुकै मात्रा भएको लोभ किन नहोस् यसले दुःख नै ल्याउँछ । आँखा, कान, नाक, जिब्रो, काया इन्द्रीय र मन मार्फत उपस्थित हुने गोचरहरूमा जवसम्म हामी आकर्षित हुन्छौं र तीद्वारा वशीभूत हुन्छौं तबसम्म हामीहरू गोचरका दास दासी जस्तै नै हुन्छौं । यदि हाम्रो सुख हाम्रा चारैतिरका परि-स्थिति र अरूले हामीप्रति गर्ने ब्यवहारमा निर्भर हुन्छ भने हामी निश्चय पनि स्वतन्त्र छैनौं । एकैक्षणमा व्यक्तिहरू हामीप्रति दया-वान हुन्छन् भने अर्कै घडीमा उनीहरू हामीदेखि अप्रसन्न हुन सक्छन् । यदि हामी अरूको स्नेहलाई अतिशय महत्व दिन्छौं भने हामी आफ्ना मनमा सजिलैसंग अशान्ति महशूस गर्नेछौ र हामी-हरू आफ्ना भाव र भावनाहरूका दास दासी बन्छौं ।

हामीहरू आफैं र अरू ब्यक्तिहरू समेत दुवै थरी हेतुको कारण उत्पत्ति भई पुनः निरूद्ध हुने नाम-रूप धर्महरू बाहेक अरू केही होइनौं भन्ने कुरा हामीले राम्ररी बुझ्यौं भने हामीहरू बढी स्वतन्त्र र उन्मुक्त हुन सक्छौं । अरूले हामीलाई अप्रिय बचनहरू बोल्दा

तिनीहरूलाई त्यस तरीकाले हामीसंग बोल्न लगाउने हेतुहरू रहेका हुन्छन् भने हामीलाई त्यस्ता वचनहरू सुन्न लगाउने पनि हेतुहरू नै रहेका हुन्छन् । हामीप्रतिको अरूहरूको व्यवहार र त्यस ब्यवहार प्रति हामीले दर्शाउने प्रतिक्रियाहरू दुबै नाम र रूप हुन् जुन नित्य होइनन् । तिनीहरूका बारेमा हामीले सोच्दा सोच्दैको अवस्थामा पनि ती व्यवहार र प्रतिक्रिया रूपी नाम र रूप निरुद्ध भइसकेका हुन्छन् । तसर्थ यसरी बुझ्ने प्रज्ञाको विकास गर्नु नै वढी उन्मुक्त रहने उपाय हो । वर्तमान घडीप्रति हामीले स्मृति राख्न सकेमा अरूले हामीप्रति कस्ता व्यवहार गरे भन्ने कुरालाई नै हामी कम महत्व मात्र दिन थाल्छौं ।

लोभ धर्मले हामीमा यति गहिरोसंग जरा हालेको हुन्छ कि यस-लाई अनेकौं चरणमा मात्र निर्मूल गर्न सकिन्छ। सर्वप्रथम मिथ्या दृष्टिलाई निर्मूल गरिनु पर्छ । अनि मात्र अरू प्रकारका लोभलाई निर्मूल गर्न सकिन्छ । श्रोतापन्नले मिथ्या दृष्टिलाई निर्मूल गरेको हुन्छ । सम्पूर्ण धर्महरू नाम र रूप मात्र हुन्, आत्मा होइन भनी महशूस गर्ने प्रज्ञाको उसले बिकास गरेको हुन्छ। उसले मिथ्या दृष्टिलाई निर्मूल नै गरिसकेको हुँदा दृष्टिगत सम्प्रयुक्त लोभ मूल चित्त अब उसमा उत्पति नै हुँदैन । हामीलाई थाहा भइसकेको छ कि चार प्रकारका लोभ मूल चित्तहरू दृष्टिगत सम्प्रयुक्त हुन्छन् र चार प्रकारका चाहिं दृष्टिगत विप्रयुक्त हुन्छन् । श्रोतापन्नले आफै सबै प्रकारका लोभलाई निर्मूल गरिनसकेको हुँदा उसमा दृष्टिगत विप्र-युक्त लोभ मूल चित्तहरू उत्पति हुने गर्दछन् । श्रोतापन्नमा अझै मान रहेको हुन्छ । तसर्थ मान दृष्टिगत विप्रयुक्त चार प्रकारका लोभ मूल चित्तहरूसाथै उत्पति हुन सक्छ । एकले अर्कोसंग कुनै प्रकार-को तुलना गर्नु मान हो । जस्तो अरू व्यक्तिहरूको भन्दा मेरो बुद्धि वा प्रज्ञा वढी छ भनी तुलना गर्नु मान हो जुनसुकै वखत हामीले आफूलाई अरू कसैको तुलनामा राम्रो, वराबर वा कम भनी सोच्दा मान रहेको हुन्छ। हामीले आफूलाई अरूभन्दा कम ठान्नु कुशल

चित्त होइन, मान हो। मान अर्थात् अहंभावले हामीमा यति गहिरोसंग जरा हालेको हुन्छ कि यो अरहन्त फल प्राप्त भएपछि नै मात्र सर्वथा निर्मूल हुन्छ।

सम्वोधिको दोश्रो चरणलाई साक्षात्कार गरेको व्यक्ति अर्थात् सक्रियदागामीमा श्रोतापन्नमाभन्दा कम लोभ रहेको हुन्छ। वोधी ज्ञानको तेश्रो चरणलाई साक्षात्कार गरिसकेको पुद्गल अर्थात् अनागामीमा पाँच इन्द्रीयहरू मार्फत उपस्थित गरिने गोचरहरूप्रति कुनै आसक्ति रहेको हुँदैन तर उसमा अझै मान (अहंभाव) रहेकै हुन्छ र जीवनप्रति उ अझै आसक्त रहन्छ। अरहन्तले भने लोभलाई पूर्णरूपमा उखेलेर फ्याँकेको हुन्छ।

अरहन्तले सबै क्लेशहरूलाई निर्मूल गरिसकेको हुँदा ऊ पूर्ण रूपमा विमुक्त हुन्छ। हामी संयुक्त निकाय (पलायतन वर्ग, देहदह वर्ग भाग ४ अगहय सुत्त) मा शाक्यहरूको निगम देवहरूमा वस्नु हुँदा भगवानले भिक्षुहरूलाई उपदेश दिनु भएको कुरा पढ्छौं। भगवानले भन्नुभयो।

"भिक्षुहरू! देवता र मनुष्यहरू रूप चाहने र रूपदेखि प्रशन्न रहने खालका हुन्छन्। भिक्षुहरू! रूपहरू वदलिनाले र नष्ट हुनाले देवता र मनुष्यहरू दुःखपूर्वक विहार गर्दछन्। तिनीहरू शब्द...., गन्ध..., रस..., स्पर्श... र धर्म चाहने र ती शब्द, गन्ध, रस, स्पर्श र धर्मदेखि प्रसन्न रहने वाला हन्छन्।

ती शब्द, गन्ध रस, स्पर्श र धर्म पनि बदलिनाले र नष्ट हुनाले भिक्षुहरू! देवता र मनुष्यगण दुःखपूर्वक विहार गर्दछन्।

भिक्षुहरू! तथागत अर्हत सम्यक् सम्बुद्ध रूपको समुदय र अस्त हुने, आस्वाद द्वेष र मोक्षको कुरालाई यथार्थ रूपमा जानेर रूपलाई चाहना गर्ने हुँदैन, रूपमा अभिरत हुँदैन, रूपदेखि प्रसन्न रहनेहुँदैन। रूप वदलिने र नष्ट हुने भएर पनि बुद्ध सुखपूर्वक बिहारगर्दछ। शब्द.... गन्ध...। रस...स्पर्श... र धर्म सम्वन्धमा पनि यस्तै हो।"

"येभुय्येन हि सत्ता तण्हाय पेत्तिविसयं उपपज्जति"

अट्ठसालिनी ।

अथवा

(प्रायः प्राणधारी तृष्णा-लोभवाट प्रेत योनीमा पुग्दछ)

केही मनन गर्न योग्य प्रश्नहरू

१) के दान, शील वा भावनाको उद्देश्य नहुँदाको कुराकानी पनि चित्तद्वारा प्रवृत रहन सक्दछ ?

२) कर्म कुन चैतसिक हो ?

३) दशाकुशल कर्मपथ के के हुन् ?

४) के सबै प्रकारका दृष्टि अकुशल कर्म पथ हुन् ?

५) लोभले संधै किन दुःख ल्याउँछ ?

६) सबै प्रकारको लोभलाई कसले निर्मूल गरेको हुन्छ ?

परिच्छेद–६

द्वेषको लक्षण

हामीहरू अरूसंग रिसाउँदा हामीलाई आफ्नै क्रोधले हानी पुऱ्याउँछ । भगवान बुद्धले द्वेषको प्रतिकूल परिणामहरूलाई दर्शाउँदै भन्नु भएको छ कि एकजना प्रतिद्वन्दीले अर्को प्रतिद्वन्दीलाई जुन खराबी चिताउँछ त्यो खराबी स्वयं त्यस क्रोधी पुरुषले वा स्त्रीले आफैले भोग्नु पर्ने हुन्छ (अंगुत्तर निकाय, परिच्छेद छ प्रकरण १० क्रोध हेर्नोस्) एउटा प्रतिद्वन्दीले अर्को प्रतिद्वन्दीलाई कुरूप होस् भन्ने कामना गर्दछ तर क्रोधबाट वशीभूत भएर यसरी कामना गर्ने व्यक्तिको आफ्नै रूप कुरूप हुन्छ । एउटा प्रतिद्वन्दीले अर्को प्रतिद्वन्दीको निद्रा हराम होस् भन्ने कामना गर्दछ तर त्यस शत्रुप्रतिको क्रोध वा द्वेष भावले गर्दा उसको आफ्नै निद्रा हराम हुन जान्छ । यस्तै आफ्ना प्रतिद्वन्दीलाई अरू पनि अहित चिताएर क्रोधी स्त्री वा पुरुषले आफैं सो अहितलाई भोग्नु परेका अरू पनि उदाहरणहरू नभएका होइनन् । जस्तो एउटा प्रतिद्वन्दीले अर्को आफ्नो प्रतिद्वन्दीलाई मित्रहीन होस् भन्ने कामना गर्दछ तर यस प्रकारको व्यक्ति रीसद्वारा वशीभूत हुने भएकोले उसलाई आफ्नै सहयोगीहरू, मित्रहरू र नाता कुटुम्बहरूले टाढा टाढा राख्न खोज्ने हुन्छन् । यसरी क्रोधी भएर यस प्रकारको व्यक्तिले कर्म, वचन र विचारद्वारा खराब काम गर्दछ। अनि अहित गरी जिएर यस्तै अहित गरी बोलेर र यस्तै अहित हुने कुरा चिताएर वर्तमान देहको अन्त भएपछि मृत्यु परान्त उ नरकमा उत्पति हुन्छ ।

हामी राष्ट्र राष्ट्रहरूका बीच एकता र मेलमिलापको संसारमा बाँच्न चाहन्छौं । मानिसहरूले हिंसात्मक कार्यहरू गर्दा हामीलाई दुःख लाग्छ । तर हामीलाई जनताका बीच हुने लडाइँ र झगडाको वास्तविक हेतु थाहा हुन्न । हामीले वस्तुतः लडाईं र झगडाका खास हेतु के हुन् भन्ने कुरा विचार गर्नु पर्दछ । किनभने लडाई र झगडाको खास हेतु त मानिसहरूले संचित गरेका क्लेशहरू हुन् । हामीमा द्वेष उत्पति हुँदा अरु ब्यक्तिहरू वा अप्रिय परिस्थितिहरूले गर्दा हामीमा द्वेष र घृणा उत्पति भएको हो भन्ने कुरा हामी सोच्दछौं। तर हामीमा बराबर द्वेष उत्पति हुनाको वास्तविक कारण त हामीमै रहेको द्वेषको संचय हो । हामीमा द्वेष कम रहनको लागि हामीले द्वेषको स्वभावलाई जान्नु पर्दछ र द्वेष उत्पति हुनासाथ सजग रहनु पर्दछ ।

द्वेषको धेरै मात्राहरू हुन्छन् । यो कम वा बढी स्थूल हुन सक्छ जस्तो क्रोध । हामी स्थूल द्वेषलाई नै पहिचान गर्न सक्छौं तर द्वेष अति सूक्ष्म हुँदा यसलाई महशूस गर्न गाह्रो हुन्छ । हामीले अभिधर्मको अध्ययन गरेमा हामीलाई द्वेषको लक्षण बारेमा बढी जानकारी रहन्छ । द्वेष भनेको अकुशल चित्त साथैं उत्पति हुने एउटा अकुशल चैतसिक हो । द्वेषको जरावाट उत्पन्न चित्तलाई द्वेष मूल चित्त भनिन्छ । लोभको लक्षणभन्दा द्वेषको लक्षण भिन्न हुन्छ । लोभ उत्पति हुँदा तत्काल अनुभव गरिएको आलम्बनलाई चित्तले रूचाउँछ भने द्वेष उत्पति हुँदा चित्तले अनुभव गरेको आलम्बन प्रति घृणा हुन्छ। हामीले कसैसंग रिसाउँदा वा कसैलाई अभद्र वचन बोल्दा द्वेषलाई चिन्न सक्छौ । तर हामी केही कुरा देखि भयभित भएको अवस्थामा पनि द्वेष नै हुन्छ। किनभने आफू जुन कुरादेखि डराएको हुन्छ त्यस कुरा प्रति उसलाई घृणा हुन्छ । जीवनमा यस्ता कति कुराहरू छन् जुनदेखि मानिस डराएको हुन्छ ।

जस्तो मानिस भविष्यदेखि सन्त्रस्त हुन्छ, रोग, दुर्घटना र मृत्युदेखि सन्तस्त्र हुन्छ । क्रोधको उपचार गर्न मानिसहरू धेरै उपायहरू अपनाउँछन् तर यसको एउटै मात्र उपाय नै प्रज्ञाको विकास गर्नु हो । जुन प्रज्ञाले द्वेषको अन्तर्निहित प्रवृति अर्थात् प्रतिघ अनुशय-लाई निर्मूल गरिदिन्छ ।

लोभको कारणद्वारा द्वेष हुन्छ । हामी प्रिय मनाप बस्तुबाट वञ्चित हुन चाहन्नौं र जब इष्ट प्रिय बस्तुबाट हामी बञ्चित रहन्छौं, हामी दिक्क हुन्छौं, खिन्न हुन्छौं । खिन्नता पनि एक प्रकारको द्वेष नै हो । यो पनि अकुशल हो । हामीलाई संसारको स्वभाव धर्मबारे यथार्थ ज्ञान भएन भने मानिसहरू र बस्तुहरू स्थिर रहन्छन् भने विश्वास हामी गर्नेछौं । किन्तु मानिसहरू र वस्तुहरू सबै केवल उत्पति भएर विनाश हुने धर्म मात्र हुन् । अर्को क्षणमै पलक भर नै तिनीहरू परिवर्तित भइसकेका हुन्छन् । हामीलाई संसारको स्वभाव धर्म विषयमा यथार्थ ज्ञान भएमा हामी खिन्नताबाट कमै प्रभावित वा वशीभूत हुनेछौं । व्यतीत भइसकेको घटनाप्रति दुःख मनाउ गर्नुमा कुनै बुद्धिमानिता छैन ।

यस विषयमा थेरी गाथा ३३ मा यसरी उल्लेख गरिएको पाइन्छ । एउटा राजाकी रानी उब्बिरी आफ्नी प्रिय छोरी जीवाको मृत्युमा साह्रै नै बिलाप गर्दथिइन् । हरेक दिन उनी श्मसानमा जान्थी । उनीले बुद्धलाई भेटिन् । भगवान बुद्धले उनीलाई त्यो श्मशानमा विगत जन्महरूका करीब ८४,००० हजार उनका छोरीहरू गाडिएको कुराको उपदेश दिंदै भन्नु भयो कि ती सबैं पूर्व-जन्मकी छोरीहरूका नाउँ जीवा नै थिए ।

भगवान बुद्धद्वारा उपदिष्ट धर्ममाथि गहिरिएर बिचार गर्दा त्यस रानीले प्रज्ञाको विकास गरिन् र संसारका स्वभाव धर्महरूलाई

यथार्थ रूपमा देख्न थालिन् । परिणामस्वरूप तिनीले अरहन्त मार्ग फल पनि प्राप्त गरिन् ।

द्वेष मूल चित्तहरूसाथै उत्पति हुने अरू पनि अकुशल चैतसिकहरू छन् । पश्चाताप वा मानसिक सन्ताप जसलाई पालीमा कुकुच्छ (अर्थात् कौकृत्य) भनिन्छ, त्यो पनि एक प्रकारको अकुशल चैतसिक हो । हामीले केही कुरा गर्न नहुने गरेका वा गर्नु पर्ने नगरेकोमा पश्चाताप गर्छौं । त्यस घडीमा कौकृत्य चैतसिक जो छ द्वेष मूल चित्तसाथै उत्पन्न हुन्छ । हामीले केही कुरामा पश्चाताप गर्दा वर्तमान क्षणलाई पहिचान गर्नको बदला बितेको कुरामा चिन्तन गरिरहेका हुन्छौं । केही कुरा हामीले बिगारी नै सकेको छ भने पछि त्यस काम प्रति द्वेष गरेर बस्नु व्यर्थकै कुरा हुन्छ ।

द्वेष ईर्ष्या (पालीमा इस्सा) को साथै पनि उत्पन्न हुन सक्छ। हामीहरू ईर्ष्यालु हुँदा वा अरू कसैले सुख भोग गरेको कुरा हामीले हेर्न नचाहँदा उत्पति हुने चैतसिक हो ईर्ष्या जुन द्वेष मूल चित्तसाथै उत्पन्न हुन्छ। त्यस क्षणमा चित्तले आफूले अनुभव गरेको गोचरलाई मनपराउँदैन । ईर्ष्या जतिसुकै सूक्ष्म किन नहोस्, ईर्ष्या कति छिटो छिटो उत्पत्ति हुँदोरहेछ भन्ने कुरा हामीले पत्ता लगाउनु पर्छ । हामी बास्तवमा अरू कसैलाई भित्री हृदयदेखि चाहन्छौं वा अरूहरूसंग हिंडडुल, संगत गर्दा हामी आफ्नै मात्र विचार गर्दा रहेछौं भन्ने कुरा थाहा पाउने यो एउटा उपाय हो ।

द्वेष मूल चित्तसाथै उत्पति हुन सक्ने अर्को अकुशल चैतसिक हो मात्सर्य (पालीमा मच्छरिय) अर्थात् कृपणता । हामी कंजूस हुँदा द्वेष पनि हामीमा रहन्छ। त्यस घडीमा अरू कसैले पनि हाम्रो भोग सुखमा बाँडेर लिऊन् भन्ने कुरा हामी रूचाउँनौं ।

द्वेष सदैव दौर्मनस्य वेदनासाथै नै उत्पति हुन्छ। प्रायः मानिसहरू दौर्मनस्य वेदना प्राप्त गर्न रूचाउँदैनन् । तसर्थ उनीहरू

द्वेषलाई पनि रूचाउँदैनन्। संसारको वास्तविक स्वभाव धर्महरू विषयमा हामीलाई बढी ज्ञान र जानकारी भएको अवस्थामा दौर्म. नस्य वेदना नरूचाउँने कारणले मात्र हामीले द्वेषलाई उन्मूलन गर्न खोज्ने हुन्नौं, अपितु अकुशलका नराम्रा परिणामहरू भोग गर्नु पर्ने हुन्छ भन्ने कुरालाई बुझेर हामी द्वेषलाई उखेलेर फ्याँक्न चाहन्छौं।

द्वेष उत्पति हुन सक्ने द्वारहरू पनि पाँच इन्द्रीयद्वारहरू र मनोद्वार नै हुन् । हामीले नराम्रा दृष्यहरू देख्दा, कर्णकटु शब्दहरू सुन्दा, अप्रिय गन्ध सुंघ्दा, नमिठो खाना खाँदा, शरीरमा दर्दयुक्त स्पर्शहरू हुँदा र अप्रिय कुराहरूको चिन्तन गर्दा द्वेष उत्पति हुन सक्छ। हामीमा अलिकति मात्र पनि बेचैनीको भाव रहनु पनि द्वेष छ भन्ने संकेत हुनु हो । इन्द्रीयहरू मार्फत अप्रिय स्पर्शहरू हुंदा द्वेष छिटो छिटो उत्पति हुने सम्भावना छ जस्तो उदाहरणको निमित्त भनौं, तापक्रम ज्यादै गर्मी वा ज्यादै ठण्डी हुँदा द्वेष बरावर उत्पति हुन सक्ने हुन्छ । हाम्रो शरीरमा अलिकता मात्र पनि दु:ख वेदना भएमा पनि द्वेष उत्पन्न हुने सम्भावना छ ।

जहाँ द्वेषको लागि हेतुहरू रहन्छन् । त्यहाँ द्वेषको उत्पति हुन्छ। पाँच इन्द्रीयहरू मार्फत अनुभव गर्न सकिने गोचरहरूमा आशक्ति रहेसम्म द्वेष उत्पन्न हुन्छ । जो कोही पनि सुखकर कुरा मात्र भोग गर्न चाहन्छन् र जब यस्ता कुरा उपलब्ध हुँदैनन् तव द्वेष उत्पन्न हुन सक्छ।

द्वेषको निमित्त अर्को हेतु हो धर्मको अज्ञानता । हाम्रो आफ्नो कर्मले गर्दा नै अकुशल विपाक उत्पति हुन्छ भन्ने कुरा हामीलाई थाहा नभएमा पाँच इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रीय मार्फत प्रत्येक पटक अप्रिय अनुभव हुँदा द्वेष उत्पन्न हुने सम्भावना रहन्छ । यसरी द्वेष त बारम्वार संचित रहन्छ । जस्तो उदाहरणार्थ भनौं, अरू कसैबाट अप्रिय बचन सुन्नासाथ त्यो मान्छेदेखि नै रिसाउने हुन सक्छ । धर्मको अध्ययन गर्नेहरूलाई त यो थाहा हुन्छ कि केही

अप्रिय कुराहरू सुन्नु भनेकै आफ्नै कर्मद्वारा ल्याएको त्यो अकुशल विपाक हो । अकुशल विपाक भनेको तुरुन्तै विनाश भइहाल्छ, त्यो रहिरहन्न । यदि हामीमा वर्तमान घडीप्रतिकै सजगता बढी भएमा आफ्नो अकुशल विपाक माथि नै चिन्तन गर्ने प्रवृति कमै मात्र रहने छ ।

अभिधर्मको अध्ययनबाट हामी के थाहा पाउँछौं भने द्वेष मूल चित्त दुई प्रकारका हुन्छन् (१) असांस्कारिक र (२) ससांस्कारिक अरू कसैले गरेका अनिष्ट कामको विषयमा सम्झाइ दिएपछि रिसाउनु ससांस्कारिक द्वेष हो । असांस्कारिक द्वेष त ससांस्कारिक द्वेषभन्दा बढी तीव्र हुन्छ । द्वेष मूल चित्तहरूलाई प्रतिघसाथ लागेको अर्थात् प्रतिघ सम्प्रयुक्त भनिन्छ । प्रतिघ भनेको द्वेषको अर्को नाउँ हो । द्वेष मूल चित्तहरू सदैव दौर्मनस्य सहगत नै हुन्छन् । दुई प्रकारका द्वेष मूल चित्तहरू हुन्:–

१) दौर्मनस्य सहगत, प्रतिघ सम्प्रयुक्त, असांस्कारिक–एक ।

२) दौर्मनस्य सहगत, प्रतिघ सम्प्रयुक्त, ससांस्कारिक –एक ।

द्वेषका विभिन्न मात्राहरू (अंशहरू) हुन्छन् । यो स्थूल वा बढी सूक्ष्म हुन सक्छ । द्वेष स्थूल हुँदा यसले काय, वाक्य र चित्त-द्वारा अकुशल कर्मपथलाई प्रेरित गर्दछ । कायद्वारा गरिने दुई प्रकारका अकुशल कर्मपथ जस्तो हत्या र चोरीलाई द्वेषले प्रवृत गर्न सक्छ। यदि हामी संसारमा कम हिंसा वा अशान्ति चाहन्छौं भने हामीले प्राणातिपातबाट विरत हुने प्रयास गर्नु पर्दछ। प्राणाति-पात गरेर हामी थुप्रै द्वेषको संचय गर्छौं । एउटा भिक्षुको जीवन नै अहिंसाको जीवन हो । तसर्थ ऊ संसारमा कुनै पनि प्राणीलाई आघात गर्दैन किन्तु हरकोही व्यक्ति भिक्षुहरू जस्तै जिउन समर्थ हुँदैन। क्लेशहरू अनात्मा हुन् । तिनीहरू हेतुको कारण उत्पति हुन्छन् । बुद्धोपदेशको उद्देश्य व्यक्तिहरूलाई अकुशल कर्मबाट प्रति-षेध गर्न नियम बनाउनु होइन , बल्कि क्लेशहरूलाई नै सर्वथा निर्मूल गर्ने प्रज्ञाको विकास गर्न सघाउ पुर्‍याउनु हो।

चोरी वा अदत्तादानको कार्य लोभ वा द्वेषद्वारा प्रवृत हुन सक्छ । चोरी गर्दा अरूलाई हानी पुऱ्याउने नियत रहेको छ भने त्यो चोरी द्वेषद्वारा प्रेरित छ । अर्काको सम्पतीमा हानी पुऱ्याउनुलाई पनि यसै कर्मपथमा समावेश गरिन्छ ।

द्वेष वाक्यद्वारा गरिने चार प्रकारका अकुशल कर्मपथलाई प्रेरित गर्न सक्छ। ती हुन्: (१) मृषावाद, (२) पिशुन वचन, (३) परूष वचन, (४) सम्प्रलाप । मृषावाद, पिशुन वचन र सम्प्रलापलाई लोभ वा द्वेषद्वारा पनि प्रवृत गर्न सकिन्छ । कसैको यशमा हानी पुऱ्याउनु वा अरूले त्यसलाई हेला गर्ने गराउनु जस्ता कसैलाई पुऱ्याउने नियतले गरिएका कृत्यहरू द्वेषद्वारा प्रवृत हुन्छन् । अधिकांश व्यक्तिहरू शस्त्रास्त्रको प्रयोगलाई हटाइनु पर्दछ भन्ने कुरा सोच्दछन् तर उनीहरू यो कुरा बिर्सिन्छन् कि जिब्रो पनि यस्तो शस्त्र हुन सक्छ जसले कि नराम्रोसंग आघात पुऱ्याउन सक्छ। कुवचनले गर्दा संसारमा धेरै धेरै हानी हुन्छ । यसले मानिसहरूका बीच कलह खडा गरिन्छ। हामीले कुबचन बोलेर हामी आफैलाई हानी गर्दछौं। किनभने कुबचनद्वारा क्लेशहरू संचित गरिन्छन् र हामीले अकुशल बिपाक भोग्नु पर्ने हुन्छ । सुत्त निपातमा लेखिएको छ :

प्रत्येक व्यक्ति जन्मिदा साँच्चि नै
मुखभित्र बन्चरो पनि जन्मिन्छ,
आफैलाई काट्छ त्यो मूर्खले जसले
कुबाच्य जब जब ऊ बोल्छ ।

मनद्वारा गरिने अकुशल कर्म पथको सम्बन्धमा द्वेषले अरूलाई आघात वा हानी पुऱ्याउने नियतलाई प्रेरित गर्न सक्छ ।

मानिसहरू अक्सर गरेर अशान्तिको बारेमा कुरा गर्दछन् र यसलाई निराकरण गर्ने उपायहरू बारेमा बोल्दछन् । के हामीमध्ये कसैले यो भन्न सक्छ कि यसरी बोल्ने मान्छे द्वेषबाट मुक्त छ र उसले

कहिल्यै हत्या गर्दैन भन्ने कुरा ? हाम्रा अनेक जन्महरूको क्रममा हामीले कति द्वेषको संचय गरेका छौं हामीलाई नै थाहा छैन । जब उपयुक्त अवस्थाहरू रहन्छन्, हामीले आफैंले गर्न सकौंला भनी कहिल्यै नसोचेका हिंसा कार्य पनि हामीले गर्ने सम्भावना हुन्छ । द्वेष भनेको कति नराम्रो कुरो हो र यसले कस्ता कस्ता कामहरू पनि गराउन सक्छ भन्ने कुरा बुझेपछि हामी यसलाई निर्मूल गर्ने चाहना गर्दछौं ।

अरू माथि दया गर्दा द्वेषको अनुशय अथवा अन्तर्निहित स्वभावलाई त हामीले निर्मूल गरिसकेका हुन्नौं तर कम से कम यस्ता घडीहरूमा हामीहरू थप द्वेषलाई त संचय गर्दैनौं । भगवान बुद्धले मानिसहरूलाई मैत्रीको अभ्यास गर्ने उपदेश दिनु भयो । शान्ति लाभ गर्न मान्छेले के गर्नु पर्छ भन्ने कुरा मैत्री सूत्रमा (सुत्त निपात १४३-१५२ गाथाहरू) सम्मुलेखित छ । उक्त सूत्रानुसार शान्तिको कामना गर्ने व्यक्तिले सबै प्रकारका प्राणी मात्रको सुरक्षा र आनन्दको कामना गर्नुको साथै एक्लो छोरालाई आमाले आफ्नो प्राणको बाजी लगाएर पनि रक्षा गर्ने जस्तै प्रत्येक प्राणीको निमित्त प्रेम सहितको असीमित चेतना राख्नु पर्छ ।

भगवान बुद्धले हामीलाई आफूप्रति अप्रसन्न रहेकाहरूसंग पनि रीस नगर्ने कुराको उपदेश दिनु भयो । भगवान बुद्धले भिक्षुहरूलाई उपदेश दिंदै भन्नु भएको छ :–

(१)

अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।
ये च तं उपनय्हन्ति, वेरं तेसं न सम्मति ।।

(२)

अक्कोच्छि मं अवधि मं, अजिनि मं अहासि मे ।
ये तं न उपनय्हन्ति, वेरं तेसूप सम्मति ।।

(३)

नहि वेरेन वेरानि, सम्मन्तीध कुदाचनं ।
अवेरेन च सम्मन्ति, एस धम्मो सनन्तनो ।।

अर्थहरू

(१)

"मलाई उसले गाली गऱ्यो", "मलाई पित्यो", "मलाई जित्यो" "मेरो लुट्यो" भनी जसले बार बार मनमा लिइरहन्छ त्यस व्यक्तिको वैरी कहिल्यै शान्त हुँदैन ।

(२)

"मलाई गाली गऱ्यो" "मलाई पित्यो" "मलाई जित्यो" "मेरो लुट्यो" भन्ने कुरा मनमा लिइरहनेको वैरी शान्त हुन्छ ।

(३)

वैरभावले वैर भाव कहिल्यै शान्त हुँदैन, अवैरभावले मात्रै वैरी शान्त हुन्छ, यो पहिलेदेखि नै चलेर आएको सनातन धर्म हो ।

कहिले काहीं द्वेषको सट्टामा मैत्री प्राप्त गर्न त हामीलाई असम्भव नै प्रतीत हुन्छ। जस्तो उदाहरणको लामि भनौं अरूले हामीलाई अनुचित तवरले व्यवहार गर्दा हामी साह्रै नै दुःखित हुन सक्छौं र त्यस बखत हामी आफ्नो दुःखकै विषयमा चिन्तन गरेर बसिरहन्छौं । द्वेष निर्मूल भई नसकेको अवस्थामा द्वेषलाई उत्पन्न हुने हेतुहरू भइ नै रहन्छन् । सम्पूर्ण संस्कृत धर्महरू प्रति स्मृति राखेर बस्न सकेमा मात्र द्वेषलाई निर्मूल गर्न सक्ने प्रज्ञाको विकास हुन्छ ।

द्वेषलाई हामी एकै पटक निर्मूल गर्न सक्तैनौं । यसलाई क्रमशः एक एक चरण गरेर मात्रै निर्मूल गर्न सकिन्छ । सम्वोधिको प्रथम चरण प्राप्त गरिसकेका श्रोतापन्नले पनि द्वेषलाई अकै निर्मूल गरिसकेको हुन्न तर यसको मात्रा भने निश्चय पनि कम

भैसकेको हुन्छ । सम्वोधिको दोश्रो चरण सकृदागामीको मार्ग र फल प्राप्त गरिसकेका पुद्‌गलमा द्वेष अझ शिथील भएको हुन्छ तर अझै पूर्ण रूपमा निर्मूल भएको हुन्न । सम्वोधिको तेश्रो चरण पूरा गरिसकेका अनागामीले मात्र द्वेषलाई सम्पूर्ण रूपमा निर्मूल गरि सकेका हुन्छ। त्यस अवस्थामा त्यस पुद्‌गलमा द्वेषको अन्तर्निहित प्रवृति वा अनुशय समेत बिल्कूल नष्ट भइसक्छ ।

हामीले द्वेषलाई निर्मूल गरिसकेका छैनौं । तथापि द्वेष उत्पति हुँदा यसको लक्षण प्रति सजग हुँदै हेतुहरूको कारण उत्पति हुने एक प्रकारको नाम धर्म हो भनी हामी सचेत हुन सक्छौं । द्वेष उत्पति हुँदा हामी स्मृति संप्रजन्य भएर रहन सकेनौं भने द्वेष नै नित्य रहने जस्तो देखिन्छ र यसलाई आत्माको रूपमा ग्रहण गर्ने हुन्छौं । अरू नाम तथा रूप धातुहरू उत्पति भएको हामी देख्दैनौं। परन्तु हामीमा स्मृति रहेको खण्डमा द्वेषलाई आत्मा होइन, एक प्रकारको नामको रूपमा यसको लक्षणलाई हामीले बुझ्ने छौं र एक पटक एउटाको क्रममा देखापर्ने अरू नामहरू तथा रूप-हरूलाई पनि हामीले पहिचान गर्ने छौं । यसरी हामी सिक्छौं कि नाम तथा रूपका अनेक लक्षणहरू हुन्छन् जुन कुनै पनि नित्य रहँदैनन् संसारका स्वभावधर्महरूप्रति हामीमा स्पष्ट समझदारी विकास भएको खण्डमा हामीमा अप्रिय घटना वा अनुभवको विषयलाई लिएर लामो समयसम्म चिन्तन गरेर बस्ने प्रवृति कम हुनेछ । किनभने यो एक प्रकारको अस्थीर नाम मात्र हो भन्ने कुरा हामी बुझ्दछौं । परिणामस्वरूप हामी अतीत काल र भविष्यको वारेमा बिचार गरी रहनको सट्टा वर्तमान समयमै वढी ध्यान दिने हुन्छौं हामीलाई घटेका घटना अप्रिय घटनाहरू वारेमा अरूलाई सुनाउनमा पनि हामी कमैमात्र उद्यत रहने छौं किनभने यही नै हामी आफैं वा अरूको निमित्त द्वेषको संचय गर्ने अर्को आधार हुन सक्ने हुन्छ। अनि हामीदेखि अरू कोही रिसमा पनि हामीलाई

उसको अवस्थाहरू बारेमा कि ऊ थाकेको हुन सक्छ वा उसलाई सञ्चो नभएको हुन सक्छ भन्ने कुरामा बढी समझदारी रहने छ। वास्तवमा जसले हामीलाई अनुचित तवरले व्यवहार गर्दछ उसप्रति हामीले करूणा देखाउनु उचित हुन्छ। किनभने त्यस्ता व्यवहार गर्ने व्यक्तिहरू आफैलाई दुःखी बनाउँछन्।

द्वेषको बदलामा अरूहरूप्रति बढी मैत्री र करूणा राख्नको लागि स्मृति नै एउटा हेतु वा आधार हो।

"दोसेन हि चण्डजातिताय दोषसदिसं निरयं उपपज्जन्ति"

—अट्ठसालिनी।

अर्थात्

(द्वेष, चाहे जो सुकैमा होस् यसले नरकमा पुऱ्याइदिन्छ)

केही मनन गर्नं योग्य प्रश्नहरू

१) लोभ द्वेषको निमित्त किन हेतु हुन्छ ?

२) मृषावाद, पिशुन बचन र सम्प्रलाप वाक्य द्वारा गरिने अकुशल कर्म पथहुन् जसलाई लोभ वा द्वेषद्वारा प्रवृत गर्न सकिन्छ। ती अकुशल कर्मपथहरू कुन अवस्थामा द्वेषद्वारा प्रेरित हुन्छन् ?

३) के द्वेषले मनद्वारा गरिने अकुशल कर्मपथलाई प्रेरित गर्नं सक्छ ?

परिच्छेद–७

मोह

लोभ मूल अकुशल चित्तहरू उत्पति हुँदा वा द्वेष मूल अकुशल चित्तहरू उत्पति हुँदा त हामी थाहा पाउन सकौंला तर मोह मूल अकुशल चित्तहरू कहिले हामीमा उत्पन्न हुन्छन् के हामी थाहा पाउँछौं त ? मोहको लक्षण के हो त ? जसले उच्च शिक्षा हासिल गरेको छैन, जो विदेशी भाषाहरू बोल्न जान्दैनन्, जो इतिहास वा राजनीति शास्त्र सम्बन्धी केही कुरा थाहा पाउन्न त्यस्ता मान्छेलाई हामी अज्ञ भनी सोचौंला । के बुद्धोपदेशमा त्यसै प्रकारको मोह (अज्ञानता)लाई नै निर्मूल गरिनु पर्ने हो त ? यदि त्यसो हो भने त्यसको अर्थ त के हुन्छ भने जो विदेशी भाषाहरू बोल्दछन् वा जो इतिहास र राजनीति शास्त्रका कुरा जान्दछन् तिनीहरूको जीवनमा बढी कुशलता हुने हुन्छ । बुद्धधर्मको अध्ययनबाट के थाहा हुन्छ कि यो कुरा सत्य होइन ।

मोहको स्वभाव वा लक्षण बुझनको लागि मोह रहँदा हामी के कुराको अज्ञानी रहन्छौं भन्ने कुरो नै हामीले जान्नु पर्छ । यहाँ प्रज्ञप्तिको संसार पनि छ भन्ने परमार्थहरूको संसार पनि छ। हामी-ले संसारको विषयमा सोच्दा हामी व्यक्तिहरू, जनावरहरू र अरू चीजबीजहरूको बारेमा सोच्छौं र तिनीहरूलाई अनेक नाउँबाट व्यवहार गर्छौं किन्तु ती सबै चीजहरूको अनित्य स्वभावका नाम र रूप मात्र हुन् भन्ने कुरा हामी थाहा पाउन्नौं ।

वास्तविक संसार त परमार्थ धर्महरूको संसार हो । परमार्थ धर्महरू केवल नाम तथा रूप हुन् । हाम्रा दैनिक जीवनमा प्रकट हुने नामहरू तथा रूपहरूलाई तिनीहरूलाई जसरी नामकरण हामी किन नगरौं, पाँच इन्द्रीयद्वारहरू र मनोद्वार मार्फत प्रत्यक्ष रूपमा अनुभव गर्न सकिन्छ । यही संसार नै वास्तविक संसार हो । हामी जब हेर्छौं, त्यहाँ रंगकै संसार हुन्छ, जब हामी सुन्छौं त्यहाँ शब्दकै संसार हुन्छ र जब हामी चिन्तन गर्दछौं, त्यहाँ विचारकै संसार रहन्छ । रंग र हेराई वास्तविक हुन्, तिनीहरूका लक्षणहरूलाई अनुभव गर्न सकिन्छ । हामी तिनीहरूलाई "रंग" र "हेराइ" (दर्शन) भनी भनौं वा केही नामकरण नै नगरौं, त्यसको केही अर्थ छैन । जबसम्म हामी "रूख" वा "मेच" भन्ने लौकिक व्यवहारहरू (प्रज्ञप्ति) मै टाँसिन्छौ, हामी वास्तविक स्वभाव धर्मको कुनै लक्षण अनुभव गर्दैनौं । हामी जब रूखलाई देख्छौं हामीले प्रत्यक्ष रूपमा अनुभव गर्न सकिने कुरा त रंग हो । रंग एक प्रकारको परमार्थ धर्म हो । यो आँखाद्वारा अनुभव गर्न सकिने एक प्रकारको रूप हो र यो साँचो छ । हामीले रूखलाई छुँदा हामी साह्रोपन वा कडापनलाई अनुभव गर्न सक्छौं । यो काया-इन्द्रीयद्वारा अनुभव गर्नसकिने एक प्रकारको रूप हो र यो सत्य छ । रंग तथा कडापन जस्ता परमार्थ धर्महरूलाई जेसुकै नामकरण किन नगरोस्, तिनीहरूलाई अनुभव गर्न सकिन्छ ।

षडिन्द्रीयहरू मार्फत अनुभव गरिने संसार सत्य हो तर यो चिरस्थायीं होइन, यो अनित्य छ । हामीले अघि उल्लेख गरिए कैं हामीले हेर्दा रंगको संसार हुन्छ तर यो तत्कालै विनाश हुन्छ । हामीले सुन्दा स्वरको संसार, हुन्छ तर यो पनि स्थायी हुन्न । गन्धको संसार, रसको संसार, काया-इन्द्रीयद्वारा गरिने स्पर्शको संसार र चिन्तनको संसार पनि यस्तै हो । तथापि हामी लौकिक प्रज्ञप्तिको संसारसित मात्रँ परिचित देखिन्छौं । किनभने मोह र मिथ्या दृष्टि

चिर कासदेखि हामीमा संचित रहेको छ । परमार्म धर्महरूको संसार को मोह जो छ त्यस प्रकारको मोहलाई नै बुद्धोपदेशानुसार निर्मूल गरिनु पर्दछ । किनभने मोहले दुःखलाई प्रजनित गर्दछ ।

"आर्य विनयमा संसार" भन्ने धर्मोपदेशमा परमार्थ धर्महरूको संसारको विषयमा चर्चाछ। आर्य मुनिले जुनसुकै वस्तुहरूलाई यथार्थ रूपमा देख्ने प्रज्ञाको विकास गरेको हुन्छ। त्यसैले ऊ साँच्चिकै संसारलाई चिन्दछ ।

संयुक्त निकाय (षलायतन वर्ग, छन्न वर्ग भाग ४ पलोकसुत्त) मा आनन्दले भगवान बुद्धसंग लोक संसारको विषयमा गरेको छलफलको चर्चा आउँछ :

"भन्ते ! लोकजनहरू "संसार, संसार" भन्दछन् । भन्ते के भएर "संसार" भनिन्छ ?

आनन्द ! जे प्रलोकधर्मा (अर्थात् नाशवान) हुन्छ, त्यसलाई आर्यविनयमा संसार भनिन्छ । आनन्द ! प्रलोकधर्मा के हो त ? आनन्द ! चक्षु प्रलोकधर्मा हो । रूप प्रलोकधर्मा हो । चक्षु-विज्ञान ....। चक्षु-संस्पर्श...। वेदना...। श्रोत...। मन प्रलोकधर्मा हो । धर्म प्रलोक धर्मा हो । मनोविज्ञान प्रलोकधर्मा हो । मन-संस्पर्श प्रलोक धर्मा हो । मन-संस्पर्शको कारण जति पनि सुख, दुःख, नसुख नदुःख वेदना उत्पति हुन्छन् ती पनि प्रलोकधर्मा हुन् ।

आनन्द ! जो प्रलोकधर्मा (नाशवान्) छन् त्यसलाई आर्य विनयमा संसार भनिन्छ ।"

षडिन्द्रीय द्वारहरू मार्फत प्रकट हुने संसारलाई नचिनीकनै म आफूलाई पहिचान गर्न सक्छु भन्ने धारणा कुनै व्यक्तिमा रहन सक्छ। उसले यसरी सोच्न सक्छ कि म आफ्नो क्रोध र लोभलाई जान्दछु । तर वास्तवमा भन्ने हो भने क्रोध र लोभ भिन्न भिन्न किसिमका नाम मात्र हुन्, आत्मा होइन भन्ने कुरा यथार्थ रूपमा

उसले अनुभव गरेको हुन्न । जवसम्म संसारका स्वभाव धर्महरूलाई आत्माको रूपमा उसले ग्रहण गरेको हुन्छ, तवसम्म त्यो व्यक्तिले आफैलाई वास्तवमा चिन्दैन र उसले क्लेशहरूलाई निर्मूल गर्न पनि सक्तैन । किनभने त्यस्तो व्यक्ति उही धारणा उही आत्माकै विचारमा फँसेको हुन्छ, वास्तविकताको कुनैं लक्षणलाई पनि उसले अनुभव गरेको हुन्न । हामीमा लोभ र द्वेष कति शिघ्र उत्पति हुन्छन् भन्ने कुरा उसलाई थाहा हुन्न र उसलाई अकुशलका अति सूक्ष्म अंशहरू पनि थाहा हुन्न । प्रज्ञाको विकास गर्न थालेपछि नै मात्र कुनै पनि व्यक्ति स्वयं आफूलाई कति कम मात्र चिन्दो रहेछ भन्ने कुरा महशूस गर्दछ ।

मोह रहँदाको अवस्थामा हामी अन्धकारमा वाँच्छौं । त्यो त तथागतको महान् करूणा हो कि उहाँ मानिसहरूलाई धर्मोपदेश गर्न अग्रसर हुनुभयो । अन्धकारलाई दूर गर्न सक्ने ज्योति धर्म नै हो । हामीलाई धर्मको ज्ञान नभएमा हामी संसारको विषयमा र स्वयं आफ्नै विषयमा अज्ञानी रहन्छौं । हामी कुशल र अकुशल कर्महरू र तिनका विपाकहरूका विषयमा अनभिज्ञ रहन्छौं । हामी क्लेशहरूको उन्मूलन विषयमा अनभिज्ञ रहन्छौं ।

अभिधर्मको अध्ययनवाट हामीलाई मोहको लक्षणको वारेमा वढी जान्न मद्दत हुनेछ। अर्थसारिणी (भाग २, खण्ड ९ परिच्छेद १, २४९) मा मोहको सम्बन्धमा यसरी उल्लेख गरिएको छः–

"मोहको लक्षण हो चित्तको अन्धाभाव हुने वा ज्ञानको विपरितता हुने यसको कृत्य हो गोचरहरूको स्वभावलाई छिपाउने । सम्यक् आचरणको विपरीतताको प्रदर्शन वा अन्धकार प्रादुर्भाव गर्नु यसको प्रत्युपस्थान वा आकार हो । अयोनिसो मनस्कार यसको समीपकारण वा पदस्थावाला हो । मोहलाई सम्पूर्ण अनैतिकताहरूको मूल भनी सम्झनु पर्दछ।

मोहको धेरै मात्राहरू हुन्छन् । धर्मको अध्ययनबाट हामी वास्तविकताहरू सम्बन्धमा कमै मात्र अनभिज्ञ रहने छौं र हामी परमार्थ धर्महरू, कर्म र विपाक विषयमा बढी बुझ्ने हुनेछौं । तर यसको अर्थ हामीले मोहलाई जरै समेत उखेल्ने छौं भन्ने कुरा भने होइन । मोहलाई सत्य र वास्तविकताको विषय सोचेर मात्रै निर्मूल गर्न सकिन्न । यसलाई त आर्य बिनयमा संसार केलाई भनिन्छ सो कुरा जान्ने र चक्षु-इन्द्रीय, रंग र चक्षु-विज्ञान, श्रोतेन्द्रीय, शव्द र श्रोत-विज्ञान तथा षडिन्द्रीयहरू मार्फत प्रकट हुने सम्पूर्ण स्वभाव धर्महरूको बिषयमा जान्ने प्रज्ञाको विकास गरेरै मात्र निर्मूल गर्न सकिन्छ ।

अभिधर्मको अध्ययनबाट हामीलाई के थाहा हुन्छ भने मोह सबै प्रकारका अकुशल चित्तहरू साथै उत्पति हुन्छ । लोभ मूल चित्तहरूको मोह र लोभ मूलहरू हुन्छन् भने द्वेष मूल चित्तहरूको मोह र द्वेष मूलहरू हुन्छन् । केवल मोह मात्रै मूल भएका दुई प्रकारका अकुशल चित्तहरू हुन्छन्–तिनीहरू मोह मूल चित्तहरू हुन् । एक प्रकारको मोह मूल चित्त विचिकित्सा (पालीमा विचिकिच्छा) संग उत्पति हुन्छ र अर्को किसिमको मोह मूल चित्त चाहिं औद्धत्य (पालीमा उधच्च) संगै उत्पति हुन्छ । मोह मूल चित्तहरू साथै उत्पन्न हुने वेदना चाहिं सदैव उपेक्षा वेदना हुन्छ । मोह मूल चित्त रहँदा प्रिय वा अप्रिय, सौमनस्य वा दौर्मनस्य भन्ने कुरा रहन्न । दुबै प्रकारका मोह मूल चित्तहरू असांस्कारिक हुन् ।

लोभ मूल चित्तहरू साथै मात्र उत्पति हुने मिथ्यादृष्टिको लक्षण संग मोहको लक्षणलाई मिसाएर अलमलिनु हुँदैन । मिथ्या दृष्टि उत्पति हुँदा जस्तो भनौं अनित्यलाई नित्य भनी सम्झन्छ अथवा आत्मा छ भन्ने धारणामा बसिरहन्छ । मोह मूल चित्तको क्षणमा चाहिं मिथ्यादृष्टिमा टाँसिदैन तर धर्महरूको यथार्थ स्वभावबाटै अनभिज्ञता रहन्छ । मोहको कारणले मिथ्या दृष्टि, हुन्छ

तर मोहको लक्षण दिट्ठी वा मिथ्यादृष्टिको लक्षण भन्दा चाहिं भिन्नै हुन्छ ।

दुई प्रकारका मोह मूल चित्तहरू हुन्:–

१. उपेक्षा सहगत, विचिकित्सा सम्प्रयुक्त ।

२. उपेक्षा सहगत, औद्धत्य सम्प्रयुक्त ।

विचिकित्सा सम्प्रयुक्त मोह मूल चित्त भएको ब्यक्तिले बुद्ध धर्म र संघको विषयमा शंका गर्दछ । सांच्चिकै बुद्धले सत्य पत्ता लगाउनु भएका हो कि होइन, बुद्धले क्लेशहरूलाई अन्त्य गर्ने मार्गको उपदेश दिनु भएको हो कि होइन, कहीं अरू मानिसहरू पनि बुद्ध हुन सक्ने छन् कि भनी नाना किसिमको आशंका उसमा रहन्छ । ऊ अतीत र अनागत जन्महरूबारे, कर्म र विपाकहरूको सम्बन्धमा पनि शंका गर्दछ ।उ नाम र रूप सत्य हुन् कि होइनन् भन्ने कुरामा शंका गर्दछ । बिचिकित्सा अर्थात् शंकाको पनि धेरै मात्राहरू हुन्छन् । हामीले प्रज्ञाको विकास गर्न शुरू गर्दा हामीलाई वर्तमान क्षणको वास्तविकता र सत्यको विषयमा शंका रहन सक्तछ । उदाहरणको लागि भनौं, जब श्रोत (सुन्ने कार्य) हुन्छ, त्यहाँ शब्द पनि भइहाल्छ तर चित्तले एक समयमा एउटै मात्र आलम्बनलाई ग्रहण गर्न सक्ने भएकोले एक समयमा एउटै मात्र सत्यताको सजगता रहन सक्तछ । वर्तमान क्षणमा हामीले जुन धर्मको अनुभव गरेका हुन्छौं त्यो वास्तवमा नाम (जसले सुन्ने कार्य गर्दछ) सो वा रूप (आवाज) हो भन्ने कुरामा हामीलाई शंका रहन सक्तछ । नाम र रूप यति छिटो छिटो उत्पति भएर विनाश हुन्छ कि वर्तमान घडीमा कुन चाहिं स्वभाव धर्म वा वास्तविकताको अनुभव गरिएको हो भन्ने कुरा थाहा पाउन गाह्रो हुन्छ । षडिन्द्रीयद्वारहरूमा प्रकट हुने नाम तथा रूपका लक्षणहरूलाई प्रज्ञाबाट स्पष्ट रूपमा थाहा नपाएसम्मको लागि परमार्थ धर्महरूको संसारको विषयमा शंका रहि नै रहन्छ ।

अर्थ सारिणी (भाग २, खण्ड ११, परिच्छेद ३, २५९) मा शंका सम्वन्धमा यसरी भनिएको छ:--

"यहाँ शंका (विचिकित्सा) को अर्थ हो ज्ञान रूपी चिकित्सा-बाट रहित हुनु ।(अथवा जुन उपायद्वारा धातु स्वभावको अनुसन्धान गर्ने व्यत्तिले पीडा र थकाई (पालीमा किच्छति) को दु:ख अनुभव गर्दछ, त्यो शंका हो) यसको लक्षण हो सन्देहता । यसको कृत्य हो विभिन्न गोचरहरूमा चित्तको कम्पन । अनिश्चयता विर्भावता यसको आकार वा प्रत्युपस्थान हो । अनुचित मनस्कारता यसको समीप कारण वा पदस्थानवाला हो र यसलाई ज्ञान प्राप्तिको मार्गमा खतराको रूपमा जान्नु पर्दछ।..."

विचिकित्सा मिथ्यादृष्टि भन्दा भिन्न कुरा हो । मिथ्या दृष्टि हुँदा वास्तविक धर्महरू नित्य हुन् भन्नेमा वा तिनीहरूलाई आत्मा-को रूपमा ग्रहण गर्ने धारणामा संलग्न हुन्छ । विचिकित्सा उत्पति हुँदा मन शरीर भन्दा भिन्न हो कि होइन, आत्मा भनेको छ कि छैन भन्ने कुरामै छक्क परिन्छ । वास्तविकतालाई वा वास्तविक धर्महरूलाई जस्तो छ त्यस्तै रूपमा देख्ने प्रज्ञाको विकास नगरी विचिकित्सालाई निर्मूल गर्ने अर्को विकल्प छँदै छैन । बुद्ध र उहाँको उपदेशहरूमा शंका गर्ने व्यक्तिहरू ऐतिहासिक घटनाहरूको अध्ययन गरेर शंका मेटाउन सकिन्छ कि भनी सोच्दछन् । तिनीहरू बुद्ध जीवित रहनु भएको कालको विषयमा र उहाँले भ्रमण गर्नु भएको ठाउँहरूको सम्बन्धमा अरू बढी विस्तृत विवरणहरू पत्ता लगाउन चाहन्छन् । तिनीहरू त्रिपिटक लेखिएको ठीक ठीक समय जान्न चाहन्छन् । वास्तवमा तिनीहरूको शंकालाई ऐतिहासिक घटनाहरू-को अध्ययनले कहिल्यै पनि मेट्न सकिन्न । किनभने यसले क्लेश-हरूको उन्मूलन गर्ने भगवान् बुद्धको उपदेशको लक्षसम्म पुऱ्याउँदैन ।

बुद्धकालीन मानिसहरू पनि यस्ता यस्ता कुराहरूका वारेमा कल्पना गरिरहेका थिए कि जुन कल्पनाले उपदेशको लक्षसम्म

पुऱ्याउँदैनथ्यो । संसार परिमित वा अन्तवाला हो कि अनन्त हो, शास्वत हो कि अशास्वत हो, परिनिर्माणपछि तथागत रहनु हुन्छ कि रहनु हुन्न भन्ने कुराहरूमा उनीहरू अचम्म मान्दै थिए ।

चुल मालुंक्य सूत्र (मध्यम निकाय, भिक्षुवर्ग) मा उल्लेखित छ कि आयुष्मान् मालुंक्यपुत्र बुद्धले दृष्टिहरू वा सैद्धान्तिक मतहरूको ब्याख्या नगर्नु भएकोले अप्रसन्न भएको थियो । यो मतहरू सम्बन्धमा भगवान् बुद्धसंग प्रश्न गर्छु र यसरी प्रश्न गर्दा पनि भगवान्ले ब्याख्या नगर्नु भएको खण्डमा म भिक्षुसंघको परित्याग गर्छु भनी उसले बिचार गऱ्यो । यस विषयमा उनले भगवान् बुद्धसंग प्रश्न गर्दा भगवानले उसैलाई सोध्नु भयो कि "के मैले मालुंक्यपुत्र! तिमीलाई यो भनेको थिएँ कि आऊ मालुंक्यपुत्र ! मेरो साथै ब्रह्मचर्य पालन गर। म तिमीलाई बताउँछु–(१) संसार शास्वत हो कि अशास्वत हो.... अथवा तथागत परिनिर्वाण बाद रहनु हुन्छ कि रहनु हुन्न ? मालुंक्यपुत्रले जवाफ दिए–"होइन भन्नु भएको थिएन, भन्ते !" । भगवान बुद्धले पुनः प्रश्न गर्नु भयो: "के तिमीले मलाई भनेका थियौ कि भगवानले यी दृष्टिहरू बा मतहरूका सम्बन्धमा मलाई ब्याख्या गरेको खण्डमा मात्र भगवानको अन्तर्गतमा म ब्रह्मचर्य पालन गर्दछु ? " होइन, यसो भनेको थिएन, भन्ते !" मालुंक्य पुत्रले पुनः उत्तर दिए । भगवान बुद्धले अनि मालुंक्यपुत्रलाई सम्झाउनु भयो कि विभिन्न दृष्टिहरू वा मतहरूका विषयमा ब्याख्या नगरे सम्म म ब्रह्मचर्य पालन गर्दिन भन्ने व्यक्ति त्यस्तो मान्छे जस्तै हो जसलाई विषालु वाण लागेको छ तर जबसम्म त्यो वाण हान्ने मानिस क्षत्रीय, ब्राह्मण, वैश्य वा शूद्र को हो, त्यो कुरा थाहा नपाए सम्म त्यो वाण हान्नेको नाउँ र गोत्र थाहा नपाएसम्म, त्यसको रूप थाहा नपाएसम्म, त्यो धनुषवाण, धनुषको तार, धनुषको धातु, धनुषको किसिम थाहा नपाएसम्म जो मान्छे आफूलाई लागेको वाण झिक्न दिंदैन वा झिक्दैन । तर त्यो बाण लागेको मान्छे ती सबै

कुरा थाहा पाउनु भन्दा अगाडि नै मरिसक्छ ।

विभिन्न मतमतान्तरहरू आफूलाई व्याख्या गरेपछि मात्र भगवानको अन्तर्गत ब्रह्मचर्य पालन गर्छु भन्ने मानिसको पनि त्यही गति हुन्छ । भगवान बुद्धले भन्नु भयो:–

"मालुंक्यपुत्र ! संसार शाश्वत छ भन्ने दृष्टि रहे पछि नै ब्रह्मचर्य वास हुने कुरो होइन । मालुंक्यपुत्र ! संसार अशास्वत छ भन्ने दृष्टि रहेपछि नै ब्रह्मचर्य बास रहने कुरो पनि होइन । संसार शास्वत छ भन्ने दृष्टि रहे पनि अथवा संसार अ-शास्वत छ भन्ने दृष्टि रहे पनि यहाँ जन्म हुन्छ नै, जरा हुन्छ, मृत्यु हुन्छ, शोक, परिदेव, संताप, दु:ख, दौर्मनस्य र उपायास हुन्छन् नै यिनीहरूको यही जन्म-मा नै विनाश गर्ने कुराको उपदेश मैले दिएको छु ।..."

"यसैले मालुंक्यपुत्र ! मेरा अब्याकृत (वचनलाई अ-विषय) लाई अव्याकृतकै रूपमा धारण गर र मेरो व्याकृतलाई व्याकृत (सुर्वणित) कै रूपमा धारण गर । मालुंक्यपुत्र ! मेरा के के अव्याकृत हुन् त ? संसार शाश्वत छ कि अशाश्वत छ भन्ने कुरा मेरो अव्याकृत हो । किन, मालुंक्यपुत्र ! मैले यसलाई अव्याकृत भनेको छु त ? किनभने यो (यसको व्याकरण) सार्थक छैन, ब्रह्मचर्य वासको निमित्त उपयोगी छैन । न यो निर्वेद–वैराग्य, निरोध-उपशम (शान्ति) अभिज्ञा (लोकोत्तर ज्ञान) सम्बोधि (परम ज्ञान) निर्वाणकै लागि आवश्यक छ । त्यसैले मैले यसलाई अव्याकृत गरेको छु ।"

"मालुंक्यपुत्र! के के कुरा मेरा व्याकृत छन् त ? "यो दु:ख हो," यसलाई मैले व्याकृत गरेको छु । मालुंक्यपुत्र ! "यो दु:ख समुदय हो", "यो दु:ख निरोध हो", "यो दु:ख निरोध गामिनी मार्ग हो"–यसलाई मैले व्याकृत गरेको छु । मालुंक्यपुत्र ! मैले किन यसलाई व्याकृत गरें त ? मालुंक्यपुत्र ! यो सार्थक छ, आदि-

ब्रह्मचर्य -उपयोगी छ र यो निर्वेद, विराग दुःख निरोध, उपशम अनुत्तर ज्ञान, सम्बोधि र निर्वाणको निमित्त हितकर छ।...

निर्वाणको लक्षसम्म नपुन्याउने कुराहरूको बिषयमा चिन्तन गरेर विचिकित्सालाई उपचार गर्न सकिन्न । वलिक वर्तमान घडीमा उत्पन्न हुने नाम तथा रूपको विषयमा जागरूक भएर मात्र यसलाई उपचार गर्न सकिन्छ । विचिकित्सा रहँदैको अवस्थामा पनि हेतु हरूको कारण उत्पति हुने यो एक प्रकारको नाम मात्र हो, आत्मा होइन भन्ने कुरा महशूस गर्न सकिन्छ । यसरी वर्तमान घडीको वास्तविकतालाई अझ स्पष्ट रूपमा बुझिने छ ।

दोश्रो प्रकारको मोह मूल चित्त उपेक्षा सहगत औद्धत्य सम्प्रयुक्त हुन्छ । औद्धत्यलाई आकुलता वा चिन्ताको रूपमा अनुवाद गरिन्छ । औद्धत्य छँदा चित्तसंगै स्मृति रहन्न। प्रत्येक कुशल चित्त साथै स्मृति हुन्छ र त्यसले जुन कुशल हो त्यो कुरा सम्झन्छ। त्यसैले विपश्यनामा मात्र स्मृति (पालीमा सती) रहने होइन, व्यक्तिले दान गर्दा, शील पालन गर्दा, बुद्धोपदेशको अध्ययन वा उपदेश गर्दा, वा समथ (भावना) को अभ्यास गर्दा पनि स्मृतिरहन्छ। बिपश्यनामा स्मृतिले नाम वा रूपको लक्षणलाई याद गर्दछ ।

औद्धत्य उत्पति हुँदा चित्त कुशल हुन्न । त्यतिखेर मान्छेलेदान शील वा भावनामा आफूलाई लगाउन सक्दैन। औद्धत्यले चित्तलाई कुशलबाट हटाइ दिन्छ अर्थात् विकर्षित पार्दछ । औद्धत्य सम्प्रयुक्त मोह मूलचित्त चाहिं एक दिनमा धेरै पटक उत्पति हुन्छ तर यसको लक्षणलाई जान्न गाह्रो हुन्छ । विपश्यनाको अभ्यास नगर्ने व्यक्तिलाई यस प्रकारको चित्त थाहा हुन्न । मानिस जब वास्तविक स्वभाव धर्म प्रति भूलक्कड हुन्छ र दिबास्वप्न देखिरहेको हुन्छ त्यस बखतमा यो चित्त हुनै पर्छ भन्ने केही आवश्यक छैन । हामीले दिवा स्वप्न देखिरहेको बेलामा औद्धत्य सम्प्रयुक्त मोह मूल चित्तहरू मात्र

हुँदैनन्, लोभ मूल चित्तहरू र द्वेष मूल चित्तहरू पनि हुन सक्छन्। जुनबेला मान्छे वास्तविक धर्म स्वभावलाई भूलेको अवस्थामा रहन्छ र अकुशल चित्त लोभ वा द्वेष मूल हुन्न र चित्त विचिकित्सा सम्प्रयुक्त पनि छैन, त्यसबेला दोश्रो प्रकारको औद्धत्य सम्प्रयुक्त मोहमूल चित्त रहेको हुन्छ ।

सम्पूर्ण अकुशलको मूल नै मोह हो । हामीलाई वास्तविकताहरूको ज्ञान नहुँदा हामीले अकुशल जम्मा गर्नु स्वाभाविक नै हुन्छ । मोहले गर्दा लोभ हुन्छ। वास्तविक स्वभाव धर्म अर्थात् भनौं वास्तविकतालाई यथार्थ रूपमा नजाने पछि इन्द्रीयहरू मार्फत अनुभव गरिएका गोचरहरू मै हामी तल्लीन रहन्छौं मोहको कारण द्वेष पनि हुन्छ । वास्तविकताहरूको ज्ञान नहुँदाको बखत हामीलाई अप्रिय कुराहरूको अनुभव हुँदा हामीमा द्वेष हुन्छ । मोह संधै अकुशल चित्त संगै सम्प्रयुक्त रहन्छ र अकुशल कर्महरू गर्दा लोभ मूल चित्तहरू वा द्वेष मूल चित्तहरू मात्रै उत्पति हुने होइन, बीच बीचमा कैयौं मोह मूल चित्तहरू पनि त्यहाँ उत्पन्न हुन्छन् ।

मोह पंच इन्द्रीयद्वारहरू र मनोद्वार मार्फत उत्पन्न हुन्छन्।जस्तो हामीले कुनै शब्द सुन्नासाथ श्रोतद्वार मार्फत अनुभव गरिएको कारणबाट मोह उत्पति हुने सम्भावना हुन्छ। मोहमूल चित्त औद्धत्य सम्प्रयुक्त रहँदा वास्तविकताहरू प्रतिको सावधानिता रहन्न । जब मोह मूल चित्त विचिकित्सा सम्प्रयुक्त रहन्छ, तब हामी त्यतिखेर देखा परेको जुन वास्तविकता हो त्यो नाम वा रूप के हो भन्ने कुरामा हामीलाई शंका रहन्छ। षढिन्द्रीय द्वारहरू मार्फत प्रकटहुने स्वभाव धर्महरू प्रति हामी सावधान रह्यौ भने मोहलाई निर्मूल गर्न सक्ने प्रज्ञाको विकास हुन्छ ।

श्रोतपन्नले त्यस प्रकारको मोह मूल चित्त, जुनमा विचिकित्सा सम्प्रयुक्त हुन्छ, लाई जरैदेखि उखेलिसकेको हुन्छ । त्यस पुद्गललाई

परमार्थ धर्महरू सम्बन्धमा कुनै प्रकारको शंका रहँदैंन । उसले "आर्य विनयको संसार" लाई बुझेको हुन्छ । उसमा बुद्ध, धर्म र संघ प्रति शंका रहन्न । उसलाई क्लेशहरूको अन्त्य गर्ने मार्ग विषयमा शंका हुँदैन । श्रोतापन्न, सकृदागामी र अनागामीमा अझै औद्धत्य सम्प्रयुक्त मोह मूल चित्तहरू हुन्छन् । केवल अरहन्तले मात्र औद्धत्यलाई निर्मूल गरिसकेको हुन्छ ।

(अविद्या) वा मोह भनेको वास्तविक स्वभाव धर्महरूको यथार्थ लक्षणलाई नदेख्नु चतुरार्य सत्यहरूलाई नजान्नु हो । मोहको कारण पहिलो आर्य सत्य -दु:खसत्य देख्दैन । उसले नाम वा रूपलाई अनित्य र दु:ख हो भन्ने कुरा बुझ्दैन। उसलाई दोश्रो आर्य सत्य- दु:ख समुदय, जो तृष्णा हो, त्यो पनि थाहा हुन्न । नाम र रूपमा आशक्त रहनाको कारणले जन्म र मृत्युको चक्रको अन्त्य हुँदैन र यसरी दु:खको अन्त्य हुँदैन उसले दु:ख निरोध, जुन निर्वाह हो, लाई थाहा पाउँदैन । उसलाई दु:ख निरोध गामिनी प्रतिपद्, जो आर्य अष्टाङ्गिक मार्ग हो, थाहा हुन्न । आर्य अष्टाङ्गिक मार्गलाई विपश्यनाद्वारा विकसित गरिन्छ ।

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद ४, जम्बुखादक संयुक्त, अविज्जा सुत्त प्रकरण ९) मा जम्बुखादक परिब्राजकले सारीपुत्रलाई सोधेको प्रश्नको चर्चा गरिएको छ:–

"अविद्या, अविद्या ! भन्ने भनाइ छ, आवुस सारिपुत्र ! अविद्या भनेको के हो ?"

"आवुस ! दु:खको अज्ञान जो छ, दु:ख समुदयको अज्ञान, दु:ख निरोधको अज्ञान, दु:ख निरोध गामिनी मार्गको अज्ञान, आवुस ! यसलाई नै अविद्या भनिन्छ।"

"आवुस ! यो अविद्याको प्रहाणको लागि केही मार्ग छ त ?"

"आवुस ! निश्चय नै यस्तो अविद्या प्रहाण गर्ने बाटो छ।"

"आवुस ! अविद्याको प्रहाणको लागि के मार्ग छ त ?"

"आवुस ! यो यही आर्य अष्टाङ्गिक मार्ग हो ।"

उपर्युक्त प्रसंगबाट स्पष्ट हुन्छ, आर्य अष्टाङ्गिक मार्गले नै अविद्यालाई निर्मूल गर्छ ।

"मोहेन हि निच्चं संमूल्हं तिरच्छान योनियं उप पज्जन्ति ।"

—अट्ठसालिनी ।

अर्थात्

(मोहबाट अवश्य नै स्वभावैले तिर्यक् योनीमा पुग्दछ)

केही मनन गर्न योग्य प्रश्नहरू

१) मोह के हो ? यसलाई किन निर्मूल गरिनु पर्दछ?

२) कसरी मोहलाई उखेलेर फ्याँक्न सकिन्छ ?

३) वास्तविकताहरू प्रति शंका रहँदा के त्यहाँ मोह पनि रहन्छ ?

४) मोह कतिवटा द्वारहरू मार्फत उत्पति हुन सक्छ ?

परिच्छेद–८

अहेतुक चित्तहरू

यदि हामीले स्वयं आफैलाई राम्ररी चिन्न चाहने हो भने हामीले कुशल चित्तहरू वा अकुशल चित्तहरू रहने क्षणहरूलाई मात्र जानेर पुग्दैन, बल्कि अरू घडीहरूलाई पनि जान्नु पर्दछ। हामीले केही कुरूप दृश्य देख्दा हामी त्यो देखेको कुरालाई मनपराउनौं। त्यस मन नपराउने घडीमा हामीमा द्वेष मूल अकुशल चित्त रहन्छ। तर त्यस गोचर प्रतिको बेचाहना उत्पन्न हुनुभन्दा अगाडि चक्षुद्वारा त्यो गोचरलाई मात्र ग्रहण गर्ने घडीहरू रहनु पर्दछ। ती घडीहरूमा अकुशल चित्तहरू अझै उत्पति भइसकेको हुन्न, केवल हेतु नभएका चित्तहरू मात्र रहेका हुन्छन्।

हेतु वा मूलको रूपमा काम गर्ने जम्मा छ प्रकारका चैतसिकहरू छन्। ती मध्ये लोभ, द्वेष र मोह–तीन हेतुहरू अकुशल छन्। तीनवटा हेतुहरू शोभन छन्, यथा अलोभ, अद्वेष र अमोह। हेतु सम्प्रयुक्त चित्त वा चैतसिक सहेतुक हो, जस्तो द्वेष मूल चित्त सहेतुक हो। द्वेष मूल चित्त साथै उत्पत्ति हुने हेतुहरू हुन् मोह र द्वेष।

हेतु बिनाको चित्तहरू अहेतुक चित्तहरू हुन्। कुनै एक दिन थुप्रै अहेतुक चित्त उत्पति भइरहन्छन्। हामीले हेर्दा, सुन्दा, सुंघ्दा, रस लिदा वा काया इन्द्रीयद्वारा स्पर्श गर्दा (कुशल वा अकुशल) सहेतुक चित्तहरू उत्पति हुनु भन्दा पहिले अहेतुक चित्तहरू रहन्छन्। तर हामी प्रिय वा अप्रियताका घडीहरूमा मात्र ध्यान दिन उद्यत हुन्छौं। हामीले अरू घडीहरूलाई पनि जान्नु पर्दछ।

अर्थात् हामीले अहेतुक चित्तहरूलाई पनि जान्नु पर्दछ ।

अहेतुक चित्त जम्मा १८ प्रकारका छन् । पन्ध्र प्रकारका अहेतुक चित्त विपाक चित्तहरू हुन् र बाँकी तीन प्रकारका चाहिं क्रया–चित्तहरू हुन् (अर्थात् यस्ता चित्तहरू जुन निष्क्रय छन् न-हेतु न-विपाक नै हुन्)। अहेतुक विपाक चित्तहरू मध्ये सात वटा अकुशल विपाक चित्तहरू (अकुशल कर्महरूका परिणाम) हुन् र बाँकी आठवटा कुशल विपाक चित्तहरू (कुशल कर्मका विपाक) हुन् । हामीले केही नराम्रो दृश्य देख्दा त्यो अप्रिय वस्तुले चक्षु-इन्द्रीयमा स्पर्श भएपछि दर्शन उत्पति हुने हो । दर्शन भनेको चक्षुहरूद्वारा देखा परेको गोचरलाई ग्रहण गर्नु वा जान्नुसम्म हो । चक्षु-विज्ञान अहेतुक विपाक चित्त हो। त्यतिञ्जेल अझै त्यस अप्रिय वस्तुप्रति अरूची उत्पति भइसकेको हुन्न । त्यस वस्तुलाई मन नपराउने चित्त त पछि उत्पति हुन्छ । यो सहेतुक चित्त हो । दर्शन भन्नु र आफूले देखेको कुरा जान्नु वा ग्रहण गर्नु भनेको एउटै होइन । देखिएको कुरालाई थाहा पाउने चित्तले त्यो आलम्बन वा गोचरलाई चक्षु-द्वारबाट होइन, वल्कि मनोद्वारबाट अनुभव गर्दछ । यसको भिन्नै लक्षण हुन्छ । हामीले "दर्शन" भन्ने शब्द प्रयोग गर्दा साधारणतया देखिएको आलम्बन के हो भन्ने जान्ने भन्ने अर्थमा प्रयोग गर्दछौं । किन्तु त्यो आलम्बन के हो भन्ने कुरा जान्नु अगावै त्यहाँ केवल "रंग" लाई मात्र ग्रहण गर्ने वा केवल गोचरलाई मात्र हेर्ने चित्त हुनु पर्दछ । हामी जे देख्छौं, त्यसलाई "रंग" भन्दछौं । "रंग" को अर्थ हो केवल चक्षुहरूद्वारा देखा पर्न सक्ने कुरा । हामीले आँखा चिम्लिदा "दर्शन" हुन सक्तैन । श्रोत (सुन्ने कार्य) हुँदा हामी के अनुभव गर्न सक्छौं भने दर्शनको भन्दा श्रवण वा श्रोतको लक्षण भिन्नै हुन्छ । श्रवण गर्ने चित्तले कानद्वारा शब्दलाई अनुभव गर्दछ वा ग्रहण गर्दछ। यसरी वास्तविकताहरूको विभिन्न लक्षण-हरूलाई बारम्बार अनुभव गरेरै मात्र हामी तिनीहरूलाई यथार्थ

रूपमा जान्न सक्तछौं । मानिसहरूमा एकै पटक देख्न र सुन्न सक्ने आत्मा छ भन्ने धारणा रहन सक्ला तर कुन चाहिं द्वारमार्फत त्यो आत्मालाई अनुभव गर्न सकिन्छ त ? संसारका स्वभाव धर्महरूलाई आत्मा भनी ग्रहण गर्नु मिथ्यादृष्टि हो ।

दर्शन, श्रोत, घ्राण रसास्वादन, र काया-इन्द्रीयद्वारा संस्पर्शका कुरा हेतुहरू विना उत्पति हुँदैनन् । तिनीहरू कर्मका फल हुन् । चक्षु-इन्द्रीय, श्रोतेन्द्रीय, घ्राणेन्द्रीय, जिह्वा-इन्द्रीय र काया-इन्द्रीयहरू पनि कर्मद्वारा नै उत्पति भएका रूपहरू हुन्, तिनीहरू कर्मका भौतिक प्रतिफल हुन् । कर्मका मानसिक प्रतिफललाई मात्रै बिपाक भनिन्छ । तसर्थ चित्त तथा चैतसिक मात्र विपाक हुन सक्छन् । रूप विपाक होइन । कर्मद्वारा उत्पन्न भएका पाँच इन्द्रीयहरू हाम्रा सम्पूर्ण जीवन भरिमा उत्पति हुने कुशल विपाक र अकुशल विपाकको लागि भौतिक आधार हुन् ।

जेजति पनि उत्पति हुन्छन् तिनको उत्पति निमित्त हेतुहरू हुनुपर्छ भन्ने कुरा भगवान बुद्धले उपदेश दिनु भयो । हामीले केही अप्रिय कुरा देख्दा त्यसको निमित्त एउटा हेतु हुनुपर्छ । यो अकुशल कर्मको फल हो । अकुशल विपाक कुशल कर्मको फल हुन सक्तैन । केही प्रिय कुरा देख्नु कुशल विपाक हो । यो कुशल कर्म कै फल मात्र हुन सक्छ । पाँच इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रीय मार्फत प्रिय वा अप्रिय स्पर्श हुँदा उत्पति हुने जुन विपाक चित्त हो त्यो अहेतुक हो। त्यस अवस्थामा चित्त साथै उत्पति हुने अकुशल हेतुहरू र शोभन हेतुहरू हुँदैनन् ।

चक्षुहरूद्वारा प्रिय वा अप्रिय गोचरलाई अनुभव गर्ने अहेतुक विपाक चित्त हो चक्षु विज्ञान, जसलाई पालीमा चक्खु-विञ्ञाण भनिन्छ ।

कानहरूद्वारा प्रिय वा अप्रिय गोचरलाई अनुभव गर्ने अहेतुक

विपाक चित्त हो श्रोत विज्ञान, जसलाई पालीमा सोत-विञ्ञाण भनिन्छ ।

नाकद्वारा प्रिय वा अप्रिय गोचरलाई अनुभव गर्ने अहेतुक विपाक चित्त हो घ्राण-विज्ञान, जससाई पालीमा घाण-विञ्ञाण भनिन्छ।

जिह्वाद्वारा प्रिय वा अप्रिय गोचरलाई अनुभव गर्ने अहेतुक विपाक चित्त हो जिह्वा-विज्ञान, जसलाई पालीमा जिह्वा-विञ्ञाण भनिन्छ ।

काया-इन्द्रीयद्वारा प्रिय वा अप्रिय गोचरलाई अनुभव गर्ने अहेतुक विपाक चित्त हो काया-विज्ञान, जसलाई पालीमा काया-विञ्ञाण भनिन्छ ।

पाँचद्वारहरू मध्ये प्रत्येक द्वारबाट आलम्बनलाई अनुभव गर्ने दुई प्रकारका अहेतुक विपाक छन्, एउटा अकुशल विपाक र अर्को कुशल विपाक । यसरी पंच इन्द्रीयद्वारहरूमा निर्भर रही उत्पति हुने अहेतुक विपाक चित्तहरूको पाँच जोडा छन् । अहेतुक विपाक चित्त-का अरू किसिमहरू पनि छन्, जुन पछि उल्लेख गरिने छन् । दश अहेतुक विपाक चित्तहरूका पाँच जोडाहरूलाई पालीमा द्वी-पंच-विञ्ञाण भनिन्छ। सारांशमा निम्न बमोजिम हुन् :

१. चक्षु-विज्ञान– उपेक्षा सहगत अकुशल विपाक ।
" उपेक्षा सहगत कुशल विपाक ।

२. श्रोत-विज्ञान– उपेक्षा सहगत अकुशल विपाक ।
" उपेक्षा सहगत कुशल विपाक ।

३. घ्राण-विज्ञान– उपेक्षा सहगत अकुशल विपाक ।
" उपेक्षा सहगत कुशल विपाक ।

४. जिह्वा-विज्ञान– उपेक्षा सहगत अकुशल विपाक ।
" उपेक्षा सहगत कुशल विपाक ।

५. काया-विज्ञान– दु:ख वेदना सहितको अकुशल विपाक ।
सुख वेदना सहितको कुशल विपाक ।

अकुशल विपाक होस् वा कुशल विपाक, हेर्ने, सुन्ने, सुंघ्ने र रस लिने अहेतुक विपाक चित्तहरू चाहिं सदैव उपेक्षा सहगत हुन्छन् । त्यस आलम्बनलाई मन नपराउने चित्त त पछिमात्र उत्पति हुनेछ । त्यो चित्त चाहिं सहेतुक (हेतुसहित उत्पति भएको) हुन्छ र दौर्मनस्य वेदना त्यस चित्तको साथै लागेको हुन्छ । अथवा त्यस आलम्बनलाई मन पराउने चित्त उत्पति हुन सक्छ, त्यस्तो सहेतुक चित्तमा सौमनस्य वेदना वा उपेक्षा वेदना साथ लागेको हुन सक्छ। चित्तहरू भिन्नै छन् र चित्त साथै लाग्ने वेदनाहरू पनि भिन्नै हुन्, यो कुनै पनि धर्म धर्महरूलाई आत्माको रूपमा ग्रहण गरिनु हुन्न ।

काया-इन्द्रीय मार्फत स्पर्शको अनुभव गर्ने अहेतुक विपाक चित्त साथै उत्पति हुने वेदना उपेक्षा वेदना हुन सक्तैन । तसर्थ यस्तो चित्त कि त दुःख वेदना कि त सुख वेदना साथै उत्पति हुन्छ । अप्रिय किसिमको शारीरिक स्पर्शको गर्दा अहेतुक विपाक चित्त साथै सहगत हुने वेदना चाहिं दुःख वेदना हो । प्रिय किसिमको शारीरिक स्पर्शको अनुभव गर्दा खेरीको अहेतुक विपाक चित्तसित सहगत वेदना भने सुख वेदना हो । दुःख वेदना र सुख वेदना दुवै नाम धर्म हुन् जो काया-इन्द्रीयद्वारा गोचरलाई अनुभव गर्ने विपाक चित्त साथै मात्र उत्पति हुन सक्छ । शारीरिक वेदना र मानसिक वेदना दुवै नाम धर्म हुन् तर तिनीहरू भिन्न भिन्न अवस्थाहरूले गर्दा र भिन्न भिन्न घडीहरूमा उत्पति हुन्छन् । जस्तो रमणीय वातावरण-हरूमा रहँदा हामीमा सुख वेदना रहन सक्छ तर त्यसो भए पनि अझै हामी चिन्तित रहन सक्ने सम्भावना छ र यसरी हामीमा दौर्मनस्य वेदना (मानसिक दुःखको वेदना) का घडीहरू आउन सक्छन् । यी वेदनाहरू विभिन्न क्षणहरूमा उत्पति हुन्छन् । सुख वेदना कुशल कर्मको फल हो । हामी दुःखी वा अप्रसन्न छँदा उत्पति हुने दौर्मनस्य वेदना जो छ त्यो हाम्रो द्वेषको संचयको कारणले गर्दा उत्पति हुन्छ । त्यो अकुशल हो ।

काया-इन्द्रीय भनेको हाम्रो सम्पूर्ण शरीर भरि विद्यमान रहेको एक प्रकारको रूप हो। यस काया-इन्द्रीयद्वारा हामी दिन भरिनै स्पर्शहरू अनुभव भइ रहन्छन्। जुन बेला हामी साह्रो वा नरम वस्तुलाई स्पर्श गर्दछौं, ठण्डी वा गर्मीले शरीरमा स्पर्श गर्दछ र जब हामी हिड्छौं वा चल्दछौं, कुञ्छौं वा आंग तान्छौं, काया-इन्द्रीयद्वारा अप्रिय वा प्रिय संस्पर्शहरू प्राप्त गर्छन्। प्रत्येक क्षणमै शारीरिक स्पर्श भइरहन्छ भने हरेक क्षणमा दुःख वेदना वा सुख वेदना उत्पति हुन्छ त भन्ने कुरामा साधारण जनलाई अचम्म लाग्न सक्छ। मानिसहरू स्थूल शारीरिक वेदनाहरूको त विचार गर्न सक्छन् तर सूक्ष्म शारीरिक वेदनाहरूमा ध्यान दिन सक्तैनन्। जस्तो उदाहरणको लागि भनौं, कुनै पनि बस्तु साह्रै साह्रो, ज्यादै चीसो वा ज्यादै गरम छ भने काया-इन्द्रीयद्वारा त्यस वस्तुलाई अनुभव गर्ने अहेतुक विपाक चित्त साथै दुःख वेदना उत्पति भएको हुन्छ। वास्तविक स्वभाव धर्महरू बारेमा सजग बन्न नसकेको ब्यक्तिले सूक्ष्म शारीरिक वेदनाहरूमा ध्यान दिएर हेर्न सक्तैनन्।

अरहन्तले काया-इन्द्रीयद्वारा अप्रिय स्पर्श बा प्रिय स्पर्शको अनुभव गर्दा उनलाई अहेतुक विपाक चित्त साथै उत्पति हुने शारीरिक दुःख वेदना बा शारीरिक सुख वेदना मात्र हुन्छ। तर उनमा विपाक चित्त पछि अकुशल चित्तहरू वा कुशल चित्तहरू हुँदैनन्। बल्कि क्र्या-चित्तहरू मात्र हुन्छन्।

संयुक्त निकाय (षलायतन वर्ग, वेदना संयुक्त भाग १ प्रकरण छ सल्लत सुत्त) मा भगवान बुद्धले भिक्षुहरूलाई दिनु भएको निम्न उपदेश उल्लेखित छः—

"भिक्षुहरू ! अज्ञ पृथक्जन सुख वेदनालाई अनुभव गर्दछन्। दुःख वेदनालाई अनुभव गर्दछन्। अ-दुःख अ-सुख वेदनालाई अनुभव गर्दछन्।

भिक्षुहरू ! पण्डित आर्य श्रावकहरू पनि यिनै तीन प्रकारका वेदनाहरूलाई अनुभव गर्दछन् ।

भिक्षुहरू! तव पण्डित आर्य श्रावक र अज्ञ पृथक्जनका बीचमा के फरक भयो त ?

भन्ते ! धर्मका मूल त भगवान नै हुनुहुन्छ।

भिक्षुहरू ! अज्ञ पृथक्जन दुःख बेदनाले पीडित भएर शोक गर्दछन्, परेशान (हैरान) हुन्छन्, रूने-कराउने गर्दछन्, छाती पिटी पिटी रून्छन्, सेम्मोहमा खस्दछन् (अर्थात् किंकर्तव्य विमूढ भएर जिल्लिएर रहन्छन्) । यसरी, उसले दोहरो वेदनाहरूलाई अनुभव गर्दछन्–शारीरिक र मानसिक । त्यसै दुःख बेदनावाट पीडित भएर खिन्न हुन्छन् । दुःख वेदनावाट पीडित भएर त्यसले काम सुख प्राप्त गर्ने इच्छा गर्दछ । त्यसो किन ? भिक्षुहरू ! किनभने अज्ञ पृथक्जन काम सुख बाहेक दोश्रो दुःखवाट छुटकारा पाउने उपायलाई जान्दैनन् । काम सुखको इच्छा गरेर उसमा सुख वेदनाप्रति राग उत्पति हुन्छ ...."

के यो साँच्चिकैको जीवन होइन त ? दुःख वेदनावाट स्पर्श भएर पनि हामी सुख वेदनामा आनन्दित हुन्छौं । हामी सुख वेदनालाई साँच्चिकैको सुख हो भन्ने कुराको विश्वास गर्दछौं । जीवनलाई नै दुःखको रूपमा यथार्थ किसिमबाट हामी देख्दैनौं । हामी जरा, व्याधि र मृत्यु दुःख दौर्मनस्य र उपायास लगायत सम्पूर्ण संस्कृत धर्महरूको अनित्यता प्रति आँखा चिम्लिन खोज्छौं । हामी जीवनमा सुखको अपेक्षा गर्दछौं र हामीलाई दुःख आइ पर्दा सुख वेदनाले हाम्रो दुःखलाई निको पार्न सक्छ कि भन्ने कुराको बिचार गर्दछौं र यसैमा हामी आशक्त रहन्छौं। "प्रतित्य समुत्पाद" मा यो सिकाइएको छ कि वेदनाले गर्दा तृष्णा हुन्छ । सुख वेदना र न-सुख-न-दुःख वेदनाको कारणले मात्र तृष्णा हुने होइन, दुःख वेदनाबाट पनि

मान्छे मुक्त हुन चाहने भएकोले यसको कारणले पनि तृष्णा हुन्छ। संयुक्त निकायको उपर्युक्त सूत्रमा अरु यसरी उल्लेख गरिएको छः–

"... उसले सुख वेदनाको अनुभव आशक्त भएरै गर्दछ। दु:ख वेदनाको अनुभव पनि आशक्त भएरै गर्दछ। न-सुख-नदु:ख वेदनाको अनुभव गर्दा पनि आशक्त रहेरै अनुभव गर्दछ। भिक्षुहरू! यसैलाई भनिन्छ कि अज्ञ पृथक् जन जाति, मरण, शोक, परिदेव, दु:ख, दौर्मनस्य र उपायासले संयुक्त छन्। त्यो व्यक्ति दु:खमै आशक्त रहन्छ। यसरी म भन्दछु।

तर भिक्षुहरू! पण्डित आर्यश्रात्वक दु:ख वेदनावाट पीडित भएर शोक गर्दैन, हैरान हुँदैन, रूने कराउने गर्दैन, छाती पिटी पिटी रूँदैन, सम्मोहमा पर्दैन। त्यो व्यक्ति एउटै मात्र वेदनालाई अनुभव गर्दछ–शारीरिक, मानसिक होइन।... त्यस्तो व्यक्ति सुख वेदनाको अनुभव अनाशक्त भएर गर्दछ। दु:ख वेदनाको अनुभव अनाशक्त भएरै गर्दछ र अ-दु:ख अ-सुख वेदनाको अनुभव पनि अनाशक्त भएरै गर्दछ। भिक्षुहरू! यसैलाई भनिन्छ कि पण्डित आर्य-श्रावक जाति, मरण, शोक परिदेव दु:ख, दौर्मनस्य, र उपायासवाट असंयुक्त छ। यसरी म भन्दछु।

भिक्षुहरू! पण्डित आर्य श्रावक र अज्ञ पृथक् जनमा यही फरक रहन्छ।..."

भगवान बुद्धले वेदनाहरूको सम्वन्धमा धेरै पटक उपदेश दिनु भयो। उहाँले व्याख्या गर्नु भयो कि वेदनाहरू हेतुको कारण उत्पति हुन्छन् र पुन: निरूद्ध हुन्छन्। वेदनाहरू अनित्य हुन् र तिनीहरू-लाई आत्माको रूपवाट ग्रहण गर्नु हुँदैन। संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १ तृतीय पण्णासक, भाग ३ गृहपति वर्ग, हलिद्दक सुत्त) मा यसरी उल्लेख गरिएको छः–

"एक समय आयुष्मान् महाकात्यायन अवन्तीमा कुररघर पर्वतमा विहार गर्नु हुन्थ्यो।

तब, गृहपति हालिद्दिकानि आयुष्मान् महाकात्यायन भए छेउ आए र एक छेउमा बसेर उसले भनेः–

"भन्ते ! भगवानले बताउनु भएको छ कि धातु-नानात्वको प्रत्ययले स्पर्श-नानात्व उत्पन्न हुन्छ । स्पर्श-नानात्वको प्रत्ययले वेदना -नानात्व उत्पन्न हुन्छ । भन्ते ! कसरी धातु-नानात्व (धातुको अनेकता वा विभिन्नता) को प्रत्ययले स्पर्श-नानात्व (स्पर्शको विभिन्नता), र स्पर्श-नानात्वको प्रत्ययले वेदना-नानात्व (वेदनाको विभिन्नता) उत्पन्न हुन्छ ?

गृहपति ! भिक्षुले चक्षुबाट प्रिय रूपलाई देखेर, यो सुखवेदनीय चक्षु विज्ञान हो भन्ने कुरा जान्दछ । स्पर्शको प्रत्ययबाट सुखमय वेदना उत्पन्न हुन्छ । चक्षुबाट नै अप्रिय रूपलाई देखेर यो दुःख वेदनीय चक्षु विज्ञान हो भन्ने कुरा जान्दछ । दुःख वेदनीय स्पर्शको प्रत्ययले गर्दा दुःखमय वेदना उत्पन्न हुन्छ । चक्षुबाट नै उपेक्षित रूपलाई देखेर यो अ-दुख–अ-सुख वेदनीय चक्षु विज्ञान हो भन्ने कुरालाई जान्दछ । अ-दुःख–अ-सुख वेदनीय स्पर्शको प्रत्ययले गर्दा अ-दुःख–अ-सुख वेदना उत्पन्न हुन्छ ।

त्यसरी नै गृहपति ! श्रोतबाट शब्दलाई सुनेर, घ्राणबाट गन्ध सुंघेर, जिह्वाबाट रसको आस्वाद लिएर, कायबाट स्पर्श गरेर र त्यस्तै मनबाट प्रिय धर्मलाई जानेर,... अप्रिय धर्मलाई जानेर.... उपेक्षित धर्मलाई जानेर...सुखमय वेदना...दुःखमय वेदना...अ-दुःख-अ-सुख वेदना उत्पन्न हुन्छन् ।

गृहपति ! यस्तै प्रकारले धातु-नानात्वको प्रत्ययले गर्दा स्पर्श नानात्व र स्पर्श-नानात्वको प्रत्ययले गर्दा वेदना-नानात्व उत्पन्न हुन्छन् ।"

यदि विभिन्न द्वारहरू मार्फत प्रकट हुने धर्महरू बारेमा हामी सजग रहन्छौं भने हामीलाई धेरै भिन्न भिन्न नामहरू र रूपहरू अनुभवद्वारा थाहा हुनेछ । हामीले विभिन्न प्रकारका चित्त र विभिन्न

प्रकारका वेदनालाई जान्ने छौं। सम्पूर्ण यी धर्महरू आत्मा होइनन् संस्कृत धातुहरू मात्र हुन् भन्ने कुरा हामी जान्ने छौं। अनुभववाटै हामीलाई थाहा हुने छ कि लोभ, द्वेष र मोह मूल चित्तहरू र सहेतुक कुशल चित्तहरू मात्र होइनन्, हेतु नभएका चित्तहरू-अहेतुक चित्तहरू, पनि हुन्छन्। विभिन्न द्वारहरू मार्फत प्रकट हुने दर्शन, श्रोत र अन्य धर्महरूका विषयमा अरू बढी कुरा जान्नु रूचिकर नहुन सक्छ। तथापि यथार्थ रूपमा कुराहरू जान्नलाई यो थाहा पाउनु जरूरी छ कि शब्दलाई जान्ने चित्तको लक्षण त्यो शब्दलाई मन पराउने वा मन नपराउने चित्तको लक्षण भन्दा भिन्न हुन्छ र यी चित्तहरू भिन्न भिन्न हेतुहरूको कारण उत्पति हुन्छन्। बुद्धले जे जति कुराको उपदेश दिनु भयो ती कुराहरू वास्तविकताहरू सम्वन्धमा स्मृति संप्रजन्य भएर प्रमाणित गर्न सकिन्छ।

केही मनन गर्न योग्य प्रश्नहरू

१) छ वटा हेतुहरू (मूलहरू) के के हुन्?

२) दर्शन हुँदा कुशल विपाक वा अकुशल विपाक हुन सक्छ। चक्षु-विज्ञान साथ लागेका हेतुहरू छन् कि छैनन्?

परिच्छेद–९

दैनिक जीवनमा अज्ञात रहने अहेतुक चित्तहरू

हेतु नभइकन उत्पति हुने चित्तहरू अर्थात् अहेतुक चित्तहरू अठार प्रकारका छन् । पन्ध्र प्रकारका अहेतुक चित्तहरू विपाक हुन्। यी १५ चित्तहरू मध्येका १० वटा चाहिं द्वि-पंच-विञ्ञाणहरू हुन्, यथा:

१. चक्षु-विज्ञान (चक्खु-विञ्ञाण)
२. श्रोत-विज्ञान (सोत-विञ्ञान)
३. घ्राण-विज्ञान (घान-विञ्ञाण)
४. जिह्वा-विज्ञान (जिह्वा-विञ्ञाण)
५. काय-विज्ञान (काय-विञ्ञाण)

यी मध्ये प्रत्येकको एक जोडी छ–एक अकुशल विपाक र एक कुशल विपाक ।

चक्षु -विज्ञान कर्मको विपाक हो । जब यो अकुशल कर्मको विपाक हुन्छ, चक्षु-विज्ञान अकुशल विपाक हुन्छ । जब यो कुशल कर्मको विपाक हुन्छ, त्यो चित्त कुशल विपाक हुन्छ । चक्षु-विज्ञानको काम रंगलाई जान्नु हो ।

चक्षु-विज्ञानलाई उत्पति गर्ने कर्मले चक्षु-विज्ञानवाला विपाक चित्त मात्र पैदा गर्ने होइन, चक्षु-विज्ञानको पछि पछि उत्पन्न हुने

अरू दुई प्रकारका चित्ताहरूलाई पनि उत्पति गर्दछ । चक्षु-विज्ञान पछि आलम्बनलाई ग्रहण गर्ने अर्को विपाक चित्त उत्पति हुन्छ । सम्प्रतिच्छन्न चित्त (पालीमा सम्पतिच्छन चित्त) भनिने त्यस चित्तको पनि चक्षु-विज्ञानले ग्रहण गरेको रूपादि गोचरलाई नै ग्रहण गर्ने हुन्छ । किनभने चक्षु-विज्ञानले अनुभव गरेको रंग जो छ त्यो चक्षु-विज्ञानको लोप हुनाको साथ साथै लोप वा विनाश हुँदैन । रंग रूप हो । नाम धातु जस्तै रूप धातु पनि त्यतिकै छिटो लोप हुँदैन । एउटा गोचरलाई छ द्वारहरू मध्ये कुनै एक द्वारमार्फत अनुभव गरिंदा त्यो गोचरलाई अनुभव गर्ने केवल त्यही एउटा चित्त मात्र हुने होइन । त्यहाँ त एकपछि अर्को उत्पति हुने चित्त-हरूको लहरै हुन्छन् र ती चित्ताहरूको त्यही गोचरलाई नै अनुभव गर्दछन् ।

यदि चक्षु-विज्ञान अकुशल विपाक छ भने सम्प्रतिच्छन्न चित्त पनि अकुशल विपाक नै हुन्छ । चक्षु-विज्ञान कुशल विपाक छ भने सम्प्रतिच्छन्न चित्त पनि कुशल विपाक नै हुन्छ। यसरी सम्प्रतिच्छन्न चित्त दुई प्रकारका हुन्छन्–एउटा अकुशल विपाक र अर्को कुशल विपाक । सम्प्रतिच्छन्न चित्त अहेतुक विपाक हो र यस प्रकारको चित्त साथै अकुशल हेतुहरू (मूलहरू) र शोभन हेतुहरू (मूलहरू) उत्पति हुँदैनन् । सम्प्रतिच्छन्न चित्त चाहिं चक्षु-विज्ञान पछि उत्पन्न हुन्छ । यसरी चक्षु-विज्ञान सम्प्रतिच्छन्न चित्त उत्पति हुनको निमित्त हेतु (आधार) हो। त्यसरी नै शब्दलाई अनुभव गर्ने प्रक्रिया छ भने सम्प्रतिच्छन्न चित्तले श्रोत-विज्ञानको अनुशरण गर्दछ । अरू द्वार-हरूको सम्वन्धमा पनि यस्तै हुन्छ ।

सम्प्रतिच्छन्न चित्त अकुशल विपाक वा कुशल विपाक जे सुकै भए तापनि सम्प्रतिच्छन्न चित्त उपेक्षा साथै नै मात्र संधै उत्पति हुन्छ ।

सम्प्रतिच्छन्न चित्त उत्पति भएर निरूद्ध भएपछि पनि चित्त-

हरूको क्रम अर्कै सकिएको हुन्न । सम्प्रतिच्छन्न चित्त पछि अर्को अहेतुक विपाक चित्त उत्पति हुन्छ जुन चित्त पनि अर्कै कर्मकै फल हो । यस प्रकार चित्तलाई सन्तीर्ण चित्त (पालिमा सन्तीरण चित्त) भनिन्छ। द्वि-पंच-विज्ञानहरू मध्ये कुनै एकबाट अनुभव गरेको र सम्प्रतिच्छन्न चित्तद्वारा ग्रहण गरिएको गोचरलाई सन्तीर्ण चित्तले परीक्षा गर्दछ वा विचार गर्दछ । पंच इन्द्रीय द्वारहरू मध्ये कुनै एक इन्द्रीय द्वार मार्फत गोचरलाई अनुभव गरिने चित्तहरूकै क्रममा सम्प्रतिछन्न चित्त पछि सन्तीर्ण चित्त उत्पति हुन्छ । सन्तीर्ण चित्त उत्पति हुनको लागि आधार वा निमित्त सम्प्रतिच्छन्न चित्त हो। कुनै कुरा देखिन्दा रंगलाई अनुभव गर्ने चित्तहरूको क्रममा (चक्खु द्वार वीथिमा) चक्षु-विज्ञान उत्पति भइसकेपछि सम्प्रतिच्छन्न चित्त उत्पति हुन्छ र सम्प्रतिच्छन्न चित्त उत्पति भइसके पछि त्यस चित्त-को पछि सन्तीर्ण चित्त उत्पति हुन्छ । चक्खुद्वार वीथि जस्तै अरू इन्द्रीय द्वारहरूको वीथिमा कुनै एक इन्द्रीय द्वारबाट कुनै आलम्बन-लाई ग्रहण गर्दा उत्पति हुने चित्तहरूको वीथि क्रममा पनि सन्तीर्ण चित्त उत्पति हुने विधि यस्तै हो । सन्तीर्ण चित्त सम्प्रतिच्छन्न चित्त कै पछि लाग्छ अर्थात् सन्तीर्ण चित्त सम्प्रतिच्छन्न चित्तकै लगतै पछि उत्पति हुन्छ । सन्तीर्ण चित्त उत्पति हुने कुरा सो चित्त उत्पति होस् वा सो चित्त उत्पति नहोस् भनी हामीले चाहना गरेर छान्न सकिने कुरा होइन । चित्तहरू हेतुहरूको कारण उत्पति हुन्छन्, तिनीहरूको उत्पतिको विषय हाम्रा नियन्त्रण भन्दा परको कुरा हुन आउँछ। (अर्थात् कुनै हेतुको कारण कुनै पनि इन्द्रीयद्वार वीथिमा एक पछि अर्को चित्त जुन क्रमबद्ध तरीकाले उत्पति र निरोध हुन्छन् ती मध्ये कुनै एक चित्तको वीथि क्रम उत्पति नहोस् वा अमुक वीथि क्रम पहिले उत्पति होस् भनी हामीले चाहना गरिकन छान्न सकिने र नियन्त्रण गर्न सकिने कुरा होइन ।—अनु.)

सन्तीर्ण चित्त पनि अहेतुक विपाक चित्त हो । अप्रिय गोचर

हुँदा सन्तीर्ण चित्त अकुशल विपाक हुन्छ । गोचर प्रिय हुँदा सन्तीर्ण चित्त कुशल विपाक हुन्छ सन्तीर्ण चित्त अकुशस विपाक छ भने यो उपेक्षा सहगत हुन्छ । यो कुशल विपाक छ भने सन्तीर्ण चित्त उपेक्षा वा सौमनस्य सहगत हुन सक्छ । यसरी कुशल विपाक वाला दुई प्रकारका सन्तीर्ण चित्त छन् : एउटा किसिम चाहिं उपेक्षा वेदना साथै उत्पति हुन्छ र अर्को किसिम चाहिं सौमनस्य वेदना साथै उत्पति हुन्छ । आलम्बन रमणीय छ तर असाधारण तवरले आनन्द-दायक चाहि होइन भने वेदना चाहिं उपेक्षा हुन्छ । असाधारण तवरले रमणीय वा सुखकर आलम्बन छ भने जस्तो कि बुद्धको दर्शन, सन्तीर्ण चित्त साथै उत्पति हुने वेदना चाहिं सौमनस्य हुन्छ। तसर्थ जम्मा तीन प्रकारका सन्तीर्ण चित्त हुन्छन्, यथा :

१. उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त ।
२. उपेक्षा सहगत, कुशल बिपाकवाला सन्तीर्णं चित्त ।
३. सौमनस्य सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

कुन किसिमको सन्तीर्ण चित्त उत्पति हुन्छ भन्ने कुरा अवस्था-हरूमा निर्भर गर्दछ ।

विपाकको रूपमा यसरी १५ प्रकारका अहेतुक चित्तहरू हुन्छन्।

सारांशमा ती चित्तहरू हुन्ः–

१० चित्तहरू जुन द्वि-पंच-विज्ञान हुन् ।
१ सम्प्रतिच्छन्न चित्त, अकुशल विपाकवाला ।
१ सम्प्रतिच्छन्न चित्त, कुशल विपाकवाला ।
१ सन्तीर्ण चित्त उपेक्षा सहगत, अकुशल विपाकवाला ।
१ सन्तीर्ण चित्त, उपेक्षा सहगत , कुशल विपाकवाला ।
१ सन्तीर्ण चित्त, सौमनस्य सहगत, कुशल बिपाकवाला ।

सात किसिमका अहेतुक विपाक चित्तहरू अकुशल विपाक हुन् । बाँकी आठ प्रकारका अहेतुक बिपाक चित्तहरू चाहिं कुशल विपाक हुन् । दुई किसिमका सन्तीर्ण चित्त कुशल विपाकवाला हुने

भएकोले आठ प्रकार अहेतुक विपाक चित्ताहरू कुशल विपाक भएको हो ।

माथि चर्चा गरिएका अनुसार जम्मा १८ किसिमका अहेतुक चित्तहरू हुन्छन् । ती १८ अहेतुक चित्तहरू मध्ये १५ वटा विपाक चित्तहरू हुन् । (जसको विवरण माथि दिएको छ) र बाँकी ३ वटा चाहिं क्रिया–चित्तहरू हुन् । क्रिया चित्तहरू अकुशल चित्त, कुशल चित्त र विपाक त्तिचहरू भन्दा भिन्नै खालका हुन्छन् । किनभने अकुशल चित्तहरू र कुशल चित्तहरू चाहिं हेतुवाला चित्त-हरू हुन् र यिनीहरूले अकुशल कर्महरू र कुशल कर्महरूलाई प्रवृत गर्न सक्छन् । विपाक चित्ताहरू अकुशल कर्म र कुशल कर्मका फलवाला चित्ताहरू हुन् । जब कि क्रिया-चित्ताहरू यस्ता चित्ताहरू जुन न हेतु हुन् न फल नै हुन् ।

एक प्रकारको अहेतुक क्रिया-चित्त चाहिं त पंचद्वारावर्जन चित्त हो (पालिमा पंचद्वारावज्जन चित्त) । पंचको माने हो पाँच । द्वारको माने ढोका र आवज्जनको अर्थ हो ध्यान दिलाउने वा मोडिने वा मोड्ने हो । कुनै एउटा आलम्वनले पंच इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वारमा स्पर्श गर्ना साथ त्यो आलम्वनलाई वास्तवमा अनुभव गरिसक्नुको लागि पहिले त त्यो इन्द्रीयद्वारद्वारा त्यस आलम्बन तर्फ ध्यान दिलाउने वा मोड्ने चित्त नै अगाडि उत्पति हुनु पर्दछ । जस्तो उदाहरणार्थ भनौं, रंगले चक्षु-इन्द्रीयमा स्पर्श गर्ना साथ त्यहाँ चक्षु-विज्ञान उत्पन्न हुनुभन्दा अगाडि चक्षु-द्वार-मार्फत त्यस रंगतिर ध्यान लगाउने आवर्जन चित्त अर्थात् चक्षुद्वारा वर्जन चित्त नै उत्पति हुनु पर्दछ । श्रोतेन्द्रीयमा शव्दको स्पर्श हुँदा श्रोत-विज्ञान उत्पति हुनुभन्दा अगाडि त्यहाँ कर्णद्वार मार्फत शब्द तर्फ ध्यान दिलाउने श्रोतद्वारावर्जन चित्त रहनु पर्दछ । पाँच इन्दीय द्वारहरू मध्ये कुनै एक द्वारमा आलम्बनले धक्का दिनासाथ पंच द्वारावर्जन चित्तले केवल त्यो आलम्बनतिर ध्यान मोडिदिन्छ

अर्थात् अर्को शब्दहरूमा भन्ने हो भने, त्यस आलम्वनको विषयमा विचार गरेर हेर्दछ । यस प्रकारको चित्तले, जस्तो अघि उदाहरण दिइएकै, त्यो रंग वा शब्दलाई जसले चक्षु वा कर्णद्वारमा ठक्कर दिएको छ- त्यस आलम्वनतिर ध्यान दिन्छ तर त्यस चित्तले देखेको वा सुनेको हुँदैन । त्यो पंचद्वारावर्जन चित्त अहेतुक क्रिया-चित्त हो (पालिमा अहेतुक किरियाचित्त भनिन्छ); त्यो चित्त लोभ वा द्वेष वा मोह जस्तो कुनै मूल वा हेतु बिना नै उत्पति हुन्छ र त्यतिञ्जेलसम्म त्यस गोचर वा आलम्वनप्रति चाहना वा बेचाहना भन्ने रहन्न । पंचद्वारावर्जन चित्तको पछि विपाक चित्तवाला द्वि-पंच विज्ञानहरू मध्ये कुनै एउटा उत्पन्न हुन्छ । जस्तो भनौं, रंगलाई अनुभव गर्ने कुशल वा अकुशल चक्षु विज्ञान उत्पति हुन्छ भने शब्द हो भने त्यसलाई अनुभव गर्ने कुशल वा अकुशल श्रोत-विज्ञान उत्पति हुन्छ । द्वि-पंच-विज्ञानको पछि सम्प्रतिच्छन्न चित्त आउँछ, त्यो पनि विपाक चित्त नै हो । त्यस सम्प्रतिच्छन्न चित्तालाई अनुशरण गर्दै सन्तीर्णं चित्त पछि लाग्छ जुन पनि विपाक नै हो । कुनै पनि आलम्वनलाई अनुभव गर्ने चित्तहरूको वीथि क्रममा उत्पति हुने प्रत्येक चित्तको आफ्नै कृत्य (पालिमा किच्च) हुन्छ ।

अर्को किसिमको अहेतुक क्रिया- चित्त हो मनोद्वारावर्जन चित्त, जुन चित्त पाँच इन्द्रीयहरू मध्ये कुनै एउटा इन्द्रीयवाट आलम्वनको अनुभव गर्ने चित्तहरूको क्रममा पनि उत्पति हुन्छ र मनोद्वार मार्फत आलम्वनको अनुभव गर्ने चित्तहरूको वीथि क्रममा पनि उत्पति हुन्छ । तथापि इन्द्रीयद्वार वीथिमा जव यो उत्पत्ति हुन्छ, यो मनो-द्वारावर्जन चित्त उही किसिमको चित्त भए तापनि यसको भिन्नै कृत्य हुन्छ ।

कुनै पनि आलम्वनले इन्द्रीय द्वारहरू मध्ये कुनै एउटा द्वारमा स्पर्श गर्नासाथ, यसलाई एउटा चित्तले मात्र होइन, चित्तहरूको लहरैले अनुभव गर्ने हुन्छ । विभिन्न इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीय द्वार मार्फत कुनै आलम्वनको अनुभव गर्ने चित्तहरूले आ-

आफूले त्यस घडीमा अनुभव गरेको रूपभन्दा अरू केही कुरा जानेको हुँदैन । जस्तो उदाहरणको लागि भनौं, जब मान्छे पढिरहेको हुन्छ, चक्षुद्वारद्वारा रंगको अनुभव गर्ने चित्तले केवल रंग नै मात्र जान्दछ र त्यसले अक्षरहरूको अर्थ थाहा पाउँदैन । त्यस पछि त्यो आलम्बनलाई मनोद्वारद्वारा अनुभव गर्न सकिन्छ । त्यहाँ यस विषयमा विचार गर्ने चित्ताहरूको अरू क्रमहरू वा प्रक्रियाहरू हुनेछन् र ती चित्तहरूले अक्षरमा के लेखिएको हो सोको अर्थ जान्दछन् ।

हामीले देखिसकेका छौं कि जव कुनै आलम्बनले इन्द्रीय द्वारहरू मध्ये कुनै एक इन्द्रीयद्वारमा स्पर्श गर्दछ, पंचद्वारावर्जन चित्ताले त्यो आलम्बनतिर ध्यान दिलाउँछ, द्वि-पंच विज्ञानहरू मध्ये एउटा विज्ञानले त्यसलाई अनुभव गर्दछ, सम्प्रतिछन्न चित्ताले त्यो आलम्बनलाई ग्रहण गर्दछ र सन्तीर्ण चित्तले सम्प्रतिच्छन्न चित्तले ग्रहण गरेको त्यो गोचरलाई नै बिचार गरेर हेर्दछ (वा परीक्षा गर्दछ)। यति भइसकेपछि पनि इन्द्रीयद्वार द्वारा त्यो आलम्वनलाई अनुभव गर्ने चित्तहरूको प्रक्रिया (वीथि क्रम) अझै सकिन्न । त्यस सन्तीर्ण चित्त पछि एउटा अहेतुक क्रिया-चित्त—बोट्ठब्बन चित्त उत्पति हुन्छ जुन चित्तले त्यस इन्द्रीय द्वार मार्फत त्यसै आलम्वनलाई (पुनः) अनुभव गरी ठहऱ्याउँछ (वा निश्चित गर्दछ) यसरी बोट्ठब्वन (पालिमा बोट्ठपन) चित्ताले बोट्ठपन अर्थात् निश्चय गर्ने वा निधो गर्ने कार्य गर्दछ । बोट्ठब्वन चित्त वास्तवमा मनोद्वारावर्जन चित्त जस्तै उस्तै किसिमको चित्त हो तर जब यो इन्द्रीयद्वार वीथिमा उत्पति हुन्छ (जस्तो चक्खुद्वार वीथि) मा यस चित्तले त्यही इन्द्रीय द्वार क्रम नै आलम्बनलाई निर्धारण गर्ने कार्य गर्ने भएकोले यसलाई बोट्ठब्बन चित्त भन्न सकिन्छ । बोट्ठब्बन चित्ताले आलम्बनलाई यकिन गरिसकेपछि अनि अकुशल चित्तहरू वा कुशल चित्ताहरू (अरहन्त भइ नसकेका व्यक्तिहरूका मामिलामा) उत्पति हुन्छन् । बोट्ठब्बन चित्त आफैं नत अकुशल चित्त हो न कुशल

चित्त हो। यो त क्रियाचित्त हो। आलम्बनलाई पहिचान गरी यकिन गर्ने यो चित्त आत्मा होइन। वोट्ठब्बन चित्तपछि लाग्ने अकुशल चित्त वा कुशल चित्तहरू पनि आत्मा होइनन्। वोट्ठब्बन चित्त पछि अकुशल चित्तहरु उत्पति हुन्छन् कि कुशल चित्तहरू उत्पति हुन्छन् भन्ने कुरा व्यक्तिको अकुशलको संचय वा कुशलको संचयमा निर्भर रहन्छ।

इन्द्रीय द्वार प्रक्रियाका चित्तहरू निरोध भएपछि त्यो आलम्बनलाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ। मनोद्वार वीथिमा त्यस आलम्बनलाई अनुभव गर्ने प्रथम चित्त हो मनोद्वारावर्जन चित्त। यो चित्तले मनोद्वार मार्फत त्यस आलम्बन (पालिमा आरम्मण) प्रति ध्यान दिलाउछ, जुन आलम्बनको निरोध नै भइसकेको हुन्छ। इन्द्रीयद्वार वीथिमा पंचद्वारावर्जन चित्तले त्यो आलम्वनलाई ध्यान दिलाउँछ जुन अझै लोप भइसकेको हुन्न। पंचद्वारावर्जन चित्तले अघिनै निरूद्ध भइसकेको आलम्बनलाई ध्यान दिन सक्तैन। (अर्थात् यसले निरूद्ध भइसकेको गोचरलाई विचार गरेर हेर्न सक्तैन।(जस्तो उदाहरणको लागि पंचद्वारावर्जन चित्तले त्यस्तो रंग था शब्दलाई ध्यान दिन्छ जुन रंग वा शब्दले अझै सम्बन्धित इन्द्रीयद्वारमा ठक्कर लगाइरहेकै (बा स्पर्श गरिरहेकै) हुन्छ। किन्तु मनोद्वार बीथिमा उत्पति हुने मनोद्वारावर्जन चित्तले अघि नै लोप भइसकेको आलम्बनको पनि बिचार गरेर हेर्न सक्तछ। यसले अघि नै निरूद्ध भइसकेको त्यस्तो आलम्बनतर्फ मनोद्वार मार्फत ध्यान दिन्छ, जस्तो अघि नै देखिएको रंग वा अघि सुनिएको शब्द। यसरी मनोद्वार मार्फत लोप भइसकेको आलम्बनलाई ध्यान दिएर हेर्ने काम पंचद्वारावर्जन चित्तले गर्न सक्तैन। मनोद्वारावर्जन चित्तले यसरी त्यस आलम्बनलाई ध्यान लगाइसकेपछि त्यही आलम्बनलाई अनुभव गर्ने कुशल चित्तहरू वा अकुशल चित्तहरू (अरहन्त नभएका सम्बन्धमा) उत्पन्न हुन्छन्। मनोद्वारावर्जन चित्त आफैं न त अकुशल चित्त हो न त कुशल चित्त हो। यो क्रिया चित्त हो। मनो-

द्वारावर्जन चित्तपछि अकुशल चित्तहरू उत्पति हुन्छन् कि कुशल चित्तहरू उत्पन्न हुन्छन् भन्ने कुरा व्यक्तिको अकुशल वा कुशलको संचितिहरूमा निर्भर गर्दछ । सम्पूर्ण चित्तहरू आआफ्नै हेतुको कारण उत्पति हुन्छन् । ती चित्तहरू तसर्थ अनात्म हुन्, सत्व होइन, आत्मा होइन ।

इन्द्रीयद्वार वीथिको वोट्ठब्बन चित्त र मनोद्वार वीथिको मनोद्वारावर्जन चित्त उस्तै किसिमको अहेतुक क्रिया-चित्त भए तापनि तिनीहरूको कृत्यहरू भिन्न भिन्न छन् । इन्द्रीयद्वार वीथिमा यो चित्तले आलम्वनलाई वोट्ठब्बन (अर्थात् यक्किन गर्ने वा पहिचान गरी संक्षेर राख्ने) को कार्य गर्दछ र त्यसकारण यसलाई वोट्ठब्बन चित्त भन्न सकिन्छ । किन्तु मनोद्वार वीथिमा यस चित्ताले मनोद्वार मार्फत नै आलम्बनलाई ध्यान लगाउँछ र यसरी आवर्जन (ध्यान लगाउने) को कार्य गर्दछ । त्यसैले हामीले मनोद्वारावर्जन चित्तको वारेमा जहिले सुकै पनि विचार गर्दा यसले के काम गरिरहेको छ भन्ने कुरा थाहा पाउनु पर्दछ ।

शब्दले श्रोतेन्द्रीयमा स्पर्श हुँदा कर्णद्वार मार्फत शब्दलाई अनुभव गर्ने चित्तहरू उत्पति हुन सक्छन् र त्यसपछि मनोद्वार द्वारा त्यस शब्दलाई अनुभव गर्ने चित्तहरू उत्पति हुन सक्छन् । पाँच इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रीय मार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथि क्रम र मनोद्वार मार्फत अनुभव गर्ने चित्तहरूको वीथिक्रम एकपछि अर्को अविच्छिन्न रूपमा लाग्छन् (वा उत्पति हुन्छन्)।

त्यो आलम्बन वा गोचर नै के हो भन्ने सम्म पनि थाहा पाइ नसक्दैको अवस्थामा इन्द्रीय-द्वारहरू मध्ये कुनै एक द्वार मार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथि क्रम (प्रक्रिया) मा कसरी अकुशल चित्तहरू वा कुशल चित्तहरू उत्पन्न हुन सक्छन् त? (यस्तो प्रश्न पनि उपस्थित हुन सक्छ ।) वास्तवमा त्यो आलम्बन नै के हो भन्ने कुरा जान्नुभन्दा अगाडि पनि अकुशल चित्तहरू वा कुशल चित्तहरू (उत्पन्न) हुन सक्छन् । यसलाई त्यस्तो बच्चासंग

तुलना गर्न सकिन्छ जसले त्यो वस्तु बेलून हो भन्ने कुरा थाहा नपाउँदै पनि चहकिलो रंगीन वस्तुको रूपमा देखिने वेलूनलाई मन पराउँछ । हामीलाई ती वस्तुहरू के के हुन् भन्ने थाहा नहुंदै पनि ती वस्तुहरू प्रतिको चाहना वा बेचाहना हामीमा रहन सक्छ ।

अर्को अहेतुक क्रिया–चित्त हो हसितोत्पादक चित्त (पालिमा) हसितुप्पाद चित्त) । केवल अरहन्तहरूमा मात्र यस प्रकारको चित्त हुन्छ । अरहन्तहरू मुस्कुराउँदा त्यतिखेर हसितोत्पादक चित्त उत्पति हुने सम्भावना छ। हाँसो (प्रहसन) र मुस्कान विभिन्न प्रकारका चित्तहरूद्वारा प्रवृत हुन सक्छन् । शैक्ष्यहरू वा अरहन्त नभएका मानिसहरू हाँस्दा साधारणतयाः त्यो हाँसो लोभद्वारा प्रवृत हुन्छ । हामी मुस्कुराउँदा हाम्रो मुस्कान लोभद्वारा वा कुशल चित्तद्वारा प्रवृत भएको हुन सक्छ। अरहन्तहरूमा कुनै क्लेश रहँदैनन् । तिनीहरूमा अकुशल चित्तहरू रहँदैनन्, न तिनीहरूमा कुशल चित्तहरूनै रहन्छन् । अरहन्तहरू अब अरू कर्मको संचय गर्दैनन् । त्यसैले कुशल चित्तहरूको बदलामा शोभन हेतुहरू (मूलहरू) सहितका क्रिया-चित्तहरू तिनीहरूमा हुन्छन् ।अरहन्तहरू खित्का छाडी हाँस्दैनन्। किनभने तिनीहरूमा यस्तो हाँसो निमित्त चाहिने संचयहरू नै छैनन् । त्यसैले उनीहरू केवल मुस्कुराउँछन् । उनीहरू मुस्कुराउँदा त्यो मुस्कान शोभन क्रिया-चित्त वा हसितोत्पादक चित्त भनिने अहेतुक क्रिया-चित्तद्वारा प्रवृत हुन सकिन्छ । यस प्रकारको चित्तको सम्बन्धमा विशुद्धि मार्ग (परिच्छेद १४, १०८) मा भनिएको छः–

(कृत्यको अनुसार) यसको कृत्य अरहन्तहरूलाई अ-प्रणित वस्तुहरूमा हाँसो उत्पन्न गराइ दिने कृत्यवाला हो ।

मूल ग्रन्थको पाद टिप्पणीमा विशुद्धि मार्गको टिका, परमार्थ मंजुषा, ४७६ बाट उद्धरण दिइएको छ जसमा माथिको सम्बन्धमा लेखिएको छः

"कंकालहरू वा भूत पिशाचहरूको रूपहरू जस्ता अ-प्रणित वस्तुहरूका सम्बन्धमा ।" यसरी १८ अहेतुक चित्तहरू मध्ये १५ विपाकचित्तहरू हुन् र बाँकी तीनवटा क्रिया-चित्ताहरू हुन् । अहेतुक क्रिया चित्तहरू हुन् :

१. पंच द्वारावर्जन चित्त (पाँच इन्द्रीयद्वारहरू मार्फत आलम्वन-तर्फ ध्यान लगाउने चित्त) ।

२. मनोद्वारावर्जन चित्त । यसले मनोद्वार वीथिमा उत्पति हुँदा मनोद्वार मार्फत आलम्वनतर्फ ध्यान लगाउने कार्य गर्दछ र इन्द्रीय द्वार वीथिमा उत्पति हुँदा बोट्ठब्बन (आलम्बनलाई पहिचान गरी सम्झने) को कार्य गर्दछ । (पछिल्लो मामिलामा यसलाई वोट्ठब्बन चित्त भन्न सकिन्छ ।)

३. हसितोत्पादक चित्त (अरहन्तहरूमा मुस्कान उत्पति गर्ने चित्त ।

अरहन्त नभएका शैक्षजनहरूमा १८ अहेतुक चित्ताहरू मध्ये १७ वटा मात्र उत्पति हुन सक्छन् । यी १७ प्रकारका अहेतुक चित्त हाम्रो दैनिक जीवनमा उत्पन्न हुन्छन् । कुनै एक आलम्वनले पाँच इन्द्रीयहरू मध्ये एउटा इन्द्रीयमा ठक्कर खांदा वा स्पर्श गर्दा पंचद्वारावर्जन चित्तले त्यही इन्द्रीयद्वार मार्फत त्यस आलम्बन तिर ध्यान लगाउँछ । त्यसपछि पंच विज्ञान (द्वि-पंच-विज्ञानका दश चित्ताहरू मध्येका कुनै एक चित्त) उत्पन्न भई त्यस आलम्बनलाई अनुभव गर्दछ । अनि सम्प्रतिच्छन्न चित्तले सो आलम्बनलाई ग्रहण गर्दछ । सन्तीर्ण चित्ताले सम्प्रतिच्छन्न चित्ताले ग्रहण गरेको आलम्व-नलाई नै विचार गरेर हेर्दछ र बोट्ठब्बन चित्ताले सो आलम्बनलाई यक्किन गर्दछ र त्यसपछि अकुशल चित्तहरू वा कुशल चित्तहरू पछि लाग्छन् (अनुगमन गर्दछन्) । इन्द्रीयद्वार प्रक्रियाका

चित्तहरू (अर्थात् इन्द्रीयद्वार वीथि) लोप (निरोध) सइसकेपछि त्यस आलम्बनलाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ। (अर्को शब्दहरूमा भन्ने हो भने, इन्द्रीयद्वार वीथि निरोध हुनासाथ मनोद्वार वीथि उत्पन्न हुन्छ) । अनि मनोद्वारावर्जन चित्तले मनोद्वार मार्फत आलम्बनमा ध्यान लगाउँछ र त्यसपछि अकुशल चित्ताहरू वा कुशल चित्ताहरू पछि उत्पति हुन्छन् ।

मनोद्वारावर्जन चित्तपछि अकुशल चित्तहरू उत्पति हुनेछ भने अयोनिसो मनसिकार (संस्कृत मनस्कार) हुन्छ। मनोद्वारावर्जन चित्तपछि कुशल चित्ताहरू लागेका छन् भने योनिसो मनसिकार (अर्थात् बुद्धिमतापूर्ण ध्यान) हुन्छ। जस्तो उदाहरणको लागि भनौं, कीराहरू देख्दा हामीमा बेरूची (अमनाप) रहन सक्छ। अनि मनोद्वारावर्जन चित्तपछि द्वेष मूल चित्तहरू उत्पन्न हुन्छन् । यसरी अब त्यहाँ अयोनिसो मनसिकार हुन्छ । त्यो द्वेष यति प्रवल हुन सक्छ कि ती कीरा पटयांग्राहरूलाई मार्न समेत चाहने हुन्छन्। अनि त्यहाँ अकुशल कर्म हुन्छ। प्राणातिपात अकुशल हो भनी महशूस गरेर कोही हत्याबाट विरत भयो भने त्यतिखेर त्यहाँ कुशलचित्ताहरू हुन्छन् । अनि योनिसो मनसिकार त्यहाँ रहन्छ । यदि कसैले धर्मको अध्ययन गरेर विपश्यनाको विकास गर्छ भने यो योनिसो मनसिकारको निमित्त हेतु हुन्छ । इन्द्रीयद्वारहरू मध्ये कुनै एक द्वारमार्फत वा मनोद्वार मार्फत प्रकट हुने नाम वा रूपका विषयमा हामी स्मृति संप्रजन्ययुक्त रहन्छौं (वा सजग रहन्छौं) भने त्यस घडीमा त्यहाँ योनिसो मनसिकार हुन्छ ।

एउटै परिस्थितिमा दुईजना व्यक्तिहरू रहँदा पनि एकजनाको अयोनिसो मनसिकार र अर्कोको योनिसो मनसिकार हुन सक्तछ । यस्तो हुनु उनीहरूको आ-आफ्नो संचयहरू (अकुशल वा कुशल संचितिहरू) मा निर्भर गर्दछ ।

चतुर्थ प्रणणासक, भाग ४ आशी बिष वर्ग संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १ अवस्सुत सुत्त) मा छ इन्द्रीयद्वारहरू मध्ये एउटा द्वार मार्फत आलम्वनको अनुभव गरेपछि अयोनिसो मनसिकार हुने भिक्षु र योनिसो मनसिकार हुने भिक्षुको बारेमा चर्चा गरिएको छ। महामौद्गल्यायनले भिक्षुहरूलाई भन्नु भयो:–

"आवुस ! म अवश्रुत तथा अनुवश्रुतको कुराको उपदेश दिन्छु...। आवुस ! कसरी अवश्रुत हुन्छ ?

आवुस ! भिक्षु संसारमा चक्षुबाट प्रिय रूपहरूलाई देखेर मूर्च्छित हुन जान्छ, अप्रिय रूपहरूलाई देखेर खिन्न हुन जान्छ। त्यो भिक्षु आत्म चिन्तन नगरिकन चंचल चित्त सहित्त विहार गर्दछ। ऊ चेतोविमुक्ति र प्रज्ञाविमुक्तिलाई यथार्थ रूपमा जान्दैन। जहाँ उसको पापमय अकुशल धर्म विल्कुल निशेष रूपमा निरूद्ध हुन्छन्। श्रोत ... मन .... ।

आवुस ! त्यो भिक्षुलाई चक्षु विज्ञेय रूपहरूमा अवश्रुत भनिन्छ.... श्रोत घ्राण, जिह्वा... मनोविज्ञेय धर्महरूमा अवश्रुत भनिन्छ।

आवुस ! यस्तो भिक्षु माथि यदि मार चक्षुको मार्गवाट आउँछ भने पनि उसले जितेर लिन्छ... जिह्वाको मार्ग ... मनको मार्गवाट आए पनि उसले जितेर लिन्छ। आवुस ! यस्तो भिक्षुलाई रूपले हराइदिन्छ, उसले रूपलाई हराउँदैन। यस्तो भिक्षुलाई शब्दले हराइदिन्छ, उसले शब्दलाई हराउँदैन। गन्ध,... रस,... स्पर्श...धर्म .... । आवुस ! यस्तो भिक्षुलाई रूपबाट, शब्दबाट, गन्धबाट, रसबाट, स्पर्शवाट र धर्मबाट हारेको भनिन्छ, तिनीहरूको विजेता होइन। बारम्बार जन्म गराउने, भयपूर्ण, दु:खद फलवाला, भविष्यमा जरामरणवाला, संक्लेश पापमय अकुशल धर्महरूले उसलाई हराइदिएको हुन्छ। आवुस ! यसरी अवश्रुत हुन्छ।

आवुस ! अनवश्रुत कसरी हुन्छ त ?

आवुस ! भिक्षु संसारमा चक्षुबाट प्रिय रूपहरूलाई देखेर मूर्च्छित हुन्न, अप्रिय रूपहरूलाई देखेर खिन्न हुन्न । त्यो भिक्षु आत्म चिन्तन गर्दै अप्रमत्त चित्त सहित विहार गर्दछ। त्यो भिक्षु चेतो विमुक्ति र प्रज्ञाविमुक्तिलाई यथार्थ रूपमा जान्दछ, जहाँ उसको पापमय अकुशल धर्महरू बिल्कुल निशेष रूपबाट निरूद्ध हुन्छन् । श्रोत... मन.... ।

आवुस ! त्यो भिक्षुहरूलाई चक्षुविज्ञेय अनवश्रुत भनिन्छ.... मनोविज्ञेय धर्महरूमा अनवश्रुत भनिन्छ ।

आवुस ! यस्तो भिक्षुमाथि मार चक्षुको मार्गबाट आए पनि त्यसले जित्न सक्तैन,... जिह्वाको मार्गबाट आए पनि... मनको मार्गबाट आए पनि त्यसले जित्न सक्तैन ।

आवुस ! यस्तो भिक्षुले रूपलाई हराइदिन्छ, रूपले उसलाई हराउँदैन । उसले शब्द, गन्ध, रस, स्पर्श र धर्मलाई जित्छ, ती शब्द, गन्ध, रस, स्पर्श र धर्मले उसलाई जित्दैन । आवुस ! यस्तो भिक्षुलाई रूपलाई जितेको, शब्द, गन्ध, रस, स्पर्श र धर्मलाई जितेको भनिन्छ । ऊ विजय हुन्छ, विनित हुन्न । वारवार जन्म दिलाउनेवाला, भयपूर्ण, दु:खद फलवाला भविष्यमा जरामरण दिनेबाला, संक्लेश पापमय अकुशल धर्महरूलाई उसले जितेको हुन्छ ।

आवुस ! यसरी अनवश्रुत हुन्छ ।

केही मनन गर्न योग्य प्रश्नहरू

१) क्रिया चित्त के हो ?

२) के हामी मुस्कुराउँदा संधै लोभद्वारा हाँसो प्रवृत भएको हुन्छ ?

३) के हामी खित्का छोडी हाँस्दा यो संधै अकुशल चित्तद्वारा प्रवृत हुन्छ त ?

४) के इन्द्रीयद्वार वीथि क्रममा अकुशल चित्तहरू र कुशल चित्तहरू उत्पति हुन सक्छन् ?

परिच्छेद–१०

जीवनको प्रथम चित्त

जीवनमा प्रथम चित्त कसरी उत्पति हुन्छ र के कृत्य यसले गर्दछ ? बारम्बार पाँच इन्द्रीयहरू मार्फत स्पर्शहरू हुन्छम्, यी संस्पर्शहरू विषयमा रूची, वेरूची वा चिन्तन हुन्छ । भिन्न भिन्न हेतुहरू वा अवस्थाहरूको मार्फत यी सबै चित्तहरू उत्पति हुन्छन् । के यी चित्तहरूको भिन्न भिन्न कृत्य पनि हुन्छन् ? दर्शन र देखिएको कुराको बारेमा चिन्तन गर्ने कुरा एकै पटक उत्पन्न हुँदैनन् । देखिएको कुराको सम्बन्धमा चिन्तन उत्पति हुनु भन्दा अगाडि दर्शन (हेर्ने कार्य) उत्पति हुन्छ । यी चित्तहरू सर्वथा भिन्न भिन्न हुन् । यिनीहरूको कृत्यहरू पनि भिन्न भिन्नै हुनु पर्दछ । चित्तहरू कुन क्रममा उत्पति हुन्छन् र के के कृत्य यिनीहरूको हुन्छन् भन्ने कुराको जानकारी हामीलाई रहेमा हामीहरूचित्तहरूका बारेमा बढी बुझनेछौं । एउटा कृत्य नगरिकन चित्त उत्पति हुन सक्तैन। प्रत्येक चित्तको आफ्नै कृत्य (पालिमा किच्च) हुन्छ । जम्मा १४ कृत्यहरू हुन्छन् ।

जीवनको प्रथम क्षणमा उत्पति हुने चित्तको पनि कृत्य हुनु पर्दछ । जन्म भनेको के हो र यो जन्मिने वास्तवमा के हो ? हामी बच्चाको जन्मको बारेमा कुरा गर्छौं तर वास्तवमा जन्मिने त नाम र रूप मात्र हुन्छन् । जाति (वा जन्म) भन्ने शब्द नै लौकिक प्रज्ञप्ति (वा व्यवहार) हो । जन्म भनेको यथार्थमा के हो भन्ने

कुरा नै हामीले विचार गर्नुपर्छ। प्रत्येक क्षणमा नाम र रूप उत्पति हुन्छन् र निरूद्ध हुन्छन् र यसरी प्रत्येक क्षणमा नाम र रूपको जन्म र मृत्यु हुन्छ। केले गर्दा जन्म हुन्छ भन्ने कुरालाई बुझनको निमित्त नवजीवन अवधिको प्रथम क्षणमा उत्पति हुने नाम र रूपको लागि के हेतु हो भन्ने कुरा थाहा पाउनु पर्दछ।

हाम्रो जीवनको शुरूमा नाम वा रूप मध्ये के चाहिं उत्पति हुन्छ ? हाम्रो जीवनको कुनै पनि घडीमा नाम र रूप दुवै हुनु जरूरी छ। पंचस्कन्धहरू (नाम तथा रूप) भएको लोकहरूमा (वा भूमिहरूमा) रूप बिना नाम उत्पति हुन सक्तैन, देह बिना चित्त उत्पति हुन सक्तैन। हाम्रो जीवनको कुनै एक घडीको लागि जे सत्य छ त्यो नै हाम्रो जीवनको प्रथम घडीको निमित्त पनि सत्य छ। अर्थात् हाम्रो जीवनको प्रथम क्षणमा नै नाम र रूप उही समयमै उत्पति हुनुपर्छ। त्यस क्षणमा उत्पति हुने चित्त-लाई प्रतिसन्धि-चित्त (पालिमा पटिसन्धि चित्त) भनिन्छ। हेतुहरू बिना चित्तको उत्पति नहुने भएकोले प्रतिसन्धि-चित्तको पनि हेतुहरू हुनु पर्दछ। प्रतिसन्धि-चित्त नयाँ जीवनको प्रथम चित्त भएकोले यसको हेतु पनि पूर्वजन्ममा (अतीत नै) मात्र हुन सक्छ। पूर्व जन्महरूको बारेमा हामीलाई शंकाहरू हुन सक्ला तर पूर्वजन्म-हरू नभएको भए मानिसहरू यति भिन्न भिन्न कसरी हुन सक्छन् त ? हामी के देख्न सक्छौं भने मानिसहरू भिन्न भिन्न (कुशल वा अकुशल कर्महरूको) संचयहरू सहित जन्मिन्छन्। के बच्चाको आमाबाबुलाई हेरेर कुनै बच्चाको चरित्रको व्याख्यान गर्न सकिन्छ ? हामी जे कुरालाई चरित्र भनी भन्छौं वास्तबमा त्यो नै नाम हो। उत्पति हुनासाथ निरूद्ध हुने नाम धातुलाई के आमाबाबुहरू अर्को सत्वमा सार्न सक्छन् ? बच्चाको चरित्रको निमित्त हेतु हुने अरू नै अङ्गहरू पनि हुनु पर्दछ। चित्तहरू एकपछि अर्को अविच्छिन्न रूप-मै उत्पति हुन्छन् र अघिल्लो चित्तले पछिल्लो चित्तलाई उत्पाद

गरेको हुन्छ । यस जीवनको प्रथम चित्ताको कारण पनि अघिल्लो चित्त अर्थात् पूर्वजन्मको अन्तिम चित्त (अर्थात् च्यूति चित्त) नै हुनु पर्दछ । पूर्व जीवनहरूमा मानिसहरूले भिन्न भिन्न प्रवृतिहरू (वा स्वभावहरूलाई) लाई संचित गरेका हुन्छन् । यी स्वभावहरू-लाई एक चित्तबाट अर्को चित्तमा पूर्व जीवनहरूबाट वर्तमान जीवनमा ल्याइएका हुन्छन् । त्यसै कारण मानिसहरू भिन्न भिन्न स्वभावहरू र मनोवृतिहरू लिएर जन्मिन्छन् ।

भिन्न भिन्न चरित्रहरू लिएर मात्र मानिसहरू जन्मने होइनन्, उनीहरू भिन्न भिन्न वातावरणहरूमा जन्मिने कुरा पनि हामी देख्छौं । केही मानिसहरू सुखमय वातावरणहरूमा जन्मिन्छन् र कोही मानिसहरू दुःखी अभागी वाताबरणहरूमा जन्मिन्छन् । यो कुरा बुझ्नको निमित्त हामीले "व्यक्ति" वा "वातावरणहरू" भन्ने जस्ता लौकिक प्रज्ञप्तिहरूमै टाँस्सिएर रहनु हुँदैन । परमार्थ धर्म-हरूको ब्यवहारबाट बिचार गर्ने हो भने हामी के देख्छौं भने सुख-मय वातावरणहरू वा दुःखमय परिस्थितिहरूमा रहनु भनेको अरू केही होइन केवल चक्षु, कर्म, घ्राण, जिह्वा र काया-इन्द्रीय मार्फत प्रिय वा अप्रिय गोचरहरूलाई ग्रहण गर्नु मात्र हो । यो कुशल वा अकुशल विपाक हो। विपाक हेतु बिना उत्पति हुने होइन। यो असल वा खराब कार्य कर्मद्वारा उत्पन्न हुने हो । अनेक मानिसहरू अनेक कर्म गर्दछन् र प्रत्येक कर्मले आफ्नै प्रतिफललाई ल्याउँछ। मानिस-हरू यस जन्ममा विभिन्न परिस्थितिहरूमा जन्मिएको मूल कारण पनि पूर्वजन्मको कर्मकै फल हो । कर्मले गर्दा जन्म हुन्छ । प्रति-सन्धि चित्त कर्मको फल हो, त्यसैले यो विपाक हो ।

हामी यस संसारमा मानिसहरू र अन्य प्राणीहरूको अनेकौं जन्म देख्छौं । मनुष्य योनीमा हुने जन्मको तुलनामा पशु योनीमा जन्म हुनु दुःख हो, अकुशल विपाक हो भन्ने कुरा हामी देख्छौं ।

गरीवकै कूलमा जन्मे पनि वा जीवनमा उसले अनेकौं दुःख भोग गर्नु परे पनि मनुष्य योनीमा जन्म हुनु कुशल विपाक हो । अनेकौं भिन्न भिन्न मात्राहरूका कुशल विपाकलाई पैदा गर्ने कुशल कर्महरू भिन्न भिन्न मात्राका कुशलताले वनेकाले भिन्न भिन्न व्यक्तिहरूको प्रतिसन्धि चित्तहरू पनि अनेकौं भिन्न भिन्न मात्राका कुशल विपाकहरूका हुन्छन् । हाम्रो जीवनको प्रथम घडीमा कर्मले प्रतिसन्धि चित्तलाई पैदा गर्छ र यसै बेलामा रूपको पनि उत्पति हुनु पर्छ । जीवनको प्रथम घडीमै रूपको उत्पति हुनाको के कारण होला भनी हामी चकित रहन सकौंला । हामी के देख्छौं भने मानिसहरू भिन्न भिन्न चेहरा लिएर जन्मिन्छन् । कोही सुन्दर हुन्छन्, कोही कुरूप हुन्छन्, कोही त जन्मेकै घडीदेखि अपांग हुन्छन् । यसको कुनै कारण, हेतु हुनु पर्दछ । त्यो हेतु के हो भने कर्मले नैं गर्दा नाम र रूप दुवैको उत्पति हुन्छन् ।

के "जड" भनिने रूप र "वनस्पति" वा "विरूवा" भनिने रूप दुवै कर्मले नै गर्दा उत्पति भएका हुन् त ? होइन, "वनस्पति"ले कुशल वा अकुशल कर्म गर्न नसक्ने भएकोले "वनस्पति" को जन्म हुँदैन । यसको जन्म गराउने कुनै कर्म हुँदैन । वनस्पतिको जीवनको लागि तापक्रम नै हेतु हो, आधार हो । किन्तु मानिसहरूको सम्बन्धमा भने कर्मले प्रतिसन्धि-चित्त उत्पति हुँदाकै घडीमा रूपलाई पनि उत्पति गर्दछ । जीवनको प्रथम घडीदेखि नै कर्मले नाम र रूप दुवैलाई पैदा नगरेको भए जीवन हुनै सक्तै नथ्यो । तापक्रमले पनि रूपलाई पैदा गर्दछ । उपयुक्त तापक्रम नभइदिएमा नयाँ जीवन वढ्नै सक्तै नथ्यो । प्रतिसन्धि चित्तको निरोध हुनासाथै त्यसै घडीमा अर्को चित्त उत्पति भइरहेको हुन्छ र यसरी चित्तले पनि रूपलाई पैदा गर्न थाल्दछ । त्यसमाथि शरीरको अभिवृद्धि हुन सक्ने तुल्याउने आहारले पनि रूपलाई पैदा गर्दछ । यसरी हामी के देख्छौं भने रूपको निमित्त कर्म नै एक मात्र हेतु नभई अरू अंगहरू पनि

छन्, यथा चित्त (ऋतु वा) तापक्रम र पोषण (आहार)।

कर्मले जीबनको प्रथम घडीमा मात्र होइन, हाम्रो सम्पूर्ण जीवन भरिनै रूपलाई पैदा गर्दछ। कर्मले इन्द्रीयद्वारहरू मार्फत प्रिय वा अप्रिय आलम्वनहरूलाई अनुभव गर्ने विपाक चित्तहरू मात्र उत्पति गर्ने होइन, यी आलम्वनहरूलाई ग्रहण गर्ने इन्द्रीय द्वारहरूको रूपमा रूपहरूलाई नै पनि कर्मले नै हाम्रो जीवन र अवधि भरी पैदा गर्दछ। जस्तो उदाहरणको लागि, के कसैले आफ्नो चक्षु इन्द्रीयको श्रृजना गर्न सक्दछ। चक्षु-इन्द्रीयलाई वा चक्षु-प्रसादलाई तापक्रमद्वारा रचना गर्न सकिन्न, केवल कर्मद्वारा मात्र यसको उत्पति गर्न सकिन्छ। आँखा फेर्ने वा एउटाको आँखालाई अर्को व्यक्तिमा सारिदिने कार्य तबसम्म सफल हुन सक्दैन जवसम्म कर्मले पाउनेको देहमा चक्षु-इन्द्रीयलाई उत्पति गर्दैन।

जन्म हुन आमाको गर्भ नै मात्र चाहिन्छ भन्ने कुरा होइन। उपदेशहरूबाट हामी के सिक्दछौं भने चार विभिन्न किसिमले प्राणीको जन्म हुन्छ। गर्भबाट (जरायुज योनी), फूलहरूबाट (अण्डजयोनी), आर्द्रताबाट (संस्वेदेज योनी) र अनायास जन्मबाट (औपपातिक योनी)। स्वर्ग लोकहरू र नरकमा औपपातिक जन्म मात्र हुन्छ।

आमाको गर्भमा जीबन कहिले शुरू हुन्छ भन्ने कुरा मानिसहरू जान्न चाहन्छन्। कर्मद्वारा एकैघडीमा पैदा गरेको रूपको साथ सँथै प्रति-सन्धि चित्तको उत्पति भएकै घडीमा जीवनको शुरू वा आरम्भ हुन्छ। अन्तिम चित्त च्यूति-चित्तको पतन हुनासाथ जीवन अवधिको अन्त्य हुन्छ। च्यूतिचित्त उत्पति भएर निरूद्ध नभएसम्म जीबन अझै बाँकी रहन्छ। परिचित्त ज्ञानको अभ्यास नगरेको कुनै पनि व्यक्ति-लाई अरूको च्यूति-चित्तको उत्पति भएको र निरोध भएको क्षण थाहा हुन सक्दैन। त्यसैले भगवान बुद्ध वा परचित्त ज्ञानको अभ्यास गरेको व्यक्तिले मात्र अर्को मानिसको मृत्युको ठीक ठीक घडी थाहा पाउन सक्दछ।

हाम्रो जीवनमा कुन चाहिं कर्मले अर्को जन्मको प्रतिसन्धि चित्तलाई उत्पति गराउने हो भन्ने कुरामा हामीलाई आश्चर्य लाग्न सक्छ । जब हामी अनेकौं कुशल कार्यहरू गर्दछौं, के हामी त्यस बखत सुगतिको लागि निश्चित रहन सक्तछौं त ? प्रश्न स्वभाविक छ । हामी सबैले विभिन्न मात्राका कुशल एवं अकुशल कर्महरू दुवै गरेका हुन्छौं । केही कर्महरू यसै जीवनमा फल ल्याउने खालका हुन्छन्, अरू कर्महरूले अरू जन्ममा मात्र फल दिन्छन् । च्यूति चित्त हुनुभन्दा केही अघि उत्पति हुने अकुशल वा कुशल चित्तहरू नै अर्को जन्ममा पुनर्जन्म गराउने हेतु हुन्छन् । यदि यी चित्ताहरू अकुशल चित्त भएको खण्डमा पुनर्जन्म हाम्रो दुःखमय हुने हुन्छ । यदि यी चित्तहरू कुशल चित्त भइ दिएको खण्डमा हाम्रो सुखमय पुनर्जन्म हुने हुन्छ । मानिसहरू यी चित्तहरूलाई निर्देश गर्न सकिन्छ कि सकिन्न भन्ने कुरा पनि जान्न चाहन्छन् । के हामी अहिलेकै क्षणमा पनि आफ्ना चिन्तनहरूलाई नियन्त्रित राख्न सक्छौं ? यदि हामी यति त गर्न सक्तैनौ भने मरणासन्न कालमा (हाम्रा शारीरिक शक्ति क्षीण भई मानसिक बल समेत हीन हुँदै जाने त्यस्तो समयमा) हामी कसरी आफ्ना चिन्तनहरूलाई नियन्त्रणमा राख्न सकौंला त ? अर्को जीवनमा आफ्नो पुनर्जन्म विषयमा निर्णय गर्न सक्ने कुनै आत्मा भन्ने छैन ।

केही मानिसहरू मृतशैय्यामा रहेका व्यक्तिहरूलाई कुशल चित्तहरू प्राप्त गर्न सघाउ पुऱ्याउने हेतुले उसको मरणासन्न अवस्थामा भिक्षुहरूलाई पाठ गर्न निम्त्याउँछन् । तथापि जबसम्म कुनै पनि व्यक्तिले श्रोतापन्नदेखि अरहन्तादि मार्ग र फल मध्ये कुनै एक मार्ग र फललाई लाभ गरिसकेको हुन्न, तबसम्म त्यस व्यक्तिको पुनर्जन्म सुखमय नै हुन्छ अथवा सुगतिमै उसको पुनर्जन्म हुन्छ भन्ने कुरामा कोही पनि निश्चित हुन वा यक्किन गर्न सक्तैन । मान्छेले धेरै पुण्य कार्यहरू गरेको भए तापनि पूर्वजन्मको अकुशल

कर्मले गर्दा अर्को जन्ममा अपाय गतिमा जन्म हुन सक्छ। आफ्नो पुनर्जन्मको हेतु बन्ने अकुशल चित्तहरू वा कुशल चित्तहरूको निरोध भइसकेपछि च्यूतिचित्त उत्पत्ति हुन्छ। त्यो च्यूति चित्तकोपछि अर्को जीवनको प्रतिसन्धि-चित्त लाग्दछ। जब प्रतिसन्धि-चित्त उत्पत्ति हुन्छ, नयाँ जीवन अवधि शुरू हुन्छ। यसरी कर्म रहेसम्म जीवनहरूको श्रृङ्खला कायम रहन्छ। प्रतिसन्धि-चित्तले पुनर्जन्मको काम गर्दछ। एक जीवन अवधिको प्रथम चित्तले मात्र पुनर्जन्मको कार्य गर्ने भएकोले एउटा जीवन अवधिमा एउटै मात्र प्रतिसन्धि-चित्त हुन्छ।

बौद्ध धर्मको यसरी अध्ययन गर्दा के स्पष्ट हुन्छ भने एक जीवनबाट अर्को जीवनमा पुनर्जन्म लिन जाने (वा सर्ने) आत्मा भन्ने केही कुरा संसारमा छैन, केवल छ केही भने त्यो हो नाम र रूपको उत्पति र निरोध। प्रतिसन्धि-चित्त भनेको विगत जीवनको अन्तिम चित्तदेखि भिन्नै कुरा हो तर यसको उत्पतिको कारण भने अघिल्लो जीवनको च्यूति चित्त हो। किनभने वर्तमान जीवनको प्रतिसन्धि-चित्तले अघिल्लो जन्मको अन्तिम चित्त-च्यूतिको अनुगमन गर्दछ। पूर्वजन्महरूका संचित प्रकृतिहरू वर्तमान जन्मको प्रतिसन्धि-चित्तमा ल्याइएका हुन्छन् र यसरी वर्तमान जीवनमा मानिसका जुन मनोवृतिहरू वा स्वभावहरू हुन्छन् ती अतीतका संचयहरूद्वारा संस्कृत छन्। त्यसमा पनि प्रतिसन्धि-चित्त पहिलेको कुशल वा अकुशल कर्मको विपाक हो। यसरी वर्तमान जीवन पहिलेको जीवनभन्दा सर्वथा भिन्न छ तर जहाँसम्म वर्तमान जीवन उत्पति हुनुको कारण पूर्वजीवनहरू हुन्छन्, त्यहाँसम्म जीवन चक्रको अविच्छिन्नता पनि छँदैछ। विशुद्धि मार्ग (परिच्छेद १७, १६४-१६८) मा भनिएको छ कि प्रतिसन्धि-चित्त वा विज्ञान पूर्वको भवबाट पनि यहाँ आएको होइन र त्यहाँको कर्म, संस्कार, झुकाव, विषय आदिको हेतु विना उत्पन्न भएको पनि होइन। यसरी जान्नु पर्दछ।

त्यहाँ यसरी भनिएको छः–

"सियुं निदस्सनानेत्थ पटि घोसादिका अथ।
सन्तान बद्धतो नत्थि एकता नपि नानता ॥

अर्थात्

यहाँ प्रतिघोष (प्रतिध्वनि) आदि दृष्टान्त हुन सक्छन्।
सन्ततिको वद्ध हुनाले एकता पनि होइन, र नानात्व (अनेकता
पनि होइन।

यो विज्ञान पहिलेको भववाट यहाँ नआउनमा अतीत भवमा हुनेवाला हेतुहरूबाट र उत्पतिमा प्रतिघोष, प्रदीप, मुद्रा, प्रतिविम्व-को प्रकारको धर्म दृष्टान्त हुन सक्छन्। जसरी प्रतिघोष, प्रदीप, मुद्रा, छायाशब्द आदिको हेतु हुन्छन् अन्यत्र नगइकन नै हुन्छन्, यसै प्रकारको यो चित्त हो।

यहाँ सन्तक्षिबद्ध हुनाले एकता छैन र अनेकता (नानात्व) पनि छैन। यदि सन्ततिबद्ध भएकोमा बिल्कुल नै एकता भएको भए दूधबाट दही नहुने थियो र यदि बिल्कुल नानात्व पनि भएको भए जुन कुराको दूध हुन्छ त्यस कुराको दही हुन पाउने नै थिएन। यस्तै प्रकारले सबै हेतुवाट उत्पन्न भएका धर्महरूमा .....। यसैले यहाँ बिल्कुल एकता वा नानात्वलाई मान्नु हुँदैन। (यसो भएमा लोकको सवै व्यबहार मिटेर जाने छन् र त्यो अनिष्ट हुनेछ।

जन्म कर्मको फल हो र कर्म रहुन्जेलसम्म जन्म मरणको चक्रमा गइरहने छ भन्ने कुराको अनुभव नभएको खण्डमा मान्छे जन्मिनुमा खुशी हुन्छ। जन्मको दुष्परिणामहरूलाई नदेख्नु मोह वा अविद्या हो। यस घडीमा हामी मर्त्यलोक (मनुष्यलोक) मा छौं तर हामीले चार आर्य मार्ग र फलहरू मध्ये कुनै एक मार्ग र फल प्राप्त गर्न नसकेसम्मको लागि दुर्गति (अपाय गति) मा हाम्रो पुनर्जन्म हुने छैन भन्ने कुरामा हामी यकीन गर्न सक्दैनौं। हामी सबैले विभिन्न

जुनीहरूमा अकुशल कर्म र कुशल कर्म दुवै गरेका हुन्छौं । हामीले कुशल कर्महरू गर्दै रह्यौं भने पनि ती मध्ये कुन चाहिं कर्महरूले अर्को जुनीको प्रतिसन्धि-चित्तलाई उत्पति गर्ने हो भन्ने कुरा कसलाई थाहा छ र ? कोही मानिसहरू स्वर्ग भूमिमा जन्म हुनलाई उचित भनी सोच्दछन् तर तिनीहरू यो कुरा महशूस गर्दैनन् कि स्वर्गको जीवन पनि नित्य छैन र स्वर्गमा जीवन अवधि सकिएपछि पहिले गरेको अकुशल कर्मको हेतुद्वारा अपाय लोकमा प्रतिसन्धि-चित्त पैदा हुन सक्तछ ।

वालपण्डित सूत्र (मध्यम निकाय, शून्यता वर्ग) मा भगवान बुद्धले जेतवनमा अनाथपिण्डिकको आराममा रहनु हुँदा नरकका दुःखहरू र पशु योनीका दारूण वेदनाहरू बारेमा निम्न प्रकारले उपदेश दिनु भएको कुराको चर्चा गरिएको छ । "भिक्षुहरू ! अनेक प्रकारले मैले तिर्यक योनीको कथा भनिरहे पनि तिर्यक् योनीको दुःखको पूर्ण वर्णन गर्नु सम्भव हुन्न । जस्तो भनौं कि भिक्षुहरू ! कोही एउटा मान्छेले एउटा मात्र प्वाल भएको जुआलाई समुद्रमा फ्याँकेको छ । त्यो जुआलाई पूर्वी हावाले पश्चिमतिर बगाउँछ, पश्चिम हावाले पूर्वतिर, उत्तरी हावाले दक्षिणतिर, दक्षिण हावाले उतरतिर बगाउँछ । मानौं कि त्यस समुद्रमा एउटा अन्धो कछुवा रहेछ जो सय सय वर्षमा एक पटक समुद्र सतहमा उत्रंदो रहेछ । तव के मान्दछौं, भिक्षुहरू ! के त्यो कछुवाले त्यो एक प्वाल भएको जुआमा आफ्नो घाँटी छिराउन सक्ला त ?" "अहँ भन्ते ! सकी हाले पनि शायद कहिले कहिले दीर्घकाल पछि नै मात्र सक्ने छ ।"

"भिक्षुहरू ! त्यो काल पनि चाँडो नै आउँला जब कि त्यस अन्धो कछुवाले त्यस जुआमा आफ्नो घाँटी छिराउने छ । किन्तु भिक्षुहरू ! एक पटक पतन भइसकेको वालजनको लागि फेरि मनुष्यत्वको प्राप्तिलाई म त्यो भन्दा दुर्लभतर भन्दछु । त्यसो कुन हेतुले त ?—भिक्षुहरू ! तिर्यक् योनीमा धर्म चर्या (धर्माचरण)

समचर्या कुशल क्रिया (पुण्यकर्म), पुण्य क्रिया (सम्भव) हुन्न। त्यस योनीमा भिक्षुहरू ! एउटाले दोश्रोलाई भक्ष गर्ने, दुर्बललाई बलियोले भक्ष गर्ने खालको हुन्छ। त्यो वालजन... कदाचित कहिल्यै, दीर्घकाल पछि मनुष्य जुनीमा प्राप्त भयो भने पनि त्यो जुन् नीच कुल हुन्छन्-चण्डाल कुल, व्याधा कुल, वेणुकारकुल, रथकाल कुल वा च्यामेकुल—त्यस्ता दरिद्र, अल्प अन्न-पान-भोजन कुल, तुच्छ-वृत्ति कुलहरूमा जन्मिन्छ, जहां मुश्किलले उसलाई खाना-कपडा मिल्दछ। त्यहाँ पनि त्यो दुर्वर्ण (कुरूप), दुर्दर्शन, पुड्को, बहुरोजी कानो, लुलो, लङ्गडो, पक्षघातवाला भएर जन्मिन्छ। अन्न-पान-वस्त्र-यान-माला-गन्ध-विलेपनहरू, शय्या-निवासस्थान-प्रद्रीपहरूका लाभी हुन्न। त्यसले काया, बचन र मनले दुश्चरित्र (दुष्कर्म) गर्दछ। काया-वचन-मनले दुश्चरित गरेर शरीर त्याग गरी मरे पछि त्यो अपाय, दुर्गति, बिनिपात, नरकमा उत्पन्न हुन्छ। ....।

भिक्षुहरू ! यही केवल परिपूर्ण बालभूमि हो ...।"

भगवान बुद्धले अनेक भिन्न भिन्न तरीकाहरूवाट जन्मको दुष्परिणामहरू वारेमा बोल्नु भएको छ। उहाँले भन्नु भयो कि जन्म दु:ख हो र यसलाई जरा, व्याधि र मृत्युद्वारा पिछा गरिएको छ। उहाँले शरीरको फोहरपनलाई दर्शाउनु भयो र जनताहरूलाई सम्झाउनु भयो कि यही क्षण पनि शरीर दु:ख अनित्य र अनात्मा हो।हामीले मन र शरीरलाई आत्मा भनी ग्रहण गरि नै रहचौं भने जन्म र मृत्युको चक्रको कुनै अन्त्य हुने छैन।

संयुक्त निकाय (निदान वर्ग, परिच्छेद ३, अनमतग्ग संयुक्त भाग १, प्रथम वर्ग पुग्गल सुत्त)मा भगवान बुद्धले राजगृहमा गृद्धकूट पर्वतमा रहनु हुँदा भिक्षुहरूलाई दिनु भएको उपदेश पढ्छौं :

"भिक्षुहरू ! यस संसारको प्रारम्भ (आदिकाल) निर्धारित गर्न सकिन्न। अविद्यामा परी, तृष्णाको बन्धनमा बाँधिएर, जन्मने मर्ने प्राणीहरूको पूर्वकोटी जानिदैन।

भिक्षुहरू । एक कल्प भरि मात्र भिन्न भिन्न योनीमा जन्मेका एकै पुरुषको हाडहरू कहीं एउटा ठाउँमा जम्मा गरिने हो र त्यो नष्ट नहुने हो भने यसको राशी वेपुल्ल पर्वतको बराबर हुन जान्छ।...

भिक्षुहरू ! तसर्थ सम्पूर्ण संस्कारबाट विरक्त रहनु पर्छ, बिमुक्त हुनु पर्छ ।...।

एक जना मान्छेको त पहाड जस्तै एक राशी भइदिन्छ,
महर्षिले यस्तो भन्नु भयो- यदि कल्प भरको हाडहरू मात्र
जम्मा गरिए पनि ।
जस्तो यो महान वेपुल्ल पर्वत छ,
गृद्धकूटको उत्तर, मगधहरूका गिरी-किल्ला ।।
जसले आर्य सत्यहरूलाई सम्यक् प्रज्ञाबाट देख्तछ,
दु:ख, दु:ख समुदय, दु:खको अन्त्य गरिदिने,
आर्य अष्टांगिक मार्ग, जसबाट दु:खबाट मुक्ति हुन्छ,
बढी से बढीमा सात पटक जन्म लिएर
दु:खलाई अन्त्य गरिदिन्छ,
सम्पूर्ण बन्धनहरूलाई क्षीण गरेर ।।

मनुष्य योगीमा जन्म हुनु भाग्यको कुरो हो जहाँ प्रज्ञाको विकास गर्न सकिन्छ । श्रोतापति मार्ग र फलको लाभ गरिसकेको व्यक्तिले चतुरार्य सत्यहरूलाई राम्ररी बुझिसकेको हुन्छ । अनि उसले सात पटक भन्दा बढी जन्म ग्रहण गर्नु नपर्ने हुन्छ । ऊ निश्चित रहन सक्छ कि उसको पुनर्जन्म (भव) को अन्त्य अन्ततोगत्वा: भइ नै हाल्छ ।

केही मनन गर्न योग्य प्रश्नहरू

१) जम्मा कृत्यहरू कति छन् ?

२) चित्तका चार जातिहरू छन्, यथा: अकुशल, कुशल, विपाक र क्रिया । प्रतिसन्धि-चित्त कुन जातिको हो ?

३) के मनुष्य योनीमा जन्मनु सधैं कुशल कर्मकै फल हो ?

४) मनुष्यको जीवन कहिले शुरू हुन्छ ?

५) जन्म किन दु:ख हो?

परिच्छेद–११

विभिन्न प्रकारका प्रतिसन्धि–चित्त

यस संसारमा भिन्न भिन्न चेहराहरू (मुखाकृतिहरू) र भिन्न भिन्न चरित्रहरू भएका मानिसहरू र पशुहरू जस्ता अनेक थरी थरीका जीबहरू देखिन्छम्। तिनीहरू कसैको पनि मुखाकृति र चरित्र आपसमा विल्कुल समान रहेको देखिन्न भने तिनीहरू प्रत्येकको जीवनको पहिलो क्षणदेखि नै अर्थात् प्रतिसन्धि-चित्त उत्पति भएको घडीदेखि नै भिन्न भिन्न रहेका हुनु पर्दछ। कति धेरै प्रकारका प्रतिसन्धि-चित्तहरू हुँदा रहेछन् भन्ने कुरामा हामीहरू अचम्म लाग्न सक्छ। हामी सोचौंला कि संसारमा धेरै नै प्रकारका प्रतिसन्धि-चित्त-हरू हुँदो हो। अर्कोतिर यस संसारमा जन्मेका सत्वहरूमा समान कुराहरू पनि छन्। हामी उही एउटै संसारलाई भोग गर्दछौं र धनी वा गरीब जे सुकै भए तापनि इन्द्रीयहरू मार्फत नै संस्पर्शहरूको ग्रहण गर्दछौं। ६ इन्द्रीयद्वारहरू मार्फत अनुभव गरिएका गोचरहरूकै कारणले कुशल चित्तहरू र अकुशल चित्तहरू उत्पन्न हुन्छन्। हाम्रो दैनिक जीवनमा उत्पन्न भइरहने यी सबै चित्तहरू कामावचर चित्तहरू हुन्। (कामको अर्थ हो विषयासक्त उपभोग वा विषयासक्त आनन्दका बस्तुहरू। किन्तु कामावचर चित्तहरू केवल द्वेष मूल चित्तहरू मात्र होइनन्, काम-क्षण सम्बन्धी सबै नै चित्तहरू कामावचर चित्तहरू हुन्)।

मनुष्य योनीमा जन्म हुनु कुशल कर्मको फल हो । पाँच इन्द्रीयहरू मार्फत स्पर्शहरू हुने मनुष्य लोकमा उत्पति हुने प्रतिसन्धि-चित्त काम-क्षण सम्वन्धी चित्तहरू वा कामावंचर चित्तहरूद्वारा गरिएका कुशल कर्मको विपाक हो । कामावचर चित्तहरू रहित ध्यान चित्तहरूको विपाक यो हुन सक्तैन । ध्यान गर्दा खेरि उत्पन्न हुने ध्यान चित्तहरूले पाँच इन्द्रीयहरू मार्फत प्रकट हुने गोचरादि आलम्बनहरूलाई अनुभव गर्ने होइन । यसैले ध्यान चित्तहरूले यस संसारमा जन्म गराउन सक्तैन । यसरी मनुष्य लोकमा जन्मेका सबै सत्वहरूमा एउटा समानता यो छ कि उनीहरूको प्रतिसन्धि-चित्त कामाबचर चित्तहरूले गरेका कुशल कर्मको विपाक हो । प्रतिसन्धि चित्तलाई पैदा गर्ने कुशल कर्मको मात्राको विभिन्नताले गर्दा मनुष्य जन्ममा अनेक भिन्नताहरू रहेका हुन्छन् ।

मानिसहरूलाई उनीहरूको जन्म विषयलाई लिएर दुई वर्गमा विभाजित गर्न सकिन्छ ।

१) अहेतुक कुशल विषाकवाला प्रतिसन्धि-चित्तले जन्मेका मानिसहरू । (यसको अर्थ हो त्यो कुशल विपाक चित्त शोभन हेतुहरू जस्तै अलोभ, अद्वेष वा प्रज्ञाद्वारा सहगत होइन)।

२) सहेतुक कुशल विपाकवाला प्रतिसन्धि-चित्तले जन्मेका मानिसहरू । (शोभन हेतुहरू सहगत भएका कुशल विपाक)।

एउटा कोही मानिस अहेतुक प्रतिसन्धि चित्तले जन्मेको छ भने उसको जन्म कामावचर कुशल कर्मको विपाक हो तर त्यसको कुशल कर्मको अंश भने सहेतुक प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कुशल कर्मको भन्दा घटी हुन्छ । अहेतुक प्रतिसन्धि-चित्तले जन्मेका मानिसहरू जीवनको प्रथम घडीदेखि नै अपांग हुन्छन् । तिनीहरू अन्धा, बहिरा हुन्छन् वा तिनीहरूमा अरू नै दोषहरू रहन्छन् ।

कुनै व्यक्तिको जीवनको प्रथम क्षणदेखि नै दोष थियो कि पछि आएर मात्र ऊ अपांग भएको हो भन्ने कुरा हामी भन्न सक्तैनौं र यसरी कुन चाहिं किसिमको प्रतिसन्धि-चित्तले ऊ जन्मेको छ भन्ने कुरा हामी भन्न सक्तैनौं। कुनै पनि व्यक्ति अपांग हुने कुरो संयोग-वश हुने कुरा होइन, यो त उसको कर्मले गर्दा हुने हो।

अहेतुक कुशल बिपाकवाला प्रतिसन्धि-चित्त त एउटै प्रकारको मात्र हुन्छ तर यो विपाकको धेरै मात्राहरू छन्। यो विपाक चित्तलाई पैदा गर्ने कर्मले अनिष्ट वा अप्रिय वातावरणहरू वा इष्ट वा रमणीय वातावरणहरूमा जन्म ग्रहण गराउन सक्तछ। यसले सबैभन्दा तल्लो स्वर्गलोकमा पनि जन्म गराउन सक्तछ।

अकुशल विपाकवाला अहेतुक प्रतिसन्धि-चित्त पनि हुन सक्छ। यस प्रकारको चित्तले मनुष्यलोकमा उत्पति हुँदैन, बल्कि अपाय गतिमा मात्र जन्म गराउँछ। एकै प्रकारको प्रतिसन्धि-चित्त मात्र अकुशल विपाक हुन्छ तर यसको मात्राहरू भने धेरै हुन्छन्। अकु-शल कर्मका धेरै किसिमहरू भएकोले नै अपाय (दुर्गति) भूमिमा हुने पुनर्जन्मका पनि धेरै थरीहरू हुनु पर्दछ। हामीले यही संसारमा देख्न सक्ने दुर्गतिको पुनर्जन्म चाहिं पशु योनीको जन्म हो। हामीले देख्न नसक्ने तीनवटा दुर्गतिलोकहरू हुन् : प्रेतगति, असुर गति र नरक गति। नरक गतिमा पनि अनेक भिन्न भिन्न प्रकारका नरक लोकहरू छन्। किनभने दु:खकर पुनर्जन्मका पनि धेरै मात्राहरू छन्।

विभिन्न कर्महरूद्वारा पैदा गरेका विभिन्न प्रकारका विपाक चित्तहरूले प्रतिसन्धि-चित्तको कृत्य गर्न सक्तछ। कुन कुन प्राणीको मामिलामा प्रतिसन्धि-चित्तको कृत्य कुन चाहिं किसिमको विपाक चित्तले गर्दछ भन्ने कुरा कर्ममा निर्भर हुन्छ। अहेतुक विपाक चित्तवाला प्रतिसन्धि चित्त हुँदा (चाहे अकुशल विपाक होस् वा

कुशल विपाक) प्रतिसन्धिको कृत्य गर्ने चित्तको किसिम वास्तवमा सन्तीर्ण चित्त हुन्छ ।

पंचेन्द्रीयहरू मध्ये कुनै एक मार्फत आलम्बनको अनुभव गर्ने चित्तहरूको वीथि क्रममा जब सन्तीर्ण चित्त उत्पति हुन्छ, त्यस सन्तीर्ण चित्तले त्यो आलम्बनलाई बिचार गरेर हेर्ने कार्य गर्दछ। सन्तीर्ण चित्त भनेको विपाक चित्त हो । उही किसिमको चित्तले एक भन्दा बढी कार्यहरू गर्न सक्तछ तर भिन्न भिन्न घडीहरूमा मात्र यसरी गर्न सकिने हुन्छ । सन्तीर्ण चित्तले पनि प्रतिसन्धिको कृत्य गर्न सक्छ र प्रतिसन्धि-चित्त अहेतुक विपाक हुँदा मामिला यही हुन्छ । सन्तीर्ण चित्तले प्रतिसन्धिको कृत्य गर्दा यो इन्द्रीयद्वार वीथिमा उत्पति हुँदैन र यसले आलम्वनलाई विचार गरेर हेर्दैन ।

सन्तीर्ण चित्त तीन किसिमका छन्:

१) उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त ।
२) उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।
३) सौमनस्य सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त ।

उपेक्षा सहगत अकुशल विपाकवाला सन्तीर्ण चित्तले दुर्गति लोकहरूमा प्रतिसन्धिको कृत्य गर्न सक्तछ । यसको मतलब हो दुर्गति लोकहरूमा उत्पति हुने प्रतिसन्धि चित्तको किसिम अकुशल विपाक चित्त जस्तै उही किसिमको हुन्छ जुन अकुशल विपाक चित्त-सन्तीर्ण चित्तले चित्तहरूको इन्द्रीय द्वार वीथि क्रममा छानबिन गर्ने कृत्य गर्छ । यसको उही जाति हो-विपाक जाति र यसको अनुगमन गर्ने चैतसिकहरू उहीं किसिमका हुन्छन् ।

उपेक्षा सहगत कुशल विपाकवाला सन्तीर्ण चित्तले इन्द्रीय द्वार वीथिमा छानबिन गर्ने कृत्य गर्नुको अलावा प्रतिसन्धिको कृत्य पनि गर्न सक्तछ । यसले जीवनको प्रथम घडीदेखि नै अपाङ्ग भएका मानिसहरूको प्रतिसन्धिको कार्य गर्दछ । यही चित्त नै मात्र प्रति-

सन्धिको कृत्य गर्ने हेतुहरू बिनाको अर्थात् अहेतुक कुशल विपाक चित्त हो ।

सौमनस्य सहगत कुशल विपाकवाला सन्तीर्ण चित्तले प्रतिसन्धिको कृत्य गर्दैन ।

भिन्न भिन्न जीवहरूको अकुशल कर्म र कुशल कर्मले विभिन्न लोकहरूमा उत्पत्ति हुने जम्मा १९ विभिन्न प्रकारका प्रतिसन्धि चित्तालाई पैदा गर्न सक्दछ । यी मध्ये एक प्रकारको चाहिं अकुशल विपाक हो र बाँकी १८ प्रकारका चाहि कुशल विपाक हुन् । ती १८ प्रकारका कुशल विपाकवाला चित्ताहरू मध्ये एउटा किसिम चाहिं अहेतुक कुशल विपाक हो र अरू सत्र प्रकारका चाहिं सहेतुक कुशल विपाक हुन् । यी १९ प्रकारका प्रतिसन्धि-चित्ताहरू मध्ये प्रत्येक प्रकारको प्रतिसन्धि चित्ताको अनेकन मात्राहरू हुन्छन्, किनभने यिनीहरूलाई पैदा गर्ने कर्म नैं विभिन्न मात्राहरू हुन सक्दछन् । कर्मले गर्दा नै मानिसहरू सुन्दर वा अ-सुन्दर भएर जन्मन्छन् र कर्मले गर्दा नै सुखकर वातावरण वा दु:खमय वातावरणमा जन्मिन्छन् । कोही यस जन्ममा दु:खमय वातावरणमा जन्मेको छ भन्दैमा उसको अर्को पुनर्जन्म पनि दु:खमय नै हुन्छ भन्ने अर्थ होइन । यी सबै नै आफूले संचित गरेको कर्ममा निर्भर रहन्छ । सुखमय वातावरणमा जन्मेका मानिसहरूको सम्बन्धमा पनि कुरा उही हो । तिनीहरूले अकुशल कर्मको संचय गरिराखेको भए तिनीहरूको अर्को जन्म दु:खी हुन सक्ने छ ।

यस विषयमा निम्न कुराहरू अंगुत्तर निकाय (चतुक्क निपात, अन्धकार सम्बन्धी) मा चर्चा गरिएको छ:-

भिक्षुहरू ! लोकमा चार किसिमका मानिसहरू हुन्छन् । कस्ता चार किसिमका ? अन्धकारबाट अन्धकार मै जानेवाला, अन्धकारबाट प्रकाशमा जानेवाला, प्रकाशबाट अन्धकारमा जानेवाला, प्रकाशबाट प्रकाशमा नै जानेवाला ।

भिक्षूहरू ! अन्धकारबाट अन्धकार मै जाने मानिस कस्तो हुन्छ त ?

भिक्षुहरू ! एउटा व्यक्ति नीच कुलमा जन्मेको हुन्छ, चण्डाल कुलमा वा वंशफोड कुलमा, शिकारीहरूको कुलमा वा रथ बनाउनेको कुलमा, वा च्यामेको कुलमा, यस्तो कुलमा जहाँ दरिद्रता हुन्छ, जहाँ खानपिन कै कठिनाई हुन्छ, मुश्किल हुन्छ, जहाँ भोजन-वस्त्र मुश्किलैले मात्र उपलब्ध हुन्छ। त्यो व्यक्ति दुर्वर्ण हुन्छ, दुर्दर्शनीय, पुड्को, रोगी, कानो, लूलो, लंगडो र पक्षघाट-पीडित हुन्छ। उसलाई खानपिन उपलब्ध हुन्न, वस्त्र उपलब्ध हुन्न, सवारी साधन उपलब्ध हुन्न, माला-गन्ध विलेपन उपलब्ध हुन्न, सुत्ने-बस्ने ठाउँ तथा बत्ती बाल्न तेलबत्ती आदि पनि उपलब्ध हुन्न। त्यसले शरीरले, वचनले र मनले खराब, अकुशल कर्म गर्दछ। मनसा-बाचा-कर्मणा अकुशल कर्म गरेर त्यो ब्यक्ति शरीर त्याग गरेपछि, मृत्युपछि नरकमा पैदा हुन्छ। यसरी भिक्षुहरू ! व्यक्ति अन्धकारबाट अन्धकार मै जानेवाला हुन्छ।

भिक्षुहरू ! अन्धकारबाट प्रकाशमा जानेवाला मानिस कस्तो हुन्छ ?

भिक्षुहरू ! एउटा व्यक्ति नीच कुलमा पैदा भएको हुन्छ,.... जहाँ खानपिन कै कठिनाइ हुन्छ, मुश्किल हुन्छ भोजन-वस्त्र मुश्किलले मात्र उपलब्ध हुन्छ।.... उसलाई ... सुत्ने बस्ने ठाउँ, तथा बत्ती बाल्न तेल-बत्ती आदि पनि उपसब्ध हुन्न। त्यसले शरीरले, बचनले र मनले असल कुशल कर्म गर्दछ। मनसा-वाचा-कर्मणा कुशल कर्म गरेर त्यो व्यक्ति देह त्याग गरी मृत्यु पछि स्वर्गमा उत्पन्न हुन्छ। यसरी भिक्षुहरू ! व्यक्ति अन्धकारबाट प्रकाशमा जानेवाला हुन्छ।

भिक्षुहरू ! प्रकाशबाट अन्धकारमा जानेवाला मानिस कस्तो हुन्छ ?

भिक्षुहरू ! एउटा व्यक्तिले ठूलो कुलमा जन्म ग्रहण गरेको हुन्छ । क्षेत्रीय महासार-वान् कुलमा, ब्राह्मण महासारवान् कुलमा, अथवा गृहपति महासारबान् कुलमा, यस्तो कुलमा जो सम्पन्न हुन्छ, ऐश्वर्यशाली हुन्छ, जहाँ सुन चाँडी धेरै हुन्छ, सम्पति धेरै हुन्छ, एवम् धन-धान्य धेरै हुन्छ । त्यो ब्यक्ति सुन्दर, दर्शनीय, आकर्षक, पहिलो दर्जाको सौन्दर्यबाट युक्त हुन्छ । उसलाई अन्नपान, वस्त्र, सवारी साधन माला-गन्ध-विलेपन, सुत्ने-वस्ने स्थान तथा वत्तीको लागि तेलबती आदि सुलभ हुन्छ । त्यो व्यक्तिले शरीरले, वचनले र मनले खराब अकुशल कर्म गर्दछ । शरीर, बचन र मनले दुष्कर्म गरेर, देह त्याग गरेर मरेपछि नरकमा उत्पन्न हुन्छ । यसरी भिक्षुहरू ! व्यक्ति प्रकाशबाट अन्धकारमा जानेवाला हुन्छ ।

भिक्षुहरू ! प्रकाशवाट प्रकाशमा नै जानेवाला मानिस कस्तो हुन्छ ?

भिक्षुहरू ! एउटा व्यक्तिले उँचा कुलमा जन्म ग्रहण गरेको हुन्छ, क्षत्रीय महासारवान् कुलमा, ब्राह्मण महासारवान् कुलमा अथवा गृहपति महासारबान् कुलमा, यस्तो कुलमा जो धनी हुन्छ, ऐश्वर्यशाली हुन्छ, जहाँ सुन-चाडी धेरै हुन्छ, सम्पती धेरै हुन्छ र धन-धान्य धेरै हुन्छ । त्यो व्यक्ति सुन्दर, दर्शनीय, आकर्षक, पहिलो दर्जाको सौन्दर्यबाट युक्त हुन्छ । उसलाई अन्नपान, वस्त्र, सवारी साधन, माला-गन्ध-विलेपन, सुत्ने-वस्ने स्थान, तथा वतीको लागि तेलवती आदि सुलभ हुन्छ । त्यो व्क्तिले शरीरबाट कुशल कर्म गर्दछ, वचन तथा मनबाट कुशल कर्म गर्दछ । शरीर, बचन तथा मनबाट कुशल कर्म गरेर, देह त्यागे पछि मरेर स्वर्गमा उत्पन्न हुन्छ। यसरी भिक्षुहरू ! व्यक्ति प्रकाशबाट प्रकाशमा नै जानेवाला हुन्छ ।

भिक्षुहरू ! दुनियाँमा यी चार किसिमका मानिसहरू हुन्छन्।"

अहेतुक प्रतिसन्धि-चित्तलाई उत्पति गर्ने कुशल कर्म भन्दा सहेतुक विपाकवाला प्रतिसन्धि चित्त उच्च मात्राको कुशल कर्मको विपाक

हो। सहेतुक प्रतिसन्धि-चित्तले जन्मेका प्राणीहरूमा प्रतिसन्धिको कृत्य गर्न सक्ने ८ विभिन्न प्रकारका सहेतुक विपाक चित्तहरू हुन्छन्। कस्तो कस्तो सत्वको मामिलामा प्रतिसन्धिको कृत्य कुन चाहिं किसिमको विपाक चित्तले गर्दछ भन्ने कुरा विपाक चित्तलाई पैदा गर्ने कुशल कर्मको अंशमा भर पर्दछ।

मानिसहरू भिन्न भिन्न चरित्रहरू लिएर जन्मन्छन्। तिनीहरू विभिन्न मात्राको प्रज्ञा सहित वा प्रज्ञा रहित भएर जन्मन्छ किनभने मानिसहरूका प्रतिसन्धि चित्तहरू नै अनेक थरीका हुन्छन्। प्रतिसन्धि-चित्त सहेतुक हुँदा यो चित्त सँधै अलोभ र अहेतुक द्वार सम्प्रयुक्त हुन्छ तर संधै प्रज्ञाद्वारा सम्प्रयुक्त भने हुन्न। प्रतिसन्धि-चित्त प्रज्ञाद्वारा सम्प्रयुक्त हुने वा विप्रयुक्त हुने कुरा यसलाई पैदा गर्ने कर्म माथि निर्भर गर्दछ। प्रतिसन्धि-चित्त प्रज्ञाद्वारा सम्प्रयुक्त रहेको अवस्थामा मान्छे अलोभ, अद्वेष र प्रज्ञा-तीन शोभन हेतुहरू साथै जन्मेको हुन्छ। प्रज्ञा रहित भएर जन्मेकोमा भन्दा प्रज्ञा युक्त भएर जन्मदा त्यो मान्छेमा आफ्नो जीवनको दौरानमा प्रज्ञाको अभ्यास गर्ने प्रवृत्ति बढी रहन्छ। प्रज्ञा सम्प्रयुक्त प्रतिसन्धि-चित्तले जन्मेका व्यक्तिहरूले आर्य-अष्टाङ्गिक मार्गको अभ्यास गरेको खण्डमा सम्वोधि लाभ गर्न सक्तछन्। प्रज्ञा रहित भएर जन्मेको व्यक्तिले पनि यो जीवनमा आर्य अष्टाङ्गिक मार्गको अभ्यास त गर्न सक्छ तर त्यही जीवनमा उसले सम्बोधिलाई प्राप्त गर्न सक्तैन। यसरी हामी के देख्छौं भन्ने हाम्रा जीवनका प्रत्येक कुरा हेतुहरू माथि निर्भर छन्।

प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्मको आधारबाटै कोही व्यक्ति सौमनस्य वेदना वा उपेक्षा वेदना साथै जन्मेको हुन्छ। सौमनस्य साथै सम्पादन गरिएको कुशल कर्म उपेक्षा साथै सम्पन्न भएको कुशल कर्म भन्दा उच्चस्तरको हुन्छ। प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्म असांस्कारिक वा ससांस्कारिक हुन सक्छ। असंस्कृत

कुशल कर्म सतंस्कृत कुशल कर्म भन्दा उच्चस्तरको हुन्छ। प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्मको आधारबाट यो असांस्कारिक (असंस्कृत) वा ससांस्कारिक (ससंस्कृत) हुन्छ।

यसरी कामावचर कुशल कर्मका विपाकवाला सहेतुक प्रतिसन्धि चित्तहरू जम्मा आठ प्रकारका छन्। तिनीहरू सौमनस्य सहित वा उपेक्षा सहित उत्पति हुन सक्छन्। तिनीहरू असांस्कारिक वा ससांस्कारिक हुन सक्छन्। तिनीहरू प्रज्ञा सहित वा प्रज्ञा रहित हुन सक्छन्।

संक्षेपमा भन्ने हो भने तिनीहरू हुन्: ज्ञान-प्रज्ञा।

१. सौमनस्य सहगत, ज्ञान सम्प्रतुक्त, असांस्कारिक, एक।
२. सौमनस्य सहगत, ज्ञान सम्प्रयुक्त, ससांस्कारिक, एक।
३. सौमनस्य सहगत, ज्ञान बिप्रयुक्त, असांस्कारिक, एक।
४. सौमनस्य सहगत, ज्ञान विप्रयुक्त, ससांस्कारिक, एक।
५. उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त, असांस्कारिक, एक।
६. उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त, ससांस्कारिक, एक।
७. उपेक्षा सहगत, ज्ञान विप्रयुक्त, असांस्कारिक, एक।
८. उपेक्षा सहगत, ज्ञान विप्रयुक्त ससांस्कारिक, एक।

प्रतिसन्धि-चित्तको बारेमा अरू विस्तृत रूपमा थाहा पाउनु उपयोगी हुन्छ। किनभने यसले मानिसहरू किन यसरी भिन्न भिन्न हुन्छन् भन्ने कुरा बुझ्न मद्दत गर्न सक्छ। कामावचर कुशल कर्महरू वा विपाकहरूको रूपमा रहेका आठ प्रकारका सहेतुक प्रतिसन्धि चित्त मनुष्य लोकमा मात्र उत्पति हुने होइन, बल्कि ती चित्तहरू त काम भूमिको रूपमा रहेका दिव्यलोकहरूमा पनि उत्पति हुन्छन्।

जम्मा (यस संसारमा) ३१ प्रकारका लोकहरू छन्। ती मध्ये ११ लोकहरू काम भूमिहरू हुन्, जसमध्ये एक मनुष्य लोक हो, ६ वटा दिव्य लोकहरू हुन् र चार बटा अपाय भूमि वा दुर्गतिलोकहरू हुन्। काम भूमि हरूमध्ये कुनै पनि काम भूमिमा जन्मेका

प्राणीहरूमा कामावचर चित्तहरू हुन्छन् र तिनीहरू इन्द्रीय संस्पर्श-हरूलाई ग्रहण गर्दछन् । यी वाहेक काम भूमि नभएका अरू दिव्य लोकहरू पनि हुन्छन् ।

काम भूमिहरू मध्ये कुनै एक काम भूमिमा जन्म लिएर पनि कसैले ध्यानको अभ्यास गर्दछ भने उसको कामावचर चित्तहरूको अलावा रूप-ध्यान चित्तहरू र अरूप-ध्यान चित्तहरू पनि प्राप्त गर्न सक्तछ । कसैले आर्य अष्टाङ्गिक मार्गको अभ्यास गर्दछ भने क्ष उसले निर्वाणलाई प्रत्यक्ष रूपमा साक्षात्कार गर्न सक्ने लोकोत्तर चित्तहरू प्राप्त गर्न सक्तछ । कसैले ध्यान प्राप्त गर्दा यस घडीमा उसले गरेको कुशल कर्म कामावचर कुशल कर्म होइन । किनभने ध्यानको त्यस घडीमा इन्द्रीय संस्पर्शहरू हुन्नन् । ध्यान प्राप्त गरेकै जीवनको अवधिमै यसले (ध्यानले) विपाकलाई पैदा गर्दैन तर च्यूति चित्त-को केही क्षण अघि ध्यान चित्तहरू छन् भने यसले अर्को जन्ममा प्रतिसन्धि-चित्तलाई पैदा गर्दछ । रूपावचर कुशल चित्तको (जुन रूपध्यान चित्तवाला कुलश चित्त हो) विपाक हो रूप-ब्रह्मलोक वाला दिव्य लोकमा जन्म, जुन दिव्य लोक काम भूमि होइन । अरू-पावचर कुशल चित्त (अरूप ध्यान चित्तवाला कुशल चित्त) को विपाक हो अरूप-ब्रह्मलोकवाला दिव्य लोकमा जन्म । थरी थरीका रूप ब्रह्मलोकहरू र अरूप-ब्रह्मलोकहरू यहाँ हुन्छन् ।

रूप-ध्यान (पालिमा रूप-झान) को पाँच तह वा चरण हुन्छन्। तसर्थ पाँच प्रकारका रूपावचर विपाक चित्तलाई पैदा गर्ने पाँच किसिमकै रूपावचर कुशल चित्त हुन्छन् । अरूप-ध्यानको चार तह हुन्छन् । तसर्थ चार प्रकारका अरूपावचर विपाक चित्तलाई पैदा गर्ने चार प्रकारका अरूपावचर कुशल चित्त हुन्छन् । यसरी रूपा-वचर कुशल चित्तहरूको विपाकवाला पाँच प्रकारका प्रतिसन्धि-चित्त-हरू हुन्छन् र अरूपावचर कुशल चित्तहरूको विपाकवाला चार प्रकारका प्रतिसन्धि चित्तहरू हुन्छन् । भिन्न भिन्न प्रकारका ध्यान

चित्ताहरूको विपाकवाला जम्मा नौ प्रकारका प्रतिसन्धि-चित्त हुन्छन् । ती चित्ताहरू सहेतुक विपाक चित्तहरू हुन् र सदैव प्रज्ञाद्वारा सम्प्रयुक्त रहन्छन् ।

यसरी १९ प्रकारका प्रतिसन्धि-चित्तालाई सारांशमा निम्न वमोजिम प्रस्तुत गर्न सकिन्छः–

१ अकुशल विपाक-सन्तीर्ण-चित्त (अहेतुक, अकुशल कर्मको विपाक)
१ कुशल विपाक सन्तीर्ण चित्त (अहेतुक, कामावचर कुशल कर्मको विपाक)
८ महा-विपाक चित्ताहरू (सहेतुक, कामावचर कुशल कर्महरूको विपाकहरू)
५ रूपावचर विपाक चित्ताहरू (सहेतुक, रूप-ध्यान चित्तहरूका विपाकहरू)
४ अरूपावचर विपाक चित्ताहरू (सहेतुक, अरूप-ध्यान चित्ताहरू विपाकहरू)

जम्मा १९

हाम्रा कर्महरूमध्ये कुन चाहिले हाम्रो अर्को जन्मको प्रतिसन्धि-चित्तालाई पैदा गर्ने हो हामीलाई थाहा छैन । हामी असल कर्महरू र अकुशल कर्महरू दुवै गर्दछौं । यी कर्महरू मध्ये कुनै एउटाले वा पूर्वजन्समा गरिएको एउटै मात्र कर्मले पनि अर्को जीवनको प्रतिसन्धि-चित्तालाई उत्पति गर्न सक्छ । भगवान बुद्धले मानिसहरूलाई अनेक प्रकारका कुशल कर्म गर्न प्रोत्साहित गर्नु हुन्थ्यो । किनभने प्रत्येक कुशल कर्म निकै मूल्यवान हुन्छ र ढीलो चाँडो यसले अवश्य फल दिन्छ ।

इतिवुत्तकमा भगवान बुद्धले भिक्षुहरूलाई उपदेश दिनु हुँदै भन्नु भएको छः–

"भिक्षुहरू ! मैले थाहा पाए जस्तै अन्य सत्वहरूलाई पनि आपसमा बाँडेर लिने खाने गर्दाको फल पाक्ने कुरा थाहा भएको भए, आपसमा बाँडचूँड नगरिकन उनीहरू आ-आफ्ना उपभोगका कुनै पनि वस्तुलाई उपभोग गर्दैनथ्यो होला, न कृपणताको छाप (टाटो) ले उनीहरूको हृदयमा दुःख दिन्थ्यो होला, न कंजुसीको कलंक नै त्यहाँ रहन्थ्यो होला । उनीहरूसंग एउटै अन्तिम भाग मात्र बाँकी रहेको भए पनि, उनीहरूको अन्तिम ग्रास खाना मात्र भए तापनि यदि त्यस वस्तुलाई बाँडिलिने कोही भइदिएको खण्डमा उनीहरूले त्यस वस्तुलाई आपसमा नबाँडिकन त्यसको उपभोग गर्दैनथ्यो होला ।...."

कुशल कर्मले सुखकर पुनर्जन्म गराउन सक्तछ र जुनसुकै प्रकारको पुनर्जन्मभन्दा जन्मको निरोधलाई नै बढी महत्व दिइनु पर्दछ । कसैको अष्टाङ्गिक मार्गको अभ्यास गरेर अरहन्त मार्ग फल प्राप्त गरेको खण्डमा उसको अर्को पुनर्जन्म भन्ने कुरा रहन्न । अरहन्तको च्यूति चित्तपछि प्रतिसन्धि-चित्ताले अनुगमन गर्दैन । भगवान बुद्धले बराबर मानिसहरूलाई जन्मको दुष्परिणामहरू बारेमा सम्झाउनु हुँदै मृत्युरहित निर्वाण प्राप्त गर्नको निमित्त स्मृतियुक्त भएर रहन प्रोत्साहित गर्नु हुन्थ्यो ।

अंगुत्तर निकाय (अट्ठक निपात परिच्छेद ८, प्रकरण ४) मा भगवान बुद्ध नातिकाको इंटको आवासमा रहनु हुँदा भिक्षुहरूलाई दिनु भएको उपदेशको चर्चा गरिएको छः—

"भिक्षुहरू ! मरणानुस्मृतिको भावना गरिएमा, वृद्धि गरिएको खण्डमा त्यो महान् फलदायक हुन्छ, महान् शुभ परिणाम कारक हुन्छ, अमृतदायिनी हुन्छ, अमृतस्वरूपी हुन्छ ।"

भिक्षुहरू ! कसरी भावना गर्नाले..... यस्तो.... अमृतदायिनी, अमृतस्वरूपी हुन्छ ?

भिक्षुहरू ! भिक्षु दिनको अस्त भई रातको आगमन भएपछि यसरी विचार गर्दछ—"मेरो मृत्युका कारण हुन सक्छन्—मलाई सर्पले टोक्न सक्छ, बिच्छीले डंस्न सक्छ, यसबाट मेरो मृत्यु पनि हुन सक्छ। यो मेरो लागि ठूलो खतरा हुन सक्छ। म गोडा चिप्लिएर लड्न सक्छ, मलाई भोजन अपच हुन सक्छ, मेरो पित्त प्रकुपित हुन सक्छ, मेरो कफ पनि प्रकुपित हुन सक्छ, अंग-प्रत्येंगलाई छेदन गर्ने वायु प्रकुपित हुन सक्छ। ममाथि मान्छेले आक्रमण गर्न सक्छ। अमनुष्यले आक्रमण गर्न सक्छ—यसबाट मेरो मृत्यु हुन सक्छ। मेरो लागि यो ठूलो खतरा हुन सक्छ।

भिक्षुहरू ! त्यस भिक्षुले यतरी विचार गर्नु पर्छ—अहिले मेरो पापपूर्ण अकुशल धर्म अप्रहीण छन्। यदि रातमै मेरो निधन भएको खण्डमा यो मेरो लागि खतरनाक हुन सक्छ।

भिक्षुहरू ! यदि यसरी सोच विचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि मेरो पाप-पूर्ण अकुशल धर्म अहिले अप्रहीण छन्, रातमै मेरो निधन भएमा मेरो लागि खतरनाक हुन सक्छ, तव त्यस भिक्षुले ती पाप-पूर्ण अकुशल धर्मका प्रहाण (नाश) कै लागि विशेष संकल्प, प्रयत्न, उत्साह, पराक्रम, स्मृति तथा संप्रजन्यको उपयोग गर्नु पर्छ।

भिक्षुहरू ! जसरी कसैको कपडा वा शिरका केशमा आगो लागेको खण्डमा त्यो कपडा वा शिरका केशमा लागेको आगो निभाउनको लागि नै त्यस व्यक्तिले विशेष संकल्प, प्रयत्न, उत्साह, उद्योग, पराक्रम, स्मृति तथा सम्प्रजन्यको उपयोग गर्दछ, त्यसरी नै भिक्षुहरू ! त्यस भिक्षुले ती पापपूर्ण अकुशल धर्मका क्षय (प्रहाण) को लागि नै विशेष संकल्प प्रयत्न, उत्साह, उद्योग, पराक्रम, स्मृति तथा सम्प्रजन्यको उपयोग गर्नु पर्छ।

भिक्षुहरू ! यदि यसरी सोच बिचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि अब मेरो पापपूर्ण अकुशल धर्म अप्रहीण छैनन्, जुन रातमै मेरो निधन भएको खण्डमा मेरो लागि खतरनाक होस्, तब

भिक्षुहरू ! त्यस भिक्षुले रातदिन कुशल कर्ममा लागिरहेर त्यसै प्रीति-प्रमुदित भाववाट आनन्दित रहने गर्नु पर्छ ।

भिक्षुहरू ! भिक्षु रातको अस्त भएर दिनको उदय भएपछि यसरी विचार गर्दछ—मेरो मृत्युको अनेक कारण हुन सक्छन्—मलाई सर्पले टोक्न सक्छ ...... मनुष्यले आक्रमण गर्न सक्छ—यसवाट मेरो मृत्यु पनि हुन सक्छ । मेरो लागि ठूलो खतरनाक हुन सक्छ ।

भिक्षुहरू ! त्यस भिक्षुले यसरी विचार गर्नु पर्छ—अहिले.... अप्रहीण छन् । यदि दिनमै मेरो निधन भएको खण्डमा यो मेरो लागि खतरनाक हुन सक्छ ।

भिक्षुहरू ! यदि यसरी सोच विचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि मेरा पाप-पूर्ण अकुशल कर्म अहिले अप्रहीण छन् ..... स्मृति तथा सम्प्रजन्यको उपयोग गर्नु पर्छ ।

भिक्षुहरू ! जसरी कपडा वा शिरको केशमा आगो लागेको खण्डमा .... स्मृति तथा सम्प्रजन्यको उपयोग गर्नु पर्छ ।

भिक्षुहरू ! यदि यसरी सोच विचार गर्दा भिक्षुलाई यस्तो लागेमा कि अव मेरा पाप-पूर्ण अकुशल धर्म अप्रहीण छैनन्, जुन दिनमै मेरो निधन भएको खण्डमा मेरो लागि खतरनाक होस्, तव भिक्षुहरू ! त्यस भिक्षुले रात दिन कुशल कर्ममा लागिरहेर त्यसै प्रीति–प्रमुदित भाववाट आनन्दित रहने गर्नु पर्छ ।

भिक्षुहरू ! यसरी भावना गर्नाले, वृद्धि गर्नाले, मनणानुस्मृति महान् फलदायक हुन्छ, महान् शुभ परिणाम कारक हुन्छ, अमृतदायिनी हुन्छ, अमृतस्वरूपी हुन्छ ।"

केही मनन गर्न योग्य प्रश्नहरू

१) के प्रतिसन्धि-चित्त अहेतुक हुन सक्छ ?
२) प्रतिसन्धि-चित्त कति प्रकारका हुन्छन् ?
३) कति प्रकारका प्रतिसन्धि-चित्त अकुशल विपाक हुन्छन् ?
४) के सहेतुक प्रतिसन्धि-चित्तहरू प्रज्ञा सहगत हुन सक्छ ?

परिच्छेद–१२

भवंगको कृत्य

मान्छेको जीवनमा रूपादि गोचरका स्पर्शहरू नभएका घडीहरू पनि हुन्छन् जुन बेला मानिस विचार गर्दैन, जुन बेला अकुशल चित्तहरू वा कुशल चित्तहरू हुँदैनन् । मान्छेको जीवनमा त्यस्ता घडीहरूमा पनि अझैं चित्त रहन्छ त ? प्रश्न स्वाभाविक छ । रूपादि गोचरहरूको स्पर्श नहुँदा पनि र कुनै प्रकारको चिन्तन नहुँदा पनि चित्त त त्यहाँ हुनु नै पर्दछ। किनभने बिना चित्त मान्छे जीवित नै रहँदैन । यस्ता घडीहरूमा उत्पति हुने र निरोध हुने चित्तको किसिमलाई भवंग-चित्त भनिन्छ । भवंगको शाब्दिक अर्थ हो "जीवनको अंग" । व्यवहारिक भाषामा भन्ने हो भने भवंग-चित्तले "व्यक्ति"लाई जीवित राख्तछ, यही नै भवंग-चित्तको कृत्य हो ।

भवंग चित्ताहरूबरावर उत्पति हुन्छन् भन्दा कतिपय मानिसहरूलाई अचम्म लाग्नसक्छ। रूपादि-गोचरहरूका स्पर्श नभएको बेला, चिन्तन नरहेको बेला र अकुशल चित्तहरू वा कुशल चित्ताहरू नरहेका घडी-हरूमा पनि असंख्य भवंग चित्ताहरू उत्पति भइरहेका हुन्छन् । हामी सुतेको र स्वप्न देखिरहेको बेलामा हामीमा अकुशल चित्ताहरू वा कुशल चित्ताहरू रहन्छन् तर विना स्वप्नको निद्रामा हामी सुतिरहेको बेलामा पनि अझैं हामीमा चित्ताका धार चलिरहेकैं हुन्छ । यी घडीहरूमा भवंग-चित्ताहरू रहन्छन् । प्रतिसन्धि-चित्त लोप हुँदा

यसले अर्को चित्तलाई उत्पति गर्दछ, जुन चित्त त्यो जीवनको दोश्रो चित्त हो । त्यो चित्त जीवनको प्रथम भवंग चित्त हो ।

भवंग-चित्त एउटा विपाक चित्त हो । जुन कर्मले प्रतिसन्धि-चित्तलाई पैदा गऱ्यो त्यही कर्मको विपाक नै भवंग चित्त हो । जीवनमा एउटै मात्र प्रतिसन्धि-चित्त हुन्छ तर भवंग चित्ताहरू भने असंख्य हुन्छन् । प्रथम भवंग चित्त मात्र होइन, एउटा जीवन अवधिमा उत्पति हुने सबैनै भवंग-चित्ताहरू प्रतिसन्धि-चित्तलाई पैदा गर्ने कर्मकै विपाक हुन् ।

प्रतिसन्धि-चित्त १९ प्रकारका हुने भएकोले भवंग चित्त पनि १९ नै प्रकारका हुन्छन् । जस्तो दुर्गतिलोक वा अपाय भूमिमा जन्म हुँदाको प्रतिसन्धि-चित्त अकुशल विपाक हो भने त्यो जीवनका सम्पूर्ण भवंग चित्ताहरू पनि अकुशल विपाक नै हुन्छन् । जीवनको प्रथम घडीदेखि नै अपांग भएको व्यक्तिको सम्वन्धमा जस्तै प्रति-सन्धि-चित्त अहेतुक कुशल विपाक हुँदा त्यो जीवनका सबै भवंग चित्ताहरू पनि अहेतुक कुशल विपाक हुन्छन् । यदि प्रतिसन्धि-चित्त सहेतुक छ भने भवंग-चित्ताहरू पनि सहेतुक नै हुन्छन् । एउटा जीवन अवधिमा उत्पति हुने सम्पूर्ण भवंग चित्ताहरू त्यो जीवनको प्रति-सन्धि-चित्त जुन किसिमको हुन्छ उही किसिमका हुन्छन् । यदि कोही व्यक्ति अलोभ र अद्वेष–दुइ हेतुहरू साथै तर प्रज्ञा विप्रयुक्त भएर जन्मेको छ भने उसको जीवनका सबै भवंग चित्ताहरूको ती दुइटै हेतुहरू मात्र हुन्छन् । त्यस्तो व्यक्तिले प्रज्ञाको अभ्यास गर्न सक्छ तर उसले त्यही जीवनमा मार्ग फल प्राप्त गर्न भने सक्तैन । यदि कोही व्यक्ति अलोभ, अद्वेप र प्रज्ञा जस्ता तीनै हेतुहरू सहित जन्मेको छ भने उसको जीवनको सम्पूर्ण भवंग-चित्त-हरूमा पनि यिनै तीन शोभन हेतुहरू साथ लागेका हुन्छन् । यसरी त्यो मान्छे प्रज्ञाको अभ्यास गर्नमा बढी इच्छुक हुन्छ र उसले त्यही जीवनमा मार्ग फल लाभ गर्न सक्तछ । यदि कोही व्यक्ति

सौमनस्य वेदना साथै जन्मेको छ भने उसको जीवनको सम्पूर्ण भवंग चित्तहरू सौमनस्य सहगत नै हुन्छन् ।

प्रत्येक चित्तको एउटा गोचर वा आलम्बन हुनु परे जस्तै भवंग चित्तको पनि आलम्बन वा गोचर हुन्छ । दर्शनको रंग आलम्वन हुन्छ, श्रवणको शब्द आलम्बन हुन्छ । तर भवंग चित्तको भने जुन आलम्बन हुन्छ त्यो इन्द्रीयहरू मार्फत र मनोद्वार मार्फत प्रकट हुने आलम्वनहरू भन्दा सर्वथा भिन्न हुन्छ । भवंग चित्तको त्यही आलम्वन हुन्छ जुन प्रतिसन्धि-चित्तको हुन्छ र प्रतिसन्धि-चित्तको फेरि पूर्वजन्ममा मृत्यु हुनु भन्दा केही क्षण अघि उत्पति भएका चित्तहरूको जे आलम्बन हुन्छ त्यही आलम्वन रहन्छ । (अर्थात् मृत्यु अघि उत्पति भएका चित्तहरूको जे आलम्बन हुन्छ त्यही आलम्बन नयाँ जीवनको प्रतिसन्धि-चित्तको पनि हुन्छ)। जीवनको अन्तिम चित्तको केही क्षण अगाडि उत्पति भएका चित्तहरू अर्थात् च्यूति चित्तको अघि उत्पति भएका चित्तहरू अर्को जीवनको निमित्त निर्णायक हुन्छन् । यदि ती अकुशल चित्तहरू छन् भने पुनर्जन्म दुःखमय जन्म हुन्छ । यदि ती कुशल चित्तहरू छन् भने अर्को जन्म सुखकर जन्म हुने हुन्छ। ती चित्तहरूले ६ इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारद्वारा आलम्वनको अनुभव गर्न सक्छ । पूर्व-जन्ममा च्यूति चित्तको क्षण अघि उत्पति भएका चित्तहरूकै अनुरूप नै कुनै अमुक जीवनको प्रतिसन्धि-चित्त र त्यो जीवनको सम्पूर्ण भवंग चित्तहरूले त्यही आलम्वनलाई भोग गरेको हुन्छ ।

विशुद्धि मार्ग (परिच्छेद १४, ११४) मा भवंग चित्त बारेमा यसरी उल्लेख गरिएको छः–

प्रतिसन्धि-विज्ञानको निरूद्ध भएपछि त्यस प्रतिसन्धि-विज्ञानको पछि लागिरहेका त्यस त्यस कर्मका विपाक, त्यही आलम्वनमा त्यही प्रकारका भवाङ्ग-विज्ञान प्रवर्तित हुन्छ। पुनः त्यतिमै –यसरी चित्त

प्रवाह (सन्तति) रोकिएपछि अन्य चित्त उत्पन्न भएपछि, नदी श्रोत समान स्वप्न नदेखिकन निद्रामा निमग्न हुने समय आदिमा असंख्य पटक पनि प्रवर्तित नै हुन्छन् ।

भवंग-चित्तहरू नदीको श्रोत वा प्रवाह समान हुन्, जुन इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रीय मार्फत वा मनोद्वार मार्फत प्रकट हुने आलम्वन भएको खण्डमा अवरुद्ध हुन्छ । इन्द्रीय द्वार वीथिका चित्तहरू वा मनोद्वार वीथिका चित्तहरू निरुद्ध भएपछि भवंग-चित्तहरूको प्रवाह पुनः लाग्दछ ।

पाँच इन्द्रीयहरू मध्ये कुनै एउटामा कुनै आलम्वनले ठक्कर खानासाथ भवंग-चित्तको धार रोकिन्छ र त्यहाँ स्पर्श हुन्छ । तर स्पर्श तुरून्तै हुने होइन । पंचद्वारवर्जन चित्तले पाँच इन्द्रीय द्वारहरू मध्ये कुनै एक द्वार मार्फत त्यस आलम्वनमा ध्यान लगाउनु भन्दा अगाडि अरू केही भवंग-चित्तहरू उत्पति भएर निरूद्ध हुन्छन् । जस्तो उदाहरणको लागि भनौं, जब रंगले चक्षु-इन्द्रीयमा स्पर्श गर्दछ, त्यहाँ तुरून्त दर्शन हुँदैन । त्यस क्षणमा उत्पति भइरहेको भवंग चित्त त्यस बाहिरिया गोचरवाट ठक्कर खान्छ । अनि भवंग-चित्त बिचलित हुन्छ अर्थात् भंग हुन्छ । अव प्रश्न खडा हुन सक्छः भवंग-चित्तलाई बाह्य आलम्बनवाट कसरी प्रभावित पार्न सकिन्छ ? के भवंग-चित्तको पनि प्रतिसन्धि-चित्तको आलम्वन जस्तै उही किसिमको आफ्नै आलम्वन छैन र ? कुरा वास्तवमा के हो भने एउटा चित्तले एक समयमा एउटै मात्र आलम्बनलाई ग्रहण गर्न सक्तछ । भवंग-चित्तलाई बाह्य आलम्बनवाट असर पार्न त सकिन्छ तर अझै पनि यसले आफ्नो आलम्बनलाई नै ग्रहण गर्दछ ।

विशुद्धि मार्ग (परिच्छेद १४, ११५ को पाद टिप्पणी ४६) मा परमत्थ मन्जुसा ४७८ मा यसरी उल्लेख गरिएको छः–

... तर भिन्नै आधार भएको भवंगको बिचलितपना (चलन) कसरी हुन आउँछ ? किनभने यो यससित सम्वन्धित छ र यहाँ उदाहरण यो हो ।

तवलाको सतहमाथि चिनीका दानाहरू राखी ती चिनीका दाना मध्ये कुनै एक दाना माथि थप थप थपथपाइ दिएको खण्डमा चिनीको अर्को दानामाथि बसिरहेको झिंगा चल्छ।

इन्द्रीय द्वारहरू मध्ये कुनै एउटा द्वारमा गोचरले स्पर्श गर्दा विचलित हुने पहिलो भवंग-चित्त अतीत भवंग हो। यसको पछि अर्को भवंग-चित्त–भवंग-चलन लाग्दछ। यो चित्तको पछि अर्को भवंग-चित्त भवंगुपच्छेद लाग्दछ। यस पछि भवंग चित्तहरूको प्रवाह टुट्ने भएकोले यस चित्तलाई भवंगुपच्छेद भनिएको हो। यो भवंग-चित्तपछि भवंग-चित्तको धार अबरूद्ध हुन्छ। भवंगुपच्छेदपछि पंच द्वारावर्जन चित्त लाग्दछ जुन पंचद्वारावर्जन चित्ताले इन्द्रीयद्वारहरू मध्ये कुनै एकद्वार मार्फत गोचरतिर ध्यान लगाउने कृत्य गर्दछ।

पंचद्वारावर्जन चित्तको केही अघि उत्पति भइरहेका तीन भवंग चित्तहरू आलम्बनद्वारा विचलित हुन्छ। तैपनि पाँच इन्द्रीय-हरू मध्ये कुनै एक इन्द्रीयमा स्पर्श गर्ने त्यस नयाँ गोचर प्रति ध्यान दिलाउने कृत्य भवंग चित्ताहरूबाट हुँदैन, न त त्यो गोचरलाई अनु-भव गर्ने कार्य नै हुन्छ। भवंग-चित्तहरूको आफ्नै कृत्य छ-त्यो कृत्य हो व्यक्तिलाई जीवित राख्नु ताकि त्यो जीवन भरि नै आलम्बन-हरूलाई अनुभव गर्न सकियोस्। यी भवंग चित्ताहरूको अफै पनि प्रतिसन्धि-चित्तकै अनुरूप उही आलम्बन हुन्छ। जब चित्ताहरूका इन्द्रीयद्वार वीथि सकिन्छ, भवंग-चित्ताहरूको प्रवाह पुनः शुरू हुन्छ ताकि हाम्रो जीवनमा एकको पछि अर्कोले पछि लागिरहने चित्ता-हरूको धारा अबरूद्ध नहोस्।

इन्द्रीयहरू मध्येकुनै एउटामा ठक्कर लगाउने त्यस आलम्बन-लाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ। किन्तु मनोद्वार वीथि-मा चित्तहरू उत्पति हुनु अगावै त्यहाँ भवंग चित्ताहरू हुनु पर्छ। मनोद्वार वीथिमा चित्तहरूको निरोध भइसके पछि पुनः भवंग-चित्त-हरूको धारा शुरू हुन्छ।

पाँच इन्द्रीयहरू मध्ये कुनै एउटा इन्द्रीय मार्फत अनुभव गरिने गोचर चाहिं रूप हो । रूपको उत्पति र विनाश हुन्छ तर यो नाम जस्तै त्यति चाँडो लोप हुँदैन । रूपको एउटा इकाइ एकपछि अर्को लाग्ने चित्ताका १७ घडीहरूको समयसम्म स्थीर रहन्छ । रूपले इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारमा स्पर्श गर्दा इन्द्रीयद्वार वीथिमा १७ चित्तहरू उत्पति हुन्छन् ।

इन्द्रीय द्वारहरू मध्ये कुनै एउटा द्वारमा आलम्वनले स्पर्श गर्नु अघि भवंग चित्ताहरू उत्पति भएर निरोध भइरहेका हुन्छन् । जस्तो उदाहरणको निम्ति रूप (जुन रंग हो) ले चक्षु-इन्द्रीयमा स्पर्श हुँदा त्यहाँ सर्वप्रथम तीन भवंग-चित्तहरू हुन्छन्, यथा :

। अतीत भवंग

।। भवंग-चलन

।।। भवंगुपच्छेद

अनि भवंग-चित्ताहरूको प्रवाह छेकिन्छ र चक्षुद्वाराबर्जन चित्तले चक्षुद्वार मार्फत त्यो गोचर तर्फ ध्यान दिएर हेर्दछ । चक्षुद्वारावर्जन चित्ताको पछि अरू १३ वटा चित्ताहरू पनि लाग्छन् र ती प्रत्येक चित्ताको चक्षुद्वार वीथिमा आ-आफ्नै कृत्य हुन्छ । अतीत भवंगदेखि गणना गर्दा इन्द्रीय द्वार वीथि पूर्ण हुञ्जेलसम्ममा इन्द्रीय द्वारहरू कुनै खास एउटा द्वारमार्फत रूपलाई अनुभव गर्ने चित्ताहरू जम्मा १७ वटा हुन्छन् ।

कुनै एउटा इन्द्रीयद्वार वीथिको अन्तिम चित्त निरोध भइसकेपछि पुनः भवंग चित्ताहरू लाग्छन् । त्यस गोचरलाई मनोद्वार मार्फत अनुभव गर्दाको घडीमा रूप त लोप भइसकेको हुन्छ । किनभने रूप त चित्तको १७ घडीहरूसम्म मात्र स्थीर रहन्छ । तथापि त्यस गोचरलाई मनोद्वार मार्फत भने अनुभव गर्न सकिन्छ । तर त्यस गोचरलाई मनोद्वार मार्फत अनुभव गरिनु अघि त्यहाँ पुनः भवंग-चित्तहरू लाग्नु पर्ने हुन्छ । मनोद्वारावर्जन चित्तको अघि

उत्पति हुने अन्तिम दुई भवंग चित्तहरू चाहिं भवंग-चालन र भवंगुपच्छेद हुन् । त्यसपछि मनोद्वारावर्जन चित्ताले मनोद्वार मार्फत अघि पाँच इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीयद्वार मार्फत अनुभव गरिएको गोचरलाई नै ध्यान लगाउँछ । त्यसपछि मनोद्वार वीथिका अरू ७ वटा चित्तहरूपछि लाग्छन् । यसरी मनोद्वार वीथि निम्न वमोजिम हुन्छ :

अ. भवंग चालन

आ. भवंगुपच्छेद

इ. मनोद्वारावर्जन चित्त

ई. सात वटा अकुशल वा कुशल चित्तहरू (अथवा अरहन्तको निमित्त क्रय-चित्तहरू)

त्यस मनोद्वार वीथिको भवंग चालनको उत्पति हुनु अगाडि त्यहाँ धेरै भवंग चित्तहरू उत्पति हुँदै निरोध भइरहेका हुन्छन् । इन्द्रीयद्वार वीथिको पछि लाग्ने मनोद्वार वीथिको भने अतीत भवंग भन्ने हुँदैन। किनभने यो चित्त त अघिल्लो इन्द्रीयद्वार वीथिमै पहिले नैउत्पति भइसकेकै हुन्छ ।

मनोद्वार वीथिको निरोध भएपछि इन्द्रीयद्वारहरूमध्ये कुनै एक इन्द्रीयद्वार मार्फत वा मनोद्वार मार्फत पुन: आलम्बनलाई अनुभव गर्ने चित्तहरूको प्रक्रिया शुरू नभएसम्मको लागि भवंग चित्तहरूकै धारा प्रवाहित हुन्छ । यसबाट के सिद्ध हुन्छ भने इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वार मार्फत वा मनोद्वार मार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूको वीथिहरू (वा प्रक्रियाहरू) को बीच वीचमा सम्पूर्ण हाम्रो जीवन भरिमा नै असंख्य भवंग चित्तहरू उत्पति भइरहन्छन् ।

मनोद्वार भनेको के हो त ? यो इन्द्रीयद्वारहरूबाट सर्वथा भिन्नै कुरा हो । इन्द्रीयद्वारहरू भन्नाले निम्न लिखित रूपहरू हुन्:

चक्षु-इन्द्रीय, कर्ण-इन्द्रीय, घ्राण-इन्द्रीय, जिह्वा-इन्द्रीय र काय-इन्द्रीय । काय-इन्द्रीय सम्पूर्ण शरीर भरि नै रहन्छ। मनोद्वार यी रूपहरू मध्येको कुनै एउटा रूप होइन। मनोद्वार नाम हो वा रूप हो भन्ने कुरामा मान्छेलाई अलमल हुन सक्छ। मनोद्वार वीथिको प्रथम चित्ताले कसरी आलम्बनलाई ध्यान दिन्छ भन्ने कुरालाई हामीले विचार गर्नु पर्छ। आलम्बनलाई विचार गरेर हेर्ने मनोद्वार वीथिको पहिलो चित्त हो मनोद्वारावर्जन चित्त। यो चित्ताले पाँच इन्द्रीयहरू मध्येका कुनै पनि इन्द्रीयद्वार मार्फत आलम्बन तर्फ ध्यान दिने होइन। तसर्थ मनोद्वार नाम हो। यो चित्त हो। मनोद्वारावर्जन चित्ताको अघि लाग्ने चित्त हो। भवंगुपच्छेद चित्त। भवंगुपच्छेद चित्त मनोद्वार हो र यसै मनोद्वार मार्फत मनोद्वारावर्जन चित्ताले त्यस आलम्वन तर्फ ध्यान दिन्छ।

अभिधर्मको अध्ययनवाट हामी धर्महरूलाई विश्लेषण गर्न र त्यस्तो सस्कारित धर्महरूलाई धातुहरू (तत्वहरू) को रूपमा हेर्न देख्न सिक्छौं र इन्द्रीय द्वारहरू मार्फत र मनोद्वार मार्फत विभिन्न आलम्वनहरूलाई अनुभव गर्ने चित्तहरूको प्रक्रियालाई विश्लेषण गर्न सिक्छौं। विपश्यनाको अभ्यासको निमित्त चित्तको विभिन्न वीथिहरू वारे थाहा पाउनु उपयोगी हुन्छ। जस्तो उदाहरणको लागि भनौं शब्दलाई कर्णद्वार मार्फत र मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ। चित्तहरू एकपछि अर्को क्रमवद्ध रूपमा यति छिटो छिटो लागिरहन्छन् कि आलम्वन के हो भन्ने कुरा हामीलाई थाहा भइ नसकेकै अवस्थामा पनि यसलाई मनोद्वार मार्फत अनुभव गरी सकिएको हुन्छ। विभिन्न प्रक्रियाहरूका कुन कुन चित्तलाई अनुभव गर्न सकिन्छ भन्ने कुरा स्मृतिमा निर्भर रहन्छ। चित्तका विभिन्न घडीहरूका विभिन्न लक्षणहरू हुन्छन् भन्ने कुरा अनुभव गर्न हामीले जान्यौं भने हामीलाई के थाहा हुन्छ भने ती लक्षणहरू मात्र धातुहरू हुन् जुन स्थीर रहन्न।

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, चतुर्थ पण्णासक, आशीविष वर्ग, भाग ४, वीणा सुत्त) मा यस वारेमा यसरी चर्चा गरिएको पाइन्छ--

भिक्षुहरू ! मनौं कुनै राजा वा मन्त्रीले पहिले कहिल्यै पनि वीणा सुनेको थिएन । उसले वीणाको आवाज सुनोस् । उसले यस्तो भनोस् अरे ! यो कस्तो आवाज हो, यति राम्रो, यति सुन्दर, यसरी मतवाला (नशालु) बनाइदिने, यसरी मूर्छित गरिदिने, यसरी चित्तलाई खिच्न सक्ने ? उसलाई मानिसह भन्दछन्–भन्ते ! यो त वीणाको आवाज हो जो यति राम्रो सुन्दर, यसरी नशा चढाउने, यसरी मूर्च्छित गरिदिने, यसरी चित्तलाई खिच्न सक्ने खालको छ ।

उसले यसरी भनोस्–जाऊ, त्यो वीणालाई लिएर आऊ ।

मानिसहरूले उसलाई बीणा ल्याएर दिन्छन् र भन्छन्–भन्ते! त्यो यही वीणा हो जसको आवाज.... यसरी चित्तलाई खिच्ने वाला हो ।

उसले यस्तो भनोस्–मलाई यो वीणाको मतलव छैन, मलाई त्यो आवाज ल्याइ देऊ ।

मानिसहरू उसलाई भन्दछन्–भन्ते ! वीणाको अनेक सम्भारहरू छन् । अनेक सम्भारहरूलाई जुटाएपछि वीणाबाट आवाज निस्कन्छ । जस्तो द्रोणी, छाला, फ्रेम, तारहरू, उपषेण र बजाउने पुरुषको अभ्यासको प्रत्ययबाट वीणा बज्दछ ।

यसरी भन्ते! यो वीणा भनिने वस्तु अनेक सम्भारहरू, अनेक संख्यामा सम्भारहरूद्वारा बनेको छ । यसमा विभिन्न भागहरू जुट्ने भएकोले यो बज्दछ । तव त्यस राजा वा मन्त्रीले त्यो वीणालाई दश वा सय टुक्रा हुने गरी भाँचि देओस्, भाँचेर त्यसलाई सानासाना टुक्रा गरिदेओस् । साना साना टुक्रा पारेर आगोमा जलाइदेओस् र जलाएर त्यससाई खरानी बनाइ देओस् । खरानी बनाएर त्यसलाई

हावामा उडाइ देवस् वा नदीको धारामा बगाइ देवस् ।

उसले यसरी भनोस्–अरे ! वीणारहुी चीज रहेछ । मानिसहरू यसको पछाडी व्यर्थमा यतिका मुग्ध हुन्छन् ।

भिक्षुहरू ! त्यस्तै नै, भिक्षु जहाँतक रूपको गति हुन्छ, रूपको खोजी गर्दछ, बेदना.. संज्ञा,...,संस्कार ...जहाँतक विज्ञानको गति हुन्छ, विज्ञानको खोजी गर्दछ । यस प्रकारको खोजहरूमा उसको लागि अहंकार ('म'), ममंकार ('म हुँ') र अस्मिता ("मेरो") जस्ता कुनै पनि वस्तु फेला पर्दैन ।"

मनन गर्न योग्य केही प्रश्नहरू

१) भवंग-चित्तहरू कुन कुन घडीहरूमा उत्पति हुन्छन् ?
२) जीवनमा प्रथम भवंग-चित्त कहिले उत्पति हुन्छ ?
३) भवंग चित्त कति प्रकारका हुन्छन् ?
४) के भवंग चित्त अहेतुक हुन सक्छ ?
५) के भवंग चित्त प्रज्ञासहगत हुन सक्छ ?

परिच्छेद-१३

इन्द्रीय-द्वार वीथि र मनोद्वार वीथिमा चित्तको कृत्यहरू

प्रत्येक चित्तको आफ्नै कृत्य हुन्छ। विना कृत्यको कुनै चित्त उत्पति हुँदैन। उदारणको निम्ति जस्तो दर्शन (हेर्ने काम) र श्रोत (सुन्ने काम) चित्तद्वारा गरिने कृत्यहरू हुन्। हामीहरू दर्शन र श्रोतलाई कृत्यहरूको रूपमा हेर्ने कुराका अभ्यस्त छैनौं। किनभने हामी आत्माको धारणाबाट ग्रसित छौं। चित्तहरूको बारेमा हामीले बढी कुरा जान्ने हो भने हामीले चित्तहरूका विभिन्न कृत्यहरू सम्बन्धी कुरा सिक्नु पर्दछ। कृत्यलाई पालिमा किच्च भनिन्छ।

जीवनको प्रथम चित्तद्वारा गरिने कृत्य हो प्रति सन्धिको कृत्य। प्रतिसन्धि-चित्तपछि भवंग चित्त लाग्छ। भवंग चित्तको कृत्य चित्तको दोश्रो कृत्य हो। भवंग चित्तले प्राणीलाई जीवित राख्तछ। जीवित रहेसम्मको अवस्थामा चित्तहरूको इन्द्रीय द्वार वीथि वा मनोद्वार वीथि क्रम नरहेको बेलामा भवंग चित्तहरू उत्पत्ति हुन्छन् र निरोध हुन्छन्। ६ द्वारहरूमध्ये कुनै एउटा द्वार मार्फत आलम्वनलाई ग्रहण गर्ने चित्तहरूका विभिन्न प्रक्रियाहरूका बीच बीचमा भवंग चित्तहरू उत्पन्न हुन्छन्। उदाहरणको निमित्त जस्तो दर्शन हुँदा र श्रोत हुँदाको बीचमा भवंग चित्तहरू लाग्नु पर्ने हुन्छ।

जब एउटा रूपादि गोचरले इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीय द्वारमा ठक्कर खान्छ, भवंग चित्ताहरूको धारा छेकिन्छ। अनि तीनवटा भवंग चित्ताहरू उत्पन्न हुन्छन् र निरोध हुन्छन्। त्यसपछि पंचद्वारावर्जन चित्ताको उत्पति हुन्छ। इन्द्रीय द्वारमा ठक्कर खाएको रूपादि गोचरलाई अनुभव गर्ने चित्ताहरूको प्रक्रिया-को प्रथम चित्ता हो पंचद्वारावर्जन चित्ता। पाँच इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीय द्वारमा ठक्कर खाएको रूपादि गोचरतर्फ ध्यान दिलाउने कार्य वा आवर्जनको कृत्य पंच द्वारावर्जन चित्ताले गर्दछ। अर्थात यस चित्ताले अमुक इन्द्रीयद्वार मार्फत गोचरतिर ध्यान लागाउँछ। पंचद्वारावर्जन चित्ता अहेतुक क्रिया-चित्ता हो।

विशुद्धिमार्ग (परिच्छेद १४, १०७) मा पंचद्वारावर्जन चित्ता-को विषयमा यसरी उल्लेख गरिएको छः–

यहाँ चक्षु-विज्ञान आदिको अघि हिड्ने वाला भएर रूप आदि आलम्बनहरूसाई जान्ने लक्षणवाला मनोधातु हो। आवर्जन (ध्यान दिलाउनु) गर्नु यसको कृत्य हो। रूप आदिको अभिमुख हुनु प्रत्युपस्थान हो। भवंगको (भवंगको रूपमा चित्ताको अविछिन्न प्रवर्तन) अवरोध (विघ्न) यसको पदस्थानवाला हो। यो उपेक्षा युक्त नै हुन्छ।

पंच-विज्ञानको अगाडि नै उत्पति हुने भएकोले पंचद्वारावर्जन चित्त अग्रगामी हो। चक्षुद्वारमा ठक्कर खाने रूपादि गोचरलाई ध्यान दिदा पंचद्वारावर्जन चित्तले चक्षु-द्वार मार्फत नै मात्र ध्यान दिने हुँदा यो चक्षु-द्वारावर्जन चित्त हुन्छ। कर्ण-द्वारमा ठक्कर खाएको रूपादि गोचरशाई विचार गरेर हेर्दा यो चित्त श्रोतद्वारा-वर्जन चित्ता हुन्छ। रूपादि गोचरले जुन इन्द्रीयद्वारमा ठक्कर खाएको हुन्छ त्यसैं इन्द्रीयद्वारको नाउँवाट पंचद्वारावर्जन चित्तको नामकरण गरिन्छ। पंचद्वारावर्जन चित्ता दिन भरिमा असंख्य पटक

उत्पति हुन्छ तर हामी यसलाई देख्दैनौं । दर्शन हुँदा चक्षुद्वारावर्जन चित्तले चक्षु-इन्द्रीयमा ठक्कर खाएको रंगतर्फ ध्यान दिइसकेर पनि निरूद्ध भइसकेको हुन्छ । त्यस्तै श्रोत वा अरू कुनै एउटा पंच विज्ञान हुँदा पनि पंचद्वारावर्जन चित्तले त्यस गोचरतिर पहिले नै ध्यान दिएर लोप पनि भइसकेको हुन्छ ।

पंचद्वारावर्जन चित्तपछि उही गोचरलाई अनुभव गर्ने इन्द्रीय-द्वार वीथिका अरू चित्तहरू लाग्छन् । इन्द्रीयद्वार बीथि क्रम समाप्त भएपछि त्यस आलम्बनलाई मनोद्वार मार्फत अनुभव गरिन्छ । तर त्यसभन्दा अघि त्यहाँ भवंग-चित्तहरू लाग्छन् । अनि मात्र मनो-द्वारावर्जन चित्तले मनोद्वार मार्फत आवर्जन कृत्य गर्दछ ।

यसरी आवर्जनको कृत्य गर्ने दुई प्रकारका चित्त छन्: (१) पंचद्वारावर्जन चित्तले पाँच इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारमार्फत आलम्वनतिर ध्यान दिन्छ र (२) मनोद्वारावर्जन चित्तले त्यही आलम्वनलाई मनोद्वारमार्फत ध्यान दिन्छ ।

रंगले चक्षु-इन्द्रीयमा ठक्कर खाँदा (स्पर्श गर्दा) चक्षु-द्वारा-वर्जन चित्तले चक्षुद्वारमार्फत रंगतिर ध्यान दिन्छ । चक्षुद्वारा-वर्जन चित्तको निरोध भइसकेपछि चक्षु-विज्ञान उत्पति हुन्छ । हेर्ने कार्य (दर्शनको कृत्य) चक्षु-विज्ञानद्वारा गरिन्छ । दर्शन विपाक हो । यो कुशल कर्म वा अकुशल कर्मको फल हो । हामी आफ्ना कर्मको फल भोग्न जन्मेका छौं र त्यसैले भवंग चित्तहरूको धारा रोकिएपछि पंचद्वारावर्जन चित्तपछि विपाक चित्तहरू उत्पन्न हुन्छन् ।

दर्शनको कृत्य गर्ने चित्तले रंगलाई मात्र जाग्दछ । त्यस चित्तले चाहना वा बेचाहना गर्दैन । त्यो अहेतुक विपाक चित्त हो । त्यो आलम्बन के हो भन्ने थाहा पाउने चित्तहरू त पछि उत्पन्न हुन्छन् । प्रज्ञाको अभ्यास गरिएको छैन भने रंगलाई मात्र जान्ने चित्तभन्दा

त्यस आलम्बनलाई चाहना वा बेचाहना गर्ने चित्त अथवा त्यो आलम्बन के हो भनी थाहा पाउने चित्तहरू सर्वथा भिन्न धर्म हो भन्ने कुरा बुझिँदैन । हामीमा रहेको संचित मोह र दृष्टिको कारणले गर्दा उत्पति हुनासाथ लोप हुने र एकपछि भिन्नै धर्मवाला अर्को चित्ताद्वारा अनुगमन गरिने चित्तको अनित्य स्वभाव-लाई हामी बुझन सक्दैनौं ।

दर्शनको कृत्य गर्न सक्ने नै दुई प्रकारका चित्त हुन्छन्: एउटा अकुशल विपाक र दोश्रो कुशल विपाक । केवल यी दुई प्रकारका चित्ताहरूले मात्र दर्शनको कृत्य गर्न सक्छ। (पालिमा दर्शनको कृत्य-लाई दस्सन किच्च भनिन्छ) । कर्णद्वारमा शब्दले स्पर्श गरेपछि र श्रोतद्वाराबर्जन चित्त उत्पति भएर निरूद्ध भएपछि श्रोत-विज्ञानको उत्पति हुन्छ। श्रवणको कृत्य (पालिमा सवन-किच्च) चित्ताको अर्को कृत्य हो। श्रोत अहेतुक विपाक हो । दुई प्रकारका चित्तले श्रोत (श्रवण) को कृत्य गर्न सक्छ: एउटा अकुशल विपाक र अर्को कुशल विपाक ।

चित्ताको अर्को कृत्य हो घ्राण-कृत्य (पालिमा घायन-किच्च) । अहेतुकवाला दुई चित्तहरूले यो कृत्य गर्न सक्छः एउटा अकुशल विपाक र अर्को कुशल विपाक हो ।

दुई प्रकारका अहेतुक चित्तले आस्वादनको कृत्य (पालिमा सायन-किच्च) अर्थात रसको स्वाद लिने कार्य गर्दछ : एउटा अकुशल विपाक हो र अर्को कुशल विपाक हो । यो कृत्य गर्ने चित्तले जस्तो मिठो र नुनिलो रसको स्वाद चाख्दा यसले केवल त्यस स्वादलाई अनुभव गर्दछ तर यो चित्तालाई त्यो स्वादको नाउँ थाहा हुन्न। त्यो स्वादको व्यवहारिक नाउँ थाहा पाउने चित्ताहरू त पछि मात्र उत्पन्न हुन्छन् ।

काय-इन्द्रीयमार्फत स्पर्शहरूको अनुभव गर्ने कृत्य (पालिमा फुसन-किच्च) चित्ताको अर्को कृत्य हो । आलम्बनले काय-इन्द्रीयमा

स्पर्श गर्दा पंचद्वारावर्जन चित्तले काय-इन्द्रीयको द्वारमार्फत त्यस आलम्बनप्रति ध्यान दिन्छ । त्यस पछि काय-विज्ञान उत्पति हुन्छ र काय-इन्द्रीय मार्फत स्पर्शलाई अनुभव गर्ने कृत्य गर्दछ । दुई प्रकारका अहेतुक चित्तले यस प्रकारको कृत्य गर्नसक्तछ: एउटा अकुशल विपाक र अर्को कुशल विपाक हो । काय-विज्ञानद्वारा अनुभव गरिने आलम्बनहरू निम्न प्रकारका रूपहरू हुन्छन्:–

घनत्व (पृथ्वी धातु) (साह्रोपना वा नरमपनाको रूपमा जसलाई अनुभव गरिन्छ) तापक्रम (तेज धातु) गरमी वा ठण्डीको रूपमा जुन कुरालाई अनुभव गरिन्छ) गति (वायु धातु) (गति वा दवावको रूपमा जुन कुरालाई अनुभव गरिन्छ) ।

यी गोचरहरूलाई काय-इन्द्रीय (जुन रूप हो) को द्वारमार्फत अनुभव गरिन्छ । शारीरिक स्पर्शहरूलाई ग्रहण गर्ने क्षमता भएको यस प्रकारको रूप शरीरको सचेतनमा नभएका अंगहरूमा वाहेक सम्पूर्ण शरीर भरि नै रहेको हुन्छ ।

यसरी पंच-विज्ञानहरूको रूपमा रहेका चित्तहरूले संक्षेपमा निम्न कृत्यहरू गर्दछन्:

१. दर्शनको कृत्य (दस्सन-किच्च)
२. श्रोतको कृत्य (सवन-किच्च)
३. घ्राणको कृत्य (घायन-किच्च)
४. आस्वादनको कृत्य (सायन-किच्च)
५. स्पर्शहरूलाई अनुभव गर्ने कृत्य (फुसन-किच्च)

दर्शन, श्रवण, घ्राण, आस्वादन र स्पर्शको अनुभव भिन्न भिन्न कृत्यहरू हुन् । तिनीहरू आत्माद्वारा गरिएका होइनन्, चित्तद्वारा गरिएका हुन्छन् । यी चित्तहरू हेतुहरूको कारण उत्पति हुन्छन् । यस सत्यको स्मृति जनतालाई दिलाउने उद्देश्यले भगवान् बुद्धले

वारम्वार चित्ताहरूले कसरी पाँच इन्द्रीयहरू मार्फत र मनोद्वार-मार्फत आलम्बनहरू भोग गर्दछन् भन्ने कुराको व्याख्यान गर्नुं हुन्थ्यो। उहाँले चित्ताहरू उत्पति हुने विभिन्न अवस्था वा हेतुहरू र ती हेतुहरूको अनित्यता पनि दर्शाउनु हुन्थ्यो । चित्ताहरू उत्पन्न हेतुहरू नै अनित्य भएकोले चित्तहरू पनि नित्य हुन सक्तैन ।

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, द्वितीय पण्णासक, छन्न वर्ग, भाग ४, प्रकरण ९३ द्वय सुत्त) मा बुद्धले भिक्षुहरूलाई यस बारेमा दिनु भएको उपदेशको चर्चा गरिएको छ:

"भिक्षुहरू ! दुईको प्रत्ययवाट विज्ञान पैदा हुन्छ । भिक्षुहरू! दुईको प्रत्ययबाट कसरी बिज्ञानको पैदा हुन्छ ?

चक्षु र रूपहरूको प्रत्ययवाट चक्षु-विज्ञान उत्पन्न हुन्छ । चक्षु अनित्य = विपरीणामी = अन्यथाभावी छ । रूप अनित्य = विपरिणामी अन्यथाभावी छ। यसरी नै दुवै चलन र व्यय अनित्य = विपरिणामी = अन्यथाभावी छन् । चक्षु-विज्ञान अनित्य = विपरिणामी = अन्यथा-भावी छ । चक्षु-विज्ञानको उत्पतिको जो हेतु = प्रत्यय हो त्यो पनि अनित्य = विपरिणामी = अन्यथाभावी छन् । भिक्षुहरू! अनित्य प्रत्ययको कारण चक्षु विज्ञानको उत्पति हुन्छ । त्यो कसरी नित्य हुन्छ र ?

भिक्षुहरू ! जुन यी तीन धर्महरूको मिलन हो त्यसलाई चक्षु संस्पर्श भनिन्छ । चक्षु-संस्पर्श पनि अनित्य = विपरिणामी (विकार स्वभाववाला वा परिवर्तनशील) = अन्यथाभावी छ । चक्षु-संस्पर्श-उत्पतिको जो हेतु = प्रत्यय छ त्यो पनि अनित्य = विपरिणामी अन्यथाभावी छ । भिक्षुहरू ! अनित्य प्रत्ययको कारण उत्पन्न चक्षु-संस्पर्श कसरी नित्य हुन्छ र ?

भिक्षुहरू ! स्पर्श भएर नै वेदना हुन्छ, स्पर्श भएर नै चेतना हुन्छ, स्पर्श भएर नै संज्ञा हुन्छ । यी धर्महरू पनि चञ्चल, व्ययशील (व्ययधर्मी), अनित्य, विपरिणामी र अन्यथाभाबी छन् । ...."

श्रोत...। घ्राण....। जिह्वा....। मन.....का सम्बन्धमा पनि यस्तै भनिएको छ ।

चित्तको वीथि क्रममा पंच-विज्ञानपछि सम्प्रतिच्छन्न चित्त लाग्दछ । सम्प्रतिच्छन्नको कृत्य गर्ने यो चित्तले पंच-विज्ञानको निरोध भइसकेपछि आलम्बनलाई ग्रहण गर्दछ । सम्प्रतिच्छन्न चित्त अहेतुक विपाक हो । दुई प्रकारको चित्तले यो कृत्य गर्न सक्छ: एउटा अकुलश विपाक हो र अर्को कुशल विपाक हो ।

कर्मले द्वि पंच विज्ञानहरू र सम्प्रतिच्छन्न चित्तलाई मात्र पैदा गर्ने होइन, यसले सम्प्रतिच्छन्न चित्तको पछि लाग्ने सन्तीर्ण चित्त-लाई पनि पैदा गर्छ । सन्तीर्ण चित्तले इन्द्रीयद्वार वीथिमा सन्ती-रणको कृत्य गर्दछ । यो अहेतुक विपाक चित्त हो । आलम्बनलाई जाँचेर हेर्ने कृत्य (सन्तीरणको कृत्य) चित्तको अर्को कृत्य हो जुन दर्शन, श्रवण, घ्राण, आस्वादन, काय-इन्द्रीय मार्फत स्पर्शको अनुभव र सम्प्रतिच्छन्न भन्दा भिन्न छ ।

सन्तीर्ण चित्त तीन प्रकारका हुन्छन् जुन चित्तले आलम्बनको स्वभावमाथि निर्भर गरी छानविनको कृत्य गर्न सक्छ । त्यो आल-म्बन हुन सक्छ :

१) अनिट्ठारम्मण (अनिष्टालम्वन) (२) इट्ठारम्मण (इष्टालम्वन) वा (३) अधि-इट्ठारम्मण (अधि-इष्टालम्वन) ।

आलम्बनलाई जाँचेर हेर्ने सन्तीर्ण चित्तको जहाँसम्म कुरा छ,

१) यदि आलम्बन अप्रिय-अमनाप-अनीष्ट (अनिष्टालम्बन) छ भने सन्तीरणको कृत्य गर्ने चित्त उपेक्षा सहगत, अकुशल विपाक हुन्छ,

२) यदि आलम्बन इष्ट=मनाप=प्रिय (इष्टालम्बन) छ भने सन्तीर्ण चित्त उपेक्षा सहगत कुशल विपाक हुन्छ, र

३) यदि आलम्बन असाधारण तवरले इष्ट=मनाप=प्रिय छ भने

(अधि-इष्टालम्वन) सन्तीर्ण चित्त सौमनस्य सहगत कुशल विपाक हुन्छ ।

सन्तीर्ण चित्तपछि वोट्ठब्बन-चित्त लाग्छ । वोट्ठब्बन चित्तको अर्को कृत्य हो । वोट्ठब्बन चित्तले इन्द्रीयद्वार वीथिमा आलम्वन-लाई निश्चित गर्दछ । यो आलम्वन कुशल चित्तहरूको निम्ति हो वा अकुशल चित्तहरूको निम्ति भन्ने कुरा वोट्ठब्बन चित्ताले निधो गर्दछ र यसले निधो गरे अनुरूप कुशल चित्ताहरू वा अकुशल चित्ताहरू यसपछि उत्पति हुन्छन् । कर्मद्वारा संस्कारिक सन्तीर्ण चित्ता उत्पति हने हेतुहरू भन्दा बोट्ठब्बन चित्त उत्पति हुने हेतुहरू सर्वथा भिन्न हुन्छन् । वोट्ठब्बन चित्त विपाक होइन र यो कुशल वा अकुशल होइन । तर यो एउटा अहेतुक कृया-चित्त हो । वोट्ठ-ब्बन चित्ता भनेको वास्तवमा मनोद्वारावर्जन चित्ता हो जसले इन्द्रीय-द्वार वीथिमा वोट्ठब्बनको कृत्य गर्दछ र अनि बोट्ठब्वन चित्त भनिन्छ । मनोद्वारावर्जन चित्ताले एउटाभन्दा वढी कृत्य गर्न सक्तछ। मनोद्वार वीथिमा यसले मनोद्वार मार्फत आलम्वन तर्फ ध्यान दिलाउने कृत्य गर्दछ । यदि मनोद्वारावर्जन-चित्ता पछि कुशल चित्त-हरू उत्पन्न हुन्छन् भने योनिसो मनस्कार हुन्छ र यदि यसपछि अकुशल चित्ताहरू उत्पन्न हुन्छन् भने अयोनिसो मनस्कार हुन्छ ।

विभिन्न वीथिहरूमा उत्पति हुने चित्ताहरू र तिनका विभिन्न हेतुहरू वारेमा हामीलाई थाहा नभएको खण्डमा अमुक घडीहरूमा कुशल कार्यहरू वा अकुशल कार्यहरू गर्ने निर्णय गर्ने "आत्मा" भन्ने केही कुरा छ भन्ने तिर हामी सोच्ने हुन्छौं । वास्तवमा यस्तो निर्णय गर्ने कोही सत्व, कोही 'आत्मा' भन्ने छैन, वरू चित्ताहरू मात्र छन् जुन कुशल र अकुशलका संचयहरूको कारणले उत्पति हुन्छन् ।

चित्तहरूले इन्द्रीयहरू र मनोद्वार मार्फत इष्ट वा अनिष्ट आल-म्वनहरू (प्रिय वा अप्रिय गोचरहरू) लाई ग्रहण गर्छन् । यदि

कसैले थुप्रो लोभ र द्वेष संचित गरेको छ भने इष्ट = मनाप = कान्त आलम्वन हुँदा लोभ —मूल चित्तहरू उत्पति हुने सम्भावना हुन्छ र आलम्वन अनिष्ट-अमनाप हुँदा द्वेष-मूल चित्तहरू उत्पति हुने सम्भावना रहन्छ । यी चित्तहरू हेतुहरूको कारणले उत्पति हुन्छन्, यिनीहरू 'आत्मा' होइनन् । यी चित्ताहरू हाम्रा वशका कुरा होइनन् । किन्तु धर्मको अध्ययनवाट र विशेष गरेर प्रज्ञाको विकासको माध्य-मबाट "योनिसो मनस्कार" को लागि हेतुहरू पनि हुन सक्छन् । आलम्वन रमणीय वा अरमणीय जे सुकै भए पनि इन्द्रीयद्वार वीथिमा वोट्ठब्बन चित्ताले यो आलम्बन कुशल चित्ताहरूको लागि हो भन्ने कुराको निधो गर्न सक्छ र यसपछि अनि कुशल चित्तहरू उत्पति हुन्छन् । मनोद्वार वीथिमा मनोद्वारावर्जन चित्ताले आलम्वन तिर ध्यान दिएपछि कुशल चित्तहरू यसपछि लाग्न सक्छन् ।

हामीहरू आफूले अनुभव गरेका गोचरहरूवाट शासित हुन दिने खालका हुँदा चित्तहरूको वीथि क्रमसा अनिष्ट आलम्वनलाई अनुभव गर्ने अकुशल विपाक चित्ताहरू पछि जरूर नै अकुशल चित्ता-हरू नै उत्पति हुन्छ होला भन्ने कुरा हामी सोच्ने हुन्छौं । किन्तु त्यस आलम्बन प्रति योनिसो मनस्कार रहेको खण्डमा अनिष्ट आलम्वनहरू प्रति हामीमा द्वेष रहँदैन । विपाक चित्ताहरू उत्पति हुनाको लागि आवश्यक निमितहरूभन्दा कुशल वा अकुशल चित्ता-हरू उत्पति हुनाको लागि आवश्यक निमित्तहरू (वा हेतुहरू) भिन्नै खालका हुन्छन् । अकुशल विपाक र कुशल विपाक कर्मका फल हुन् । हामी आफ्ना विपाकलाई नियन्त्रण गर्न चाहन्छौं तर यो असम्भव छ । अकुशल विपाकको निमित्त समय ठीक हुनासाथ हामी यसलाई उत्पति हुनबाट रोकन सक्दैनौं । हामीले के बुझ्नु पर्छ भने हेतुहरूको कारणले उत्पति भई तुरून्त निरोध भएर जाने नाम-रूप नै हाम्रो आफ्नो जीवन हो । विपाक भनेको उत्पति हुना साथै लोप हुने चित्ताको एक घडी मात्र हो भन्ने कुरा मात्र पनि

हामीले बुझ्दिएको खण्डमा हामीले अनुभव गरेका अनिष्टालम्बनहरूद्वारा हामी विजीत रहने सम्भावना कमै मात्र हुन्छ। यसो भएको खण्डमा 'अयोनिसो मनस्कार' को सट्टामा 'योनिसो मनस्कार' कै लागि वढी हेतुहरू रहने छन्। संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, चातुर्थ पण्णासक, भाग ४, आशीविष वर्ग, अवस्सुत सुत्त) मा भनिएको छ कि प्रमत्त (अवश्रुत) भिक्षुलाई आलम्बनहरूले जितेको हुन्छ। अनवश्रुत वा अप्रमत्त भिक्षुको बारेमा भनिएको छः–

"आवुस! यस्तो भिक्षुले रूपहरूलाई जित्छ, रूपहरूले उसलाई जित्दैन। उसले शब्द, गन्ध, रस, स्पर्श र धर्महरूलाई जित्छ। ती शब्द, गन्ध, रस, स्पर्श र धर्मले उसलाई जित्दैन। आवुस! यस्तो भिक्षुलाई रूपलाई जितेको, शब्द, गन्ध, रस, स्पर्श र धर्मलाई जितेको भनिन्छ। त्यो भिक्षु विजयी हुन्छ, विजीत हुन्न.....।"

चित्तहरू र तिनका कृत्यहरू वारेमा विस्तारमा जान्नु के जरूरत छ र भन्ने कुरामा कसैलाई अचम्म लाग्न सक्छ। के कुशल चित्तहरू र अकुशल चित्तहरू बारेमा मात्र जानेर पर्याप्त हुन्न र? कुशल चित्तहरू वा अकुशल चित्तहरू उत्पति हुन अगावै चित्तहरूको वीथि क्रममा गरिने चित्तका कृत्यहरू वारेमा पनि के हामीले जान्नु पर्छ र? कुशल चित्तहरू र अकुशल चित्तहरूदेखि वाहेक हामी अन्य प्रकारका चित्तहरू बारेमा पनि जान्नु पर्दछ, जुन् चित्तहरूले-चित्तहरूको वीथिमा भिन्न भिन्न कृत्यहरू सम्पादन गर्दछन् र जुन चित्तहरू भिन्न भिन्न हेतुहरूको कारणले उत्पति हुन्छन्। चित्तहरू-लाई उत्पति हुन निर्देशित गर्न सक्ने र चित्तको कृत्यहरूलाई निर्देशित गर्न सक्ने आत्मा भन्ने छैन। कुशल चित्तहरूको लागि निर्णय गर्न सक्ने आत्मा भन्ने पनि छैन। मानिसहरूको भिन्न भिन्न संचयहरू हुन्छन् र यसरी जव कुनै एक आलम्वन उपस्थित हुन्छ, आ-आफ्ना संचयहरूकै अनुरूप मनोद्वारावर्जन चित्तपछि कि त

कुशल चित्तहरू कि अकुशल चित्तहरू उत्पति हुन्छन् । जस्तो उदाहरणको लागि भनौं, विभिन्न मानिसहरूले स्वादिष्ट खानाको सुगन्ध सुंघ्दा केही मानिसहरूको मनोद्वारावर्जन चित्तपछि अकुशल चित्ताहरू उत्पति हुन्छन् तर अरूहरूको सम्वन्धमा भने मनोद्वारा-वर्जन चित्तपछि कुषल चित्ताहरूपछि लाग्छन् । खानामा अनुरक्त हुने मानिसहरूको मनोद्वारावर्जन चित्तापछि लोभ-मूल चित्ताहरू नै पछि लाग्न वाध्य हुन्छन् । किन्तु दानको संस्कार संचित रहेको व्यक्तिले खानाको सुबास सुंधेपछि उसको मनोद्वारावर्जन चित्तपछि कुशल चित्तहरू उत्पति हुने सम्भावना रहन्छ । उसले त्यो सुस्वा-दिष्ट खानालई भिक्षुहरूलाई प्रदान गर्ने इच्छा गर्न सक्छ । अरु अरू व्यक्तिहरूमा त गन्धप्रति ध्यान दिलाउने मनोद्वारावर्जन चित्त पछि प्रज्ञा सहगत कुशल चित्ताहरूपछि लाग्न सक्छन् जुन चित्तहरूले गन्धलाई केवल गन्धको रूपमा एउटा रूपको रूपमा मात्र महशूस गर्दछ, आत्माको रूपमा होइन ।

प्रज्ञाको विकासको निमित्त चित्तहरू र तिनका कृत्यहरू सम्वन्धमा बढो जान्नु उपयोगी ज्ञानको आधार हुन्छ । उत्पति हुने भिन्न भिन्न चित्तहरूको लागि अनेक हेतुहरू हुन्छन् भन्ने कुरा उसले सिक्छ र चित्तहरूलाई नियन्त्रण गर्न सक्ने आत्मा भन्ने छैन भन्ने कुरा पनि उसले सिक्ने हुन्छ । कहिले काहीं मनोद्वारावर्जन चित्तपछि कुशल चित्तहरू उत्पन्न हुन्छन् भने कहिले काहीं अकुशल चित्तहरूपछि लाग्छन् । अहिले 'योनिसो मनस्कार' रहन सकेको खण्डमा भविष्यमा पनि "योनिसो मनस्कार" को निम्ति बढी हेतु-हरू रहने छन् ।

हामीले कुशल र अकुशल दुवैलाई संचय गरेको हुँदा कुशल चित्तहरू र अकुशल चित्तहरू भिन्न भिन्न घडीहरूमा उत्पति हुन्छन्। क्लेशहरू चित्तमा संचित रहन्छन् भन्ने कुरा नजानेर मानिसहरूमा

आफ्ना क्लेशहरूका निम्ति विश्वलाई दोषारोपण गर्ने प्रवृति रहन्छ । क्लेशहरू वस्तुत: हाम्रा चारैतिरका आलम्वनहरू रहने कुरा होइनन् । क्लेशहरूद्वारा रहित हुनाको निमित्त कोही मानिस ६ द्वारहरू रहित पनि हुने इच्छा गर्न सक्लान् । किन्तु क्लेशहरू-लाई निर्मूल गर्ने एउटै मात्र उपाय के हो भने ६ द्वारहरूमार्फत उपस्थित हुने धर्महरूलाई थाहा पाउनु संयुक्त निकाय (षलायतन वर्ग, षलायतन संयुत्त, चतुर्थ पण्णासक, भाग ३, समुद्र वर्ग, आदित्त सुत्त) मा भगवान बुद्धले भिक्षुहरूलाई भन्नु भएको छ:–

"भिक्षुहरू ! आदीप्तवाला कुरोको उपदेश दिन्छु । यसलाई सुन । आदीप्तवाला कुरो के हो ?

भिक्षुहरू ! एकदम जलिरहेको रातै पोलिएको फलामको दण्डीले चक्षु-इन्द्रीयमा डामि दिनु बेश हुन्छ, किन्तु चक्षु-विज्ञेय रूप-हरूमा लालच गर्नु र स्वाद देख्नु राम्रो छैन ।

भिक्षुहरू ! जुन बखत लालच (लोभ) गरेर वा स्वाद देखि-रहेको हुन्छ, त्यसबेलामा मृत्यु भएमा कसैको पनि दुइटा नै गतिहरू मात्र हुन्छन्–कि त नरकमा पर्छन् कि तिर्यक (पशु) योनीमा पैदा हुन्छन् ।

भिक्षुहरू ! यस खराबीलाई देखेर म यस्तो भन्छु। भिक्षुहरू! एकदम बलिरहेको धारिलो फलामको अंकुशले श्रोत-इन्द्रीयलाई जलाएर नष्ट गरिदिनु वेश हुन्छ, किन्तु श्रोत विज्ञेय शब्दहरूमा लालच गर्नु र स्वाद देख्नु राम्रो हुन्न ।....। एकदम बलिरहेको धारिलो फलामको पंजाले घ्राण-इन्द्रीयलाई जलाएर नष्ट गरिदिनु वेश हुन्छ, किन्तु.... घ्राण-विज्ञेय गन्धहरूमा लोभिनु र स्वाद भोग्नु राम्रो हुन्न ।... एकदम जलिरहेको धारिलो फलामको छुरीले जिह्वा इन्द्रीयलाई काटिदिनु बेश हुन्छ, किन्तु जिह्वा विज्ञेय रसहरूमा लोभिनु र स्वाद भोग्नु राम्रो हुन्न ।...एकदम बलिरहेको धारिलो

फलामको भालाले काया-इन्द्रीयलाई छिराई दिनु बेश हुन्छ, किन्तु काय-विज्ञेय स्पर्शहरूमा लालच गर्नु र स्वाद देख्नु राम्रो हुन्न।

भिक्षुहरू! जुन समयमा लोभ गरेर वा स्वाद भोगिरहेको हुन्छ त्यस समयमा मर्नेको दुइटा नै गतिहरू मात्र हुन्छन्–कि त नरकमा पतन हुन्छन् कि तिर्यक् (पशु) योनीमा पैदा हुन्छन्।

भिक्षुहरू! यसै खराबीलाई म यस्तो भन्दछु। भिक्षुहरू! सुतिरहनु बेश छ। भिक्षुहरू! सुतिरहनेलाई म बाँझो जीवित भन्दछु, निष्फल जीवित भन्दछु, मोहमा परेको जीवन भन्दछु। निद्राको अवस्थामा उसले मनमा यस्तो वितर्कलाई ल्याउँदैन जुन वितर्कले संघ (भिक्षु संघ) मा फूट ल्याइदिन्छ।...जाग्रत रहनाको यस्तो खराबीलाई देखेर भिक्षुहरू! म यस्तो कुरा भन्दछु।

भिक्षुहरू! त्यहाँ पण्डित आर्यश्रावक यसरी चिन्तन गर्दछ। एकदम जलिरहेको रातै पोलिएको फलामको दण्डीले चक्षु-इन्द्रीयमा डामि दिनाले के अर्थ हुन्छ र? मैले यस्तो मनमा ल्याए के हुन्छ–चक्षु अनित्य छ। रूप अनित्य छ। चक्षु-विज्ञान, चक्षु संस्पर्श, चक्षु-संस्पर्शको कारण उत्पन्न हुने दुःख, सुख र अ-दुःख–अ-सुख वेदना अनित्य छन्।...

भिक्षुहरू! यसरी जानेर, देखेर पण्डित आर्यश्रावक चक्षुमा, रूपमा, चक्षु-बिज्ञानमा, चक्षु संस्पर्शमा पनि निर्वेद गर्दछ। चक्षु संस्पर्शको कारण उत्पन्न हुने सुख वा दुःख वा अ-सुख–अ-दुःख वेदनामा पनि त्यो आर्यश्रावक निर्वेद गर्दछ। निर्वेद गर्नाले राग-रहित हुन्छ। रागरहित हुनाले विमुक्त हुन जान्छ। विमुक्त हुनाले "विमुक्त भएँ" भन्ने ज्ञान उत्पन्न हुन्छ। जन्म क्षीण भयो। ब्रह्मचर्य बास पूरा भयो। जे गर्नु पर्ने थियो त्यो पूरा गरियो। अब पुनर्जन्म हुँदैन भन्ने कुरा थाहा पाउँछ। भिक्षुहरू! आदिप्तवाला कुरो यही हो।"

यस सूत्रले हामीलाई हेरिरहँदा, सुनिरहँदा, बास्ना लिइरहँदा, स्वाद लिई रहँदा, काय-इन्द्रीयद्वारा स्पर्श ग्रहण गरिरहँदा वा

चिन्तन गरिरहँदाको घडीमा स्मृति संप्रजन्य भएर रहन सम्झाउँछ। यो सबै घडीहरू ती चित्तहरूद्वारा सम्पादन गरिएका कृत्यहरू हुन्, जुन चित्तहरू स्थिर रहँदैनन् ।

मनन गर्न योग्य केही प्रश्नहरू

१) कुनै खास आलम्वन अकुशल चित्तहरूको लागि हो वा कुशल चित्तहरूको लागि आलम्बन हो भन्ने कुरा इन्द्रीयद्वार वीथिमा कुन चाहिं चित्तले निश्चित गर्दछ ? यो चित्त सहेतुक हुन्छ कि अहेतुक हुन्छ ?

२) मनोद्वार वीथिमा कुन चाहिं चित्त त्यस वीथिमा उत्पन्न हुने कुशल चित्तहरू वा अकुशल चित्तहरू भन्दा अघि लाग्छ ? यसको कृत्य के हो ?

३) मनोद्वार वीथिमा कुशल चित्तहरू वा अकुशल चित्तहरू भन्दा अघि उत्पन्न हुने चित्त नै के आलम्बनलाई ग्रहण गर्ने त्यस वीथिको पहिलो चित्त हो त ?

४) के यो चित्त प्रज्ञा सहगत हुन सक्छ ?

५) शब्दलाई कर्णद्वार मार्फत र अनि फेरि मनोद्वार मार्फत अनुभव गरिंदा के त्यो शब्द मनोद्वार मार्फत अनुभव गर्दाको बखतसम्ममा लोप भइसकेको हुन्छ ?

६) आवर्जनको कृत्य कति प्रकारका चित्ताले गर्न सक्तछन् ?

परिच्छेद–१४

जवनको कृत्य

हामीले कुनै पनि कुरा हेर्दा, सुन्दा, सुंघ्दा, रस लिंदा, काय-इन्द्रीय मार्फत स्पर्शको अनुभव गर्दा वा चिन्तन गर्दा त्यस आलम्बनलाई ग्रहण गर्ने एउटा मात्र चित्त हुने होइन, त्यहाँ त चित्तहरूको लहरै रहेका हुन्छन्। इन्द्रीयहरू मध्ये कुनै एउटा इन्द्रीयमा ठक्कर खाने रूपलाई लहरै चित्तहरूले अनुभव गर्दछन्। इन्द्रीयद्वार वीथि निरोध हुनासाथ पुनः त्यस आलम्बनलाई मनोद्वार मार्फत चित्ताहरूले ग्रहण गर्दछन्। चित्ताहरूको इन्द्रीयद्वार वीथिहरू र मनोद्वार वीथिहरू निरन्तर रूपमा उत्पति र निरोध भै रहन्छन्।

इन्द्रीयद्वार वीथि र मनोद्वार वीथि दुवैमा अकुशल चित्तहरू र कुशल चित्ताहरू उत्पन्न भइरहन्छन् भन्ने कुराको हामीलाई जानकारी नरहन सक्छ। इन्द्रीयद्वार वीथिहरूका आफ्ना अकुशल चित्तहरू र कुशल चित्ताहरूको बारेमा हामी अज्ञानी रहन सक्छौं। संचित मोह (अविद्या) को कारणले गर्दा हामी आफ्ना अकुशल चित्ताहरू र कुशल चित्ताहरूलाई स्पष्टतः जान्दैनौं र हामी आफ्ना अति सूक्ष्म क्लेशहरूलाई चिन्दैनौं।

इन्द्रीयद्वार वीथिमा रूपादि गोचरलाई प्रथमतः कुशल चित्ताहरू वा अकुशल चित्ताहरू नभएका चित्तहरूद्वारा अनुभव गरिन्छ। अर्थात् यसलाई क्रिया-चित्तहरूद्वारा र विपाक चित्तहरूद्वारा अनुभव गरिन्छ। पंचद्वारावर्जन चित्त एउटा अहेतुक क्रिया-चित्त हो

(शोभन हेतुहरू वा अकुशल हेतुहरू विनाको क्रिया-चित्त)। यसपछि द्धि-पंच-विज्ञानहरू मध्ये कुनै एउटा उत्पति हुन्छ जुन चित्त अहेतुक बिपाक चित्त हो। अनि दुइटा अरू अहेतुक विपाक चित्तहरू लाग्छन्: (१) सम्प्रतिच्छन्न चित्त जसले आलम्वनलाई ग्रहण गर्दछ र (२) सन्तीर्ण चित्त जसले आलम्वनलाई जाँचेर हेर्दछ। सन्तीर्ण चित्तपछि अर्को अहेतुक क्रिया-चित्त-वोट्ठब्वन चित्त लाग्दछ। बोट्ठब्बन चित्तले आलम्बनलाई यक्कीन गर्दछ र त्यसपछि अनि कुशल चित्तहरू वा अकुशल चित्तहरू पछि लाग्छन्। यसरी अरहन्त नभएको व्यक्ति छ भने बोट्ठब्वन चित्तापछि इन्द्रीयद्वार बीथिमा कुशल चित्ताहरू वा अकुशल चित्तहरू उत्पति हुन्छन्। इन्द्रीयद्वार वीथिका चित्तहरू निरूद्ध भइसकेपछि मनोद्वार वीथिका चित्ताहरूले त्यस आलम्बनलाई ग्रहण गर्न सक्तछन्। तर पहिले यस वीचमा त्यहाँ भवंग चित्ताहरू लाग्छन् र अनि मात्र मनोद्वारमार्फत आलम्वनतिर ध्यान दिने कृत्य गर्ने मनोद्वारावर्जन चित्ता उत्पति हुन्छ। मनोद्वारावर्जन चित्तापछि योनिसो मनस्कार भएमा कुशल चित्ताहरू उत्पति हुन्छन् र अयोनिसो मनस्कार भएमा अकुशल चित्ताहरू उत्पति हुन्छन्। मनोद्वारावर्जन चित्त स्वयं कुशल वा अकुशल होइन, यो एउटा अहेतुक क्रिया–चित्ता हो। अरहन्तको मामिलामा त्यहाँ कुशल चित्ताहरू वा अकुशल चित्ताहरू भन्ने हुँदैनन्। तसर्थ मनोद्वारावर्जन चित्तापछि क्रिया-चित्ताहरू नै पछि लाग्छन्।

चित्ताहरू अति छिटो छिटो उत्पति र निरोध हुने भएकोले ठीक कुन बेलामा बोट्ठब्बन चित्ताले आलम्वनलाई यक्कीन गर्दछ र त्यसपछिका कुशल चित्तहरू वा अकुशल चित्ताहरू उत्पति हुन्छन् र ठीक कुन बेलामा मनोद्वार वीथिमा मनोद्वारावर्जन चित्तले आलम्बनतिर ध्यान दिलाउँछ र त्यसपछि कुशल चित्ताहरू वा अकुशल चित्ताहरू उत्पन्न हुन्छन् भन्ने कुरा जान्नु मुश्किल छ। प्रायः हामीलाई यतिसम्म पनि जानकारी नरहने हुन्छ कि हामीसंग

कहिले कुशल चित्तहरू वा अकुशल चित्तहरू हुन्छन् । जब हामी देख्छौं, हामीले देखेका कुरामा चिन्तन गर्नेतिर हामी प्रवृत हुन्छौं तर हामीले देखेको कुरामा कहिले लोभ हुन्छ, कहिले यसप्रति द्वेष हुन्छ वा कहिले धर्महरू प्रतिको मोह रहन्छ भन्ने कुरा हामीलाई महशूस नहुन सक्छ । हामीले धर्मको अध्ययन गरेमा हामीलाई आफ्ना अति सूक्ष्म क्लेशहरूको विषयमा जानकारी हुन्छ । अकुशल चित्तहरू बारेमा अज्ञानता खतरनाक हुन्छ । हामीमा कहिले अकु-शल चित्तहरू रहन्छन् भन्ने कुरा हामीले बुझ्नेनौं भने हामी अकु-शलको संचय गर्ने कार्य जारी नै राख्ने हुन्छौं ।

ती उत्पन्न हुने कुशल चित्तहरू वा अकुशल चित्तहरूले एउटा कृत्य गर्दछ, त्यो के हो भने ती चित्तहरूले आलम्वनलाई अनुभव गर्दै दौड्ने जवनको कृत्य हो । इन्द्रीयद्वार वीथिमा जवन चित्तहरू उत्पति हुँदाका वखतसम्ममा वोट्ठब्बन चित्ताले आलम्बनलाई अघि नै निधो गरिसकेको हुन्छ भने मनोद्वार वीथिमा जवन चित्तहरू उत्पत्ति हुँदाका वखत पनि मनोद्वारावर्जन चित्ताले आलम्बनतर्फ पहिले नै ध्यान दिइसकेको हुन्छ । यसरी पछि उत्पति हुने कुशल चित्तहरू वा अकुशल चित्तहरूको त्यस आलम्वनलाई अनुभव गर्दै दगुर्ने कृत्य मात्र हुन्छ । जवनको कृत्य गर्ने चित्तको एक क्षण मात्र रहने होइन, साधारणतया: सात वटा चित्तहरूले लगातार त्यस आलम्वनलाई अनुभव गर्दै दौड्ने कृत्य गर्दछन, पहिलो जवन चित्त कुशल भएको खण्डमा त्यसपछि उत्पति हुने ६ वटा चित्तहरू पनि कुशल चित्ताहरू नै हुन्छन् । यदि पहिलो जवन चित्त अकुशल छ भने त्यसपछि उत्पति हुने ६ वटा चित्तहरू पनि अकुशल चित्ताहरू नै हुन्छन् । जवन चित्ताहरू कहिले लोभ, द्वेष वा मोह मूल हुन्छन् वा कहिले ती चित्तहरू कुशल चित्त हुन्छन् भन्ने कुरा के हामी महशूस गर्छौं ? ज्यादा जस्तो बेलामा त हामीहरू जवन चित्तहरूकै बारेमा पनि अनभिज्ञ रहन्छौं । हामीले असल कर्महरू वा खराब

कर्महरू गर्दा बढी सजिलैसंग हामी जवन चित्तहरूलाई अनुभव गर्न सक्छौं ।

५५ प्रकारका चित्ताले जवनको कृत्य गर्न सक्तछन् । ८ लोभ-मूल चित्तहरू, २ द्वेष-मूल चित्ताहरू र २ मोह-मूल चित्तहरू गरी १२ अकुशल चित्ताहरूले जवनको कृत्य गर्दछन्। जवनको कृत्य गर्ने ८ कामावचर कुशल चित्तहरू छन् जुन चित्ताहरूलाई महा-कुशल चित्तहरू भनिन्छ ।

जवनको कृत्य गर्ने अरहन्तका ८ महा क्रिया-चित्तहरू (क्रिया-चित्तहरू जुन अहेतुक होइनन् बल्कि शोभन हेतुहरूद्वारा सम्प्रयुक्त हुन्छन्) हुन्छन् । अरहन्तले अव अरू कर्मको संचय नगर्ने भएकोले उसमा महा-कुशल चित्ताहरूको सट्टामा महा-क्रिया चित्ताहरू हुन्छन् । महाक्रिया-चित्तहरू काम भूमिका चित्त हुन् तिनीहरू ध्यान चित्तहरू वा लोकोत्तर चित्ताहरू होइनन् । अरहन्तहरूमा पनि कामावचर-चित्ताहरु हुन्छन् । उनीहरू पनि देख्छन्, सुन्दछन् वा इन्द्रीयहरू मार्फत अनुभव गरिएका आलम्बनहरूको विचार गर्दछन्। किन्तु यसरी अनुभव गरिएको कारणले कुशल चित्तहरू बा अकुशल चित्त-हरू उत्पन्न भने हुँदैनन् ।

अरहन्तको लागि जवनको कृत्य गर्ने अहेतुक क्रिया-चित्त पनि हुन्छ, जुन उनी मुस्कुराउँदा खेरि उत्पति हुन्छः हसितोत्पादक चित्त ।

रूप-ध्यानको पाँच तह हुने भएकोले रूप-ध्यान लाभीहरूमा जवनको कृत्य गर्ने पाँच प्रकारका रूपावचर कुशल चित्तहरू रहन सक्तछन् । रूप-ध्यान लाभ गर्ने अरहन्तहरूमा जवनको कृत्य गर्ने पाँच प्रकारका रूपावचर क्रिया-चित्ताहरू हुन सक्छन् ।

अरूप-ध्यानको चार तह हुने भएकोले अरूप-ध्यान लाभीहरू-को लागि जवनको कृत्य गर्ने चार प्रकारका अरूपावचर कुशल चित्ताहरू हुन सक्छन् । अरूप-ध्यान लाभी अरहन्तहरूको जवनको कृत्य गर्ने चार प्रकारका अरूपावचर क्रिया चित्ताहरू हुन सक्छन् ।

प्रत्यक्ष रूपमा निर्वाणलाई अनुभव गर्नेहरूका त लोकोत्तर चित्तहरू हुन्छन् । लोकोत्तर चित्तहरू ८ वटा छन् । ती मध्ये चार वटा मार्ग चित्तहरू हुन् र चारवटा लोकोत्तर विपाक चित्तहरू हुन् जसलाई फल चित्तहरू भनिन्छ । अन्य भूमिका विपाक चित्तहरूले जवनको कृत्य गर्न सक्दैनन् तर लोकोत्तर विपाक चित्तहरूकोलागि कुरा अर्कै हुन्छ, तिनीहरू जवनको कृत्य गर्दछन् । यसरी सम्पूर्ण ८ लोकोत्तर चित्ताहरू जवनको कृत्य गर्दछन् । जम्मा जवनको कृत्य गर्न सक्ने ५५ चित्ताहरू छन् । संक्षेपमा ती चित्ताहरू हुन्:

८ लोभ-मूल चित्तहरू । २ द्वेष-मूल चित्तहरू । २ मोह-मूल चित्ताहरू ।	१२ अकुशल चित्तहरू ।

८ महा-कुशल चित्ताहरू ।

८ महा-क्रिया चित्तहरू ।

१ हसितोत्पादक चित्त (अहेतुक क्रिया-चित्त जुन अरहन्त मुस्कुराउँदा उत्पति हुन सक्छ) ।

५ रूपावचर कुशल चित्तहरू (रूप-ध्यान चित्तहरू) ।

५ रूपावचर क्रिया-चित्तहरू (अरहन्तको रूप-ध्यान चित्तहरू)।

अरूपावचर कुशल चित्तहरू (अरूप-ध्यान चित्तहरू) ।

४ अरूपावचर क्रिया-चित्तहरू (अरहन्तको अरूप-ध्यान चित्तहरू)

४ मार्ग चित्तहरू ४ फल चित्तहरू (लोकोत्तर विपाक चित्तहरू	८ लोकोत्तर चित्तहरू ।

कुनै एक आलम्वनको कारणले गर्दा अकुशल चित्तहरू उत्पति हुँदा त्यहाँ केवल एउटा होइन एउटै वीथि क्रममा सातवटा अकुशल चित्तहरू उत्पति हुन्छन् र चित्तहरूको यो प्रक्रिया पछि अकुशल जवन चित्ताहरूका साथै अन्य वीथिक्रम लाग्न सक्छन् । प्रत्येकवार हामीले केही कुरालाई मन नपराउँदा त्यो आलम्बनलाई अनुभव

गर्ने चित्तहरूका वीथिक्रमहरू (प्रक्रियाहरू) हुन्छन् र प्रत्येक वीथिहरूमा त्यहाँ सातवटा अकुशल जवन चित्तहरू हुन्छन् । हामीले केही चीजलाई मन नपराउँदा वा केही चीजमा अनुरक्त हुँदाको कारणले गर्दा अनेक अकुशल चित्तहरू उत्पन्न हुन सक्छन् ।

अकुशल चित्ताहरूलाई उत्पति हुनबाट कोही पनि रोक्न सक्तैनन् । इन्द्रीयद्वार वीथिमा ती चित्ताहरू उत्पति हुँदा वोट्ठब्बन चित्तले आलम्बनलाई पहिले नै निश्चित गरिसकेको हुन्छ भने मनोद्वार वीथिमा ती उत्पति हुँदा मनोद्वारावर्जन चित्ताले पहिले नै त्यो आलम्बनलाई ध्यान दिलाइसकेको हुन्छ। पहिलो जवन चित्तको उत्पति भएको छ भने यसपछि अरू अनुगामी जवन चित्तहरूले पछि लाग्नै पर्दछ । पहिलो जवन चित्ताको कारणले दोश्रो जवन चित्तको उत्पति हुन्छ र प्रत्येक उतरगामी जवन चित्ताको उत्पतिको कारण पूर्वगामी जवन चित्ता हुन्छ ।

अकुशल जवन चित्ताहरू सहितका वीथिहरू र कुशल जवन चित्ताहरू सहितका वीथिहरू पालैपालो गरी उत्पति हुन सक्छन् । जस्तो उदाहरणको लागि भनौं, मानिसहरूमा भिक्षुहरूलाई भोजन दान गर्ने इच्छा हुन्छ । किन्तु आफूले दान गर्न भनी लागेको खाद्यान्नको लागि चाहिने चीज बीजहरू सबै किनिसकेपछि त्यस मान्छेलाई मोल अलि महंगो लाग्न सक्छ । त्यस घडीमा कृपणता युक्त चित्ताहरू रहन सक्छन् र तब जवन चित्ताहरू अकुशल चित्ताहरू हुन्छन् । यसरी हामी के देख्छौं भने असल कार्य गर्ने नियत छँदा छँदै पनि हेतुहरू(अवस्थाहरू) भएको खण्डमा संचित क्लेशहरू जुनसुकै बेला पनि उत्पत्ति हुन सक्दा रहेछन् ।

हामीले कुशलता वा अकुशलतालाई संचय गर्ने पनि जवन चित्ताहरू लागिरहेकै वेलामा हो । जवन चित्ताहरूलाई नियन्त्रणमा राख्नु सम्भव छैन तर कुशलताको लागि हेतुहरू थाहा पाइराख्नाले कमै मात्र अकुशल चित्तहरू प्राप्त गर्न हामीलाई सघाउ पुग्नेछ ।

भगवान बुद्धले करूणावश मानिसहरूलाई कुशलका हेतुहरू देखाउनु भयो। उहाँ दान, शील वा भावना कुनै किन नहोस, सबै प्रकारका कुशल कर्म गर्न मानिसहरूलाई प्रेरित गर्नु हुन्थ्यो। उहाँले सबै प्रकारका अकुशललाई निर्मूल गर्न सक्ने प्रज्ञाको विकास गर्ने उपदेश दिनु हुन्थ्यो। प्रज्ञाका भिन्न भिन्न मात्राहरू (अंशहरू) हुन्छन्। केवल यो कुशल हो वा यो अकुशल हो भन्ने कुरा मात्र थाहा पाउने प्रज्ञा छ भने यो अकुशललाई निर्मूल गर्न सक्ने मात्रको प्रज्ञा होइन। प्रज्ञालाई विपश्यनाको मात्रसम्म विकसित नगरिन्जेल सम्म नै कुशलताको अभ्यास गर्ने र अकुशल कर्महरूबाट जोगिने आत्मा हो भन्ने धारणा रहिरहन्छ। आत्माको धारणा रहेसम्म क्लेशहरूलाई उखेलेर फ्याँक्न सकिन्न। पृथग्जन रहेका ब्यक्तिले पनि पंचशील पालन गर्न समर्थ हुन सक्छ। तर उसमा र पंचशीलको पालन गर्ने आर्यजनमा एउटा भेदछ। पृथग्जनले हेतुहरू (अवस्थाहरू) रहनासाथ पंचशीललाई भंग गर्न सक्छ तर आर्यको निमित्त पंचशीललाई उल्लंघन गर्नको निम्ति कुनै अरू हेतुहरू नै रहन्नन्।

हामी वास्तविकताहरू प्रतिको सजगता (स्मृति) नरहँदाको अवस्थामा आफुले अनुभव गरेका आलम्वनहरूलाई नै हामी आत्मा भनी ग्रहण गर्छौं। जब प्रज्ञाले अनुभव गरिने सम्पूर्ण धर्महरू जतिलाई नाम तथा रूप घातुहरू मात्र हुन्, यस्ता धातुहरू जुन स्थिर रहँदैनन् भन्ने कुरालाई महशूस गर्दछ वा बुझदछ, त्यतिखेर अकुशल जवन चित्तहरूको निमित्त उत्पति हुने अवसर कमै मात्र रहन्छ।

विशुद्धि मार्ग (परिच्छेद १, ५५) मा महातिष्य महास्थविरको विषयमा उल्लेख गरिएको छ:

स्थविर चैत्य पर्वतवाट अनुराधपुरमा भिक्षाटनको लागि आइ रहनु भएको थियो। त्यस बेला बाटोमा कुनै कूलवधू आफ्ना पति-संग झगडा गरिकन भव्यसंग सजधज गरी देवकन्या (परी) को समान, विहान सबेरैं अनुराधापुरबाट निस्केर माइतीतिर गइरहेकी

थिइन् । बीच बाटोमा स्थविरलाई देखेर विपरीत चित्त (कामको वशीभूत चित्त) भई तिनी निकै जोरसंग हाँसिन् । स्थविरले "यो के हो" भनी हेर्नु हुँदा तिनका दाँतका हाडहरूमा अशुभ-संज्ञा पाएर अर्हत्व लाभ गर्नु भयो । त्यसैले भनिन्छः—

तस्सा दन्तट्ठिकं दिस्वा पुब्ब सञ्ञं अनुस्सरि ।
तत्थेव सो ठितो थेरो अरहत्तं अपापुणी ।।

अर्थात्

तिनका दाँतका हाडहरूलाई देखेर (आफूले अधिष्ठान गरेको) पहिलेको (अशुभ—) संज्ञालाई सम्झे र त्यहीं उभेरै स्थविरले अर्हत्व पाए ।

तर तिनको लोग्नेले पनि त्यही बाटोमा जाँदाजाँदै स्थविरलाई देखेर सोधे:- "के, भन्ते ! तपाईंले कुनै स्त्रीलाई देख्नु भो ?" स्थविरले उसलाई भन्नु भयोः—

नाभिजानामि इत्थी वा पुरिसो वा इतो गतो ।
अपि च अट्ठिसंघाटो गच्छतेस महापथे ।।

अर्थात्

मलाई थाहा छैन कि स्त्री वा पुरुष(को) यहाँबाट गएको हो, तर पनि यो राजमार्गबाट भएर (यो) हाडहरूको समूह(अस्थि पञ्जर) गइरहेको छ ।

महातिष्य स्थविर आफूले देखेको आलम्बनमा तल्लीन हुनु-हुन्थ्यो, न रूपरेखाको विस्तृत विवरणबाट नै उहाँ मोहित हुनु हुन्थ्यो । त्यस स्त्रीको दाँतहरूलाई देख्दा उहाँले शरीरको अशुभ-संज्ञालाई महशूस गर्नु भयो र उहाँले आफूले देखेको कुरालाई "आत्मा" भनी ग्रहण गर्नु भएन । शरीरको अशुभ-संज्ञाले हामीलाई देहमा आत्मा देख्ने होइन बल्कि शारीरिक धर्मलाई विकार स्वभाव-

वाला रूपहरू मात्र हुन् भन्ने कुरा बुझ्ने तिर याद दिलाउँछ। महातिष्य स्थविरले वस्तुहरूलाई यथार्थ रूपमै देख्नु भयो । त्यस क्षणमा उत्पन्न भइरहेको प्रज्ञा त्यति उच्च मात्राको थियो कि यसले सम्पूर्ण क्लेशहरूलाई जरैदेखि उखेलेर फ्याँक्न सक्यो ।

कुनै एक दिनमै लोभ, द्वेष र मोह सहगत असंख्य जवन-चित्तहरु उत्पन्न हुन्छन् र त्यसैले हामी प्रमादी हुनु हुँदैन जति सक्यो उति अप्रमादी भएर रहनु पर्दछ । संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, षट् वर्ग भाग ५, पमाद विहारी सुत्त) मा यसरी चर्चा गरिएको छः–

"श्रावस्तीमा यो धर्मोपदेश दिनु भएको थियो...।

भिक्षुहरू ! प्रमादविहारी र अप्रमाद विहारीको उपदेश गर्दछु । ध्यान दिएर सुन ।

भिक्षुहरू ! कसरी प्रमादविहारी हुन्छ ?

भिक्षुहरू ! असंयत चक्षु-इन्द्रीय सहित विहार गर्नेको चित्त चक्षुविज्ञेय रूपहरुमा क्लेशयुक्त हुन्छ । क्लेशयुक्त चित्त हुनेलाई प्रमोद हुँदैन । प्रमोद नहुनाले प्रिति हुँदैन । प्रिति नहुनाले प्रश्राब्धि हुँदैन । प्रश्राब्धि नहुनाले दुःखपूर्वक विहार गर्दछ । दुःख-युक्त चित्त समाधि-लाभ गर्दैन । असमाहित चित्तमा धर्म प्रादूर्भूत हुँदैन । धर्महरू प्रादुर्भूत नहुनाले उसलाई प्रमादविहारी (अर्थात् प्रमत्ता भएर बस्ने) भनिन्छ ।

श्रोत,.. घ्राण,... जिह्वा,... काया तथा मनका सम्वन्धमा पनि यस्तै कुरा हुन्छ ।

भिक्षुहरू! अप्रमादविहारी (अप्रमत्त भएर बस्ने) कसरी हुन्छ त ?

भिक्षुहरू ! संयत चक्षु-इन्द्रीय सहित विहार गर्नेको चित्त चक्षु विज्ञेय रूपहरूमा क्लेशयुक्त हुँदैन । क्लेश रहित चित्त हुनेलाई

प्रमोद हुन्छ । प्रमोद हुनाले प्रिति हुन्छ । प्रिति हुनाले प्रश्रब्धि हुन्छ। प्रश्रब्धि हुनाले सुखपूर्वक विहार गर्दछ। सुखले चित्त समाधि लाभ गर्दछ। समाहित चित्तमा धर्म प्रादुर्भूत हुन्छ। धर्महरू प्रादुर्भूत हुनाले उसलाई अप्रमादविहारी भनिन्छ।

श्रोत, घ्राण, जिह्वा, काया तथा मनको सम्बन्धमा पनि कुरा यस्तै हुन्छ ।

भिक्षुहरू ! यसरी नै अप्रमादविहारी हुन्छ।"

मनन गर्न योग्य केही प्रश्नहरू

१) अरहन्तको जवनको कृत्य गर्ने लोकोत्तर चित्तहरू मात्र रहन्छन् कि जवनको कृत्य गर्ने (काम भूमिका चित्ताहरू) कामावचर चित्तहरू पनि उसमा रहन सक्छन् ?

२) जवनको कृत्य गर्न सक्ने के विपाक चित्तहरू पनि हुन्छन् ?

परिच्छेद–१५

तदारम्मण र च्यूतिका कृत्यहरू

हामीले केही वस्तु इष्ट वा अनिष्ट देख्दा खेरिको चित्त कुशल कर्म वा अकुशल कर्मको फलवाला विपाक चित्त हो। विपाकको एक मात्र होइन अनेक घडीहरू हुन्छन्। रंगले चक्षु-इन्द्रीयमा स्पर्श गर्दा क्रिया-चित्तवाला पंचद्वारावर्जन चित्तको उत्पति हुन्छ र निरोध हुन्छ। त्यसपछि चक्षु-विज्ञान उत्पति हुन्छ। चक्षुद्वार वीथिको प्रथम विपाक चित्त हो चक्षु-विज्ञान। त्यसपछि दुईटा अरू विपाक चित्तहरू लाग्छन् आलम्बनलाई ग्रहण गर्ने सम्प्रतिच्छन्न चित्त र त्यो आलम्बनलाई परीक्षा गरेर हेर्ने सन्तीर्ण चित्त। सन्तीर्ण चित्तपछि वोट्ठब्बन चित्त लाग्छ, जुन चित्त क्रिया-चित्त हो। वोट्ठब्बन चित्तले त्यो आलम्बन अकुशल चित्तहरूको लागि आलम्बन हुन्छ कि कुशल चित्तहरूको लागि हुन्छ भन्ने कुरालाई यक्किन गर्दछ। बोट्ठब्बन चित्तपछि सातवटा जवन चित्तहरू पछि लाग्छन्, जुन जवन चित्त-हरू यदि त्यो पुद्गल अरहन्त होइन भने, अकुशल चित्तहरू वा कुशल चित्तहरू हुन्छन्।

यदि त्यतिञ्जेल त्यो रूपादि गोचर रंग जो हो सो अझै निरूद्ध भइसकेको छैन भने जवन चित्तहरू लोप भइसकेपछि कर्मले विपाक-का अरू दुई घडीहरूलाई उत्पति गर्न सक्छ। यदि दुई बिपाक चित्तहरूले तदालम्वनको कृत्य गर्दछ। तदालम्बन वा तदारम्मणको शाब्दिक अर्थ हो "त्यो आलम्बन"। त्यो चित्तले त्यस आलम्बनलाई

नै धारणा गर्दछ र त्यही आलम्वनलाई अरू दुई घडीका निमित्त अनुभव गर्दछ। काम भूमिमा मात्र कर्मले जवन चित्तहरू पछि त्यसै आलम्वनमै जुण्डिने अरू दुई विपाक चित्तहरूलाई पैदा गर्न सक्तछ। इन्द्रीय संस्पर्शहरूका निम्ति कर्मै मात्र हेतुहरू हुने रूप-ब्रह्म लोकहरूमा जन्मेका पुद्गलहरूको लागि र इन्द्रीय-संस्पर्शहरू हुँदै नहुने अरूप ब्रह्मलोकहरूमा जन्मेका पुद्गलहरूको लागि तदालम्वन-चित्तहरू भन्ने हुँदैनन्।

इन्द्रीयद्वारहरू मध्ये कुनै एक इन्द्रीयद्वारमा स्पर्श गर्ने रूपादि गोचर रंग, शब्द, गन्ध, रस वा शारीरिक स्पर्श हुन सक्छ। यी आलम्वनहरू मध्ये प्रत्येक आलम्वन रूप हो। तिनीहरू उत्पति भएर विनाश हुन्छन् तर ती रूप धर्महरू नाम धातु जतिकै छिटो छिटो विनाश हुँदैनन्। चित्तका १७ घडीहरूसम्म यी रूपहरू स्थिर रहन्छन्। कुनै एउटा रूपादि गोचरले इन्द्रीयद्वारहरू मध्ये कुनै एउटा द्वारमा स्पर्श गर्नासाथ पंचद्वारावर्जन चित्त तत्कालै उत्पति हुन्न। पहिले त अतीत भवंग, भवंग चलन र भवंगुपच्छेद गरी जम्मा तीन वटा भवंग चित्तहरू प्रवर्तित हुन्छन्। यी भवंग चित्त-हरूले इन्द्रीय द्वारहरू मध्ये कुनै एउटा इन्द्रीय द्वारमा स्पर्श गरि-रहेको नयाँ रूपादि गोचरलाई अनुभव गर्दैन।

किन्तु पंचद्वारावर्जन चित्त, द्वि-पंच-विज्ञान (चक्षु-विज्ञान, श्रोत-विज्ञान, इत्यादि) सम्प्रतिच्छन्न चित्त, सन्तीर्ण चित्त, वोट्ठब्बन चित्त र सात जवन चित्तहरू सबैले भने इन्द्रीयद्वारहरू मध्येको कुनै एक द्वारमा स्पर्श गरेको रूपादि गोचरलाई ग्रहण गर्दछन्।

कुनै एक इन्द्रीय द्वारमा धक्का दिने त्यो रूपादि गोचर अतीत भवंगको साथै उत्पति भएको छ भने त्यस इन्द्रीयद्वार वीथि क्रममा सातौं जवन चित्तको निरोध भइसकेको अवस्थासम्म पनि त्यो रूपादि गोचरको विनाश भइसकेको हुँदैन। किनभने त्यस घडी-सम्ममा अतीत भवंग चित्त उत्पति भएदेखि चित्तका केवल १५

घडीहरू मात्र व्यतीत भइसकेका हुन्छन् । रुप धातु चित्तका १७ घडीसम्म स्थिर रहने भएकोले इन्द्रीयद्वार वीथिमा त्यस आलम्वन-लाई प्रत्यक्ष रुपमा अनुभव गर्ने अरु दुई चित्ताहरुको उत्पति हुन्छ। ती विपाकवाला दुई चित्ताहरु हुन् तदालम्वन-चित्तहरु (वा तदारम्मण चित्तहरु) ।

कुनै एउटा रुपले कुनै एक इन्द्रीयद्वारमा ठक्कर खाएपछि त्यस इन्द्रीयद्वार वीथिमा एक पछि अर्को क्रमशः उत्पति हुने चित्ताहरु संक्षेपमा निम्न बमोजिमका हुन्छन्:

१. अतीत भवंग (उत्पति-स्थिति-भङ्गको हिसाबले द्रुतगतिमा प्रवाहित भइरहेका चित्त-धारमा पहिलो विच-लित हुने भवंग चित्त)
२. भवंग चलन (प्रकम्पित भवंग)
३. भवंगुपच्छेद (चित्ताको धार अवरुद्ध भई छुट्टिने भवंग)
४. पंचद्वारावर्जन चित्त (चक्षु आदि पाँचद्वारमै ध्यान दिएर हेर्ने चित्त)
५. द्वि-पंच-विज्ञान (चक्षु-विज्ञान, श्रोत-विज्ञान, घ्राण-विज्ञान, जिह्वा-विज्ञान र काय-विज्ञान)
६. सम्पतिच्छन्न चित्त (आलम्वनलाई ग्रहण गर्ने चित्त)
७. सन्तीर्ण चित्त (आलम्वनलाई परीक्षा गरेर हेर्ने चित्त)
८. वोट्ठब्वन चित्त (आलम्बनलाई यक्किन गरी पहिचान गर्ने चित्त)

९. जवन चित्त १०. जवन चित्त ११. जवन चित्त १२. जवन चित्त १३. जवन चित्त १४. जवन चित्त १५. जवन चित्त	आलम्वनलाई अनुभव गर्दै विद्युत गति समान द्रुततर गतिमा दुगुर्ने कुशल वा अकुशल चित्त हरू (अरहन्त नभएकाहरूमा)

१६. तदारम्मण चित्त | (जवन चित्तले अनुभव गरेकै आलम्वनलाई
१७. तदारम्मण चित्त | दुई पटक तदालम्बन चित्तले ग्रहण गर्छ)।

तदालम्वन चित्तले आलम्बनलाई पाँच इन्द्रीयद्वारहरू मार्फत मात्र होइन, मनोद्वार मार्फत पनि अनुभव गर्दछ। इन्द्रीयद्वार वीथिमा आलम्वन लोप भइनसकेको अवस्थामा मात्र तदालम्वन चित्त उत्पति हुन सक्छ। इन्द्रीयद्वार वीथिमा तदालम्वन चित्तहरू उत्पति भएको खण्डमा त्यसपछिको मनोद्वार वीथिमा पनि तदालम्बन चित्त उत्पति हुन सक्छन् र मनोद्वार मार्फत ती तदालम्वन चित्तले आलम्वनलाई अनुभव गर्दछ।

तदालम्वन चित्त यसरो ६ इन्द्रीयद्वारहरूमार्फत आलम्वनलाई अनुभव गर्न सक्ने विपाक चित्त हो। यदि आलम्वन रंग हो भने त्यसलाई चक्षुद्वार वीथिमा चक्षुद्वारमार्फत नै चित्तले अनुभव गर्दछ र त्यसपछि त्यस वीथि क्रममा उत्पन्न हुने तदालम्वन चित्तहरूले त्यस आलम्बनलाई चक्षुद्वारमार्फत नै ग्रहण गर्दछ। चक्षु-द्वार वीथिको पछि लाग्ने मनोद्वार वीथिका तदालम्बन चित्तहरूले त्यही आलम्बनलाई मनोद्वार मार्फत ग्रहण गर्दछ। इन्द्रीयद्वारमा स्पर्श गर्ने रूपादि गोचर अप्रिय वा अरंजनीय भएको खण्डमा त्यस वीथिमा उत्पन्न हुने सबै विपाक चित्तहरू अकुशल विपाक हुन्छन्। यसरी तदालम्वन चित्तहरू उत्पति भएमा ती पनि अकुशल विपाक नै हुन्छन्। त्यस इन्द्रीयद्वार वीथि पछि उत्पति हुने मनोद्वार वीथिका तदालम्वन चित्तहरू पनि अकुशल विपाक नै हुन्छन्। यदि इन्द्रीयद्वारमा स्पर्श गर्ने रूपादि गोचर प्रिय वा रंजनीय रहेको खण्डमा तदालम्वन चित्तहरू सहित त्यस वीथि क्रममा उत्पति हुने सबै विपाक चित्तहरू कुशल विपाक हुन्छन्। पछिल्लो मनोद्वार वीथिका तदालम्बन चित्तहरू पनि कुशल विपाक नै हुन्छन्।

तीन अहेतुक विपाक चित्तहरू र आठ सहेतुक विपाक चित्तहरू गरी जम्मा ११ विभिन्न थरीका चित्तले तदारम्मणको कृत्य गर्न सक्तछन्।

तदालम्वन चित्त अहेतुक भएमा तदालम्वनको कृत्य सन्तीर्ण चित्ताद्वारा गरिन्छ। हामीले देखेका छौं, सदैव अहेतुक विपाकको रूपमा रहने सन्तीर्ण चित्तले एउटा भन्दा बढी कृत्य गर्न सक्तछ। इन्द्रीय द्वार वीथिमा उत्पति हुँदाका बखत सन्तीर्ण चित्तले सम्प्रतिच्छन्न चित्ताको पछि लागी सन्तीरण (जाँचेर हेर्ने) को कृत्य गर्दछ। सन्तीरणको कृत्यको अलावा, सन्तीर्ण चित्तले अरू कृत्यहरू पनि जस्तै प्रतिसन्धि, भवंग र च्यूतिका कृत्यहरू गर्न सक्तछन् र त्यसमाथि यसले तदालम्बनको कृत्य पनि गर्न सक्तछ।

माथि उल्लेख गरिए झैं सन्तीर्ण चित्त तीन प्रकारका हुन्छन्। यथा :

१) उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त।
२) उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त।
३) सौमनस्य सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त।

केवल उपेक्षा सहगत, अकुशल विपाकवाला सन्तीर्ण चित्त र उपेक्षा सहगत कुशल विपाकवाला सन्तीर्ण चित्त यी दुई किसिमका चित्तले मात्र प्रतिसन्धि भवंग र च्यूतिका कृत्यहरू गर्न सक्तछन्। सन्तीरणको कृत्य चाहिं सबै तीनै किसिमका सन्तीरण चित्तद्वारा गर्न सकिन्छ। आलम्वन असाधारण तवरले रंजनीय छ भने सौमनस्य सहगत सन्तीर्ण चित्तले सन्तीरणको कृत्य गर्दछ।

तदालम्वनको कृत्य भने तीनै किसिमका सन्तीरण चित्तले गर्न सक्तछ। तदालम्वन चित्त अकुशल विपाक छँदा अकुशल बिपाकवाला सन्तीर्ण चित्तले तदालम्बनको कृत्य गर्दछ। यो अहेतुक विपाक चित्त हुन्छ र उही इन्द्रीय द्वार वीथिमा सन्तीरणको कृत्य गर्ने अकुशल विपाकवाला सन्तीर्ण चित्त जस्तै उही किसिमको हुन्छ।

यदि तदालम्वन चित्त अहेतुक कुशल विपाक हो भने तदालम्बनको कृत्य उपेक्षा सहगह कुशल विपाकवाला सन्तीर्ण चित्त वा

सौमनस्य सहगत कुशल विपकवाला सन्तीर्ण चित्ताद्वारा गर्न सकिन्छ। यी तीनै अवस्थाहरूमा तदालम्वन चित्त अहेतुक हुन्छ।

तदालम्वनको कृत्य सन्तीर्ण चित्तद्वारा गरिन्छ भनी भनिंदा अर्थ के हो भने त्यस घडीको तदालम्वन चित्त सन्तीर्ण चित्तकै जस्तै उही रचनाको हुन्छ। अर्थात् यो उही जाति (विपाक) को हुन्छ, यो अहेतुक हुन्छ र उही किसिमका चैतसिकद्वारा सहगत हुन्छ। जब सन्तीर्ण चित्तले तदालम्वनको कृत्य गर्दछ, तव यसलाई तदालम्बन चित्त भनिन्छ।

तदालम्वनको कृत्य गर्न सक्ने (अलोभ, अद्वेष र प्रज्ञा जस्ता शोभन हेतुहरूद्वारा संयुक्त भएका) आठ सहेतुक विपाक चित्तहरू पनि छन्। तिनीहरू सौंमनस्य सहगत वा उपेक्षा सहगत हुन सक्छन्। तिनीहरू प्रज्ञा सम्प्रयुक्त वा प्रज्ञा विप्रयुक्त हुन सक्छन्। तिनीहरू असांस्कारिक वा ससांस्कारिक हुन सक्छन् अर्थात तिनीहरू असांस्कारिक वा ससांस्कारिक कर्मका फल हुन्। यसरी तदालम्बनको कृत्य गर्न सक्ने जम्मा ११ चित्तहरू छन्। संक्षेपमा तिनीहरू हुन्:

तीन अहेतुक विपाक चित्तहरू, यथा:

१) उपेक्षा सहगत, अकुलश विपाकवाला सन्तीर्ण चित्त।

२) उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्त।

३) सौमनस्य सहगत, कुशल यिपाकवाला सन्तीर्ण चित्त।

अरू पनि आठ सहेतुक विपाक चित्तहरू छन्, यथा:

१) सौमनस्य सहगत, ज्ञान सम्प्रयुक्त, असांस्कारिक एक।

२) सौमनस्य सहगत, ज्ञान सम्प्रयुक्त, ससांस्कारिक एक।

३) सौमनस्य सहगत, ज्ञान विप्रयुक्त, असांस्कारिक एक।

४) सौमनस्य सहगत, ज्ञान विप्रयुक्त, ससांस्कारिक एक।

५) उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त, असांस्कारिक एक।

६) उपेक्षा सहगत, ज्ञान सम्प्रयुक्त ससांस्कारिक एक ।
७) उपेक्षा सहगत, ज्ञान विप्रयुक्त, असांस्कारिक एक ।
८) उपेक्षा सहगत, ज्ञान विप्रयुक्त, ससांस्कारिक एक ।

सधैं चित्तहरू भिन्न भिन्न कृत्यहरू गरेर उत्पति र विनाश हुन्छन् । जीवनमा चित्तको अन्तिम कृत्य चाहिं च्यूतिको कृत्य हो। जब हामी लौकिक व्यवहारमा एउटा मानिसलाई मरिसकेको छ,भनी भन्दछौं, जीवनको अन्तिम चित्त जो हो, च्यूति चित्त त्यो निरूद्ध भइसकेको हुन्छ । त्यो च्यूति चित्तपछि अर्को जीवनको प्रतिसन्धि चित्त लागेको हुन्छ ।

मृत्यु अवश्यंभाबी छ, पन्छाउन नसकिने कुरा छ । जो सुकैले पनि, चाहे उ नरकलोकमा, मनुष्य योनीमा वा देवलोकमै किन नजन्मेको होस्, उसले च्यूति चित्तलाई अवश्य ग्रहण गर्नु पर्दछ । बुद्धोपदेशित धर्महरूमा हामी जाति, जरा, व्याधि र मृत्यु बारेमा उल्लेख भएका पाउँछौं । जन्मपछि व्याधिको उल्लेख हुनुभन्दा अगाडि त्यहाँ जराकै उल्लेख हुन्छ । किनभने हामी जन्मिनासाथै हामीलाई उमेर लाग्न थाल्छ, हामी तुरून्तै मृत्युको पथमा अग्रसर भइसकेका हुन्छौं । हामी खुद्दक निकाय, (सुत्त निपात, महावग्ग परिच्छेद ३ सल्ल सुत्त) मा यसरी उल्लेख भएको पाउँछौं:–

"यहाँ मानिसको जीवन अनिमित र अज्ञात छ, कठीन र अल्प छ, र त्यो पनि दु:खवाट भरिएको छ ।

यस्तो कुनै उपाय छैन जसले गर्दा जन्म भएको मान्छे मर्न नपरोस्, वृद्धपनालाई प्राप्त गरेर पनि मर्नुपर्छ । प्राणीहरूको यस्तै स्वभाव हो ।

जसरी पाकिसकेका फल विहानै झर्ने डर रहन्छ, त्यस्तै नै जन्म लिइसकेका मान्छेलाई सदैव मृत्युको भय लागिरहन्छ ।

जसरी कुह्मालेद्वारा निर्मित माटाका भाँडा सबै फुट्ने खालका हुन्छन्, त्यस्तै जीवन प्राणीहरूको हुन्छ ।

युवक, बूढो, बच्चा र बुद्धिमान सबै मृत्युको वशमा जान्छन् । सबै मृत्युमै पुग्नेवाला हुन् ।

ती मृत्युको अधिन रहनेवालाहरू परलोक गमन गर्ने बेलामा न त पिता पुत्रको रक्षा गर्दछ र न त वन्धु वान्धव वन्धु वान्धव हरूकै रक्षा गर्दछन् ।

बन्धु वान्धवहरूले हेर्दा हेर्दै, अनेक प्रकारका अलाप बिलाप-लाई देख्दादेख्दै पनि मृत्युले एक एक गरी बलिको गोरू (वध गर्न राखिएको गोरू) लाई जस्तै लिएर जान्छ ।

यसरी मान्छे मृत्यु र जरा धर्मवाट पीडित छन्, यसैले धीरजन संसारको स्वभावलाई बुझेर शोक गर्दैनन् ।

जसको आउने र जाने मार्ग नै थाहा छैन, दुवै अन्तहरुलाई नदेखिकनै ब्यर्थमा नै विलाप गरिरहेका छौं ।..."

अज्ञानी जन बिलाप शोक गर्दछ तर आर्य अष्टाङ्गिक मार्गको अभ्यास गर्ने व्यक्तिहरूको लागि दु:ख भनेको कमै हुन्छ । अरहन्त मार्ग फल प्राप्त गरिसकेको ब्यक्तिमा च्यूति चित्त उत्पति हुँदा त्यस च्यूति चित्तपछि प्रतिसन्धि चित्त लाग्दैन । तव जाति, जरा, व्याधि र मृत्युको अन्त हुन्छ ।

अंगुत्तर निकाय (तिक निपात, प्रकरण ६२ भय)मा यसरी उल्लेख गरिएको छ :-

"भिक्षुहरू ! यी तीन भय माता-तुत्र- विहीन भय हुन् । कुन कुन तीन ? जरा-भय, व्याधि-भय र मृत्यु-भय ।

भिक्षुहरू ! छोरोलाई वृद्ध भएको देखेर आमा यो भन्न सक्तिन कि म बूढी हुन्छु, तिमी बूढा नहुनु । आमालाई बूढी भएकी देखेर छोरो यो भन्न सक्तैन कि म बूढो वन्छु, आमा बूढी नहुनु ।

भिक्षुहरू ! छोरो रोगी भएको देखेर आमा यो भन्न सक्तिन कि म रोगी हुन्छु तिमी रोगी नहुनु । आमालाई रोगी भएकी देखेर छोरो यो भन्न सक्तैन कि म रोगी हुन्छु, आमा रोगी नहुनु ।

भिक्षुहरू ! मर्न लागेको छोरोलाई आमा यो भन्न सक्तिन कि म मर्छु, तिमी नमर । आमालाई मर्न लागेकी देखेर छोरो यो भन्न सक्तैन कि म मर्छु, आमा नमर ।

"भिक्षुहरू ! यी तीन माता-पुत्र विहीन भय हुन् ।"

"भिक्षुहरू ! यी तीनै माता-पुत्र-युक्त भयहरूका र यी तीनै माता-पुत्र-विहीन भयहरूलाई प्रहाण गर्ने, अतिक्रमण गर्ने मार्ग छ, पथ छ । भिक्षुहरू ! त्यो मार्ग, त्यो पथ के हो त ?"

भिक्षुहरू ! यो यही आर्य अष्टाङ्गिक मार्ग हो, यथा सम्यक्-दृष्टि, सम्यक् संकल्प, सम्यक् वाचा, सम्यक्-कर्मान्त, सम्वक्-आजीविका, सम्यक्-व्यायाम, सम्यक्-स्मृति तथा सम्यक्-समाधि । भिक्षुहरू ! यी तीनै माता-पुत्र-युक्त भयहरू तथा यी तीनै माता-पुत्र-विहीन भयहरूलाई प्रहाण गर्ने, अतिक्रमण गर्नेवाला मार्ग, पथ यही हो ।"

अरहन्त भइनसकेसम्म च्यूति चित्त पछि प्रतिसन्धि चित्त उत्पन्न हुन्छ । प्रतिसन्धि चित्तलाई पैदा गर्ने कुशल वा अकुशल कर्म जे हुन्छ, त्यसैको आधारमा अर्को जन्मको प्रतिसन्धि चित्त कुशल वा अकुशल विपाक हुन्छ । च्यूति चित्त उत्पति हुनुभन्दा अगाडि सातवटा जवन चित्तहरूको सट्टामा केवल ५ वटा जवन चित्तहरू मात्र उत्पति हुन्छन् । त्यस जन्मका ती अन्तिम जवन चित्तहरू हुन् र तिनैले पुनर्जन्मको हेतु बनिदिन्छ । यी जवन चित्तहरू अकुशल चित्त भएको खण्डमा अर्को जन्मको प्रतिसन्धि चित्त अकुशल विपाक हुन्छ । यी जवन चित्तहरू कुशल चित्त भएमा अर्को जुनीको प्रति-

सन्धि चित्त कुशल विपाक हुन्छ। यी जवन चित्तहरू लोप भइसके पछि च्यूति चित्त उत्पति हुन्छ जुन चित्त त्यस जीवन अवधिको अन्तिम चित्त हो। त्यो च्यूति चित्तको किसिम चाहिं त्यस अन्त हुन लागेको जीवनको प्रतिसन्धि चित्त र भवंग चित्तहरूकै किसिमको अनुरूप नै हुन्छ। च्यूति चित्त लोप भइसके पछि अर्को जीवनको प्रतिसन्धि चित उत्पति हुन्छ। यस चित्तको किसिम कस्तो हुन्छ भन्ने कुरा यसलाई पैदा गर्ने कर्मको किसिममा निर्भर रहन्छ। तसर्थ यो प्रतिसन्धि चित्त भिन्नै किसिमको हुन सक्नेछ।

मर्नुभन्दा केही क्षण अगाडि उत्पति हुने अन्तिम जवन चित्तहरू (अर्थात मरणासन्न जवनहरू) ले पाँच इन्द्रीय द्वारहरू मध्ये कुनै एउटा इन्द्रीयद्वार वा मनोद्वार मार्फत कुनै आलम्बनलाई अनुभव गर्न सक्छन्। (ती मरणासन्न जवनहरूको कर्म, कर्म निमित्त र गति निमित्त यी तीन मध्ये कुनै एउटा आलम्बन अवश्य उत्पन्न हुन्छन्) कोही कोही आफ्नो पूर्वकृत कर्मको चिन्तन गर्ने हुन सक्छन् भने कोही कोही पूर्वकृत कर्मको उपकरण वा चिह्नलाई अनुभव गर्ने हुन सक्छन् अथवा कोही कोही आफ्नो अर्को भव (पुनर्जन्मको स्थान) को संकेत वा बस्तुलाई अनुभव गर्ने हुन सक्छन्। अन्तिम जबन चित्तहरूको आलम्बन जे हुन्छ, त्यसै आलम्बनलाई अर्को जीवनको प्रतिसन्धि चित्त, सम्पूर्ण भवंग चित्तहरू र अर्को जीवनको च्यूति चित्तले पनि अनुभव गर्ने हुन्छ।

जहाँसम्म च्यूति चित्तको कुरा छ, अहिले सकिन लागेको जीवनको प्रतिसन्धि चित्त र भवंग चित्तको जुन किसिम हुन्छ उही किसिमको चित्त च्यूति चित्त हुन्छ। जुन कर्मले त्यस जीवनको प्रतिसन्धि चित्त र भवंग चित्तहरूलाई पैदा गर्‍यो त्यसै कर्मले पैदा गरेको विपाक हो च्यूति चित्त पनि। प्रतिसन्धिको कृत्य र भवंगको कृत्य गर्न सक्ने चित्त १९ प्रकारका हुने भएकोले च्यूतिको कृत्य गर्न सक्ने चित्त पनि१९ नै प्रकारका हुन्छन्। जुन प्रकारका चित्तले प्रतिसन्धि र भवंगको कृत्य गर्न सक्छन् तिनीहरूले नै च्यूतिको कृत्यगर्नसक्छन्।

कोही दुर्घटनामा परेर मर्दा वा अत्यन्त पीडा भएर मर्दा च्यूति चित्तको अघि लाग्ने चित्तहरू अकुशल जवन चित्तहरू नै हुनु पर्छ भन्ने केही छैन। उसले पीडालाई अनुभव गर्दाको वखत द्वेषसहितको अकुशल चित्तहरू प्रवर्तित रहन सक्छन् तर अन्तिम जवन चित्तहरू भने कुशल चित्तहरू हुन सक्छन् । अर्थात च्यूति चित्तको अघि योनिसो मनस्कार रहन सक्छ ।

अंगुत्तर निकाय (छक्क निपात, परिच्छेद ६, महावर्ग, प्रकरण २, फग्गुन) मा भगवान बुद्ध निकै विरामी भइरहेको फग्गुन कहाँ जानु भएको कुराको चर्चा छ। आयुष्मान फग्गुनले सकृदगामीको मार्ग फल लाभ गरेको थियो । किन्तु उनी "पाँच नीवरणहरू" वाट पूर्णतया: मुक्त भइसकेको थिएन । त्यसैले भगवान बुद्धले आयुष्मान फग्गुनलाई भन्नु भयो :–

"फग्गुन ! तिमी ठीक त छौ ? के दु:ख वेदना कम भएर गए पछि फर्केर त आउँदैन होइन ? कम हुँदै गएर समाप्त हुन लागे जस्तो देखिए पछि फेरि फर्केर त आउँदैन होइन ?"

"भन्ते ! म ठीक छैन । मलाई बहुत तिव्र दु:ख वेदना भएर आउँछ, फर्केर जाँदैन। कम हुँदै गएर समाप्त हुँदैन, फर्केरै आउँछ।"

"भन्ते ! जसरी कुनै वलवान् व्यक्तिले धारिलो तलवारले शिरमा काते जस्तै भन्ते ! वायु वहुत जोडसंग शिरमा ठक्कर खान्छ। भन्ते ! म ठीक छैन । मलाई बहुतै तिव्र दु:ख वेदना भएर आउँछ, फर्केर जाँदैन । कम हुँदै गएर समाप्त हुँदैन, फर्केरै आउँछ ।....

– – – – ।"

तब भगवानले धार्मिक कथाद्वारा आयुष्मान फग्गुनलाई शान्त्वना दिएर, सन्तोष दिलाएर, प्रोत्साहित गरेर, प्रसन्न चित्त गराएर आसनबाट उठेर हिंड्नु भयो ।

भगवान जानु भएको थोरै समय पछि नै आयुष्मान फग्गुनको देहान्त भयो । उनको मृत्युका समयमा इन्द्रीयहरू सबै प्रसन्न थिए।

अनि आयुष्मान आनन्द जहाँ भगवान हुनुहुन्थ्यो त्यहाँ गए। भगवानको समीप गईकन अभिवादन गरेर एक छेउमा बसे। एक छेउमा बसेर आयुष्मान आनन्दले भगवानलाई विन्ति गरे-"भन्ते! भगवान हिंड्नु भएको थोरै समय पछि नै आयुष्मान फग्गुनको देहान्त भयो। उनको मर्ने समयमा इन्द्रीयहरू सबै प्रसन्न थिए।" "आनन्द! भिक्षु फग्गुनका इन्द्रीयहरू किन प्रसन्न हुनुहुन्थ्यो ? आनन्द! पहिले भिक्षु फग्गुनको चित्त उन्नतिका बाधक संयोजनहरूबाट मुक्त थिएन। मेरो धर्म-देशना सुनेर उसको चित्त उन्नतिका बाधक पाँचौं संयोजनहरूबाट मुक्त भयो।"

"आनन्द! समय समयमा धर्मश्रवण गर्नाले, समय समयमा धर्मका अर्थलाई विचार गर्नाले ६ वटा शुभ परिणाम हुन्छन्। कुन कुन ६ वटा ?" "आनन्द! एउटा भिक्षुको चित्त उन्नतिको लागि बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्न। त्यसलाई मर्ने वखतमा तथागतको दर्शन मिल्दछ। तथागतले उसलाई यस्तो धर्मको उपदेश दिनु हुन्छ जुन आदिमा पनि कल्याणकारक हुन्छ, मध्यमा कल्याण-कारक हुन्छ, अन्तमा कल्याणकारक हुन्छ, जुन अर्थसहित हुन्छ, जुन व्यंजनबाट युक्त हुन्छ। तथागत केवल परिशुद्ध श्रेष्ठ जीवन-लाई नै मात्र प्रकाशित गर्नु हुन्छ। त्यस धर्म-देशनालाई सुनेर चित्त उन्नतिका बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्छ। हे आनन्द! समय समयमा धर्म श्रवण गर्नाको यो पहिलो शुभ परि-णाम हो।" "आनन्द! फेरि एउटा भिक्षुको चित्त उन्नतिको बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्न। उसलाई मृत्यु हुने बेलामा तथा-गतको दर्शन नभइकन तथागतको श्रावकको दर्शन प्राप्त हुन्छ। तथागतको श्रावकले उसलाई यस्तो धर्मको उपदेश गर्दछ जुन आदिमा कल्याणकारक मध्येमा कल्याणकारक अन्तमा कल्याण-कारक हुन्छ, जुन अर्थ-सहित हुन्छ, जुन व्यंजनबाट युक्त हुन्छ। तथागतको श्रावकले केवल परिशुद्ध श्रेष्ठ जीवनलाई नै मात्र

प्रकाशित गर्नु हुन्छ। उसको धर्म–देशनालाई सुनेर चित्त उन्नतिका वाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्छ। हे आनन्द! समय समयमा धर्म श्रवण गर्नाले यो दोश्रो शुभ परिणाम हो।"

"आनन्द! फेरि एउटा भिक्षुको चित्त उन्नतिको लागि बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्न। उसलाई मर्ने बेलामा न तथागतको दर्शन प्राप्त हुन्छ, न तथागतका श्रावककै दर्शन प्राप्त हुन्छ, किन्तु उसले जुन धर्म पहिले श्रवण गरेको छ, ग्रहण गरेको छ त्यसै विषयमा बिचार गर्दछ, त्यसैलाई मनवाट मनन गर्दछ। उसले जुन धर्म पहिले श्रवण गरेको हो, ग्रहण गरेको हो, त्यसैका विषयमा बिचार गर्नाले त्यसैलाई मनले मनन गर्नाले चित्त उन्नतिका बाधक पाँचै संयोजनहरूबाट मुक्त हुन्छ।"

"हे आनन्द! समय समयमा धर्मका अर्थमा विचार गर्नाको यो तेश्रो शुभ परिणाम हो।..... "

समयमा धर्म श्रवण गरेर समयमै यसको अर्थलाई बिचार गरेर पछि अरहन्त मार्गफल प्राप्त गर्ने अनागामीको मार्गफल लाभी भिक्षुको सम्बन्धमा पनि यस्तै नै भनिएको छ।

चित्तका कृत्यहरूको सारांश

१) प्रतिसन्धि, २) भवंग, ३) आवर्जन, ४) दर्शन, ५) श्रवण, ६) घ्राण (घायन), ७) आस्वादन, ८) स्प्रष्टव्य (संस्पर्श), ९) सम्प्रतिच्छन्न, १०) सन्तीरण, ११) बोट्ठब्बन, १२) जवन, १३) तदारम्मण (तदालम्बन, १४) च्यूति।

मनन गर्न योग्य केही प्रश्नहरू

१) अकुशल विपाकवाला सन्तीर्ण चित्ताले कुन कुन कृत्यहरू गर्न सक्छन् ?

२) उपेक्षा सहगत, कुशल विपाकवाला सन्तीर्ण चित्तद्वारा कुन कुन कृत्यहरू सम्पन्न गर्न सकिन्छन् ?

३) सौमनस्य सहगत कुशल विपाकवाला सन्तीर्ण चित्तले कुन कुन कृत्यहरू गर्न सक्छन् ?

४) कति प्रकारका चित्तले च्यूतिको कृत्य गर्न सकिन्छ ? कुन कुन प्रकारहरूका चित्ताबाट ती कृत्यहरू गर्न सकिन्छन् ?

५) रूप–ब्रह्मलोकहरू र अरूप ब्रह्मलोकहरूमा तदारम्मण चित्त किन उत्पति हुन सक्तैनन् ?

६) के सबै प्रकारका विपाक चित्तहरूले ६ द्वारहरू मार्फत आलम्बनलाई ग्रहण गर्न सक्तछन् ?

परिच्छेद–१६

आलम्बनहरू र द्वारहरू

पाँच इन्द्रीयहरू मध्ये कुनै एक इन्द्रीयद्वार मार्फत वा मनोद्वार मार्फत आलम्वन प्रस्तुत हुँदाका बखत त्यो आलम्वनलाई अनुभव गर्ने चित्त हो भन्ने कुरा के हामी महशूस गर्दछौं र ? जबसम्म हामी वस्तुहरूलाई तिनका यथार्थ सच्चा स्वरूपमा हेर्दैनौं, आत्माले नै आलम्वनहरूलाई ग्रहण गर्दछ र आलम्बनहरू नित्य र आत्मा हुन् भनी हामी सोच्ने हुन्छौं । जस्तो उदाहरणको लागि भनौं, हामीले 'काठको मूढो' देख्दा त्यस घडीमा देखिएको त्यो आलम्वन 'काठको मूढो' नै हो भन्ने तिर नै हाम्रो सोचाइ रहन जान्छ । देख्न सकिने आलम्वन भनेको केवल रंग नै मात्र हो भन्ने कुरा हामी महशूस गर्दैनौं । हामीले 'काठको मूढो' लाई छुंदा काय-इन्द्रीय मार्फत हामीले साह्रोपना वा ठण्डीलाई अनुभव गर्न सकिन्छ । हामी जुन कुरालाई 'मूढो' भन्छौं, त्यो त उत्पति भएर लोप हुने अनेक भिन्न भिन्न रूपहरू हुन् । कुनै पनि आलम्वन प्रस्तुत हुँदा एक समयमा हामी केवल एउटा लक्षणलाई मात्र अनुभव गर्न सक्छौं । विभिन्न द्वारहरू मार्फत देखा पर्ने विभिन्न लक्षणहरूलाई अनुभव गर्न हामीले सिकेको खण्डमा हामीले यथार्थ रूपमा वस्तुहरूलाई देख्न हामी समर्थ हुनेछौं ।

आर्यले जीवनलाई अनार्यले देखे भन्दा भिन्नै तरीकाले देख्छ । अनार्य जनले जे कुरालाई सुख भनी ग्रहण गर्दछ, आर्यजनको

निम्ति त्यो दुःख हुन्छ । अनार्यको निम्ति जे दुःख हुन्छ, आर्यको निम्ति त्यो सुख हुन्छ । संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, तृतीय पण्णासक भाग ४, अगहच सुत्त) मा गागामा यसरी उल्लेख गरिएको छः–

"रूप, शब्द, गन्ध, रस, स्पर्श, र सम्पूर्ण धर्म,
जवतक त्यति अभीष्ट, सुन्दर र मनमोहक भनिन्छन्,
ती देवताहरू सहित सारा संसारका सुख सम्झिन्छ, ।
जहाँ ती निरूद्ध हुन्छन् तिनीहरूलाई उनीहरू दुःख सम्झन्छन्।।
किन्तु, पण्डितजन त सत्कायको निरोधलाई सुख मान्दछन्,
संसारको विचारदेखि उसको विचार केही उल्टो नै रहेको हुन्छ।।
जे कुरालाई अरू सुख भन्दछन्, तिनलाई पण्डितजन दुःख भन्दछन्,
जुन कुरालाई अरू दुःख भन्छन्, तिनलाई पण्डितजन सुख भन्छन्।
दुर्ज्ञेय धर्महरूलाई हेर, मूढ अविद्वानहरूमा
क्लेशावरणमा परेका अज्ञजनलाई यो अन्धकार हुन्छ ।
ज्ञानी सन्तहरूलाई यो खुला प्रकाश भइदिन्छ,
धर्म नजान्नेहरू संगै रहेर पनि नसम्झने हुन्छन् ।।...."

भगवान बुद्धले मानिसहरूलाई उनीहरूको अन्धभाववाट मुक्त पार्नको लागि विभिन्न द्वारहरू मार्फत चित्तद्वारा अनुभव गरिने आलम्बनहरूको बारेमा धेरै पटक उपदेश दिनु भयो । सो उपदेश-हरूका अध्ययनबाट चित्तद्वारा थाहा पाउन सकिने आलम्बनहरू ६ प्रकारका हुन्छन् भन्ने कुरा हामी सिक्छौं ।

पहिलो किसिम हो रंग वा रूपारम्मण । चक्षुद्वारमार्फत जान्न सकिने आलम्बन त रंग नै मात्र हुन सक्छ। हामीले रूख, जनावर वा मान्छेलाई देख्दा हामीले ती आलम्वनलाई चक्षुद्वारद्वारा होइन मनोद्वारद्वारा देख्छौं ।

दोश्रो किसिमको आलम्वन (आरम्मण) हो शब्द वा सद्दारमण।

तेश्रो किसिम हो गन्ध वा गन्धारम्मण ।

चौथो किसिम हो रस वा रसारम्मण ।

पाँचौं किसिम हो काय-इन्द्रीयद्वारा अनुभव गरिने स्पर्श वा फोट्टब्बनरम्मण ।

फोट्टब्बारम्मणमा निम्न रूपहरू हुन्छन्:

पृथ्वी-धातु, तेज-धातु, वायु-धातु, आप-धातु ।

घनत्व (पृथ्वी), संयोग (जल), तापक्रम (अग्नि) र गति (वायु) चार प्रमुख रूपहरू (महा-भूत-रूपहरू) हुन् । संयोग (वा आप-धातु) लाई पनि काय-इन्द्रीयद्वारा अनुभव गर्न सकिन्छ कि भन्ने कुरा मनमा लाग्न सक्छ । आप-धातुलाई काय-इन्द्रीयद्वारा अनुभव गर्न सकिन्न । हामीले पानी छुंदा कडापन वा नरमपना, गर्मी वा ठण्डी, गति वा दवावका लक्षणहरूलाई काय-इन्द्रीय मार्फत प्रत्यक्ष रूपमा अनुभव गर्न सकिन्छ । आप-धातु (संयोग) को लक्षणलाई मनोद्वार मार्फत मात्र अनुभव गर्न सकिन्छ । यो छैठौं वर्गको आरम्मण, धम्मारम्मणमा समावेश हुन्छ ।

धम्मारम्मण अन्तर्गत पहिलो पाँच वर्गहरूमा समावेश नभएका सम्पूर्ण आलम्बनहरू समावेश हुन्छन् । यिनीहरूलाई मनोद्वारमार्फत मात्र अनुभव गर्न सकिन्छ ।

प्रज्ञाको अभ्यास नगर्ने व्यक्तिलाई कुन चाहिं द्वारमार्फत कुन चाहिं आरम्मण उपस्थित हुन्छ भन्ने कुरा स्पष्टतः थाहा हुन्न । आरम्मणहरू र द्वारहरूमा यस्ता व्यक्ति अलमलिन्छ र यसरी ऊ संसारको बारेमा नै अलमलिन्छ । किन्तु आर्यजन संसारको विषयमा अलमलिदैन । उसलाई ६ द्वारहरू मार्फत देखापर्ने आरम्मणहरू केवल नाम र रूप हुन्, आत्मा होइन भन्ने कुरा थाहा हुन्छ ।

छ छक्क-सुत्त, (मज्झिम निकाय, षलायतन वग्ग) को उपदेश ६ द्वारहरू मार्फत प्रस्तुत हुने धर्महरू बुझन वा सम्झनको निम्ति

निकै सहायक हुन्छ । भगवान बुद्ध अनाथपिण्डकको आराम जेतवन महाविहारमा विहार गर्नु हुँदा उहाँले भिक्षुहरूलाई ६ वटा अध्यात्म आयतनहरू र ६ वटा वाह्य आयतनहरू वारेमा व्याख्या गर्नु भयो । ६ अध्यात्म आयतनहरू आलम्बनहरूलाई अनुभव गर्ने ६ द्वारहरू हुन्, जस्तो पाँच इन्द्रीयद्वारहरू र मनोद्वार। (उदाहरणार्थ चक्षु-आयतन, श्रोत-आयतन, घ्राण आयतन, जिह्वा-आयतन, काय-आयतन र मन-आयतन) । ६ बाह्य आयतनहरू भन्नाले ६ द्वारहरू मार्फत अनुभव गरिने ती आलम्बनहरू नै हुन्छ । (जस्तो रूप-आयतन, शब्द-आयतन, गन्ध-आयतन, रस-आयतन, स्प्रष्टव्य (स्पर्श) आयतन र धर्म-आयतन)। भगवान बुद्धले अनि (चक्षु-विज्ञान, श्रोत-विज्ञान, घ्राण-विज्ञान, जिह्वा-विज्ञान, काय-विज्ञान र मनो-विज्ञान) ६ द्वारहरू र ती ६ द्वारहरू मार्फत अनुभव गरिने आलम्बनहरूको कारण उत्पति हुने ६ विज्ञान कायका बारेमा व्याख्या गर्नु भयो । उहाँले ६ किसिमका स्पर्श-काय (यथा: चक्षु-संस्पर्श, श्रोत-संस्पर्श, घ्राण-संस्पर्श, जिह्वा-संस्पर्श काय-संस्पर्श र मन-संस्पर्श), ६ प्रकारका संस्पर्शको कारण उत्पति हुने ६ प्रकारका वेदना काय (यथा: चक्षु-संस्पर्श वेदना, श्रोत-संस्पर्शज वेदना, घ्राण संस्पर्शज वेदना, जिह्वा-संस्पर्शज वेदना, काय-संस्पर्शज देदना र मन-संस्पर्शज वेदना) र ६ वेदना-कायको कारण उत्पति हुने ६ प्रकारका तृष्णा अर्थात ६ तृष्णा-काय (यथा: रूप-तृष्णा, शब्द-तृष्णा, गन्ध-तृष्णा, रस-तृष्णा, स्प्रष्टव्य-तृष्णा र धर्म-तृष्णा) बारेमा व्याख्यान गर्नु भयो । यसरी ६ छक्क, ६ धर्महरूका ६ समूहहरू हुन्छन् ।

भगवान बुद्धले अनि ६ द्वारहरू मार्फत अनुभव गरिएका गोचरका विषयमा लोभ, द्वेष र मोह भएको व्यक्तिको बारेमा व्याख्या गर्नु भयो हामी पढ्छौं:–

"भिक्षुहरू ! चक्षुद्वारा रूपमा चक्षुर्विज्ञान उत्पन्न हुन्छ, यी तीनै अर्थात् चक्षु, रूप र चक्षु विज्ञानको संगम स्पर्श हो, स्पर्शबाट

सुख, दु:ख वा अदु:ख-असुख वेदना उत्पन्न हुन्छ । त्यो (वेदनालाई अनुभव गर्ने) व्यक्ति सुख वेदनाबाट संयुक्त भएमा अभिनन्दन = अभिवंदन गर्दछ, आसक्त भएर त्यसैमा वस्दछ । त्यसमा (मनमा) राग-अनुशय टाँसिएको हुन्छ । त्यो व्यक्ति दु:ख वेदनाबाट संयुक्त भएमा शोक गर्दछ, सन्तप्त हुन्छ, विलाप गर्दछ, छाती पिटी पिटी रून्छ, मूर्छित हुन्छ । त्यसमा प्रतिघ-अनुशय टाँसिएको हुन्छ । त्यो व्यक्ति अ-दु:ख–अ-सुख वेदनावाट संयुक्त भएमा त्यस वेदनाको समुदय (उत्पति), विनाश, आस्वाद, दुष्परिणाम (आदिनव), र निस्सरण (निस्किने बाटो) लाई यथार्थ रूपमा थाहा पाउँदैन । त्यसमा अविद्या-अनुशय टाँसिएको हुन्छ। सुख वेदनावाला व्यक्तिले राग-अनुशयलाई नछोडिकन, दु:ख वेदनावाला व्यक्तिले प्रतिघ-अनुशय-लाई नहटाइकन अ-दु:ख–अ-सुख वेदनावाला व्यक्तिले अविद्या-अनुशयलाई हत्या नगरिकन अरु त्यस्ता व्यक्तिले विद्यालाई उत्पन्न नगरिकन यही जन्ममा संसार (दु:ख) लाई अन्त्य गर्नेवाला हुन्छ भन्ने कुरा सम्भव नै हुन्न ।" अन्य द्वारहरूको वारेमा पनि यसरी नै भनिएको छ । किन्तु लोभ, द्वेष र मोहको वदलामा ६ द्वारहरू मार्फत अनुभव गरिएका गोचरमा योनिश मनसिकार भएको व्यक्तिले भने जन्म र मृत्युको चक्रलाई अन्त्य गर्न सक्दछ । हामी पढ्छौं:–

"भिक्षुहरू ! चक्षुद्वारा रूपमा चक्षुर्विज्ञान उत्पन्न हुन्छ, यी तीनै अर्थात चक्षु रूप र चक्षु-विज्ञानको संगम स्पर्श हो, स्पर्शबाट सुख, दु:ख वा अ-दु:ख-अ-सुख वेदना उत्पन्न हुन्छ । त्यो ब्यक्ति सुख वेदनावाट संयुक्त भएमा अभिनन्दन = अभिवंदन गर्दैन, आसक्त भएर त्यसैमा वस्दैन । त्यसमा राग-अनुशय टाँसिएको हुन्न । दु:ख वेदनावाट संयुक्त भएमा शोक गर्दैन, अलाप गर्दैन, विलाप गर्दैन, छाती पिटी पिटी रूँदैन, मूर्छित हुँदैन । त्यसमा प्रतिघ-अनुशय टाँसिएको हुन्न । त्यो ब्यक्ति अ-दु:ख-असुख वेदनावाट संयुक्त भएमा

त्यस वेदनाको समुदय, विनाश, आस्वाद दुष्परिणाम र निस्सरण (निकास) लाई यथार्थ रूपमा जान्दछ । त्यसमा अविद्या-अनुशय टाँसिएको हुन्न । त्यस्तो सुख वेदनावाला व्यक्तिले राग-अनुशयलाई छाडी, दु:ख वेदनावाला व्यक्तिले प्रतिघ-अनुशयलाई हटाई, अ-दु:ख-अ-सुख वेदनावाला व्यक्तिले अविद्या-अनुशयलाई मारिकन, बिद्या-लाई उत्पादन गरी यसै जन्ममा दु:ख (संसार) को अन्त्य गर्नेवाला हुन्छ, यो सम्भव हुन्छ ।

भिक्षुहरू ! यस प्रकार देखेर, श्रुतवान आर्य श्रावक चक्षुप्रति उदासिन (निर्वेदमा प्राप्त) रहन्छ, रूप प्रति उदासिन रहन्छ, चक्षु-विज्ञान, चक्षु-संस्पर्श..., वेदना..., तृष्णाप्रति उदासिन रहन्छ । त्यो श्रोतप्रति उदासिन रहन्छ, शब्द..., श्रोत-विज्ञान ..., श्रोत-संस्पर्श, ...,वेदना..., र तृष्णाप्रति उदासिन रहन्छ । त्यो व्यक्ति घ्राणप्रति उदासिन रहन्छ, गन्ध ...,घ्राण विज्ञान....,घ्राण-संस्पर्श..., वेदना....र तृष्णाप्रति उदासिन रहन्छ। त्यो ब्यक्ति जिह्वाप्रति उदासिन रहन्छ, रस....,जिह्वा बिज्ञान...., जिह्वा-संस्पर्श...., वेदना...र तृष्णाप्रति उदासिन रहन्छ । त्यो ब्यक्ति कायप्रति उदासिन रहन्छ, स्प्रष्टव्य..., काय-विज्ञान..., काय-संस्पर्श ..., वेदना .... र तृष्णाप्रति उदासिन रहन्छ । त्यो व्यक्ति मनप्रति उदासिन रहन्छ, धर्मप्रति उदासिन रहन्छ, मनोविज्ञान..., मन:संस्पर्श..., वेदना... र तृष्णाप्रति उदासिन रहन्छ, उदासिन रहेर विरक्त हुन्छ, विरक्त भएर विमुक्त हुन्छ। विमुक्त भएपछि "विमुक्त छु" भन्ने ज्ञान हुन्छ । अनि जन्म (आवागमन) नष्ट भयो, ब्रह्मचर्यवास खतम भयो, गर्नुपर्ने जति गरिसकियो र अब यहाँ गर्नु पर्ने केही शेष बाँकी छैन भन्ने कुरा जान्दछ ।

भगवानले यसो भन्नु भयो । सन्तुष्ट भएर ती भिक्षुहरूले भगवानको भाषणलाई अभिनन्दन गरे ।

यस ब्याकरण (उपदेश) को ब्याख्यान गर्दै गरेको बेलामा

साथी भिक्षुहरूका चित्त उपादान रहित भएर आश्रववाट मुक्त भयो ।

छैंठौं किसिमको आलम्वन, धम्मारम्मणलाई ६ प्रकारमा पुर्नविभाजन गर्न सकिन्छः

१) पाँच प्रसाद रूपहरू (पालिमा पसाद रूप भनिन्छ)
२) सूक्ष्म रूपहरू (पालिमा सुखुम रूप भनिन्छ)
३) चित्त
४) चैतसिक (पालिमा चेतसिक)
५) निर्वाण (पालिमा विव्वाण)
६) प्रज्ञप्ति (पालिमा पञ्ञति)

पहिलो प्रकारको धम्मारम्मण अन्तर्गत पाँच प्रसाद रूपहरू आउँछन् । इन्द्रीय-स्पर्शहरूलाई ग्रहण गर्ने क्षमता भएका रूपहरू तिनै रूप प्रसादहरू हुन् । प्रसाद रूपहरू रूप हुन्, नाम होइनन् । तसर्थ तिनीहरू आफैं केही अनुभव गर्दैनन् । प्रसाद रूपहरू चित्त-हरूले आरम्मणहरूलाई अनुभव गर्ने द्वारहरू मात्र हुन् । ती प्रसाद रुपहरूलाई इन्द्रीयद्वारहरू मार्फत जान्न सकिन्न । तिनीहरूलाई त मनोद्वारमार्फत मात्र जान्न सकिन्छ । जस्तो उदाहरणको निम्ति, चक्षु हरूद्वारा हामी चक्षु-प्रसादलाई अनुभव गर्न सक्तैनौं । तर हामी-लाई चक्षु-प्रसाद छ भन्ने कुरा थाहा हुन्छ किनभने "दर्शन" छ ।

सूक्ष्म रूप १६ प्रकारका छन् । रूप जम्मा २८ किसिमका हुन्छन्, जसमध्ये १२ रूपलाई ओलारिक (स्थूल) रूप र १६ रूप-लाई सूक्ष्म रूप भनी वर्गीकरण गरिन्छ ।

ओलारिक रूपहरूमा पाँच इन्द्रीयद्वारहरू मार्फत अनुभव गर्न सकिने सातवटा आलम्वनहरू पर्छन्: आँखा, कान, नाक र जिब्रोका चार इन्द्रीय द्वारहरू मार्फत अनुभव गरिने चार रूपहरू (जस्तै रंग, शब्द, गन्ध र रस) र कायद्वार मार्फत अनुभव गरिने पृथ्वी धातु, तेज-धातु र वायु-धातु जस्ता तीन रूपहरू । अरू पनि

ओलारिक रूपहरू हुन् पाँच प्रसाद रूपहरू (पाँच इन्द्रीयहरू) जुन द्वारहरू मार्फत ती आलम्वनहरूलाई अनुभव गरिन्छ। हामीले देखिसकेका छौं कि पाँच प्रसाद रूपहरूलाई पहिलो वर्गको धम्मा-रम्मणमा वर्गीकरण गरिन्छ।

१६ प्रकारका सूक्ष्म रूपलाई केवल मनोद्वार मार्फत मात्र अनुभव गर्न सकिन्छ। जस्तो ती मध्येका केही रूप हुन् ओजा (पौष्टिक तत्व), वचि विञ्ञति र काय-विञ्ञति इत्यादि। (वचि विञ्ञति) भनेको वोलिको लागि भौतिक हेतुवाला रूप हो र काय-विञ्ञति यस्तो रूप हो शारीरिक अभिव्यक्तिको लागि भौतिक हेतु हो।)

सूक्ष्म रूपहरूको सच्चा स्वभावलाई अनुभव गर्न सकिन्छ कि सकिन्न भन्ने कुरा संचित प्रज्ञामाथि निर्भर गर्दछ। कुनै एक सूक्ष्म रूपको सम्बन्धमा कसैले बिचार गर्नुको अर्थ यो होइन कि सूक्ष्म रूपलाई एक प्रकारको रूप मात्र हो यो, आत्मा होइन भन्ने यसको लक्षणलाई प्रत्यक्ष रूपमा अनुभव गर्ने प्रज्ञा त्यहाँ अवस्थित हुन्छ।

चित्त अर्को किसिमको धम्मारम्मण हो। चित्तहरूले भिन्न भिन्न आलम्वनहरूलाई अनुभव गर्दछन् तर चित्त आफैं पनि आलम्वन हुन सक्छ। चित्तले कुशल चित्तहरू, अकुशल चित्तहरू र अन्य अनेक प्रकारका चित्तलाई नै आफ्नो आलम्वनको रूपमा ग्रहण गर्न सक्छ।

धम्मारम्मणको अर्को किसिम जुन चैतसिक हो यस्तो ५२ प्रकार-कै चैतसिकहरू समावेश हुन्छन्। वेदना एउटा चैतसिक हो। जस्तो उदाहरणको लागि दौर्मनस्य वेदनालाई चित्तद्वारा जान्न सकिन्छ। तव चित्तको आलम्बन धम्मारम्मण हुन्छ। कसैले साह्रोपनालाई अनुभव गर्छ भने त्यो आलम्बन (स्पर्श) फोट्ठब्बारम्मण हो, धम्मा-रम्मण होइन। साह्रोपन र शारीरिक दुःख वेदना एकपछि अर्को तुरुन्तै देखा पर्न सक्छ। साह्रोपन र दुःख वेदना भिन्न भिन्न आल-म्बनहरू हुन् भन्ने कुरा नबुझने कोही छ र ऊ नाम र रूपको भिन्न

भिन्न लक्षणहरू वारेमा पनि अनभिज्ञ छ भने उसले ती आलम्वनहरूलाई आत्मा भनी ग्रहण गरिरहने हुन्छ। चित्तले सबै प्रकारका आरम्मणहरूलाई अनुभव गर्न सक्तछ। निर्वाणलाई पनि चित्तद्वारा नै अनुभव गर्न सकिन्छ। निर्वाण धम्मारम्मण हो। यसलाई मनोद्वार मार्फत मात्र अनुभव गर्न सकिन्छ। यसरी चित्तले ससांस्कारिक धर्महरू र असांस्कारिक धर्महरू दुबैलाई अनुभव गर्न सक्छ। ससांस्कारिक धर्मलाई अनुभव गर्ने चित्त लौकिक चित्त हो। निर्वाणलाई प्रत्यक्ष रूपमा अनुभव गर्ने चित्त लोकोत्तर चित्त हो।

अर्को किसिमको धम्मारम्मण हो प्रज्ञप्ति अर्थात लौकिक निरूक्तिहरू, धारणाहरू र विचारहरू यसरी हामी के देख्छौं भने चित्तले नाम र रूप जस्ता परमार्थ धर्महरू र प्रज्ञप्ति जस्ता अ-परमार्थ धर्महरू दुबैलाई जान्न सक्तछ।

प्रज्ञप्ति परमार्थ धर्म होइन। प्रज्ञप्तिको विषयलाई लिएर चिन्तन हुँदा नाम धातुले चिन्तन गर्ने हो। नाम परमार्थ धर्म हो। तसर्थ त्यस क्षणको तथ्य कुरा त चिन्तन हो।

लौकिक भाषाहरूले तथ्यहरू र तथ्य नभएका कुराहरू दुबैलाई जनाउन सक्छन्। आफैंमा जुन परमार्थ धर्म होइन त्यस्तो शब्दले पनि परमार्थ धर्मलाई जनाउन सक्छ। उदाहरणको लागि, नाम र रूप भन्ने शब्दहरू प्रज्ञप्ति हुन् तर तिनीहरूले परमार्थ धर्मलाई वोध गराउँछन्। परमार्थ धर्म र प्रज्ञप्ति बीच के भेद छ भन्ने कुरा जान्नु उपयोगी हुन्छ। हामीहरू नाम र रूप भन्ने शब्दहरूमै मात्र टाँस्सिएको नाम र रूप उत्पति हुँदाका बखत तिनका लक्षणहरूप्रति सजग नभई केवल नाम र रूपको वारेमा मात्र चिन्तन गरेर वस्यौं भने हामीले धर्महरूलाई जान्नको बदलामा प्रज्ञप्तिहरूलाई मात्र जान्ने छौं।

रंग, शब्द, गन्ध रस र स्पर्श जस्ता आरम्मणका किसिमहरू

रूप हुन्, छैठौं वर्ग, ६ किसिमका धम्मारम्मण अन्तर्गत नाम, रूप र प्रज्ञप्ति पनि समावेश हुन्छ ।

भिन्न भिन्न आलम्वनहरूलाई भिन्न भिन्न द्वारहरूमार्फत अनुभव गर्न सकिन्छ । जस्तो भनौं, चक्षुले रंगको अनुभव गर्नको निमित्त चक्षुमा (रंगको स्पर्शलाई ग्रहण गर्ने क्षमता भएको रूप) प्रसाद रूप हुनु जरूरी छ । आँखामा प्रसाद रूप नभएको खण्डमा चित्तले रंगलाई अनुभव गर्न सक्तैनथ्यो ।

इन्द्रीयद्वार वीथिका चित्ताहरू चक्षु, कान, नाक, जिह्वा र काय-इन्द्रीयका द्वारहरू मार्फत आ-आफ्ना आलम्बनहरूलाई जान्दछन् । जहाँसम्म काय-इन्द्रीयको सम्वन्ध छ, शारीरिक संस्पर्शहरू जस्तो साह्रोपन, नरमपन, गर्मी, ठण्डी, गति वा दवाव आदिलाई ग्रहण गर्मे क्षमता भएको प्रसाद–रूप भनेको शरीरको कुनै पनि भाग हो जसले यस्ता स्पर्शहरूलाई ग्रहण गर्न सक्छन् । यसरी चेतना शक्ति नभएको शरीरका अंशहरू वाहेक अरू शरीरका कुनै भाग पनि काय-द्वार हुन सक्छ ।

पाँच द्वारहरू रूप हुन् र एकद्वार नाम हो । मनोद्वार नाम हो। मनोद्वार वीथिका चित्तहरूले आलम्वनहरूलाई मनोद्वार मार्फत अनुभव गर्दछन् । मनोद्वारावर्जन चित्त उत्पति हुनुभन्दा अगाडि भवंग चलन र भवंगुपच्छेद प्रर्वातत हुन्छम् । मनोद्वारावर्जन चित्तको अघि उत्पति हुने चित्त भवंगुपच्छेद चाहिं मनोद्वार हो । यसै द्वारमार्फत मनोद्वारावर्जन चित्तले आफ्नो आलम्बनलाई अनुभव गर्दछ ।

कुन कुन द्वारमार्फत चित्तहरूले भिन्न भिन्न आलम्वनहरूलाई अनुभव गर्दछन् भन्ने कुरा जान्नु उपयोगी हुन्छ । जस्तो उदाहरणको लागि, रंग, जुन रूपारम्मण हो, लाई चक्षुद्वार मार्फत र मनोद्वार दुवै मार्फत अनुभव गर्न सकिन्छ । इन्द्रीयद्वार वीथि र मनोद्वार

वीथि दुवैमा जवन चित्ताहरू उत्पति हुन्छन् । अरहन्त नभइसकेका पुद्गलको सम्बन्धमा यी जवन चित्ताहरू कुशल चित्तहरू वा अकुशल चित्तहरू हुन्छन् । चक्षुद्वार मार्फत रंगलाई अनुभव गर्दाका वखत सम्म त्यो के आलम्बन हो भन्ने कुरा अझै थाहा भइसकेको हुन्न । किन्तु पहिले नै इन्द्रीयद्वार वीथिमा देखिएको वस्तुप्रति लोभ वा द्वेष वा मोह उत्पति हुन सक्छ । क्लेशहरूले गहिरोसंग जरा हालेका हुन्छन् । तिनीहरू सबै ६ द्वारहरू मार्फत उत्पन्न हुन सक्छन् । इन्द्रीयद्वारहरू मार्फत अनुभव गरिएका आलम्बनहरू प्रतिको दासत्व ती आलम्बनहरूकै कारण हुन्छ भन्ने कुरा हामी सोच्न सक्छौं । तर क्लेशहरू आलम्बनहरूको कारण हुने होइन, आलम्बनहरूलाई अनुभव गर्ने चित्तामा क्लेश संचित रहन्छन् ।

संयुक्त निकाय (षलायतन वर्ग, षलायतन संयुत्त परिच्छेद १, चतुर्थ पण्णासक, भाग ३, समुद्र वर्ग, कोट्ठिक्ष सुत्त) मा सारिपुत्र र महाकोष्ठित वाराणसी नजिकै ऋषिपतन मृगदावनमा विहार गरिरहँदा महाकोष्ठित र सारिपुत्रका बीच छलफल भएको विषयमा यसरी चर्चा गरिएको छ । आयुष्मान महाकोट्ठितले आयुष्मान सारिपुत्रलाई भन्नु भयो:–

"आवुस ! के चक्षु रूपहरूको बन्धन (अर्थात संयोजन) हो कि रूप नै चक्षुको बन्धन हो ? जिह्वा रसहरूको बन्धन हो कि रस नै जिह्वाको वन्धन हो ? के मन धर्महरूको वन्धन हो कि धर्म नै मनको वन्धन हो ?

आवुस कोट्ठित ! न चक्षु रूपको बन्धन हो, न रूप नै चक्षुको वन्धन हो ।... न जिह्वा रसको वन्धन हो, न रस नै जिह्वाको बन्धन हो । न मन धर्मको बन्धन हो, न धर्म नै मनको वन्धन हो । किन्तु जो त्यहाँ दुवैको प्रत्ययवाट छन्दराग उत्पन्न हुन्छ त्यही त्यहाँ वन्धन हो ।...

आवुस ! यदि चक्षु रूपहरूको बन्धन भएको भए वा रूप नै चक्षुको बन्धन भएको भए, दु:खको बिल्कुल क्षयको लागि ब्रह्मचर्य-वास सार्थक सम्झिदैनथ्यो ।

आवुस ! किनकि, चक्षु रूपको बन्धन होइन, न रूप नै चक्षु-को बन्धन हो, बल्कि चक्षु र रूपको प्रत्ययबाट जो छन्दराग उत्पन्न हुन्छ त्यहाँ त्यही बन्धन हुन्छ । त्यसैले दु:खको पूर्ण क्षय (प्रहाण) को लागि ब्रह्मचर्यवासको शिक्षा दिइन्छ ।...

आवुस ! भगवान शास्ताको पनि चक्षु छ । भगवान शास्ता चक्षुबाट रूपलाई हेर्नु हुन्छ । किन्तु भगवान शास्तामा दु नै छन्दराग हुँदैन । भगवानको चित्त राम्ररी विमुक्त भइसकेको छ ।....

आवुस ! यस प्रकारले पनि थाहा पाउनु पर्छ कि न त चक्षु रूपको बन्धन (वा संयोजन) हो, न रूप नै चक्षुको बन्धन हो । किन्तु, रूप र चक्षुको प्रत्ययबाट जो छन्दराग उत्पन्न हुन्छ त्यो नै त्यहाँ बन्धन हो ।

मनन गर्न योग्य केही प्रश्नहरू

१) कुन कुन द्वारहरू मार्फत गतिलाई अनुभव गर्न सकिन्छ ?
२) कुन द्वार मार्फत काय-प्रसाद रूपलाई अनुभव गर्न सकिन्छ ?
३) संयोग (आप-धातु) कुन किसिमको आरम्मण हो ?
४) लोभ मूल चित्त कुन वर्गको आरम्मण हो ?
५) लोभ-मूल चित्तलाई कुन द्वारमार्फत अनुभव गर्न सकिन्छ ?
६) लोभ-मूल चित्तले कुन कुन द्वारहरू मार्फत आरम्मणलाई अनुभव गर्न सकिन्छ ?
७) ठण्डीपन वा चीसोपना कुन किसिमको आरम्मण हो ?
८) दु:ख वेदना कुन वर्गको आरम्मण हो ?

९) दौर्मनस्य वेदना कुन किसिमको आरम्मण हो ?

१०) प्रज्ञा कुन किसिमको आरम्मण हो ?

११) के "शान्ति" भन्ने शब्द आरम्मण हो ? भए कुन वर्गको ?

१२) कतिवटा द्वारहरू रूप हुन् र कति बटा चाहिं नाम हुन् ?

१३) के रंगलाई मनोद्वार मार्फत अनुभव गर्न सकिन्छ ?

१४) के रंग धम्मारम्मण हो ?

१५) रूपारम्मण (रंग) कतिवटा अहेतुक चित्तहरूको आलम्बन हुन्छ ?

१६) धम्मारम्मण कतिवटा अहेतुक चित्तहरूको आलम्बन हुन्छ ?

१७) रूपारम्मणलाई चित्तले कतिवटा द्वारहरू मार्फत जान्दछ ?

१८) चित्तले कतिवटा द्वारहरू मार्फत धम्मारम्मणलाई जान्दछ ?

१९) मनोद्वार मार्फत कति किसिमका आरम्मणलाई जान्दछ ?

परिच्छेद–१७

द्वारहरू तथा चित्तका भौतिक आधारहरू (वत्थुहरू)

भगवान बुद्धले ६ द्वारहरू मार्फत अनुभव गरिएका आलम्वनहरूद्वारा मोहित रहनाका दुष्परिणामहरू बारेमा उपदेश दिनु भयो। उहाँले लोकजनहरूलाई ६ द्वारहरू मार्फत अनुभव गरिने आलम्वनहरूलाई अनित्य र अनात्म धर्महरूको रूपमा, नाम र रूपको रूपमा जान्ने प्रज्ञाको विकास गर्न उपदेश दिनु भयो। जे अनित्य छ त्यो दुःख हो, त्यो सुख हुन सक्तैन। जब हामी वस्तुहरूलाई यथार्थ रूपमा जान्ने हुन्छौं, हामी आलम्वनहरूद्वारा कम मोहित रहने छौं।

संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, षलायतन संयुत्त द्वितीय पण्णासक, भाग ३, ग्लान वर्ग, भिक्खु सुत्त) मा बुद्धोपदेशका उद्देश्य बारेमा उल्लेख गरिएको छ। सूत्रमा भनिएको छः–

"अनि, केही भिक्षुहरू भगवानका समीप आए र भगवानलाई अभिवादन गरिकन एक छेउमा बसे। एक छेउमा बसेर ती भिक्षुहरूले भगवानलाई बिन्ति गरेः–

भन्ते ! अर्कै मत भएका साधुहरू हामीसंग प्रश्न गर्छन्– आवुस ! श्रमण गौतमको आसनमा तपाईहरू ब्रह्मचर्य पालन किन गर्नु हुन्छ ?

भन्ते ! यसरी प्रश्न गरिंदा हामीहरू यसरी जवाफ दिन्छौं– आवुस ! दु:खलाई ठीक ठीक रूपमा सम्झन बुझनको लागि हामी-हरू भगवानको शासनमा ब्रह्मचर्यको पालन गर्दछौं ।

भन्ते ! यस्तो प्रश्नको यस्तो उत्तर दिएर हामीहरूले सुगतको सिद्धान्तलाई ठीकसंग त प्रतिपादन गरेका छौं, होइन र ? भगवान-को सिद्धान्तको विपरीत हुने गरी असत्य भाषण त हामी गर्दैनौं ? के हामी भगवानको उपदेश अनुकूल जवाफ दिन्छौं ? के यसरी जवाफ दिंदा भगवानको धर्मोपदेश संग सहमत हुने र भगवानको सिद्धान्तलाई परिपालन गर्ने व्यक्तिहरूले निंदा उपहास त गर्न सक्तैन, होइन र ?

भिक्षुहरू ! यस प्रश्नको उत्तर यसरी दिएर तिमीहरूले मेरो सिद्धान्तको अनुकूल नै भनेका हुन्छौं .... कि दु:खलाई ठीकसंग सम्झन बुझनको लागि नै मेरो शासनमा ब्रह्मचर्य पालन गरिन्छ ।

भिक्षुहरू ! यदि भिन्न मत भएका साधु तिमीहरूसंग प्रश्न गर्छन् कि आवुस ! त्यो दु:ख के हो जुनलाई ठीकसंग सम्झन बुझनको लागि श्रमण गौतमको शासनमा ब्रह्मचर्य पालन गरिन्छ ? तव तिमीहरूले उनीहरूलाई यसरी उत्तर दिनु–

आवुस ! चक्षु दु:ख हो । यसलाई ठीक ठीक रूपमा सम्झन बुझनको लागि श्रमण गौतमको शासनमा ब्रह्मचर्य पालन गरिन्छ । रूप दु:ख हो ,... चक्षु विज्ञान दु:ख हो... चक्षु संस्पर्शले गर्दा उत्पन्न हुने सुख वेदना वा दु:ख वेदना वा अ-सुख–अ-दु:ख वेदना दु:ख हो जसलाई ठीक ठीक रूपमा बुझनको लागि श्रमण गौततको शासनमा ब्रह्मचर्य पालन गरिन्छ । श्रोत...। घ्राण...। जिह्वा...। काया..,। मन.,. दु:ख हो । आवुस ! यही दु:ख हो जुनलाई ठीक ठीक रूपबाट जान्नको लागि श्रमण गौतमको शासनमा ब्रह्मचर्य पालन गरिन्छ ।

यसरी, भिक्षुहरू ! भिन्न वादवाला साधुहरूले प्रश्न गर्दा यसरी तिमीहरूले जवाफ दिनु पर्दछ ।"

दर्शन, रंग, वेदना वा चिन्तन इत्यादिको रूपमा देखापर्ने नाम र रुपको बारेमा स्मृतियुक्त रहेर हामीले आफैंलाई भगवान बुद्धको उपदेशहरूको सत्यतालाई प्रमाणित (सिद्ध) गर्न सक्छौं । ६ द्वारहरू मार्फत अनुभव गरिने आलम्बनहरू अनित्य हुन्, आत्मा होइन भन्ने कुरा हामी सिद्ध गर्न सक्छौं । अर्काको अन्धानुसरण गर्ने व्यक्तिहरूले वा सत्यको बारेमा केवल कल्पनामा उड्ने व्यक्ति-हरूले सत्यको ज्ञान गर्ने छैनन् । संयुक्त निकाय (षलायतन वर्ग, परिच्छेद १, षलायतन संयुत्त तृतीय पण्णासक, भाग ५, अत्थि नु खो परियाय सुत्त) मा भगवानको निम्न उपदेशको चर्चा गरिएको छः—

"भिक्षुहरू ! के कुनै यस्तो कारण छ जस्ले गर्दा भिक्षु विना श्रद्धा, रूची, अनुश्रव, आकार परिवितक र दृष्टि निध्यान शान्तिको परम ज्ञानको साथै यस्तो भन्न सकोस् कि जाति क्षीण भयो, ब्रह्म-चर्य पूरा भयो, गर्नुपर्ने कार्य गरिसकियो, अब पुनर्जन्म हुने छैन ?

भन्ते ! हाम्रो लागि धर्मको मूल भगवान नै...।

हो भिक्षुहरू ! यस्तो कारण छ जसले गर्दा भिक्षु विना श्रद्धा... जाति क्षीण भयो... थाहा पाउँछ ?

भिक्षुहरू ! त्यो कारण के हो ?

भिक्षुहरू ! चक्षुबाट रूपलाई देखेर यदि आफ्नो भित्र राग, द्वेष, मोह भएमा त्यो भिक्षु जान्दछ कि मेरो भित्र राग, द्वेष, मोह छ । यदि आफूमा भित्र राग, द्वेष, मोह छैन भने उ जान्दछ कि मेरो भित्र राग, द्वेष, मोह छैन।

भिक्षुहरू ! यस्तो अवस्थामा के त्यो भिक्षु श्रद्धाबाट, रूचीबाट, अनुश्रव, सुने भरको कुरा), आकार परिवितर्क र दृष्टिनिध्यान क्षान्तिबाट धर्महरूलाई जान्दछ त ?

होइन भन्ते !

भिक्षुहरू! के यो धर्म प्रज्ञाबाट देखेर जानिन्छ त ?

हो भन्ते !

भिक्षुहरू ! यही कारण हो जसबाट भिक्षुले बिना, श्रद्धा रूची, अनुश्रव, आकार परिवितर्क र दृष्टिनिध्यान क्षान्तिको परम ज्ञानबाट यस्तो भन्न सक्छ– जाति क्षीण भयो, ब्रह्मचर्य पूरा भयो, गर्नुपर्ने कार्य गरिसकियो, अब पुनर्जन्म हुनु छैन ।''

श्रोत-द्वार, घ्राण-द्वार, जिह्वा-द्वार, काय-द्वार र मनोद्वारको सम्वन्धमा पनि यही नै भनिएको छ ।

हामीले अभिधर्मको अध्ययन गर्दा ६ द्वारहरूमार्फत देखा पर्ने धर्महरूलाई यथार्थ रूपमा बुझ्ने प्रज्ञा मार्फत क्लेशहरूको उन्मूलन गर्ने बुद्धोपदेशित धर्मको उद्देश्य हो भन्ने कुरालाई मनमा राख्नु राख्न पर्छ। यसै तरीकाबाट नै जन्म र मरणको चक्रको अन्त्य हुनेछ । अभिधर्म भनेको एउटा सैद्धान्तिक पाठ्य पुस्तक होइन, वल्कि दैनिक जीवनमा प्रकट भइरहने वास्तविकताहरूको ब्याख्यान हो भन्ने कुरा हामीले सझनु पर्दछ । हामी नाम र रूप बारेमा सिक्छौं । इन्द्रीयद्वार वीथि र मनोद्वार वीथिमा प्रत्येक चित्तको आफ्नै कृत्य हुने चित्तहरूको बारेमा सिक्छौं । बारंबार इन्द्रीयद्वार वीथिहरू र मनोद्वार वीथिहरू उत्पन्न हुन्छन् र चित्तका यी वीथिक्रममा आलम्वनहरुलाई अनुभव गरिन्छन् । नाम र रूप उत्पति हुँदाका बखत हामीमा स्मृति रहेको खण्डमा क्लेशहरूलाई जरैदेखि उखेलेर फ्याँक्न सक्ने प्रज्ञाको बिकास हुन्छ । यस प्रकारको प्रज्ञा कुनै पनि किसिमको सैद्धान्तिक ज्ञानभन्दा गहिरो हुन्छ ।

उत्पति र विनाश हुने नाम र रूप ससंस्कृत धर्म हुन्, तिनीहरू विभिन्न हेतुका कारण उत्पति हुन्छन् । अभिधर्मको अध्ययनबाट हामी नाम र रूपका विभिन्न हेतुहरू बारेमा ज्ञान प्राप्त गर्छौं । जस्तो उदाहरणको लागि, दर्शन विपाक हो र यो कर्म फलको फल हो

भन्ने कुरा सिक्छौं । किन्तु दर्शनको लागि कर्म नै मात्र हेतु होइन। दर्शनको आलम्बन-रंग जो छ त्यो पनि हेतु हो । चक्षु-इन्द्रीय, जुन रंगलाई ग्रहण गर्ने शक्ति भएको चक्षुमा रहेको एक प्रकारको रूप हो, (प्रसाद-रूप) पनि एउटा हेतु हो ।

चक्षु-इन्द्रीयमा रहेको रूप नै दर्शनको लागि द्वार हो । द्वार भनेको चित्तले आलम्बनलाई अनुभव गर्ने माध्यम हो । चक्षुद्वारावर्जन चित्त र चक्षु-विज्ञानले मात्र चक्षु-द्वार मार्फत आलम्बनहरूलाई अनुभव गर्ने होइनन्, त्यस वीथिका अन्य चित्तहरू जस्तो सम्प्रतिच्छन्न चित्त, सन्तीर्ण चित्त, वोट्ठब्बन चित्त, जवन चित्तहरू र तदालम्बन चित्तहरू पनि आलम्बनलाई भोग गर्नको निम्ति त्यही द्वार माथि आश्रित हुन्छन् । ती चित्तहरूले अनुभव गरेको त्यो रूपको निरोध भइसकेपछि, त्यस आलम्बनलाई मनोद्वार मार्फत पनि अनुभव गर्न सकिन्छ ।

६ द्वारहरू मध्ये कुनै एक द्वारमार्फत आलम्बनलाई अनुभव गरिने प्रक्रियामा उत्पन्न हुने चित्तहरूलाई वीथि-चित्तहरू भनिन्छ । जुन द्वार मार्फत वीथि-चित्तहरू भनिन्छ । जुन द्वार मार्फत वीथि चित्तहरूले आलम्बनहरूलाई ग्रहण गर्दछन्, त्यसै द्वारको नाउँबाट वीथि-चित्तहरूलाई नामकरण गरिन्छ । जस्तो चक्षु-द्वारमार्फत आलम्बनलाई ग्रहण गर्ने चित्तहरूलाई चक्षुद्वार वीथि-चित्तहरू भनिन्छ । कर्णद्वार मार्फत आलम्बनलाई अनुभव गर्ने चित्तहरूलाई श्रोत-द्वार-वीथि-चित्तहरू भनिन्छ, मनोद्वार मार्फत आलम्बनहरूलाई अनुभव गर्ने चित्तहरूलाई मनोद्वार-वीथि-चित्तहरू भनिन्छ ।

चित्तका भिन्न भिन्न वीथिहरू (प्रक्रियाहरू) का बीचबीचमा भवंग चित्तहरू प्रवर्तित हुनु जरूरी हुन्छ । भवंग-चित्तहरू वीथि-चित्तहरू होइनन् । ६ द्वारहरू मध्ये कुनै एकद्वार मार्फत आलम्वनलाई अनुभव गर्ने चित्तहरूको वीथिको भाग नै भवंग चित्तहरू होइनन् । भवंग चित्तहरूले कुनै पनि द्वार माथि निर्भर नरहिकनै

आलम्वनलाई ग्रहण गर्दछन् । जीवनको प्रथम चित्त, प्रतिसन्धि चित्तले जुन आलम्वनलाई अनुभव गर्दछ त्यसै आलम्वनलाई भवंग चित्तहरूले पनि अनुभव गर्दछन् । जीवनको अन्तिम चित्त, च्यूति-चित्ताले पनि प्रतिसन्धि चित्त र त्यस जीवनको सम्पूर्ण भवंग चित्त-हरूले जुन आलम्वनलाई अनुभब गरेका छन् त्यसै आलम्बनलाई अनुभव गर्दछ । प्रतिसन्धि-चित्त, भवंग-चित्त र च्यूति-चित्त वीथि-विमुक्ति-चित्तहरू (पालिमा वीथि-विमुत्ति-चित्त) हुन् ।

वीथि-विमुक्ति-चित्तहरूले अनुभव गर्ने (ग्रहण गर्ने आलम्बन के हो त ? हामीले माथि उल्लेख गरिसकेका छौं, हाल अन्त हुन लागेको जीवनको च्यूति चित्तको अघि उत्पन्न हुने अन्तिम जवन चित्तहरू नै उनले कुन किसिमको पुनर्जन्म प्राप्त गर्ने हो भने कुराको लागि निर्णायक हुन्छन् । यी जवन चित्तहरू (मरणासन्न जवन चित्तहरू) कुशल चित्त भए प्रतिसन्धि चित्त कुशल विपाक चित्त हुने हुन्छ र यी जवन चित्तहरू अकुशल चित्त भए प्रतिसन्धि चित्त अकुशल विपाक चित्त हुने हुन्छ । जीवनका अन्तिम जवन चित्तहरूले अनुभव गर्ने त्यो आलम्बन ६ द्वारहरू मध्ये कुनै एउटा द्वार मार्फत प्रकट हुन सक्छ । अर्को जन्मको प्रतिसन्धि चित्तले यी मरणासन्न जवन चित्तहरूले जुन आलम्वनलाई अनुभव गर्दछ उही आलम्बनलाई अनुभव गर्दछ । प्रतिसन्धि चित्तले मात्र होइन, त्यस जीवनका सम्पूर्ण भवंग चित्तहरू र च्यूति चित्तले पनि त्यही आलम्वनलाई अनुभव गर्दछन् ।

एक जीवनको अन्तिम जवन चित्तहरूनै अर्को जीवनको प्रतिसन्धि चित्तको हेतु हुन्छ । यी जवन चित्तहरू पछि उत्पति हुने च्यूति चित्तले चाहिं यी मरणासन्न जवन चित्तहरूबाट स्वतन्त्र रहेर आलम्वनलाई अनुभव गर्दछ । यस च्यूति चित्तले अन्त हुन लागेको जीवनको प्रतिसन्धि चित्त र भवंग चित्तहरूले जुन आलम्बनलाई अनुभव गरेको हुन्छन् । उही आलम्बनलाई अनुभव गर्दछ । तर

अर्को जीवनको प्रतिसन्धि चित्ताले भने अघिल्लो जीवनको च्यूति चित्ताबाट भिन्न रहेको आलम्बनलाई अनुभव ग्रहण गर्न सक्छ। किनभने, यो प्रतिसन्धि चित्त चाहिं अघिल्लो जीवनका मरणासन्न जवन चित्ताहरूको कारणले उत्पन्न हुन्छ। यसरी हामी के देख्छौं भने वीथि-विमुक्ति-चित्तहरूले सम्पूर्ण जीवन भरिनै ६ द्वारहरूमा ठक्कर खाने (स्पर्श गर्ने) आलम्वनहरूलाई अनुभव गर्ने होइनन्, ती चित्तहरूले त चित्ताका वीथि क्रममा अनुभव गरिने आलम्वनहरू भन्दा सर्वथा भिन्न आलम्वनहरूलाई नै अनुभव गर्दछन्।

चित्तलाई द्वारको किसिमको आधारमा वर्गीकरण गर्नु पनि उपयोगी हुन्छ। चित्तलाई द्वारको आधारमा पनि वर्गीकरण नगरिकन केवल कृत्यके आधारमा मात्र वर्गीकरण गरिएको खण्डमा उसलाई कुन चाहिं चित्तालाई भनिएको हो भन्ने कुरा पनि थाहा नहुन सक्छ। जस्तो उदाहरणको लागि, पंचन्द्वारावर्जन चित्ताको आवर्जनको कृत्य हुन्छ। यदि उसलाई यो चित्तले पाँच इन्द्रीय द्वारहरू मार्फत आवर्जनको कृत्य गर्छ भन्ने कुरा थाहा पाएन भने आवर्जनको कृत्य गर्ने मनोद्वारावर्जन चित्तासंग पंचद्वारावर्जन चित्त मिसाई ऊ अलमलिन सक्छ। मनोद्वारावर्जन चित्तले भने मनोद्वार मार्फत मात्र आवर्जनको कृत्य गर्दछ।

केही चित्ताहरूले एकै द्वार मार्फत आफ्ना कृत्य गर्दछन्। उदाहरणको लागि भनौं, श्रोत-विज्ञानवाला दुई प्रकारका चित्ताहरू (जुन कुशल विपाक वा अकुशल विपाक हुन सक्छ) ले एउटै द्वार-श्रोतद्वार मार्फत मात्र आफ्ना कृत्यहरू गर्दछन्। कुनै चित्ताहरू एक भन्दा बढी द्वारहरू मार्फत आफ्ना कृत्यहरू गर्दछन्। सम्प्रतिच्छन्न चित्तले, आलम्बनद्वारा जुन द्वारमा स्पर्श गरेको हो त्यसमाथि निर्भर रही पाँच द्वारहरू मार्फत आफ्नो कृत्य गर्दछ। सन्तीर्ण चित्ताको भने विभिन्न द्वारहरू मार्फत गरिने भिन्न भिन्नै कृत्यहरू

हुन्छन् र यसले पनि कुनै एउटा द्वारमाथि निर्भर नगरिकनै कृत्यहरू गर्छन्। यसले प्रतिसन्धि, भवंग र च्यूतिका कृत्यहरू गर्दा यस्तै हुन्छ।

चित्तलाई वेदना अनुसार पनि वर्गीकरण गरिनु पर्छ। जस्तो सन्तीर्ण चित्त उपेक्षा र सौमनस्य सहगत हुन सक्छ। सौमनस्य सहगत सन्तीर्ण चित्तले पाँच द्वारहरू मार्फत सन्तीरणको कृत्य र ६ द्वारहरू मार्फत तदारम्मणको कृत्य गर्न सक्छ।

सन्तीर्ण चित्त उपेक्षा सहगत हुँदा (र त्यस अवस्थामा यो कुशल विपाक वा अकुशल विपाक हुन सक्छ) यसले पाँच कृत्यहरू गर्न सक्छ:

१) पाँच द्वारहरू मार्फत सन्तीरणको कृत्य।
२) ६ द्वारहरू मार्फत तदारम्मणको कृत्य।
३) कुनै द्वार माथि निर्भर गरे बिना प्रतिसन्धिको कृत्य।
४) कुनै द्वार माथि निर्भर गरे बिना भवंगको कृत्य।
५) कुनै द्वार माथि निर्भर गरे बिना च्यूतिको कृत्य।

चित्तका प्रक्रियाहरूमा चित्त उत्पति हुना निमित्त आधार हो द्वार। भौतिक आधार वा बस्तु (पलिमा वत्थु) चित्तको निम्ति अर्को आधार हो। नाम र रूप दुवै हुने भूमिहरूमा शरीरबाट अलग भएर वा स्वतन्त्र रूपमा चित्तहरू उत्पत्ति हुन्नन्, उत्पति हुने चित्तको उद्‌गम स्थानको रूपमा रूप हुन्छ। के दर्शन हुँदा देहभन्दा बाहिर दर्शन उत्पति हुन सक्छ ? श्रोत वा चिन्तन हुँदा पनि के यी चित्तहरू शरीर बिना उत्पति हुन सक्छन् ? यस्तो हुनु सम्भव हुन्न। दर्शन कहाँ उत्पति हुन्छ ? यो हाम्रो पाखुरा वा कानमा त उत्पति हुन सक्तैन। यसको भौतिक आधार (वत्थु) को रूपमा यसलाई चक्षु चाहिन्छ। रंगलाई ग्रहण गर्न सक्ने चक्षुमा रहेको रूप-जो चक्षुप्रसाद रूप हो त्यो देख्ने चित्तको निमित्त भौतिक आधार (वत्थु) हो। वस्तु (वत्थु) र द्वार भनेको उही होइन। चक्षु-प्रसाद रूप चक्षु-विज्ञानको लागि द्वार र बस्तु (भौतिक आधार)

दुवै भए तापनि द्वार र वस्तुको भिन्न भिन्न कृत्यहरू छन् । चक्षुद्वार चक्षु-द्वार वीथिका चित्तहरूले आलम्वनलाई अनुभव गर्ने एउटा माध्यम हो भने चक्षु-वस्तु (पालिमा चक्खु-वत्थु) चक्षु-विज्ञानको निम्ति उद्गम (उत्पति) को भौतिक स्थान हो। चक्षु-वस्तु त चक्षु-बिज्ञानको निम्ति मात्र आधार हो, यस वीथि क्रमका अन्य चित्तहरूको निम्ति होइन । त्यस वीथि क्रमका अन्य चित्तहरूको अर्को बस्तु (वत्थु) हुन्छ । श्रोत-बिज्ञानको वस्तु श्रोत-प्रसाद-रूप हो, घ्राण-विज्ञानको निम्ति घ्राण-प्रसाद-रूप, जिह्वा-विज्ञानको निम्ति जिह्वा-प्रसाद-रूप, काय-विज्ञानको निम्ति काय-प्रसाद रूप हो ।

छैठौं वस्तु (वत्थु) पनि ६ जुन प्रसाद-रूपहरू मध्ये कुनै एउटा प्रसाद-रूप भने होइन । यो हो हृदय-वस्तु (पालिमा हृदय-वत्थु) । हृदय-वस्तु एक प्रकारको रूप हो जुन रूप पंच-विज्ञानहरू (चक्षु, श्रोत, आदि) मध्येका देखि बाहेकका चित्तहरूको निम्ति उद्गम स्थान हो । किनभने (पंच-विज्ञान वाला) यी चित्ताहरूको उद्गम स्थानको रूपमा प्रसाद-रूपहरू छँदैछन् । हृदय-वस्तु मनोद्वार देखि भिन्नै कुरा हो । मनोद्वार एउटा चित्त हो, त्यस भवंगुपच्छेद चित्ता जुन मनोद्वारावर्जन चित्ताको अघि उत्पति हुने अन्तिम भवंग चित्ता हो । हृदय-वस्तु रूप हो, नाम होइन ।

शब्दले श्रोतेन्द्रीयमा स्पर्श गर्दा जुन पंचद्वारावर्जन–चित्त उत्पति हुन्छ त्यस चित्ताको आपनो उद्गम स्थानको रूपमा हृदय-वस्तु हुन्छ तर श्रोत-विज्ञानको भने आफ्नो बस्तुको रूपमा श्रोत-प्रसाद-रूप हुन्छ । त्यस वीथि क्रममा पछि उत्पति हुने सबै चित्त-हरूको भने आफ्ना आरम्भ-स्थानको रूपमा हृदय-वस्तु नै रहेको हुन्छ । मनोद्वार वीथिका सबै चित्तहरूको पनि आपना आरम्भ-स्थानको रूपमा हृदय-वस्तु नै रहन्छ ।

कुनै पनि द्वार माथि आश्रय नगरिकन आलम्बनलाई अनुभव

गर्ने वीथि-विमुक्ति-चित्तहरूको पनि उत्पति वा आरम्भको भौतिक स्थान हुन्छ । ती चित्तहरू कुनै पनि द्वार माथि निर्भर नरहे पनि नाम-रूप भएका भूमिहरू (लोकहरू) मा वस्तु (वत्थु) बिना तिनीहरू उत्पति हुन सक्तैनन् । प्रतिसन्धि चित्त उत्पति हुँदा नयाँ जीवनको प्रारम्भ हुन्छ तर पनि त्यहाँ नाम मात्र होइन रूप पनि हुनु पर्छ । प्रतिसन्धि चित्त बस्तुवाला रूप नै हृदय-वस्तु हो । सबै भवंग चित्तहरू र च्यूति चित्तको हृदय-वस्तु नै आफ्नो भौतिक आधार (वत्थु) हुन्छ ।

पाँच प्रकारका प्रसाद-रूप पाँच विज्ञानहरूका बस्तु हुन् । दुई प्रकाररूा काय-विज्ञान (कुशल विपाक वा अकुशल विपाकवाला काय-विज्ञान) को वस्तु चाहिं सम्पूर्ण देह भरी नै उत्पति हुन सक्छ । चेतना शक्ति (वा चेतनशीलता) भएको देहको कुनै पनि भाग काय-विज्ञानको निम्ति बस्तु (वत्थु) हुन सक्छ ।

वत्थु (वस्तु) चित्तको मात्र उद्गमको स्थान होइन, चित्तको साथ साथै उत्पति हुने चैतसिकहरूको पनि उद्गम-स्थान (उत्पति-स्थान) हो । यसरी नाम मात्र भएका भूमिहरूमा बाहेक अन्य भूमिहरूमा चारवटा नामस्कन्धहरू उत्पति हुँदा रूप-स्कन्ध पनि हुनु जरूरी छ ।

चित्तलाई कृत्य (किच्च),आलम्बन (आरम्मण), द्वार, बस्तु (बत्थु) र अनेकन अरू तरीकाहरूबाट वर्गीकरण गर्नु उपयोगी हुन्छ । यस तरीकाबाट हामीलाई चित्तको बारेमा अझ स्पष्ट समझदारी रहने हुन्छ । तर पनि हामीले के कुरालाई बिर्सनु हुन्न भने यस प्रकारको समझदारी अझै पनि लोभ, द्वेष र मोहलाई निर्मूल गर्ने प्रज्ञा होइन । संयुक्त निकाय (खन्ध वर्ग, राध संयुत्त, भाग १ प्रथम वर्ग, परिञ्ञेय सुत्त) मा यसरी चर्चा गरिएको छ :–

"श्रावस्ती...।

एक छेउ वसेका आयुष्मान राधलाई भगवानले आज्ञा भयो–

"राध ! म तिमीलाई परिज्ञेय धर्म, परिज्ञा र परिज्ञाता पुद्गलको विषयमा उपदेश दिन्छु । ध्यान दिएर सुन ।"

"भगवानले भन्नु भयो–"राध ! परिज्ञेय धर्म कुन कुन हुन त?

राध ! रूप परिज्ञेय धर्म हो। वेदना...। संज्ञा...। संस्कार...। विज्ञान परिज्ञेय धर्म हो । राध ! यिनीहरूलाई भनिन्छ परिज्ञेय धर्म ।

राध ! परिज्ञा के हो ? राध ! जुन राग-क्षय, द्वेष-क्षय र मोह-क्षय छन् तिनैलाई परिज्ञा भनिन्छ ।

राध ! परिज्ञाता पुद्गल को हो ?

अर्हत्, जुन आयुष्मान यो नाम र गोत्रका हुन्,– उनैलाई परिज्ञाता पुद्गल भनिन्छ ।–"

कहिले काहीं भगवान बुद्ध उपदेशहरूको उद्देश्य जनतालाई लामा धर्मोपदेशमा र कहिले काहीं छोटो छोटो धर्मोपदेशमा सम्झाउनु हुन्थ्यो । लक्ष वारेमा मान्छेलाई बराबर नै सम्झाई रहनु जरूरी हुन्छ । किनभने क्लेशलाई निर्मूल गर्ने मार्गतिर लग्न सकेन भने समझदारी (ज्ञान) को उद्देश्य नै के हुन्छ र ?

मनन गर्न योग्य केही प्रश्नहरू

१) कुनै द्वार माथि निर्भर नभएर पनि चित्तले आलम्वनलाई जान्न सक्छ ?

२) कतिवटा द्वारहरू मार्फत चित्तले आलम्वनलाई जान्न सक्छ?

३) कतिवटा द्वारहरू मार्फत पंचद्वारावर्जन चित्तले रूपादि गोचरलाई अनुभव गर्दछ ?

४) कतिवटा द्वारहरू मार्फत मनोद्वारावर्जन चित्तले आरम्मणलाई अनुभव गर्दछ ?

५) कतिवटा द्वारहरू मार्फत श्रोत-विज्ञानले रूपादि गोचर (आलम्बन) लाई अनुभव गर्दछ ।

६) कतिवटा द्वारहरू मार्फत सन्तीर्ण चित्ताले सन्तीरणको कृत्य गर्दछ ?

७) के सन्तीर्ण चित्तले द्वार माथि निर्भर रहेर प्रतिसन्धिको कृत्य गर्दछ ?

८) चक्षु-वस्तु (चक्खु वत्थु) कतिवटा चित्ताहरूको वस्तु (वत्थु) हो ?

९) हृदयवस्तु (हदय वत्थु) कतिवटा अहेतुक चित्ताहरूको वस्तु (वत्थु) हो ?

१०) श्रोत-प्रसाद-रूप द्वार हो कि वस्तु (वत्थु) हो कि दुवै हो ?

११) द्वार र वत्थुका आ-आफ्ना कृत्यहरू के के हुन् ?

परिच्छेद-१८

धातुहरू

हामीहरू धातुहरूका बारेमा कुराकानी गर्दा साधारणतः हामी रसायन शास्त्र र भौतिक शास्त्रका धातुहरू जस्तै सुन, फलाम, अक्सिजन, हाइड्रोजन आदिको विचार गर्छौं। हामी "धातु" नाम भन्ने शब्दलाई चक्षुको लागि, रंगको लागि वा दर्शनको लागि किन प्रयोग गर्दैनौं? चक्षु वा दर्शनलाई "धातु' भन्ने आदत हामीमा छैन। किनभने हामी तिनीहरूलाई "आत्मा" को रूपमा ग्रहण गर्दछौं।

यस्ता धर्महरू सबै अनित्य हुन्, आत्मा होइनन् भन्ने कुराको बोध गराउनको लागि नै भगवान शास्ताले यी धर्महरूलाई धातुहरू भनी संज्ञा दिनु भयो। हामी जुन कुरालाई आत्मा भनी ग्रहण गर्दछौं ती त हेतुहरूको कारण उत्पति भई पुनः विनाश भएर जाने नाम-धातुहरू र रूप-धातुहरू मात्र हुन्। अक्सिजन आत्मा नभएको एक धातु मात्र हो, यो हेतुको कारण उत्पति हुने र निरोध हुने एउटा रूप हो। चक्षु पनि आत्मा रहित धातु मात्र हो, हेतुको कारणले उत्पन्न हुने र विनाश हुने यो रूप हो। दर्शन आत्मारहित एक धातु हो, हेतुको कारणले उत्पति भई निरूद्ध हुने यो नाम हो। रसायन शास्त्र र भौतिक शास्त्रमा सिकेका कुराहरूलाई मात्र धातु-को रूपमा हामी किन विचार गर्छौं? चक्षु वा दर्शनलाई पनि धातुको रूपमा हामी किन हेर्दैनौं?

भगवान बुद्धका उपदेशहरूमा धर्महरूलाई धातुको रूपमा वर्गीकृत गरिन्छन्, ती मध्ये कुनै रूप हुन् र कुनै नाम हुन्। तिनीहरूलाई १८ धातुहरूको रूपमा वर्गीकरण गरिँदा निम्न बमोजिम हुन्छन् :–

पाँच इन्द्रीयहरू:

१. चक्षु-धातु (पालिमा चक्खु धातु)
२. श्रोत-धातु (पालिमा सोत धातु)
३. घ्राण-धातु (पालिमा धान-धातु)
४, जिह्वा-धातु (पालिमा जिह्वा धातु)
५. काय-धातु (पालिमा काय-धातु) जुन काय-इन्द्रीय हो।

[पाँच इन्द्रीयहरू मार्फत अनुभव गरिने] पाँच आरम्मणहरू [आलम्बनहरू]

६. रूप-धातु (पालिमा रूप-धातु)
७, शब्द-धातु (पालिमा सद्द-धातु)
८. गन्ध-धातु [पालिमा गन्ध-धातु]
९. रस-धातु [पालिमा रस-धातु]
१०. स्प्रष्टव्य-धातु [पालिमा फोट्ठब्ब-धातु] यसमा निम्न तीन किसिमका रूप समावेश हुन्छ:–

अ] पृथ्वी-धातु [पालिमा पथवी-धातु] साह्रोपन वा नरमपनको रूपमा प्रकट हुन्छ।

आ] तेज-धातु [पालिमा तेजो-धातु] गर्मी वा ठण्डीको प्रकट हुन्छ।

इ] वायु-धातु [पालिमा वायो-धातु गति वा दवावको रूपमा प्रकट हुन्छ।

[पाँच रूपादि गोचरहरूलाई अनुभव गर्ने] द्वि-पंच-विज्ञानहरू [द्वि-पंच-विञ्ञाणहरू]

११. चक्षु-विज्ञान-धातु [पालिमा चक्खु-विञ्ञाण-धातु]
१२. श्रोत-विज्ञान-धातु [पालिमा सोत-विञ्ञाण-धातु]
१३. घ्राण-विज्ञान-धातु [पालिमा घाण-विञ्ञाण-धातु]
१४. जिह्वा-विज्ञान-धातु [पालिमा जिह्वा-विञ्ञाण-धातु]
१५. काय-विज्ञान-धातु [पालिमा काय-विञ्ञाण-धातु]

तीन अन्य धातुहरू

१६. मन-धातु [पालिमा मनो-धातु]
१७. धर्म धातु [पालिमा धर्म-धातु]
१८. मनः विज्ञान-धातु [पालिमा मनोविञ्ञाण-धातु]

यस वर्गीकरणमा यसरी जम्मा १८ धातुहरू हुन्छन्। पाँच इन्द्रीयद्वारहरू वाला पाँच धातुहरू रूप हुन् र पाँच इन्द्रीय द्वारहरू मार्फत अनुभव गरिने आरम्मणहरू जुन छन् ती पाँच धातुहरू पनि रूप नै हुन् । यी आरम्मणहरूलाई अनुभव गर्ने द्वि-पंच-विज्ञानहरू-वाला पाँच धातुहरू भने नाम हुन् । चक्षु-विज्ञान-धातुवाला दुइटा चित्तहरू हुन्छन् । किनभने चक्षु-विज्ञान कुशल विपाक वा अकुशल विपाक हुन सक्छ ।

अन्य पंच-विज्ञानहरूका सम्बन्धमा पनि यही कुरा लागू हुन्छ। यसरी पंच-विज्ञान-धातुवाला चित्तका "दुई जोडी" हरू हुन्छन् ।

मनोधातुवाला धातु नाम हो । मनोधातुमा पंचद्वारावर्जन चित्त र कुशल विपाक र अकुशल बिपाक गरी दुई प्रकारका सम्प्रतिच्छन्न चित्त समावेश हुन्छन् । यसरी तीन किसिमका चित्त चाहिं मनो-धातु हुन् ।

धर्म-धातु भन्नाले नाम र रूप दुवै समावेश हुन्छन् । धर्म-धातु भन्नाले चैतसिकहरू, सूक्ष्म रूपहरू तथा निर्वाण हुन् ।

मनः विज्ञान-धातु नाम हो । यसले द्वि-पंच-विज्ञानहरू र मनो धातु देखि बाहेकका सम्पूर्ण चित्तहरूलाई समावेश गर्दछ । जस्तो

उदाहरणको लागि, सन्तीर्ण चित्त, वोट्ठव्वन चित्त, मनोद्वारावर्जन चित्त, लोभ–मूल चित्त मनः विज्ञान–धातु हुन् ।

पंच–विज्ञान–धातुवाला (जस्तो जस्तो चक्षु–विज्ञान–धातु इत्यादि) पाँच धातुहरू, मनोधातु र मनः विज्ञान–धातु सबैलाई जम्मा गर्दा विज्ञान–धातु [पालिमा विञ्ञाण–धातु] भनिन्छ ।

धर्मधातु र धम्मारम्मण [धर्मालम्वन] भन्नु उही होइन । चित्तहरू धम्मारम्मणमा समावेश हुन्छन्, धर्मधातुमा होइन । किन भने धर्मधातु त चैतसिकहरू, सूक्ष्म रूपहरू र निर्वाण हुन् । चित्त-हरूलाई धातुको रूपबाट वर्गीकरण गर्दा तिनीहरू सात प्रकारका विज्ञान-धातु हुन्छन्, यथा:

पंच-विज्ञान-धातुहरू [जुन पाँच किसिमका हुन्छन्]
मनो-धातु
मनः विज्ञान-धातु ।

धम्मारम्मण [धर्मालम्बन] मा समावेश हुने लौकिक व्यव-हारहरू अर्थात् प्रज्ञप्ति [पालिमा पञ्ञत्ति] चाहिं धर्म धातु होइनन् किनभने तिनीहरू परमार्थ धर्महरू [पालिमा परमत्थ धम्म] होइनन् । केवल परमार्थ धर्महरूलाई मात्र धातुको रूपमा वर्गीकरण गरिन्छ ।

कहिलेकाहिं भगवान बुद्धले ६ धातुहरूको कुरा गर्नु हुन्थ्यो कि त उहाँले यावत् धर्महरूलाई दुई किसिमका धातुको रूपमा बिभक्त गर्नु हुन्थ्यो । धर्महरूलाई वर्गीकरण गर्ने अनेक भिन्न भिन्न तरीकाहरू छन् तर स्कन्धको रूपबाट, आलम्वनको रूपबाट वा जुनसुकै अन्य तरीकाबाट धर्महरूलाई जे सुकै रूपमा वर्गीकरण किन नगरियोस्, हामीले धर्महरूलाई यसरी वर्गीकरण गर्नाको उद्देश्यलाई सम्झनु पर्दछ: हामीले के बुझ्नु पर्छ भने जुन कुरालाई आत्मा भनी हामी ग्रहण गर्छौं त्यो त वास्तवमा नाम-धातुहरू र रूप–धातुहरू मात्र हुन् ।

स्मृति प्रस्थान सूत्रमा काय-गतानु स्मृतिको खण्डमा भगवान बुद्धले देहलाई धातुहरूको रूपबाट कुरा गर्नु भएको कुरा उल्लेखित छ। सूत्रमा भनिएको छः–

"र फेरि भिक्षुहरू ! भिक्षु यस शरीर (काया) लाई (यसको) स्थितिको अनुसार (यसको) रचनाको अनुसार हेर्दछ– यस कायामा पृथ्वी-धातु, आप-धातु, तेज-धातु, वायु-धातु छन्। जसरी कि भिक्षुहरू ! दक्ष (चलाक) गोधातक [कसाही] वा गोघातकको शिष्य [अन्तेवासी] गाईलाई मारेर टुक्रा टुक्रा गरी अलग अलग काटेर चौबाटोमा बसेको हुन्छ। त्यसरी नै भिक्षुहरू ! भिक्षु यसै शरीरलाई यथा-स्थित, यथा-प्रणिहित धातुको स ार प्रत्यवेक्षण गर्दछ–

यस शरीरमा– पृथ्वी-धातु, आप-धातु, तेज-धातु, वायु-धातु छन्।" यस प्रकार शरीर (काया) को भित्री भागमा कायानुपश्यी भएर विहार गर्दछ। (कायाको वाहिरी भागमा कायानुपश्यी भएर विहार गर्दछ। कायाको भित्री र बाहिरी भागमा कायानुपश्यी भएर विहार गर्दछ। कायामा समुदय (उत्पति) धर्मलाई हेर्दै विहार गर्दछ। कायामा ब्यय [विनाश] धर्मलाई हेर्दै विहार गर्दछ। कायामा समुदय–व्यय [उत्पति-विनाश] धर्मलाई हेरेर विहार गर्दछ। "काया छ" –यो स्मृति ज्ञान र स्मृतिको प्रमाणको लागि उपस्थित रहन्छ। [तृष्णा आदिमा] अ-लग्न भएर विहार गर्दछ। लोकमा केही पनि [म र मेरो भनी] ग्रहण गर्दैन। यस प्रकारले भिक्षुहरू ! भिक्षु कायामा काय-बुद्धि राख्दै विहार गर्दछ।..."

विशुद्ध मार्ग (परिच्छेद ११, ३०) मा भनिएको छः–

"अर्थ के हो त ? जस्तो गोघातक (कसाही) ले गाईलाई पालेर राख्दा पनि, मार्ने स्थानमा लिएर जाँदा पनि, ल्याएर गाईलाई त्यहाँ बाँधेर राख्दा पनि, यसलाई मार्दा पनि, मरिसकेको

देख्दा सम्म पनि "गाई हो" भन्ने नाम (संज्ञा) लुप्त हुँदैन जब सम्म कि उसले यसलाई काटेर टुक्रा टुक्रा पारेको हुँदैन। तर टुक्रा टुक्रा गरी विभाजन गरेर बसे पछि नै "गाई" भन्ने नाउँ लुप्त हुन्छ र "मासु" भन्ने नाउँ बोलिन्छ। उसलाई "म गाई बेचिरहेको छु", वा "तिनीहरूले गाईलाई लगिरहेका छन्" भन्ने हुँदैन, प्रत्युत उसले सोच्दछ, "म मासु बेचिरहेको छु" वा "तिनीहरू मासु लगिरहेका छन्"। त्यसरी नै यो भिक्षुको पनि पहिले बाल अनाडी रहुञ्जेलको समयमा–पहिले गृहस्थ हुँदा र प्रव्रजित हुँदा पनि तबसम्म दुबै अवस्थामा "सत्व", "पुरुष" वा "पुद्गल (व्यक्ति)" भन्ने संज्ञा लुप्त हुँदैन, जवसम्म यो शरीरलाई यथा-स्थित, यथा प्रणिहित घन-भाव (स्थुल हुनु) लाई विभाजन गरेर धातुको अनुसार प्रत्यवेक्षण गर्दैन। धातुको अनुसार प्रत्यवेक्षण गर्ने वालाको सत्व संज्ञा लुप्त भएर जान्छ। धातुका अनुसार नै चित्त बस्दछ...।"

काया (देह) लाई धातुहरूको रूपमा हेर्नु त्यति चित्ताकर्षक हुँदैन होला। हामी मानिसहरूलाई "यो मान्छे" वा "त्यो आइमाई" भनी सोच्दछौं। भौतिक शास्त्रमा जस्तो हामी पदार्थलाई विश्लेषण गर्दछौं, त्यही तरीकाले हामीले "पुद्गल" भनी ग्रहण गरिएको कुरालाई विश्लेषण गर्ने कुराको अभ्यस्त हामी छैनौं। गाईलाई गोघातकले टुक्रा टुक्रा गरे जस्तै शरीरलाई (मान्छेको) टुक्रा टुक्रा काटेको रूपमा सोच्नु चाहिं ज्यादै रूखो जस्तो लाग्न सक्छ। तथापि हामीले देहलाई यथार्थ रूपमा विचार गर्ने हो भने त्यहाँ केवल धातुहरू मात्र रहन्छन्। देहमा पृथ्वी-धातु, तेज-धातु, आप-धातु, वायु-धातु मात्र रहेको कुरा साँचो होइन त? यी वास्तविक कुराहरू आत्मा हुन कि आत्मा रहित धातुहरू मात्र हुन्?

के पृथ्वी-धातु, आप-धातु, तेज-धातु र वायु-धातु जस्ता चार

धातुहरूको हाम्रो दैनिक जीवनसंग केही सरोकार रहन्छ ? हामी दिनभरि नै यी धातुहरूलाई अनुभव गर्दछौं ।

तेज-धातु [तापक्रम] गर्मी वा ठण्डीको रूपमा देखापर्न सक्छ। के हामी बराबर गर्मी वा ठण्डीलाई महशूस गर्दैनौं ? हामीलाई किराले टोक्दा गर्मीको लक्षण अनुभव गर्न सक्छौं । हामीहरू सुति रहँदा, बसि रहँदा, हिंडिरहँदा वा उभिरहँदाको बखत पनि आफ्नो शरीर माथि साह्रोपन वा नरमपनको स्पर्शलाई हामी अनुभव गर्न सक्छौं । के त्यो दैनिक जीवन होइन ? धातुका लक्षणहरू बारेमा हामीमा बराबर स्मृति रहेको खण्डमा, हामीले यथार्थ रूपमा सबै कुरा देख्ने छौं ।

भगवान बुद्धले अनेक भिन्न भिन्न तरीकाहरूबाट लोकजनलाई सत्यको अवबोध गराउनु हुन्थ्यो । कहिले काहीं उहांले शरीरलाई बिकारको भिन्न भिन्न अवस्थाहरूमा रहेको लाशको रूपबाट ब्याख्यान गरी उपदेश दिनु हुन्थ्यो । अथवा उहाँले शरीरका अंग-हरूका बारेमा कुरा गर्नु हुन्थ्यो र शरीर अनित्य, दुःख र अनात्म हो भन्ने कुरा बोध गराउन शरीर कसरी मलमूत्रहरूबाट [अशुद्धि-हरूबाट] भरिएको छ भन्ने कुरालाई उहाँ ब्याख्यान गर्नुहुन्थ्यो ।

हामी सतिपत्थान-सुत्तमा कायगतानु स्मृतिको परिच्छेदमा पढ्छौं:

"जसरी भिक्षुहरू ! भिन्न भिन्न अन्नहरू जस्तै पहाडी धान, धान [ब्रीही], मुंग, केराउ, चामल आदिले भरिएको दुवै छेउ पट्टि मुख भएको बोरा होस् र आँखा भएको मान्छेले त्यो बोरा खोलेर खन्याएर देखोस्–"त्यो पहाडी धान हो, त्यो धान हो, त्यो मुंग हो, त्यो केराउ हो, त्यो तोरी हो, त्यो चामल हो ।" त्यसरी नै भिक्षु-हरू ! भिक्षुले गोडाको पैताला देखि माथि केश-मस्तक देखि तल सम्म विभिन्न मलमूत्रहरूबाट पूर्ण भई छालाद्वारा ढाकिएको यस कायामाथि प्रत्यवेक्षण गर्दछ....।"

शरीरमात्र होइन, मनलाई पनि धातुहरूकै रूपमा विचार गरिनु पर्छ। हाम्रो जीवनमा धातुदेखि भिन्न रहेको कुरा केही पनि छैन । हाम्रा पूर्व जीवनहरू केवल धातुहरू मात्रै थिए र हाम्रा भविष्यका जीवनहरू पनि धातुहरू मात्र हुने छन् । हामी आफ्नाभविष्य जीवनका वारेमा सोच्न उद्यत हुन्छौं र सुखी पुनर्जन्मको कामना गर्दछौं हामीले तर के कुरा महशूस गर्नु पर्छ भने भविष्यमा अर्को जन्म लिने आत्मा भन्ने केही कुरा छैन, छन् केही भने धातुहरू मात्र नै हुन् र भविष्यमा पनि धातुहरू नै मात्र हुने छन् । हामीले चित्तलाई भिन्न भिन्न तरीकाहरूबाट वर्गीकरण गर्न सिकेका छौं र यसले हामीलाई के सम्झाउँछ भने चित्तहरू भनेको केवल धातुमात्र हुन् केवल चित्तहरू मात्र धातु होइनन्, चैतसिकहरू पनि धातुहरू नै हुन्, तिनीहरू धर्मधातु हुन् । हामी सुखकर वेदनामा अनुरक्त हुन्छौं र दुःखमय वेदनालाई मनपराउँदैनौं । तर वेदनाहरू भनेको हेतुहरूका कारण उत्पति हुने केवल धातुहरू मात्र हुन् । हामी थकित हुँदा वा बिरामी हुँदा थकाइ वा बिरामीलाई नै हामी आत्माको रूपमा ग्रहण गर्छौं र हामीमा द्वेष हुन्छ । अनिष्ट कुराहरू केवल धातुहरू नै मात्र भएपछि ती अनिष्ट कुराहरू आइपुग्दा हामी तिनलाई किन स्वीकार गर्दैनौं ? धर्महरूलाई केवल धातुहरूको रूपमा मात्र हेर्न कोही कोही नचाहलान् तर सत्य यही हो । सम्पूर्ण संस्कार अनित्य हुन् र जन्मको पछि पछि जरा, व्याधि र मृत्यु लाग्छन् भन्ने कुरा सम्झन नचाहने पनि होलान् तर सत्य यही हो । हामी सत्यलाई देख्न किन चाहँदैनौं ?

बहु धातुक सुत्त, मज्झिम निकाय, अनुपद वग्गमा हामी पढ्छौं कि एक समय भगवान् श्रावस्तीमा अनाथपिण्डिकको आराममा जेतवनमा विहार गर्नु हुन्थ्यो । अनि भगवानले भिक्षुहरूलाई सम्बोधन गरेर भन्नु भयो कि जति पनि भय, उपद्रव, उपसर्ग (दिक्कत) हरू उत्पन्न हुन्छन् ती सबै वाल (मूर्ख) बाट नै उत्पन्न हुन्छन्,

पण्डितबाट उत्पन्न हुँदैनन् । भिक्षुहरूलाई भगवानले भन्नु भयो:–

"भिक्षुहरू ! बाल स-भय छन्, पण्डित अ-भय, बाल स-उपद्रव छन्, पण्डित अन्-उपद्रव; बाल स-उपसर्ग छन् पण्डित अन्-उपसर्ग । भिक्षुहरू ! पण्डितबाट भय, उपद्रव- उपसर्ग हुन्न । यसैले भिक्षुहरू ! "हामी पण्डित=विमर्शक (मीमांसक) हुन्छौं" यसरी तिमीहरूले सिक्नु पर्छ ।"

यसरी भनेपछि आयुष्मान आनन्दले भगवानसंग प्रार्थना गर्‍यो– "भन्ते ! कति भएपछि भिक्षुलाई पण्डित=विमर्शक भन्न सकिन्छ?"

"आनन्द ! जब भिक्षु धातु-कुशल (धातुका राम्रो जानकार) हुन्छ, आयतन-कुशल...,प्रतीत्य-समुत्पाद-कुशल...., स्थान-अस्थान-कुशल हुन्छ, यतिबाट, आनन्द ! भिक्षुलाई पण्डित भन्न सकिन्छ ।

"आनन्द ! यी अठार धातुहरू छन्–(१) चक्षु धातु (२) रूप धातु (३) चक्षुर्विज्ञान धातु (४) श्रोत धातु (५) शब्द धातु (६) श्रोत-विज्ञान धातु (७) घ्राण धातु (८) गंध धातु (९) घ्राण-विज्ञान धातु (१०) जिह्वा धातु (११) रस धातु (१२) जिह्वा-विज्ञान धातु (१३) काय धातु (१४) स्प्रष्टब्य धातु (१५) काय-विज्ञान-धातु (१६) मनोधातु (१७) धर्मधातु र (१८) मनो बिज्ञान धातु । आनन्द ! जब यी अठार धातुहरूलाई देख्छ जान्दछ, तब त्यस भिक्षुलाई धातु-कुशल भन्न सकिन्छ ।"

"के भन्ते ! अरू पनि पर्याय [विकल्प] छ कि, जसबाट कि भिक्षुलाई धातु-कुशल भन्न सकिन्छ ?"

"छ, आनन्द ! यी ६ धातुहरू छन्– [१] पृथ्वी धातु [२] आप-[जल] धातु, [३] तेज-धातु [४] वायु-धातु [५] आकाश-धातु र [६] विज्ञान-धातु ।

आनन्द ! जब भिक्षुले यी ६ धातुहरूलाई जान्दछ देख्दछ, यतिबाट पनि भिक्षुलाई धातु-कुशल भन्न सकिन्छ ।"

"के भन्ते, अरू पनि पर्याय छ कि, जसबाट कि भिक्षुलाई धातु-कुशल भन्न सकिन्छ ?"

"छ, आनन्द ! यी ६ धातुहरू छन्–[१] सुख-धातु [२] दुःख धातु [३] सोमनस्य-धातु [४] दौर्मनस्य-धातु [५] उपेक्षा-धातु र [६] अविद्या-धातु । आनन्द ! जब भिक्षुले यी ६ धातुहरूलाई देख्दछ जान्दछ, तब यतिबाट पनि भिक्षुलाई धातु-कुशल भन्न सकिन्छ ।"

"के भन्ते ! अरू पनि पर्याय ....?"

"छ, आनन्द ! यी ६ धातुहरू छन्–[१] काम धातु [२] निष्काम धातु [३] व्यापाद धातु [४] अ-व्यापाद धातु [५] विहिंसा धातु [६] अ-विहिंसा धातु । आनन्द ! जब भिक्षु....धातु-कुशल भन्न सकिन्छ ।"

"के, भन्ते ! अरू पनि पर्याय...,?"

"छ, आनन्द ! यी तीन धातुहरू छन्–[१] काम-धातु [२] रूप-धातु र [३] अ-रूप धातु । आनन्द ! जब भिक्षु.... धातु-कुशल भन्न सकिन्छ ।

"के भन्ते ! अरू पनि पर्याय छ कि, जसबाट कि भिक्षुलाई धातु-कुशल भन्न सकिन्छ ?

"छ, आनन्द ! यी दुई धातुहरू छन्– [१] संस्कृत [कृत] धातु, र [२] अ-संस्कृत धातु । आनन्द ! जब भिक्षुले यी दुई धातुलाई जान्दछ देख्दछ, तब यतिबाट पनि भिक्षुलाई धातु-कुशल भन्न सकिन्छ ।"

सम्पूर्ण संस्कृत धर्महरू [पंच स्कन्धहरू] निर्मित धातु हुन् र अनिर्मित धातु निर्माण हो । हामीले यस सूत्रमा धातुहरूलाई जान्न र देख्ने भिक्षुको बारेमा पढ्छौं । धातुहरूलाई जान्नु र देख्नु भन्नुको तात्पर्य धातुहरूका बारेमा सैद्धान्तिक रूपमा जान्नु र तिनका

बारेमा चिन्तन गर्नु होइन । नाम र रूपलाई यथार्थ रूपमा धातु-हरू मात्र हुन्, आत्मा होइन भन्ने कुरा प्रज्ञाद्वारा बुझेपछि मात्र त्यस व्यक्तिले धातुहरूलाई जान्ने र देख्ने हुन्छ । यस्तो ज्ञानले "भय, उपद्रव र उपसर्ग (दिक्कतहरू)" को अन्त्य हुने मार्गतर्फ लैजाने हुन्छ ।

मनन गर्न योग्य केही प्रश्नहरू

१) धर्महरूलाई १८ धातुहरूको रूपमा वर्गीकरण गरिन्छ भने चैतसिक कुनै धातु हुन्छ ?

२) कुन कुन परमार्थ धर्महरू विज्ञान-धातु हुन् ?

३) के मनोविज्ञान धातु विज्ञान-धातुभित्र समावेश हुन्छ ?

४) मनोधातुले कतिवटा द्वारहरू मार्फत आलम्वनलाई अनुभव गर्दछ ?

परिच्छेद–१९

हाम्रा जीवनका शोभन चित्तहरू

विभिन्न प्रकारका अनेकन चित्त उत्पति हुन्छन्:

१. कुशल चित्तहरू ।

२. अकुशल चित्तहरू ।

३. विपाक चित्तहरू ।

४. क्रिया चित्तहरू ।

चित्तलाई वर्गीकरण गर्ने यो एउटा तरीका हो । किन्तु, चित्तलाई वर्गीकरण गर्नें अरू तरीकाहरू पनि छन् । चित्तलाई निम्न बमोजिम पनि वर्गीकृत गर्न सकिन्छ:

(क) शोभन चित्तहरू (शोभन चैतसिकहरू साथ लागेका चित्तहरू) ।

(ख) अशोभन चित्तहरू (शोभन चैतसिकहरू साथ नलागेका चित्तहरू) ।

अकुशल चित्तहरू र अहेतुक चित्तहरू दुबै अशोभन चित्तहरू हुन्, तिनीहरूका साथै शोभन चैतसितहरू उत्पति भएका हुँदैनन् । हामीले देखिसकेका छौं कि अकुशल चित्त १२ प्रकारका हुन्छन् । यथा:

८ प्रकारका लोभ-मूल -चित्त ।

२ प्रकारका द्वेष-मूल-चित्त ।

२ प्रकारका मोह-मूल-चित्त ।

अहेतुक चित्तहरू भन्नाले कुनै पनि हेतुहरू (मूलहरू) द्वारा सहगत नभएका चित्तहरू हुन् । चित्त अहेतुक हुँदा त्यस चित्त साथै शोभन चैतसिकहरू उत्पति हुँदैनन् र यसरी अहेतुक चित्तहरू अशोभन हुन् । हामीले माथि देखिसकेका छौं, अहेतुक चित्त १८ प्रकारका हुन्छन् ।

सारांशमा तिनीहरू हुन् :

१० द्वि-पंच-विज्ञानहरू, जुन अहेतुक विपाक चित्तहरू हुन् ।

२ सम्प्रतिच्छन्न-चित्तहरू, जुन अहेतुक विपाक चित्तहरू हुन् (एउटा) कुशल विपाक हो र एउटा अकुशल विपाक हो) ।

३ सन्तीर्ण-चित्तहरू, जुन अहेतुक विपाक चित्तहरू हुन् (उपेक्षा सहगत एक अकुशल विपाक र एक कुशल विपाक र सौमनस्य सहगत एक कुशल विपाक) ।

१ पंच-द्वारावर्जन-चित्त, जुन अहेतुक क्रिया चित्त हो ।

१ मनोद्वारावर्जन-चित्त, जुन अहेतुक क्रिया चित्त हो ।

१ हसितोत्पादक चित्त [अरहन्तमा मुस्कान पैदा गर्ने एउटा अहेतुक क्रिया चित्त] ।

यसरी तीस अभोशन चित्ताहरू हुन्छन्: १२ अकुशल चित्ताहरू र १८ अहेतुक चित्तहरू ।

हाम्रा जीवनमा भोभन चैतसिकहरूले साथ दिने शोभन चित्ताहरू पनि उत्पन्न भइरहन्छन् । हामीले दान गर्दा, शील पालन गर्दा वा भावना [यसमा समथ, विपश्यना र धर्मको अध्ययन आउँछ] को अभ्यास गर्दा त्यतिखेरा शोभन चैतसिकहरूले साथ दिएका कुशल चित्ताहरू प्रर्वतित हुन्छन् । यसरी शोभम चित्तहरू अन्तर्गत कुशल चित्ताहरू पनि आउँछन् ।

दान गर्ने, शील पालन गर्ने वा भावनाको अभ्यास गर्ने कुशल चित्तहरू सवभन्दा तल्लो भूमि-कामावचर भूमिका चित्ताहरू हुन्,

तिनीहरू कामावचर चित्तहरू हुन् । हामीले हेरिरहँदा, चिन्तन गरिरहँदा वा केही वस्तुको कामना गरिरहँदाका अवस्था जस्ता दैनिक जीवनका क्रममा उत्पन्न हुने चित्तहरू नै कामावचर चित्तहरू हुन् । कहिले काहीं कामावचर चित्तहरू शोभन हेतुहरू साथै उत्पति हुन्छन्, कहिले काहीं अकुशल हेतुहरू साथै उत्पति हुन्छन् र कहिले काहीं बिना कुनै हेतुहरू पनि उत्पन्न हुन्छन् । दान, शील वा भावना कामावचर कुशल चित्तहरूद्वारा गरिन्छन् । कसैले हेर्दा, सुन्दा वा इन्द्रीयद्वारहरू मार्फत अन्य स्पर्शहरू ग्रहण गर्दा नै किन नहोस् यस प्रकारका कुशल कर्म गर्न सकिन्छ । कामावचर कुशल चित्तहरूलाई महा-कुशल चित्तहरू भनिन्छ ।

ध्यान लाभीहरूको लागि कुनै दर्शन, श्रोत वा अन्य कुनै इन्द्रीय संस्पर्श रहन्न । अनि त्यो चित्त कामावचर चित्त हुन्न, किन्तु माथिल्लो वा उच्च भूमिको चित्त हुन्छ । ध्यान-चित्तहरू रूपावचर चित्तहरू (रूप-ध्यान-चित्तहरू) वा अरूपावचर चित्तहरू (अरूप-ध्यान-चित्तहरू) हुन सक्छन् । तर समथको अभ्यास गरिरहेको बेलामा ध्यान प्राप्त गर्नु अगावैका चित्तहरू भने महा-कुशल-चित्त-हरू हुन्छन् ।

निर्वाणलाई प्रत्यक्ष रूपमा अनुभव गर्दाको चित्त लोकोत्तर भूमिको चित्त हो । किन्तु बोधिज्ञान लाभ गर्ने क्रमको चित्तहरूको वीथि क्रममा लोकोत्तर कुशल चित्तहरू (मार्ग चित्तहरू) भन्दा अघि महाकुशल चित्तहरू लागेका हुन्छन् ।

हामी वारम्वार धेरै पटक कुशल चित्तहरू नै उत्पन्न होस् भन्ने कामना गर्छौं । हामी के सोच्न सक्छौं भने हाम्रा जीवनका परि-स्थितिहरूले वा अरू मान्छेहरूले हामीलाई कुशलबाट वञ्चित गर्दछन् । परन्तु, हामीलाई कुशलको अभ्यास गर्नको निमित्त चाहिने आधारहरू [हेतुहरू] का विषयमा ज्ञान रहेमा हाम्रो आफ्नो जीवनमा

बढी कुशल चित्तहरू नै रहने छन् । कुशलको अभ्यास गर्ने तरीका हामी धर्मको अध्ययनबाट सिक्ने छौं । हामीमा धर्मको अध्ययन नभएमा आफूमा अकुशल चित्ताहरू उत्पति हुँदाका बखत पनि हामीमा कुशल नै गरिरहेका छौं भन्ने धारणा रहन सक्ने हुन्छ । जस्तो उदाहरणको लागि भनौं, दान प्रदान गर्दा हामीमा कुशल चित्त-हरू नै मात्र हुन्छन् भन्ने धारणा हामीमा रहन सक्छ । तर दान गर्दा पनि हामीमा लोभ-मूल-चित्ताहरू पनि उत्पति हुने सम्भावना हुन्छ । जस्तो हामीले आफ्ना मित्रहरूलाई केही चीज दिंदा बदलामा उनीहरू आफूप्रति दयालु रहुन् भन्ने अपेक्षा गर्न सक्छौं । यस किसिम दान कुशल होइन, लोभ हो । धर्मको अध्ययनबाट हामी के जान्दछौं शुद्ध रूपमा दान गर्नु भन्नु मै बदलामा केही प्राप्त गर्ने आशा नराखिकन दिनु हो । हामीले किन दिइरहेका छौं भन्ने कुरा आफूले जान्नु पर्छ । के हामी भित्री हृदयमा, बदलामा केही कुराको अपेक्षा गर्छौं ? कि क्लेशहरू कम गर्ने इच्छा मात्र हामी गर्छौं ?

मानिसहरूको अलग अलग संचयहरू हुन्छन् र तिनै संचयहरूको कारण कुशल चित्ताहरू वा अकुशल चित्तहरू उत्पति हुन्छन् । जस्तो लोकजनहरू मन्दिरमा गएका बखत अरू व्यक्तिहरूले भिक्षुहरूलाई दान प्रदान गरिरहेका देख्दा पनि उनीहरूमा रहेका भिन्न भिन्न संचयहरूको कारणले गर्दा ती व्यक्तिहरूले भिन्ना भिन्नै किसिमले त्यस विषयमा प्रतिक्रिया व्यक्त गर्ने गर्दछन् । कोही अरूको कुशल कार्यको प्रशंसा गर्ने हुन्छ भने अरूले बिल्कुलै वास्ता नगर्ने पनि हुन सक्छ । कुशलको मूल्य यस्तो हो र अरूले गरेको पुण्य कार्यको अनुमोदन मात्र गर्नु पनि एक प्रकारको दान हो भन्ने कुरा कुनै व्यक्तिलाई थाहा भएमा त्यस व्यक्तिले बढी से बढी अवसरहरूलाई कुशलताको अभ्यास गर्ने कार्यमा सदुपयोग गर्नेछ ।

भगवान बुद्धले बोधि ज्ञान प्राप्त गरी धर्मोपदेश नगर्नु भएको भए हामीले आफूलाई चिन्ने कुनै साधन पाउने थिएनौं । हामीलाई

कहिले कुशल चित्त हुन्छ र कहिले चित्त अकुशल हुन्छ भन्ने कुरा नै थाहा हुन्नथ्यो । कुशलको अभ्यास गर्ने र क्लेशहरूलाई निर्मूल गर्ने विधि लोकलाई सिकाउनु भएका भगवान बुद्ध प्रति आदर प्रकट गर्ने तरीका हो उहाँका शिक्षापदहरू अनुरुप जीवन व्यतीत गर्नु र अन्य प्रकारका कुशल कार्यहरू गर्नु । हामी महा-परिनिर्वाण सूत्रमा पढ्छौं: बुद्ध महापरिनिर्वाण प्राप्त गर्नु भन्दा अगाडि उपयुक्त मौसम नभए पनि फूलहरूले सुशोभायमान भएका दुइटा शालका वृक्ष-हरूले बुद्धको सम्पूर्ण देहमाथि आफ्ना पुष्पहरू वर्षाउन थाले, दिव्य मन्दारव-पुष्पहरू र श्रीखण्ड चूर्ण उहाँको देहमाथि वर्षा हुन थाल्यो र उहाँको सम्मानमा दिव्य संगीत प्रतिध्वनित हुन थाल्यो । अनि बुद्धले आनन्दलाई सम्वोधन गरी भन्नु भयो:—

"अब यसरी आनन्द ! तथागतलाई सुगन्धयुक्त दिव्य पुष्प धूपादिले पूजा गर्दा गर्दैमा तथागतलाई सम्यक् रूपमा सत्कार, गौरव, मान तथा पूजा गरेको ठहर्रिदैन । जुन भिक्षु वा भिक्षुनीले उपासक वा उपासिकाले धर्मलाई आदर राखी तदनुसार अभ्यास गरी धर्माचरण गर्दछ त्यसले तथागतलाई सम्यक् रूपमा सत्कार गरेको, गौरव राखेको, मान गरेको तथा परमोत्तम पूजा सामग्रीले पूजा गरेको ठहर्छ । तसर्थ आनन्द ! सम्पूर्ण धर्म विनयलाई आदर राखी तदनुसार अभ्यास गरी सदैव धर्माचरण गर र आनन्द ! यसै अनुरूप धर्मोपदेश पनि गरिनु पर्छ ।"

हामी सबैलाई आ-आफ्ना दैनिक जीवनमा दान र शील पालनको लागि अवसरहरू प्राप्त हुन्छन् । भावनाको जहाँसम्म कुरा छ , समथ, विपश्यना, धर्मको अध्ययन र अरूलाई धर्मको व्याख्यान गर्ने काम सबै भावना अन्तर्गत नै समावेश हुन्छ । महा-परिनिर्वाण सूत्रमा भगवान बुद्धले आनन्दलाई भन्नु भएको कुराको चर्चा गरिएको छ । पापी मारले उहाँले सम्यक् सम्बुद्धत्व प्राप्त गर्नु भएपछि भगवान बुद्ध समीप आई उहाँको परिनिर्वाण प्राप्त

गर्ने समय भएको कुरा निवेदन गरेका थिए । तब भगवान बुद्धले मारलाई यस प्रकार उत्तर दिनु भएको थियो --

"पापी मार ! म तवसम्म परिनिर्वाण प्राप्त गर्दिन जबसम्म भिक्षु भिक्षुनी मात्र होइनन्, उपासक एवम्, उपासिकाहरू पनि पण्डित, विनीत, विशारद, योग-क्षेम (निर्वाण) प्राप्त, वहुश्रुत, धर्मधर, धर्मको अनुसार आचरण गर्नेवाला सम्यक् प्रकारले विचरण गर्नेवाला, धर्मलाई अनुकरण गर्नेवाला हुँदैनम् र साथै जबसम्म तिनीहरू आफ्ना आचार्यबाट धर्मलाई सिकेर त्यस धर्मलाई कथन गर्ने वाला, देशना गर्ने वाला, प्रस्थापित गर्ने वाला, व्याख्या गर्ने वाला, विभक्त गर्ने वाला, उल्टोलाई सोझ्याइदिन सक्नेवाला, अर्काको मतलाई धर्मानुसार खण्डन गर्नेवाला तथा प्रतिहार्य सहित धर्मलाई देशना गर्नेवाला हुँदैनन् ।

पापी मार ! म तबसम्म परिनिर्वाण प्राप्त गर्दिन, जवसम्म मेरो यो ब्रह्मचर्य [बुद्धशासन] समृद्ध, पुष्पित तथा ऐश्वर्यशाली हुन्न, विस्तृत हुन्न, वहुत लोकजनसम्म फैलिएको हुन्न-देव-मनुष्यहरूमा सुप्रकाशित हुन्न ।"

हाम्रा आफ्ना जीवनमा हामीले कुशल कर्महरू सम्पादन गर्न सक्नुको कारण हेतुहरूले गर्दा हो, यो कुनै आत्माले गर्दा होइन । हामी दसुतर सुत्तमा सहायक अंगहरू बारेमा यसरी उल्लेख भएका पाउँछौं:-

धेरै मदत गर्ने...चार चक्रहरू छन् यथा: अनुकूल निवासको चक्र, सत्संगको चक्र, आफ्नो चित्तको पूर्ण दमन, पूर्व जीवनको पुण्य चक्र ।

अनुकूल वासस्थानको कुरा गर्ने हो भने बौद्ध देशमा बस्नु कुशल चित्तहरू प्राप्त गर्न सहायक आधार हुन सक्छ । अनि विहारादि मन्दिरहरूमा जाने र धर्म ब्याख्यानहरू श्रवण गर्ने अवसर त्यो

व्यक्तिलाई प्राप्त हुन्छ । धर्मले हाम्रो आफ्नो जीवनलाई बदल्न सक्छ यही नै दान, शील र भावना जस्ता कुशल कर्महरू गर्नको निमित्त आधार (हेतु) हुन्छ ।

सत्संगको अर्थ हो धर्मको कल्याण मित्र (ठीक मित्र) को सत्संगत । वौद्ध देशमा निवास गरिरहेतापनि सत्यको खोजमा सहयोग गर्न सक्ने धार्मिक कल्याण मित्रलाई कसैले भेट्टाउन सकेन भने त्यस्ता व्यक्तिलाई प्रज्ञाको विकास गर्ने र क्लेशहरूलाई निर्मूल गर्ने कार्यको लागि अति आवश्यक हेतु प्राप्त हुन्न । आफ्नो चित्तको पूर्ण दमन भन्नुको अर्थ हो । कुशललाई आफ्नो लक्ष मानी आफुलाई त्यसैमा आत्मसात गर्नु हो कुशलका अनेक मात्राहरू हुन्छन् कुनै व्यक्तिले नाम-रूपको विषयमा स्मृति युक्त भएर आर्य अष्टाङ्गिक मार्गको प्रज्ञालाई विकास गरेको खण्डमा आत्मा भन्ने धारणामा कम आशक्ति रहने हुन्छ । कुशल कर्महरू गर्दा पनि नाम-रूप विषयमा स्मृतियुक्त भएर रहेको खण्डमा कुनै आत्मा वा सत्वले पनि यी कर्महरू गर्ने होइन भन्ने कुरा उसले बुझ्ने हुन्छ । यसरी कुशल कर्म अरू परिशुद्ध हुने छन् र अन्तत्वोगता क्लेशहरूको अन्त्य हुनेछ ।

पूर्वजन्महरूमा कुशल वा पुण्यको संचय हुनु चौथो सहायक कारण हो । हामीले पूर्वजन्ममा कुशल संचय गरेको छैनौं भनेअहिले हामीले कसरी कुशल कर्महरू गर्न सक्छौं र ? पूर्नजन्ममा संचित गरिएका कुशल कर्महरू नै अहिलेको जन्ममा ठीक स्थान र ठीक मान्छे छेउ जानको निमित्त हेतु हुन् । कर्मले गर्दा नै कुनै व्यक्ति बौद्ध देशमा जन्मिन्छ वा वौद्ध देशमा निबास गर्छ । अतीत कालमा संचित गरिएका कुशल कर्म नै वर्तमान समयमा हाम्रा निम्ति धर्मको अध्ययन र आचरण गर्नलाई हेतु हुन्छन् । यदि हामीले कुशलको निमित्त हेतुहरू बन्न सहायक हुने अंगहरू सम्बन्धमा राम्ररी

बिचार गरेर हेर्नें हो भने कुशल कर्महरू गर्ने आत्माले होइन रहेछ भन्ने कुरा हामीले छर्लङ्ग रूपमा बुझने छौं।

अभिधर्मको अध्ययनबाट महा-कुशल चित्तहरू ८ प्रकारका हुन्छन् भन्ने कुरा हामी थाहा पाउँछौं। एउटै किसिमको मात्र किन हुन्न त ? यसको कारण के हो त भने प्रत्येक किसिमको महाकुशल चित्तको उत्पति हुने आफ्नै हेतुहरू छन्। बिभिन्न प्रकारका यी महाकुशल चित्तहरूका बारेमा हामीलाई जानकारी भएमा र ती उत्पति हुँदा हामी सजग सचेत रहन सकेको खण्डमा ती चित्तहरू-लाई नै आत्मा भनी ग्रहण नगर्ने कुरामा हामीलाई सघाउ मिल्ने हुन्छ। चार प्रकारका महाकुशल चित्ताहरू सौमनस्य साथै उत्पति हुन्छन् र चार प्रकारका चाहिं उपेक्षा साथै उत्पति हुन्छन्। हामी-मा सौमनस्य प्रतिको आशक्ति रहने हुनाले हामीहरू सौमनस्य सहितको कुशल चित्ताहरू प्राप्त गर्न मनपराउँछौं। तर कोही पनि व्यक्ति सौमनस्यलाई उत्पति हुन मजबूर पनि सक्तैन। कहिलेकाहीं हामी सौमनस्य साथै दान गर्छौं भने कहिले काहीं हामी उपेक्षा सहितको दान गर्छौं। महाकुशल चित्तहरू साथै सौमनस्य वेदना उत्पति हुन्छ कि उपेक्षा वेदना उत्पति हुन्छ भन्ने कुरा हेतुहरूमा निर्भर रहन्छ। चार प्रकारका महाकुशल चित्ताहरू प्रज्ञा सहगत छन्, चार प्रकार प्रज्ञा सम्प्रयुक्त छैनन्। जस्तो हामीहरू अरूलाई प्रज्ञा साथै वा प्रज्ञा विरत भएर मद्दत गर्न सक्छौं। मद्दत गर्नु कुशल हो भन्ने कुरा हामीले महशूस गरेमा वा त्यस घडीमा उत्पन्न हुने नाम वा रूप प्रति हामी सजग रहेमा त्यतिखेर महाकुशल चित्त साथै प्रज्ञाको उत्पति भइरहेको हुन्छ। चार प्रकारका असांस्कारिक छन् र चार प्रकारका ससांस्कारिक छन्। ८ प्रकारका महाकुशल चित्त निम्न बमोजिम हुन्:–

१. सौमनस्य-सहगत, ज्ञान-सम्प्रयुक्त, असांस्कारिक एक।
२. सौमनस्य सहगत, ज्ञान-सम्प्रयुक्त, ससांस्कारिक एक।

३. सौमनस्य सहगत, ज्ञान-विप्रयुक्त, असांस्कारिक एक ।

४. सौमनस्य-सहगत, ज्ञान-विप्रयुक्त, ससांस्कारिक एक ।

५. उपेक्षा-सहगत, ज्ञान-सम्प्रयुक्त, असांस्कारिक एक ।

६. उपेक्षा-सहगत, ज्ञान-सम्प्रयुक्त, ससांस्कारिक एक ।

७. उपेक्षा-सहगत, ज्ञान-विप्रयुक्त, असांस्कारिक एक ।

८. उपेक्षा-सहगत, ज्ञान-विप्रयुक्त, ससांस्कारिक एक ।

महाकुशल चित्तहरू मात्र कामावचर शोभन चित्तहरू होइनन् । महाकुशल चित्तहरू हेतु-चित्तहरू (अर्थात हेतुवाला चित्तहरू) हुन् । यी चित्तहरूले काय, वाक वा चित्तद्वारा कुशल कर्मलाई प्रवृत्त गर्दछन् महाकुशल चित्ताको विपाकवाला महाविपाक चित्ताहरू पनि हुन्छन् । महाविपाक चित्तहरू शोभन चैतसिकहरू साथै उत्पति हुने शोभन चित्ताहरू पनि हुन् । लोकजनका कर्महरू समान नहुनाले विपाकहरू पनि समान हुन सक्दैनन् । प्राणीहरू भिन्न भिन्न प्रतिसन्धि-चित्ताहरू लिएर उत्पति हुन्छन् । प्रतिसन्धि चित्तहरू विपाक चित्तहरू हुन्, ती कर्मका विपाक हुन् । कोही कोही लोकजन अहेतुक विपाक (विना शोभन हेतुहरू) वाला प्रतिसन्धि चित्ता साथै जन्मिन्छन्, कोही कोही महाविपाक चित्ता (शोभन हेतुहरू साथै) वाला प्रतिसन्धि चित्ता साथै जन्मिन्छन् । महाविपाक चित्ताहरू ८ प्रकारका छन् । मानिसहरू सौमनस्य साथै वा उपेक्षा साथै जन्मिन्छन्, प्रज्ञा साथै वा प्रज्ञा विना जन्मिन्छन्, प्रतिसन्धि चित्तालाई पैदा गर्ने कर्म कस्तो हो सोको आधारबाट प्रतिसन्धि चित्त असांस्कारिक वा ससांस्कारिक हुन्छ । यदि प्रतिसन्धि चित्तालाई पैदा गर्ने कुशल कर्म सौमनस्य साथै सम्पादन गरिएको भए प्रतिसन्धि-चित्त पनि सौमनस्य सहगत हुन्छ, यदि उपेक्षा साथै सो कर्म गरिएको भए प्रतिसन्धि-चित्ता पनि उपेक्षा सहगत हुन्छ । यदि कुशल कर्म प्रज्ञा साथै सम्पन्न गरिएको हो भने प्रतिसन्धि-चित्ता पनि प्रज्ञा सहगत हुन्छ । कुशल कर्म असांस्कारिक भए प्रतिसन्धि-चित्ता पनि

असांस्कारिक हुन्छ र कुशल कर्म ससांस्कारिक भए प्रतिसन्धि-चित्त ससांस्कारिक हुन्छ । यसरी माथि लेखिएका ८ प्रकारका महाकुशल चित्ताहरूकै अनुरूप उही किसिमसंग वर्गीकृत ८ प्रकारका महा-विपाक चित्ताहरू हुन्छन् ।

भवंग चित्त र च्यूति चित्त पनि जीवनका प्रथम चित्त-प्रतिसन्धि चित्तकै अनुरूप उही किसिमका चित्त हुन् । प्रतिसन्धि चित्त महाविपाक चित्त भएको खण्डमा त्यस जीवनका भवंग चित्त र च्यूति चित्त त्यही किसिमका महाविपाक चित्त हुन्छन् । यसरी प्रतिसन्धि, भवंग र च्यूतिका कृत्यहरू महाविपाक चित्ताहरूद्वारा गर्न सकिन्छ । अरु, तदारम्मणको कृत्य पनि महाविपाक चित्तद्वारा गर्न सकिन्छ ।

हामीले अभीष्ट दृष्य देख्दा वा अन्य इन्द्रीय द्वारहरू मार्फत रंजनीय कुराहरूको अनुभवको चित्त कुशल कर्मको फलवाला विपाक चित्त हुन्छ । तथापि यस प्रकारको विपाक चित्त अहेतुक विपाक (हेतु विना उत्पति हुने) हुन्छ, महाविपाक होइन । दर्शन, श्रवण, घ्राण, आस्वाद र स्पर्शका कृत्यहरु, सम्प्रतिच्छन्न र सन्तीरणका कृत्यहरू महाविपाक चित्तहरूद्वारा गर्न सकिन्न । यी कृत्यहरू अहेतुक विपाक चित्तहरूद्वारा गरिन्छन् । जवन चित्तहरू पछि उत्पति हुने विपाक चित्त जो तदारम्मण चित्त छ त्यो भने कि त अहेतुक विपाक चित्त हुन सक्छ कि त महा-विपाक चित्त हुन सक्छ ।

अरु अरू प्रकारका कामावचर शोभन चित्तहरू पनि हुन्छन् ती हुन् महा क्रिया चित्ताहरू । अरहन्तसंग महाकुशल चित्तहरूको ठाउँमा महा-क्रिया चित्ताहरू हुन्छन् । हामीमा अभीष्ट आलम्बनलाई अनुभव गर्दा लोभ उत्पति हुन सक्ने वा अनीष्ट आलम्बनलाई अनुभव गर्दा द्वेष उत्पति हुन सक्ने हुन्छ । अरहन्तको लागि प्रिय वा अप्रिय आलम्बन भन्ने कुराको कुनै अर्थ रहन्न । उसमा क्लेशहरू नै हुँदैनन् । अरहन्तले अब कुनै पनि कुशल कर्म वा अकुशल कर्मको

संचय गर्न नसक्ने भएकोले अरहन्तसंग महाक्रिया चित्ताहरू हुन्छन् । अरहन्तको लागि महा-क्रिया चित्ताहरूले वोट्ठब्बन चित्त र मनो-द्वारावर्जन चित्त पछि जवनको कृत्य गर्दछन् । अरहन्तमा ज्ञान-विप्रयुक्त महा-क्रिया चित्ताहरू हुन सक्छ कि सक्तैन भन्ने कुराको सन्देह हामीलाई हुन सक्छ । वास्तविकता के हो भने अरहन्तहरूमा ज्ञान-विप्रयुक्त महा-क्रिया चित्ताहरू हुन सक्छ । किनभने उनीहरूले धर्मोपदेश गरिरहेका अवस्था र धर्म साकच्छा गरी नरहेको अवस्था-मा महा-क्रिया चित्ताहरू साथै प्रज्ञा लाग्नै पर्छ भन्ने कुरा होइन ।

अरहन्तमा शोभन चित्तवाला क्रियाचित्तहरू र अशोभन चित्त-वाला क्रिया चित्ताहरू पनि हुन्छन् । पंचद्वारावर्जन चित्त, बोट्ठब्बन चित्त, मनोद्वारावर्जन चित्त र हसितोत्पादक चित्तहरू अशोभन क्रिया चित्तहरू हुन् । यी प्रकारका चित्ताहरूमा साथै शोभन चैतसिक-हरू उत्पति हुँदैनन्, तिनीहरू अहेतुक हुन् ।

महाक्रिया चित्तहरू जम्मा ८ प्रकारका हुन्छन् । तिनीहरू सौमनस्य वा उपेक्षा सहगत हुन्छन्, प्रज्ञा सहगत वा प्रज्ञा अ-सहगत हुन्छन्, तिनीहरू असांस्कारिक वा ससांस्कारिक हुन्छन् । महाक्रिया चित्तहरूलाई ८ प्रकारका महाकुशल चित्तहरूकै अनुरूप नै वर्गीकरण गरिन्छ ।

जम्मा जम्मी गर्दा काम भूमि वा कामावचर चित्तहरूका रूपमा ५४ चित्ताहरू हुन्छन् यथा:

१२ अकुशल चित्ताहरू १८ अहेतुक चित्ताहरू	३० अशोभन चित्ताहरू ।
८ महा-कुशल चित्तहरू ८ महा-विपाक चित्ताहरू ८ महा-क्रिया चित्ताहरू	२४ शोभन चित्ताहरू ।

यसरी जम्मा ३० अशोभन चित्तहरू छन् र २४ काम-शोभन चित्ताहरू छन् ।

काम-शोभन चित्तहरू नभएका शोभन चित्तहरू पनि हुन्छन्, यथा:

रूप-भूमिवाला शोभन चित्तहरू [रूप-ध्यान प्राप्त गर्नेका लागि रूपावचर चित्तहरू]

अरूप-भूमिवाला शोभन चित्तहरू [अरूप-ध्यान प्राप्त गर्नेहरू-का लागि अरूपावचर चित्तहरू]

लोकोत्तर भूमिवाला शोभन चित्तहरू, [तिनीहरूका लागि जस्ले मार्गफल प्राप्त गरेका छन् ।

केवल कामावचर चित्तहरू [काम भूमिका चित्तहरू] मात्र अशोभन चित्त हुन सक्छन् । रूप-भूमि, अरूप -भूमि र लोकोत्तर भूमिका चित्तहरू शोभन चित्तहरू मात्र हुन सक्छन् ।

ध्यान प्राप्त नगरेका र मार्गफल प्राप्त नगरेका पुद्गलहरूले काम भूमिदेखि बाहेकका अन्य भूमिका चित्तहरू जान्न सक्तैनन् । तर काम भूमिलाई लिएर तिनीहरू बुद्धोपदेशको सत्यलाई प्रमाणित वा सिद्ध गर्न सक्तछन् । दान प्रदान गर्नु, शील पालन गर्नु र भावनाको अभ्यास गर्नु सहायक हुन्छ कि हुन्न भन्ने कुरा हामी आफैले पत्ता लगाउन सक्छौं । यस प्रकारका कुशलको अभ्यासले अकुशल चित्तहरूलाई कम गर्न सघाउ पुग्छ कि पुग्दैन भन्ने कुरा हामी पत्ता लगाउन सक्छौं । कहिले काहीं दानको लागि उपयुक्त बेला हुन्छ भन्ने कहिले काहीं शील वा भावनाको लागि हुन्छ । विपश्यनाको हकमा उसले दान गर्दा, शील पालन गर्दा, समथको अभ्यास गर्दा पनि विपश्यनाको अभ्यास गर्न सक्छ वा धर्म अध्ययन गर्दा वा धर्मोपदेश गर्दा पनि गर्न सक्छ र दान, शील तथा अन्य कुशलका तरीकाहरूका अवसर नहुँदाको अन्य वेला बखतहरूमा पनि विपश्यनाको अभ्यास गर्न सक्छ । नाम र रूपको स्मृति त्यति

मात्रामा संचित भइनसकेकै अवस्थामा पनि यसले कम अकुशल चित्तहरू प्राप्त गराउन र आत्माको धारणाप्रति कम आसक्ति गराउन लगाउँछ कि लगाउन्न भन्ने कुरा त्यस ब्यक्तिले पता लगाउन सक्छ। स्मृतियुक्त रहेर हामी बुद्धोपदेशको तथ्य प्रमाणित गर्न सक्छौं।

अंगुत्तर निकाय (सत्तक-निपात, परिच्छेद ८ विनय वर्ग, उपालि) मा हामी पढ्छौं:–

"आयुष्मान उपालि भगबान भए छेउ गए। समीप गएर भगवानलाई अभिवादन गरेर एक छेउमा बसे। एक छेउमा बसेक आयुष्मान उपालिले भगवानसंग प्रार्थना गरे––

"भन्ते! राम्रो हुन्थ्यो भगवान, यदि भगवानले संक्षिप्त रूपमा मलाई धर्मको यस्तो उपदेश दिनु भए, कि जुन धर्मोपदेश-लाई सुनेर म एकांकी, निर्मल, अप्रमादी, उत्साही, प्रयत्नशील भएर विहार गर्न सकौं!"

"उपालि! जुन धर्महरूका बारेमा तिमीलाई थाहा हुन्छ कि यी धर्महरू न सम्पूर्ण निर्वेदका लागि हुन्, न वैराग्यका लागि हुन्, न निरोधका लागि हुन्, न उपशमनका लागि हुन्, न अभिज्ञाका लागि हुन्, न सम्वोधिका हुन्, एवम् न निर्वाणका लागि हुन्, ती धर्महरूका बारेमा उपालि! यति निश्चित रूपमा बुझ कि यी न धर्म हुन्, न विनय हुन्, न शास्ताकै अनुशासम हुन्। परन्तु उपालि! जुन धर्महरूका बारेमा तिमी थाहा पाउँछौं कि यी धर्महरू सम्पूर्ण निर्वेदका लागि हुन्, वैराग्यका लागि हुन्, निरोधका लागि हुन्, उपशमनका लागि हुन्, अभिज्ञाका लागि हुन्, सम्बोधि-का लागि हुन्, निर्वाणका लागि हुन्, ती धर्महरूका बारेमा उपालि! यति निश्चित रूपमा बुझ कि यी धर्म हुन्, यी विनय हुन्, यी शास्ताका अनुशासन हुन्।"

मनन गर्न योग्य केही प्रश्नहरू

१) अहेतुक कामावचर चित्तहरूका उदाहरणहरू देउ। के ती सदा अशोभन हुन्छन् ?

२) के अरहन्तहरूमा अशोभन चित्तहरू हुन्छन् ?

३) ध्यान चित्त किन कामावचर चित्त हुन्न ?

४) के महा-कुशल चित्ताहरू सदा सौमनस्य सहगत हुन्छन् ?

५) के सबै शोभन चित्ताहरू कुशल चित्ताहरू हुन् ?

६) के विपाक चित्ता शोभन चित्ता हुन सक्छ ?

७) के क्रिया चित्ता शोभन चित्ता हुन सक्छ ?

८) महाकुशल चित्त कहिले उच्च मात्राको हुन्छ, ससांस्कारिक हुँदा वा असांस्कारिक हुँदा ?

९) के विपाक चित्त ससांस्कारिक हुन सक्छ ? भए कुन किसिमका विपाक चित्तहरू हुन सक्छन् ? यसको निमित्त प्रत्यय के हो ?

१०) अरहन्तमा महाकुशल चित्तहरूको सट्टामा महाक्रिया चित्तहरू किन हुन्छन् ?

११) कामावचर चित्ताहरू कति प्रकारका हुन्छन् ?

परिच्छेद-२०

लोकहरू

हामी जन्मन्छौं, मर्छौं र पुनः जन्मिछौं । कुन लोकमा हामी पुनर्जन्म लिन्छौं भन्ने कुरा नियन्त्रण भन्दा परको कुरा हो । यो कुरा च्यूति चित्तको निरोध भएपछि उत्पन्न हुने प्रतिसन्धि चित्तलाई पैदा गर्ने कर्म माथि निर्भर हुन्छ ।

अहिले हामी मनुष्य लोकमा जिइरहेका छौं । मनुष्य जीवन किन्तु ज्यादै छोटो छ । यो जीवनको अन्त्य भएपछि कुन चाहिं लोकमा हाम्रो पुनर्जन्म हुने हो हामीलाई नै थाहा छैन । प्रायः लोकजन मनुष्य जीवनको क्षणिकता (छोटोपना) को विषयमा सोच्न चाहदैनन् । तिनीहरू इन्द्रीय द्वारहरू मार्फत अनुभव गरिएका आलम्वनहरूमै अभिरत हुन्छन् र यिनै अनुभवहरूको कारण उनीहरू सुखी वा दुःखी रहन्छन् । किन्तु हामीले के बुझ्नु पर्छ भने सुख र दुःख भनेको हेतुको कारण उत्पति भई पुनः लोप हुने मानसिक धर्म मात्र हुन् । हाम्रो सम्पूर्ण जीवन नै उत्पत्ति भई लोप हुने धर्महरूको एउटा श्रृङ्खला मात्र हो ।

अनेक धर्महरूमा स्वर्ग र नरकका बारेमा शिक्षा दिइएका हुन्छन् । के चाहिं कुरामा बुद्धोपदेशहरू फरक छन् त ? के हामीले पनि केवल स्वर्ग र नर्कमै मात्र विश्वास गर्नु पर्ने हो कि ? बौद्ध उपदेशहरू मार्फत हामी स्वभाव धर्महरू (वास्तविकताहरू) को अध्ययन गर्न सिक्छौं, जीवनका हेतु र फल (कार्य-कारण) को

अध्ययन गर्न सिक्छौं । प्रत्येक हेतुले उपयुक्त फल ल्याउछ । लोकजनहरू कुशल र अकुशल कर्महरू गर्दछन् र यी कर्महरूले भिन्न भिन्न फलहरूलाई उत्पति गराउँछन् । ती कर्महरूले भिन्न भिन्न लोकहरूमा जन्म गराउँन सक्छन् । लोक वा गति भन्नाले जन्म ग्रहण गर्ने स्थान हुन्छ । दुःखी लोक (दुर्गति) मा जन्म हुनु अकुशल कर्मको विपाक हो भने सुखी लोकमा (सुगति) मा जन्म लिनु कुशल कर्मको विपाक हो। लोकजनहरूले गर्ने कुशल वा अकुशल कर्महरूमा पनि अनेक भिन्न भिन्न मात्रामा कुशल वा अकुशल रहने भएकोले विपाकहरू पनि अनेक भिन्न भिन्न मात्रामा हुन्छन् । त्यस्तै भिन्न भिन्न किसिमका दुर्गति वा दुःखी लोकहरू र भिन्न भिन्न किसिमका सुगति वा सुखी लोकहरू पनि छँदैछन् ।

पशु जगत दुःखी लोक दुर्गति हो । पशुहरू एक अर्कालाई कसरी खान्छन् भन्ने कुरा हामी देख्न सक्छौं र हामी प्रकृतिलाई क्रूर पाउँछौं । तिर्यक गति मात्र दुर्गति लोक होइन । अनेकौं नरक लोकहरू पनि छन् । मनुष्य लोकमा अनुभव गरिने दुःख भन्दा नरकमा भोग गरिने अकुशल विपाक निकैं तिब्र हुन्छन् । बौद्ध ग्रन्थहरूमा नरकहरूको वर्णनहरू केवल रूपकहरू मात्र होइनन् । चक्षु, घ्राण, श्रोत, जिह्वा र कायाइन्द्रीय मार्फत अप्रिय वस्तुहरूको अनुभव पनि अकुशल विपाक हो र अकुशल विपाक वास्तविकता हो । नरक लोकको जीवन पनि नित्य होइन । नरकको जीवनको अवधि समाप्त भएपछि पुनः अन्य लोकमा पुनर्जन्म हुन सक्छ ।

तिर्यक गति र नरक गति देखि बाहेक अन्य पनि दुर्गति लोकहरू छन् । प्रेत योनीमा जन्म हुनु लोभ जनित अकुशल कर्मको विपाक हो प्रेत लोकका प्राणीहरूका रूप विरूप हुन्छन् र उनीहरू सदैव भोका र प्यासा रहन्छन् ।

अरु असुरको लोक पनि हुन्छ । असुरलोकमा अनुभव गरिने

आलम्वनहरू मनुष्य लोकमा अनुभव गर्न सकिने आलम्वनहरू जतिकै आनन्ददायक वा उपभोगयोग्य हुँदैनन् । जम्मा दुर्गति लोकहरू चार किसिमका हुन्छन् ।

मनुष्य योनीमा जन्म हुनु सुखी पुनर्जन्म हो । मनुष्य लोकमा कुशलको अभ्यासको निमित्त अवसर रहन्छ । उसले धर्मको अध्ययन गर्न सक्छ र क्लेशहरूको निरोध र जाति मरणको निरोध तिर लैजाने मार्गको विकास गर्ने कुरा सिक्न सक्छ । मनुष्य लोकको जन्म कुशल विपाक हो तर यस लोकमा आफ्नो जीवन अवधिमा कुशल विपाक र अकुशल विपाक दुबै हुन्छन् । प्रत्येक व्यक्तिले आफ्नो जीवनमा भिन्न भिन्न विपाकहरू भोग गर्दछन्: जीवनमा लाभ र हानी, मान अपमान, यश र अपयश, सुख र दुःख हुन्छ । प्रत्येक व्यक्ति आफ्नो कर्मानुसारको विपाक भोग गर्न सुहाउँदो अवस्था भएको परिवारमा जन्मिएको हुन्छ । आ-आफ्ना कर्मकै कारणले गर्दा नै व्यक्ति चक्षु, श्रोत, घ्राण, जिह्वा र काया-इन्द्रीय मार्फत प्रिय र अप्रिय वस्तुहरू भोग गर्दछन् ।

मनुष्य योनी बाहेकका अरू सुगति लोकहरू चाहिं दिव्यलोक-हरू हुन् । दिव्यलोकहरूमा मनुष्य लोकमा भन्दा कुशल विपाकहरू बढी हुन्छन् तर अकुशल विपाकहरू भने कमै हुन्छन् । लोकहरू पनि धेरै किसिमका हुन्छन् । दिब्य लोकमा जीवन चिरकालसम्म स्थिर रहे पनि स्वर्गीय जीवन पनि नित्य हुन्न । दुर्गति लोकहरू, मनुष्य लोक र ६ प्रकारका दिव्य लोकहरू जुन देव लोकहरू हुन्, काम भूमिहरू हुन् । काम भूमिहरू (वा काम लोकहरू) भन्नाले दर्शन, श्रवण, घ्राण, अस्वादन र स्पर्शहरूको अनुभव हुने र अन्य कामावचर चित्तहरू रहने लोकहरू हुन् । काम भूमिहरू जम्मा ११ थरीका हुन्छन् ।

इन्द्रीय-स्पर्शहरू (काम-संस्कारहरू) को अलाभ देख्ने ब्यक्ति-हरूले ध्यानको अभ्यास गर्न सक्छन् र यस्ता व्यक्तिहरू काम भूमि

देखि भिन्न रहेका माथिल्ला दिव्य लोकहरूमा जन्म लिन सक्छन् । रूप-ध्यान लाभीहरूको पुनर्जन्म कर्म इन्द्रीय-संस्कारहरू भएका रूप-ब्रह्म-लोकहरूमा हुन सक्छ । जम्मा १६ थरीका रूप-ब्रह्मलोक-हरू हुन्छन् । तिनीहरू मध्ये एउटा रूप-ब्रह्म लोक हो असञ्ञ सत्त लोक अर्थात् असंज्ञ-सत्त लोक, जहाँ रूप मात्र हुन्छ, नाम हुन्न । रूप ध्यानको सर्वोच्च चरण प्राप्त गरी विज्ञानलाई प्राप्त गर्ने इच्छा बिल्कुलै नराख्ने यस्ता व्यक्तिहरू बिना चित्त नै जन्म लिन्छन् । यिनीहरूको लागि केवल रूप-शरीर मात्र हुन्छ । यस्ता पुद्गलहरूले चित्त (विज्ञान) को अलाभहरू देखिसकेका हुन्छन् । सुख पनि एउटा अलाभ नै हो, किनभने यो नित्य रहन्न ।

रूपका अलाभहरू देख्ने पुद्गलहरू अरूप- ध्यानको अभ्यास गर्दछन् । अरूप-ध्यान लाभीहरूको पुनर्जन्म इन्द्रीय-संस्कार नभएका अरूप-ब्रह्मलोकहरूमा हुन सक्छ । अरूप-ब्रह्मलोकहरू चार थरीका हुन्छन् । यी लोकहरूमा जन्म लिएका सत्वहरूको नाम धातु मात्र हुन्छ, रूप भनेको हुँदैन । रूप मात्र भएका जीवहरू वा नाम मात्र भएका जीवहरू कसरी हुन सक्लान् र भन्ने कुरामा साधारण लोकजन अचम्म मान्न सक्छन् । यदि हामीले एक पटकमा एउटा लक्षणको रूपमा प्रकट हुने नाम धातुहरू र रूप धातुहरूका भिन्न भिन्न लक्षणहरूलाई अनुभव गर्न सकेका छौं र ती नाम धातुहरू र रूप धातुहरू केवल धातुहरू मात्र हुन्, सत्व वा पुद्गल होइन, आत्मा होइन भन्ने कुरा महशूस गरेका छौं भने नाम विना-को रूप र रूप बिनाको नाम रहन सक्छ भन्ने कुरामा कुनै सन्देह हामीलाई रहने छैन ।

संसारमा जम्मा ३१ लोकहरू हुन्छन्, यथा:

४ अपाय गतिहरू; १ मनुष्यलोक; ६ देवलोकहरू | ११ काम लोकहरू

१६ रुप-ब्रह्मलोकहरू; ४ अरूप-ब्रह्मलोकहरू

अगुत्तर निकाय (सत्तक-निपात, अव्याकृत वर्ग परिच्छेद ६, मैत्री) मा कुशल कर्महरूको महत्व बारेमा चर्चा गरिएको छ। कुशल कर्महरूले चिरकालसम्मको लागि प्रिय विपाकहरू ल्याउन सक्छन् र विभिन्न सुगति लोकहरूमा जन्म गराउन सक्छन्। भगवानले भन्नु भयो:–

"भिक्षुहरू ! पुण्य कर्महरू देखि नडराउनू। भिक्षुहरू ! पुण्य कर्म सुखकै पर्याय हुन्। भिक्षुहरू ! मलाई थाहा छ कि मैले दीर्घ-काल सम्म जुन पुण्य गरें त्यसबाट दीर्घकाल सम्म नै इष्ट, सुन्दर, काम्य फल अनुभव गरें। मैले सातवर्षसम्म मैत्री चित्तको भावना गरें। सात वर्षसम्म मैत्री चित्तका भावना गरेको पुण्य कर्मको फल स्वरूप सात संवर्त-विवर्त कल्पहरू सम्म फेरि यस लोकमा जन्म ग्रहण गरिन। भिक्षुहरू ! संवर्त (लोक-विकास) को समयमा म आभास्वर लोकमा उत्पन्न भएँ, विवर्त (लोक-क्षय) को समयमा शून्य ब्रह्म-विमानमा उत्पन्न भएँ।

भिक्षुहरू ! अनि म ब्रह्मा भएँ, महा-ब्रह्मा, अभिभू, अनभि-भूत, सर्वदर्शी, वशवर्ती ब्रह्मा। भिक्षुहरू ! छत्तीस पटक म शक्र, देवराज इन्द्र भएँ, अनेक सय पटक राजा भएँ, चक्रवर्ती, धार्मिक, धर्मराजा, चतुर्दिशा-विजयी, शान्त-जनपद तथा सात रत्नहरूबाट युक्त राजा भएँ।

भिक्षुहरू ! मसंग यी सात रत्न थियो–चक्र-रत्न, हस्ति-रत्न, अश्व-रत्न, मणि-रत्न, स्त्री-रत्न, गृहपति-रत्न, तथा सातौं नायक-रत्न। ......।"

हामीले के देखिसकेका छौं भने आ-आफ्ना संचित कर्मकै कारणले गर्दा प्राणीहरू विभिन्न लोकहरूमा जन्मिन्छन्। लोक भन्नु नै जन्म ग्रहण गर्ने स्थान हो। चित्तको भूमि भन्नु र लोक भन्नु एउटै कुरो होइन। कुनै पनि चित्त कुन चाहिं चित्तको भूमिको

हो भन्ने कुरा त्यस चित्तले ग्रहण गर्ने आलम्बनमा निर्भर गर्दछ। हामीले अनेकन चित्तका भूमिहरू बारेमा चर्चा गरिसक्यौं, जस्तो:

कामावचर चित्तहरू (काम भूमिका चित्तहरू)।

रूपावचर चित्तहरू (रूप-ध्यान चित्तहरूको भूमि)।

अरूपावचर चित्तहरू (अरूप-ध्यान चित्तहरूका भूमि)।

लोकोत्तर चित्ताहरू (निर्वाणलाई अनुभव गर्ने चित्ताका भूमि)।

कामावचर चित्तहरूलाई अशोभन चित्ताहरू (शोभन चैतसिक-हरूद्वारा साथ नदिएका चित्ताहरू) र काम-शोभन चित्ताहरूमा (शोभन चैतसिकहरू साथै उत्पति भएका काम भूमिका चित्ताहरू) वर्गीकरण गर्न सकिन्छ। यिनीहरू कुन कुन लोकहरूमा उत्पति हुन्छन् त ?

कामावचर चित्तहरू ३० लोकहरूमा उत्पति हुन्छन्। ती चित्ताहरू नाम नभई केवल रूप मात्र हुने असंज्ञ सत्त लोकमा भने उत्पति हुदैनन्। अरूप-ब्रह्मलोकहरूमा पनि कामावचर चित्ताहरू हुन्छन्।

काम-शोभन चित्तहरू दुर्गति लोकहरू (अपाय गतिहरू) मा पनि उत्पति हुन सक्छन्। साथै ती चित्ताहरू मनुष्य लोक, दिव्य लोकहरू, रूप-ब्रह्मलोकहरू र अरूप-ब्रह्मलोकहरूमा पनि उत्पति हुन्छन्। असंज्ञ सत्त लोक बाहेक अन्य ३० सै लोकहरूमा ती चित्त-हरू उत्पति हुन्छन्। तथापि सबै प्रकारका काम-शोभन चित्तहरू सबै लोकहरूमा उत्पति भने हुँदैनन्।

अशोभन चित्ताहरू तीसै लोकहरूमा उत्पति हुन सक्छन् तर सबै प्रकारका अशोभन चित्ताहरू सबै लोकहरूमा उत्पति हुँदैनन्। लोभ-मूल चित्ताहरू ३० लोकहरूमा उत्पति हुन सक्छन्। रूप-ब्रह्म लोकहरू र अरूप-ब्रह्म लोकहरूमा पनि लोभ-मूल चित्तहरू उत्पति हुन सक्छन्। द्वेष-मूल चित्ताहरू ११ काम लोकहरूमा उत्पति हुन्छन् तर यी चित्ताहरू रूप ब्रह्मलोकहरूमा वा अरूप-ब्रह्म लोकहरूमा

उत्पति हुँदैनन् । रूप-ब्रह्मलोकहरूमा र अरूप-ब्रह्मलोकहरूमा सत्वहरू जीवितहुन्जेलसम्म त्यहाँ द्वेषका निमित्त हेतुहरू नै हुँदैनन् । मोह-मूल चित्तहरू ३० लोकहरूमा उत्पति हुन्छन् । अरहन्त नभएका पुद्गलहरू सबैसंग मोह रहन्छ र यसरी मोह-मूल चित्तहरू असंज्ञ सत्त लोक वाहेक सबै लोकहरूमा उत्पति हुन्छन् ।

अकुशल चित्ताहरू मात्र होइनन्, अहेतुक चित्ताहरू पनि अशोभन चित्ताहरू नै हुन् । अहेतुक चित्तवाला अशोभन चित्ताहरूको जहाँसम्म कुरा छ, इन्द्रीय द्वारहरूमध्ये कुनै एक इन्द्रीयद्वार मार्फत आलम्बनलाई अनुभव गरिने चित्ताहरू वीथि क्रममा उत्पति हुने जुन अहेतुक चित्ताहरू छन्, ती चित्ताहरू इन्द्रीय संस्कारहरू भएका लोकहरूमा मात्र उत्पति हुन सक्छन् । चक्षु-विज्ञान र श्रोत-विज्ञान ११ काम लोकहरूमा उत्पति हुन्छन् र तिनीहरू १५ रूप-ब्रह्मलोकहरूमा पनि उत्पति हुन्छन् । यसरी तिनीहरू २६ लोक-हरूमा उत्पति हुन्छन् ।

घ्राण-विज्ञान, जिह्वा-विज्ञान र काया-विज्ञान केवल ११ काम लोकहरूमा मात्र उत्पति हुन्छन् । यसरी तिनीहरू रुप-ब्रह्मलोकहरू-मा वा अरुप-ब्रह्म लोकहरूमा उत्पति हुँदैनन् ।

पंचद्वारावर्जन चित्त, सम्प्रतिच्छन्न चित्त, सन्तीर्ण चित्त इन्द्रीय संस्कार रहने सबै लोकहरूमा उत्पति हुन्छन् । यसरी तिनीहरू ११ कामलोकहरू र १५ रुप-ब्रह्मलोकहरू गरी २६ लोकहरू (असंज्ञ-सत्त लोकवाला रुप ब्रह्मलोक वाहेक) मा उत्पति हुन्छन् ।

मनोद्वारावर्जन चित्त नाम भएका सबै लोकहरूमा उत्पति हुन्छ । यसरी यो ३० सै लोकहरूमा उत्पति हुन्छ ।

मानिसहरू आफूले पुनर्जन्म लिने स्थानको विषयमा चिन्तन गर्न इच्छुक हुन्छन् । के हामी मनुष्य लोकमा पुनर्जन्म ग्रहण गर्न मनपराउँछौं ? हामी मनुष्य लोकको जीवनमा आसक्त हुन्छौं तर

यस संसारमा हामीले ग्रहण गर्न वाध्य हुने अकुशल विपाकहरूका अनेकन घडीहरू भने हामी सँधै महशूस गर्दैनौं । हामी युद्ध र भोक जस्ता संकटहरुबाट संत्रस्त रहन्छौं, व्याधि, जरा र मृत्यु पनि छन् । कोही मानिसहरू स्वर्गलोकमा पुनर्जन्म ग्रहण गर्न रुचाउँछन् । तिनीहरू इन्द्रीयहरू मार्फत सुखकर कुराहरू भोग गर्न चाहन्छन् । कोही स्वर्ग लोकमा जन्म लिन इच्छुक हुन्छन् तर स्वर्ग लोकमा जन्म ग्रहण गर्ने वा नगर्ने कुरा उसको कर्ममाथि निर्भर गर्दछ । जन्म विपाक हो, यो विना हेतु हुँदैन । अनेकन कुशल कर्महरू गर्ने व्यक्तिले अभीष्ट विपाक ल्याउने हेतुको अभ्यास गरेको हुन्छ तर त्यस्तो अभीष्ट विपाक कहिले प्राप्त हुन्छ भन्ने कुरा थाहा पाउने युक्ति छैन, यो नियन्त्रण भन्दा परको कुरा छ ।

के हामी मृत्युदेखि डराउँछौं ? प्रायः मानिसहरू आफ्ना जीवन लम्ब्याउन चाहन्छन् । तिनीहरू भविष्यलाई अनिश्चित अनुभव गर्ने हुँदा मृत्यु देखि संत्रस्त हुन्छन् । यदि कुनै व्यक्ति आर्य भइसकेको छैन भने उसले नरकमा पनि पुनर्जन्म ग्रहण गर्ने सम्भावना रहन्छ । हामीहरू अपाय गतिमा पुनर्जन्म ग्रहण गर्ने कुरालाई सोच्नसम्म पनि मनपराउँन्नौं तर पुनर्जन्ममा गरिएका यस्ता कर्महरू हुन सक्छन् जस्ले अझै नरकमा पुनर्जन्म लिन पर्ने गराउन सक्छन् । स्वयं भगवान बुद्धलाई पनि एक चोटीको पूर्वजन्ममा नरकमा जन्म ग्रहण गर्नु परेको थियो । नरकका सम्बन्धमा द्वेष र त्रास लिएर चिन्तन गर्नु निरर्थक हुन्छ तर नरकको चिन्तनले अकुशल गर्नेको वदलामा हालको अवस्थामा कुशललाई अभ्यास गर्न हामीलाई सम्झाएको घडीमा यसको चिन्तन पनि सहायक नै हुन्छ ।

संयुक्त निकाय (महावर्ग स्रोतापत्ति संयुत्त, छैठौं भाग, सप्रज्ञ वर्ग, गिलान सुत्त) मा भगवान बुद्धले एउटा सप्रज्ञ उपासकले विरामी रहेको अर्को सप्रज्ञ उपासकलाई आश्वासन दिनु पर्ने

तरीका सम्बन्धमा महानाम शाक्यलाई दिनु भएको उपदेशको चर्चा गरिएको छ। त्यहाँ भनिएको छः–

"महानाम ! उनीहरूलाई यी चार धर्महरूबाट आश्वासन दिनु पर्छ –

आयुष्मान् आश्वस्त रहनोस् कि आयुष्मान् बुद्धको प्रति दृढ श्रद्धाबाट युक्त हुनुहुन्छ- यस्तो उहाँ भगवान अरहन्त, सम्यक् सम्बुद्ध, विद्याचरण-सम्पन्न, सुगत, लोक विदु अनुत्तर पुरुषहरूलाई दमन गर्नमा सारथी समान, देव र मनुष्यको शास्ता, बुद्ध भगवान हुनुहुन्छ ।

...धर्मको प्रति अविचल श्रद्धाबाट युक्त रहेको कुराबाट आश्वस्त हुनोस् ...

...संघको प्रति अविचल श्रद्धाबाट युक्त रहेको कुराबाट आश्वस्त हुनोस्...।

..श्रेष्ठ र सुन्दर शीलहरूबाट ...युक्त रहेको कुराबाट आश्वस्त हुनोस्...।

. महानाम ! उनीहरूलाई यी चार धर्महरुबाट आश्वासन प्रदान गरेर यस्तो भन्नु पर्छ–"के आयुष्मान्लाई आमा बाबुप्रति मोह-माया छ ? यदि उसले भन्छ कि-हो, मलाई आमा बाबुप्रति माया-मोह छ, तब उसलाई यसो भन्नु पर्छ–तपाई आमा बाबुप्रति माया-मोह गर्नु भए पनि मर्नु हुन्छ र नगरे पनि मर्नु हुन्छ भने किन त्यस माया-मोहको छोड्नु हुन्न ?

यदि उसले यस्तो भनेमा–आमा-बाबुका प्रति मेरो जो माया-मोह थियो त्यो प्रहीण भयो, तब उसलाई यो भन्नु पर्छ-"आयुष्मान-लाई स्त्री र बाल बच्चाहरूप्रति अझै माया-मोह छ।" स्त्री तथा बाल बच्चाप्रति माया-मोह गरे पनि नगरे पनि तपाईको मृत्यु नै हुन्छ भने किन स्त्री र बाल बच्चाप्रति माया-मोह छोड्नु हुन्न ?"

यदि उसले "मेरा स्त्री र बाल बच्चाप्रतिको माया-मोह प्रहीण भयो" भनेमा उसलाई यसरी भन्नु पर्छ "आयुष्मानलाई अझै पाँच मानवीय काम-गुणहरू प्रति मोह-माया छ"।

यदि उसले-"पाँच मानवीय काम-गुणहरूवाट मेरो चित्त हटिसकेको छ" भनी भनेमा, उसलाई यसरी भन्नु पर्छ-"पाँच मानवीय काम-गुणहरू भन्दा, आवुस ! दिव्य भोगहरू अझ श्रेष्ठोत्तम हुन्छन्। यदि आयुष्मानले पाँच मानवीय काम-गुणहरूवाट आफ्नो चित्तलाई हटाई चार महाराज देवहरूमा लगाएमा वेश हुन्छ !"

यदि उसले "पाँच मानवीय काम-गुणहरूवाट चित्त हटिसकेको छ र चार महाराज देवहरूमा चित्त लागेको छ" भनी भन्छ भने उसलाई यसो भन्नु पर्छ –"आवुस ! चार महाराज देवहरू भन्दा पनि त्रयस्त्रिंश देवहरू अझ श्रेष्ठोत्तम छन्। यदि आयुष्मानले चार महाराज देवहरूवाट आफ्नो चित्तलाई हटाई त्रयस्त्रिंश देवहरूमा लगाई दिएमा वेश हुन्छ।"

यदि उसले भनेमा कि "मैले चार महाराज देवहरूवाट आफ्नो चित्तलाई हटाई त्रयस्त्रिंश देवताहरूमा लगाई दिएको छु, "तव उसलाई यस्तो भन्नु पर्छ– आवुस ! त्रयस्त्रिंश देवताहरु भन्दा याम देवताहरु ..."तुषित देवताहरु...., निर्माण-रति देवताहरु, परनिर्मित बशवर्ती देवता,... ब्रह्मलोक अझ श्रेष्ठोत्तम छन्....। अघिल्ला भन्दा पछिल्ला देबलोकहरु क्रमशः बढी श्रेष्ठोत्तम छन्।... आयुष्मानले ब्रह्मलोकमा आफ्नो चित्त लगाई दिए वेश हुन्छ।"

यदि उसले "मैले परनिर्मित वशवर्ती देवताबाट आफ्नो चित्तलाई हटाई ब्रह्मलोकमा लगाइ दिएको छु" भनी भन्छ भने, उसलाई अनि यस्तो भन्नु पर्छ -"आवुस ! ब्रह्मलोक पनि अनित्य छ, अध्रुव छ, सत्कायको अविद्याबाट युक्त छ। आयुष्मानले ब्रह्मलोकबाट आफ्नो चित्तलाई हटाई सत्कायको निरोधका लागि लगाइ दिएमा बेश हुन्छ।"

यदि उसले "मैले ब्रह्मलोकबाट आफ्नो चित्तलाई हटाई सत्कायको निरोधको लागि लगाइ दिएको छु" भन्छ भने तब हे महानाम ! त्यस उपासकको आश्रवबाट विमुक्त चित्तवाला भिक्षु देखि कुनै भेदभाव रहन्न, यस्तो म भन्दछु । विमुक्ति एउटै हो ।"

जन्म हुनु नै खतरा हो । सर्वोच्च स्वर्गलोकको जन्मलाई भन्दा कुनै पनि लोकमा पुनर्जन्म नहुने कुरालाई नै बढी ग्राह्यता दिइनु पर्छ । कोही व्यक्ति अरू पुनर्जन्मको इच्छा गर्दैन भने उसले चार आर्य सत्यलाई जान्नु पर्दछ र यी चतुरार्यसत्यले नै पुनर्जन्म (भव) को निरोध तिर लैजान्छ भन्ने कुरा बुझ्नु पर्छ ।

पहिलो आर्य सत्य हो दुःख सत्य । अहिले प्रटक हुने दर्शन, श्रवण, लोभ वा अन्य जुनसुकै नाम वा रूप किन नहोस्, ती सबै केवल उत्पति भएर निरोध भएर जाने धातु स्वभाव मात्र हुन् भन्ने कुराको अनुभव हामीले गर्न सकेको भए हामी दुःख सत्यलाई बुझ्न सक्षम हुने थियौं । जे कुरा उत्पति भएर निरोध हुन्छ त्यसले तृप्ति दिन सक्तैन । यो दुःख हो । दोश्रो आर्य सत्य हो दुःख समुदय । तृष्णा दुःखको समुदय हो । अष्टाङ्गिक मार्गको विकारले गर्दा कम तृष्णा हुन्छ, नाम र रूप प्रतिको आशक्ति कम हुन्छ । जब अन्ततोगत्वा: तृष्णाको निरोध हुन्छ, भव (पुनर्जन्म) को निरोध हुन्छ जुन दुःखकै निरोध हो । तेश्रो आर्य सत्य हो दुःख निरोध, जुन निर्वाण हो र चौथो आर्य सत्य हो दुःख निरोध, गामिनी मार्ग, जुन अष्टाङ्गिक मार्ग हो ।

महापरिनिर्वाण सूत्रमा चर्चा गरिएको छ ।

भगवान महाभिक्षु संघका साथै कोटिग्रामतर्फ प्रस्थान गर्नु भयो र त्यहाँ भगवान कोटिग्राममा नै विहार गर्नु भयो । त्यस स्थानमा भगवानले भिक्षुहरूलाई आमन्त्रित गरेर भन्नु भयो:

भिक्षुहरू ! चार आर्यसत्यहरूको अनुबोध नहुनाले नै यस प्रकार दीर्घकालदेखि यो संसरण (आवागमन) "मेरो र तिनीहरूको" भइरहेको छ ।

कुन कुन चार ?

भिक्षुहरू ! दु:ख आर्यसत्य, दु:ख समुदय आर्य सत्य, दु:ख निरोध आर्य सत्य र दु:ख निरोध गामिनी प्रतिपद् आर्य सत्य ।

भिक्षुहरू ! यी आर्य सत्यहरूको अनुबोध=प्रतिबोध गर्‍यो कि भव-तृष्णा उच्छिन्न हुन्छ, भव नेत्री (तृष्णा) क्षीण हुन्छ र अनि जातिकै निरोध हुन्छ ।"

मनन गर्न योग्य केही प्रश्नहरू

१) किन बौद्ध ग्रन्थहरूमा नरक बारेमा बोलिन्छन् ? यसको लक्ष के हो ?

२) लोक भनेको के हो ?

३) चित्तको भूमि र लोकमा के भेद छ ?

४) चित्त कुन चाहिं चित्तको भूमिको हो भन्ने कुरा केले निश्चित गर्दछ ?

५) मनुष्य लोक काम-भूमि हो । के मनुष्य लोकमा कामावचर चित्तहरू मात्र हुन्छन् ?

६) रुप-ब्रह्मलोकहरू काम-भूमिहरु होइनन् । रुप-ब्रह्मलोकहरुमा के कामावचर चित्तहरू हुन सक्छन् ? यदिभए, के सबै प्रकारकै कामावचर चित्तहरू हुन सक्छन् त ?

परिच्छेद–२१

समथ

हामीहरू आ-आफ्ना जीवनमा बढी कुशलता प्राप्य होस् भन्ने कुराको चाहना गर्दछौं तर अक्सर गरेर हामीलाई कुशल कर्म गर्न कुशल तरीकासंग बोल्न वा कुशल सोचाइ सोच्न मुश्किल पर्दछ। कारण हाम्रा आ-आफ्ना संचित क्लेशहरूले हामीलाई कुशल कर्म गर्नमा बाधा हालिदिन्छन्। बुद्धोपदेशहरूबाट हामी नीवरणहरुका विषयमा थाहा पाउँछौं, जुन नीवरणहरू अकुशल चित्ताहरू साथै उत्पन्न हुने अकुशल चैतसिकहरू हुन्। हामी सबैमा यी नीवरणहरू हुन्छन्। तिनीहरू हुन्ः–

१. कामाच्छन्द (पालिमा कामच्छन्द)
२. व्यापाद (पालिमा व्यापाद)
३. स्त्यानमृद्ध (पालिमा थीन-मिद्ध)
४. औद्धत्य-कौकृत्य („उद्धच्च-कुकुच्च)
५. विचिकित्सा (पालिमा विचिकिच्छा)

कामच्छन्द वा काम इच्छा लोभवाला चैतसिक हो। पाँच इन्द्रीय द्वारहरू र मनोद्वार मार्फत अनुभव गर्न सकिने आलम्वनहरू प्रतिको लोभ नै कामच्छन्द हो। हामी सबैमा भिन्न भिन्न आकार र गतिका कामच्छन्द हुन्छन्। आर्थिक समुन्नति र प्राविधिक आविष्कारहरूले गर्दा यहाँ जीवनमा बढी समृद्धि आएको छ। मान्छेले आज जीवनलाई रमणीय र सुखी बनाउन धेरै कुराहरू

गर्न सक्दछ । तथापि यसले सन्तुष्टि भने ल्याएको छैन । उल्टो हामीहरू आफूलाई उपलब्ध भएको कुरा प्रति सन्तुष्ट छैनौं र सदैव नै हामी बढी सुख र आनन्दको निम्ति हेरिरहन्छौं । हाम्रा आफ्ना कर्म वचन र चिन्तनहरूमा नै कामच्छन्द छन् । हामीले राम्रा काम गरिरहेका छौं र अरूलाई सहयोग गरिरहेका छौं भनी सोचेकै अवस्थामा पनि कामच्छन्द उत्पति हुन सक्छ । कामच्छन्दले हामीलाई बेचैन र दुःखी बनाइदिन्छ ।

व्यापाद द्वेषवाला चैतसिक हो । व्यापादले एकै दिनमा धेरै पटक हामीलाई दुःख दिन सक्छ । हामी अरू मान्छेका सम्बन्धमा खिजिएका हुन्छौं वा जीवनमा घट्ने अरू घटनाहरूका बारेमा खिजिएका हुन्छौं । व्यापादले हामीलाई कुशलबाट छेकिदिन्छ । हामीमा व्यापाद रहँदा अरू मानिसहरू प्रति हामीमा मैत्री र करूणा रहन सक्तैन ।

स्त्यान र मृद्ध (थीन र मिद्ध) अर्थात निरूत्साह तथा आकर्मण्यताले गर्दा कुशल कार्यमा वीर्यको अभाव रहने स्थिति खडा गरी दिन्छ ।

विशुद्धि मार्ग (१४, १६७) मा स्त्यान-मृद्ध सम्बन्धमा यसरी भनिएको छः

"यहाँ स्त्यान अनुत्साह लक्षणबाला हो । वीर्यलाई हटाउनु यसको कृत्य हो । पछार्नु प्रत्युपस्थान हो । मृद्ध अकर्मण्यताको लक्षणबाला हो । (विज्ञानका द्वारहरूको) बन्द गर्नु यसको कृत्य हो । संकुचित हुनु यसको प्रत्युपस्थान हो । वाऱुकी कुकिकन निदाउनु प्रत्युपस्थान हो। दुवै अरति-आलस्य आदिमा अयोनिशो मनस्कारका पदस्थानवाला हुन् ।"

के हामी सबै दिन भरिका कुशल कार्य गर्नमा आलस्य र वीर्यको अभाव भएमा यस्ता घडीहरूलाई अनुभव गर्दैनौं । जस्तो भनौं

धर्मोपदेश श्रवण गरिरहँदा वा धर्म ग्रन्थ पढिरहँदाका बखत कुशल चित्तहरूका लागि त्यहाँ अवसरहरू हुन्छन् । तर यसको सट्टामा यस्ता घडीमा हामीलाई दिक्कतको महशूस हुन सक्छ तर हामीमा कुशलको निम्ति वीर्यको अभाव भइदिन्छ । अरू कसैलाई हाम्रो मद्दत चाहिने अवस्था देख्दा देख्दै पनि हामी अल्छी भई चलहल नगरीकन बसिदिने पनि हुन सक्छौं । यस्ता बेलामा हामीलाई स्त्यान र मृद्धले रोकेको हुन्छ । स्त्यान-मृद्धले मनलाई बोझिलो बनाई दिन्छ । विशुद्धिमार्गको परिच्छेद ४ को १०५ मा, जहाँ नीवरणलाई ध्यानको निमित्त विशेष रूपमा बाधक भनिएको छ, र यसरी उल्लेख गरिएको छ :–

औद्धत्यलाई "चंचल अस्थिरता" वा "अशान्तपना" र कौकृत्य-लाई "पीर वा चिन्ता" अथवा "पश्चाताप" भनी अनुवाद गरिन्छ । औद्धत्य प्रत्येक किसिमको अकुशल चित्त साथै उत्पति हुन्छ । यसले चित्तलाई कुशलपनाबाट छेकिदिन्छ ।

कौकृत्यको बारेमा विशुद्धि मार्ग (१४, १७४) मा यसरी भनिएको छः–

"यो पश्चाताप गर्नेको लक्षणवाला हो । गरिएका र नगरिएका कर्महरू विषयमा शोक गर्नु यसको कृत्य हो । पश्चातापबाट थाहा पाउनेवाला हो । गरिएका र नगरिएका कामहरूको पदस्थानवाला हो । यसलाई दासताको समान सम्झनु पर्दछ।"

केही कुरा खराब गर्दा वा हामीले गर्नुपर्ने असल कर्म नगर्दा हामी यसैका बारेमा बारम्बार सोचि रहने हुन्छौं । त्यसो किन गरिएको होला भनी हामी आफैलाई सोधिरहने हुन्छौं, किन्तु बिति सकेको कुरालाई हामी परिवर्तन गर्न सक्तैनौं । हामी चिन्तित रहँदा हामीमा अकुशल चित्तहरू हुन्छन् । चिन्ताले हामीलाई बाँधि दिएको हुन्छ । औद्धत्य कौकृत्यले हामीलाई प्रशान्त रहन दिदैन ।

विचिकित्सा (विचिकिच्छा) भनेको सन्देह हो । आशंका वा सन्देह अनेक प्रकारका हुन्छन् । हामीलाई बुद्ध, धर्म र संघका बारेमा सन्देह रहन सक्छ वा अष्टाङ्गिक मार्गको बारेमा शंका रहन सक्छ । यस तरीकाले गर्नुपर्ने हो वा त्यो तरीकाले गर्नुपर्ने हो भन्ने बारेमा शंका रहन सक्छ । शंका अकुशल हो र कुशल गर्ने कार्यमा नीवरण (बाधा) हो ।

नीवरणहरू सबै नै कुशल कर्मका निम्ति बाधाहरू हुन् । के ती नीवरणलाई हटाउने उपाय छत ? समथ भावना नीवरणहरू-लाई अस्थायी रूपमा हटाउने एउटा उपाय हो । समथको भावना गर्नेले एउटा ध्यान विषयमा चित्त लगाउँछ, र यसरी ध्यान प्राप्त भए पछि नीवरणहरूलाई केही कालसम्मको लागि हटाइन्छन् । समथको अभ्यास गर्दा नीवरणलाई निर्भूल गर्न सक्ने पाँच चैतसिक-हरू, जसलाई ध्यानाङ्ग भनिम्छ, लाई विकास गरिन्छ ।

पहिलो ध्यानाङ्ग हो वितर्क (पालिमा वितक्क) धेरै प्रकारका चित्त साथै उत्पति हुने एक प्रकारको चैतसिक हो वितर्क । जव यसलाई समथ भावनाको अभ्यास गर्ने कुशल चित्तमा विकास गरिन्छ, यो ध्यानाङ्गहरू मध्येको एउटा अङ्ग हुन्छ । वितर्क सम्बन्धमा (अभिधर्मार्थ-संग्रहमा) यसरी भनिएको छः–

"गोचराभिमुखारोपन गर्नेवाला चैतसिक वितर्क हो । यसको लक्षण हो गोचरमा प्रारम्भ लाग्नु । यसको कृत्य हो गोचरहरूलाई पुनः पुनः मनन गर्नु । यसको आकार हो गोचरमा चित्तको अभि-मुख आकर्षण ।.... वितर्कको आश्रयले चित्त गोचरारोपन हुन्छ...।"

वितर्कले ध्यानाङ्गको रूप लिंदा यो स्त्यान-मृद्धको विपरीत गुणवाला हुन्छ । ध्यान विषय (कर्मस्थान) मा चिन्तन गर्दा वितर्कले स्त्यान मृद्धलाई अस्थायी रूपमा रोक्न मद्दत गर्दछ ।

अर्को ध्यानाङ्ग हो विचार । यो चैतसिक विभिन्न प्रकारका चित्त साथै उत्पति हुन्छ तर जव यसलाई समथ भावनाको अभ्यासमा विकास गरिन्छ, यो एउटा ध्यानाङ्ग हुन्छ । विचार सम्वन्धमा (अभिधर्मार्थ संग्रहमा) यसरी भनिएको छः–

गोचरमा चित्तलाई यताउति गमन गर्नेवाला चैतसिक विचार हो । यसको लक्षण हो गोचरलाई पुनः अनुमार्जन गर्नु वा स्पर्श गर्नु । यसको कृत्य हो सहजात धर्महरूलाई अभिक्षण युक्त गर्नु । यसको आकार हो गोचरमा लगातार उत्पन्न जस्तो हुनु ।..."

समथमा विचारले चित्तलाई कर्मस्थान (ध्यान-बिषय) माथि नै झुण्डयाइ राख्तछ । कुशल कुराहरू माथि निरन्तर चिन्तन गर्दाको वखत हामीमा विचिकित्सा वा शंका रहँदैन । विचारले शंकालाई रोक्न मद्दत गर्दछ ।

अर्को ध्यानाङ्ग हो प्रीति । प्रीति अकुशल चित्तहरूसंगै पनि उत्पति हुन्छ तर समथमा यसलाई विकास गर्दा यो एउटा ध्यानाङ्ग हुन्छ ।

विशुद्धि मार्गको मुताविक ध्यानाङ्ग प्रीति भनेको व्यापक सुख हो जुन ध्यानको मूल हो र ध्यानकै संगतमा वृद्धि भएर आउँछ ।

जब समथमा प्रीतिलाई विकास गरिन्छ, यसले व्यापादको नीवरणलाई रोक्छ । बुद्ध, धर्म र संघको विषयमा वा ध्यानको अर्को कुशल विषयमा प्रमुदित भाव रहँदाको स्थितिमा व्यापाद त्यहाँ रहँदैन ।

अर्को ध्यानाङ्ग हो सुख । यो ध्यानाङ्ग शारीरिक सुख बेदना होइन । किन्तु यो त सौमनस्य वा मानसिक सुख भाव हो । समथमा विकास गरिने सुख चाहिं ध्यानको कुशल विषयको बारेमा उत्पन्न हुने सुख भाव हो । यसले औद्धत्य-कौकृत्यवाला नीवरणहरू

लाई रोक्दछ । ध्यानको कुशल विषयको बारेमा सुखको अनुभव भएको बेलामा बेचैनी वा चिन्ता रहँदैन ।

प्रीति र सुख भन्नु एउटै कुरा होइन । सुख, आनन्द, आरामी वा हर्षको रूपमा लिइने सुख चाहिं सुख वेदना हो र यो वेदना स्कन्ध अन्तर्गत आउँछ । । किन्तु प्रीति वेदना होइन, यो वेदना स्कन्ध होइन, बल्कि संस्कार स्कन्ध हो ।

विशुद्धि मार्गमा प्रीति र सुखको भिन्नताको विषयमा राम्ररी सम्झाइरहेको छ ।

जहाँ दुइटै शब्दहरू प्रयोग हुन्छन् प्रीति भनेको इच्छित वस्तु प्राप्त गर्दाको तृप्ति वा सन्तुष्टि हो भने सुख भनेको प्राप्त त्यस वस्तुलाई वास्तविक रूपमा अनुभव गरिने आनन्द हो । जहाँ प्रीति हुन्छ त्यहाँ सुख पनि हुन्छ, किन्तु सुख रहेको ठाउँमा प्रीति रहनै पर्छ भन्ने कुरा चाहिं होइन । प्रीति संस्कार स्कन्ध अन्तर्गत आउँछ भने सुख वेदना स्कन्ध भित्र समावेश हुन्छ । मरूभूमिमा हिंड्दा हिंड्दा एकदम थाकेर क्लान्त भइसकेको तिर्खाएको व्यक्तिले जंगलको छेउमा तलाउ भएको कुरा देखेमा वा सुनेमा उसलाई प्रीति प्राप्त हुन्छ । त्यस जंगलको छायाँमा पुगेर त्यस व्यक्तिले पानीको उपभोग गर्दाको बखत उसलाई सुख प्राप्त हुन्छ...।"

समाधि वा ध्यानवाला ध्यानाङ्ग जुन हो त्यो चैतसिक हो एकाग्रता चैतसिक । यो चैतसिक प्रत्येक चित्त साथै उत्पति हुन्छ र यसको कृत्य हो एउटै आलम्बन माथि ध्यान केन्द्रित गर्नु । समथमा विकसित गर्दा समाधि भनेको कर्मस्थान माथि एकाग्रता हुन आउँछ ।

विशुद्धि मार्ग (१४, १३९) मा समाधिको वारेमा यसरी उल्लेख गरिएको छः–

"यसले आलम्बनमा चित्तलाई बराबर राख्तछ, राम्ररी राख्तछ अथवा यो चित्तको समाधान मात्र हो, यसैले समाधि

भनिन्छ । यसको लक्षण हो फैलिन नदिनु वा अविक्षिप्तता । यसको कृत्य हो सहजात धर्महरूलाई जम्मा गर्नु, स्नान गर्ने चूर्णहरूको लागि जलको समान उपशम यसको प्रत्युपस्थान हो । यसको पदस्थान हो विशेष रूपबाट सुख । वायु रहित स्थान दीपकको शिखाको समान चित्तको स्थितिलाई समाधि (एकाग्रता) भनी जान्नु पर्दछ ।"

समाधिले कामच्छन्दलाई रोक्छ । ध्यानको कर्मस्थान माथि मनको एकाग्रता रहँदाको स्थितिमा त्यो व्यक्तिलाई कामच्छन्दबाट बाधा पुऱ्याइएको हुँदैन ।

ध्यानको प्रथम चरण प्राप्त गर्ना निमित्त आवश्यक पाँच ध्यानाङ्गहरूलाई संक्षिप्त रूपमा यसरी भन्न सकिन्छ:–

वितर्क [पालिमा वितक्क]
विचार [पालिमा विचार]
प्रीति [पालिमा पीति]
सुख [पालिमा सुख]
समाधि, जुन एकाग्रता [पालिमा एक्कग्गता] हो ।

अर्थसारिणीमा नीवरणहरूलाई ध्यानाङ्गहरूका सम्बन्धमा उल्लेख गरिएको छ ।

"...त्यसरी नै पेतकोपदेशमा भनिएको छ कि समाधि कामच्छन्दको विपरीत गुणवाला हो भने प्रीति व्यापादको, वितर्क स्त्यान-मृद्धको, सुख औद्धत्य कौकृत्यको, र विचार विचिकित्साको विपरीत गुणवाला छ ।..."

नीवरणलाई अस्थायी रूपमा हटाउनको लागि ध्यानाङ्गहरूको विकास गरिनु पर्छ । ध्यानाङ्गहरूलाई विकास गर्न र ध्यान प्राप्त गर्न चाहने व्यक्तिकोलागि ठूलो तयारीको आवश्यकता हुन्छ । विशुद्धिमार्गमा के भनिएको छ भने समथ भावनाको अभ्यास गर्न

चाहने व्यक्ति शीलमा सुप्रतिष्ठित हुनु पर्छ जुन शील अल्पेच्छुकता, सन्तोषपना एकान्तवास, वीर्य र अत्यावश्यकता जस्ता गुणहरु द्वारा परिशुद्ध गरिएको हुन्छ। भिक्षुले खास गरेर चीवरको प्रयोग गर्दा, भिक्षा तथा आरामको प्रयोग गर्दा अपनाउनु पर्ने भिक्षु विनयहरूको पालन गर्नाले यसरी शील पालन गर्नेको पुण्य अरु परिष्कृत हुने छ।

भगवान बुद्धको समयमा समथ भावनाको विकासको अनुकूल जीवन यापन गर्ने उपासकहरूले पनि ध्यान लाभ गर्न सक्तथ्यो। एउटा उदाहरण हो नन्द माता जसको बारेमा अंगुत्तर निकाय सतक-निपात, परिच्छेद ५, महायज्ञ वर्गमा उल्लेख गरिएको छ कि उनी चतुर्थ ध्यान प्राप्त गरी विहार गर्न सक्किन। ध्यान लाभका प्रयत्नशील एकान्त जीवन व्यतीत गर्नु पर्छ र अनेकौं शर्तहरूको अभ्यास गर्नु पर्छ। सांसारिक सुखहरूमा अल्झिएर रहने र यदा कदा मात्र कर्मस्थानमा चित्त लगाउने व्यक्तिले समथ अर्थात भावनाको विकासलाई प्राप्त गर्न सक्तैन। ध्यान, काम तृष्णाहरूसंग बिल्कूलै मेल नखाने कुरो हो। विशुद्धि मार्ग (४,८०, ८१) मा ध्यान बारेका सूत्रका शब्दहरूमा यसरी टिप्पणी गरिएको छः—

कामहरू र अकुशल धर्महरूबाट बिल्कुलै अलग भएर....ध्यानी प्रथम ध्यानलाई प्राप्त गरेर बिहार गर्दछ...। हामी यो वाक्यांश-हरूलाई त्रिपिटकमा अनेक स्थानहरूमा फेला पार्न सक्छौं। जस्तो मध्यम निकायमा महा सकुलुदायी सुत्तमा सकुलुदायी परिव्राजक-लाई उपदेश दिंदा उल्लेख गरिएको छः

"उदायी ! भिक्षु, कामहरूबाट अलग भएर, अकुशल धर्महरू-बाट अलग भएर वितर्क-विचार-सहित बिबेकबाट उत्पन्न प्रीति-सुख-रूप प्रथम ध्यानलाई प्राप्त गरेर बिहार गर्दछ....।"

विशुद्धि मार्गमा (१४, ८१) यी शब्दहरूको टिप्पणीमा यसरी उल्लेख गरिएको छः–

"कामहरूवाट अलग भएर यसरी नियम गरिएवाट यो थाहा हुन्छ कि अवश्य यो ध्यानलाई काम विपक्षी हुन्, जुन रहँदा यो (ध्यान) हुँदैन। अन्धकार छँदा चिरागको प्रकाशको समान काम-को परित्यागबाट नै ध्यानको प्राप्ति हुन्छ, वल्लो तीरलाई त्यागेर पल्लो तीर (किनारा) मा पुगे जस्तै। यसैले यो नियम गरिएको छ।"

यसरी हामी के देख्छौं भने समथको विकास रूबैको निम्ति होइन। यदि ध्यानको प्रत्याशीले "अल्पेच्छुकता, एकान्तपना र स्वल्पावश्यकताहरू" को जीवनको बदलामा कामतृष्णाहरूले भरि-पूर्ण "सांसारिक जीवन" व्यतीत गर्दछ भने उसले ध्यानलाई लाभ गर्न सक्दैन।

विशुद्धि मार्ग (३, १२९) मा यो भनिएको छ कि ध्यानका प्रत्याशीले समाधिका सबै पलिबोधहरूलाई उच्छिन्न गरेर हटाउनु पर्दछ। वासस्थान, यात्रा (भ्रमण) र बिरामी पलिबोधहरू मध्येकै हुन्। यी पलिबोधहरू समथको लागि नीवरणहरू हुन सक्छन्। ध्यानीले बिहारको निवासलाई छोड्नु पर्छ। अनेक कारणले गर्दा बिहारको निवास ध्यानको प्रतिकूल हुन्छ। यसरी उसले समथ भावनाको विकास गर्न शुरू गर्नु भन्दा अगाडि पनि अनेक पूर्वा-धारहरू पूरा गर्नु पर्छ।

समथ भावनाको विकासको लागि ध्यानीले आफूलाई कर्म-स्थान (ध्यानको विषय) मा लगाउनु पर्दछ। कर्मस्थानहरूमा ४० प्रकारका छन्, यथा:

१० कृत्स्न (पालिमा कसिण) अभ्यासहरू, जस्तो पृथ्वी कसिण, आप-कसिण, परि-च्छिन्नाकाश कसिण आदि।

१० अशुभ (पालिमा असुभ) विषयहरू, जस्तो उर्ध्व मातक, विनीलक अशुभ इत्यादि ।

१० अनुस्मृतिहरू (पालिमा अनुस्सति), जस्तो बुद्धानुस्मृति, धर्मानुस्मृति, संघानु स्मृति, शीलानुस्मृति, त्यागानुस्मृति, देवतानुस्मृति, मरणानुस्मृति, कायगतास्मृति, आनापानस्मृति र उपशमानु स्मृति ।

१ आहारमा प्रतिकूलताको संज्ञा ।

१ व्यवस्थान जस्तो चारै धातुहरूको व्यवस्थान ।

४ ब्रह्म बिहारहरू जस्तो मैत्री, करूणा, मुदिता र उपेक्षा । यहाँ उपेक्षाको अर्थ उपेक्षा वेदना होइन, बल्कि कुशल चैतसिक हो जुन तत्र-मज्झत्तता हो ।

४ आरूप्य अर्थात अरूप ध्यानहरू, जस्तो आकाशाननयायतन, विज्ञानानन्त्यातन अकिचन्यायतन र नैव संज्ञानासंज्ञायतन ।

विशुद्धि मार्ग (३, ११९) मा व्याख्या गरिए मुताविक कर्मस्थानहरूलाई आलम्बनको स्वभावमाथि निर्भर रहेर, दृश्यद्वारा, स्पर्शद्वारा वा कथन-श्रवणद्वारा जान्न सिक्न सकिन्छ । दृष्यद्वारा सिकिने आलम्बनहरूका सम्बन्धमा, जस्तो १० कसिणहरू मध्ये वायु कसिणलाई छोडी अरू ९ कसिणहरू र १० अशुभ भावनाहरूमा विशुद्धि मार्गमा के भनिएकोछ भने ध्यान गर्नेले शुरूमा कसिणलाई राम्ररी हेर्नु पर्छ र पछि उसले निमित्त प्राप्त गर्दछ । त्यसपछि

उसले पहिलेको कसिणलाई हेरिरहनै नपर्ने हुन्छ। पहिले त निमित्त (मानसिक चित्र वा प्रतिमा) अझै अस्थिर अस्पष्ट हुन्छ तर पछि पछि गएर त्यो निमित्त 'सयगुणा, हजार गुणा भन्दा बढी परिष्कृत...' हुन्छ। पहिलेको कसिणमा जस्तो पृथ्वी कसिणमा दोषहरू हुन सक्छ तर परिष्कृत निमित्तमा प्रारम्भमा आफुले त्यस कसिणलाई हेरिरहँदाको अवस्थामा विद्यमान रहेका सबकली कसि-णका अशुद्धिहरू केही रहँदैनन्। यस्तो परिष्कृत निमित्त ध्यानमा निकै प्रगति गरे पछि मात्र प्राप्त हुन्छ। यस्तो परिष्कृत निमित्त-लाई "प्रतिभाग -निमित्त" भनिन्छ। सबै कर्मस्थानहरुले "प्रतिभाग निमित्त" मा पुऱ्याउँदैन।

प्रतिभाग-निमित्त उत्पति हुँदाको घडीमा समाधि निकै प्रगति-को स्थितिमा रहन्छ। यसलाई उपचार समाधि भनिन्छ। त्यो चित्त ध्यान चित्त नभई अझै पनि कामावचर चित्त (काम भूमिकै चित्त) हुन्छ। तर उपचार समाधि प्राप्त हुँदाको घडीमा नीवरणहरू उत्पति हुँदैनन्। तथापि ध्यान लाभ गर्नको निम्ति अझै ध्यानाङ्ग-हरूको विकास चाहिंदो मात्रामा भइसकेको हुन्न र यस घडीमा ध्यानीले ध्यान प्राप्त गर्नको निमित्त उपयुक्त पूर्वाधारहरूको अभ्यास गर्नु पर्दछ। "उपचार समाधि" नै प्राप्त गर्नु निकै कठीन कुरा हुन्छ। "निमित्तको रक्षा गर्नु पनि निकै गाह्रो हुन्छ। ध्यान प्राप्त गर्नको निमित्त निमित्तको रक्षा गर्नु आवश्यक हुन्छ। आफूले प्राप्त गरेको "प्रतिभाग-निमित्त" लोप नहोस् भनेर "निमित्तको रक्षा" गर्नु पर्दछ। निमित्तको रक्षा गर्ने आधारहरू हुन् अन्य कुराको साथै अनुकूल निवास, उपयुक्त भोजन, सम्प्रलापको त्याग ध्यान प्राप्त गर्नेले निम्न ५ इन्द्रीयहरू (चैतसिकहरू) लाई सन्तु-लनमा राख्नु पर्दछ:

श्रद्धा (कुशल प्रतिको विश्वास वा आस्था)
वीर्य (जाँगर वा शक्ति)

स्मृति (अप्रमत्त भाव)
समाधि (एकाग्रता)
प्रज्ञा (ज्ञान)

श्रद्धा प्रज्ञासित सन्तुलित हुनुपर्छ ताकि ती मध्ये कुनै एक पनि न साह्रै प्रवल होस् न साह्रै दुर्वल । समाधि वीर्य सित सन्तुलित हुनु पर्छ । किनभने वीर्य अधिक भई चाहिंदो मात्रामा समाधि भएन भने चित्त चंचल हुने भय रहन्छ, अनि त्यस व्यक्तिले ध्यान लाभ गर्न सक्तैन । समाधि भएर चाहिंदो मात्रामा वीर्य भएन भने आलस्य हुन्छ र ध्यान प्राप्त हुन सक्तैन । सबै पाँच इन्द्रीयहरू त्यसैले सन्तुलित रहनु पर्छ ।

उपर्युक्त उदाहरणवाट हामी के देख्छौं भने अभिधर्म सम्वन्धी आधारभूत ज्ञान विना र अभिधर्ममा उपदिष्ट धर्महरूको विषयमा सावधानीपूर्वक विचार नगरिकन समथ भावनालाई अभ्यास गर्न सकिन्न । कुन कुन धर्महरू ध्यानाङ्गहरू हुन भन्ने कुरा थाहा हुनु पर्छ र आफूमा ती ध्यानाङ्गहरू विकसित भएका छन् कि छैनन् भन्ने कुरा पनि महशूस गर्नु पर्छ । पाँच इन्द्रीयवाला चैतसिकहरू वृद्धि भएका छन् कि छैनन्, तिनीहरू सन्तुलित छन् कि छैनन् भन्ने कुरा ध्यान गर्नेले जान्नु पर्छ । "उपचार समाधि" र ध्यानको लाभको लागि आवश्यक सबै ती विभिन्न अंगहरू र हेतुहरू विषयमा सम्यक् ज्ञान नभएमा 'उपचार समाधि' नभएको कुरालाई 'उपचार समाधि' भनी र ध्यान नभएकोलाई ध्यान भनी ग्रहण गर्ने खतरामा त्यो व्यक्ति हुन्छ । उपयुक्त हेतुहरूलाई अभ्यास नगरिकन, न 'उपचार समाधि' प्राप्त गर्न सकिन्छ न त ध्यान नै प्राप्त गर्न सकिन्छ ।

सबै कर्मस्थानहरूले ध्यानमा पुऱ्याउने होइन, केहीको त फलको रूपमा केवल 'उपचार समाधि' हुन्छ जस्तो कि बुद्धानुस्मृति, धर्मानुस्मृति र संघानुस्मृति । केही कर्मस्थानहरूले त रूप-ध्यानको

प्रथम चरणसम्म मात्र पुऱ्याउँछ भने केहीले रूप-ध्यानका सबै चरणहरूसम्म नै पुऱ्याउँछन् । अनापान-स्मृको धर्मस्थानले रूप-ध्यानका सबै चरणहरूसम्म नै पुऱ्याउन सक्छ । अधिकांश व्यक्ति-हरूले अरूको दाँजोमा सजिलो छ भनी भन्थान्न यो कर्मस्थान झन् सबैभन्दा मध्येको एक हो । यस कर्मस्थानमा ध्यान गर्ने व्यक्तिले आश्वास-प्रश्वासले स्पर्श गर्ने नाकको टुप्पामा वा माथिल्लो ओठमा मन केन्द्रित गर्नु पर्छ । यो कर्मस्थान दृश्यद्वारा जानिने होइन, बल्कि स्पर्शद्वारा सिकिन्छ । यसमा ध्यान गर्नेले निरन्तर आफ्नो ध्यान दिनु पर्ने निमित्त हो आश्वास-प्रश्वास । विशुद्धिमार्गमा भनिएको छः

जसरी अन्य कर्मस्थान अगाडि गएर झन् झन् स्पष्ट हुन्छ, त्यसरी आनापानानुस्सतिमा हुँदैन । यो अगाडि गएर भावना गर्ने वालाको आश्वास-प्रश्वास झन् झन् सूक्ष्म हुँदै जान्छ र यस्तो पनि अवस्था आइपुग्छ कि यो थाहासम्म पनि हुँदैन ।

विशुद्धि मार्गमा अझ अगाडि भनिएको छः

यसै कुरालाई लक्षित गरेर नै भगवान बुद्धले भन्नु भएको हो–"भिक्षुहरू ! म स्मृति नरहने व्यक्ति, प्रज्ञा रहित व्यक्तिको लागि आनापान-स्मृतिको भावना बताउदिन ।"

यद्यपि जुनसुकै कर्मस्थान पनि स्मृति र प्रज्ञाले युक्त (व्यक्ति) लाई नै मात्र सिद्ध हुन्छ तथापि यो एउटा बाहेक अरू कुनै पनि कर्मस्थानलाई मनमा भावित गर्दै जाँदा झन् झन् प्रकट वा प्रत्यक्ष हुँदै जान्छ । किन्तु यो अनापान-मृति कर्मस्थान कठिन छ, कठिनाइ रहित भावनागरिनेवाला हो । यो यस्तो भूमि वा क्षेत्र हो जहाँ केवल बुद्ध, प्रत्येक बुद्ध र बुद्ध-पुत्र (भिक्षुहरू) महापुरुषहरूको नै मन-सिकार (मनस्कार) हुन्छ । यो कर्मस्थान नत तुच्छ हो न त यो साधारण सत्वहरूद्वारा सेवित नै हो । जति जति यसलाई मनमा

गरिन्छ त्यति त्यति यो झन् झन् शान्त र सूक्ष्म हुन्छ । तसर्थ यसमा प्रवल स्मृति र प्रज्ञा हुनु आवश्यक हुन्छ ।

आनापान-स्मृति निकै कठीन छ, यो सानोतिनो कुरा होइन । यसमा ध्यान गर्नेले श्वासमा लगातार ध्यान दिएको बेलामा आश्वास र प्रश्वासहरू झन् झन् सूक्ष्म भएर ध्यान दिन मुश्कील भएर जान्छन् । हामीले भर्खरै अघिको उद्धरणमा पढ्यौ कि प्रवल स्मृति र प्रज्ञा यहाँ आवश्यक हुन्छ । विपश्यना मात्र होइन, समथ भावना पनि स्मृति (सति) र प्रज्ञा (पञ्ञा) आवश्यक हुन्छन् तर समथमा ध्यान दिइनु पर्ने आलम्बन विपश्यनाको भन्दा भिन्न हुन्छ । समथमा ध्यान दिनुपर्ने विषय नै कर्मस्थान हो । किन्तु बिपश्यनामा आत्मा बिषयको मिथ्या दृष्टि र अन्ततोगत्वा: सम्पूर्ण क्लेशहरूलाई निर्मल गर्ने हेतुले षडिन्द्रीय द्वारहरू मार्फत देखा पर्ने नाम र रूपको बारेमा ध्यान गर्ने व्यक्ति सजग हुन्छ । समथ भावना मार्फत क्लेशहरूका अनुशयहरू वा अन्तर्निहित प्रवृत्तिहरूका उन्मूलन हुँदैनन्, जब हेतुहरू हुन्छन् अकुशल चित्तहरू पुन: उत्पन्न हुन्छन् ।

अंगुत्तर निकाय (छक्क निपात, परिच्छेद ६, महावर्ग, चित्त हत्थि सारिपुत्त) मा लेखिएको छ कि ध्यानको लाभ गर्न सक्ने भिक्षुले पनि ध्यानको लागि उपयुक्त जीवन व्यतीत नगरेको खण्ड-मा रागबाट अनुरक्त रहनाको कारणले गर्दा "शिक्षा (नियमहरू) लाई त्यागेर हीन-मार्गी हुने सम्भावना हुन्छ । हामी पढ्छौं कि एक समयमा भगवान वाराणसीको ऋषिपतन मृगदावमा विहार गर्नु हुँदा पिण्डपातबाट फर्केर धेरै स्थविर भिक्षु गोलाकार भवन-मा जम्मा भएर बसीकन अभिधर्म सम्बन्धी छलफल गर्दै थिए । त्यसबेला आयुष्मान चित्त हत्थि सारिपुत्तले अभिधर्म सम्बन्धी कुराकानी गरिरहेका स्थविर भिक्षुहरूका बीच बीचमै कुरा काटी कुरा गर्दथ्यो । अनि आयुष्मान महाकोट्ठिकले आयुष्मान चित्त हत्थि सारिपुत्तलाई यसरी भन्नु भो:–

"हत्थिसारिपुत्त आयुमान चित्त ! अभिधर्म सम्बन्धी कुराकानी गर्नेवाला स्थविरहरूका छलफलकाबीच बीचमा नबोल्नोस् । आयुष्मान चित्त ! कुराकानीको अन्त नभएसम्म पर्खेर बस्नोस् ।"

यस्तो भनिएपछि आयुष्मान हत्थिसारिपुत्त चित्तका मित्र भिक्षुहरूले आयुष्मान महोकोट्ठिकलाई भन्न लागे–"आयुष्मान महोकोट्ठिक आयुष्मान चित्त हत्थिसारिपुत्तलाई अप्रसन्न नगरून् । आयुष्मान चित्त हत्थिसारिपुत्त पण्डित हो । आयुष्मान चित्त हत्थिसरिपुत्त स्थविर भिक्षुहरूसित अभिधर्म सम्बन्धी छलफल गर्न समर्थ छ ।"

"आयुष्मानहरू ! जो अर्काको चित्तका गतिविधिहरूबाट अपरिचित छन्, उसको लागि यो थाहा पाउनु सजिलो छैन । आयुष्मानहरू ! कुनै कुनै व्यक्तिहरू त्यसै बेलासम्म मात्र विनीत संयत, तथा शान्त रहन्छन् जबसम्म उनीहरू शास्ता वा अन्य कोही गौरवार्ह ज्येष्ठ सब्रह्मचारीको संगै रहन्छन् । किन्तु जब शास्ता अथवा अरू गौरवार्ह सब्रह्मचारीबाट ती टाढा रहन्छन्, तब ती व्यक्तिहरू भिक्षु-भिक्षुनीहरू, उपासकोपासिकाहरू, राजा तथा राज महात्म्यहरू, तैर्थिकहरू तथा तिनका श्रावकहरूका साथै साह्रै घुलमिल गरिकन विचरण गर्दछन् । उनीहरू यसरी ज्यादै हेलमेल गरेर रहनाले, विश्वासपूर्वक रहनाले, असंयत रहनाले, गफादी बनी रहनाले उनीहरूका मनमा रागले घरजम गर्छ । रागबाट अनुरक्त रहनाले उनीहरू शिक्षा (नियमहरू) लाई त्यागेर हीन मार्गी भएर जान्छन् ।..."

आयुष्मानहरू ! एउटा व्यक्ति काम-भोगहरूबाट पृथक भएर .... प्रथम ध्यानलाई प्राप्त गरी बिहार गर्छ । त्यो व्यक्ति "म प्रथम ध्यान लाभी हुँ" भनी सोचीकन भिक्षु-भिक्षुणीहरू... साथै घुलमिल गरेर विचरण गर्छ....। यसरी ज्यादै हेलमेल गरेर रहनाले, विश्वासपूर्वक रहनाले, असंयत रहनाले, गफादी बनी

रहनाले उसको मनमा रागले घरजम गर्छ । रागबाट अनुरक्त रहनाको कारणले उ शिक्षा (नियमहरू) लाई त्यागेर हीन-मार्गी भएर जान्छ ।...."

अरू ध्यानका चरणहरू प्राप्त गर्नेका सम्बन्धमा पनि यसरी नै भनिएको छ । हामी पढ्छौं, पछि गएर आयुष्मान चित्त हत्थि-सारिपुत्तले पनि शिक्षा (नियमहरू) लाई त्यागेर हीन-मार्गकै गमन गऱ्यो । परन्तु चित्त हत्थिसारिपुत्तले शिघ्र नै केश-दाह्री काटेर, काषाय-वस्त्र लगाई घरबाट बेघर भएर प्रव्रजित भयो । हामी पढ्छौं:—

"अनि आयुष्मान चित्त हत्थिसारिपुत्तले एक्लै नै एकान्तवासी भएर, अप्रमादी भई, प्रयत्नशील रहेर, साधना गर्दै गरी जुन अनुपम परमार्थलाई प्राप्त गर्नको लागि कुलपुत्र गृहस्थ जीवनलाई त्यागेर जान्छन्, त्यस श्रेष्ठ जीवनलाई यसै शरीर भित्र नै अनुभव गरेर, साक्षात्कार गरेर, प्राप्त गरेर विहार गर्न लागे । उसलाई थाहा भयो कि जन्म-मरणका बन्धन क्षीण भयो; श्रेष्ठ जीवन व्यतीत गरिसकियो । जो गर्नुपर्ने थियो त्यो पूरा भयो । अब यस्तो कुनै केही शेष रहेन जसले गर्दा पुनर्जन्मको कारण बन्ने हो । आयुष्मान चित्त हत्थिसारिपुत्त पनि अर्हन्तहरू मध्येका एक अर्हन्त भए ।"

व्यक्तिले ध्यानको सर्वोच्च स्तर प्राप्त गर्न सक्ने भइसकेपछि पनि माथि सूत्रमा भनिए अनुसार उसको चित्त अरू रागबाट अनुरक्त रहन सक्छ । जब आयुष्मान चित्त हत्थिसारिपुत्तले अर्हन्त मार्गफललाई प्राप्त गरे, उनले ब्रह्मचर्य जीवनको सर्वोच्च लक्ष-लाई प्राप्त गरे । त्यसपछि नीवरणहरू [संयोजनहरू] फेरि उत्पन्न हुन सक्ने भएन ।

विपश्यना मार्फत नीवरणलाई आर्य मार्ग फलका क्रमिक चरणहरूमा निर्मूल गरिन्छन् । श्रोतापन्नले विचिकित्साको नीवरण-

लाई निर्मूल गरेको हुन्छ । अनागामीले कामच्छन्द, व्यापाद र कौकृत्यलाई उन्मूलन गरेको हुन्छ । अरहन्तले स्त्यान-मृद्ध र औद्धत्यलाई उखेलिसकेको हुन्छ । यसरी अरहन्तले-सबै चित्त मलहरूलाई जरादेखि नै उखेलिसकेको हुन्छ ।

मनन गर्न योग्य केही प्रश्नहरू

१) ध्यानाङ्गहरू कुन परमार्थ धर्म हुन् ?

२) ध्यानाङ्ग-प्रीति कुन चाहिं स्कन्ध हो ?

३) ध्यानाङ्ग-सुख कुन चाहिं स्कन्ध हो ?

४) अहिले हेर्दा, के एकाग्रता चैतसिक भन्ने छ ? यसको कृत्य के हो ?

५) ध्यान चित्त साथै उत्पति हुने एकाग्रता चैतसिकको कृत्य के हो ? यसको आलम्बन के हो ?

६) नाम वा रूपको लक्षणलाई महशूस गर्ने अष्टाङ्गिक मार्गको प्रज्ञाको साथै उत्पति हुने एकाग्रता चैतसिकको कृत्य के हो ? त्यस घडीमा यसको आलम्बन के हो ?

७) किन आनापान-स्मृति ध्यानको सबभन्दा कठीन कर्मस्थानहरू मध्ये एक हो ?

८) समथको सम्यक् स्मृति र विपश्यनाको सम्यक् स्मृति बीच के भेद छ ? तिनीहरूका आ-आफ्ना ध्यान दिनु पर्ने आलम्बनहरू के के हुन् ?

९) समथ भावनाको मात्र विकास गरी विपश्यना भावना नगर्नेको नीवरणहरू किन निर्मूल हुन सक्दैनन् ?

परिच्छेद–२२

ध्यान चित्तहरू

हाम्रा दैनिक जीवनमा उत्पति हुने अनेकन भिन्न भिन्न प्रकारका चित्तहरूले पाँच इन्द्रीय द्वारहरू र मनोद्वार मार्फत आलम्बनहरूलाई अनुभव गर्दछन् । हामी देख्छौं, सुन्छौं र अन्य द्वारहरू मार्फत संस्पर्शहरू ग्रहण गर्दछौं । हामीले अनुभव गर्छौं त्यसको कारणले कुशल चित्तहरू र अकुशल चित्तहरू उत्पति हुन्छन् । हाम्रा दैनिक जीवनमा उत्पति हुने सम्पूर्ण यी चित्ताहरू काम भूमिको चित्त वा कामावचर चित्ताहरू हुन् ।

कामावचर चित्तहरूदेखि बाहेकका अन्य चित्तहरू पनि छन् । ध्यान-चित्ताहरू कामावचर-चित्तहरू होइनन्, तिनीहरू आर्कै भूमिका चित्त हुन् । यी चित्तहरूले मनोद्वार मार्फत कर्मस्थानलाई ध्यानकै क्रममा अनुभव गर्दछन् । ध्यान हुंदाको क्षणमा कामसंस्पर्शहरू हुँदैनन् । ध्यान चित्तहरू अन्तर्गत रूपावचर चित्तहरू (रूप-ध्यान चित्ताहरू) र अरूपावचर चित्ताहरू (अरूप-ध्यान चित्तहरू) समाबेश हुन्छन् । रूप-ध्यान र अरूप-ध्यान दुबै नै ध्यान हुन् । अरूप-ध्यान रुप-ध्यान भन्दा बढी परिष्कृत हुन्छ । किनभने अरुप-ध्यानका कर्मस्थानहरू रुप माथि निर्भर छैनन् । ती दुईका भेदहरूका बारेमा पछि चर्चा गरिनेछ ।

कामाबचन चित्ताहरू, रुपावचर चित्ताहरू र अरुपावचर चित्तहरू जस्ता चित्ताका भूमिदेखि सर्वथा भिन्न रहेको अरु अर्कै चित्ताको

भूमि हो लोकोत्तार चित्तहरू । लोकोत्तार चित्ताको आलम्बनको रुपमा निर्वाण नै रहन्छ । आर्य मार्ग र फल प्राप्त गर्नेहरूसंग निर्वाणलाई अनुभव गर्ने लोकोत्तार चित्ताहरू हुन्छन् ।

अब म ध्यान-चित्ताको विषयमा वोल्छु । रूप (रंग), शब्द र यस्तै कुनै अरू इन्द्रीय संस्पर्शहरू ध्यान चित्ताहरुका आलम्बन हुँदैनन् । मनोद्वार मार्फत कर्मस्थानलाई अनुभव गर्ने चित्तहरूको वीथि क्रममा ध्यान चित्ताहरू उत्पति हुन्छन् । यस वीथि क्रममा सर्वप्रथम कामावचर चित्ताहरू उत्पन्न भएर कर्म स्थानमा एक चित्त लगाएर ध्यान ढिन्छन् र अनि त्यसै वीथि क्रममा ध्यान चित्तहरु उत्पति हुन्छन् । त्यो वीथि क्रम निम्नानुसार हुन्छ:

कामावचर चित्ताहरू	मनोद्वारावर्जन चित्त परिकम्म (परिकर्म) उपचार अनुलोभ गोत्रभू
ध्यान चित्त	अप्पना (अर्पणा)

कुनै कुनै व्यक्तिको लागि परिकम्मको आवश्यकता रहदैन । यस्तो मामिलामा मनोद्वारावर्जन चित्त पछि ध्यान-चित्ता उत्पति हुनु अगावै ४ को सट्टामा केवल ३ वटा कामावचर चित्तहरू मात्र उत्पति हुने हुन्छन् । काम-भूमिलाई नाघेर जाने गोत्रभू नै त्यस वीथि क्रममा अन्तिम कामावचर चित्त हो ।

विशुद्धि मार्ग (४, ७४) मा सर्वप्रथम ध्यान प्रवर्तित्र रहने चित्ताहरूको वीथि क्रम उल्लेख भएको हामी पाउँछौं । विशुद्धि मार्ग (४, ७८) मा भनिएको छ कि ध्यान-चित्ताको केवल एउटा एक चित्त-क्षण मात्र उत्पति हुन्छ, त्यस पछि अनि भवंग चित्त

प्रवर्तित हुन्छ अर्थात भवांग-पात हुन्छ । त्यसपछि मनोद्वार मार्फत भर्खरै प्रवर्तित भएको ध्यानलाई प्रत्यवेक्षण गर्ने कामावचर चित्त-हरूको वीथि क्रम शुरू हुन्छ । अरु अघि के उल्लेख गरिएको छ भने समाधिलाई वाधा दिने धर्महरूबाट चित्त पूर्णरूपमा परिशुद्ध भएको खण्डमा मात्र ध्यान स्थिर रहन सक्छ । ध्यान प्राप्त गर्न चाहनेले सर्वप्रथम कामच्छन्दका आदिनवहरूलाई प्रत्यवेक्षण गरेर काम पिपासालाई पूर्ण रूपमा दमन गर्नु पर्छ र साथै अन्य नीवरण-हरूलाई दवाउनु पर्छ ।

विशुद्धि मार्ग (४, १२५) मा यसरी उल्लेख गरिएको छः—

"तर समाधिका विघ्नकारक धर्महरूलाई (सर्वप्रथम) राम्रो तरीकासंग शुद्ध गरेर जब त्यो व्यक्ति ध्यानमा प्राप्त हुन्छ तव राम्ररी सफा गरिएको माहुरीको चाकामा भित्र प्रवेश गरेको माहुरी झैं त्यो व्यक्ति दिन भरि पनि (ध्यान) समापत्तिमा नै रहन्छ .....।"

ध्यान चित्तहरू उच्चस्तरका कुशल कर्महरू हुन् । ध्यान प्राप्त गरिएको वखतमा कामच्छन्द, व्यापाद, स्त्यान-मृद्ध, औद्धत्य-कौकृत्य र विचिकित्साका नीवरणहरू अस्थायी-रूपमा निर्मूल गरिएका हुन्छन् । त्यो चित्त कुशल चित्त हुने भएकोले कमसे कम त्यस घडीमा ध्यान गर्ने व्यक्ति साँच्चिकै शान्त-प्रशान्त हुन्छ ।

अघिल्ला परिच्छेदमा हामीले देखिसके झैं, ध्यान प्राप्त गर्न सक्षम हुनको निम्ति समथ भावनाको अभ्यास गर्ने व्यक्तिले नीव-रणहरूलाई अवरुद्ध गर्न सक्ने पाँच ध्यानाङ्गहरूलाई विकास गर्नु पर्छ, यथाः

वितर्क
विचार
प्रीति

सुख

एकाग्रता (समाधि)।

ध्यानलाई चरण चरण गरी विकास गरिन्छ र प्रत्येक पछिल्लो चरण अघिल्लो चरण भन्दा बढी परिशुद्ध रहने हुन्छ। जम्मा रूप-ध्यानका पाँच चरणहरू हुन्छन्। रूप-ध्यानको प्रथम चरणको लागि पनि सबै पाँच ध्यानाङ्गहरू ध्यान चित्त साथै उत्पति हुनु जरूरी हुन्छ तर प्रत्येक माथिल्लो चरणमा पुगेर ध्यान गर्ने तर्फ एकाग्रता (समाधि) मा बढी अग्रसर हुन थाले पछि एक पछि अर्को गरी क्रमश: ध्यानाङ्गहरूलाई त्यागिन्छन्। द्वितीय चरणको रूप-ध्यान प्राप्त गर्दासम्म त्यस व्यक्तिलाई वितर्कवाला ध्यानाङ्गको जरूरत हुँदैन। यस अवस्थामा वितर्क विना पनि कर्मस्थान माथि समाधि (एकाग्रता) हुन सक्छ। अरू चार ध्यानाङ्गहरू अझै पनि दोश्रो चरणको ध्यान चित्त साथै उत्पति हुन्छन्।

ध्यानको तेश्रो चरणमा विचारलाई त्यागिन्छ। यस अवस्थामा कर्मस्थानमा समाहित हुन उसलाई वितर्क वा विचारको आवश्यकता पर्दैन। अब तीन वटा ध्यानाङ्गहरू बाँकी हुन्छन्: प्रीति, सुख र एकाग्रता। चौथो चरणमा प्रीतिलाई त्यागिन्छ। त्यहाँ अझै सुखले ध्यान चित्तको साथ लागेको हुन्छ तर प्रीति उत्पति हुँदैन। पाँचौं चरणमा सुख पनि त्यागिन्छ र यस अवस्थामा सुखको सट्टामा ध्यान चित्त साथै उपेक्षा वेदना लागेको हुन्छ। यस स्थितिमा त्यो व्यक्ति सुखमा संलग्न हुँदैन। समाधि वा एकाग्रता वाला ध्यानाङ्ग भने अझै रहिमै रहन्छ।

कोही व्यक्तिहरूले दोश्रो चरणकै ध्यानमा वितर्क र विचार दुबैलाई त्याग गर्न सक्तछन्। परिणामस्वरूप तिनीहरू तेश्रो चरणमा प्रीतिलाई र चौथो चरणमा सुखलाई त्याग्न सक्छ। यसरी उनीहरूको निम्ति पाँच चरणको सट्टामा चार चरणहरूमा मात्र हुन्छन्। त्यही कारणले गर्दा रूप-ध्यानहरूलाई चार चरण

वा पाँच चरणको रूपमा गणना गर्न सकिन्छ। हामीले सूत्रमा ध्यानका चार चरणका बारेमा पढ्दा चारौं तहवाला प्रणालीलाई संकेत गरिएको हुन्छ।

रुप-ध्यानमा जम्मा पाँच चरण सम्म हुन सक्ने भएकोले रुपावचर कुशल चित्ताहरू (रुप-ध्यान कुशल चित्तहरू) पाँच प्रकारका हुन्छन्। ध्यान-चित्त उच्च स्तरको कुशल कर्म हो र यसरी विपाक पनि उच्चास्तरकै कुशल विपाक हुन्छ। ध्यान-चित्ताहरूले त्यही जीवन अवधिमै विपाक पैदा गर्दैन, बिपाक हो सुगति लोकमा पुनर्जन्म। रूपावचर कुशल चित्ताहरूको विपाक हो रुप-ब्रह्मलोकहरूमा पुनर्जन्म। यदि च्यूति चित्ताको केही क्षण अघि ध्यान चित्ताहरू भएमा अर्को जीवनमा यो बिपाकलाई पैदा गर्न सकिन्छ। पाँच प्रकारका रूपावचर कुशल चित्तहरूले पाँच प्रकारका रूपावचर विपाक चित्ताहरूलाई पैदा गर्छन्।

पाँच प्रकारका रूपावचर क्रिया चित्ताहरू चाहिं रुप-ध्यान प्राप्त गर्ने अरहन्तहरूका चित्ताहरू हुन्। अरहन्तहरूको कुशल चित्ताहरू हुँदैनन्, वल्कि त्यसको सट्टामा क्रिया चित्तहरू हुन्छन्। यसरी जम्मा १५ रूपावचर चित्ताहरू छन्। सारांशमा ती चित्ताहरू हुन् :

५ रुपावचर कुशल चित्ताहरू।
५ रुपावचर विपाक चित्ताहरू।
५ रुपावचर क्रिया चित्ताहरू।

रुप-ध्यानको सबैभन्दा माथिल्लो स्तर प्राप्त गरिसकेर पनि अझै रूप धातुमा आश्रित रहने रूप-ध्यानका दोषहरूलाई देख्ने व्यक्तिहरूले अरुप-ध्यानको अभ्यास गर्ने चाहना राख्न सक्छन्। अरूप-ध्यानका चार तहहरू (चरणहरू) छन्। प्रथम चरणको अरुप-ध्यान हो आकाशानन्त्यायतन (अर्थात अनन्त अन्तरीक्षको क्षत्र)। यस चरणको अरूप-ध्यान प्राप्त गर्नको लागि पहिले त्यस

व्यक्तिले कसिण-ध्यानहरू अर्थात रूप-ध्यानका कर्मस्थानहरू जस्तै पृथ्वी कसिण आदि मध्ये कुनै एउटामा रूप-ध्यानको सर्वोच्च चरण-लाई प्राप्त गरी त्यसमा पूर्ण अधिकार हासिल गर्नुपर्छ। हामी विशुद्धि मार्ग (१०, ६) मा पढ्छौं:

त्यो व्यक्ति त्यहाँ (रूपावचरको चतुर्थ ध्यानमा) यस्तो दोष-लाई देखेर चाहनालाई त्यागीकन आकाशानन्त्यायतनलाई शान्त भनी मनमा राखी चक्रवालको अन्त्यसम्म वा जति चाहन्छ, त्यति कसिणलाई फैलाएर त्यसबाट स्पर्श गरिएको स्थानलाई "आकाश" वा "अनन्त आकाश" भनी मनमा गरेर कसिणलाई उघार्छ वा हटाउँछ (अर्थात रूपावचरको चतुर्थ ध्यानको आलम्बन भएको पृथ्वी-कसिण आदि कसिण रूपलाई हटाउँछ–टिका)।

आकाशानन्त्यायतन बारेमा विशुद्धि मार्ग (१०, ८) मा कसिणलाई हटाउने कार्य बारेमा यसरी व्याख्या गरिएको छ:

"कसिण पनि उघारिंदा वा हटाइंदा न त उठ्छ, न उघ्रिन्छ। केवल यसको मनस्कार नगर्ने र "आकाश, आकाश" मनस्कारको कारण उघारिएको (हटाइएको) हुन्छ। कसिणबाट हटाइएको आकाश मात्र जानकारी हुन्छ...।"

यसरी उसले पृथ्वी कसिणलाई नाघ्न (जित्न) सक्छ र पहिले अरूण-ध्यान "आकाशानन्त्यायतन"लाई प्राप्त गर्न सक्छ। अरूप-ध्यानका अरू तीन चरणहरू छन्, जुन मध्ये प्रत्येक अघिल्लो चरण भन्दा पछिल्लो चरण बढी शान्तिपूर्ण हुन्छ। दोश्रो चरणको अरुप-ध्यान हो अनन्त विज्ञानको क्षेत्र अर्थात विज्ञानन्त्यायतन (विञ्ञा-नञ्चायतन पालिमा)। यस चरणको अरूप-ध्यानको कर्मस्थान हो विज्ञान, जसको प्रथम, अरूप-ध्यानमा आफ्नो आलम्बनको रूपमा अनन्त आकाश थियो। यस चरणको अरूप-ध्यान लाभ गर्न चाहने व्यक्तिले प्रथमतः आकाशानन्त्यायतनमा पूर्ण अधिकार हासिल गर्नु

पर्दछ । उसले यस चरणका दोषहरूलाई देखेर यस प्रतिको आफ्नो आसक्तिलाई समाप्त गर्नु पर्दछ । विशुद्धि मार्ग (१०, १२५) मा यसरी उल्लेख गरिएको पाइन्छ :

"...यस प्रकार आकाशानन्त्यायतनमा दोष देखेर, त्यहाँ चाहनालाई त्यागेर, आकाशानन्त्यायतनलाई शान्तको तवरमा मनस्कार गरिकन त्यो आकाशलाई स्फरण गरेर प्रवर्त विज्ञानलाई "विज्ञान, विज्ञान" वारम्बार आवर्जन गर्नु पर्छ ।..."

अरूप-ध्यानको तेश्रो चरण हो आकिंचन्यायतन (पालिमा आकिञ्चञ्ञायतन अर्थात् शून्यताको क्षेत्र) । विशुद्धि मार्ग (१०, ३२) मा भनिएको छ कि आकिंचन्यायतनको भावना गर्ने इच्छा गर्ने व्यक्तिले उही विज्ञानन्त्यायतनको आलम्वन भएको आकाशानन्त्यायतनको विज्ञानको अभाव, शून्यता, रिक्तपनालाई मनमा गर्नु पर्छ । अझ भनिएको छः–

"त्यस विज्ञानलाई मनमा नगरिकन "छैन, छैन," "शून्य छ, शून्य छ" वा "विवर्त (खाली) छ, विवर्त छ"–यसरी पुनः पुनः आवर्जन गर्नु पर्छ । मनस्कार गर्नु पर्छ । प्रत्यवेक्षण गर्नु पर्छ । तर्क वितर्क गर्नु पर्छ ।" विशुद्धिमार्ग (१०, ३५) मा अझ अगाडि भनिएको छः–

"....त्यस विज्ञानको अन्तर्हित भए पछि, त्यसको अन्तर्हित भएको अभावलाई नै मात्र हेरेर बिहार गर्छ ।...."

चौथो अरुप-ध्यान हो नैवसंज्ञाना संज्ञायतन (पालिमा नैवसञ्ञाना सञ्ञायतन) । यस ध्यानको आलस्बन हो चार नामक्वन्धहरू (चित्त तथा सहगामी चैतसिकहरू) जसले तेश्रो चरणको अरूप-ध्यानको आलम्बन, अकिंचन्यायतनलाई लाभ गऱ्यो ।

विशुद्धि मार्ग [१०, ४९] मा यसरी भनिएको छः–

"यहाँ शाब्दिक अर्थ–स्थूलको संज्ञाको अभाववाट र सूक्ष्म

संज्ञाको हुनाले यसबाट युक्त धर्म [स्वभाव] को ध्यानको न त संज्ञा छ र न असंज्ञा, यसैले नैवसंज्ञानासंज्ञा हो। (त्यो नैव संज्ञानासंज्ञा नै मनायतन र धर्मायतनबाट युक्त हुनाले आयतन पनि हो । यसैले नैव संज्ञाना संज्ञायतन हो)।"

अरू अगाडि भनिएको छ:

"....अथवा जो यहाँ संज्ञा छ त्यो राम्ररी संज्ञाको काम गर्नको लागि असमर्थ हुनाले न त संज्ञा हो र संस्कारको अवशेष सूक्ष्म भावबाट विद्यमान हुनाले न असंज्ञा हो । यसैले नैवसंज्ञानासंज्ञा हो । (त्यो नैवसंज्ञानासंज्ञा पनि शेष धर्महरूको अधिष्ठानको अर्थमा आयतन पनि हो, यसैले नैवसंज्ञाना संज्ञायतन हो)।"

यो पनि व्याख्यान गरिएको छकि यस ध्यान चित्त साथै उत्पति हुने वेदना "न-वेदना-न-न-वेदना" हुन्छ । त्यही कुरा विज्ञान, स्पर्श [फस्स] र ध्यान चित्त साथै उत्पति हुने अरू चैतसिकहरूका हकमा पनि लागू हुन्छ ।

अरूप-ध्यानको चार चरणहरू भएकोले अरूपावचर कुशल चित्तहरू चारै प्रकारका हुन्छन् । तिनीहरूले सुगतिलोक, अरूप-ब्रह्मलोकहरूमा पुनर्जन्मको रूपमा विपाक पैदा गर्छन् । चार प्रकारका अरूपावचर कुशल चित्तहरूले चार प्रकारका अरूपावचर विपाक चित्तहरूलाई पैदा गर्दछन् ।

चार प्रकारका अरूपावचर क्रिया चित्तहरू पनि छन् जुन अरूप-ध्यान प्राप्त गर्ने अरहन्तहरूका चित्तहरू हुन् । यसरी जम्मा १२ अरूपावचर चित्तहरू छन् । संक्षिप्तमा ती चित्तहरू हुन् ।

४ अरूपावचर कुशल चित्ताहरू ।
४ अरुपावचर विपाक चित्ताहरू ।
४ अरूपावचर क्रिया चित्तहरू ।

ध्यानको अभ्यास गरेकाहरूले विभिन्न प्रकारका प्रत्यक्ष ज्ञान

(अभिज्ञा) लाई विकास गर्न सक्छन् कसिण ध्यानहरुमा तिनीहरू-ले रूप-ध्यानको सर्वोच्च चरण प्राप्त गर्नु पर्छ र तिनीहरूले १४ तरीकाबाट पूर्ण-मन-नियन्त्रणको अभ्यास गर्नु पर्दछ। उदाहरणार्थ, ध्यानको क्रम र बिपरीत क्रममा विभिन्न कसिण ध्यानहरुमा ध्यान चरणहरूका लाभ वा प्राप्ति। अभिज्ञालाई विकास गर्दा उसको समाधि बढी उन्नत हुने हुन्छ। अभिज्ञाहरू (अनुत्तर शक्तिहरू) निम्न बमोजिमका हुन्छन्।

१. बज्रासन कसेर बस्दा बस्दै भित्ताहरूबाट पार जाने गरी आते जाते गर्ने पानीमा हिड्ने, हावामा यात्रा गर्ने जस्ता ऋद्धि शक्तिहरू।

२. दिव्य श्रोत-यसद्वारा त्यो व्यक्तिले दुबै टाढा र नजिकका स्वर्ग र मर्त्यमण्डलका शब्दहरू सुन्दछ।

३. परिचित्त ज्ञान।

४. दिव्य चक्षु-यसद्वारा सत्व प्राणीहरुको च्यूति र पुनर्जन्मलाई उसले देख्दछ।

५. पूर्व जन्महरूका स्मृति (पूर्वनिवासानुस्मृति)।

यी पाँच लौकिक अभिज्ञाहरू हुन्। त्यसदेखि अलावा छैठौं शक्ति भन्ने पनि हुन्छ जुन अरहन्त फल प्राप्त भएपछि लोकोत्तर चित्तद्वारा साक्षात्कार गर्दछ, जस्तो सम्पूर्ण क्लेशहरूको उन्मूलन। छैठौं शक्ति सबैभन्दा महान शक्ति हो र यसलाई साक्षात्कार गर्नको लागि प्रज्ञालाई पूर्ण रूपमा विकसित गरिनु पर्दछ।

कहिले काहीं तीन प्रकारका ज्ञानलाई उल्लेख गरिन्छ, यथाः

१) पूर्वनिवासानुस्मृति, २) दिव्य चक्षु, ३) (लोकोत्तर चित्त द्वारा साक्षात्कार गरिने) आश्रव क्षय। जस्तो थेर-थेरी गाथामा आफ्ना अरहन्तफल प्राप्तिलाई गाथामा वर्णन गर्ने-हरूले यसै त्रिबिद्याको उल्लेख गरेका छन्।

सम्यक् अंगहरूको अभ्यास गर्नेहरूले ऋद्धि प्रतिहार्य (अद्भूत

धर्महरू) हासिल गर्न सक्छ। अंगुत्तर निकाय(तिक निपात, प्रकरण ६०, ब्राह्मण संगारव) मा हामी सबभन्दा ठूलो ऋद्धिबलका विषयमा पढ्छौं।

भगवानले संङ्गारव ब्राह्मणलाई सोध्नु भयो–"ब्राह्मण ! आज राजाको अन्त:पुरमा, राज्यपरिषद्मा जम्मा भएका मानिसहरूमा के कुराकानी भरको थियो ?"

"हे गौतम ! आज राजाको अन्त:पुरमा, राज्यपरिषद्मा जम्मा भएका मानिसहरूमा यो कुरा चलेको थियो कि पहिले भिक्षुहरूको संख्या कम थियो तर तिनीहरू मध्ये धेरैले असाधारण मनुष्य धर्म अथवा ऋद्धि बलको प्रदर्शन गर्दथे। अहिले भने ठीक यसको विपरीत छ।

भगवान बुद्धले ब्राह्मणलाई आज्ञा भयो:–

"ब्राह्मण ! यी तीन प्रातिहारीहरू हुन्। कुन कुन तीन ? ऋद्धि-प्रातिहारी, देशना-प्रातिहारी तथा अनुशासना प्रातिहारी।

ब्राह्मण ! ऋद्धि-प्रातिहारी कसलाई भनिन्छ ?

ब्राह्मण ! कोही कोही अनेक प्रकारका ऋद्धिहरूका अनुभव गर्दछन्–एक भएर अनेक हुन्छन्, अनेक भएर एक हुन्छ, प्रकट हुन्छ, लुप्त मानो आकाशमा गए जस्तै हुन्छ, भित्ताबाट छिरेर प्राकारबाट छिरेर, पर्वतबाट छिरेर, गइदिन्छ। पानीमा जस्तै पृथ्वीमा पनि डुब्ने र उत्रने गर्दछ। पृथ्वीमा गए जस्तै पानीको माथि हिंडिदिन्छ। पंछीले जस्तै आकाशमा पलेँटी कसेर बसिदिन्छ। यस प्रकारका ऋद्धिमान यस प्रकारका व्यक्तिले महाप्रतापी चन्द्र-सूर्यलाई पनि हातले छुन्छ, ब्रह्मलोकसम्म पनि सशरीर पुग्छ। हे ब्राह्मण ! यसलाई ऋद्धि प्रातिहारी भनिन्छ।

ब्राह्मण ! देशना-प्रातिहारी कसलाई भनिन्छ ?

हे ब्राह्मण ! कोही कोही निमित्तलाई हेरेर भन्छन् कि तिम्रो मन यस्तो छ, तिम्रो चित्त उस्तो छ ।..."

भगवानले देशना- प्रातिहारीको विषयमा अरू व्याख्या गर्नु भयो।

"ब्राह्मण ! अनुशासना-प्रातिहारी कसलाई भनिन्छ ?

ब्राह्मण ! कोही कोही यसरी अनुशासन गर्छन्—यस्तो यस्तो संकल्प-विकल्प गर, यस्तो संकल्प-विकल्प नगर; मनमा यस्तो विचार गर, यस्तो विचार नगर; यस्तो संकल्पलाई छोड, यसलाई मनमा राखेर विचरण गर ।

ब्राह्मण ! यसलाई अनुशासना-प्रतिहारी भनिन्छ ।

ब्राह्मण ! यी तीन प्रातिहार्यहरूमा तिमीलाई कुन चाहिं प्रातिहार्य ज्यादा सुन्दर र श्रेष्ठतर लाग्दछ ?

हे गौतम ! यी तीन प्रातिहारीहरू मध्ये यो जो ऋद्धि-प्रातिहारीछ।...यो प्रातिहारी त मलाई माया सदृश (माया झैं) लाग्छ यो जो देशना-प्रातिहारी छ...... हे गौतम ! यो प्रतिहारी पनि मलाई माया जस्तै लाग्छ। किन्तु हे गौतम ! यो जो अनुशासना-प्रातिहारी छ....,यी तीन प्रातिहारीहरूमध्ये मलाई यही एक प्रातिहारी ज्यादा सुन्दर र श्रेष्ठतर लाग्छ ।"

संगारव ब्राह्मणले भगवानसंग यी प्रातिहार्यहरू छन् कि छैन भनी सोध्यो । भगवानले 'छ' भनी जवाफ दिनु भयो । अनि उसले सोध्यो ।

"हे गौतम ! के भगवानको अतिरिक्त कोही दोश्रो भिक्षु पनि यस्तो छ जो यी तीन प्रातिहार्यबाट युक्त छ ?

हे ब्राह्मण ! केवल एकसय, दुईसय, तीनसय, चार सय, पाँच सय मात्र होइन, बल्कि यो पनि ज्यादा संख्यामा यस्ता भिक्षुहरू छन् जो यी तीन प्रतिहार्यहरूबाट युक्त छन् ।"

ब्राह्मण संगारवले अनि बुद्ध, धर्म र संघमा शरण लिई उपासकको रूपमा ग्रहण गर्न शास्ता समक्ष प्रार्थना गऱ्यो ।

बुद्धको समयमा असंख्य भिक्षुहरू "प्रातिहार्य" का लागि आवश्यक हुने अंगहरूको अभ्यास गर्दथे । यी प्रातिहार्यहरू (अद्भूत धर्महरू) मध्ये सबैभन्दा महान् प्रातिहार्य चाहिं अनुशासना-प्रातिहार्य हो । किनभने यसैले नै सम्पूर्ण क्लेशहरूको क्षय, सम्पूर्ण दु:खहरूको निरोधको मार्गमा लैजान सक्छ ।

ध्यान गर्नका निम्ति पूर्व संस्कारहरू भएका पुद्गलहरूका निम्ति धेरै लाभहरू छन् । किनभने ध्यान उच्चस्तरको कुशल कर्म हो । उपचार समाधि मात्र प्राप्त गर्न सक्ने व्यक्तिको निम्ति पनि सुखी पुनर्जन्मको लाभ प्राप्त भइहाल्छ, । किन्तु, सुगति लोकको जन्म पछि अपाय गतिमा पुनर्जन्म हुने सम्भावना पनि रहि नै रहने हुँदा सुगति लोकको पुनर्जन्म पनि दु:ख नै हुन्छ । तसर्थ जुनसुकै प्रकारको पुनर्जन्मलाई भन्दा जाति रहित हुनुलाई नै बढी प्रशंसा गर्नु पर्छ । जातिको विरोधलाई क्लेशहरूलाई निर्मूल गर्ने प्रज्ञाको विकास गरेर मात्र साक्षात्कार गर्न सकिन्छ ।

ध्यानलाई धर्मोपदेशहरूमा "दृष्टि धर्म सुख विहार" (यसै जन्ममा सुखपूर्वक विहार गर्ने) भनी भनिन्छ । समाधिमा निकै अगाडि बढिसकेका ध्यानीहरूले एकपछि अर्को गरी क्रमश: अनेक ध्यान चित्तहरू प्राप्त गर्न सक्छन्, किनभने उनीहरूले यसको निमित्त आवश्यक हुने आधारहरूलाई अभ्यास गरेका हुन्छन् । ती व्यक्तिहरू साँच्चिकै दृष्टधर्म सुख विहारी अर्थात यसै जन्ममा नै सुखपूर्वक विहार गर्ने" हुन् । किन्तु भगवान बुद्ध भन्नु हुन्थ्यो कि "सुख विहार अर्थात सुखपूर्वक रहनु" भन्नु र "सल्लेख साथ विहार गर्नु" अर्थात तपको साथ बिहार गर्नु भन्नु उही कुरा होइन । उल्लेख सुत्त, मज्झिम निकाय मूल परियाय वग्गमा भगवान बुद्धले रूप-ध्यान प्राप्त गर्न सक्ने भिक्षुको बारेमा चुन्दलाई आज्ञा भयो:—

"हुन सक्छ, चुन्द ! यहाँ कोही भिक्षु कामहरू र अकुशल धर्महरूबाट अलग भएर वितर्क बिचार सहित विवेकबाट उत्पन्न प्रीति र सुखबाला प्रथम ध्यानलाई प्राप्त गरी विहार गरोस्,... द्वितीय ध्यान.... तृतीय ध्यान... चतुर्थ ध्यानलाई प्राप्त गरी विहार गरोस्। उसको मनमा यस्तो हुन सक्छ कि–'म सल्लेख (तप) को साथ विहार गरिराखेको छु'। किन्तु, चुन्द ! आर्य विनय [आर्यधर्म] मा यसलाई सल्लेख भनिंदैन। आर्य विनयमा यसलाई दृष्ट धर्म सुख विहार [अर्थात यसै जन्ममा सुखपूर्वक विहार गर्ने] भनिन्छ।"

आकाशानन्त्यायतन, विज्ञानानन्त्यायतन, आकिंचन्यायतन, नैवसंज्ञाना संज्ञायतन।दि अरूप-ध्यान प्राप्त गर्न सक्ने भिक्षुको सम्बन्धमा पनि भगवान बुद्धले भन्नु भयो:–

"... उसलाई यस्तो लाग्न सक्छ–"म सल्लेखका साथ विहार गरिराखेको छु"–किन्तु, चुन्द ! आर्य विनयमा यसलाई सल्लेख भनिंदैन। आर्य विनयमा यसलाई शान्त बिहार भनिन्छ।"

ध्यान र बिपश्यना दुबैलाई भावना गरी ध्यानको साथै आर्य मार्ग फल प्राप्त गर्ने पुद्गलहरूको लागि ठूलो लाभ हुन्छ। त्यस्ता पुद्गलहरूले आफ्ना जीवनमा अनेक बार ध्यान सहितको निर्वाणलाई अनुभव गर्न सक्छन्।

समथको विकास नगरी विपश्यनाको मात्र भावना गर्नेहरूले संबोधि प्राप्त गर्दा निर्वाण नै गोचर हुने मार्ग चित्त (लोकोत्तर कुशल चित्त) र फल चित्तहरू (लोकोत्तर विपाक चित्ताहरू) उत्पति हुन्छन् र निरोध हुन्छन् र चित्ताको त्यस वीथि क्रम सकिना साथ तो मार्ग र फल चित्तहरू पुन: उत्पति हुँदैनन्। संबोधिका चार तहहरू छन्, यथा:

श्रोतापन्न।

सक्रिदागामी।

अनागामी र

अरहन्तकातहहरू

संवोधिका यी तहहरू मध्ये कुनै एक चरण प्राप्त गरिएको चित्तको वीथि क्रममा नै मार्ग-चित्त र फल-चित्त उत्पति हुन्छन् ।

जसले विपश्यना र समथ भावना दुबैलाई अभ्यास गरेको हुन्छ र ध्यान सहित संवोधि प्राप्त गरेको हुन्छ, त्यस व्यक्तिको निम्ति ध्यानका साथै निर्वाणलाई अनुभव गर्ने फल-चित्त पुनः पुनः उत्पन्न हुनसक्छ । ध्यानाङ्गहरू साथै उत्पति हुने लोकोत्तर चित्तहरूले समथको कर्मलाई अनुभव गर्नको बदला ध्यान सहित निर्वाणलाई अनुभव गर्दछन् । ध्यान र विपश्यना दुवैलाई विकास गर्ने पूर्व संस्कारहरू भई ध्यानाङ्गहरू साथै उत्पति हुने लोकोत्तर चित्तहरू साथै संबोधि प्राप्त गर्ने पुद्गलहरूका लागि यो निश्चयनै ठूलो लाभ-को कुरा हो । चौथो तहको अरूप-ध्यान, नैवसंज्ञानासंज्ञायतनलाई प्राप्त गरेर अनागामी वा अरहन्तको मार्ग फलको तह पनि साक्षा-त्कार गरेका पुद्गलहरूले निरोध समापति (जुन कायिक र मानसिक धर्महरूको अस्थायी निरोध हो)लाई प्राप्त गर्न सक्छन् ।

निरोध समापत्ति (संज्ञा र वेदनाको विराम) लाई प्राप्त गरेको पुद्गल मृत शवभन्दा भिन्न हुन्छ । महा-वेदल्ल-सुत्त, मज्झिम निकाय, चुलयकम वग्गमा आयुष्मान महाकोष्ठितले आयुष्मान सारिपुत्तसंग अनेक प्रश्नहरू गर्नु भएको कुराको चर्चा गरिएको छ । उहाँले मृत लाश बारे र मृतलाश निरोध समापति प्राप्त गरेका भिक्षु बीचका भेद बारेमा प्रश्नहरू सोध्नु भयो । महाकोष्ठिले सोध्नु भयो:

"आवुस ! कतिवटा धर्म (पदार्थ) ले यस काया [देह]लाई छोड्छन्, जब यो परित्यक्त फ्याँकिएको अचेतन शरीर काठ जस्तै सुत्दछ ?"

"आवुस ! जब यस कायालाई आयु, उष्मा र बिज्ञान-यी तीन धर्मले छोड्छन्, तब यो परित्यक्त फ्याँकिएको अचेतन शरीर काठ जस्तै सुत्दछ ।"

"त्यो मरिसकेको, कालकृत चीज र संज्ञा-वेदयित-निरोधमा समापन्न भएका भिक्षुका बीचमा, आवुस ! के अन्तर छ ?"

"आवुस ! त्यो जो मरिसकेको, काल-कृत हो, त्यसको काय-संस्कार (शारीरिक गति) निरूद्ध भइसकेका हुन्छन्, शान्त भइसकेका हुन्छन्, चित्त-संस्कार निरूद्ध भइसकेका हुन्छन्, शान्त भइसकेका हुन्छन्, आयु क्षीण भइसकेको हुन्छ, उष्मा शान्त भइसकेको हुन्छ, इन्द्रीयहरू उच्छिन्न भइसकेका हुन्छन् । त्यो संज्ञा-वेदयित-निरोधमा अवस्थित भिक्षु हो उसको पनि काय-संस्कार निरूद्ध भइसकेका हुन्छन्, शान्त भइसकेका हुन्छन्, वाक्-संस्कार निरूद्ध भइसकेका हुन्छन्, शान्त भइसकेका हुन्छन्, चित्त-संस्कार निरूद्ध भइसकेका हुन्छन्, शान्त भइसकेका हुन्छन् । किन्तु उसको आयु क्षीण भएको हुन्न, उष्मा शान्त भएको हुन्न, इन्द्रीयहरू निर्मल हुन्छन् । आवुस ! त्यो मृतक, काल-कृत र संज्ञा-वेदयित-निरोधमा समापन्न भएको त्यो भिक्षुको बीचमा यो नै अन्तर हो ।"

निरोध समापतिबाट उठेका पुद्गलहरूका निम्ति प्रथम उत्पति हुने चित्त निर्वाणलाई नै आफ्नो आलम्बनको रूपमा प्राप्त गर्ने फल चित्त (लोकोत्तर विपाक चित्त) हो । अनागामीको हकमा यो अनागामीकै फल-चित्त हो र अरहन्तको हकमा यो अरहन्तको फल-चित्त हो । विशुद्धि मार्गमा भनिएको छ कि तिनीहरूका चित्त निर्वाणतिर नै झुकेका हुन्छन् । त्यहाँ भनिएको छः

"यसरी उठेको आर्यको चित्त केको तर्फ झुकेको हुन्छ त ? (निरोध समापतिबाट) उठेको (आर्य) को चित्त निर्वाणको तर्फ झुकेको हुन्छ । किनभने यस्तो भनिएको छ–"आवुस विशाख ! संज्ञा-वेदयित-निरोध समापतिबाट उठेको भिक्षुको चित्त विवेक (एकान्त चिन्तन) को तिर झुकेको,... निहुरिएको हुन्छ ।...

चूल्ल-गोसिङ्ग-सुत्त, मज्झिम निकाय, महायमक वग्गमा आयुष्मान अनुरूद्ध, नन्दीय र किम्बिललाई गोसिंग-सालवनदायमा विहार गरिरहंदाका बखत भगवानले हेर्न आउनु भएको कुराको चर्चा गरिएको छ । भगवानले वनमा उनीहरूको जीवनको बारेमा अनेक प्रश्न गर्नु भयो । ती आयुष्मानहरूको प्रथम, द्वितीय, तृतीय र चतुर्थ ध्यानादि रूप-ध्यानहरू र आकाशानन्त्यायतन, विज्ञानानन्त्यायतन, नैवसंज्ञाना संज्ञायतनादि अरूप-ध्यानहरू प्राप्त गर्न सक्थे र यथेच्छ ती ध्यानहरूमा विहार गर्न सक्थे । भगवानले भन्नु भयोः–

"साधु, साधु, अनुरूद्धहरू ! किन्तु यस विहारलाई अतिक्रमण गर्नको लागि, यस बिहारलाई शान्त गर्नको लागि के, अनिरूद्धहरू! दोश्रो केही उत्तर-मनुष्य-धर्म प्राप्त भयो त ?

"किन हुन्नथ्यो, भन्ते ! यहाँ हामीहरू भन्ते ! यथेच्छ....प्रथम ध्यान... द्वितीय ध्यान.... तृतीय ध्यान..... चतुर्थ ध्यान.... आकाशानन्त्यायतन,... विज्ञानानन्त्यायतन... आकिंचन्यायतन.... नैवसंज्ञाना संज्ञायतनलाई प्राप्त गरी बिहार गर्दछौं । प्रज्ञाबाट देखेर हाम्रो आश्रव नष्ट भइसक्यो । भन्ते ! यस विहारलाई अतिक्रमण गर्नको लागि, यस विहारलाई शान्त गर्नको लागि, यो दोश्रो उत्तर-मनुष्य-धर्म....प्राप्त भएको छ । भन्ते ! यस सुखपूर्वक विहारभन्दा उच्चत्तर र उत्तम दोश्रो सुख विहारलाई हामीले जान्दैनौं ।"

"साधु, साधु, अनिरूद्धहरू ! यस सुख-पूर्वक विहार भन्दा उच्चत्तर र उत्तम दोश्रो सुखपूर्वक विहार छैन ।"

मनन गर्न योग्य केही प्रश्नहरू

१) रूप-ध्यानको दाँजोमा अरूप-ध्यानको फाइदा के हो ?

२) चौंथो तहको अरूप-ध्यान, नैवसंज्ञाना संज्ञायतन र निरोध समापतिका बीच के भेद छ ?

३) चौंथो तहको अरूप-ध्यानको विकास गर्ने जो सुकैले पनि निरोध समापत्ति प्राप्त गर्न सक्छ ?

४) अभिज्ञाहरूको उद्देश्य के हो ?

५) ६ अभिज्ञाहरूको उल्लेख गरिंदा ती मध्ये सबभन्दा ठूलो कुन चाहिं हो ? किन ?

६) ध्यान र विपश्यना दुबैलाई विकास गरी संबोधि लाभ गर्ने-हरूका निम्ति के लाभ हुन्छ ?

७) ध्यानको घडीमा चित्तको आलम्बन के हुन्छ ?

८) कुन द्वार मार्फत ध्यान-चित्तले आलम्बनलाई अनुभव गर्न सक्छ ?

९) लोकोत्तर चित्तको आलम्बन के हो ?

१०) ध्यानाङ्गहरू साथै उत्पन्न भएका लोकोत्तर चित्तको आलम्बन के हो ?

परिच्छेद–२३

लोकोत्तर चित्तहरू

[क] अभिधर्मले भिन्न भिन्न प्रकारका कुशल चित्तहरू बारेमा हामीलाई शिक्षा दिन्छ। कामावचर कुशल चित्तहरू (काम-भूमिका कुशल चित्तहरू), रूपावचर कुशल चित्तहरू (रूप-ध्यान चित्तहरू) र अरुपावचर कुशल चित्तहरू– (अरूप-ध्यान चित्तहरू) सबै नै कुशल चित्त हुन् तर यी चित्ताहरूले क्लेशहरुका अनुशय-हरूलाई (अर्थात अन्तर्निहित प्रवृतिहरूलाई) निर्मूल गर्दैनन्। केवल लोकोत्तर कुशल चित्ताहरू (मार्ग चित्ताहरु) ले मात्र क्लेश-हरूका अनुशयहरू (अन्तर्निहित प्रवृतिहरू) लाई निर्मूल गर्छन्। जब सम्पूर्ण क्लेशहरू पूर्णतः निर्मूल हुन्छन् त्यहाँ जन्म र मृत्युको चक्रको निरोध हुन्छ।

[प्रश्न] के लोकोत्तार कुशल चित्ताहरू साँच्चिकै क्लेशहरूलाई पुनः कहिल्यै उत्पति नहुने गरी जरैदेखि उखेलेर फ्याँक्न सक्छन्? क्लेशहरू (आश्रवहरू) अनेक छन्। हामी लोभ, द्वेष र मोहद्वारा भरिएका छौं। हामीमा मात्सर्य, इर्ष्या, चिन्ता (औद्धत्य), विचिकित्सा, मान र अनेकौं अरू किसिमका क्लेशहरू छन्। आत्माको धारणा प्रतिको उपादानले गहिरो जरा हालेको छ। हामी आफ्नो देह र मनलाई आत्मा भनी ग्रहण गर्दछौं। सम्पूर्ण यी क्लेशहरूलाई कसरी उखेलेर फ्याँक्न सकिन्छ म त कल्पना पनि गर्न सकिन।

[उत्तर] क्लेशहरूलाई निर्मूल गर्न सकिन्छ र यस दिशातिर लैजाने प्रतिपद् [मार्ग] पनि छ। तथापि हामी सबैले यतिका क्लेशहरूलाई संचित गरेका हुन्छौं कि ती क्लेशहरू सबैलाई एकै पटक निर्मूल गर्न भने सकिन्न। दृष्टि (मिथ्या दृष्टि) लाई प्रथमत: निर्मूल गरिनुपर्छ। जबसम्म हामी धर्महरू जति सबैलाई आत्माको तवरबाट ग्रहण गर्छौं, तबसम्म कुनै पनि क्लेश[आश्रव] निर्मूल हुन सक्तैन। संबोधिका चार चरणहरू छन्: श्रोतापन्न, सक्रिदागामी, अनागामी र अरहन्तका चरणहरू। अरहन्त फल प्राप्त भई सम्पूर्ण आश्रवहरू निर्मूल नभएसम्म ती क्लेशहरूलाई चरण चरण गरी निर्मूल गरिन्छन्। संबोधिको प्रथम तह प्राप्त गर्ने आर्य, श्रोतापन्न जो छ उसले दृष्टिलाई पूर्ण रूपमा निर्मूल गरेको हुन्छ।

[प्र] श्रोतापन्नले दृष्टिलाई निर्मूल गरेपछि के यो फेरि कहिल्यै उत्पन्न हुन सक्तैन त?

[उ] दृष्टि पुन: उत्पति हुन्छ भने भने त यसको अर्थ यो साँच्चिकै उन्मूलन भएको हुँदैन। त्यस्ता पुद्गलले साँच्चिकै मार्ग फल प्राप्त गरेको पनि हुन्न र यसरी ऊ श्रोतापन्न पनि हुन्न। श्रोतापन्नले त दृष्टि कहिल्यै पनि आयन्डा उत्पति हुन नसक्ने गरी यसका अनुशयहरू अर्थात अन्तर्निहित प्रवृतिहरूलाई समेत निर्मूल गरिसकेको हुन्छ।

[प्र] मार्ग फल प्राप्त भो कि भएन भन्ने कुरा कसरी हामी थाहा पाउँछौं त?

[उ] लोकोत्तर चित्त प्रज्ञा सहगत हुन्छ जुन प्रज्ञालाई विपश्यना भावनामा विकास गरिएको हुन्छ। विपश्यनाको भावना नगरिकन कसैले संबोधिलाई प्राप्त गर्दैन। विपश्यनाको धेरै चरणहरू छन्। प्रथमत: नाम र रूपका बीचको भेद बारेको शंकालाई निर्मूल गरिन्छ। नामको लक्षण उत्पति हुँदा र रूपको लक्षण

उत्पति हुँदा उसले बुझेको हुन्छ र तिनका विभिन्न स्वभावहरूका विषयमा ऊ अलमलिएको हुँदैन । यो चरणको प्रज्ञा, जुन केवल प्रारम्भिक चरण मात्र हो, यसलाई प्राप्त गर्न पनि दैनिक जीवनमा देखा पर्ने सबै प्रकारका नाम रूपको स्मृतिलाई संचित गरिनु पर्ने हुन्छ । यसरी नाम र रूपका स्वभावहरूलाई वढी स्पष्ट रूपमा थाहा पाउने प्रज्ञालाई बिकास गरिन्छ । पछि गएर प्रज्ञाले नाम र रूपको उत्पति र निरोधलाई अनुभव गर्ने छ तर नाम र रूपका लक्षण बारेमा शंका रहुन्जेलसम्मको अवस्थामा यस चरणको प्रज्ञालाई प्रत्यक्ष गर्न सकिन्न ।

अनित्य, दुःख र अनात्माको रूपमा देखा पर्ने नाम र रूपलाई प्रज्ञाद्वारा महशूस गर्न नसकिएसम्म विपश्यनाका अनेकौं अरू चरण-हरूलाई विकास गर्नु पर्ने हुन्छ र अनि मात्र संवोधि (आर्य मार्ग र फल) प्राप्त हुनेछ । के यस मात्रासम्म प्रज्ञालाई विकास गरि सकिएपछि त्यस व्यक्तिले संबोधि (मार्ग फल) प्राप्त गरिसकेको छ छैन भन्ने कुराको शंका बाँकी रहन सक्ला त ?

[प्र] श्रोतापन्नले गलत तरीकाले विपश्यनालाई विकास गर्न सक्छ त ?

[उ.] यो दृष्टि हो र दृष्टिलाई श्रोतापन्नले निर्मूल गरिसकेको हुन्छ । अभिधर्ममा क्लेशहरूलाई अनेक तरीकाबाट वर्गीकरण गरिएको छ र विभिन्न प्रकारका मिथ्या दृष्टिलाई पनि अनेक तरीकाबाट वर्गीकरण गरिएका छन् । उदाहरणार्थ, विभिन्न प्रकार-का मिथ्या दृष्टिलाई उपादानवाला क्लेशहरूको समूहमा वर्गीकरण गरिएका छन् । यस समूहमा उल्लेख गरिएका चार प्रकारका उपादान मध्ये तीन प्रकारका उपादान चाहिं विभिन्न किसिमका दृष्टिको उपादान हुन् । यी तीन प्रकारका उपादान चाहिं श्रोताप-न्नले निर्मूल गरिसकेको हुन्छ । ती उपादान मध्ये एउटा हो शील-व्रत -उपादान, जुन उपादान अन्तर्गत विपश्यनाको गलत अभ्यास

पनि समावेश हुने हुन्छ । यसबाट के सिद्ध हुन्छ भने श्रोतापन्नले गलत तरीकाबाट विपश्यनाको अभ्यास गर्न सक्तैन । केही व्यक्ति-हरू यस्तो पनि सोच्छन् कि आर्य अष्टाङ्गिक मार्गदेखि बाहेकको अन्य कुनै मार्गको अनुसरण गरेर पनि तिनीहरू मार्गफल प्राप्त गर्न सक्छन् । (तर यो सम्भव छैन।)

[प्र.] निर्वाण गामिनी प्रतिपद्हरू बढी नहुनाको कारण के हो ?

[उ.] आर्य अष्टाङ्गिक मार्गलाई वर्तमान क्षणमा प्रकट हुने नाम र रूप जस्तो दर्शन, रूप, श्रोत, शब्द, चिन्तन वा अनेक प्रकारका वेदनाहरूका विषयमा स्मृति युक्त रहेर विकास गरिन्छ । नाम र रूपको स्मृति रहँदाको बखत प्रज्ञाले तिनका स्वभावहरूलाई बढी स्पष्टरूपमा जान्न सक्छ र यसरी मिथ्या दृष्टिलाई निर्मूल गर्न आर्य अष्टाङ्गिक मार्ग विकास नगरिएको स्थितिमा धर्महरू बारेका मिथ्या दृष्टिलाई निर्मूल गर्न सकिन्न र यसरी मार्ग फलका प्रथम चरण श्रोत्तापत्ति मार्ग फल पनि गर्न सकिन्न । तसर्थ संसार-का स्वभाव धर्महरूका विषयमा सम्यक् दृष्टि अर्थात अष्टाङ्गिक मार्गको प्रज्ञालाई विकास गर्ने बाहेक निर्वाणलाई प्राप्त गर्ने अर्को मार्ग छैन ।

[प्र.] सम्यक् दृष्टि के हो ?

[उ.] नाम र रूपलाई यथार्थ रूपमा अर्थात अनित्य, दुःख र अनात्माको रूपमा देख्नु नै सम्यक् दृष्टि हो । सम्यक् दृष्टिलाई विकास गर्न सकिन्छ । हामीमा मिथ्या दृष्टि रहुन्जेलसम्म संसार-का स्वभाव धर्महरूलाई हामी आत्माको रूपबाट ग्रहण गर्दछौं; हामी दर्शनलाई आत्मा भन्थान्छौं, संज्ञा रूपलाई आत्मा भन्थान्छौं, वेदनालाह आत्मा भनी ग्रहण गर्छौं, संज्ञालाई आत्मा भनी ग्रहण गर्छौं, हामी स्मृति र प्रज्ञालाई पनि आत्माकै रूपमा ग्रहण गर्दछौं।

नाम र रूप प्रकट हुँदाका बखत तिनका स्वभावहरू प्रति स्मृति राखेर हेर्दा भने हामी ती नाम र रूपलाई यथार्थ रूपमा देख्ने छौं। अनि सम्यक् दृष्टि पनि रहने छ।

[प्र.] के विपश्यनाको गलत अभ्यासको उदाहरण प्रस्तुत गर्न सकिन्छ ?

[उ.] शुरु शुरुमा जुनसुकै प्रकारको नाम र रूप प्रकट हुँदा पनि सावधान रहनको बदलामा केही प्रकारका नाम र रूप मात्रको स्मृति राखे पनि पुग्छ भनी कसैले सोच्छ भने त्यहाँ गलत अभ्यास हुन्छ। लोभ, द्वेष र मोह उत्पति हुँदा तिनका लक्षणहरूका बारेमा स्मृति राखिनु पर्दैन भनी कसैले सोच्छ भने पनि गलत अभ्यास हुन्छ। अनि त्यस व्यक्तिले आफूले स्मृति राख्न चाहेको नाम र रूपको छनोट गर्दछ र आत्मा विषयको मिथ्या दृष्टि उसको निर्मूल हुन सक्तैन। बसेकै बेलामा मात्र विपश्यनालाई भावना गर्न सकिन्छ भनी सोच्नु पनि गलत अभ्यासको अर्को उदाहरण हो। किनभने त्यस तरीकाले त्यस व्यक्तिले अभ्यासको लागि नियमहरू बनाउँछ। उसले के सोच्दछ भने सावधानीपनालाई पनि नियन्त्रण गर्न सकिन्छ। यसरी उसले स्मृति पनि अनात्मा हो भन्ने कुरा देख्न बुझ्न सक्तैन।

[प्र] अरू के के क्लेशहरूलाई श्रोतापन्नले निर्मूल गरेको हुन्छ?

[उ.] श्रोतापन्नले विचिकित्सालाई निर्मूल गरेको हुन्छ। विचिकित्सालाई नीवरणहरू मध्येका एउटा हो भनी वर्गीकरण गरिएको छ र यलले कुशल गर्नबाट हामीलाई रोक्दछ। हामी बुद्ध, धर्म र संघको बारेमा सशंकित हुन्छौं, सम्यक् व्यायामको बारेमा हामीलाई शंका हुने हुन्छ। श्रोत्तापत्ति मार्ग फल प्राप्त गर्ने आर्यमा विचिकित्सा रहँदैन।

श्रोतापन्नले निर्मूल गरिसक्ने अर्को अकुशल चैतसिक हो मात्सर्य। विशुद्धि मार्ग (२२, ५२)मा ५ प्रकारका मात्सर्य उल्लेख गरिएको छः–

"आवास-मात्सर्य, कुल-मात्सर्य, लाभ-मात्सर्य, धर्म-मात्सर्य, वर्ण-मात्सर्य–यी आवास आदि मध्ये कुनै एकलाई सबैको लागि साधारण भएको नसहने आकारबाट प्रवर्तित हुनेवाला ५ मात्सर्य हुन् ।"

अर्थ सारिणीमा भिक्षुको निवासस्थान, चतुःप्रत्यय (चीवर, पिंडपात, शयनाशन, ग्लान-प्रत्यय-भेषज्य) प्राप्त गर्नको लागि ऊ जाने गरेको परिवार, चतुःप्रत्यय नै धर्मको ज्ञान र प्रशंसा (व्यक्तिगत सौन्दर्य वा गुणहरू सम्बन्धी) सम्बन्धी यी ५ प्रकारका मात्सर्यको व्याख्या दिइएको छ ।

यो व्याख्या गरिएको छ कि कसैले यी कुराहरू मध्ये कुनै एक पनि कुरा अरूसंग बाँडेर लिन चाहँदैन भने त्यहाँ मात्सर्य हुन्छ । किन्तु, खराब मान्छेसंग वा यी कुरा मध्ये कुनै वस्तुलाई दुरूपयोग गर्ने व्यक्तिसंग त्यो व्यक्तिले बाँड्न नचाहेको खण्डमा भने मात्सर्य हुन्न । उदाहरणार्थ, कसैले धर्मको निन्दा गर्ने व्यक्तिलाई धर्मोपदेश गरेन भने धर्म-मात्सर्य हुन्न । कसैले पनि धर्मको निन्दा गर्ने व्यक्तिलाई धर्मोपदेश गर्नु हुँदैन । यसरी हामी के देख्छौं भने मात्सर्यको विनाशको मतलव जे सुकै वस्तु जो सुकै व्यक्तिसंग बाँड्नु होइन। श्रोतापन्नले मात्सर्यलाई निर्मूल गरिसकेको हुन्छ, भर्खरै उल्लेख गरिएका मात्सर्य उत्पन्न हुँदैन ।

त्यसमाथि श्रोतापन्नले ईर्ष्यालाई पनि निर्मूल गरेको हुन्छ । ईर्ष्या द्वेष-मूल चित्त साथै उत्पति हुन सक्छ ।

विशुद्धि मार्ग (१४, १७२) मा यस सम्वन्धमा यसरी भनिएको छः–

"डाह गर्नु ईर्ष्या हो । त्यो अर्काको सम्पतिलाई नसहने लक्षण वाला हो । त्यसैमा उदास हुनु यसको कृत्य हो । त्यसबाट विमुख हुनु यसको प्रत्युपस्थान हो । अर्काको सम्पतिको पदस्थानवाला हो ।...।"

[प्र.] ईर्ष्यालु हुनु एकदम मानवीय स्वभाव हो केही मानिसहरू मानसिक रोगका चिकित्सकहरू त मानिसहरूलाई ईर्ष्यालु नबन्ने तालीम दिइने एउटा संस्थाको नै स्थापना गर्दैछन् भन्ने कुरा पनि मैले सुनेको छु ।

[उ.] मानसिक रोगका चिकित्सकहरूले मानिसहरूको ईर्ष्यालाई उपचार गर्ने प्रयास गर्न सक्ला । तर अर्काको चित्तमा रहेको ईर्ष्याको अनुशयहरूलाई उनीहरूले कसरी निर्मूल गर्ला त ? श्रोतापन्नको स्तरमा विकसित गरिएको प्रज्ञाले मात्र यसलाई पुनः उत्पति नहुने गरी ईर्ष्यालाई पूर्ण रूपमा निर्मूल गर्न सक्छ ।

[प्र.] मात्सर्य र ईर्ष्या जस्ता नराम्रा कुराहरूलाई पनि निर्मूल गर्न सकिनु त अचम्मकै कुरो हो । सबै क्लेशहरूलाई निर्मुल गरिनसके तापनि श्रोतापन्नलाई आर्य भन्नु उचितै हुन्छ ।

[उ.] श्रोतापन्न आर्य हो । किनभने मार्गफल प्राप्त गर्ने घडीमा श्रोतापन्न भिन्नै मान्छे भइसकेको हुन्छ, अब ऊ पृथग्जन होइन । चित्तमा अब मिथ्या दृष्टिको अनुशय वा अन्तर्निहित प्रवृति संचित रहन्न, न त विचिकित्सा मात्सर्य वा ईर्ष्याकै अनुशयहरू (सुषुप्त प्रबृतिहरू) नै बाँकी रहन्छन् ।

[प्र.] अनुशय भनेको वास्तवमा के कुरो हो ?

[उ.] कसैले केही चीजको इच्छा गर्दा लोभ उत्पति हुन्छ । लोभ-मूल चित्तहरू निरूद्ध भएपछि लोभ सहगत नरहेका अरू प्रकारका चित्त लाग्छन् । किन्तु यो उत्पति भएको लोभ जो छ त्यो चाहिं चित्तमै अनुशय (वा लुप्त प्रवृति) को रूपमा संचित

भएर रहन्छ । जव हेतुहरू खडा हुन्छन्, त्यो पुनः अकुशल चित्त साथै उत्पति हुन सक्छ । अनुशयहरू प्रत्येक चित्तमा, यहाँसम्म कि भवंग चित्तमा पनि संचित भएर रहन्छन्, जुन भवंग चित्तहरू त चित्तका वीथिक्रममा इन्द्रीयद्वार वा मनोद्वार मार्फत अनुभव गरिने आलम्वन नरहेको अबस्थामा उत्पति हुन्छ ।

[प्र.] दृष्टि क्रमिक रूपमा निर्मूल हुन्छ कि आकस्मिक रूप-बाट हुन्छ ?

[उ] कसैले पनि उपयुक्त आधारहरूलाई अभ्यास गरेको नभइकन मार्ग फललाई प्राप्त गर्न सक्तैन । हामीले देख्छौं भने बुद्धको पालामा कोही कोही मानिस छिटै नै एउटै उपदेशमै पनि मार्ग फल प्राप्त गर्न सक्तथे, कोही कोही भने सत्यलाई अरु विस्तारपूर्वक ब्याख्या गरिए पछि मार्ग फल प्राप्त गर्न सक्तथे, जव कि अरूलाई मार्ग फल प्राप्त गर्नको निमित्त लामो समयसम्म, कहिले काहीं त बर्षौं वर्षसम्म आर्य अष्टाङ्गिक मार्गको अभ्यास गर्नु पर्दथ्यो । यी सबै कुरा पूर्वजन्मका संस्कारहरू समेत हिसाब गरी जम्मा कति मात्रामा प्रज्ञाको संचय भइसकेको छ त्यसैमा निर्भर गर्ने हुन्छ । हालको अवस्थामा कस कसले मार्ग फल प्राप्त गर्न सक्छन् भन्ने कुराको हकमा उपयुक्त हेतुहरूलाई अभ्यास गरिनु पर्छ, मार्ग फल शिघ्र प्राप्त हुन सक्तैन । हाम्रा दैनिक जीवनमा प्रकट हुने सबै प्रकारका नाम-रूप बारेमा स्मृति संचित गरिकन प्रज्ञाद्वारा तिनका लक्षणहरूलाई बारम्बार बिचार गरिनु पर्दछ । यस तरीकाले प्रज्ञाको क्रमिक रूपमा बिकास गरिन्छ । हामीले प्रारम्भमै निकै स्मृति र प्रज्ञाको अपेक्षा गर्न सक्तैनौं । तर पनि सम्यक् स्मृतिको प्रत्येक क्षण फलदायी नै हुन्छ, किनभने यो क्षणले अरू पनि सावधानीका घडीहरूलाई पैदा गर्न सक्तछ र यसरी यस-लाई संचित गर्न सकिन्छ । जव प्रज्ञाद्वारा नाम वा रूपको तवरबाट देखा पर्ने धर्मलाई महशूस गरिन्छ, अनि आत्माको धारणा प्रति

कम उपादान रहन्छ। यसै तरीकाबाट श्रोतापन्नको मार्ग चित्त (लोकोत्तर कुशल चित्त) द्वारा दृष्टिमा निहित रहेका प्रवृतिहरू-लाई निशेष रूपमा निर्मूल नभएसम्म दृष्टिलाई क्रमिक रूपमा नष्ट गरिन्छ। त्यसपछि दृष्टि पुन: कहिल्यै पनि उत्पन्न हुन सक्तैन।

[प्र.] के श्रोतापन्नले अरु अरूलाई मन नपर्ने किसिमले कुरा गर्न सक्छ ?

[उ.] दश अकुशल कर्म मध्ये चार अकुशल कर्मपथ वचन-द्वारा हुन्छन्, यथा: मृषावाद, पिशुन वाचा, परुष वचन र सम्प्र-लाप। श्रोतापन्नले मृषावादलाई उन्मूलन गरेको हुन्छ। उसले अरु अरूको विषयमा अप्रिय कुराहरू बोल्न सक्छ वा कडा वचन प्रयोग गर्न सक्छ तर अपायगतिमै पुनर्जन्म गराउने मात्रासम्म नै पुग्ने गरी भने बोल्दैन। श्रोतापन्नले अब दुर्गति लोकमा पुनर्जन्म ग्रहण गर्न सक्तैन।

सम्प्रलाप, जुन दान, शील वा भावना सित सम्बन्धित नभए-को कुराकानी हो, श्रोतापन्नद्वारा निर्मूल गरिएको हुन्न। यसलाई अरहन्तले मात्र निर्मूल गर्न सक्छ।

[प्र.] क्लेशहरूलाई यसरी बिस्तारपूर्वक वर्गीकरण गरिनु किन आवश्यक हुन्छ ?

[उ.] क्लेशहरूलाई वर्गीकरण गर्ने विभिन्न तरीकाहरू बारे जान्नाले तिनका भिन्न भिन्न पहलुहरूलाई बुझ्न हामीलाई मद्दत मिल्दछ। जस्तो उदाहरणको लागि भनौं, दृष्टिलाई "अनुशयहरू" भनिने क्लेश-समूह अन्तर्गत वर्गीकरण गरिन्छ भने "आश्रवहरू" को रूपमा (जुन अर्को क्लेश-समूह हो) पनि वर्गीकरण गरिन्छ। साथै क्लेशहरूलाई "ग्रन्थहरू"को रूपमा "नीवरणहरू" को रूपमा र अरू अनेक तरीकाहरूले पनि वर्गीकरण गरिन्छन्। वर्गीकरण

गर्ने प्रत्येक तरीकाले हामीलाई क्लेशहरूका भिन्न भिन्न आकार (पहलु) देखाउछ र यसरी क्लेशहरू कति गहिराइका साथ संचित हुन्छन् र तिनलाई उन्मूलन गर्न कति कठीन हुन्छ भन्ने कुराको राम्रो बोध हामीलाई हुन्छ। केवल मार्ग चित्तहरू (लोकोत्तर कुशल चित्तहरू) ले मात्र क्लेशहरूलाई निर्मूल गर्न सकिन्छ। सम्पूर्ण क्लेशहरूलाई प्रथम चरणको संबोधि (श्रोतापन्न) को मार्ग चित्तले निर्मूल गर्न सक्दैन।

[प्र.] जम्मा कति प्रकारका लोकोत्तर चित्तहरू हुन्छन् ?

[उ.[लोकोत्तर चित्त जम्मा ८ प्रकारका हुन्छन्। प्रत्येक चरणको सम्वोधिको लागि एउटा मार्ग चित्तको हिसावले मार्ग चित्त ४ प्रकारका हुन्छन्। ४ मार्ग चित्तहरू (लोकोत्तर कुशल चित्तहरू) को ४ विपाकहरूको रूपमा फल चित्त पनि चारै प्रकार-का हुन्छन्। केवल मार्ग चित्तले मात्र क्लेशहरूलाई निर्मूल गर्दछ, फलचित्त मार्ग चित्तको नतिजा, विपाक हो।

[प्र.] के विपश्यनालाई विकास गर्न चाहने व्यक्तिले ठूलो अध्ययन गर्नु पर्ने हुन्छ ? हामीले त अनन्त वर्गीकरणहरू र विभेद-हरू, समूहहरू र उपसमूहहरूका बारेमा सिक्नु पर्ने जस्तो पो देखिन्छ।

[उ.] अभिधर्मको अध्ययनको उद्देश्य मार्ग विषयमा सम्यक् दृष्टि प्राप्त गर्नु हो। अभिधर्मको अध्ययन नहुनेलाई कुन चाहिं मार्ग सही हो र कुन चाहिं गलत मार्ग हो भन्ने कुरा छुट्याउन गाह्रो हुन्छ। कसले कति मात्रामा अध्ययन गर्ने हो भन्ने कुरा आ-आफ्नो अभिरूचि (वा स्वभाव) मा निर्भर गर्छ। हामी बुद्धको समयमा बसेका हैनौं। हामीले शास्ताबाट प्रत्यक्ष रूपमा धर्मश्रवण गर्न नसक्ने भएकोले नै हामीले ग्रन्थहरू (त्रिपिटक) मार्फत हामी छेउ आइपुगेका उपदेशहरू माथि हामीले निर्भर गर्नु परेको छ।

[प्र.] निर्वाण भनेको खास के कुरा हो ? के यो जीवनको भूमि हो ?

[उ.] यदि निर्वाण भनेको जीवन यापन गर्ने कार्यलाई यथावत जारी राख्न सकिने अर्को लोक भइदिएको भए यसको अर्थ के हुन्थ्यो भने त्यहाँ पनि हामीमा नाम र रूपको उत्पति र निरोधको प्रक्रिया जारी नै रहन्थ्यो । जीवन भनेको नाम - रूपको उत्पति र निरोधको प्रक्रिया हो । हाम्रो जीवन दु:ख हो, किनभने जे जति उत्पति र विनाश हुन्छ त्यो सन्तोषप्रद हुन्न । यो दु:ख हो । निर्वाण त असंस्कृत धर्म हो । यो उत्पति र विनाश हुँदैन । त्यसैले निर्वाण दु:खको अन्त्य हो । कसैले संबोधि प्राप्त गरेको छ भने त्यो संबोधि प्रथम चरणकै मात्र पनि किन नहोस, यो निश्चित छ कि उसको अन्ततोगत्वा: जाति, जरा, व्याधि र मृत्युको अन्त्य हुनेछ र यसरी दु:खको अन्त्य हुने नै छ ।

अरहन्त नभएका पुद्गलको मृत्यु हुँदा उसको जीवनको अन्तिम चित्त, च्यूति चित्त पछि अर्को जीवनको प्रतिसन्धि चित्त उत्पति हुन्छ र यसरी जीवन चक्र घुमिरहन्छ । क्लेशहरू निशेष रूपमा निरोध नभएसम्म जीवन प्रक्रिया जारी नै रहन्छ । हामी यस मर्त्य मण्डलमा जन्मिनु पनि क्लेशहरूकै कारणले गर्दा हो । क्लेशहरूकै कारणले गर्दा हामी दिव्य लोकमा, रूप ब्रह्मलोकमा वा अरूप-ब्रह्म लोकमा जन्मिन्छौं ।

अरहन्तमा कुनै पनि क्लेश बाँकी नरहने भएकोले कुनै पनि लोकमा पुनर्न्जम ग्रहण गर्नु पर्दैन । उसको निम्ति च्यूति-चित्त पछि नाम रूपको उत्पति हुने कुरा हुँदैन । जन्मको पछि मृत्यु अवश्यमेव लाग्ने भएकोले अरहन्तको पनि जन्म भएको नाताबाट मृत्यु हुनुनै पर्छ । तर अरहन्तको च्यूति-चित्त पछि प्रतिसन्धि-चित्त उत्पति नहुने भएकोले उसको निम्ति मृत्यु नै जन्म र मरणको चक्रको अन्त्य हुन्छ ।

[प्र.] मलाई त निर्वाण भनेको नकारात्मक कुरा जस्तोलाग्छ। यो त जीवनको शून्यता हो।

[उ.] निर्वाण भनेको त लोभ, द्वेष र मोहको विनाश (क्षय) हो। के यो सकारात्मक कुरो होइन त ?

[प्र.] आश्रव क्षय नै संभवतः जीवनको सबभन्दा ठूलो प्राप्त गर्न सकिने लक्ष हो भन्ने कुरामा त म सहमत छु। तर के अब पुनर्जन्म नहुने कुरा शोचनीय (दुःखमय) छैन त ?

[उ.] यो त जीवनलाई कसरी हेरिन्छ त्यसमा निर्भर रहने कुरा हो। हामीले के देखिसकेका छौं भने जीवन भनेको त उत्पति र विनाश हुने नाम-धातुहरू र रूप-धात्तुहरू हुन्। के उत्पति र विनाश हुने नाम-रूप सौच्चिकैको सुख हुन सक्छ र ?

[प्र,] मेरो विचारमा जीवनमा दुःखका घडीहरू भए पनि यसले हामीलाई ठूलो आनन्द पनि त दिन सक्छ।

[उ.] कुरा ठीक हो कि हामी जे कुरालाई सुख भन्दछौं, जीवनमा त्यसका घडीहरू पनि (अवश्य) हुन्छन् तर ती घडीहरू उत्पति भएर विनाश हुन्छन्; यस्ता घडीहरू एकदमै अल्पकालीन (अल्पायुवाला) हुन्छन्। जीवन राम्रो हो र यो जारी रहनु पर्छ भन्ने कुरामै हामी आफूलाई विश्वस्त पनि पार्न सक्छौं, अथवा धर्म-हरूलाई यथार्थ रूपमा देख्न बुझ्नको निमित्त हामी सत्यको खोजीमा पनि लाग्न सक्छौं। यो त जीवनमा अज्ञानी बन्नु वा सत्यलाई जान्नु मध्ये हामी के चाहन्छौं, त्यसमा निर्भर गर्ने कुरा हुन्छ।

हामीले प्रज्ञाको विकास गर्ने हो भने जीवनको अनित्यता र दुःखको विषयमा हामी झन् झन् बढी देख्ने हुन्छौं। अनि जीवन र सुखका बारेमा हामीमा रहने गरेका विचारहरू (स्वतः) परिवर्तित हुने छन्। अनार्य (शैक्ष्य)ले जे कुरालाई सुख भनी ग्रहण गर्दछ त्यो (वास्तवमा) दुःख हो भन्ने कुरा आर्य

(अशैक्ष्य) ले थाहा पाएको हुन्छ। आर्यले जुन कुरालाई सुख भनी जान्दछ त्यसलाई अनार्यले दु:ख भनी भन्थान्दछ । प्रज्ञाको विकास-ले यस्तो प्रकारको सुख पैदा गर्छ कि जुन सुख सामान्यत: सुख भनी ग्रहण गर्ने गरेका कुरा भन्दा सर्वथा भिन्न हुन्छ ।

[प्र.] म त जीवनको निरोध (विनाश) लाई मन पराउन्न ।

[उ.] "आत्मा" प्रतिको आसक्ति अझै कायम रहेको व्यक्ति मृत्यु पछि त्यो "आत्मा" लाई के होला भनी चिन्तित हुन्छ । अरहन्तको लागि उसको मृत्यु पछि के हुन्छ भन्ने प्रश्न नै उठ्दैन । उसमा कुनै क्लेशहरू बाँकी रहन्न। यसरी उसमा जीवन प्रति उपादान पनि रहँदैन । आर्य नभएका व्यक्तिहरूले निर्वाण के हो भन्ने कुरालाई अझै बुझ्न सक्तैन । उत्पति र विनाश हुने धर्महरू-को सच्चा स्वभावलाई अझै अनुभव गर्न नसक्ने व्यक्तिहरूले उत्पति र विनाश नै नहुने असंस्कृत धर्म जो छ त्यसलाई त अनुभव गर्नै सक्तैन ।

[प्र.] प्रत्येक चित्तले एउटा आलम्बनलाई अनुभव गर्दछ । लोकोत्तर चित्तद्वारा अनुभव गरिने आलम्बन के हो ?

[उ.] लोकोत्तर चित्तले उत्पति र विनाश नहुने धर्मलाई अनुभव गर्दछ, निर्वाणलाई अनुभव गर्दछ ।

हामी उदान (परिच्छेद ८, ३ खुदुक निकाय) मा पढ्छौं कि भगवान श्रावस्ती नजीकै अनाथपिण्डिकको वनमा बिहार गरिरहनु हुँदा भिक्षुहरूलाई सम्बोधन गरेर भन्नु भयो:

"भिक्षुहरू ! अ-जन्मा, अ-भूत, अ-निर्मित र असंस्कृत कुरा भन्ने हुन्छ । यदि त्यो अ-जन्मा, अ-भूत, अ-निर्मित र अ-संस्कृत कुरा नभएको भए यहाँ जो जात, भूत, निर्मित र संस्कृत छ त्यस-बाट उम्कने बाटो नरहने कुरा प्रष्ट छ ।

तर किनकि भिक्षुहरू ! अ-जन्मा....छ, तसर्थ यहाँ जात, भूत, निर्मित र संस्कृतवाट उम्कने बाटो रहेको कुरा प्रष्ट छ ।"

माथि उल्लेख गरिसकिएको छ कि चित्त, चैतसिक, रूप र निर्वाण- यी ४ परमार्थ धर्महरू छन् । चित्त, चैतसिक र रूप उत्पति र विनाश हुने धर्महरू हुन्, संस्कृत धर्महरू (संखार धम्म) हुन् । निर्वाण उत्पति र विनाश हुँदैन । यसको उत्पति हुना निमित्त हेतुहरू नै छैनन् । यो असंस्कृत धर्म (विसंखार धर्म) हो । संस्कृत धर्महरूलाई यथार्थ रूपमा अनित्य, दु:ख र अनात्माको रूपमा अनुभव गर्न सकिने गरी हामीले प्रज्ञाको विकास नगरेसम्म असंस्कृत धर्मलाई अनुभव गर्न हामी सक्तैनौं ।

[प्र.] के मार्ग-चित्त र फल-चित्त दुबैले प्रत्यक्ष रूपमा निर्वाणलाई अनुभव गर्दछन् त ?

[उ.] मार्ग चित्त र फल चित्त लोकोत्तर चित्तहरू हुँदा निर्वाण नै तिनीहरूको गोचर हुन्छ । मार्ग चित्त निरूद्ध भएपछि तुरून्तै त्यही आलम्वनलाई अरूभव गर्ने फल चित्ताहरू उत्पन्न हुन्छन् । हामीले कुशल कर्म गर्दा विपाक तुरून्तै उत्पति हुन्न । कर्मको लगत्तै पछि विपाक उत्पति हुने खालको भए पनि एकै चित्तको वीथि क्रम (प्रक्रिया) मा विपाक कहिल्यै पनि उत्पन्न हुन सक्तैनथ्यो । लोकोत्तार चित्तको हकमा भने यो कुरै फरक हुन्छ । मार्ग चित्ताको लगत्तै पछि फल चित्तहरू लाग्छन्, जुन फल चित्तहरू व्यक्ति अनुसार दुई वा तीन घडीहरूसम्म स्थिर रहन्छन् ।

[प्र.] श्रोतापन्नले सम्बोधि प्राप्त गर्दा श्रोतापन्नका मार्ग चित्ताहरू र श्रोतापन्नका फल चित्ताहरू हुन्छन् । एक जीवनको अवधिभरमा कति पटक यी चित्तहरू उत्पति हुन सक्छन् त ?

[उ.] श्रोतापन्नको मार्ग चित्ताको कृत्य क्लेशहरूलाई निर्मूल गर्ने भएकोले एक जीवनको चक्रमा यो एक पटक मात्र उत्पन्न हुन सक्छ । श्रोतापन्नको स्तरमा उन्मूलन गरिनु पर्ने क्लेशहरू निर्मूल

गरिसकिए पछि ती क्लेशहरू पुनः उत्पन्न हुँदैनन् । त्यसैले मार्ग चित्त फेरि उत्पत्ति हुँदैन ।

किन्तु मार्गफल प्राप्त गर्ने पुद्गलले समथको पनि अभ्यास गरेर ध्यान प्राप्त गरिराखेको छ भने चित्तको अर्कै वीथि क्रममा मात्र पुनः फल चित्तहरू उत्पन्न हुन सक्छन् । समथलाई अभ्यास गरी ध्यान प्राप्त गरेर विपश्यनालाई विकास गरेका पुद्गलहरूले ध्यानाङ्ग-सहगत लोकोत्तर चित्तहरूद्वारा मार्ग फल प्राप्त गर्न सक्छन् । ध्यानाङ्ग साथै उत्पन्न भएका मार्ग चित्त पनि प्रत्येक चरणको सम्वोधि प्राप्त गर्दा एकै पटक मात्र उत्पत्ति हुन सक्छ, किन्तु ध्यानाङ्ग साथै उत्पन्न हुने फल चित्तहरू भने अनेक वार उत्पन्न हुन सक्छन् । ध्यानाङ्गहरू द्वारा साथ लागेका लोकोत्तर चित्तहरूका आलम्बन नै निर्वाण हुन्छ, समथको कर्मस्थान आलम्बन रहँदैन । ती चित्तहरूले ध्यानकै साथै निर्वाणलाई अनुभव गर्दछन् ।

चित्तहरूलाई ८९ वा १२१ भनी गणना गर्न सकिन्छ । चित्तहरूलाई १२१ भनी गणना गर्दा लोकोत्तर चित्तहरूको संख्या ८ को बदलामा ४० वटा हुन्छन्, जुन ध्यानाङ्गहरू साथै उत्पत्ति हुने लोकोत्तर चित्तहरू हुन् । यस किसिमको लोकोत्तर चित्त चाहिं ध्यानको अभ्यास गर्ने व्यक्तिले जुन स्तरको ध्यानलाई प्राप्त गरेको हुन्छ, तिनै ध्यानाङ्गहरू साथै उत्पन्न हुने हुन्छ । माथि उल्लेख गरिए झैं, रूप-ध्यानका ५ अङ्गहरू छन् र ध्यानको पाँचौं अङ्गमा आएर सुखको सट्टामा उत्पत्ति हुने एकाग्रता र उपेक्षाका शेष अङ्गहरू मात्र बाँकी नरहेसम्म प्रत्येक अङ्गमा ध्यानाङ्गहरूलाई एक पछि अर्को गरी क्रमशः त्यागिन्छन् । यसरी रूप-ध्यानको पाचौं तहलाई प्राप्त गरेका व्यक्तिका लोकोत्तर चित्तहरूका साथैमा एकाग्रता र उपेक्षा पनि उत्पन्न भएका हुन्छन् ।

जहाँसम्म अरूप-ध्यान चित्तहरूको कुरा छ, अरूप-ध्यान चित्तहरूका कर्मस्थान रूप-ध्यानको भन्दा भिन्नै खालका हुन्छन् ।

तर ती अरूप-ध्यान चित्ताहरूका साथै उत्पन्न हुने ध्यानाङ्गहरू भने रूप-ध्यानका पाँचौं तहका ध्यानाङ्गहरू जैं उही हुन्छन्, अर्थात् एकाग्रता र उपेक्षा नै हुन्छन् । परिणामस्वरूप अरूप-ध्यान प्राप्त गर्ने व्यक्तिहरूका लोकोत्तर चित्तहरूका साथै एकाग्रता र उपेक्षा नै उत्पन्न भएका हुन्छन् ।

ध्यानाङ्गहरू साथै उत्पन्न भएका लोकोत्तर चित्ताहरूको संख्या गणना गर्दा ८ लोकोत्तर चित्ताहरूलाई ५ ले गुणन गर्नु पर्दछ । किनभने पाँच प्रकारका ध्यान चित्ताहरूलाई गणना गरिनु पर्दछ । यसरी लोकोत्तर चित्त जम्मा ४० वटा हुन्छन् ।

चित्ताहरूलाई ८९ मा गणना गर्दा संक्षेपमा ती चित्ताहरूलाई यसरी गणना गर्न सकिन्छ :

१२ अकुशल चित्तहरू	५४ कामावचर चित्ताहरू (काम भूमिका चित्ताहरू)
१८ अहेतुक चित्ताहरू	
८ महा कुशल चित्तहरू	
८ महा विपाक चित्तहरू	
८ महा क्रिया चित्तहरू	

त्यसमा थप हुन्:

१५ रूपावचर चित्ताहरू

१२ अरूपावचर चित्ताहरू

८ लोकोत्तर चित्तहरू

चित्तहरूलाई १२१ भनी गणना गर्दा ८ लोकोत्तर चित्तहरूका बदलामा ४० लोकोत्तर चित्तहरू हुन्छन् ।

[प्र.] निर्वाणको पथ त एकदमै टाढाको बाटो जस्तो लाग्यो मलाई त हामीले कहिल्यै प्राप्त गर्न सकौंला र ?

[उ.] हामीले अधीर भएर टाढाको फलको कामना गर्नु हुन्न । बरू, हामीले वर्तमान घडीमा हामीले के गर्नु पर्ने हो त्यसैको विचार गर्नु पर्छ, अर्थात् तत्काल प्रकट हुने नाम र रूपको स्मृतिलाई बढाउनु पर्दछ । यसरी हामीले निर्वाण प्राप्तिको लागि चाहिने हेतुलाई अभ्यास गरेका हुन्छौं ।

परिच्छेद–२४

सम्बोधि

उपयुक्त हेतुहरू (अङ्गहरू) को अभ्यास नगरिकन कसैले मार्ग फल (सम्बोधि) लाभ गर्न सक्तैन ।

[प्र.] आर्य मार्ग फल (बोधिज्ञान) प्राप्त गर्ने हेतुहरू (अङ्गहरू) के के हुन् त ?

[उ.] र संयुक्त निकाय (महावर्ग, ११ परिच्छेद श्रोतापत्ति संयुत्त, भाग १, बेलुद्वार वर्ग, द्वितीय सारिपुत्र सूत्र, श्रोतापत्ति अङ्ग) मा श्रोतापन्न हुनको निमित्त आवश्यक चार अङ्गहरू बारेमा यसरी उल्लेख गरिएको छ :–

तब आयुष्मान सारिपुत्र भगवान भए छेउ गएर शास्तालाई अभिवादन गरी एउ छेउमा बसे । एक छेउमा बसेको सारिपुत्रलाई भगवानले सोध्नु भयो :–

"सारिपुत्र ! 'स्रोतापत्ति-अङ्ग, स्रोतापत्ति'-अङ्ग" जो भनिन्छ, त्यो स्रोतापत्ति अङ्ग के हो ?

भन्ते ! सत्पुरुष-सेवा स्रोतापत्तिको अङ्ग हो । सद्धर्म-श्रवण स्रोतापत्तिको अङ्ग हो । योनिसो:मनसिकार (अर्थात् राम्रोसंग मनन गर्नु) स्रोतापत्तिको अङ्ग हो । धर्मानुधर्म-प्रतिपत्ति (अर्थात् धर्मानुकूल आचरण गर्नु) स्रोतापत्तिको अङ्ग हो ।

साधु ! साधु ! सारिपुत्र ! यिनै स्रोतापत्तिका अङ्गहरू हुन् ।

सारिपुत्र ! "स्रोत ! स्रोत" भनिन्छ । त्यो स्रोत के हो ?

भन्ते ! यही आर्य अष्टाङ्गिक मार्ग नै स्रोत हो; जस्तो सम्यक् दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्मान्त, सम्यक् आजीव, सम्यक् व्यायाम, सम्यक् स्मृति र सम्यक् समाधि ।

साधु, साधु ! सारिपुत्र ! यही आर्य अष्टाङ्गिक मार्ग नै श्रोत हो ।

सारिपुत्र ! "स्रोतापन्न, स्रोतापन्न" भनिन्छ, त्यो स्रोतापन्न के हो ?

भन्ते ! जो यस आर्य-अष्टाङ्गिक मार्गबाट युक्त छ उही स्रोतापन्न भनिन्छ । उनै आयुष्मान् यो नाउँको यो गोत्रको हुन्छ ।

[प्र.] पहिलो अङ्ग, सत्पुरुष सेवा वा सत्पुरुषसंगको सहवास जो छ, के यो आवश्यक छ ? के आफैं सम्यक् प्रतिपद् पत्ता लगाउन सकिन्छ ?

[उ.] केवल बुद्धहरूले मात्र यस्तो प्रज्ञा संचित गरेका हुन्छन् जसले गर्दा उहाँहरू गुरूको सहयोग लिए बेगर नै स्वयं आफैं मार्ग पहिल्याउन सक्नु हुन्छ । परन्तु, अन्य लोकजनहरूले सम्यक् मार्ग पत्ता लगाउनको निम्ति बुद्धको धर्मोपदेशहरूको जरूरत हुन्छ । किनभने त्यस्ता व्यक्तिहरूमा अनन्त काल देखि मोह (अविद्या) संचित रहेको हुन्छ । हामीलाई सम्यक् मार्ग देखाइ दिन सक्ने धर्मका कल्याण मित्र, सत्पुरुषको सत्संगतको जरूरत हुन्छ । किनभने हाम्रा क्लेशहरूले हामीलाई सम्यक् मार्ग पत्ता लगाउन दिंदैन । हाम्रा धर्म-मित्रले हामीलाई नाम-रूपको स्मृति बढाउन प्रोत्साहित गर्न सक्छ ।

[प्र.] ठीक तरीकाको अभ्यासलाई देखाइ दिन सक्ने यस्तो धर्मको कल्याण मित्र भएन भने के गर्नु पर्छ त ?

[उ.] बौद्ध ग्रन्थहरू (त्रिपिटक) को अध्ययन गर्नु पनि निकै सहायक हुन्छ । उपदेशहरूले हाम्रा दैनिक जीवनमा देखापर्ने नाम र रूप बारेमा स्मृतियुक्त रहन हामीलाई प्रोत्साहित गर्न सक्छन् । तर पनि हामीले धर्मोपदेशलाई गलत तरीकाबाट अर्थ्याउने सम्भावना रहन्छ । हामीले धर्मोपदेशहरू बुझ्न र ती धर्मोपदेश अनुकूल आचरण गर्न मद्दत गर्न सक्ने उपयुक्त व्यक्तिको संसर्गमा हामीलाई आउँछौं कि आउँदैनौं भन्ने कुरा हेतुहरूमा नै निर्भर गर्दछ । संचित कुशल कर्म नै ठीक व्यक्तिलाई भेट्न दिने हेतु हुन सक्छ ।

[प्र.] हामीहरू साँच्चिकै उपदेशहरूलाई बुझेर सम्यक् मार्गको आचरण गर्छौं कि गर्दैनौं भन्ने कुरा कसरी हामी पत्ता लगाउन सक्छौं त ?

[उ.] हामीले अभ्यासद्वारा यो पत्ता लगाउन सक्छौं । हामीले गलत तरीकाले अभ्यास गर्न थालेमा अन्तमा गएर यसले आत्माको धारणा प्रतिको आशक्तिलाई घटाउनको बदलामा हामीमा बढी राग हुन गएको कुरा हामी पत्ता लगाउँछौं । अनि हाम्रो अभ्यास-को तरीका गलत रहेछ भन्ने कुरा थाहा पाउँछौं । गलत तरीकाले अभ्यास गरिसकेपछि यसमा सुधार गर्न निकै लामो समय लाग्न जाने सम्भावना रहन्छ ।

हामीले ठीक व्यक्ति वा सत्पुरुषबाट धर्म श्रवण गरेपछि हामीले त्यसैमा मन लगाउनु पर्छ अर्थात् त्यस धर्मलाई मनन गर्नु पर्दछ । यो तेश्रो अङ्ग हो । हामीले धर्मको उपदेश गर्ने व्यक्तिको अन्ध अनुसरण गर्ने होइन बल्कि हामी आफैंले ग्रन्थहरूको अध्ययन गर्नु पर्दछ, धर्मका बारेमा गहिरो चिन्तन गर्नु पर्दछ र सत्यको परीक्षा गर्नको निम्ति यसलाई होसियारीपूर्वक बिचार गर्नु पर्दछ।

सत्यको वास्तविक परीक्षा त अभ्यास नै हो । तसर्थ चतुर्थ अङ्ग धर्मानुधर्म-प्रतिपत्ति अर्थात् धर्मानुकूल अभ्यास गर्नु हो अथवा

आर्य-अष्टाङ्गिक मार्गको अभ्यास गर्नु हो । ६ द्वारहरू मार्फत् प्रकट हुने धर्महरू सम्बन्धमा स्मृति युक्त रहेर हामीले यी धर्महरू हेतुहरूको कारणले उत्पति हुने नाम-रूप मात्र हुन् भन्ने कुरा सत्य हो कि होइन भन्ने कुरा प्रमाणित गर्न सक्छौं । ती धर्महरू अनित्य वा नित्य के हुन्, दुःख वा सुख के हुन्, अनात्मा वा आत्मा के हुन्, हामी सिद्ध गर्न सक्छौं । अभ्यास गर्न थाले पछि नै हामीमा बुद्धको उपदेशहरूप्रति बढी श्रद्धा उत्पत्ति हुनेछ । अभ्यास द्वारा जब हामी यो अनुभव गर्दछौं कि उपदेशहरू सम्यक् दृष्टिको विकास गर्न साँच्चिकै सहायक छन् र दैनिक जीवन नै देखा पर्ने नाम र रूपका विषयमा सम्यक् दृष्टि रहनाले क्रमशः क्लेशहरूको क्षयको बाटोमा हामी पुग्छौं, अनि हामीमा अरु श्रद्धाको वृद्धि हुन्छ ।

लोकोत्तर चित्तहरू सम्यक् अङ्गहरूको अभ्यास नगरिकन उत्पत्ति हुन सक्तैनन् । कोही कोही मानिहरू दुःख निरोधको कामना भने गर्दछन् तर तिनीहरू दैनिक जीवनमा स्मृतिको संचय भने गर्दैनन् । तिनीहरू एकदिन त लोकोत्तर चित्तहरू उत्पत्ति भइहाल्लान् भनी आशा गर्दछन् । विपश्यनाको वृद्धि गर्ने कार्य कति कठीन छ भन्ने कुरा भगवान बुद्ध बताइरहनु हुन्थ्यो-लोकजनलाई यस प्रति दुरूत्साहित गर्नलाई होइन, बल्कि अप्रमादी भएर रहून् भनी उनीहरूलाई बोध गराउन ।

संयुक्त निकाय (महावर्ग, परिच्छेद १२, सत्य संयुक्त, भाग ५ प्रपात वर्ग, प्रथम छिग्गल सूत्र, सबभन्दा गाह्रो लक्ष) मा उल्लेख गरिएको छ कि आयुष्मान आनन्दले केही लिच्छवी कुमारहरूलाई संस्थागारमा धनुर्विद्याको अभ्यास गर्दै गरेका देख्नु भयो । भगवान भए छेउ गएर आनन्दले बिन्ती गऱ्यो ।

"भन्ते ! आज म पूर्वाण्ह समयमा वस्त्र लगाई पात्र-चीवर लिएर वैशालीमा भिक्षाटन गर्नको लागि गएको थिएँ । तब मैले लिच्छवी कुमारहरूलाई संस्थागारमा धनुर्विद्याको अभ्यास गर्द

टाढैबाट एउटा सानो प्वाललाई निशाना गरी नविराईकनै एक पछि अर्को वाण हानिरहेको देखें । त्यो देखेर भन्ते ! मेरो मनमा लाग्यो–टाढैबाट एउटा सानो छिद्रलाई निशाना लगाई नबिराईकन एक पछि अर्को बाण हान्न सक्ने यी लिच्छवी-कुमारहरू राम्ररी तालिम प्राप्त रहेछन् ।

आनन्द ! तिमी के मान्दछौं, टाढावाट एउटा सानो छिद्रमा वाण माथि वाण हान्ने काम गाह्रो हुन्छ कि एउटा केशको काटिएको सयौं भाग बराबरवाला वस्तुलाई वाणले छिराउनु गाह्रो हुन्छ कुन चाहिं बढी कठीन हुन्छ ?

किन र भन्ते ! निश्चयनै एउटा रौंको पनि सयौं खण्डको एक खण्डवाला बस्तुलाई वाणले छिराउने कार्य नै बढी कठीन हुन्छ ।

त्यसरी नै आनन्द ! जसले "यो दुःख हो" यसलाई यथार्थ रूपमा बुझदछ, "यो दुःखको समुदय हो," "दुःखको निरोध हो" "यो दुःख निरोध गामिनी प्रतिपद् हो भन्ने कुराको अर्थलाई यथार्थतः बुझन सक्छ, तिनीहरूले सबैभन्दा कठीन लक्ष भेद गरेका हुन्छन् ।

त्यसकारण आनन्द ! तिमीले यो बुझन प्रयास गर्नु पर्छ-यो दुःख हो । यो दुःखको समुदय हो । यो दुःख निरोध हो । यो दुःख निरोध गामिनी मार्ग हो ।"

[प्र.] यस सूत्रलाई सुने पछि त म साँच्चिकै हतोत्साहित भएँ वा ! बोधिज्ञान (मार्गफल) प्राप्त गर्नु असम्भव नै जस्तो लाग्छ ।

[उ.] कसैले सम्यक् मार्गको अवलम्बन गर्छ, गलत मार्गको होइन भने उसले चतुरार्य सत्यहरूलाई अवबोध गर्ने छ र उसले आर्य मार्ग फल प्राप्त गर्ने छ । दर्शन, रंग, लोभ, द्वेष वा कुनै अन्य धर्म स्वभाव जस्ता तत्काल देखापर्ने धर्महरू बारेमा स्मृति राखेर बस्नु नै चतुरार्य सत्यहरूलाई जान्ने मार्ग हो । हामीले

शिघ्र प्रगति गर्न सके जस्तो नदेखिए पनि हामी हतोत्साहित हुनु हुन्न । प्रायः जसो मानिसहरू फलमा आशक्त रहन्छन् र शिघ्र फललाई प्राप्त भएको नदेख्दा तिनीहरू अधीर बन्दछन् । फल प्रतिको उपादान (आशक्ति) जो छ त्यो प्रज्ञाको वृद्धिको निमित्त सहायक हुन्न । यो अकुशल हो ।

कुनै कुनै मानिसहरूका मनमा समथको भावना गर्नाले अझ शिघ्र फल प्राप्त गर्न सकिन्छ भन्ने कुरा लागेको हुन्छ । समथको विकास गर्नाले यसको फलको रूपमा शान्ति मिल्दछ । ध्यान प्राप्त भएपछि लोभ, द्वेष र मोह केही कालको लागि निर्मूल नै हुन्छन् । किन्तु ध्यान प्राप्त गर्नु साह्रै कठीन हुन्छ र यसको निमित्त अनेकौं अङ्गहरूको अभ्यास गरिनु पर्दछ । समथको अभ्यास गरेर पनि कसैले "उपचार समाधि" वा ध्यान प्राप्त गर्न सकेन भने कामच्छन्द, व्यापाद, स्त्यान-मृद्ध, औद्धत्य-कौकृत्य र विचिकित्सा जस्ता पाँच नीवरणहरू उत्पति हुन बाध्य नै हुन्छन् ।

विपश्यनाको लक्ष चित्तको शान्ति होइन, दृष्टि र अन्ततोगत्वाः सम्पूर्ण क्लेशहरूकै क्षयको लक्ष प्राप्त गर्नु हो । यो लक्ष एकदमै टाढाको देखिने सम्भावना हुन्छ तर नाम र रूपको विषयमा सम्यक् स्मृतिको प्रत्येक अल्प क्षण पनि निकै लाभदायक हुन्छ र यसले आत्माको धारणा प्रतिको उपादानलाई उन्मूलन गर्न सघाउ पुग्ने हुन्छ । स्मृतियुक्त रहँदा लोभ, द्वेष वा मोह उत्पन्न हुँदैनन् । चित्तको शान्ति नै यसको लक्ष नभए पनि सम्यक् स्मृतिको घडीमा कुशल चित्त शान्तिपूर्ण नै हुन्छ ।

[प्र.] के सम्बोधि वा निर्वाणको अनुभव गर्ने भन्नु र निर्वाणको विषयमा चिन्तन गर्नु भन्नु एउटै कुरा हो त ?

[प्र.] के नाम-रूपका स्वभावहरूका प्रत्यक्ष अनुभव र तिनका बारेमा चिन्तन गर्ने कुरा उही हुन्छ र ?

[उ.] होइन, त्यसो त भिन्नै हुन्छ।

[उ.] त्यसरी नै निर्वाणको प्रत्यक्ष अनुभव भन्नु पनि यस बारेको सोचाइ भन्दा भिन्न कुरो हो ।

[प्र.] सम्वोधि प्राप्त गर्नेले कुन चाहिं द्वार मार्फत निर्वाणलाई अनुभव गर्दछ ?

[उ.] निर्वाणलाई पाँच इन्द्रीयहरू मध्ये कुनैबाट पनि अनुभव गर्न सकिन्न, यसलाई त मनोद्वार मार्फत अनुभव गरिन्छ ।

[प्र.] पाँच इन्द्रीय द्वारहरू वा मनोद्वारमा स्पर्श गर्ने गोचर-हरूलाई चित्तका वीथिक्रममा उत्पति हुने चित्ताहरूद्वारा अनुभव गरिन्छन् । निर्वाणलाई अनुभव गर्ने चित्तको वीथि क्रम के हो त? कति वटा चित्ताहरूले निर्वाणलाई प्रत्यक्ष रूपमा अनुभव गर्दछन् ?

[उ.] सम्बोधि प्राप्त गर्ने लागेका व्यक्तिले विपश्यनाको अभ्या-सको क्रममा संखार धम्म (संस्कृत धर्महरू) बारेको ज्ञानलाई वृद्धि गरेको हुन्छ । उसले नाम र रूपका लक्षणहरूलाई झन् झन् स्पष्ट रूपमा बुझ्दै तिनका उत्पति र निरोध धर्मलाई अनुभव गरेको हुन्छ । ६ द्वारहरू मार्फत उपस्थित हुने नाम र रूपलाई अनित्य, दुःख र अनात्मा भनी महशूस गर्ने गरी त्यस हदसम्म उसले प्रज्ञा-लाई बृद्धि गरिसकेको हुन्छ । सम्बोधि लाभ हुने प्रक्रियामा मनो-द्वारावर्जन चित्तले अनित्य, दुःख र अनात्मा–यी धर्मका तीनवटा स्वभावहरू मध्ये कुनै एकलाई आलम्वनको रूपमा ग्रहण गर्दछ । यसरी त्यस क्षणमा उपस्थित हुने धर्म अनित्य वा दुःख वा अना-त्माको रूपमा देखिन्छ ।

[प्र.] अनित्य, दुःख र अनात्मा संस्कृत धर्महरूका सत्यको तीन पक्षहरू हुन् भन्ने कुरा त मैले बुझें । यसरी उसले एक पक्षलाई देखेको खण्डमा अरू पक्षहरूलाई देख्छ भन्ने कुरा पनि थाहा पाएँ । तर त्यसले ती तीनैवटा लक्षणहरूलाई किन अनुभव गर्न सक्दैन त ?

[उ.] एक चित्तले एउटा समयमा एउटै गोचर वा आलम्वनलाई मात्र अनुभव गर्न सक्छ। सम्बोधि प्राप्त गर्ने चित्तहरूको प्रक्रियामा तीनवटा लक्षणहरू मध्ये कुन चाहिंलाई साक्षात्कार गरिन्छ भन्ने कुरा भावना गर्नेको संस्कारमा निर्भर गर्दछ। एक व्यक्तिले त्यस घडीमा प्रकट भएको धर्मलाई अनित्यको रूपमा देख्छ भने अर्कोले दुःखको रूपमा र अरु अर्कोले फेरि अनात्माको रूपमा देख्छ।

त्यस वीथि क्रममा मनोद्वारावर्जन चित्तले अनित्य, दुःख र अनात्मादि तीनवटा लक्षणहरू मध्ये कुनै एकमा ध्यान दिए पछि तीन वा चार वटा चित्तहरू क्रमशः उत्पति हुन्छन् तर ती अझै लोकोत्तर चित्तहरू हुँदैनन्; वल्कि प्रज्ञा सहगत महाकुशल चित्तहरू हुन्छन् (काम भूमिका कुशल चित्तहरू)। पहिलो महाकुशल चित्तलाई परिकर्म (परिकम्म) भनिन्छ र यसको अझै मनोद्वारावर्जन चित्तको जस्तै उही आलम्बन हुन्छ। यदि मनोद्वारावर्जन चित्तको 'अनित्य' आलम्वन भएमा परिकर्मले पनि अनित्यको लक्षणलाई नै महशूस गर्दछ।

[प्र.] परिकम्मको अर्थ के हो ?

[उ.] परिकम्मको अर्थ तयार गर्ने हो। त्यस वीथिक्रममा लोकोत्तर चित्तहरू उत्पति हुनु अगाडिको महाकुशल चित्तहरू मध्येको पहिलो चित्त त्यो हुने भएकोले त्यस चित्तलाई "तयार गर्ने" भनिन्छ।

परिकम्म पछि उपचार उत्पति हुन्छ, जसको अझै मनोद्वारावर्जन चित्तकै जस्तो उही आलम्वन हुन्छ।

[प्र.] उपचारको अर्थ के हो ?

[उ.] उपचारको अर्थ हो समीपको, नजीकैको। यो चित्त, जुन त्यस वीथिक्रममा दोश्रो महाकुशल चित्त हो, लोकोत्तर चित्त उत्पति हुने क्षणको नजदीक हुन्छ।

उपचार पछि अनुलोम लाग्छ । यसको पनि अझै मनोद्वारावर्जन चित्तकै अनुरूप उही आलम्वन हुन्छ ।

[प्र.] अनुलोमको अर्थ के हो ?

[उ.] अनुलोमको अर्थ अबिरोधी, अनुकूल । अनुलोमको पछि गोत्रभू उत्पति हुन्छ, जुन काम-भूमिको अन्तिम चित्त हो, त्यस वीथिक्रममा यो अन्तिम कामावचर चित्त हो । गोत्रभूलाई कहिले काहीं वंश परिवर्तन भनेर पनि अनुवाद गरिन्छ ।

[प्र.] समथको अभ्यासमा पनि गोत्रभू हुन्छ भन्ने कुरा मैले सुनेको छु । के समथ भावनाको गोत्रभू पनि उही किसिमको चित्त हो कि समथ र विपश्यनाका गोत्रभूका वीच भेद हुन्छ ?

[उ.] गोत्रभू भनेको त्यस वीथिक्रममा अर्को भूमिको चित्त उत्पति हुन अगाडिको त्यस वीथिक्रमको अन्तिम कामावचर चित्त हो । अर्को चित्तको भूमि रूपावचर (रूप-ध्यानको हकमा), अरूपाचर (अरूप-ध्यानका हकमा) वा लोकोत्तर हुन सक्छ ।

समथ भावनामा गोत्रभू भनेको रूप-ध्यान चित्त वा अरूप-ध्यान चित्त उत्पति हुनु अगाडिको अन्तिम कामावचर चित्त हो । विपश्यना भावनामा, गोत्रभू भनेको लोकोत्तर चित्त उत्पति भई आर्य (अशैक्ष्य) बन्नु भन्दा अगाडिको अनार्य (शैक्ष्य) को अन्तिम कामावचर चित्त हो । लोकोत्तर चित्तको अघि उत्पति हुने गोत्रभूको आलम्बन चाहिं समथमा गोत्रभूको आलम्बन भन्दा भिन्न हुन्छ ।

[प्र.] लोकोत्तर चित्त उत्पति हुनु अगाडिको गोत्रभूको आलम्वन के हुन्छ ?

[उ.] लोकोत्तर चित्तको अगाडि उत्पति हुने गोत्रभूको निर्वाण नै आलम्बन हुन्छ ।

[प्र.] गोत्रभू किन लोकोत्तर चित्त होइन त ? निर्वाणलाई आलम्बनको रूपमा ग्रहण गर्ने यो पहिलो चित्त हो ।

[उ.] गोत्रभू उत्पत्ति हुँदाको घडीमा सम्वोधि प्राप्त हुन लागेको पुद्गल अझै अनार्य हुन्छ । गोत्रभूले क्लेशहरूलाई निर्मूल गर्दैन । गोत्रभू पछि श्रोतापन्नको तहमा उन्मूलन गरिनु पर्ने क्लेशहरूलाई निर्मूल गर्ने मार्ग चित्त उत्पत्ति हुन्छ । चित्तको त्यस वीथि क्रममा मार्ग चित्त पहिलो लोकोत्तर चित्त हो । यसको निरोध भएपछि दुई वा तीन फल चित्तहरू यसको पछि उत्पन्न हुन्छन्, जुन फल चित्तहरू मार्ग चित्तको विपाक हो र जसको अझै निर्वाण नै आलम्बन हुन्छ । माथि उल्लेख गरिसकिए झैं मार्ग चित्तको पछि तुरून्तै चित्तको त्यही वीथिक्रममा यसको विपाक उत्पत्ति हुन्छ । मार्ग चित्तले अन्य चित्तका भूमिका कुशल चित्तले जस्तै पुनर्जन्मको रूपमा विपाकलाई पैदा गर्न सक्तैन । फल चित्तहरू पछि भवंग चित्तहरू पछि लाग्छन् ।

केही व्यक्तिहरूलाई परिकम्मको घडीको आवश्यकता रहँदैन । त्यस अवस्थामा दुई घडीहरूका बदलामा फल चित्तका तीन घडीहरू उत्पन्न हुन्छन् ।

सम्वोधि लाभ गर्दाको चित्तको वीथिक्रमलाई संक्षिप्त रूपमा निम्न वमोजिम प्रस्तुत गर्न सकिन्छ ।

मनोद्वारावर्जन चित्त ।
परिकम्म ।
उपचार ।
अनुलोम ।
गोत्रभू ।
मार्ग चित्त ।

फल चित्त (व्यक्ति हेरी फल चित्तका दुई वा तीन क्षणहरू)।

[प्र.] सम्बोधि त महान् सुखको घडी हुनुपर्छ । के लोकोत्तर चित्त सौमनस्य सहगत हो त ?

[उ.] लोकोत्तर चित्त सौमनस्य वा उपेक्षा सहगत हुन्छ । यो कुरा कुन प्रकारको वेदना उत्पति हुन्छ त्यसैमा निर्भर गर्दछ । फल चित्तहरू मार्ग चित्तकै अनुरूप उही वेदना सहगत हुन्छ ।

[प्र.] लोकोत्तर चित्तहरूको निरोध भएर पुनः कामावचर चित्तहरू उत्पन्न हुन्छन् भने के निर्वाण पनि कामावचर चित्तहरूको आलम्बन हुन सक्छ त ?

[उ.] लोकोत्तर चित्तहरूको निरोध भएपछि उत्पति हुने कामावचर चित्तहरूको आलम्बन निर्वाण हुन सक्छ । कोही व्यक्ति आर्य बन्नु भन्दा अगाडि निर्वाण बारेमा केवल कल्पना मात्र गर्न सक्छ । किन्तु आर्य (अशैक्ष्य) ले निर्वाणलाई प्रत्यक्ष रूपमा अनुभव गर्ने भएकोले उसले आफ्नो अनुभवको विषयमा पछि पनि चिन्तन गर्न सक्छ ।

विशुद्धि मार्ग (२२, १९) मा उल्लेख गरिएको छ कि लोकोत्तर चित्तहरूको निरोध भएपछि वोधिज्ञानलाई प्राप्त गर्ने पुद्गलले चित्तका विभिन्न मनोद्वार वीथिहरूमा मार्ग फल, प्रहीण भइसकेका क्लेशहरू, अवशेष क्लेशहरू र निर्वाणको प्रत्यवेक्षण गर्दछ ।

[प्र.] के वोधिज्ञान दैनिक गतिविधिहरूका बीचमा पनि प्रवर्तित हुन सक्छ कि निर्वाणलाई प्राप्त गर्न एकान्तवासमा नै जानु आवश्यक हुन्छ ?

[उ.] दैनिक जीवनमै हामीले प्रज्ञाको अभ्यास गर्ने भएकोले दैनिक जीवनमै वोधिज्ञानको स्तरसम्म नै पुग्ने गरी प्रज्ञाको विकास किन गर्न सकिंदैन र ? त्यो मात्रासम्म प्रज्ञाको वृद्धि हुन्छ भने दैनिक गतिविधिहरूकै बीचमा पनि वोधिज्ञान प्रवर्तित हुन सक्छ । हामीले देखिसकेकै छौं, निर्वाणको प्राप्ति भन्ने कुरा चित्तका केही घडीहरूमात्र हुन् जुन चित्त भनेको एक सेकेण्डको पनि अंशहरू भित्रै उत्पति र विनाश भइसक्ने कुरा हो ।

दीघनख सुत्त (मज्झिम निकाय, परिब्बाजक वग्ग) मा उल्लेख गरिएको छ कि भगवान बुद्धले राजगृहको समीप गृद्धकूट पर्वतमा परिव्राजक दीर्घनख (दीघनक) लाई धर्मोपदेश गर्नु भयो। तथागतले उसलाई मिथ्या दृष्टिहरूबाट पार गर्ने विषयमा संस्कृत धर्महरूको अनित्यताको विषयमा उपदेश दिनु भयो। आर्य भएर पनि अझै अरहन्त फल प्राप्त गरि नसकेको आयुष्मान् सारिपुत्र पनि त्यस धर्मोपदेशको समयमा उपस्थित थिए। हामी पढ्छौं।

अनि त्यस बेलामा आयुष्मान् सारिपुत्र भगवानको पछाडि उभिएर भगवानलाई पंखा हम्काउँदै थिए। आयुष्मान् सारिपुत्रलाई मनमा लाग्यो :

"भगवान हामीलाई चिनेरै यस्ता यस्ता कुराहरूलाई छोड्नु पर्छ भनी भन्नु हुन्छ; सुगत हामीलाई चिनेरै यस्ता कुराहरू र त्यस्ता कुराहरूलाई परित्याग गर्नु पर्छ भनी भन्नु हुन्छ।"

यसरी त्यस कुरा माथि चिन्तन गर्दा गर्दै आयुष्मान सारिपुत्रको चित्त उपादान रहित भै चितमलहरू (आश्रवहरू) बाट विमुक्त भयो ....।

आयुष्मान् सारिपुत्र निर्वाण प्राप्त गर्न एकान्तवासमा गएको थिएन। उनी भगवान बुद्धलाई पंखा हम्काउँदै थिए।

संयुक्त निकाय (खन्ध वर्ग, मज्झिम पण्णासक, भाग ४ स्थविर वर्ग, खेमक सुत्त) मा आयुष्मान खेमक, जो अनागामी थिए, ले धर्मोपदेश गर्दा गर्दै अरहन्त फल प्राप्त गरेको र धर्मोपदेश श्रवण गरिरहेका भिक्षुहरूले अरहन्त फल प्राप्त गरेको कुराको चर्चा गरिएको छ। त्यहाँ भनिएको छः

"यस धर्मालापको अनन्तर ती साठी भिक्षुहरूका र आयुष्मान खेमकको चित्त उपादान रहित भई आश्रवहरूबाट मुक्त भयो।"

सम्यक् मार्गको अभ्यास गर्नेले जुनसुकै परिस्थितिहरूमा पनि प्रज्ञालाई बोधिज्ञानकै तहसम्म पनि विकसित गर्न सक्तछ ।

[प्र.] कसैले निर्वाण प्राप्त गरेको कुरा के अरू कसैले पनि देख्न सक्छ ?

[उ.] कोही व्यक्ति स्मृति सहित छ कि स्मृति रहित छ भन्ने कुरा के तिमी देख्न सक्छौ र ? अर्काको चित्तलाई कसले जान्दछ र ? अर्काको चित्तलाई जान्ने अभिज्ञा (विशेषज्ञान) को विकास नगरेका कसैले पनि कहिले को व्यक्ति नाम र रूप प्रति स्मृतियुक्त छ वा उसले कहिले निर्वाणलाई प्राप्त गर्छ भन्ने कुरा जान्न सक्तैन ।

[प्र.] के एकै जीवनको अवधिमै श्रोतापन्न, सकिृदागामी, अनागामी र अरहन्तादि बोधिज्ञानका चारै तहहरू कसैले प्राप्त गर्न सक्छ ?

[उ.] ती चारै तहहरूलाई एकै जीवनको अवधिमै लाभ गर्न सकिन्छ । हामी सूत्रहरूमा भगवानका यस्ता अनेकौं शिष्यहरूका वारेमा पढ्छौं जुन शिष्यहरूले आर्य मार्ग फल प्राप्त गरी आर्य भइसकेपछि पछिनै आएर मात्र अरहन्त फल प्राप्त गर्दथे । उदाहरणको लागि, आयुष्मान् आनन्दले भगवान बुद्धको जीविता-वस्थामा अरहन्त फल प्राप्त गर्नु भएको थिएन । भगवान बुद्धको महापरिनिर्वाण पछि प्रथम संगीतिको प्रारम्भ हुनु अगाडिको सायं-कालमा उनी अरहन्त भएका थिए ।

[प्र.] अरहन्तको सम्पूर्ण क्लेशहरूलाई निर्मूल गरेको हुन्छ र उनी जाति, जरा, व्याधि र मृत्युको चक्रको अन्त्यमा पुगेको हुन्छ । उनले दु:खको अन्त्यलाई साक्षात्कार गरिसकेको हुन्छ । उनको अव पुनर्जन्म हुँदैन । तर पनि उनलाई अझै मर्नुपर्छ । तसर्थ के अरहन्त फललाई प्रत्यक्ष गरेकै घडीमा उनले दु:खको निरोधलाई साँच्चिकै प्राप्त गरेको हुन्छ त ?

[उ.] अरहन्तले पनि जन्म भइसकेको हुँदा मर्नु नै पर्छ। अरहन्त फल प्राप्त गर्नु भन्दा अगाडि गरिएका अकुशल कर्मका दु:खकर विपाकहरूलाई अरहन्तले भोग गर्नु पर्दछ। तर पनि उनमा अब क्लेशहरू नभएको र विपाकलाई पैदा गर्ने सम्भावना भएका कुनै पनि कर्मको संचय अब उनले नगर्ने भएकोले अरहन्त साँच्चिकै दु:खबाट विमुक्त हुन्छ।

इतिवुत्तकमा दुई किसिमका निर्वाण धातुहरूको सम्बन्धमा व्याख्या गरिएको छ। सउपादिशेष निर्वाण भनेको पंचस्कन्धहरू अझै विद्यमान रहेको निर्वाण हो। अरहन्तले सम्पूर्ण क्लेशहरूलाई निर्मूल गरिसकेको भए पनि पंचस्कन्ध बाँकी रहेका अरहन्तको निम्ति अझै चित्त, चैतसिक र रूपको उत्पति र विनाश भइनै रहने हुन्छ। अनुपादिशेष निर्वाण स्कन्धहरूको शेष नरहेको निर्वाण हो। अन्तिम रूपमा परिनिवृत भइसकेको अरहन्तको निम्ति अब कुनै पनि चित्त चैतसिक र रूपको उत्पति र विनाश हुन्न।

[प्र.] अरहन्त भए पछि त अर्को पुनर्जन्म हुँदैन। यदि कसैले जीवन भरिमा श्रोतापत्तिको मार्ग र फल मात्र प्राप्त गर्न सक्यो भने उसले कति पटक पुनर्जन्म लिनु पर्ने हुन्छ नि ?

[उ.] स्रोतापन्नले सात पटक भन्दा बढी पुनर्जन्म ग्रहण गर्नु पर्दैन, यसरी अन्ततोगत्वा: उसको लागि जन्मको निरोध हुन्छ नै। विपश्यनालाई अभ्यास नगर्ने व्यक्तिहरूको निम्ति पुनर्जन्मको संख्या अनन्त हुनेछन्। भगवान बुद्धले करूणावश पुनर्जन्मको आदिनवहरू (दोषहरू) बारेमा हामीलाई बताउनु भयो। बुद्ध लोकजनहरूलाई स्मृतिको विकास गर्न प्रोत्साहित गर्न चाहनु हुन्थ्यो।

संयुक्त निकाय (महावर्ग, परिच्छेद १२, सत्य संयुक्त, भाग ५, प्रपात वर्ग, अन्धकार सूत्र सबभन्दा घनघोर अन्धकार) मा बुद्धले भिक्षुहरूलाई उपदेश दिनु भएको कुरा यसरी चर्चा गरिएको छ:–

"भिक्षुहरू ! एउटा लोक छ, जो अन्धो बनाइदिने खालको घोर अन्धकारबाट ढाकिएको हुन्छ, जहाँ यतिका ज्यादा तेज भएको चन्द्रमा-सूर्यको पनि प्रकाश पुग्दैन ।"

यो भनिए पछि कोही एक जवान भिक्षुले भगवानसंग विन्ति गऱ्यो ।

–"भन्ते ! यो त महा अन्धकार हुन्छ, सुमहा अन्धकार हुन्छ! भन्ते ! के यो भन्दा ज्यादै भयानक अर्को अन्धकार हुन्छ ?"

हो भिक्षु ! यो भन्दा पनि ज्यादा भयानक अर्को अन्धकार हुन्छ । भन्ते ! यो भन्दा पनि वडो भयानक हुने त्यो कुन चाहिं दोश्रो अन्धकार हो त ?

भिक्षु ! जुन श्रवण वा ब्राह्मण "यो दु:ख हो, यो दु:खको समुदय हो, यो दु:खको निरोध हो, यो दु:ख निरोधगामिनी मार्ग हो" भन्ने कुरालाई यथार्थ रूपमा बुझ्दैनन्, ती व्यक्तिहरू जन्म दिने खालका संस्कारहरूमा परिरहन्छन्, जरा ल्याउनेवाला संस्कारहरू परिरहन्छन्, मृत्यु दिनेवाला संस्कारहरूमा परिरहन्छन्, शोक–परिदेव-दु:ख दौर्मनस्य,-उपायास ल्याउनेवाला संस्कारहरूमा परिरहन्छन् ।... यस प्रकार परिरहिकन तिनीहरू अरू पनि संस्कारहरूका संचय गर्दछन् । अत: ती व्यक्तिहरू-जाति अन्धकारमा खस्दछन्, जरा-अन्धकारमा खस्दछन्, मृत्यु अन्धकारमा खस्दछन्, शोकादिका अन्धकारमा पर्दछन् । तिनीहरू जातिवाट पनि मुक्त हुँदैनन्, जरावाट पनि..., मरणवाट पनि...,शोकादिवाट पनि मुक्त हुँदैनन् । दु:खवाट मुक्त हुँदैनन्–यसरी म भन्दछु ।

भिक्षु ! जुन श्रवण वा ब्राह्मण "यो दु:खको हो, यो दु:खको समुदय हो, यो दु:खको निरोध हो, यो दु:ख निरोधगामिनी मार्ग हो" भन्ने कुरा यथार्थ रूपमा बुझ्दछन्, तिनीहरू जन्म दिनेवाला संस्कार हरूमा पर्दैनन्, जरा ल्याउनेवाला संस्कारहरूमा पर्दैनन्, मृत्यु-

दिनेवाला संस्कारहरूमा पर्दैनन्, शोक-परिदेव–दुःख दौर्मनस्य-उपायास ल्याउनेवाला संस्कारहरूमा पर्दैनन्,.... यसरी नपरिकन तिनीहरू अरू पनि संस्कारहरूको संचय गर्दैनन् । अतः ती व्यक्ति-हरू जाति-अन्धकारमा खस्दैनन्, जरा अन्धकारमा खस्दैनन्, मृत्यु-अन्धकारमा खस्दैनन्, शोकादिका अन्धकारमा खस्दैनन् । ती व्यक्तिहरू जातिबाट मुक्त हुन्छन्, जराबाट पनि...., मरणबाट पनि...., शोकादिबाट पनि मुक्त हुन्छन् । दुःखबाट मुक्त हुन्छन्–यसरी म भन्दछु ।

तसर्थ भिक्षुहरू ! यी कुरा बुझ्नलाई कोशिस गर्नु पर्छ:

यो दुःख हो। यो दुःखको समुदय हो। यो दुःखको निरोध हो। यो दुःखको निरोधगामिनी अभ्यास हो।”

निब्बानस्स पच्चयो होतु ।

शुद्धि पत्र

पेज	हरफ	अशुद्ध	शुद्ध
प्रथम	४	लेखक	लेखिका
अ	१९	दु:ख	सुख
आ	१८	पुण्डगल सूत्रमा	पुद्गल सुत्रमा (संयुक्त निकाय, निदान वर्ग)
इ	२६	यसमा	यसता
ए	१	पुस्तस्तक	पुस्तक
ए	१४	वीद्ध	बौद्ध
ए	२०	भनी	भने
ए	२०	प्रश्नहरूको	प्रश्नहरूले
ऐ	२२	सकेका	सकेमा
viii	२३	दर्क्षन	दर्शन
त	२०	पुस्तकमा	पुस्तकका
त	२०	लेखककै	लेखिकाकै
१	११	जीवनमा	जीवमा
२	९	मिलाएर	मिलाइए
३	२	भन्नथान्दछौं	भन्थान्दछौं
३	२२	शब्द शब्दलाई	शब्द, शब्दलाई
३	२७	श्रोत श्रोतेन्द्रीय	श्रोत, श्रोतेन्द्रीय
७	२	समय	समथ
८	११	सोभनस्य	सौमनस्य
८	२५	न सुख न दुःख	न-सुख-न-दुःख
८	२६	रहन	रहनै
१०	२७	लोभ	लोप
११	१२	विरूद्ध	निरूद्ध
१३	१५	जसको	जस्तो
१७	३	णीहरू प्रति	प्राणीहरू प्रति
१७	५	वरिपरि	वरिपरिका

१७	७	धर्महरूको	धर्महरूको रूपमा
१७	१४	गरिसकेको	गरि सकिएको
१८	६	स्कन्धरूको	स्कन्धहरूको
१९	१	मन	मनो
२१	२१	अवस्यामा	अवस्थामा मानसिक
२१	२४	संयुक्त	संयुत्त
२१	२५	संकलित	सकलिक
२२	१२	पलायतन	षलायतन
२२	१२	संयुक्त	संयुत्त
२२	१३	गेलञ्न	गेलञ्ञ
२३	१	यमरा	यसरी
२४	४	महशूस	महशूस नं
२४	२२	आतम	आत्मा
२५	२०	संयुक्त	संयुत्त
२६	२२	अभिश्रावक	आर्यश्रावक
२९	१०	जीनवका	जीबनका
३०	२	कसले	यसले
३०	१४	चित्रकलाहरू	चित्रकारहरू
३१	३	चित्रद्वारा	चित्तद्वारा
३१	१०	गरिन्छ	गरिन्छन
३२	११	छौं	हुन्छौं
३२	१७	तब	तर
३२	२०	त्यहाँ	यहाँ
३२	२१	हामीले	हामी
३४	५	आत्म	आत्मा
३७	३	भइ रहेको	मै रहेको
३७	५	बारेम	बारेमा
३९	१२	छ	६
४१	१७	छ लोकको	छ, ऊ लोकको
४४	२४	समय	समथ
४६	१७	टेलाञ्जन	तेलाञ्जन

४८	१६	सोमनस्य	सौमनस्य
४९	११	शीतउष्णा	शीतउष्ण
५०	२२	हुन्छम्	हुन्छिन्
५१	१७	आफै	आफ्नै
५२	११	भन्ने छ	भन्ने छ भन्ने
५३	२	सम्ययुत्त	सम्पयुत्त
५४	७	मै	नै
५७	२१	नियममा	विनयमा
५८	८	यस्तो	यसो
५८	१३	विमंग	विभग
५८	२४	लोक-आखयापिका	लोक-आख्यायिका
५९	१	सक्तनों	सक्तै नौं
५९	१८	कमे	कर्म
६०	७	मृषवाद	मृषावाद
६०	७	पुरुष	परुष
६०	१७	अकुकल	अकुशल
६०	१८	सम्प्रलाभ	सम्प्रलाप
६२	२	मिय्या	मिथ्या
६२	७	मिथ्मा	मिथ्या
६२	२५	अन्ने	भन्ने
६४	५	सकृयदागामी	सकृदागामी
६४	१२	पलायतन	षलायतन
६४	१२	देहदह	देवदह
६४	१३	देवरूमा	देवदहमा
६४	२०	हन्छन्	हुन्छन्
६४	२४	द्वेष	दोष
६५	१	उपपज्जति	उपपज्जन्ति
६६	५	छ	६
६८	१२	नै	मै
६९	७	देष	द्वेष
७२	१०	पुन्याउने	हानी पुन्याउने
७२	१५	गरिन्छ	गरिदिन्छ

७३	१७	राक्नु	राख्नु
७४	९	लिइरहनेको	लिइनरहनेको
७४	१७	धर्सहरू	धर्महरू
७५	२७	रिसमा	रिसाएमा
७८	२७	मात्रँ	मात्रै
७९	१	कासदेखि	कालदेखि
७९	१	परमार्म	परमार्थ
८०	२४	वसको	यसको
८०	२६	पदस्थावाला	पदस्थानवाला
८३	५	ब्यत्तिले	व्यक्तिले
८४	२	परिनिर्माण	परिनिर्वाण
८४	६	यो	यी
८४	१८	थिएन	थिइँन
८७	२२	षढिन्द्रीय	षडिन्द्रीय
८७	२६	श्रोतपन्नले	श्रोतापन्नले
८८	१३	निर्वाह	निर्वाण
८८	१८	संयुक्त	संयुत्त
८९	३	उप्रर्युक्त	उपर्युक्त
९४	१३	स्पर्शको	स्पर्शले
९५	२	हामी	हामीलाई
९५	२१	संयुक्त	संयुत्त
९७	९	आर्यश्रात्वक	आर्यश्रावक
१०१	११	चित्तहरूको	चित्तहरूले
१०३	२	अकुशस	अकुशल
१०४	७	त्तिचहरू	चित्तहरू
१०४	११	चित्तहरू	चित्तहरू हुन्
१०६	२३	नँ	मै
१११	१	सइसकेपछि	भइसके पछि
१११	७	हुनेछ	हुन्छन्
१११	१४	पटयांग्राहरू	फटयांग्राहरू
११२	१	प्रणासक	पणासक

११३	६	चक्षु विज्ञेय	चक्षुविज्ञेय रूपहरूमा
११३	१५	विजय	विजयी
११३	१५	विनित	विजीत
११८	६	र	×
११८	२३	पदिचित	परचित
१२२	२३	आउँला	आउला
१२३	६	अल्य	अल्प
११९	८	बहुरोजी	बहुरोगी
१२३	९	पक्षघातवाला	पक्षाघातवाला
१२३	२२	संयुक्त	संयुत्त
१२४	१७	योगीमा	योनीमा
१२६	७	हामीहरू	हामीलाई
१३२	२१	क्तिले	व्यक्तिले
१३३	७	जन्मन्छ	जन्मन्छन्
१३३	९	अहेतुक द्वार	अद्वेषद्वारा
१३५	९	यस	त्यस
१३५	१५	कुलश	कुशल
१३६	१५	विपाकहरू	का विपाकहरू
१३७	१३	कसैको	कसैले
१३८	२	कारण	अनेक कारण
१३८	५	सक्छ	सक्छु
१३८	५	सकछु	सक्छ
१३९	२०	मनणानुस्मृति	मरणानुस्मृति
१४१	५	वित्त	चित्त
१४१	२३	अद्वेप	अद्वेष
१४२	२७	त्यतिनै	त्यस्तै नै
१४३	११	पचद्वारवर्जन	पंचद्वारावर्जन
१४३	१६	चित्त	चित्तमा
१४५	१६	पनि	पछि
१४८	४	मनौं	मानौं
१४९	६	तिज्ञानको	विज्ञानको

१५१	२३	गोचरशाई	गोचरलाई
१५६	७	अकुलश	अकुशल
१५७	८	संस्कारिक	संस्कारित
१६८	१८	अरूपावचर	४ अरूपावचर
१७०	७	मात्र	मात्रा
१७०	८	मात्र	मात्रा
१७२	१७	प्रश्राब्धि	प्रश्रब्धि
१७७	१९	वसरी	यसरी
१७९	१७	अकुलश	अकुशल
१७९	१९	यिपाकवाला	विपाकवाला
१८१	२२	तुत्र	पुत्र
१८३	२४	विपा	विपाक
१८५	६	हुनुहुन्थ्यो	हुन्नथ्यो
१८९	३	गागामा	गाथामा
१९०	४	फोट्ठब्बकरमाण	फोट्ठब्बारमण
१९१	१८	देदना	वेदना
१९४	१	साथी	साठी
१९४	९	विब्बाण	निब्बाण
१९६	२२	टांस्सिएको	टांस्सिएर
२०१	१९	आसनमा	शासनमा
२०२	२३	गौतत	गौतम
२०३	१३	परिवितक	परिवितर्क
२०३	१३	शान्ति	क्षान्ति
२०४	२७	फलको	को
२०५	१५-१६	जुन … भनिन्छ	×
२०९	१०	६	छ
२१४	२१	ठण्डी को	ठण्डीको रूपमा
२२२	२४	निर्माण	निर्वाण
२२५	२०	भोभन	शोभन
२३०	१६	अन्तत्बोगता	अन्तत्वोगत्वाः
२३१	१४	पनि	पानं

२३२	१६	त्तित्त	चित्त
२३२	१३	अनुभवका	अनुभव गर्दाको
२३४	७	गरिरहेका	गरिनरहेका
२३४	१२	चित्तहरूमा	चित्तहरूका
२४१	२	कर्मं	कम
२४५	१७	पूनजन्ममा	पूर्वजन्ममा
२४८	४	विमुक्ति	विमुक्ति विमुक्ति
२४८	१०	प्रटक	प्रकट
२४८	१६	विकारले	विकासले
२४९	२	तिनीहरूको	तिमीहरूको
२५१	१४	आक	अक
२५१	२७	भएमा	भएका
२५५	८	सम्झाइरहेको	सम्झाइएको
२५७	११	सक्तिन	सक्यिन
२५७	१२	प्रयत्नशील	प्रत्याशीले
२५९	१८	आकाशाननयायतन	आकाशानन्त्यायतन
२६२	२	अनापान–स्मृक्ते	आनापान-स्मृतिको
२६२	२	धर्म स्थानलै	कर्म स्थानले
२६२	५	मध्येको	कठीन मध्येको
२६२	२२	अनापान-मृति	आनापान-स्मृति
२६२	२३	रहित	सहित
२६३	५	मूक्ष्म	सूक्ष्म
२६३	१२	निर्मल	निर्मूल
२६३	२२	सूगदाबमा	मृगदावमा
२६७	४	हामीले	हामी जे
२६७	२०	कामावचन	कामावचर
२७२	१९	अरूण	अरूप
२७३	२३	बन्धहरू	खन्धहरू
२७५	१३	परिचित्त	परचित्त
२७६	४	संज्ञारव	संगारव
२७६	६	भरको	भएको

२७७	२५	यो पनि	यो भन्दा पनि
२७८	१७	दृष्टि धर्म	दृष्ट धर्म
२७८	२६	उल्लेख	सल्लेख
२८०	७	कर्मलाई	कर्मस्थानलाई
२८०	१९	मृतलाश निरोध	मृतलाश र निरोध
२८१	७	त्यो संज्ञा	त्यो जो संज्ञा
२९१	९	हामीले	हामी के
२९७	१५	अरूभव	अनुभव
३०१	१३	सकिन्छ ?	सकिन्न ?
३०२	७	हामीलाई	हामी
३०३	९	तै	मै
३०३	२७	गद	गर्दै
३१२	२१	अरहन्तको	अरहन्तले
३१३	२४	संयुक्त	संयुत्त
३१४	११	श्रवण	श्रमण
३१४	२३	श्रवण	श्रमण
३१४	२३	दुःखको	दुःख
३१५	५	शाकादिका	शोकादिका



अनुवादक

अनुवादक श्री आर० वि० वन्द्यज्यूको प्रस्तुत पुस्तक बुद्ध धर्मको क्षेत्रमा चौथो प्रकाशित पुस्तक हो ।

उहाँका नेपाली साहित्यिक रचनाहरू विभिन्न मासिक पत्रिकाहरूमा प्रकाशित भएका छन् । अन्य विषयका उहाँका अंग्रेजी र नेपालीका रचनाहरू पनि समय समयमा विभिन्न पुस्तक पत्रिकामा प्रकाशित छन् ।

उहाँले स्वदेशका साथै एशिया, अष्ट्रेलिया र पूर्व र पश्चिम यूरोपका विभिन्न मुलुकहरूको भ्रमण गर्नु भएको छ । मानव मात्रको व्यक्तिगत सुख, शान्ति र समृद्धिको साथै आर्य ज्ञान र मार्गले चिरस्थायी विश्व शान्तिको लागि पनि ठूलो भूमिका खेल्न सक्ने कुरामा उहाँ विश्वस्त हुनुहुन्छ ।

"नेपाल बौद्ध परियत्ति शिक्षा"ले उहाँलाई प्रशंसा पत्र प्रदान गरेको छ भने बगियो (फिलिपिन्स) को वाइज भेन्स वलवले उहाँलाई आफ्नो संगठनको प्रथम मानार्थ सदस्यता प्रदान गरेको पाइन्छ ।

बौद्ध दर्शन जस्तो विषयलाई पनि यथा सम्भव सरल भाषामा अनुवाद गरिएको प्रस्तुत पुस्तक अभिधर्मका जिज्ञाशुका लागि बहुतै उपयोगी हुने छ ।

विश्व नाथ लुईंटेल
सम्पादक
'प्रतिज्ञा' साप्ताहिक

मुद्रकः- शारदा प्रिन्टिङ्ग प्रेस, न्हूसाल (धर्मपथ) काठमाडौं ।